# लोकगीता

(गीतादर्शनमा आधारित)

प्रकाशन संयोजक

भूपालमानसिंह कार्की प्रज्ञापरिषद्

ॐ

# लोकगीता

लोकमानसिंह कार्की



सम्पादक

**सुनीता सिंह कार्की**

सौजन्य

**डा.आध्याश्री कार्की थपलिया**



**आकृति कार्की थापा**



**अभ्युदयमानसिंह कार्की**



(भूपालमानसिंह कार्की प्रज्ञापरिषद्बाट
प्रथम र द्वितीय (छापा) संस्करण २०७८ सालमा प्रकाशित)

प्रकाशक
नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
Email : nai.com.np@gmail.com
website : nai.com.np
वेभ संस्करण : २०८१ साल (सन् २०२४)
© सुरक्षित, सुनीता सिंह कार्की

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर नइ प्रकाशननामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी हो । यो संस्था 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । यस संस्थाले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको दस लाखप्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजारप्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा धातु (क्युप्रोनिकेल) को सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ प्रकाशन नाफाविहीन गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

लोकमानसिंह कार्की नेपाल सरकारको सचिव, मुख्य सचिव र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त भए । उनी अख्तियार प्रमुख भएका बेला भ्रष्टाचारका विरुद्ध एउटा ठूलै जागरण आएको थियो । नेपालको राजनीति र प्रशासनको इतिहासमा त्यस प्रकारको कम्पन त्यसअघि कहिले पनि थिएन । उनीद्वारा नै लिखित 'लोकगीता' पठनीय र सङग्रहणीय अति उच्च स्तरीय धार्मिक ग्रन्थ हो ।

लोकमानसिंह कार्कीलाई नेपाल राष्ट्रमा जसरी एक साहसी, निर्भीक र पुरुषार्थी प्रशासकका रूपमा चिनिन्छ त्यसरी नै नेपाली समाजले लोकमानसिंह कार्की भनेको परोपकारी, धार्मिक, संस्कारी र संस्कृति तथा परम्पराका आदर्श परिपालकका रूपमा चिन्ने गर्छ । 'लोकगीता' यिनै विशेषणलाई ठोस रूपमा प्रमाणित गर्ने ग्रन्थ बनेको छ । आजसम्म नेपाल राष्ट्रमा 'लोकगीता'जस्तो पुरातन धर्मसंस्कारको जगमा स्थापित तथा आधुनिक विचारधाराद्वारा परिभाषित ग्रन्थ कुनै पनि उच्च प्रशासकद्वारा निर्माण गरिएको कुराको जानकारी हामीलाई छैन । भौतिक रूपले शारीरिक आकारसँग सादृश्य विराट् ग्रन्थका निर्माता लोकमानसिंह कार्की नेपाली साहित्य, धर्म, संस्कृतिको इतिहासमा अक्षुण्ण रूपले गाँसिएको व्यक्तित्व हुँदा हामीले गौरव गरेका छौँ । यस्तो गौरवशाली व्यक्तिद्वारा लेखिएको 'लोकगीता'जस्तो विराट् र स्तुत्य ग्रन्थ प्रकाशित गर्न पाउनुलाई नइ प्रकाशनले अति गौरवको अनुभूति गरेको छ ।


'लोकगीता' पहिलो र दोस्रो संस्करण भूपालमानसिंह कार्की प्रज्ञापरिषद्‌बाट प्रकाशित भएको थियो । वेभ संस्करण प्रकाशन गर्न नइ प्रकाशनलाई मौका जुरेको छ ।

'लोकगीता'को वेभ संस्करण प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा अर्को विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन



वंशीविभूषित करान्नवनीरदाभात्
पीताम्बरादरुण विम्बफलाधरोष्ठात्
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्
कृष्णात्परं किमपि तत्त्वमहं नजाने ॥



गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परंब्रह्म तस्मै श्री गुरवे नमः ।

# समर्पण



मेरो शिर, आकाश, मार्गदर्शक, प्रेरणाको स्रोत तथा मेरो जैविक र स्थूल शरीरलाई भौतिक जगत्मा अवतरित गर्ने मेरा पूजनीय पिता राजसभा स्थायी समितिका सभापति सम्माननीय जनरल भूपालमानसिंह कार्की, मेरी जन्मदात्री माता दुर्गादेवी कार्की र कर्मदात्री माता भूमा कार्कीमा मेरो श्रद्धापूर्ण हार्दिक नमन अर्पण गर्न चाहन्छु । साथै मेरो पितृकुलतर्फका बडाजिजुबुबा बडाकप्तान हस्तवीरसिंह कार्की, जिजुबुबा कप्तान केशरसिंह कार्की र जिजुमुवा भक्तकुमारी कार्की तथा मातृकुलतर्फका जिजुबुबा लप्टन शेरबहादुर सिलवाल र जिजुमुवा धर्मकुमारी सिलवाललाई श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

मेरा पिताको इमानदार, अनुशासित र सेवामुखी जीवनले मलाई उहाँको अनुयायी बन्न सदैव प्रोत्साहित गरिरहने छ । उहाँले आफ्नो जीवनको उत्तरार्धको करिब २० वर्ष पूर्ण कृष्णमय भएर व्यतीत गर्नुभयो । अत्यावश्यक कर्म गर्दा पनि मौखिक र शाब्दिक रूपले मात्र कृष्णको नाम उच्चारण गर्ने होइन, उहाँको शरीरका रौँ-रौँले पनि कृष्ण नै बोल्दथे । अन्तिम समयमा एक महिना अचेतन स्थितिमा जानुअघि सामुन्ने राखेको कृष्णको तस्बिरको दर्शन गरेर उहाँले नेत्र बन्द गर्नुभएको थियो । अचेतन अवस्थामा पनि त्यो कृष्णतत्त्व उहाँको अन्तश्चेतनाबाट ध्वनिको रूपमा श्वासप्रश्वासमार्फत गुन्जिरहेको थियो र उहाँ पूर्ण कृष्णमय नै हुनुभएको थियो । उहाँको यही श्रीकृष्णप्रतिको भक्ति र प्रेमको कारणले नै यो लोकगीता लेखाउन उनै परमात्माले मलाई हौसला र आशीर्वाद प्रदान गरेको हुनुपर्छ । तसर्थ कृष्णभक्तिमा डुबेर कृष्णमै लीन हुनुभएका मेरा पितालाई म यो लोकगीता समर्पण गर्न चाहन्छु ।

नौ महिना कोखमा राखेर ठुलो कष्ट सहन गरी मलाई यस संसारसँग परिचित गराउँदै धर्तीमा अवतरण गराउने मेरी जन्मदात्री म आठ वर्षको हुँदा यो धर्तीबाट शरीररूपी आवरण त्यागेर कहिल्यै नफर्किने गरी बिदा हुनुभयो । अत्यन्तै छोटो जीवनकालमा पनि सबैलाई करुणा र प्रेम बर्साउँदै सबैमा समभाव राख्ने ममतामयी माता मेरी जननीले यो भौतिक चोला त्यागेर त्यो अमृततत्त्व प्राप्त गरेको हुनुपर्छ, किनभने पारिवारिक सदस्यहरूका साथै उहाँसँग एक पटक मात्र साक्षात्कार हुनेले पनि उहाँको देवीतुल्य व्यवहार तथा गुणको वर्णन र प्रशंसा गरेर थाक्दैनन् । यस्ती करुणामयी माताको स्मृति मेरो मानसपटलमा नहुनु र उहाँको सेवा गर्नबाट वञ्चित हुनु मेरो जीवनको सबैभन्दा ठुलो दुर्भाग्य भएको मैले महसुस गरेको छु । यो ग्लानिबोधले जीवनभर मलाई पीडाको अनुभव गराइरहेको छ । मलाई लाग्दछ, मलाई जन्म दिने प्रयोजनले नै उहाँले जन्म लिएको हुनुपर्छ । उहाँको सान्निध्य र न्यानो काखबाट वञ्चित मेरो वेदनायुक्त हृदयबाट यो लोकगीता उहाँलाई समर्पित गर्न चाहन्छु ।


मेरो जीवनक्रममा आएका आरोह तथा अवरोहहरूमा मलाई साथ दिएर मातृत्वले ओतप्रोत गर्ने मेरी ममतामयी कर्मदात्री मातालाई पनि म यो लोकगीता समर्पित गर्न चाहन्छु ।

हामी चार छोराहरू भए पनि जीवनकालभरि र अन्तिम क्षणसम्म पनि मेरा पिता र कर्मदात्री माताको न्यानो सान्निध्यमा उहाँहरूको आशीर्वादरूपी साथ पाएकोमा म आफूभन्दा ठुलो सौभाग्यशाली अरू कोही हुनै नसक्ने मान्दछु ।



ॐ

# मेरो भन्नु



सर्वप्रथम म श्रीकृष्ण भगवान्को पावन चरणमा बारम्बार शिर झुकाएर भक्तिरूपी पुष्प अर्पित गर्दै आफ्नो अहङ्काररूपी कल्मष विसर्जित गर्न चाहन्छु । तत्पश्चात् भगवान् ओशोको वन्दना गर्दै समर्पण र कृतज्ञताको नैवेद्य अर्पण गर्न चाहन्छु ।

हामी सबैभित्र भगवान् छ र हामी भगवान्कै एक रूप हौं तर हामी अधिकांश समय निद्रा र बेहोसीमै हुन्छौं । यही मूर्च्छा अवस्थामै हामी खाने, हिँड्ने, बोल्ने जस्ता कृत्यहरू गरिरहेका हुन्छौं जसले गर्दा आफ्नो भगवान् हुने सम्भावनाको बोध हामीमा हुँदैन । हामी भगवान् नै हौं र हाम्रो जन्म आफूभित्र रहेको परमात्मा-तत्त्व जान्नका लागि भएको हो भन्ने सत्यबाट हामी अनभिज्ञ छौं । जुन दिन हरेक कृत्य होसमा र जागरणमा भएर व्यक्तिले आफ्नो अस्तित्व बुझ्दछ, त्यही क्षण उसलाई आफू भगवान् भएको ज्ञात हुन्छ, अर्थात् उसमा नै भगवान् प्रकट हुन्छ । बुद्ध, महावीर, जिसस, ओशो यस्तै जागरणमा रहेको तत्त्वज्ञानी भएको हुँदा उहाँहरू भगवान् नै हुनुहुन्छ ।

यो लोकगीतारूपी ग्रन्थ, यो अमूल्य रत्न मैले कसरी लिपिबद्ध गरेर पुस्तकको रूपमा प्रकाशित गर्ने जमर्को गरें, त्यो म यहाँहरूसामु प्रकट गर्न चाहन्छु । सर्वप्रथम त म आफैं आश्चर्यचकित छु किनभने म जस्तो साहित्यको कखरा मात्र जान्ने र एकै ठाउँमा लामो अवधि बसेर लेख्ने धैर्य नभएको व्यक्तिले दिनको करिब १५ घण्टा प्रवचन श्रवण गर्दै श्रवणकै भरमा नदोहोर्‍याई करिब दुई वर्ष लगाएर एकाग्रताका साथ कसरी यत्रो अमूल्य निधि लिपिबद्ध गर्न समर्थ भएँ, यो आफैंमा रहस्यमय छ । मैले कलम चलाएँ भन्नु मेरो धृष्टता मात्र हो किनभने परम परमात्मा श्रीकृष्ण स्वयम् मेरो कलममा बसेर नलेखाएको भए लोकगीताको त कुरै नगरूँ दुई अक्षर लेख्न पनि म समर्थ हुने थिइनँ । यत्रो कृपा गर्नुका पछाडि मानवीय बुद्धिले अगम्य उहाँकै इच्छा निहित हुनुपर्छ । जीवनमा घटित हुने असल-खराब सबै घटनाहरू परमकै करुणा र कृपामा निर्भर हुन्छ ।

विगत १५ वर्षदेखि म भगवान् ओशोका प्रवचनहरूको नियमित श्रोता हुँ । तर चार वर्षअघि जब मैले उहाँको गीता दर्शन सुनें, त्यसपछि अरू प्रवचन छोडेर केवल गीतादर्शन मात्र श्रवण गरिरहेको छु । गीतादर्शन सुन्नुअघि मैले गीताको कुनै अध्ययन गरेको थिइनँ । यसै क्रममा बोधिसत्त्व स्वामी आनन्द अरुणसँग मेरो भेटको संयोग जुर्‍यो र मैले उहाँबाट दीक्षा पनि लिएँ । तर पनि आजका दिनसम्म म ओशोको कुनै संघसंस्थामा आबद्ध छैनँ र उहाँसँग सम्बन्धित कुनै शिविर वा गतिविधिमा पनि मेरो कुनै संलग्नता तथा सहभागिता छैन । तर पनि म ओशोमै छु र मेरो नसा-नसामा उहाँ नै हुनुहुन्छ । यो चार वर्षको अवधिमा मैले धेरै पटक गीतादर्शन श्रवण गरें र हरेक पटक श्रवण गर्दा पहिलो पटक श्रवण गरे जस्तो अनुभव गर्नुका साथै यसमा नयाँ अर्थ पाएको छु ।

गीतालाई प्राणमा नै आत्मसात् गर्न म केही हदसम्म सफल भएको जस्तो लाग्छ । गीतालाई सही अर्थमा बुझेर आत्मसात् गर्न सकियो भने जीवनको परम लक्ष्य प्राप्त गर्न अन्य कुनै माध्यमको आवश्यकता नै छैन । श्रीकृष्णले दिनुभएको यो अमूल्य सूत्रलाई जीवनरूपी सत्य बनाउन सके अन्य कुनै ग्रन्थ, मार्ग र विधि अवलम्बन गर्नुपर्ने आवश्यकता छैन भन्ने महसुस गरेर म यसैमा डुब्दै गएँ र जति डुबें, उति भावनात्मक रूपमा ओशोको गीतादर्शनमा जोडिँदै गएँ । तर पुस्तकको रूपमा लोकगीताको जन्म हुन्छ भन्ने सोचेको पनि थिइनँ । जति म गीतादर्शनसँग जोडिँदै गएँ, उति ममा आनन्दको अनुभूति हुन सुरु भयो । मेरो स्वसोचाइको दुख-विषाद क्रमशः आनन्दमा रूपान्तरण हुँदै गयो र म यसैमा रमाउन थालें ।

हुन पनि ओशोले भगवान् श्रीकृष्णको मुखारविन्दबाट प्रस्फुरित वाणीको शब्दशब्दको व्याख्या मात्र होइन, यसको आत्मालाई नै निचोरेर प्रस्तुत गर्नुभएको छ । त्यसो त गीताका असङ्ख्य टीका र व्याख्या उपलब्ध छन्, तर यसको अन्य कुनैसँग तुलना नै छैन । कसैले केवल संस्कृतको नेपाली रूपान्तरण मात्र गरेका छन् भने कसैले धार्मिक दृष्टिकोणले मात्र मान्यता र अन्धविश्वासका आधारमा गीताको व्याख्या गरेका छन् । सही अर्थमा मानसिक, तार्किक, दार्शनिक, वैज्ञानिक, बुद्धिगत, धार्मिक र अन्ततः आध्यात्मिकतामा पुऱ्याउन सक्ने र आफ्नो स्वभावलाई चिनाउन सक्ने मार्ग मैले केवल यो ओशोको गीतादर्शनमा मात्र पाएँ । त्यसपछि मेरा लागि अन्य कुरा नगण्य हुन थाले । मेरो भाव आकलन गरेर हुनुपर्छ, मेरी अर्धाङ्गिनी सुनिता कार्की र छोरी डा. आध्याश्रीले जुन गीतादर्शन श्रवण गरेर म यति आत्मविभोर भएको छु, त्यसबाट उनीहरू र उनीहरूजस्ता अरूलाई पनि सुगम हुने र बुझ्न सक्ने गरी सरल भाषामा लिपिबद्ध गरी सबैलाई लाभान्वित गराउन गरेको अनुरोध नै मेरा लागि यो लेखनकार्यको पहिलो कारण हुन पुग्यो ।

ओशोले गीतादर्शनमा करिब दुई सय बीस शृङ्खलाको प्रवचन दिनुभएको छ र हरेक शृङ्खला डेढ देखि दुई घण्टाको छन्, जसलाई सुन्न न्यूनतम पनि एक वर्ष लाग्न सक्छ । व्यस्त भौतिक जगत्मा सबैलाई यो सुन्न सम्भव नहुन पनि सक्छ । एकै पटकमा यस्तो महिमायुक्त प्रवचन सुनेर बुझ्न कठिन मात्र होइन, असम्भवप्रायः नै हुन्छ । यसलाई सरलीकरण गरेर सबैले बुझ्ने नेपाली भाषामा रूपान्तरण गरी प्रकाशित गरेमा सबै वर्ग लाभान्वित हुन सक्ने देखेँ, जुन यो पुस्तक लेख्ने अर्को कारण बन्न पुग्यो । आज फर्केर हेर्दा दिनको १५ घण्टा केवल सुनेको भरमा दुई वर्ष लगाएर जुन लोकगीताको जन्म भयो, त्यसको सारा श्रेय म भगवान् ओशोलाई दिन चाहन्छु । लोकगीता केवल उहाँकै गीतादर्शनमा आधारित छ । श्रवणको पनि ठुलो महिमा रहेछ, त्यसैले गीतामा पनि श्रीकृष्णले अर्जुनलाई जुन मनुष्यले श्रद्धायुक्त र दोषदृष्टिरहित भएर अहोभावपूर्वक सत्यको अभीप्साले गीताको श्रवण मात्र गर्ने छ, ऊ पनि पापबाट मुक्त भएर पुण्य कर्म गर्ने व्यक्तिहरूको श्रेष्ठ लोकलाई प्राप्त गर्ने छ भन्नुभएको छ । श्रवण गर्दा पनि श्रद्धायुक्त र दोषदृष्टिरहित हुनु अनिवार्य स्थिति हुन् ।

मभित्र धेरै अघिदेखि नै जीवनका बारेमा जान्ने एउटा उत्कण्ठा र जिज्ञासा थियो । सायद मभित्र रहेको खोजको अभीप्साले म साधुसन्तप्रति आकर्षित थिएँ । यसका लागि म निकै भट्किएँ । मेरो जिज्ञासाले मलाई परमहंस स्वामी योगानन्दको दिशामा अघि बढायो । त्यसबाट आन्तरिक शान्ति त पाएँ तर भित्रबाट सधैँ केही अतृप्त नै महसुस गरिरहेँ । धेरै गुरुको खोजी गर्दागर्दै म श्याम चैतन्य बाबाप्रति आकर्षित भएँ । उहाँको दर्शन गर्न म दिनहुँ पुग्दथेँ । एक दिन पनि कुनै कारणवश उहाँका सामु उपस्थित हुन नसके तुरुन्तै उहाँले आफूकहाँ अध्ययनरत विद्यार्थीलाई बुझ्न पठाउनुहुन्थ्यो । एकपटक म सांसारिक दुखमा अल्झिएको थिएँ र उहाँको दर्शन गर्न जान सकिनँ । उहाँले तीन दिन लगालग मलाई बोलाउन विद्यार्थी पठाउनुभयो । दुखमाथि हाबी हुन र सबै पीडा बिर्सिनका लागि म मदिराको सहारा लिएको अवस्थामा थिएँ । उहाँलाई मदिरा आदि मादक पदार्थसँग घृणा थियो र यसको सेवन गरेको व्यक्तिलाई भित्र पस्न त के बाहिरै आए पनि गाली गरेर पठाउनुहुन्थ्यो । त्यसैले तीन दिनसम्म त म बोलाउँदा पनि गइनँ तर चौथो दिन पनि विद्यार्थी बोलाउन आएपछि उहाँको दर्शन गर्न गएँ । उहाँ रिसाउनुहुन्छ भनेर म भित्र पसिनँ तर उहाँले मलाई भित्र कोठामा बोलाएर आशीर्वादरूपी हात मेरो शिरमा राख्दै 'हाथी चले बजार कुत्ता भौंके हजार' भन्नुभयो । त्यो ऊर्जारूपी आशीर्वादले मलाई अझ बलियो भएर आफ्नो कर्म गर्ने प्रेरणा प्राप्त भयो । कसैको घरमा पनि नजाने उहाँजस्तो सन्न्यासी पनि हाम्रो घरमा आएर हामीलाई कृतार्थ गराउनुभएको थियो । उहाँ आफ्नो इच्छानुसार आफूले तोकेको समयमा प्राण त्याग्न सक्ने ब्रह्मज्ञानी हुनुहुन्थ्यो । उहाँ अन्तिम समयमा बनारसमा करिब दुई महिना बस्नुभएको थियो । मैले पनि केही समय बनारसमा उहाँको सान्निध्यमा बिताउन पाएको थिएँ तर अन्तिम अवस्थामा भने दर्शन गर्ने सौभाग्य पाइनँ । त्यो समयमा उहाँले नै मलाई पशुपतिमा सिद्ध चुनचुन छ भन्नुभएको थियो । त्यसपछि मैले चुनचुन बाबाको सान्निध्यमा पनि केही समय बिताउने सौभाग्य पाएँ । उहाँको वरिपरि भुस्याहा कुकुरहरू (जसलाई उहाँ भैरव भनेर सम्बोधन गर्नुहुन्थ्यो), साङ्ला, मुसा, कीरा, सर्प, बिच्छी र फट्याङ्ग्राहरू घुमिरहन्थे । सबैलाई उहाँ केही न केही भोजन राखिदिनुहुन्थ्यो र ती सबैमा परमात्माको रूप देख्नुहुन्थ्यो । यस्तो सर्वत्र परमात्मा देख्ने पुरुष स्वयम् परमात्मा नै हुन्छ भनेर श्रीकृष्ण

भन्नुहुन्छ । उहाँ वास्तवमा परमात्मा नै हुनुहुन्थ्यो । उहाँ पशुपक्षीलाई मात्र होइन, दिनहुँ आफैँले रोटी बनाएर मलाई पनि पठाउनुहुन्थ्यो । उहाँको मप्रति विशेष अनुग्रह थियो ।

एक दिन म नेपालबाहिर जाँदै छु भनेर उहाँलाई बिन्ती गरेँ । उहाँले मलाई नजान भन्नुभयो । मैले जानैपर्ने कारण बताएपछि उहाँले मलाई एउटा सानो सिन्का दिएर त्यो सह्मालेर राख फर्केपछि मलाई फिर्ता गर भन्नुभयो । बाटामा हामी चढेको हवाईजहाज बिग्रेर हामी गन्तव्यसम्म पुग्न सकेनौँ । जहाजले आकस्मिक अवतरण गर्नुपऱ्यो । पछि थाहा भयो जहाजका चारवटै इन्जिन बिग्रिएका रहेछन् र हामी बालबाल बच्यौँ । त्यस बेला मैले बल्ल उहाँले मेरो सुरक्षार्थ त्यो सिन्का दिनुभएको बुझेँ । उहाँ कहिल्यै कसैको घर जानुहुन्नथ्यो तर अचम्म उहाँ हामीकहाँ धेरै पटक आउनुभयो । अन्तिम पटक हामीकहाँ आउँदा तिमीलाई के चाहिन्छ माग भन्नुभयो । मैले केही भन्न सकिनँ । अर्को पटक पनि सोध्नुभयो तर मेरो मूर्खता मैले यस्तो अमूल्य मौका गुमाएँ । उहाँ अन्तिम समयमा क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो र बोल्न सक्नुहुन्नथ्यो तर लेखेर I'm not sick my body is sick भन्नुहुन्थ्यो । त्यस्तो क्षर-अक्षरको पृथकता तत्त्वज्ञानीले मात्र जान्न सक्छ तर सांसारिक र भौतिक उपलब्धिको आकाङ्क्षाले गर्दा त्यस समय मैले उहाँहरूजस्तो ब्रह्मज्ञानीलाई चिन्न सकिनँ । सायद यही सांसारिक र भौतिक उपलब्धिको आकाङ्क्षा नै मेरो मार्गमा बाधक बनेर उभिएको थियो ।

आज आएर मलाई लाग्दछ, मैले उहाँहरूको यत्रो सान्निध्यलाई मुक्तिको उपलब्धि बनाउन सकिनँ तर सायद उहाँहरूको सान्निध्य र आशीर्वादको कारणले नै मलाई जस्तोसुकै परिस्थितिमा पनि अडिग भई कर्म गर्न तथा गीता लेख्ने प्रेरणा मिलेको हुनपर्छ । श्रीकृष्ण भन्नुहुन्छ जब कोही राम्रो कामका लागि उद्विग्न हुन्छ, तब वरिपरि राम्रा आत्माहरूले त्यस कार्यमा सहयोग पुऱ्याउँछन् । यसरी नै खप्तड बाबासँग पनि उहाँको प्रायः अन्तिम अवस्थाभन्दा अघि दुईपटक दर्शन गर्ने सौभाग्य पाएँ । उहाँले मसँग “म त जाँदै छु नि !” भन्ने वाक्य अन्तिम वार्तामा भन्नुभएको थियो । त्यसको केही दिनपछि रिडीमा उहाँले महापरिनिर्वाण प्राप्त गर्नुभएको कुरा श्याम चैतन्य बाबाले मलाई बताउनुभयो ।

यसरी नै म पाइलट बाबासँग पनि जोडिएँ । उहाँ पनि अलौकिक सन्त हुनुहुन्छ । उहाँबाट मैले पुत्रवत् माया र सहारा पाएँ तर पनि भित्र अधुरो नै महसुस गरिरहेँ । त्यस्तै म स्वामी कमलनयनाचार्यसँग पनि जोडिएँ । म स्वामी आनन्द अरुणसँग पनि ओशोको कारणले नै जोडिएँ र उहाँको स्नेह र आशीर्वाद प्राप्त गरिहेको छु । तर जब ओशोको मधुर वाणीमा गीतादर्शन, अष्टावक्र महागीता, धम्मपद, शिवसूत्र, महावीरवाणी, कविरको अर्थपूर्ण वचनहरू, नानकको एक ॐकार सतनाम, मीराको भक्तिगाथा, नारदको भक्ति सूत्र तथा उपनिषद्लगायतका प्रवचनहरू सुन्न थालेँ अनि म रोकिएँ र लाग्यो यही मेरो गन्तव्य हो । ‘लोकगीता’ गीतादर्शन श्रवण गरेर श्रवणकै भरमा लिपिबद्ध गरी तयार पारिएको ग्रन्थ हो । मैले ओशोका प्रवचनहरू श्रवण गर्नेबाहेक उहाँको कुनै पुस्तक अध्ययन गरेको छैन । गीतादर्शनका सत्र भाग पुस्तक हिन्दीमा प्रकाशित भएका छन् भन्ने कुरा स्वामी आनन्द अरुणबाट हालै मात्र थाहा पाएँ अन्यथा मलाई यससम्बन्धी कुनै जानकारी थिएन ।

सनातन हिन्दू धर्मावलम्बीले गीतालाई ढोगेर पूजाघरमा राख्दछन् । यसलाई संस्कारबाट अभिप्रेरित भई ढोग्नु र पूजाघरमा राख्नुभन्दा यसमा श्रीकृष्णले दिनुभएको दिव्य उपदेशलाई अङ्गीकार गरी यसलाई अवलम्बन र आत्मसात् गर्न सकेमा गीताको उपयोगिता वास्तविक रूपमा प्राप्त गर्न सकेको ठहर्ने छ । श्रीकृष्णले गीतामा हामीजस्ता सम्पूर्ण अर्जुनहरूको उद्धारका लागि मुक्तिका सबै मार्गहरू प्रशस्त गरिदिनुभएको छ । गीताभित्र प्रवेश गर्न सके श्रीकृष्णसँग साक्षात्कार हुने छ भने बाहिर रहे अर्जुनसँग मात्र मिलन हुने छ । तसर्थ म सबैलाई यसको सही उपयोग गर्न विनम्र अनुरोध गर्दछु ।

आफ्नो २४-२५ वर्षको सरकारी सेवामा तन, मन र वचनले दुखी, पीडित, निम्नस्तर र उत्पीडित वर्गको हितलाई ध्यानमा राखेर देशप्रति पूर्ण बफादार र समर्पित भई राष्ट्र र जनतालाई सधैँ शिरमा राखेर कर्म गर्ने प्रयास गरेँ । परमात्माले मलाई कर्म गर्ने जुन अवसर प्रदान गरेको छ यो उसले ममार्फत दीनदुखीको भलाइ गराउनका लागि दिएको मौका हो भन्ने मलाई लाग्यो । आफ्ना काम-कर्तव्यहरूलाई मैले कहिल्यै व्यापारीकरण र व्यवसायीकरण गर्ने प्रयास गरिनँ । सायद त्यसैले मैले गरेका कतिपय कार्यहरूको उपलब्धिको जस लिनेहरू पनि धेरै भए । यसै सिलसिलामा एउटा ठुलो वर्ग सदैव एकै ठाउँमा आबद्ध भएर

मलाई बदनाम गर्न र विवादमा तान्न सक्रिय भइरहयो । तर मैले आफ्नो कामबाहेक यसका बारेमा धेरै चिन्ता पनि गरिनँ ।

अख्तियारमा सबै राजनीतिक दलहरूको सर्वसम्मतिले नियुक्ति पाए पनि विरोधीहरूको सलबलाहटमा कमी आएन । मलाई अख्तियारबाट बहिर्गमन गराउनका लागि राजनैतिक नेतृत्वका केही उच्चतम व्यक्तित्वहरूले सुनिश्चित षड्यन्त्रअन्तर्गत गलत र झुटो अभियोग लगाई मध्यरातमा महाअभियोग प्रस्ताव दर्ता गरे । उक्त राजनैतिक व्यक्तिहरूसँग सहकार्य गर्दै तत्काल न्यायसेवामा आसीन उच्च व्यक्तित्वद्वारा मेरो फछर्योट भइसकेको मुद्दालाई प्रचलित कानुन र नजिरको अपव्याख्या गर्दै उल्टाउने कार्य भयो । त्यस्तै झुटा र अनर्गल प्रचार गरेर मेरा विरुद्धमा पुस्तक लेख्नसमेत षड्यन्त्रकारीहरूले छोडेनन् । त्यसपछि न्यायसेवाका अन्य केही महानुभावहरूले कानुनविपरीत अख्तियारको प्रमुख आयुक्त हुने योग्यता नभएको ठहऱ्याउँदै मलाई बहिर्गमन गराउने राजनैतिक सोच र चाहनालाई मूर्त रूप दिए ।

यसरी मलाई अख्तियारबाट बहिर्गमन गराउन भूमिका खेल्ने न्यायसेवामा पदासीन केही उच्चतम महानुभावहरू, आफ्नो द्वैत चरित्र लुकाउन महाभियोग प्रस्ताव ल्याउने राजनीतिक नेतृत्व तथा तिनका अनुयायीहरू, पत्रपत्रिका सञ्चालन गर्ने उच्च घरानाका केही महानुभावहरू, स्वघोषित नागरिक अभियन्ताहरू, व्यापार व्यवसायलाई नैतिक-अनैतिक रूपमा आफ्नो खल्तीमा राख्ने निजी क्षेत्रका केही व्यक्तिहरू, कर्मचारीतन्त्रका केही पुर्जाहरू तथा यसमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा संलग्न अन्य केही महानुभावहरूलाई म साधुवाद व्यक्त नगरिरहन सक्तिनँ । अरूका बारेमा चियोचर्चो गर्नुभन्दा आफ्नो अन्तर्यात्रामा प्रवेश गर्नु श्रेयस्कर हुन्छ भन्ने सुझाव म सबैलाई दिन चाहन्छु ।

परमात्माले कहिल्यै कसैको अहित गर्दैन किनभने ऊ शाश्वत, निश्पक्ष र सर्वोच्च नियन्ता हो । हामी जे रोप्छौँ, त्यही पाउँछौँ र यो एक जन्मको खेल पनि होइन । राम्रो अथवा नराम्रो दुवै कर्म परमात्माकै हातमा छ । राम्रो हुँदा आफ्नो क्षमता र योग्यता अनि नराम्रो हुँदा परमात्मालाई दोषी ठहऱ्याउने हाम्रो छुद्र प्रवृत्ति हुन्छ तर राम्रो नराम्रो दुवै उनै परमात्माको कृपा हो । सायद म अख्तियारमा पूरा अवधि बसेको भए त्यही छुद्रताभित्रै रमेर बसेको हुने थिएँ । आज जान अन्जानमै उहाँहरूले ममाथि ठुलो कृपा गर्नुभएको छ किनभने मैले यो गीता लेख्ने अवसर उहाँहरूकै कारण प्राप्त गरेको हुँ । अर्जुनको जस्तै विषादको परिस्थितिबाटै मैले पनि गीतामा नै आफ्नो विषादको कारण खोज्न थालेँ । मैले गीताबाट के सिकेँ भने द्वन्द्वलाई शीघ्रतापूर्वक हल गर्न खोज्नु पशुतातिर लाग्नु हो, द्वन्द्वसँग लड्दै गुज्रिनु मूढता हो र धैर्यले यसलाई झेल्नु तपस्या हो । द्वन्द्वमा तटस्थ भएर यसलाई नियति मानेर बाँचेमा सबै कुरा परमात्माबाट भएको बोध भएर श्रद्धाको जन्म हुन्छ, जुन अमृत पाउने मार्गको एक आधार हो ।

यो लेखन कार्यमा श्रद्धायुक्त भावका कलमले कहिले आह्लादित हृदय त कहिले भावको भक्कानोले ओतप्रोत हृदयसहित रगतरूपी मसीले यसलाई सजाउने प्रयास गरेको छु । यो मेरो यस्तो निधि हो, जसलाई मैले आफ्नो सक्रिय जीवनका करिब तीन दशकमा गरेका सम्पूर्ण कार्यहरूसँग तराजुमा राख्ने हो भने यसको गहनता र सार्थकताको कुनै तुलना नै हुन सक्तैन ।

गीता सारा मनुष्यको जिज्ञासा, खोज र उपलब्धिको सार सञ्चय हो । श्रीकृष्णको आत्मा बनेर जसरी ओशोले गीतादर्शनमा यसको वर्णन गर्नुभएको छ, त्यो श्रवण गर्दागर्दै कहिलेकाहीँ मलाई उहाँ स्वयम् श्रीकृष्ण बनेर म अर्जुनलाई मार्ग दर्शन गर्दै हुनुहुन्छ जस्तो लाग्दछ । तिब्बतमा एउटा भनाइ छ, शिष्यले गुरु खोज्न सक्तैन, गुरुले नै शिष्यलाई खोज्दछ किनभने मेघ जब जलले भरिन्छ, तब ऊ वर्षिन खोज्छ । गुरु जलले भरिएको मेघ हो, जसले उत्तप्त हृदयको खोज गर्छ । शिष्यले गुरु खोज्नै सक्तैन । ऊसँग गुरु खोज्ने योग्यता र मापदण्ड नै हुँदैन । उसलाई यो अज्ञात मार्गको प्रतीति पनि हुँदैन । त्यसैले गुरुले नै शिष्य खोज्दछ । यस अर्थमा यत्रो गीता ज्ञानरूपी गंगा प्रवाहित गर्न चुनिनु मेरो अहोभाग्य हो । यही नै लोकगीता यसरी लिपिबद्ध हुनु र प्रकाशनमा आउनुको सबैभन्दा प्रमुख र महत्त्वपूर्ण कारण हो ।

मैले भगवान् ओशोलाई श्रवण गरेपछि मेरो मन गुरु र अभिभावक पाएकोमा तृप्त भएको छ । मेरो यो अनुभूति सुनेर उहाँप्रति नकारात्मक भावना राख्नेहरूको मनको भाव आँखामा उत्रिएको पनि मैले देखेँ । उहाँलाई भित्री रूपमा नचिनी बाहिरी रूपमा उहाँको विरोध गर्ने धेरै व्यक्तिहरू छन् । ओशोको भित्री

ब्रह्मतत्त्वको सानो झलक मात्र पाउन सकेमा उनीहरू आफ्नो मूर्खताप्रति आफैँ पछुताउने छन् । जुन उचाइबाट उहाँले ब्रह्म, सत्य र परमात्माका बारेमा बताउनुभएको छ त्यसको एक घुड्की रसास्वादन गर्न सके उहाँप्रतिको नकारात्मक भाव स्वतः तिरोहित हुने छ भन्ने मलाई लाग्दछ । जब व्यक्ति त्यो परम उचाइमा प्राप्त हुन्छ, तब शरीरको तलमा हुने सम्पूर्ण कुरा सामान्य र गौण मात्र हुन पुग्छन् ।

श्रीमद् भगवद्गीता भगवान्को दिव्य गीत हो, जसलाई अर्जुनको बहानामा श्रीकृष्णले स्वर्गबाट पृथ्वीमा उतार्नुभएको छ र ओशोले हामीजस्ता केही नजान्ने तर जान्ने आकाङ्क्षा भएका प्यासीलाई निर्मल बनाएर पिलाउने प्रयास गर्नुभएको छ । कसरी पिउने वा नपिउने यो हाम्रो पात्रतामा निर्भर गर्छ । सनातन हिन्दू धर्म र हिन्दू ग्रन्थको महानताको बखानका साथै सटीक तर्क दिएर यसलाई जीवन्त बनाउने प्रयास आदि शंकराचार्यपछि कसैले गरेको छ भने त्यो ओशोले नै गर्नुभएको छ ।

अर्जुनले अज्ञानमा खर्चिएका विनम्र प्रश्नहरू र श्रीकृष्णले अर्जुनको आन्तरिक रूपान्तरण गर्न दिएको दिव्य उपदेशरूपी वचनले नै गीताको प्रादुर्भाव भएको हो । गीता मनोविज्ञान र मनस् शास्त्र हो, जसले अध्यात्मतर्फ इसारा गरेको छ । अध्यात्म हाम्रो स्वभाव र मौनता हो । आफ्नो स्वभावभन्दा विपरीत जानु हाम्रो कर्म हो । गीतामा मनबाट पार लगाउने साधन उपलब्ध भएको हुँदा यो परम शास्त्र हो । गीता यस्तो ग्रन्थ हो जसमा ज्ञान, विज्ञान, मनस्, दर्शन, धर्म र आध्यात्म लगायत सम्पूर्ण कुरा समाहित छन् ।

गीता मौनतामा घटेको अन्तरसंवाद हो । गीता त्यो बहुमूल्य रत्न हो जसमा श्रीकृष्णले त्यो अमृत तत्त्व प्राप्त गर्ने अनेक मार्ग देखाउनुभएको छ, जुन अन्य कुनै शास्त्रबाट पाउन सकिन्न । गीतामा श्रीकृष्णले अर्जुनकै धरातलबाट उत्तर दिनुभएको छ । अर्जुनका एक एक कदम जब माथि उठ्छन् अनि गीता पनि त्यसै गरी माथि उठ्छ । श्रीकृष्णले गीताको सुरुवात मनस्बाट गरेर आखिरी सूत्रलाई त्यहाँ छोड्नुभएको छ, जहाँबाट मनस् समाप्त भएर अध्यात्म सुरु हुन्छ । गीतामा संसारमा रहेका दुई निष्ठाहरू साङ्ख्यनिष्ठा र योगनिष्ठाका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । साङ्ख्यको निष्ठामा केही गर्नु जरुरी हुँदैन, यसमा जान्नु नै पर्याप्त हुन्छ । साङ्ख्यको मार्ग परम ज्ञानको मार्ग हुँदा अर्जुन तथा हामीजस्ताका लागि बुझ्न कठिन हुन्छ । तसर्थ गीतामा प्रेम र भक्तिको मार्ग, ज्ञानको मार्ग तथा कर्मको मार्गको पनि विस्तृत रूपमा व्याख्या गरिएको छ । गीताको कुनै अध्याय अर्को अध्यायसँग वा एक निष्ठा अर्को निष्ठासँग तुलनीय छैन । व्यक्तिको स्वभावअनुरूप जुन निष्ठाले चित्त सन्तुष्ट गर्छ, त्यो व्यक्तिका लागि त्यही मार्ग श्रेष्ठकर हुन्छ । अन्तर्मुखी व्यक्तिले शून्यमा अन्तिम रूप प्राप्त गर्छ भने बहिर्मुखी व्यक्तिले पूर्णतामा अन्तिम रूप प्राप्त गर्छ । अन्ततः पूर्ण र शून्य दुवैले एकै अर्थ राख्दछन् । गीता समस्त मार्गहरूको स्रोत हो ।

श्रीकृष्णले गीतामा संसारमा भएका सम्पूर्ण निष्ठालाई स्वीकार गरेर तिनको वर्णन गर्नुभएको छ; तसर्थ गीता सर्वस्वीकार्य भावको अद्भुत ग्रन्थ हो । यसमा उहाँले प्रत्येक अध्यायमा त्यो अमृत तत्त्व जो अजन्मा, अविनाशी, सनातन र शाश्वत छ त्यसलाई जान्ने र प्राप्त गर्ने मार्ग बताउनुभएको छ ।

युद्धभूमिमा आफन्तलाई देखेर अर्जुनमा पलाएको ममत्व भावले गीताको पहिलो अध्यायको प्रारम्भ भयो । ममत्व पनि सूक्ष्म अहङ्कार नै हो । परमात्मा र हाम्रो मिलनको बिचमा अहङ्कार एक मात्र बाधा हो । यही ममत्वरूपी अहङ्कारले अर्जुन विषादमा प्राप्त भए । यही विषादबाट उठाएर परम प्रभु करुणामयी श्रीकृष्ण अर्जुनभित्रको त्यो शुद्ध चैतन्यको दर्शन गराउन चाहनुहुन्छ, जो सबै कुराबाट आकाशजस्तो अस्पर्शित छ । यस विषादबाट उठ्न श्रीकृष्णले दोस्रो अध्यायमा साङ्ख्यनिष्ठाको वर्णन गर्नुभएको छ, जहाँ सत्य केवल आत्मज्ञानले मात्र जान्न सकिन्छ । यसका लागि कर्म तथा प्रयासको कुनै आवश्यकता नै छैन ।

श्रीकृष्ण भन्नुहुन्छ- आत्मा अव्यक्त, अचिन्त्य, अविकारी र अपरिवर्तनीय छ । जो न त मर्छ न मार्न सकिन्छ । युद्धमा जो मारिन्छ, त्यो त शरीर मात्र हो । मृत्युपछि पनि आत्माको अस्तित्व र अभिव्यक्ति दुवै हुन्छ । अर्जुनले साङ्ख्यको निष्ठा बुझ्न नसक्दा मात्र तेस्रो अध्याय बताउनुपरेको हो अन्यथा गीता दोस्रो अध्यायमै समाप्त हुने थियो ।

जो जान्न योग्य छ, त्यो जानिएकै छ र जीवन ज्ञानमै निर्भर छ भने मलाई यो भयङ्कर कर्ममा किन धकेल्दै हुनुहुन्छ भन्ने अर्जुनको जिज्ञासाबाट तेस्रो कर्मयोगको अध्यायको सुरुवात भएको हो । परम प्रभु श्रीकृष्णले यस अध्यायमा कर्मयोगद्वारा त्यो अमृत तत्त्व जान्ने मार्ग बताउनुभएको छ । यसमा क्षत्रियका लागि

धर्मयुद्धभन्दा श्रेयस्कर र कल्याणकारी कर्तव्य अरू नहुने हुँदा स्वधर्मका बारेमा बताउनुभएको छ । जन्म हुँदा सबै शूद्र भएर जन्मिन्छन् र उनीहरूले आफ्नो स्वकर्म र स्वधर्मको चुनाव आफैँले गर्नुपर्छ । आफ्नो वर्णमा रही प्रत्येक वर्णका व्यक्तिले त्यो सत्य प्राप्त गर्न सक्छन् । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ– परधर्ममा बाँच्नुभन्दा स्वधर्ममा मर्नु उत्तम हुन्छ । ज्ञान जब कर्म बन्छ तब सन्न्यास फलित हुन्छ । यही ज्ञान-कर्म-सन्न्यास योगका बारेमा बताउँदै चौथो अध्यायको सुरुवात भएको छ । समत्व बुद्धिका साथ सबै कर्म प्रभुमा समर्पण गर्नु नै कर्मसन्न्यास हो । कर्मको परित्यागभन्दा निष्काम कर्म श्रेष्ठ हुन्छ । कर्मप्रतिको होसपूर्ण जागरण नै कर्मसन्न्यास हो । यसअघि घर त्याग्ने, संसारबाट विमुख हुने, जीवनको निषेध गर्ने, कर्मत्याग गर्ने, निष्क्रिय र पलायन हुने व्यक्ति सन्न्यासी हो भन्ने धारणा थियो । तर भगवान् श्रीकृष्णले फलको आकाङ्क्षा त्यागेर कर्म गर्नु नै सन्न्यास हो, पलायन हुन जरुरी छैन भनी सन्न्यासको नयाँ धारणा दिनुभयो । नयाँ सन्न्यासको व्यवस्थाअनुसार कर्म गर्दागर्दै कर्मबाट, भोग गर्दागर्दै भोक्ताबाट मुक्त हुन सकिन्छ । संसार छोडेर भाग्ने विकल्पलाई नकार्दै संसारमा नै बसेर संसारलाई भोग गर्दै राजा जनकजस्तो संसारमा नै परमात्मा खोज्न सकिन्छ भन्ने नौलो र अनौठो सन्न्यासको व्यवस्था श्रीकृष्णले गीतामा दिनुभएको छ । गीता भाग्ने व्यक्तिहरूलाई जागरुक गराउने प्रयास हो ।

चौथो ज्ञान-कर्म-सन्न्यास योग र पाँचौँ कर्मसन्न्यास योगमा अर्जुनलाई कर्म गर्दै समस्त कर्मको जालमा डुबेर पनि मुक्त हुने बाटो बताउनुभएको छ । गीताका एक एक अध्याय आफैँमा पूर्ण छन् तर अर्जुनलाई पाँचौँ अध्यायले पनि काम गर्न सकेन । त्यसैले उनका लागि गीता चलि नै रहन्छ । छैटौँ अध्याय आत्मसंयम योग हो ।

यस अध्यायमा श्रीकृष्णले अर्जुनलाई समस्त प्राणीमा एक (कृष्णतत्त्व) र एकमा समस्त प्राणीको अनुभव गर्न सक्ने व्यक्ति परमात्मा नै हुन्छ र परमात्मा यस्तो व्यक्तिमा स्वतः प्रकट हुन्छ भन्नुभएको छ । साथै उहाँले कल्याणकारी अर्थात् शुभकर्म गर्ने व्यक्ति कहिल्यै दुर्गतिमा नपर्ने र यस्तो व्यक्तिको न त यस लोकमा न त परलोकमा नैं नाश हुन्छ भन्ने गुह्य रहश्य बताउनुभएको छ। यसमा शादृष्यताको पनि अत्यन्तै मिठो व्याख्या गरिएको छ । यसमा श्रीकृष्णले अर्जुनलाई भोगी र त्यागी होइन, संकल्प, वासना र कर्मफलको त्याग गर्ने योगी बन्नका लागि भन्नुभएको छ, किनभने भोगी र त्यागीका हरेक कुरा शरीरको तल्मा अहङ्कारसहित हुन्छ तर योगी भोजन गर्दा पनि भोजनको होइन, रसको त्याग गर्छ । त्यसैले योगीले सत्य प्राप्त गर्न सक्छ । यो छैटौँ अध्यायमा उहाँले योगीका लागि अत्यावश्यक सूत्र अभ्यास र वैराग्यका बारेमा भन्नुभएको छ । साथै यसमा हामीजस्तो मनुष्यका लागि आफ्नो अन्तस्करणमा प्रवेश गर्न केही विधिहरूको सङ्केत पनि गर्नुभएको छ ।

सातौँ अध्याय ज्ञान-विज्ञान योग हो । गीतामा ज्ञान मात्र होइन, विज्ञान पनि जोडिएको छ । गीता एउटा पुस्तक मात्र नभई अनेकौँ ज्ञानहरूको सङ्ग्रह हो । यस अध्यायमा अष्टाङ्ग प्रकृति शरीर, पदार्थ, मन, विचार शक्ति, बुद्धि र अग्निको सूक्ष्मतम रूप र अहङ्कार स्वनिर्मित धारणा हुँदा यिनीहरू अपरा शक्ति हुन् र प्राणीहरूमा जीवरूपले रहने चेतन शक्ति परा हो भनेर श्रीकृष्णले भन्नुभएको छ । हामी प्राणी आठ अपरा ( जड) तथा परा (चेतन) प्रकृतिद्वारा उत्पन्न भएका हौँ र यो सारा जगत्को उत्पत्ति र प्रलयको कारण उहाँ परमात्मा श्रीकृष्ण नै रहेको उल्लेख गर्नुभएको छ, जो आफैँमा अद्भुत र आश्चर्यजनक छ । जसले अमृत र बिष दुबैलाई एकासाथ स्वीकार गर्छ उसलाई मृत्यु र विनाशले कहिल्यै दुःख दिदैन किनकी म नैं सर्जक र प्रलय हुँ भन्ने अद्भूत सत्यको उदघोष श्रीकृष्णले गर्नुभएको छ । अन्त्यमा अनुकूलमा होस् या प्रतिकूलमा सर्वत्र परमात्मालाई देखेर शरणमा जान सक्नु नै हाम्रो परीक्षा र चुनौती हो ।

अर्जुनका विरामरहित प्रश्नको शृङ्खलाका कारण गीता आठौँ अध्यायमा प्रवेश गरेको छ । यो अक्षरब्रह्म योग हो । यसमा अधिभूत, अधिदैव र अधियज्ञको वर्णन गरिएको छ । धूवाँरहित अखण्ड पूर्ण ज्योति नै अधियज्ञ, अक्षर, परमात्मा, सत्य र अमृत भएको बताइएको छ । यसका साथै कहिल्यै विनाश नहुने अव्यक्त सनातनको बारेमा पनि उल्लेख गरिएको छ । यसमा ब्रह्म, अध्यात्म र कर्मका बारेमा पनि बताइएको छ । साथै ॐकाररूपी ब्रह्मको उच्चारण गर्दै परमात्माको चिन्तन गरेर उत्तरायणको मार्गबाट देह त्याग्ने व्यक्ति परमपदमा प्राप्त हुन्छ भनिएको छ । यसमा उत्तरायण तथा दक्षिणायन मार्गको अत्यन्तै वैज्ञानिक र यथार्थपरक व्याख्या गरिएको छ ।

नीतिहरूबाट पार हुनु परम नीति र समस्त धर्मबाट उठ्नु परम धर्म हो । परम आधारतिर चल्नु नैं अति नैतिक हुनु हो । यी सबैलाई उल्लङ्घन गरेर जो त्यो सनातन पदमा उपलब्ध हुन्छ, ऊ ब्रह्म जस्तो हुन्छ तर यो बुझ्न अर्जुनलाई कठिन भइरहेको छ, यसमा उनको मन नै बाधक भएको छ । त्यसैले गीता अब नवौं अध्याय राजविद्या-राजगुह्य योगमा प्रवेश गरेको छ । यो विज्ञानसहितको ज्ञान, विद्याहरूको राजा, परम गोपनीय अति पवित्र, प्रत्यक्ष फलवाला एवम् धर्मयुक्त उत्तम ज्ञान हो । यसमा श्रीकृष्णले वेद, ॐ, पितामह, मन्त्र, आहुति सबै उहाँ नै भएको बताउनुभएको छ । यस जगत्मा भएका सबै ध्वनि आहत नाद हुन् भने ॐकार मात्र अस्तित्वको ध्वनि अर्थात् अनाहत नाद हो । अर्जुनले अझै श्रीकृष्णको भनाइ बुझ्न नसक्दा गीता दशौं अध्यायमा प्रवेश गरेको छ । यो विभूतियोग हो । हजुर स्वयम्लाई जान्नुहुन्छ म हजुरलाई कसरी जान्न सक्छु भन्ने अर्जनुको जिज्ञासा शान्त पार्न श्रीकृष्णले यसमा श्रेष्ठतम र ऐश्वर्ययुक्त हरेक कुरा जहाँ आभिजात्य प्रकट हुन्छ यस्तो ऐश्वर्ययुक्त हरेक कुरामा आफू (परमात्मा) भएको यथार्थ भएको बताउनु भएको छ र साथै सबै प्राणीहरूको सनातन कारण पनि आफू नैं रहेको बताउनु भएको छ तर पनि अर्जुनको जिज्ञासा शान्त हुन नसक्दा गीता एघारौं अध्यायमा प्रवेश गर्छ ।

श्रीकृष्णको अनुग्रहले अर्जुनको अज्ञान त नष्ट भएको छ तर आत्मज्ञानको उदय भएको छैन तसर्थ उनी परमात्माको विश्वरूप हेर्न लालायित भएर श्रीकृष्णसँग विश्वरूपको दर्शन दिन अनुनय गर्दछन् । त्यो विराटरूपको दर्शनको अर्जुनको आकाङ्क्षालाई परिपूर्ति गर्न र अर्जुनको संशय मेटाउन श्रीकृष्णले मेरो सयकडौं प्रकारका विभिन्न आकृति भएको अलौकिक रूप हेर भनेर परमात्मा श्रीकृष्णले ज्ञान, ऐश्वर्य, शक्ति, बल, वीर्य, तेज र भयानक मृत्युको रूप पनि आफू नैं भएको प्रत्यक्ष देखाउनुभयो । सनातन हिन्दू धर्ममा मात्र परमात्मालाई ईश्वर र दानव दुवै रूपमा स्वीकार गरिएको छ । त्यसैले राम र रावण दुवै रूपलाई परमात्माको नै रूप मानिएको छ । जन्म-मृत्यु कसैको वशमा छैन । मृत्यु केवल शरीरको हुन्छ, आत्मा त अजर-अमर हुन्छ । यही सत्य बुझाउन श्रीकृष्णले आफ्नो उही मनमोहक मुस्कानसहित अर्जुनलाई उनको समर्पणको कारणले विराट्को दर्शन गर्न सक्ने अवस्थासम्म पुऱ्याउनुभएको छ । त्रिलोकनाथ श्रीकृष्णले त्यत्रो विराट् रूपको दर्शन गराउँनु भएपछि पनि अर्जुनका प्रश्नरूपी समग्र बाणहरू पूर्ण रूपमा छुटिसकेका छैनन् ।

गीताको बाह्रौं अध्याय भक्तियोग हो । यसमा श्रीकृष्णले प्रेम र भक्तिद्वारा एक छलाङमा त्यो सत्यमा उपलब्ध हुने मार्ग बताउनुभएको छ । सत्यलाई बुद्धिले होइन, हृदयले पाउनु र श्रद्धापूर्ण समर्पण गर्नु नै भक्ति हो । जब प्रेमभाव गहिरो भएर त्यो प्रेमको धारा परमात्माकहाँ पुग्छ तब भक्ति फलित हुन्छ ।

तेह्रौं अध्याय क्षेत्र-क्षेत्रज्ञ-विभाग योग हो । एउटा आत्मा अर्थात् क्षेत्रज्ञले सम्पूर्ण क्षेत्रलाई प्रकाशवान् बनाउन सक्छ । क्षेत्र-क्षेत्रज्ञको अन्तर जान्ने व्यक्तिले जीवनको परम सूत्र अर्थात् अमृत तत्त्वलाई जान्दछ । यसमा श्रीकृष्णले धृति र वस्तुकेन्द्रित चेतना पनि क्षेत्र हो र शुद्ध चेतना मात्र क्षेत्रज्ञ हो भन्ने बडो अनौठो सूत्र भन्नुभएको छ । गीताको चौधौं अध्याय गुणत्रय-विभाग योग हो । यसमा प्रकृतिका तीन गुण रज, तम र सत्त्वका बारेमा र यी तीन गुणबाट पनि पार भएर गुणातीत हुन सकिन्छ भन्ने वर्णन गरिएको छ । सम्पूर्ण गुण प्रकृतिबाट उत्पन्न भए पनि प्रकृति निष्पक्ष हुन्छ र सम्पूर्ण भोग पुरुषले गर्दछ । जब पुरुष प्रकृतिका गुणबाट अस्पर्शित रहन्छ तब त्यस्तो शुद्ध पुरुष गुणातीत हुन्छ भनिएको छ ।

पन्ध्रौं अध्याय पुरुषोत्तम योग हो । व्यक्तिको पहिलो पत्र परिधिबाट हटेपछि निष्पापताको धारा सुरु हुन्छ र तेस्रो पत्र पुरुषोत्तममा पुगेपछि सबै निष्पाप हुन्छ । पुरुषोत्तम पनि त्यही अमृत हो । सनातन मान्यतामा मूल उद्गमलाई श्रेष्ठ मानिन्छ, जो अत्यन्तै उचित कुरा हो । यसै सन्दर्भमा श्रीकृष्णले यसमा उल्टो वृक्षका बारेमा बताउनुभएको छ । सोह्रौं अध्याय देवासुरसम्पद्-विभाग योग हो । यसमा श्रीकृष्णले आसुरी सम्पदा र दैवी सम्पदाका व्यक्तिहरूमा हुने लक्षण र त्यसबाट कसरी पार भई त्यो अविनाशी तत्त्वलाई जान्न सकिन्छ, त्यसबारे विस्तृत रूपमा वर्णन गर्नुभएको छ ।

यसपछि गीताले सत्रौं अध्यायमा प्रवेश पाएको छ, जो श्रद्धात्रय-विभाग योग हो । अहङ्कारले गरिने कृत्य अधर्म र असत् हो । निरहङ्कार भावले गरिने सबै कृत्य, जहाँ परमात्मा नै कर्ता हुन्छ, त्यो सत् हो । शास्त्रीय संस्कारबाट रहित, केवल स्व-भावबाट उत्पन्न भएको श्रद्धा राजसी, तामसी र सात्त्विकी तीनै प्रकारको हुन्छ । ध्यानस्थ, समाधिस्थ र ब्रह्मको दर्शन भइसकेको सद्गुरुमा श्रद्धाभाव राखेर उहाँलाई नमन

गर्दै आफूभित्रको खोज सुरु गरेमा कुनै समय अनायास द्वार खुलेर त्यो दिव्य ज्योतिलाई जान्न सक्ने छौँ अर्थात् आफैँ कृष्ण भएको जान्ने छौँ । यसमा ॐ तत् सत् र सच्चिदानन्दघन ब्रह्मको बडो मिठो व्याख्या गरिएको छ ।

सत्र अध्यायसम्म अर्जुनको जिज्ञासा परिपूर्ति हुन नसक्दा गीता अठारौँ अध्याय मोक्ष-सन्न्यास योगमा प्रवेश गरेको छ । हिन्दू संस्कृति अर्थ, काम, धर्म र मोक्ष चार पुरुषार्थ स्वीकार्दछ र धर्मबाट पनि पार हुनुलाई मोक्ष मान्दछ । स्वतन्त्र र जाग्रत् चैतन्य जहाँ कण पनि शेष नरही सर्वत्र परमात्मा मात्र हुन्छ, यही मोक्षको दशा हो । मोक्ष नै हाम्रो परम लक्ष्य हो र सन्न्यास त्यो परम लक्ष्य पाउने मार्ग हो । अठारौँ अध्याय यही मोक्ष-सन्न्यास योग हो ।

गीता अत्यन्तै अलौकिक ग्रन्थ छ, यसमा सत्को खोज गर्नुपर्छ र त्यही सत् अन्त्यहीन चैतन्यको नाम श्रीकृष्ण हो । गीताका हरेक अध्याय आफैँमा पूर्ण छन् । एक अध्यायको अध्ययन गरेपछि अर्को अध्यायको आवश्यकता नै छैन । तर अर्जुन जो हामी सबैका प्रतीक हुन्, उनको संशयग्रस्त चित्तले त्यो सत्य बुझ्न नसक्दा हामीले गीता जस्तो अनमोल ग्रन्थ प्राप्त गर्न सकेका हौँ ।

अर्जुनको विषादबाट आरम्भ भएको गीता मोक्ष-सन्न्यास योगमा गएर अन्त्य भएको छ । हरेकको अन्तिम गन्तव्य मोक्ष नै हो । गीताका सबै अध्यायको व्याख्या त्यो आत्मतत्त्व जान्नलाई हो जो अजन्मा, अविनाशी, शाश्वत र अनादि छ । श्रीकृष्णले यसमा सकारात्मक तथा नकारात्मक दुवै पक्षलाई अङ्गीकार गर्नुभएको छ । दुई विपरीतहरू राम्रो-नराम्रो, सफलता-असफलता, दुख-सुख सबै जोडीमै साथसाथै आउँछन् । एकको मात्र चुनाव गर्न खोज्नु मूर्खता हो । जब व्यक्ति यी दुई विपरीतका बिचमा रोकिन सक्छ, तब राग-विराग, सफलता-असफलता कसैले पनि उसलाई छुन सक्तैन र ऊ वीतरागी हुन्छ । सत्त्वगुण रजोगुण र तमोगुणको सन्तुलन हो तर जब व्यक्ति यस सत्त्वगुणबाट पनि माथि उठेर पार हुन्छ, तब ऊ गुणातीत हुन्छ, तब उसले त्यो परम चैतन्य अमृत तत्त्व प्राप्त गर्न सक्छ । गीतामा पुरुषका बारेमा पनि भनिएको छ । पुर अर्थात् नगरको केन्द्रमा बस्ने नै पुरुष हो । जुन दिन नगरको गतिविधिसँग पुरुष तत्त्वलाई कुनै सरोकार हुँदैन, त्यसै समय ऊ शुद्ध पुरुष भएर अमृत तत्त्व प्राप्त गर्दछ । सत्-असत्, व्यक्त-अव्यक्त, आकृति-अनाकृति, साकार-निराकारका बारेमा पनि गीतामा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

गीतामा ॐकारको वर्णन गरिएको छ । संसारका सबै ध्वनि आहत नाद हुन् तर ॐकार अनाहत नाद हो र यो हाम्रो स्वभाव हो । यसको गुञ्जन अस्तित्वको ध्वनिको गुञ्जन हो । बाहिरको ध्वनिमा हामी अल्झिएको हुँदा यो स्वतःस्फूर्त रूपमा गुन्जिरहेको अस्तित्वको ध्वनि हामी सुन्न सक्तैनौँ । जुन क्षण हामी यो बाहिरी ध्वनिबाट मुक्त हुन्छौँ, त्यसै क्षण त्यो ॐकारको ध्वनि सुन्न सक्ने छौँ ।

गीतामा धेरै पुनरुक्ति पनि छ । हरेक पटक नयाँ कुरा भन्दा केही न केही पुरानो कुरा पनि जोडिन्छ । अरू ग्रन्थले एक मात्र मार्ग बताउँछन् भने गीताले सम्पूर्ण मार्ग बताएको छ, चाहे त्यो बुद्धको शून्यता र निर्वाणको खोजको होस्, चाहे महावीरको अहिंसाको होस्, चाहे त्यो जिससको प्रेमको होस्, चाहे मोहम्मदको ज्ञानको खोज होस् । संसारमा हरेक व्यक्तिले खोजेका निष्ठाहरूको सम्बन्धमा श्रीकृष्णले पहिले नै गीतामा वर्णन गरिसक्नुभएको छ । कुनै पनि व्यक्तिले आफ्नो सम्भावनाको खोजी गरेर त्यसअनुरूपको कार्य गरेमा ऊ सत्यसम्म पुग्ने कुरामा दुई मत हुनै सक्दैन । गीताको सन्देश पनि यही हो ।

म श्रीकृष्णको पावन चरणमा आफ्नो शिर बारम्बार नुहाउन चाहन्छु । उहाँ अवर्णनीय हुनुहुन्छ । उहाँको कुनै सीमा छैन, उहाँ असीम हुनुहुन्छ । उहाँ पूर्ण अवतार पुरुष हुनुहुन्छ । परमात्माको योगमायाको शक्तिले संसारबाट मुक्त हुने सम्पूर्ण मार्ग उपदेशको रूपमा हामी सबैलाई बताउन करुणाको कारणले पूर्ण जागरणमा उहाँले जन्म लिनुभएको हो । उहाँ कालातीत भएर पनि क्षणजीवी हुनुहुन्छ । जुन क्षण जहाँ हुनुहुन्छ, त्यसलाई पूर्ण रूपले जिउनुहुन्छ । त्यसैले जहाँ बाल्यावस्था गुजार्नुभयो, जहाँ गोपिनी र गोपालहरूसँग समय बिताउनुभयो, यशोदासँग बालक्रीडा गर्नुभयो र गोपिनीहरूसँग रासलीला रच्नुभयो, त्यही वृन्दावन छोडेपछि फर्किएर पनि आउनुभएन । जसको रस भित्रैबाट हटेको छ, जसको राग निवृत्त भइसकेको छ, यस्तो श्रीकृष्णजस्तो परम पुरुषलाई मात्र यसो गर्न सम्भव हुन्छ ।

श्रीकृष्ण जहाँ हुनुहुन्छ, त्यही क्षण पूर्ण रूपमा हुनुहुन्छ । उहाँ सर्वोच्च द्रष्टा, ज्ञाता, पूर्ण परीक्षित हुनुहुन्छ । उहाँका लागि सबै सत्य वर्तमान हो । भगवान्मा कुनै मर्यादा हुँदैन । मर्यादा त मनुष्यमा मात्र हुन्छ । तसर्थ उहाँ अमर्याद अर्थात् मर्यादातीत हुनुहुन्छ । श्रीकृष्णको जीवन खेल र लीलामय छ । उहाँ द्रौपदीलाई नग्नताबाट बचाउन पनि छोड्नुहुन्न र गोपिनीहरूसँग लीला गर्दै उनीहरूको वस्त्र लुकाउन पनि सक्नुहुन्छ । साङ्ख्यको कुरा गर्दा साङ्ख्यप्रति नै निष्ठावान् र कर्म र भक्तिको कुरा गर्दा कर्मयोगी र भक्त नै बन्न सक्नुहुन्छ । उहाँको व्यक्तित्व बहुआयामिक छ । फरक-फरक व्यक्तिले फरक-फरक कृष्ण देख्दछन् । श्रीकृष्णको विषयमा कुनै एक धारणा बनाउनै सकिँदैन । उहाँको असीम विराटताको कारण सबै आफ्नो अनुकूल कृष्णको छनोट गरेर श्रीकृष्णलाई खण्डित गर्दछन् तर उहाँ त अखण्ड र पूर्ण हुनुहुन्छ ।

बाँसुरीको ध्वनिमार्फत सबैलाई मन्त्रमुग्ध पार्न सक्ने श्रीकृष्ण चक्र लिएर युद्ध मैदानमा देखिनुहुन्छ । बाँसुरी पकड्ने र गोपिनीहरूको वस्त्र हरण गर्ने औँलामा हिंसाको कारक सुदर्शनचक्र हुनु सामान्य कुरा होइन । उहाँ त त्यो परम आनन्द, अमृत, परमब्रह्म, नित्य धर्म र सबैको आश्रय हुनुहुन्छ । कृष्णतत्त्व हामी सबैभित्र छ । सबै चेतनाहरूमा गहिरो आत्मभाव नै त्यो कृष्णतत्त्व, सच्चिदानन्द परम ब्रह्म हो । उहाँ सबै गुणहरूको पार गुणातीत हुनुहुन्छ । श्रीकृष्णभन्दा अघि र पछिको कुनै अवतार पूर्ण छैन, श्रीकृष्ण मात्र पूर्ण अवतार पुरुष हुनुहुन्छ ।

अर्जुन जो हामी सबैका प्रतीक हुन्, उनी जिज्ञासु छन् र उनको जिज्ञासा अज्ञानमा पनि विनम्र छ । श्रीकृष्णले आफ्नो तलबाट उनलाई मूर्ख, मूढ र अर्जुनकै तलबाट भारत, सखा निष्पाप भन्दा पनि उनी कुनै विरोध गर्दैनन् । उनको कृष्णप्रतिको आस्था, श्रद्धा र समर्पणमा कुनै कमी छैन तसर्थ प्रतिकार पनि गर्दैनन् । केवल उनको समस्या युद्धभूमिमा आफन्तलाई देख्दा ममत्वले पक्रिएको मात्र हो । यो संसारमा सम्पूर्ण कुरा परमात्माबाटै प्राप्त हुन्छ, केवल अहङ्कार मात्र मनुष्य स्वयम्ले निर्मित गर्छ । ममत्व पनि अहङ्कारकै एक रूप हो । तसर्थ श्रीकृष्ण अर्जुनलाई आन्तरिक रूपान्तरण गरेर सत्यसम्म पुऱ्याउन चाहनुहुन्छ ।

श्रीकृष्णले दिनुभएको गीताज्ञानको सार सञ्चय त्यो शाास्वत सत्यसम्म पुग्नु हो । त्यहाँ पुग्ने ज्ञान, भक्ति र कर्मका मार्ग हुन् । निराकार, निर्गुण र अरूपसम्म पुग्ने ज्ञानको मार्ग हो । प्रेम र श्रद्धाद्वारा साकार र सगुण प्राप्त गर्ने भक्तिको मार्ग हो । निष्काम कर्म र फलाकाङ्क्षारहित भई सम्पूर्ण कर्तापन परमात्मामा छोड्नु कर्मको मार्ग हो जो हामीजस्ता अधिकांश मनुष्यहरूको मार्ग हुन सक्छ । यो ज्ञान, भक्ति र कर्मको मार्गमा पनि श्रद्धापूर्ण समर्पणसहित शरणागति भएमा मात्र त्यो कृष्णरूपी पुरुषोत्तम तत्त्वलाई प्राप्त गर्न सकिने छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ-

***सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।***
***अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥***

**तिमी सम्पूर्ण धर्म अर्थात् सर्वकर्मको आश्रयलाई ममा त्याग गरी केवल एक म सर्वशक्तिमान् वासुदेव परमात्माको अनन्य शरणमा आऊ । म तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरिदिनेछु । तिमी शोक नगर ॥**

# कृतज्ञता

सर्वप्रथम सबै मान्यजनहरूको प्रेमपूर्ण आशीर्वादका लागि म कृतज्ञता ज्ञापन गर्न चाहन्छु । मैले प्रस्तुत गीता लेखन कार्य गर्दा मेरो छायाँजस्तो भएर मलाई साथ र प्रेरणा दिने मेरी अर्धाङ्गिनी सुनितासिंह कार्कीलाई म प्रेमभाव व्यक्त गर्न चाहन्छु । उनको प्रेमपूर्ण सान्निध्यका कारणले मात्र यो लेखन र सम्पादन कार्य सफल हुन सकेको हो । मेरो जीवनका आरोह-अवरोहहरूमा अटल भएर साथ दिने मेरी अर्धाङ्गिनीलाई आभार प्रकट गर्ने मसँग कुनै शब्द छैन । त्यसैले म मौनतामा उनलाई आभार व्यक्त गर्न चाहन्छु । मेरो हरेक दुख-सुखमा मेरो छहारी बनेर न्यानो मायाले मलाई साथ दिने मेरी प्रेरणाकी स्रोत छोरी डा.आध्याश्री कार्की थपलिया तथा मेरी नातिनी सर्वाणीश्री थपलियाप्रति म कृतकृत्य हुँदै प्रेम समर्पण गर्न चाहन्छु । यस्ता छोरी र नातिनी पाउनु मेरो पूर्वजन्मको तपस्याको फल हुनुपर्छ । त्यसरी नै मलाई प्रेरणा दिने छोरी आकृति कार्की थापा तथा छोरा अभ्युदयमानसिंह कार्कीप्रति पनि म आभार तथा प्रेम प्रकट गर्न चाहन्छु । साथै मेरा नातिहरू अधिराज थापा र साम्राज्य थापाप्रति पनि म सहृदय प्रेम प्रकट गर्न चाहन्छु । मेरा ससुरा तथा सासू रामेश्वरबहादुर सिंह र शशी सिंहले ऊर्जास्वरूप दिएको प्रेरणाका लागि उहाँहरूप्रति म कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसै गरी जुवाइँहरू शुभाशिष थपलिया र प्रबल थापाप्रति पनि उहाँहरूले मप्रति देखाएको सद्भावका लागि आभार व्यक्त गर्न चाहन्छु ।

यस सन्दर्भमा म मेरा दिवङ्गत दाजुहरू जगत्बन्धु कार्की, लोकबन्धु कार्की तथा भिनाजुहरू योगेन्द्र बस्नेत, इन्द्रबहादुर कार्की, गणेशबहादुर ढुङ्गाना, मामा देवेन्द्र सिलवाललाई स्मरण गर्न चाहन्छु । मेरा चार दिदीहरू राजेश्वरी बस्नेत, शकुन्तला कार्की, ईश्वरी ढुङ्गाना र ममता थापा हुनुहुन्छ । मलाई बाल्यावस्थामा मातृवत् स्नेह र संरक्षण गर्ने मेरा दुई दिदीहरू शकुन्तला कार्की, ईश्वरी ढुङ्गाना तथा मेरी जेठी भाउजू अन्जु कार्कीप्रति म सदैव ऋणी छु । मेरो सुखमा मित्र र दुखमा अभिभावक मेरी हितैषी कान्छी दिदी ममता थापा, कान्छा भिनाजु विनोद थापाप्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी माहिली भाउजु लाजु कार्की, भाइ डा.बालमानसिंह कार्की तथा बुहारी सलिन्दा कार्कीबाट निरन्तर प्राप्त भएको साथ र सहयोगका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मैले 'लोकगीता' लेख्न लागेको देखेर यसलाई पुस्तकका रूपमा प्रकाशन गर्नुपर्छ भनेर मलाई बारम्बार प्रोत्साहन दिने र सहयोग गर्ने भाइ नरेन्द्रराज प्रसाई र बहिनी इन्दिरा प्रसाईलाई पनि म विशेष धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । यस ग्रन्थको भाषासम्पादनमा केशव सुवेदीज्यूबाट अविस्मरणीय सहयोग प्राप्त भएको छ । यसका निम्ति म उहाँलाई पनि सहृदय कृतज्ञता ज्ञापन गर्न चाहन्छु । उहाँको सहयोगबाट यस ग्रन्थ व्याकरणीय रूपमा शुद्ध भएको विश्वास लिएको छु ।

मैले तयार पारेको यस ग्रन्थको दश अध्यायसम्म पहिलो पटक कम्प्युटर टाइप गर्ने मेरा हितैषी ठाकुरनाथ कुइँकेलप्रति आभार व्यक्त गर्न चाहन्छु । यसै गरी एघार अध्यायदेखि टाइप गर्ने र हरेक पटक गरिएका काटछाँटलाई टाइप तथा सुधार गरेर मलाई ठूलो सहयोग गर्ने संजिव (सन्जु) चौधरीलाई म विशेष धन्यवाद दिन चाहन्छु । साथै यस ग्रन्थको अन्तिम प्रुफ करेक्सन गर्ने तुलसी तामाङलाई पनि म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस पुस्तकलाई प्रकाशनसम्म पुऱ्याउन विभिन्न प्रकारका सहयोग गर्ने दानबहादुर थापा, रामशरण रेग्मी, झमकलाल कार्की र राजेन्द्र चौधरीलाई पनि म धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्तमा म पुनः तत्त्वज्ञानी ओशोमा आफ्नो कृतज्ञता अर्पण गर्न चाहन्छु किनभने मैले लिपिबद्ध गरेको यो 'लोकगीता' संसारकै गहिरो प्यासिफिक महासागरभन्दा पनि गहिरो ओशोको गीतादर्शन श्रवण गर्दै त्यही श्रवणकै भरमा यसमा उत्रिएर केही बहुमूल्य र अनमोल मोतीहरू सङ्कलन गरी सबैसमक्ष माला बनाएर प्रस्तुत गर्ने प्रयास गरेको छु ।

● लेखक

# विषयसूची


● पूर्वसन्दर्भ : ............................................................................................ १-२

पहिलो अध्याय : विषादयोगः ................................................................................ ३-२२

दोस्रो अध्याय : साङ्ख्ययोगः ................................................................................ २३-७६

तेस्रो अध्याय : कर्मयोगः ................................................................................ ७७-१२०

चौथो अध्याय : ज्ञानकर्मसन्न्यासयोगः ................................................................................ १२१-१८०

पाँचौं अध्याय : कर्मसन्न्यासयोगः ................................................................................ १८१-२१०

छैटौं अध्याय : आत्मसंयमयोगः ................................................................................ २११-२७८

सातौं अध्याय : ज्ञानविज्ञानयोगः ................................................................................ २७९-३१६

आठौं अध्याय : अक्षरब्रह्मयोगः ................................................................................ ३१७-३५८

नवौं अध्याय : राजविद्याराजगुह्ययोगः ................................................................................ ३५९-४१०

दशौं अध्याय : विभूतियोगः ................................................................................ ४११-४७४

एघारौं अध्याय : विश्वरूपदर्शनयोगः ................................................................................ ४७५-५१०

बाह्रौं अध्याय : भक्तियोगः ................................................................................ ५११-५३४

तेह्रौं अध्याय : क्षेत्र-क्षेत्रज्ञविभागयोगः ................................................................................ ५३५-५६६

चौधौं अध्याय : गुणत्रयविभागयोगः ................................................................................ ५६७-५९०


पन्ध्रौं अध्याय : पुरुषोत्तमयोगः ................................................................................ ५९१-६१२

सोह्रौं अध्याय : दैवासुरसम्पद्विभागयोगः ................................................................................ ६१३-६३८

सत्रौं अध्याय : श्रद्धात्रयविभागयोगः ................................................................................ ६३९-६६४

अठारौं अध्याय : मोक्षसन्न्यासयोगः ................................................................................ ६६५-७०८



ॐ

*श्री परमात्मने नमः*

*कृष्णम् वन्दे जगद्गुरुम् ।*

● **पूर्वसन्दर्भ**

पूर्वीय वाङ्मयको अद्वितीय ग्रन्थ श्रीमद्भागवद्गीता मानव सभ्यता र मानव इतिहासकै सर्वोत्कृष्ट सिर्जना हो । यो ज्ञान, भक्ति र कर्मको त्रिवेणी पनि हो, जसमा वेद उपनिषद्लगायत सम्पूर्ण शास्त्रहरू समाहित छन् । भगवान् श्रीकृष्णले करिब पाँच हजार वर्षअघि महाभारतको युद्धभूमिमा अर्जुनलाई दिनुभएका उपदेशहरू यस ग्रन्थमा सङ्ग्रहित छन् ।

हस्तिनापुर राज्यका ज्येष्ठ सन्तति धृतराष्ट्र अन्धा भएकोले राजा हुन योग्य भएनन् र पाण्डु राजा भए । धृतराष्ट्रका दुर्योधन, दुःशासन, विकर्ण आदि सय भाइ छोराहरू जन्मिए । पाण्डुका युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव गरी पाँच छोराहरू भए । सामान्यतः पाण्डव र कौरव दुवै कुरुकुलका भए पनि कौरव भन्नाले दुर्योधन आदि धृतराष्ट्र पुत्रहरू र पाण्डव भन्नाले पाण्डुपुत्र युधिष्ठिर लगायत पाँच भाइ भन्ने बुझिन्छ ।

पाण्डवहरू बाल्यावस्थामा हुँदा नै पिता पाण्डुको निधन भएकाले उनीहरूको रेखदेखको जिम्मेवारी ज्येष्ठपिता धृतराष्ट्रका काँधमा आयो । पितामह भीष्मको संरक्षण र स्नेहमा पाण्डवहरू हुर्किए । बाल्यकालदेखि नै उनीहरू ज्यादै विनयशील, शिष्ट, कर्तव्यपरायण, सत्यवादी एवम् धार्मिक स्वभावका थिए भने धृतराष्ट्रका दुर्योधन लगायत छोराहरू उद्दण्ड, ईर्ष्यालु, प्रतिशोधपूर्ण एवम् उच्च महत्त्वाकाङ्क्षाले युक्त थिए । भीष्मपितामहको व्यवस्थापनमा द्रोणाचार्य र कृपाचार्यबाट कौरव र पाण्डवहरूले उचित राजनीतिक ज्ञान एवम् शस्त्रास्त्रसम्बन्धी विद्या हासिल गरे । यसै क्रममा अर्जुनले सर्वश्रेष्ठ धनुर्धारीको पहिचान बनाए ।

पाण्डवहरूले निरन्तर रूपमा ख्याति आर्जन गरेको दुर्योधनलाई पटक्कै मन परेको थिएन । धृतराष्ट्र पनि पुत्रमोहमा फसेका थिए । सामान्यतः राजामा हुनुपर्ने गुण विद्यमान भएकाले युधिष्ठिर स्वतः हस्तिनापुर राज्यका उत्तराधिकारी थिए तर दुर्योधन राज्यको उत्तराधिकारी आफू नै भएको ठान्थे । यसर्थ आफ्ना बाबुको मौन सम्मतिमा दुर्योधनले पाण्डवहरूलाई मार्ने षड्यन्त्रहरू गरे तर काका विदुर जो हस्तिनापुर राज्यका महामन्त्री थिए, उनी र श्रीकृष्णको सचेतना र स्नेहका कारण नै उनीहरू बाँच्न सफल भए । श्रीकृष्ण सच्चिदानन्दस्वरूप परब्रह्म परमात्मा हुनुहुन्छ । सत्यको संरक्षण र दुष्टको संहारका लागि उहाँ आफ्नो योगमायाको शक्तिबाट अवतरित हुनुभएको हो ।

दुर्योधनले युधिष्ठिरलाई जुवा खेल्न उक्साए र छलकपटपूर्ण निर्णायक खेलमा युधिष्ठिरले द्रौपदीसहित सर्वस्व हारे । कौरवसभामा पाण्डवपत्नी द्रौपदीको वस्त्रहरण गर्ने प्रयत्न भगवान् श्रीकृष्णको दैवी हस्तक्षेपका कारण सफल हुन सकेन । जुवाको सर्तअनुसार राज्य त्यागेर पाण्डवहरू तेह्र वर्षसम्मका लागि वनवास गए ।

पराजित पक्षले बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवासपछि पुनः आफ्नो राज्य प्राप्त गर्ने सर्त भएकाले वनवासपछि आफ्नो गुमेको राज्य पाण्डवहरूले फिर्ता मागे तर दुर्योधन पाण्डवहरूको राज्य इन्द्रप्रस्थ दिन तयार भएनन् । अन्तमा श्रीकृष्णको शान्तिप्रस्ताव अनुसार पाँच भाइका लागि पाँचवटा गाउँ मात्र माग्दा पनि दुर्योधनले सियोको टुप्पो जति जमिन दिन पनि अस्वीकार गरेको हुनाले नै पाण्डवहरूले युद्धको सहारा लिन बाध्य हुनुपरेको हो ।

दुर्योधन र अर्जुन दुवै श्रीकृष्णसँग युद्धअघि सहयोग माग्न गए । दुर्योधनले श्रीकृष्णसँग उहाँको नारायणी सेना माग गरे भने अर्जुनले स्वयम् भगवान् श्रीकृष्णलाई प्राप्त गरे । तसर्थ श्रीकृष्ण युद्धमा धनुर्धारी अर्जुनका सारथी बन्नुभयो ।

पाण्डवतर्फको सैन्यव्यूह रचना गर्ने काम द्रोणाचार्य शिष्य द्रुपदपुत्र धृष्टद्युम्नले गरे भने कौरवतर्फको सैन्यब्यूह रचना स्वयम् गुरु द्रोणाचार्यले गरे । युद्धको तयारी पूरा भएपछि कुरुक्षेत्रमा दुवैतर्फका सैन्यशक्ति युद्धका लागि खडा भए । यसै समयमा युद्धभूमिमा सर्वश्रेष्ठ धनुर्धारी अर्जुनले आफ्ना सारथी भगवान् श्रीकृष्णका साथ “आफूले कस कससँग लड्नुपर्ने हो एकपटक अवलोकन गर्न चाहन्छु” भनी रथलाई दुवै सैन्यशक्तिका बिचमा लैजान आग्रह गरे । यसपछि नै भगवान् श्रीकृष्ण र अर्जुनका बिचको संवादका रूपमा श्रीमद्भगवद्गीताको अभ्युदय भएको हो ।



*ॐ श्रीपरमात्मने नमः*

पहिलो अध्याय

# विषादयोगः

*धृतराष्ट्र उवाच*
*धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।*
*मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥१॥*

**धृतराष्ट्रले सोधे- हे सञ्जय ! युद्ध गर्ने इच्छाले कुरुक्षेत्रको धार्मिक स्थलमा एकत्रित भएका मेरा तथा पाण्डुका छोराहरूले के गरिरहेका छन् ?**

गीताको अद्‌भुत दर्शन एउटा दृष्टिविहीन व्यक्तिको जिज्ञासाबाट प्रारम्भ भएको छ । आँखा नहुँदा पनि कामना मनबाट हट्‌दैन बरु झन् प्रगाढ हुन्छ । दृष्टिविहीन पनि त्यो देख्न चाहन्छ जुन उसले प्रत्यक्ष देख्न सक्दैन । मनुष्यका बाह्य इन्द्रियले काम गर्न नसक्ने भए पनि भित्रका वृत्तिहरू अझ ससक्त हुन्छन् । धृतराष्ट्र दृष्टिविहीन भए तापनि हजारौं माइल टाढा भइरहेको युद्धका बारेमा जान्न उनी अत्यन्त उत्सुक छन् । धृतराष्ट्र कुरुक्षेत्रको युद्धमा आफ्ना र पाण्डवका पुत्रहरूले के के गर्दै छन् भनेर सञ्जयसँग सोध्छन् । धृतराष्ट्रका मनमा विजय सत्यको पो हुन्छ कि भन्ने भय छ । नेत्रविहीन धृतराष्ट्रको जिज्ञासाबाट नै यो युद्ध हुन थालेको छ । वस्तुतः अन्धा र विवेकहीन व्यक्ति नै सदैव युद्धका कारक हुन्छन् । धृतराष्ट्रका मनमा महाभारत युद्धमा आफ्ना पुत्रहरूको विजय हुन्छ भन्ने अर्धविश्वास पनि देखिन्छ । कौरवतर्फका अष्ट चिरञ्जीवीमध्येका दुई चिरञ्जीवी गुरु कृपाचार्य र अश्वत्थामा (द्रोणपुत्र) एवम् कवचसहित जन्मेका कर्ण, परशुराम शिष्य प्रतापी भीष्म, कौरव-पाण्डवका गुरु द्रोणाचार्य, स्वयम् धृतराष्ट्रका वीर पुत्रहरू रहेकाले युद्धमा आफ्ना पुत्रहरूको विजय हुने विश्वासका कारण उनी व्याससँग प्रत्यक्ष युद्ध हेर्ने चाहना राख्छन् । तदनुसार व्यासले सञ्जयलाई दिव्यदृष्टि प्रदान गरेकाले उनी कैयौं माइल टाढाका दृश्यहरू पनि हेर्न सक्ने भएका छन् । त्यसैले सञ्जय युद्धका हरेक खबर धृतराष्ट्रलाई दिन्छन् ।

योगमा पारङ्गत व्यक्ति समय र क्षेत्रलाई नाघेर टाढा टाढा देख्न सक्दछन् । योगसिद्ध पुरुषमा तेस्रो आँखा (दिव्यदृष्टि) हुन्छ जसका माध्यमबाट उनीहरू टाढाका वस्तु देख्न र सुन्न सक्छन् । व्यासमा भएको यस प्रकारको शक्ति उनले धृतराष्ट्रको जिज्ञासा शान्त पार्न सञ्जयलाई प्रदान गरेका थिए । अमेरिकामा एक जना टेड सिरियो भन्ने व्यक्तिका आँखामा यस्तै विशिष्ट शक्ति थियो जसबाट उनी कोसौं टाढाका वस्तु देख्न र त्यसको चित्र समात्न सक्थे तर उनी आत्मज्ञानी थिएनन् । पर हेर्न सक्ने क्षमताले अध्यात्मसँग कुनै सम्बन्ध राख्दैन । सञ्जय आध्यात्मिक व्यक्ति होइनन् बरु उनी विशेष प्राविधिक व्यक्ति हुन् जो टाढा देख्न, सुन्न र टाढाका चित्र समात्न सक्छन् । योगद्वारा विभिन्न शक्तिहरू प्राप्त गर्न सकिन्छ तर जो शक्तिको प्रदर्शन र चमत्कारमा लाग्छ त्यो व्यक्ति सत्यसम्म पुग्न नसकेर भड्किन्छ । मनुष्यको अनन्त शक्तिका बारेमा आज विज्ञानले पनि स्वीकार गर्न थालेको छ । भविष्यमा रुस र अमेरिका जस्ता शक्तिशाली मुलुकहरूसँग सञ्जयको जस्तो शक्ति हुन सक्छ अर्थात् विज्ञानको खोज र अनुसन्धानका कारण सञ्जय जस्तो शक्ति भएको व्यक्ति विकसित हुन सक्छ । यो योगका लागि सामान्य कुरा हो तर यसमा अड्किनु अगाडिको बाटो बन्द हुनु हो ।

*सञ्जय उवाच*
*दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।*
*आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥*

**सञ्जयले भने- हे राजन् ! पाण्डवहरूको सैन्यव्यवस्था वा सैन्य मोर्चा देखेर राजा दुर्योधन आफ्ना गुरु सेनापति द्रोणाचार्यकहाँ गए र यी वचन भने-**

*पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।*
*व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥*

**हे आचार्य ! हजुरका बुद्धिमान् शिष्य द्रुपदपुत्र धृष्टद्युम्नद्वारा रचित पाण्डवहरूको विशाल सैन्य शक्तिलाई नजर गर्नुहोस् ॥**

*अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ।*
*युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥*

**पाण्डवसेनामा महेष्वासा, विराट् तथा द्रुपद लगायतका भीम र अर्जुनकै बराबरी सामर्थ्य भएका महारथी एवम् धनुर्धारी वीरहरू छन् ॥**

*धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ।*
*पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥*

**महान् शक्तिशाली वीरहरू धृष्टकेतु, चेकितान, काशिराज, पुरुजित्, कुन्तिभोज र शैव्यजस्ता मानवसमाजका शक्तिशाली योद्धाहरू पनि त्यहाँ छन् ॥**

*युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ।*
*सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥*

**त्यहाँ अत्यन्त पराक्रमी युधामन्यु, अत्यन्त शक्तिशाली उत्तमौजा, सुभद्रा पुत्र अभिमन्यु र द्रौपदी पुत्रहरू पनि छन् जो सबै महारथीहरू हुन् ॥**

धृतराष्ट्र जन्मले मात्र दृष्टिविहीन होइनन्, उनी आध्यात्मिक दृष्टिले पनि कमजोर थिए । उनी आफ्ना भाइका छोराहरू पाण्डवहरूसँग पुत्र दुर्योधनहरूले युद्धका बारेमा सम्झौता नगरून् भन्ने सोच्थे । आफ्ना पुत्रका पक्षमा शक्तिशाली योद्धाहरू रहेकाले विजय आफ्नै छोराहरूको हुने र राज्य पाण्डवलाई फिर्ता दिन नपर्ने भएकाले पनि उनी युद्ध होस् भन्ने चाहन्थे । युद्धभूमि धार्मिक स्थल भएकाले त्यसको प्रभाव आफ्ना पुत्रहरूमा परेर युद्ध रोकिन्छ कि भन्ने उनमा आशङ्का पनि थियो । सञ्जय धृतराष्ट्रलाई भन्छन्- महान् युद्धको तयारीका समय व्यवस्थित व्यूहाकार विशाल पाण्डव सेनालाई देखेर दुर्योधन आफू राजा भए पनि परिस्थितिको आकलन गरेर आफ्ना सेनापति आचार्य द्रोणका नजिक पुगेर भन्छन्- हे आचार्य ! हजुरका तीक्ष्ण बुद्धि भएका शिष्य द्रुपदपुत्र धृष्टद्युम्नद्वारा तयार पारिएको पाण्डवहरूको विशाल व्यूहाकार सैन्यशक्ति हेर्नुहोस् । पाण्डव सेनामा भीम र अर्जुनतुल्य योद्धाहरू सात्यकी, विराट् तथा महारथी द्रुपद, बलवान् धृष्टकेतु, चेकितान, काशिराज, नरश्रेष्ठ पुरुजित्, कुन्तिभोज, शैव्य तथा अन्य योद्धाहरू पनि छन् । पराक्रमी युधामन्यु, उत्तमौजा, सुभद्रापुत्र अभिमन्यु एवम् द्रौपदीका पाँच छोराहरू सबै महारथी हुन् । दशौँ हजार सैन्यसँग एक्लै भिड्न सक्ने ल्याकत भएका योद्धालाई महारथी भनिन्छ ।

*अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ।*
*नायका मम सैन्यस्य सञ्ज्ञार्थं तान्ब्रवीमि ते ॥७॥*

**हे ब्राह्मण श्रेष्ठ ! हाम्रा पक्षमा पनि जो विशिष्ट छन् तिनीहरूका बारेमा बुझ्नुहोस् । हजुरको जानकारीका लागि हाम्रा विशिष्ट सैन्य नायकहरूका बारेमा पनि म भन्छु ॥**

मनुष्यको मन जब हीनताले ग्रस्त हुन्छ तब पहिले आफ्नो श्रेष्ठताबाट कुरा सुरु गर्छ तर हीनता नभएको व्यक्तिले अर्काको सम्मान एवम् श्रेष्ठताबाट कुरा सुरु गर्छ । दुर्योधन पाण्डव सेनामा को को महारथी छन्, त्यस बारेमा पहिले भन्छन् । भीम र अर्जुनको बल एवम् सामर्थ्यका बारेमा उनी जानकार छन् । त्यसैले त अन्य महारथीहरू पनि भीम र अर्जुनतुल्य पराक्रमी छन् भनेर शत्रुको पनि प्रशंसा गर्छन् । साधारणतया जसमा हीनताबोध हुन्छ उसले शत्रुको प्रशंसाबाट युद्धको बयान गर्दैन, निन्दाबाट सुरु गर्छ तर दुर्योधनमा कत्ति पनि हीनताबोध थिएन र उनी आफ्नो कदम र विजयप्रति आश्वस्त थिए । त्यसैले त उनी शत्रु-सैन्यको प्रशंसाबाट कुरा सुरु गर्छन् ।

*भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।*
*अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥*

**हाम्रा सैन्यतर्फ सदैव युद्धमा विजय प्राप्त गर्ने हजुर स्वयम्, भीष्म पितामह, कर्ण, संग्राम विजयी कृपाचार्य, अश्वत्थामा, विकर्ण र सोमदत्तका पुत्र भूरिश्रवा आदि हुनुहुन्छ ॥**

*अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।*
*नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥*

**मेरा निम्ति आफ्नो प्राण त्याग्न तमतयार अन्य धेरै शूरवीरहरू पनि छन् जो अनेक प्रकारका हतियारद्वारा सुसज्जित छन् र युद्ध विद्यामा कुशल पनि छन् ॥**

*अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।*
*पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥*

**हाम्रो सेना युद्धका लागि अपर्याप्त छ यद्यपि भीष्मद्वारा संरक्षित छ र पाण्डव सेना युद्धका लागि पर्याप्त छ तर भीमसेनद्वारा संरक्षित छ ॥**

*अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।*
*भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥*

**हजुरहरू सबै सैन्यव्यूहमा जो जो जहाँ जहाँ मोर्चा वा स्थानमा रहे पनि सबैतिरबाट भीष्म पितामहलाई नै रक्षा गर्नुपर्छ ॥**

आफ्नो सैन्यतर्फका बारेमा दुर्योधन भन्छन्- युद्धमा सदैव विजय प्राप्त गर्ने हजुर स्वयम् भीष्म पितामह, कर्ण, अश्वत्थामा, विकर्ण (दुर्योधनका भाइ), सोमदत्तका पुत्र भूरिश्रवा आदि शूरवीर छन् जो आफ्नो प्राण त्यागेर भए पनि मेरो जीतलाई सुनिश्चित गराउन समर्पित छन् । यी सबै भाँती भाँतीका शस्त्रास्त्रका ज्ञाता र शस्त्रप्रहारमा कुशल छन् । यद्यपि हाम्रो सेना युद्धका लागि पर्याप्त छैन तर भीष्मद्वारा संरक्षित छ र त्यसैले विजयका लागि पर्याप्त छ । सामुन्नेमा रहेको पाण्डव सेना युद्धका लागि पर्याप्त भए पनि भीमसेनद्वारा संरक्षित रहेकाले अपर्याप्त छ । दुर्योधन, भीष्मको वीरताका सामु भीमसेन कमजोर भएकाले आफ्नो विजय सुनिश्चित ठान्दछन् । त्यसैले उनी कौरवको विजय भीष्ममा निर्भर छ भन्ने सोचले विश्वस्त छन् । भीमजस्तो शक्तिशाली तर कम बुद्धिको व्यक्ति केन्द्रमा रहे भने मात्र युद्ध सम्भव हुन्छ । तसर्थ दुर्योधन सबै मिलेर भीष्मपितामहको रक्षा गर्नुपर्ने सल्लाह दिन्छन् ।

दुर्योधनको विचारमा युद्धको हर सम्भावना भीमबाट नै सुरु हुन्छ किनभने अर्जुनजस्ता असल एवम् विवेकशील व्यक्तिमा दुर्योधन युद्धको कारण देख्दैनन् । उनी भीमको कारणले मात्र युद्ध हुनसक्छ भन्ने सोच्दछन् । युद्ध विवेकशील र बुद्धिमान् मानिसका कारणले हुँदैन भीमजस्तो बुद्धिको व्यक्तिका कारणले हुन सक्छ । अर्जुन बुद्धिमान् र विवेकशील भएकाले उनी संशय र आशङ्काले युक्त छन् । जहाँ संशय हुन्छ त्यहाँ

द्वन्द्व अवश्य हुन्छ । भीम र दुर्योधन एकै प्रकृतिका व्यक्ति हुन् । दुर्योधनले भीमलाई प्रतिस्पर्धी देख्नु स्वाभाविक हो । उनका दृष्टिमा अर्जुन प्रतिस्पर्धी कहिल्यै पनि थिएनन् र उनले अज्ञात कृष्णका बारेमा सोचेका पनि थिएनन्। अदृश्य शक्ति बिचमा उत्रिएर आएपछि नै सारा कथा बदलियो; नहुनुपर्ने भयो र हुनुपर्ने भएन । अर्जुन तथाकथित नैतिक व्यक्तिहरूका नजरमा भाग्ने कुरा गरिरहेका थिए । ठिक त्यसैबेला उनलाई श्रीकृष्णले भाग्नबाट रोक्नुभयो । अज्ञातको इच्छा व्यक्तिले जान्न सक्दैन तर व्यक्तिले आफ्नो अहम्पनलाई त्यागेर अज्ञातमा समर्पित भयो भने मात्र उसको इच्छालाई जान्न सक्छ । त्यस स्थितिमा व्यक्ति साधन मात्र भएर ब्रह्मको इच्छा नै उसको इच्छा हुन्छ ।

*तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः ।*
*सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥*

**कुरुवंशका अत्यन्त प्रतापी बयोवृद्ध भीष्म पितामहले दुर्योधनलाई आनन्दित तुल्याउन सिंह गर्जेजस्तै गरी अत्यन्त उच्च स्वरले आफ्नो शङ्ख बजाउनुभयो ॥**

*ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः ।*
*सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥*

**त्यसपछि शङ्खहरू, ठुला ठुला ढोल, साना ढोलक, मृदङ्ग र नगरा, करताल (नरसिंह) सबै एकसाथ बजाइए । निश्चय नै त्यो आवाज वा संयुक्त स्वर भयङ्कर भयो ॥**

पराक्रमशाली कुरुयोद्धा भीष्म पितामहले दुर्योधनलाई प्रसन्न पार्न सिंहनाद गर्दै अत्यन्त उच्च स्वरले आफ्नो शङ्ख बजाउनुभयो । कौरव सेनापति भीष्मद्वारा शङ्खनाद गरिसकेपछि अन्ततः अन्य वीरहरूबाट पनि शङ्ख, ढोल, नगरा एवम् सिङ लगायत भाँती भाँती वाद्य पनि एकसाथ बजाइए जसका कारण भयङ्कर ध्वनि सुनियो र आफ्नै पक्षका वीरहरूको हृदयमा पनि डर पैदा भयो ।

*ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।*
*माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥*

**त्यसपछि सेता घोडा नारिएको विशाल रथमा बसेका श्रीकृष्ण महाराज र अर्जुनले पनि आ–आफ्ना दिव्य शङ्ख फुक्नुभयो ॥**

*पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः ।*
*पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥*

**भगवान् श्रीकृष्णले आफ्नो पाञ्चजन्य शङ्ख फुक्नुभयो । अर्जुनले देवदत्त र उग्रकर्म गर्ने भीमसेनले पौण्ड्र नामको शङ्ख बजाए ॥**

*अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।*
*नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥*

**कुन्तीपुत्र राजा युधिष्ठिरले अनन्तविजय नामको शङ्ख एवम् नकुल र सहदेवले क्रमशः सुघोष र मणिपुष्पक नामका शङ्ख बजाए ॥**

तदनन्तर सेता घोडा जोतिएको विशाल रथमा बसेर भगवान् श्रीकृष्ण एवम् पाण्डुपुत्र अर्जुनले आ-आफ्ना दिव्य शङ्ख बजाउनुभयो । श्रीकृष्णले पाञ्चजन्य र अर्जुनले देवदत्त नामक दिव्य (अलौकिक) शङ्ख बजाउनुभयो । भीमले पौण्ड्र नामक भीषण शङ्ख बजाए जसका कारण विपक्षी वीरहरूमा उक्त ध्वनिले भय पैदा गर्यो । कुन्तीपुत्र युधिष्ठिरले अनन्त विजय नामक शङ्ख, नकुल एवम् सहदेवले क्रमशः सुघोष र मणिपुष्पक नामका शङ्ख बजाए । श्रीकृष्णले गर्नुभएको शङ्खनाद अरू योद्धाहरूले बजाएको शङ्खध्वनिको प्रतिक्रिया होइन । यो सर्वस्वीकार्य भावका साथ प्रत्युत्तर र चुनौतीको स्वीकृति हो । भीमले प्रारम्भमा नै

बजाएको भए त्यो कौरवहरूको प्रतिक्रिया हुन्थ्यो । श्रीकृष्ण, अर्जुन र भीमले बजाएका शङ्खले आफ्ना पक्षका वीरहरू आह्लादित हुन पुगे । सर्वत्र प्रसन्नता फैलियो । यो परमको इच्छा र जीवनले युद्धमा लगेको स्वीकृति हो । पहिलो शङ्खनाद कौरवका तर्फबाट भयो । त्यसैले युद्धको प्रारम्भको दायित्व पनि कौरवको नै हो । युद्धको स्वीकृति र दायित्व कौरवको भएकाले पहिलो शङ्खनाद भीष्मबाट भएको हो । श्रीकृष्ण युद्ध गर्न आउनु भएको होइन । उहाँ सारथीको रूपमा युद्धमा सम्मिलित हुनु भएको हो । श्रीकृष्णको उपस्थितिमा पाण्डव यो युद्धलाई परमात्माले दिएको आदेशयुक्त जिम्मेवारी ठान्दछन् । उनीहरू श्रीकृष्णका साधन र सहयोगी भएर लड्न तयार भएका छन् ।

*काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।*
*धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥*

**महान् धनुर्धारी काशी नरेश, महान् योद्धा शिखण्डी, महारथी धृष्टद्युम्न, विराट्, अपराजेय सात्यकिले पनि शङ्ख बजाए ॥**

*द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।*
*सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक् पृथक् ॥१८॥*

**राजा द्रुपद, लामा लामा हात भएका सुभद्रापुत्र अभिमन्यु, द्रौपदीकापुत्रहरू (प्रतिविन्ध्य, सुतसोम, श्रुतकर्मा, शतानीक रश्रुतसेन) सबैले बेग्ला बेग्लै शङ्खहरू बजाए ॥**

*स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।*
*नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥*

**विभिन्न शङ्खध्वनिका कारण आकाश र धर्ती गुन्जियो र धृतराष्ट्रपुत्रहरूका साथै उनका पक्षका सबै सैन्यशक्तिको हृदय छियाछिया भयो ॥**

*अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ।*
*प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ॥२०॥*
*हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।*

**हे राजन् ! यसपछि हनुमान्को चित्र अङ्कित रथमा चढी धनु उठाएर हान्न तमतयार भएका अर्जुनले व्यवस्थित ढङ्गले आफ्नो सैन्य मोर्चामा धृतराष्ट्रपुत्रहरूलाई उभिएको देखेर भगवान् श्रीकृष्णलाई यी कुराहरू भने ॥**

*अर्जुन उवाच*
*सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥*
*यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।*
*कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥*

**अर्जुनले भने– हे अच्युत ! दुवै सैन्य मोर्चाका बिचमा लगेर यो रथ अड्याउनुहोस् । त्यहाँ मैले कस–कससँग युद्ध गर्नुपर्छ, सङ्घर्ष मैदानमा भेला भएका युद्धाकाङ्क्षी यी विपक्षी योद्धाहरूलाई र त्यहाँ कसकससँग युद्ध गर्नयोग्य छ त्यो राम्ररी नहेरेसम्म रथलाई रोकिराख्नुहोस् ॥**

हे राजन् ! हनुमान्को चित्र अङ्कित झन्डा भएको रथमा बसेर युद्धका लागि अर्जुनले आफ्नो बाण उठाएर छोड्न तयार भएको अवस्थामा सैनिक व्यूहका सामुन्ने एकत्रित भएका धृतराष्ट्रपुत्र दुर्योधन पक्षका सैनिकहरूलाई देखेर भगवान् श्रीकृष्णसँग अर्जुनले बिन्ती गरे- हे अच्युत ! मेरो यो रथ दुवै सैन्यव्यूहका बिचमा लगेर अड्याउनुहोस् । म यो महान् युद्धमा कौरव पक्षका कससँग लड्नुपर्ने हो त्यो राम्ररी अवलोकन गर्न चाहन्छु । अर्जुन आफूले कससँग युद्ध गर्नुपर्ने हो त्यो हेर्न चाहन्छन् र रणभूमिमा आफूलाई खडा गरिदिन श्रीकृष्णसँग आग्रह गर्छन् । अर्जुनका लागि युद्ध अज्ञातबाट आइपरेको दायित्व हो ।

अर्जुनभित्रको पुकार भीम, दुर्योधनको जस्तो नभएर वास्तविक पुकार हो । शान्तिपूर्ण समभ्रूदारी नभएपछि र श्रीकृष्णको शान्ति प्रस्तावलाई दुर्योधनले लत्याएपछि नै युद्धको बाध्यता आइपरेको हो । सामान्यतः युद्ध आकाङ्क्षीहरू जोसुकै दुश्मन भए पनि विना हिचकिचाहट युद्धमा होमिन चाहन्छन् र शत्रुलाई समाप्त पार्न चाहन्छन् तर अर्जुन युद्धाकाङ्क्षी होइनन् । त्यसैले त उनी कस-कससँग लड्नु पर्ने हो, त्यो हेर्न चाहन्छन् ।

जससँग लड्नुपर्ने हो त्यसलाई चिन्नु युद्धको पहिलो नियम हो । भित्र वा बाहिर जस्तोसुकै युद्ध वा शत्रु भए पनि त्यसको पहिचान गर्नु पहिलो कदम हो । युद्धमा शत्रुलाई राम्ररी चिन्न सक्ने व्यक्तिले नै युद्ध जित्न सक्छ । जसले शत्रुको पहिचान गर्न सक्दैन त्यस्ता युद्धपिपासुले युद्ध जित्न सक्दैनन् किनभने युद्ध आतुरताका कारण उसले शत्रुको पहिचान ठिकसँग गरेको हुँदैन । त्यसैले अन्ततः युद्धमा उसको हार हुन्छ। युद्धको सुरुमा शान्ति र साक्षीको भाव चाहिन्छ । अर्जुन साक्षी हुन चाहन्छन् । युद्ध जित्न निरीक्षण पहिलो आवश्यक कदम र सूत्र हो । हामीले पनि भित्रको काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि षड्शत्रुसँग लड्नु छ साथै बाहिर पनि कस-कससँग लड्नुपर्ने हो त्यो जान्न जरुरी हुन्छ ।

गीताको अभ्युदयका लागि रङ्गमञ्च तयार हुँदै छ किनभने अर्जुनले निरीक्षण गर्न लाग्नुको अर्थ लडाइँमा मुस्किल आउनु हो । निरीक्षणको सूत्र जान्ने व्यक्तिले मात्र बुझ्न सक्छ कि अर्जुन अब अन्योलमा छन् । निरीक्षण गरेपछि युद्ध कति बेकार र व्यर्थ छ भन्ने थाहा हुन्छ । त्यसैले भित्र पनि निरीक्षण गरियो भने काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि छ शत्रुहरू नै बेकार लाग्छन् । आफ्नो चित्तलाई अर्जुन सफा पार्न खोज्दै छन् । तसर्थ अर्जुनलाई युद्धको आतुरता छैन । अर्जुन विचारशील व्यक्ति हुन् युद्धाकाङ्क्षी होइनन् । युद्ध त दुर्योधन, भीम आदि जस्ता विचारहीन व्यक्तिले वा श्रीकृष्ण जस्ता अलौकिक विचारशून्य पुरुषले मात्र गर्न सक्छन् । विचारवान् र संशयी व्यक्तिहरूले युद्ध गर्न सक्दैनन् ।

विचारहीन चित्तलाई युद्ध स्वाभाविक हुन्छ । विचार जहिले पनि द्वन्द्वमय हुन्छ । त्यसैले संसारमा विचार गरेर कोही युद्धमा उत्रिँदैनन् । विचार नै सबै कुराको व्यर्थता हो भनेर सोचेमा अन्ततः विचारको पनि व्यर्थता जानिन्छ र व्यक्ति विचारशून्य हुन सक्छ । अर्जुन जुन विचारको अवस्थामा छन् त्यहाँबाट युद्धमा जान सम्भव छैन । अर्जुनलाई युद्धमा उत्रिनका लागि विचारहीनताको अवस्था जहाँ दुर्योधन र भीमहरू छन् त्यहाँ पुग्नुपर्छ अनि युद्ध सम्भव हुन्छ या निर्विचारको अवस्था जहाँ श्रीकृष्ण हुनुहुन्छ त्यहाँ पुग्नुपर्छ अनि युद्ध एउटा खेल र परमात्माको इच्छानुसार गर्ने माध्यम मात्र हुन्छ ।

*योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।*
*धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥*

**अर्जुनले भने- दुर्बुद्धिले भरिएको दुर्योधनको कल्याणका लागि भनेर जो जो यहाँ हाम्रा विरुद्ध युद्ध गर्न आएका छन् तिनीहरूलाई म हेर्न चाहन्छु ॥**

*सञ्जय उवाच*
*एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।*
*सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥*

**सञ्जयले महाराज धृतराष्ट्रसँग भने- हे भारत ! यसप्रकार अर्जुनको आग्रह अनुसार भगवान् श्रीकृष्णले दुवैथरी सेनाका बिचमा लगेर त्यो विशिष्ट रथ अड्याउनुभयो ॥**

*भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।*
*उवाच पार्थ पश्यैतान्समवेतान्कुरूनिति ॥२५॥*

**भीष्म, द्रोण लगायत संसारभरिका युद्धका लागि एकत्रित कौरव सेनाका सामु रथ अड्याएर भगवान्ले भन्नुभयो- हे अर्जुन ! युद्धका निम्ति एकत्रित सैन्यशक्तिलाई हेर ॥**

*तत्रापश्यत्स्थितान् पार्थः पितॄनथ पितामहान् ।*
*आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥*

**अर्जुनले त्यस युद्धमैदानमा आफ्ना बाबुहरू (बाबु पर्ने या बाबुका समकालीन भूरिश्रवा), बाजेहरू (भीष्म पितामह आदि), गुरुहरू (द्रोणाचार्य, कृपाचार्य आदि), मामाहरू (शल्य, शकुनि आदि), भाइहरू (सम्पूर्ण धृतराष्ट्रपुत्र लगायत), छोराहरू (दुर्योधनपुत्र लक्ष्मण आदि), नातिहरू, मित्रहरू (अश्वत्थामा लगायत) लाई देखे ॥**

*श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि ।*
*तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥*

**अर्जुनले त्यहाँ ससुराहरू, समवयस्क आत्मीय शुभचिन्तकहरू समेत युद्धका निम्ति दुवै सैन्यव्यूहमा खडा भएका देखे ।**

*कृपया परयाविष्टो विषीदन्निदमब्रवीत् ।*

**ती सारा आफन्तलाई देख्दा दयाले आविर्भूत भएर चिन्ता गर्दै अर्जुनले भने ॥**

*अर्जुन उवाच*
*दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ॥२८॥*
*सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।*
*वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥*

**युद्धक्षेत्रमा यी सम्पूर्ण आफन्तहरूलाई देख्दा मेरो शरीरका अङ्गहरू गलेका छन्, मुख पनि सुकेको र शरीर कामिरहेको छ । त्यसैगरी शरीरमा रोमाञ्च भइरहेको छ ॥**

युद्धका निम्ति तत्पर सम्पूर्ण बन्धुबान्धवलाई देख्दा अर्जुनका मनमा ती आफन्त जनप्रति दया जाग्यो । खिन्न भएर उनले भगवान् श्रीकृष्णसँग भने- हे कृष्ण ! युद्धको तीव्र इच्छाले अभिप्रेरित यी सम्पूर्ण आत्मीय सम्बन्धी जनहरूलाई देखेर मेरो शरीर शिथिल भइरहेको छ, शरीरका अङ्गहरू कामिरहेका छन् र मुख सुकिरहेको छ । भय एवम् दुखका कारण विह्वलता पैदा भइरहेको छ । अर्जुन युद्धबाट पीडित छैनन् र युद्धविरोधी पनि होइनन् । जीवनमा उनले प्राप्त गरेका शस्त्रास्त्रसम्बन्धी शिक्षा हिंसा र युद्धका लागि हुन् तर हिंस्रक व्यक्ति ममत्वले भरिएको हुन्छ । अहिंस्रक चित्त ममत्वभन्दा बाहिर हुन्छ । मेरो भाव नै हिंसा हो । मेरो भन्नेबित्तिकै त्यहाँ कोही अर्को पनि हुन्छ । मित्र भन्नेबित्तिकै शत्रु पनि उत्पन्न हुन्छ । आफन्तमा पराईको सीमा पनि खिँचिएको हुन्छ । समस्त हिंसा आफ्नो र पराईको बिचको रेखाबाट उत्पन्न हुन्छ । त्यसैले अर्जुनको गाथ शिथिल भयो । उनी यसरी शिथिल हुनु आफन्तसँगको युद्धका सम्भावनाका कारणले हो । उनी अहिंस्रक भएर वा उनमा कुनै वैचारिक ज्ञान वा रूपान्तरण भएर होइन । उनलाई हिंसाको नै दोस्रो कोण ममत्वले पक्र्यो किनभने ममत्व पनि हिंसाको अर्को रूप हो ।

गीता बुझ्नका लागि ममत्वका बारेमा जान्न अत्यन्त जरुरी हुन्छ, अन्यथा सबैलाई अर्जुन अहिंसातिर लाग्न खोज्दै छन् तर श्रीकृष्ण उनलाई हिंसामा उतार्न खोज्दै हुनुहुन्छ भन्ने लाग्न सक्छ । अहिंस्रकलाई हिंस्रक बनाउन कृष्ण चाहनुहुन्न र त्यो सम्भव पनि छैन । अर्जुन अहिंस्रक होइनन्, केवल ममत्वतिर झुकेका मात्र हुन् । अर्जुनको ममत्व हिंसाको गहिरो आधार हो । आफन्त या सम्बन्धित जन युद्धका निम्ति खडा नभएका भए अर्जुन तिनीहरू सबैलाई भेँडाबाख्रा काटेझैँ काट्ने थिए । उनको गाथ शिथिल हुनाको कारण आफन्तजन युद्धका निम्ति खडा भएकाले हो । अर्जुनको यो सङ्कटग्रस्त अवस्था उनमा अहिंसाको भाव विकसित भएर होइन यो हिंसाको मूल आधार ममत्वमा पुगेर नै भएको हो । आफन्तसँग युद्ध लड्नुपर्ने भएकाले उनी सङ्कटग्रस्त भएका हुन् । आत्मीय सम्बन्धी जन नभएका भए उनी हिंस्रक भएर शत्रुलाई गिड्न हिचकिचाउँदैनथे । पराईका साथमा युद्ध गर्नुपरेको भए उनको गाथ शिथिल

हुँदैनथ्यो र उनी झन् बलशाली र प्रफुल्लित भएर युद्ध गर्थे तर सङ्कटका क्षणमा उनमा ममत्व देखियो । सामान्य क्षणमा हाम्रो हृदयको अन्तस्तल देखिँदैन तर असाधारण या सङ्कटको क्षणमा मात्र यो चित्तवृत्तिबारे थाहा हुन्छ । अर्जुनलाई मेरो मान्छे भन्ने ममत्वले सतायो । अर्जुन संशयी भएकाले दुबिधामा परे र उनमा अनेकौं प्रश्न जन्मिए । अर्जुनले युद्ध र हिंसा व्यर्थ हो भनेको भए गीताजस्तो महान् आध्यात्मिक दर्शन मानव हितका लागि प्राप्त हुने थिएन । युद्धमा होमिएपछि आफ्ना सम्बन्धी जनहरूलाई पनि काट्नुपर्ने विचारले नै उनको अङ्ग शिथिल भएको हो । त्यसैले हामीले गीता जस्तो अलौकिक ग्रन्थ पाउन सकेका हौं ।

अन्य व्यक्तिको मृत्यु भएमा शब्दले संवेदना दिए पुग्छ त्यसले भित्र छुँदैन तर घरमा कसैको मृत्यु भयो भने हृदयलाई छुन्छ र हामी पनि एक हिस्सा मर्छौं । पत्नीको मृत्यु भएमा पतिको पनि एक हिस्सा मर्छ अर्थात् पत्नी हुँदा मात्र पतिको अस्तित्व हुन्छ । सन्तान जन्मिँदा आमा पनि जन्मिन्छिन् । त्यसैले छोरा वा छोरी मर्दा आमाको एक हिस्सा मर्दछ । अरूलाई मार्दा अर्जुनलाई यस्तो अनुभव कहिल्यै भएन तर अब आफन्तजन मर्ने कुराले उनलाई अत्यायो । सबै आफ्ना मरे भने आफू बाँचेर पनि के गर्ने भन्ने भाव उनमा प्रकट भयो । मेरो, हाम्रो आफन्तहरूको जोडको नाम हो । अर्जुनमा यो आफ्नो भन्ने भाव विकसित भएकाले उनलाई आत्मघात गरे जस्तो लाग्यो । आफन्त सबै मरेपछि आफू हुनु या बाँच्नुको कुनै अर्थ नरहने महसुस भयो । हामी पनि घर आफ्ना लागि कम र अरूका लागि ज्यादा बनाउँछौं । प्रशंसा र ईर्ष्या गर्ने व्यक्तिहरू नै रहेनन् भने त्यो महल जस्तो भवन पनि झुपडीजस्तै हुन्छ ।

अर्जुनलाई युद्धका क्षणमा दुवैतिर आफ्ना सम्बन्धी जन मात्र भएको अनुभूति भयो । तसर्थ जितमा उनलाई कुनै प्रयोजन लागेन र साम्राज्य पाउनुको पनि केही अर्थ लागेन । अर्जुनको मन ममत्वको विषादले घेरियो । यो विषाद हिंस्रक चित्तको भएकाले कृष्णले अर्जुनलाई ठुलो धक्का दिनुपऱ्यो । महावीरजस्ता व्यक्ति भएको भए कृष्णले केही पनि भन्नु हुन्थेन । गीता श्रीकृष्णले कम र अर्जुनले ज्यादा प्रश्नोत्तरमा समय खर्चिएको ग्रन्थ हो । गीता प्रादुर्भाव हुनुमा कृष्णको मात्र होइन अर्जुनको पनि उत्तिकै भूमिका छ । उनको हिंसाग्रस्त चित्तदशाका कारण उनी युद्धबाट भाग्न चाहन्छन् । अर्जुनको मनमा उत्पन्न दुबिधा हिंसाग्रस्त मानिसको हिंसाबाट भाग्ने दुबिधा हो । ममत्व गहिरो हिंसा हो । मेरो भन्ने बित्तिकै अहम्पन या ममत्व सुरु हुन्छ । जब हामी कुनै व्यक्तिको मालिक हुन्छौं, तब त्यस व्यक्तिको स्वतन्त्रता हनन गर्छौं । हामीले त्यस व्यक्तिसँग वस्तु जस्तै व्यवहार गर्छौं । यस्तो सम्बन्धमा प्रेम नभई हिंसा र ईर्ष्या फलित हुन्छ र यो नै मैत्रीको विनाश हुनुका साथै घृणा र हिंसाको भाव हो । अर्जुनको अहिंसाको कुरा झुटो हो । उनमा उत्पन्न भएको भाव अहिंस्रक भइदिएको भए श्रीकृष्णले तत्काल उनलाई आशीर्वाद दिनुहुन्थ्यो तर श्रीकृष्णले अर्जुन हिंसाग्रस्त भएर ममत्वको कुरा गरेको देखिरहनु भएको छ ।

अर्जुनलाई मात्र किन विषाद भयो अरू पनि हिंसा र ममत्वले भरिएका व्यक्तिलाई किन विषाद भएन । हिंसा र ममत्वमा सबै अन्धा र विचारहीन हुन्छन् । अर्जुन विचारशील छन् त्यसैले उनलाई विचारले दुबिधा दिँदै छ तर दुर्योधन विचारहीन र भित्री रूपमा अन्धा पनि छन् । उनी हिंसाग्रस्त भएकाले आफूद्वारा मारिनेहरू देखिरहेका छैनन् तर अर्जुन संशयी भएकाले उनी त्यस युद्धमा विशेष छन् । जीवनको तयारी त अर्जुनको पनि दुर्योधनको जस्तै छ तर मनको तयारी भने दुर्योधनको भन्दा भिन्न छ । विचार सन्देहका कारण उनमा जिज्ञासा छ । यदि दुखद परिस्थितिमा व्यक्ति कष्टबाट पार भएमा परमात्मामा पुग्न सक्छ र यदि पार हुन नसके उसको व्यक्तित्व दुई हिस्सामा टुट्छ । अर्जुन ठिक यही अवस्थामा छन् । दुर्योधनका लागि युद्धमा रस छ । अर्जुन जुन स्थितिमा छन् त्यस स्थितिमा कि त उनी भाग्ने छन् या त बेमनले लडेर हार्ने छन् । अर्जुन कि त विचारहीन भएर दुर्योधनको धरातलमा पुगेर मार्नमा रस लिएर

युद्धमा होमिने छन् या त निर्विचार भएर श्रीकृष्णको अवस्थामा पुगी सबै खेल हो भन्ने सोचेर पार हुन सक्ने छन् ।

यस युद्धमा युधिष्ठिर जस्तो व्यक्तिलाई पनि विषाद भएको छैन । असल मानिस नभएकाले दुर्योधनलाई विषाद नभएको मान्न सकिएला तर युधिष्ठिर जस्तो धार्मिक व्यक्तिलाई पनि विषाद भएको छैन । खराब व्यक्ति पनि रुढिवादी धार्मिक व्यक्तिभन्दा असल हुन सक्छन् । खराब व्यक्तिलाई आज नभए भोलि आफू खराब भएको महसुस हुन सक्छ तर यस्तो तथाकथित धार्मिक व्यक्ति जो आफू धार्मिक भएको मान्यता बोकेर हिँड्छ उसलाई विषाद हुन सक्दैन । युधिष्ठिर आफू धार्मिक भएकोमा आश्वस्त छन् । उनी रूढीवादी आस्तिक हुन् ।

एक प्रकारका उदार धार्मिक व्यक्ति हुन्छन् जसको धर्म अतीतको उधारोबाट आउँछ र अर्काथरी आन्तरिक क्रान्तिबाट धार्मिक हुन्छन् । अर्जुन आन्तरिक क्रान्तिको ढोकामा उभिएका धार्मिक व्यक्ति हुन् । युधिष्ठिर अतीतबाट धार्मिक व्यक्ति भएको हुँदा नीतिमा गर्न मिल्ने कुरा उनलाई सबै ठिक लाग्छ । त्यसैले युद्धमा पनि उनलाई पीडा हुँदैन । आत्मानुभूति विना दिनदिनै मन्दिरमा जाने, पाठ गर्ने तथाकथित धार्मिक व्यक्ति युधिष्ठिर जस्ता हुन्छन् । उनी अतीतबाट प्राप्त धर्मका धरोहर हुन् । यस्ता धार्मिक व्यक्ति धर्म र अधर्मका बिच तालमेल खोज्छन् । रुढिवादी धार्मिक व्यक्तिभन्दा नास्तिक व्यक्ति बेस हुन सक्छ किनभने नास्तिक व्यक्ति आस्तिकताको खोजमा त रहन्छ । अर्जुन एउटा प्रामाणिक व्यक्ति हुन् । उनको प्रामाणिकता उनीभित्रको चिन्ता हो । उनी जुन स्थितिमा छन् त्यससँग उनी राजी हुन सकेका छैनन्; त्यही उनको विषाद हो । विषादमा उपलब्ध भएका व्यक्ति धन्य छन् किनभने विषादमा भएका व्यक्तिले मार्ग खोज्नुपर्छ । विषाद नहुने व्यक्तिहरू अभागी हुन् । विषाद नभएका व्यक्तिले आनन्द प्राप्त गर्न सक्दैनन् । त्यसैले विषाद योग आनन्द जन्मिने प्रक्रिया हो ।

जर्मनका प्रसिद्ध विचारक फ्रेड्रिक नित्से (Friedrich Nietzsche) भन्छन्- मनुष्य दुई अलग अलग अवस्थाहरूलाई जोड्ने सेतु हो । मनुष्य एउटा बिसौनी हो या त ऊ पशु हुन सक्छ या त परमात्मा भएर आनन्द प्राप्त गर्न सक्छ । जबसम्म मनुष्य छ, तबसम्म सुख र आनन्द प्राप्त नगरी ऊ बिचमा मात्र हुन्छ । अर्जुन मनुष्यका प्रतीक भएकाले उनी बिचमा छन् । पशु कहिल्यै विक्षिप्त, पागल वा अनिद्राको सिकार हुँदैन । मानिस तल झरेर पशुको सुख प्राप्त गर्न खोज्छ । त्यसैले मदिरा कामवासनामा क्षणिक सुख खोज्छ । दुर्योधन पशुका प्रतीक हुन् भने अर्जुन मानवका र श्रीकृष्ण परमात्माका प्रतीक हुनुहुन्छ । युद्धस्थलमा यी तीन प्रतीकहरू उपलब्ध छन् । अर्जुन दुर्योधन र कृष्णका बिचमा अन्योलको अवस्थामा छन् । अर्जुनको समस्या उनी दुर्योधन हुन सक्दैनन् र कृष्ण हुने प्रयास गरिरहेका छैनन् ।

अकबरले फत्तेपुरमा पुल बनाउँदा त्यहाँ एउटा वाक्य लेखेका छन्- "सेतु पार गर्नका लागि हो, निवासका लागि होइन ।" मनुष्य एउटा सेतु हो र उससँग पशु या परमात्मा हुने दुई विकल्पहरू छन् । मनुष्य विना उद्देश्य पेण्डुलम जस्तै यी दुई बिचमा हल्लिरहन्छ । क्रोधमा त्यही व्यक्ति पशुतुल्य र शान्तिमा परमात्माको नजिक हुन्छ । हामी दिनभरि कैयौँपटक नर्क र स्वर्गको यात्रा गर्छौं । पलपलमा नर्कमा पुगेर पछुताउँछौं र स्वर्गको चेष्टा सुरु गर्छौं । जब स्वर्ग पुग्छौं तब केही क्षणमा नै स्वर्ग छुट्न थाल्छ अनि पुनः तनाव उत्पन्न हुन्छ । तनावले सदा विपरीतमा आकर्षण पैदा गर्छ । अर्जुनको सङ्घर्ष पनि पशु र परमात्मा बिच रहनुमा छ । दुर्योधन निश्चिन्त छन् उनमा कुनै दुबिधा छैन । मनुष्यसँग मात्र परमात्मा हुने सम्भावना छ । अर्जुन पशु हुन चाहँदैनन् र परमात्मा बन्ने बाटो उनलाई थाहा छैन तर भित्र परमात्मा हुने चाहनाले गर्दा उनी प्रश्नहरू उठाइरहेका छन् ।

अर्जुनमा बारम्बार द्वन्द्वको दशा आउनु मनुष्यका लागि स्वाभाविक घटना हो । द्वन्द्वलाई शीघ्रताले हल गर्न खोज्नु पशुतातिर लाग्नु हो । द्वन्द्वसँग लड्दै गुज्रिनु मूढता हो एवम् धैर्यले द्वन्द्वलाई झेल्नु नै

तपस्या हो । द्वन्द्वलाई तपेर, भोगेर तथा नियति मानेर बाँचेमा श्रद्धा आउँछ । अर्जुन पनि यही द्वन्द्वको अवस्थामा छन् । अर्जुन द्वन्द्वबाट बच्ने कोसिस गरिरहेका छन् तर कृष्ण आश्वस्त नगरी उनलाई तड्पाउँदै हुनुहुन्छ । त्यसैले उनी बारम्बार एउटै प्रश्न सोधिरहेका छन् । अर्जुनको द्वन्द्वमय मानसिकतालाई कृष्ण विश्वास दिलाउन चाहनुहुन्न किनभने द्वन्द्व समाप्त नभईकन विश्वास दिलाउन पनि सकिन्न । श्रीकृष्ण अर्जुनलाई द्वन्द्वबाट गुजारेर श्रद्धा जगाउन खोज्दै हुनुहुन्छ । द्वन्द्वलाई जित्न सके तेस्रो शक्ति जन्मिन्छ किनभने द्वन्द्वलाई जित्नु नै मनुष्यको परीक्षण हो । कृष्ण अर्जुनलाई यही तेस्रो शक्तिको खोजी गर्ने प्रयास गराउँदै हुनुहुन्छ किनभने अर्जुनको अज्ञान विनम्र छ । अर्जुन सन्देहमा भएकोले उनी श्रीकृष्णलाई प्रश्न सोध्नुका साथै उपयुक्त मार्गको खोजी पनि गरिरहेका छन् ।

*गाण्डीवं स्त्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।*
*न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥*

**मेरो हातबाट गाण्डीव खस्दै छ, शरीर भतभती पोलिरहेको छ; मेरो मन भ्रमित भैरहेको छ र म उभिन पनि समर्थ छैनँ ॥**

अर्जुनको हातबाट गाण्डीव धनु खस्छ, उनको शरीर भतभती पोलिरहेको छ । मन भड्किएको छ र मन उनको वशमा छैन । यस्तो दीनहीन अवस्थामा पुगेका अर्जुन रथमा अड्न पनि असमर्थ भएको कुरा श्रीकृष्णलाई व्यक्त गर्दछन् । अर्जुनका अङ्ग शिथिल भएर उनको मनले पनि साथ छोडेको छ । उनी धनुष छुटेर यति कमजोर भएका छन् कि आफू रथमा बस्न पनि सक्दिनँ भन्दछन् । शरीर केवल हाम्रो चित्तको प्रतिफलन हो । भित्र मनमा जे फलित हुन्छ त्यो शरीरको रौँ रौँमा फलित हुन्छ । अर्जुन जस्तो बलशाली व्यक्ति अचानक बलहीन भएर रथमा पनि बस्न नसक्ने भए । उनको मन क्षीण र दुर्बल भएर खण्ड-खण्डमा विभाजित भयो । मन विभाजित हुने बित्तिकै शरीर रुग्ण हुन्छ र मन संयुक्त हुनेबित्तिकै शरीर पनि स्वस्थ हुन्छ । उनको धनुष छुट्नु, हातपाउ काँप्नु, रौँ रौँ खडा हुनु यी सबै उनको शरीरमा मनको छाया परेको सङ्केत हो ।

अर्जुनको मनमा आएको परिवर्तन र आन्तरिक दुबिधाका कारण बाहिर पनि उनमा परिवर्तन देखिएको छ । यस्तै अर्जुनको शरीरमा देखिएको परिवर्तन पनि उनको मनमा उब्जिएको दुबिधाको प्रभाव नै हो । हाम्रो जीवनमा मनबाट नै अधिकतम कम्पन शरीरसम्म पुग्छ । शरीरबाट त केही मात्र मनसम्म पुग्छ तर हामी मनको होइन शरीरको ज्यादा फिक्री गर्छौं । श्रीकृष्णले अर्जुनको शरीरको चिन्ता नगरी अर्जुनको मनलाई बदल्ने प्रयास गर्नुहुन्छ । जगत्मा कि त मनुष्यको शरीरलाई बदल्ने या चेतनालाई बदल्ने दुई प्रक्रियाहरू मात्र छन् । विज्ञानले मनुष्यको शरीरलाई बदल्ने प्रक्रियामा ध्यान दिन्छ भने धर्मले मनुष्यको चेतनालाई बदल्ने प्रक्रियामा ध्यान दिन्छ । धर्म र विज्ञानमा यही भेद हुन्छ । धर्म विज्ञानभन्दा महाविज्ञान अझ परमविज्ञान हो किनभने धर्मले केन्द्रबाट यात्रा सुरु गर्छ । एउटा वृक्षको पातमा भएको हानि वा दाग जरासम्म पुग्दैन तर जरामा भएको हानिले पातलाई अवश्य प्रभावित पार्छ ।

श्रीकृष्णले अर्जुनको अवस्था देखेर उनको शारीरिक उपचार गर्न खोज्नुभएको भए गीता दर्शन वा भौतिकशास्त्र हुन्थ्यो तर उहाँ अर्जुनको समस्या मनबाट हल गर्ने प्रयास गर्नुहुन्छ । त्यसैले गीता मनस्शास्त्र बन्यो । कृष्ण यस अवस्थामा अर्जुनको शरीरलाई ध्यानै दिनुहुन्न । उहाँ अर्जुनको चेतनामा भएको अवस्थाको मात्र चिन्ता गर्नुहुन्छ । आजको अवस्था ठिक अर्जुनको अवस्था जस्तै छ । आज हामी शरीरको उपचार गर्न खोज्छौं तर चेतनामा ध्यान दिँदैनौं । त्यसैले उपयुक्त उपचार हुनै सकेको छैन । अर्जुन भन्छन्- आफ्नै मनले साथ दिन छाडेकाले म बिलकुल निरीह भएको छु । बल दुई प्रकारको हुन्छ- एउटा शरीरको मांसपेशीमा हुने बल र अर्को सङ्कल्प शक्तिले प्राप्त हुने बल । अर्जुनको मांसपेशीबाट प्राप्त बल त युद्धका बेला कुनै कामको नभएर निर्बल भयो । तसर्थ सङ्कल्पबाट प्राप्त हुने बल नै सही बल

हो । अर्जुनको सङ्कल्पबाट प्राप्त हुने बल पूरै समाप्त भएको छ । सङ्कल्प मनबाट प्राप्त हुन्छ र मन दुबिधामा हुँदा सङ्कल्प खण्डित हुन्छ । मन एकाग्र हुँदा सङ्कल्प संयुक्त हुन्छ र मन दुबिधामा भए सङ्कल्प क्षीण हुन्छ । हामीहरूको अवस्था पनि अर्जुनको जस्तै छ । हाम्रो सङ्कल्प खण्डित छ । त्यसैले के गरूँ, के नगरूँ भन्ने दुबिधामा हामी सदैव हुन्छौँ । अर्जुनको अवस्था प्रत्येक मनुष्यको अवस्था हो ।

गीता अद्‌भुत र विशिष्ट ग्रन्थ हो किनभने गीता धर्मशास्त्रका साथै मनस्‌शास्त्र पनि हो । यसमा दार्शनिक तर्क र ईश्वरसम्बन्धी भनाइ मात्र नभई यहाँ मनको पनि विश्लेषण गरिएको छ । गीता मनुष्य जातिको पहिलो मनोविज्ञान हो त्यसैले गीता अमूल्य छ । ओशोका अनुसार श्रीकृष्ण संसारकै प्रथम मनोवैज्ञानिक तथा मनोविज्ञानका पिता हुनुहुन्छ । उहाँले दुबिधाग्रस्त चित्त, सन्तापग्रस्त मन, खण्ड-खण्डमा टुटेको सङ्कल्पलाई अखण्ड वा एकीकृत गर्ने कार्य गर्नुभएको छ । मनोविश्लेषणको उपयोग गर्ने उहाँ नै प्रथम पुरुष हुनुहुन्छ । श्रीकृष्ण फ्रायड जस्तो मनोविश्लेषक मात्र होइन उहाँ त मनोसंश्लेषक पनि हुनुहुन्छ । उहाँ मनका कति खण्ड छन् भन्ने खोज मात्र नगरी मनलाई कसरी अखण्ड बनाउने भन्ने विधि पनि बताउनुहुन्छ । अर्जुनको मनको दशा प्रत्येक मनुष्यको मनको दशा हो ।

अर्जुनलाई सङ्कटको घडीमा मनसँग तालमेल गर्न पनि कठिन हुने बित्तिकै उनले आफ्नो धनुषबाण छोडिदिए र बलहीन भए । हाम्रो जीवनमा यसप्रकारको सङ्कटको घटना नआएकाले हामी तालमेल गरी काममा संलग्न भइरहन्छौं र मृत्यु कहिले आउँछ थाहा पनि पाउँदैनौं । तसर्थ अन्तिम घडीमा पश्चात्ताप गर्नुसिवाय हामी अरू केही जान्दैनौं । अर्जुनको जीवनमा पनि यस्तै दुबिधाको अवस्था विद्यमान छ । उनी यस्तो अवस्थामा छन् जहाँ उनले केही न केही गर्नैपर्ने हुन्छ । उनले कि त युद्ध गर्नुपर्ने हुन्छ या त भागेर जानुपर्ने हुन्छ जस्तो कि अधिकतर व्यक्तिहरू सङ्कटको चुनौती स्वीकार नगरी भाग्छन् । यहाँ श्रीकृष्णले अर्जुनलाई त्यो भाग्ने बाटो दिनुभएन किनभने भगौडाले कहिल्यै परमात्मा पाउन सक्दैन । यो जीवनको सत्यसँग जो भाग्छन् उनीहरू कहिल्यै परमात्मासमक्ष पुग्न सक्दैनन् । जीवनका चुनौतीहरूसँग जो साक्षात्कार गर्न सक्दैनन् उनीहरू परमात्माको साक्षात्कार पनि गर्न सक्दैनन् । जीवनका चुनौती देखेर धनुषवाण छोड्ने, निर्बल हुने एवम् सम्पूर्ण गाथ शिथिल हुने व्यक्ति परमात्मासमक्ष खडा हुन पनि सक्दैन ।

जीवन त्यो विराट् सत्यको साक्षात्कार गर्ने तयारी हो । अर्जुन त जीवनको एउटा तथ्यबाट नै भाग्न खोज्दै छन् । उनीसँग रथमा चढ्ने शक्ति पनि छैन । उनी निवीर्य भएका छन्; श्रीकृष्णले उनलाई जङ्गलतिर भाग भन्नुभएको भए उनी तत्काल दौडिएर भाग्न सक्थे । जो व्यक्ति जीवनसँग लड्ने शक्ति राख्दैन उसले भाग्ने तयारी नै गर्छ । अर्जुनमा सामर्थ्यको कमी पनि देखिँदैन, उनी जङ्गल गए भने पनि केही बेरमा नै निराश हुन्छन् किनभने उनको स्वभाव भाग्ने खालको छैन । मनुष्य सबैबाट भाग्न सक्छ तर आफूसँग कहिल्यै भाग्न सक्दैन । अर्जुन त जङ्गलमा पनि पशुपन्छीको शिकार गर्न थाल्छन् किनभने ती पशुपन्छी उनका आफन्त होइनन् । तिनीहरू उनका सम्बन्धीजन नभएकाले तिनीहरूलाई मार्न अर्जुनलाई कुनै कठिनाइ हुने छैन । जो संसारी हुने हिम्मत राख्दैन ऊ सन्न्यासी हुन सक्दैन । त्यसैले अर्जुनलाई सन्न्यासी हुन पनि कठिन छ । सन्न्यास संसारबाट भाग्ने नभई संसारबाट पार पाउने कला हो साथै यो संसारको जलनको अतिक्रमण पनि हो । सन्न्यास संसारका सबै सङ्घर्ष र ज्ञान एवम् जानकारीको फल हो । सम्पूर्ण गीता अर्जुनको गाथको शिथिलता हटाएर उनलाई पुनः सङ्कल्पवान् र विशिष्ट ज्ञानसहित दृढ आत्मविश्वासी बनाउने चेष्टा हो ।

*निमित्तानि च पश्यामि विपरीतानि केशव ।*
*न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥*

**हे केशव ! म विपरीत लक्षणहरू मात्र देखिरहेको छु । मेरा आफन्त जनहरूलाई युद्धमा मारेर म आफ्नो कल्याण देख्दिनँ ॥**

*न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।*
*किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥*

**हे कृष्ण ! ममा विजयको आकाङ्क्षा छैन न त विजयपश्चात् प्राप्त हुने राज्य र सुखको नै लालसा छ । हे गोविन्द ! आफन्तलाई मारेर प्राप्त हुने राज्य एवम् त्यसको भोग र त्यसरी जीवित रहनुबाट हामीलाई के लाभ हुन्छ र !**

हे केशव ! म त केवल अमङ्गलसूचक विपरीत देखिरहेको छु । युद्धमा सम्बन्धित जनहरूलाई मारेर कुनै कल्याण देख्दिनँ । म विजय एवम् राज्य अथवा विशेष सुख चाहन्नँ । आफन्त जनलाई मारेर प्राप्त हुने राज्य, राज्यमूलक भोग तथा जीवनको कुनै प्रयोजन छैन । अर्जुन ससर्त कुरा गर्दै छन् । उनी सुखको भ्रमबाट मुक्त भएका छैनन् । त्यसैले त उनी भन्दै छन्- आफन्त जनलाई मारेर जो सुख प्राप्त हुन्छ यस्तो सुखको कुनै प्रयोजन छैन र म त्यो चाहन्नँ । तर यदि आफन्तजन बाहेक अन्य शत्रुहरूलाई समाप्त पारेर प्राप्त हुने राज्य वा सुख भने उनी स्वीकार गर्न तयार छन् । केवल आफ्ना मानिसलाई मार्न मात्र उनलाई आपत्ति छ । अर्जुनको सर्त पूरा भए उनी दुवै कुराका लागि तयार छन् तर ससर्त सुख कहिल्यै पनि प्राप्त हुँदैन किनभने सुख त यो संसारमा सम्भव नै छैन । ससर्त सुख खोज्नुको अर्थ नयाँ नयाँ दुख खोज्नु हो ।

अर्जुनले संसारमा सुख र कल्याण कहाँ सम्भव छ र राज्यको के प्रयोजन छ भनेका भए उनको प्रश्न विनासर्तको हुने थियो र श्रीकृष्णको उत्तर भिन्नै हुन्थ्यो । अर्जुन सुख त चाहन्छन् तर आफन्तलाई नमारीकन सुख चाहन्छन् । जसरी बुद्ध, महावीरलाई सुख एवम् राज्य व्यर्थ हो भन्ने विचार आएको थियो त्यसरी नै अर्जुनलाई त्यस्तो भएको होइन । अर्जुनलाई त केवल आफन्तलाई कसरी मारूँ भन्ने विचार मात्र आएको हो । अर्जुनको भनाइ विपरीत मनोदशाको परिणाम हो । उनी जे कुरालाई बेकार भनिरहेका छन् त्यस कुरालाई बेकार जानिरहेका छैनन् । उनी युद्धको प्रयोजन र फाइदा मात्र खोजिरहेका छन्, तर भेट्टाएका छैनन् । आफन्तलाई नमारेर सुख, राज्य प्राप्त हुन्छ भने अर्जुनलाई कुनै समस्या छैन । उनी पूर्णतया उल्झनमा छन् । अर्जुनको चित्तदशा स्वविरुद्धको फैलाव हो ।

अर्जुनको विषाद यदि विषादमा नै अन्त भयो भने त्यो अधार्मिक हुन्छ र यदि विषाद आनन्दमा परिवर्तन हुन सक्यो भने त्यो धार्मिक हुन्छ तर उनको विषाद धार्मिक छ । उनले चाहेका भए श्रीकृष्णजस्ता अलौकिक पुरुषसँग सहमति जनाएर लड्न सक्थे तर उनी त्यसो गर्दैनन् र कृष्णसमक्ष प्रश्नको वर्षा गर्छन् । उनले कृष्णका कुरा मानेका भए त्यस्तो आस्तिकता उधारो हुन्थ्यो तर उनी प्रामाणिक आस्तिकताको खोज गरिरहेका छन् । त्यसैले त गीता यति महान् ग्रन्थ भयो । श्रीकृष्ण पनि अद्भुत हुनुहुन्छ । उहाँले आफ्नो महिमा या गरिमा दर्शाएर तत्काल अर्जुनलाई परिवर्तन गराउन सक्नुहुन्थ्यो तर परमात्मा गुरु बनेर आफ्नो कुरा थोपर्न चाहनुहुन्न । श्रीकृष्ण दिव्यपुरुष परमात्मा भएकाले अर्जुनको परमात्माप्रतिको खोज कुनै न कुनै समयमा पूरा हुने छ भन्ने आशाले प्रत्येक प्रश्नको उत्तर दिँदै जानुहुन्छ ।

*येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।*
*त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥*

**जसका लागि हामीलाई राज्य, सुख र भौतिक भोगहरू चाहिएको हो तिनीहरू नै आफ्नो प्राण र धन त्यागेर युद्धका निम्ति यहाँ उभिएका छन् ॥**

जुन पिता-पुत्र आदिका लागि हामी राज्य, भोग, सुख चाहन्छौं तिनीहरू नै सम्पूर्ण धन, प्राण त्यागेर युद्धका निम्ति खडा भएका छन् । अर्जुनको भ्रान्ति प्रत्येक पाइलामा जोडिएको छ । अर्जुन भनिरहेका छन्- हामी पिता, पुत्र आदिका लागि राज्य, भोग र सुख चाहन्छौं । तर उनका यी सबै कुरा झुटा हुन् किनभने कुनै पनि मानिस अर्काका लागि होइन, आफ्नै लागि सुख चाहन्छन् । यदि पिता-माता पुत्रका

लागि सुख चाहन्छन् भने त्यो ममत्वको कारणले मात्र हो । के कुरा सत्य हो भने पुत्रविना बाबुआमाको सुख निरस हुन्छ । हरेक व्यक्तिमा सुख आफ्ना लागि भन्दा पनि अरूले त्यो सुख देख्न सकून् भन्ने चाहना हुन्छ । ठुला राज्य पाउँदा पनि त्यति सुख पाइँदैन जति सुख आफूले राज्य पाएको कुरा अरूहरूले थाहा पाएपछि हुन्छ, । झन् आफ्नो मानिसभित्र त ईर्ष्या, महत्त्वाकाङ्क्षा र क्लेश पनि हुन्छ । आफ्ना मानिसलाई प्रतिष्ठा देखाउन पाउँदा जति सुखद अनुभूति हुन्छ त्यति अपरिचितसँग हुँदैन किनभने अपरिचितसँग अहङ्कारको तुष्टि हुँदैन । आफन्तलाई आफ्ना धन-दौलत या राज्य सुख देखाएर तिमी हुन सकेनौ तर म भएँ भनेर देखाउन पाउँदा अंहङ्कारलाई तुष्टि मिल्छ ।

जसरी पतिले आफ्नी पत्नीलाई सबै तिम्रै लागि गरिरहेको छु भनेर झुट बोल्छन् त्यसरी नै अर्जुन पनि झुट बोलिरहेका छन् । हामी सबै अहङ्कार केन्द्रित भएर बाँच्छौं; कसैले कसैलाई केही गर्दैनन् । मेरो भावका लागि हामी सबै गर्छौं । अर्जुनलाई युद्ध जितेर जसलाई देखाउन मज्जा आउँथ्यो, तिनीहरू नै रहेनन् भने कुनै मज्जा नै नहुने भयो । त्यसैले त उनी झुटो बोलिरहेका छन् । अर्जुन अज्ञानका कारण सही सत्य कुरा भन्दैनन् । यदि राज्य पाएर अरू आफन्तजनलाई देखाउन पाइएन भने के गर्नु भनेको भए श्रीकृष्ण सायद चुप लाग्नुहुन्थ्यो होला ! अर्जुन पूरा समय दोहोरो कुरा बोल्दै छन् । एउटा कुरा चाहन्छन् तर अर्कै कुरा बोल्दै छन् किनभने उनी दुबिधा र उल्झनमा छन् ।

अर्जुन जहाँ छन् त्यहाँ भौतिक सुखको मात्र कुरा गरिरहेछन् । आस्तिक व्यक्तिले जति भौतिक सुख खोज्छ उसले उत्तिकै भौतिक सुख पाउन असम्भव भएको ठान्दछ । भौतिक सुखको खोज समाप्त भएपछि मात्र आध्यात्मिक सुखको खोज सुरु हुन्छ । भौतिक सुखले अनिवार्य रूपमा विचारमा लैजान्छ । जबसम्म नर्कको यात्रा पूरा हुँदैन तबसम्म स्वर्गको कुनै यात्रा हुन सक्दैन । अर्जुन अहिले राज्य पाएर के हुन्छ भन्ने भौतिक सुखको नै कुरा गरिरहेका छन् तर यो उनको आध्यात्मिक खोजतर्फको यात्राको प्रारम्भ हो । त्यसैले अर्जुन धर्मको रसास्वादन गर्न आतुर धार्मिक व्यक्ति हुन् ।

गीता मनोविज्ञान र मनस्शास्त्र हो जसले आध्यात्मतिर इसारा गरेको छ । आध्यात्मको कुनै शास्त्र हुँदैन किनभने आध्यात्म हाम्रो स्वभाव हो । मनस्शास्त्रले आध्यात्मको खोज सुरु हुने अवस्थामा पुऱ्याउँछ । सबै शास्त्रहरू अध्यात्मतिरका इसारा हुन् । अध्यात्म निर्विचारको अनुभव हो । अध्यात्मको अनुभव अनिर्वचनीय, अवर्णनीय एवम् शव्दको अतीत हुन्छ । सबै शास्त्रहरूले मनबाट होइन मनको पार भएमा मात्र सत्य पाइन्छ भन्छन् । त्यसैले मनको पार पुऱ्याउने शास्त्र परमशास्त्र हो । गीता परमशास्त्र हो किनभने गीतामा मनबाट पार लगाउने साधन उपलब्ध छन् । तसर्थ गीता मनुष्यका लागि बहुमूल्य छ । उपनिषद् आध्यात्मिक वक्तव्यको सङ्ग्रह हो जसमा कुनै विज्ञान छैन । त्यसैले उपनिषद्हरू मनुष्यका लागि धेरै उपयोगी हुन सकेनन् । उपनिषद्हरूले ब्रह्म छ भन्छन् तर हामीलाई थाहा छैन । त्यसैले हामी छ होला भन्छौं । जान्ने मानिस भन्छन् जब अध्यात्मको अनुभव हुन्छ, तब उपनिषद् उपयोगी मात्र होइन साक्षी पनि हुन्छ । त्यो बेला आफ्नो अनुभवलाई उपनिषद्मा पढेर ठिक हो भन्न सकिन्छ । उपनिषद् सिद्धलाई उपयोगी हुन्छ तर गीता साधकका लागि उपयोगी हुन्छ । अर्जुन सिद्ध होइनन् साधक हुन् र उनको जिज्ञासा आध्यात्मिक होइन मानसिक हो । अर्जुनको समस्या नै मानसिक हो । त्यसैले गीता अति विशिष्ट छ किनभने गीतामा मनबाट पार हुने समाधान छ र यसले अध्यात्मतर्फ इसारा गरेको छ ।

श्रीकृष्णले गीतामा आफ्नो धरातलबाट होइन अर्जुनको धरातलबाट कुरा गर्नुभएको छ । कृष्णले आफ्नो धरातलबाट अर्जुनलाई उपदेश दिनुभएको भए गीता आध्यात्मिक वचनहरूको सङ्ग्रह हुन्थ्यो । तर गीता मनस्को एउटा गतिमान् व्यवस्था हो । एक एक कदम जब अर्जुन माथि उठ्छन् अनि गीता पनि त्यसैगरी माथि उठ्छ । अर्जुन तल झर्दा गीता पनि तलबाट नै सुरु हुन्छ । गीतामा पूरा समय अर्जुन केन्द्रमा छन् । श्रीकृष्ण ब्रह्मज्ञानीजस्तो भएर बोलेका भए अर्जुनसँग कुनै सम्बन्ध हुने थिएन तर अर्जुनसँग

साथ भएर श्रीकृष्ण बोल्नुभएको छ र गीताको आखिरी सूत्रलाई त्यहाँ छोड्नुभएको छ, जहाँबाट मनस् समाप्त भएर अध्यात्म सुरु हुन्छ । अब भविष्य भौतिक शास्त्रको नभई मनोविज्ञानको छ । आजका मानिसहरू आफ्नो समस्याको हल चाहन्छन् । त्यसैले अब हल गर्ने शास्त्रको मात्र मान्यता हुन्छ । श्रीकृष्ण कुशल गुरु भएकाले उहाँले अर्जुनलाई तल्लो तहबाट उच्चतम तहसम्मको लामो र सूक्ष्म यात्रा सम्पन्न गर्ने सम्बन्धमा बोध गराउँदै हुनुहुन्छ ।

*आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।*
*मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥*

**युद्धमा संलग्नहरूमध्ये कोही गुरुहरू, पिता एवम् पितामह, छोराहरू, हजुरबुबाहरू, मामाहरू, ससुराहरू, नातिहरू, साला–जेठानहरू, एवम् कोही सम्बन्धी जनहरू पनि हुनुहुन्छ ॥**

*एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।*
*अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥*

**हे मधुसूदन ! उहाँहरूले मलाई नै किन नमार्नुहोस् तर तीनै लोकको राज्य मिल्छ भने पनि म चाहिँ उहाँहरूलाई मार्न चाहन्नँ भने भूराज्यको त के कुरा भयो र !**

*निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।*
*पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥*

**हे जनार्दन ! धृतराष्ट्रका छोराहरू लगायतका बन्धुबान्धवहरूलाई मारेर के आनन्द होला र ! बरु यी आततायीहरूलाई मार्नाले आफूलाई पाप मात्र लाग्ने छ ॥**

अर्जुनले आफ्ना स्वजनहरूलाई मारेर तीनै लोकको राज्य पाइन्छ भने पनि लिन तयार छैनन् भने यो पृथ्वीलोकको त के अर्थ भनी बारम्बार दोहोर्‍याउँदै छन् । अर्जुनको कुरा यसो हेर्दा त बडो त्यागी जस्तो लाग्छ तर त्यस्तो होइन । अर्जुन आफूलाई सम्झाइरहेका छन् र उनको भित्री चाहना पनि व्यक्त गरिरहेका छन् । यदि तीनै लोकको राज्य पाइयो भने पनि आफन्तहरूलाई मार्नु उचित छैन । यो उनले आफ्नो भित्री चाहनालाई सान्त्वना दिइरहेका छन् किनभने उनलाई कसैले पनि पृथ्वीलोक र तीनैलोक पनि दिनेवाला छैन । यो त छिमेकीको ठुलो घर देखेर ठुलो घरको के अर्थ भनेजस्तै कुरा हो । अर्जुन केवल आफ्नो मनलाई सान्त्वना दिइरहेका छन् ।

अर्जुनका निम्ति आफ्ना स्वजनहरूलाई मार्नु बडो कष्टप्रद छ । यो युद्धमा एउटै परिवारका सदस्यहरू संलग्न छन् । यहाँ गुरु द्रोण छन् जसले अर्जुनलाई अति माया गर्थे जसले अर्जुन अजेय हुन् भनेर एकलव्यको औँला समेत काटेर ल्याइदिए । यहाँ विपक्षमा पितामह भीष्म छन् जससँग बाल्यकाल प्रेममा बितेको छ । यहाँ ससुरा छन्, भाइहरू सँगीसम्बन्धी, मित्र, आफन्त नै आफन्त छन् र पराईहरू कुनै छैनन् । त्यसैले युद्धमा हरहालतमा आफन्त नै मर्ने छन् भन्ने बुझेर अर्जुन आत्तिएका हुन् । त्यसो त जिन्दगीलाई गहिराइमा हेर्‍यो भने पृथ्वीमा भएका सबै व्यक्ति आफ्नै हुन् । सारा पृथ्वी एउटा ठुलो परिवार हो र सारा युद्ध पारिवारिक युद्ध हो । अर्जुनसँग दुई विकल्प छन् कि त युद्ध गर्ने या त भाग्ने तर श्रीकृष्णको तेस्रो उपाय महत्त्वपूर्ण छ ।

अर्जुनको विचारको मन्थनले गीता उपलब्ध हुन सक्यो । महाभारतको युद्ध भएर पनि सकिएको हजारौँ वर्ष बितिसकेको छ । यस धर्तीमा तीन हजार वर्षमा चौध हजार युद्ध भएका छन् । गीताको महत्त्वका कारण महाभारत युद्धको सम्झना सदैव ताजा रहिरहने छ । जगत्मा विचार, दर्शन वा चिन्तनको मूल्य हुन्छ तर घटनाको कुनै मूल्य हुँदैन ।

*तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।*
*स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥*

**तसर्थ हे माधव ! धृतराष्ट्रका छोराहरू र बन्धुबान्धवहरूलाई मार्नु हाम्रा लागि योग्य छैन किनभने आफन्त जनहरूलाई मारेर हामी कसरी सुखी हौँला र !**

*यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।*
*कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥*

**लोभका कारण बुद्धिभ्रष्ट भएका कुरुबन्धुहरू कुलनष्ट गरेको दोष एवम् मित्रहरूसँग झगडा गर्ने कुरामा पनि पाप देख्न सक्दैनन् ॥**

*कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।*
*कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥*

**हे जनार्दन ! वंशनाश गर्दा लाग्ने पाप वा दोषलाई ठिकसँग जान्ने हामीहरू यस प्रकारका पापकर्मबाट किन पछि नहट्ने ?**

*कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।*
*धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥*

**कुलको नाश भएपछि सनातनदेखि चलिआएका कुलधर्म पनि नष्ट हुन्छन् र धर्म पनि नष्ट हुन्छ । कुलधर्म नष्ट भएपछि सम्पूर्ण कुलमा पाप फैलिएर व्याप्त हुन्छ ॥**

अर्जुन भन्दछन्- यी आततायीहरूलाई मार्नाले पनि पापको भागिदार नै हुनुपर्छ । यसर्थ यी दुर्योधन लगायतका सम्बन्धी जनहरूलाई मार्न चाहन्नँ । यिनीहरूलाई मारेर सुख पाइँदैन यद्यपि यिनीहरूको बुद्धि लोभका कारण भ्रष्ट भएको छ । यिनीहरू परिवारलाई मार्ने र आत्मीय जनसँग झगडा गर्ने जस्ता विश्वासघातजन्य कुरामा पनि दोष देख्दैनन् । तर कुलको विनाशमा अपराध देख्ने हामीहरूजस्ता व्यक्ति कसरी मारकाटको पक्षमा लाग्नु उपयुक्त हुन्छ ? परन्तु हे जनार्दन ! कुलको नाश हुने यस मार्गबाट पछि हट्नु नै उपयुक्त हुन्छ किनभने कुलको विनाश भएमा सनातन कुलधर्म नै नष्ट हुन्छ । कुलको धर्म नष्ट भएमा सम्पूर्ण कुलको परम्परा नष्ट हुनुका साथै अधर्मले वास गर्छ ।

अर्जुन अझै आफ्ना तर्कहरू अगि सार्छन्- दुर्योधनहरू त विचारहीन छन्; हामी पनि विचारहीन भयौं भने कसरी त्यो मार्ग सही हुन्छ । उनीहरू त गलत बाटामा छन्, हामी पनि गलत बाटामा लाग्नु ठिक होइन । गलत कार्यको भर्त्सना गलत बाटामा लागेर हुन सक्दैन । उनीहरूको बुद्धि भ्रमित र नष्ट भयो भन्दैमा हामी पनि त्यस्तै हुनु किमार्थ राम्रो होइन । अर्जुन आफूलाई तयार गर्नका लागि बुद्धिगत कारणहरू खोज्दै छन् । उनी युद्धमा होमिनुका कारण स्पष्ट पार्न श्रीकृष्णसँग अनुरोध गर्दछन् साथै उनी युद्धबाट भाग्न पनि चाहन्छन् । उनी आफ्नो मनबाट युद्धमा उत्रिनुका स्पष्ट आधार र तर्कहरू खोज्छन् । मनुष्य आफूलाई विचारशील, बुद्धिमान् र औचित्यपूर्ण ठान्दछ । अरस्तुले त मानिसलाई बुद्धिमान् प्राणी नै भनेका छन् तर मनुष्यको बुद्धिमानी आफ्नो अज्ञानीपनलाई बुद्धिमान् प्रमाणित गर्न खोज्ने मात्र हो ।

अर्जुन युद्धबाट अमङ्गल र अकल्याण हुन्छ एवम् यो युद्ध ठिक होइन भन्ने कुराको पुष्ट्याइँ खोज्दै छन् । उनमा पनि युद्धको आग्रह छ, तर भीम र दुर्योधनको जस्तो उनको पूरा तयारी छैन । उनको मन बाँडिएको हुँदा दुबिधाले ग्रस्त छ । विचारशील व्यक्ति प्रायः दोहोरो मनमा हुनु स्वाभाविक नै हो । अर्जुनका मनमा अनेकौं कारणहरू नाचिरहेका छन् । युद्धको परिणामका बारेमा कल्पना गरेर उनी आत्तिएका छन् । त्यसैले उनी दुबिधामा भएर युद्धको औचित्य खोजिरहेका छन् । उनको मन लड्न पनि र भाग्न पनि चाहन्छ; त्यसैले त श्रीकृष्णसँग प्रश्न गर्दै छन् । उनको मन अन्योल र दुबिधामा भएकोले उनको

निर्णयात्मक क्षमता कमजोर भएको छ । आफैँमा पूर्ण विश्वास नभएकाले उनी श्रीकृष्णसँग सल्लाह मागिरहेका छन् ।

*अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।*
*स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ॥४१॥*

**हे कृष्ण ! कुलमा पाप व्याप्त भएपछि कुलका स्त्रीहरू पनि दूषित हुन्छन् र हे वार्ष्णेय ! कुलका नारीहरू दूषित भएमा वर्णसङ्कर (ठिमाहा) सन्तान जन्मन्छन् ॥**

*सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।*
*पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥*

**वंशपरम्परा नाश हुनाले वर्णसङ्कर सन्तानहरू कुलनाशक एवम् कुललाई नर्कतर्फ लैजान उद्यत हुन्छन् । यी कुलघातीहरूका पितृहरू पनि तर्पण-पिण्ड (श्राद्ध) आदि क्रियाको लोपका कारण अधोगति प्राप्त गर्छन् ॥**

*दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।*
*उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥*

**वर्णसङ्कर सन्तानका दोषहरूबाट तिनका जातीय धर्म र सनातनदेखि चलिआएका कुलधर्म पनि नाश हुन्छन् ॥**

*उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।*
*नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥*

**हे जनार्दन ! कुलधर्म नष्ट भएका मानिसहरूको चिरकालपर्यन्त नर्कमा वास हुन्छ भन्ने हामीले पहिल्यैदेखि सुन्दै आइरहेका छौँ ॥**

*अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।*
*यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥*

**अहो ! कस्तो खेदजनक कुरा ! हामीहरू बुद्धिमान् भएर पनि पापकर्म गर्न तयार भएका छौं । राज्यसुखका लोभले आफन्त जनहरूलाई मार्न पनि उद्यत छौँ ॥**

हे कृष्ण ! अधर्मको अभिवृद्धि भयो भने कुलाङ्गना दूषित हुन्छन् र उनीहरू सतीत्वबाट पतित हुँदा ठिमाहा जाति वर्णशङ्कर जन्मिन्छन् । अझ भनूँ कुलाङ्गना दूषित हुँदा ब्राह्मण आदि वर्णहरूमा सङ्कीर्णता आउँछ र वर्ण छ्यासमिस हुन्छ । वर्णशङ्कर अवाञ्छित सन्तान कुलनाशक हुन्छन् र कुल एवम् पितृलाई नर्क पुऱ्याउँछन् । स्वर्गस्थित पितृहरू पनि पिण्ड-तर्पणको अभावमा नर्कमा गिर्छन् । वर्णशङ्कर कुलका संहारक भएकाले सनातन जाति एवम् कुलधर्म दुवै नष्ट हुन्छन् । जसको कुलधर्म नष्ट हुन्छ त्यस्ता प्राणी नर्कमा अनन्त कालसम्म रहनुपर्छ ।

वर्णाश्रम व्यवस्थाका नियमहरू विशेष गरी समाजमा असल सन्तान उत्पन्न गर्ने उद्देश्यले बनाइएको हो । अर्जुन युद्धबाट के के गलत र खराब हुन्छ त्यसको खोज गर्दै छन् । उनका मनमा धेरै नराम्रा कुराहरू सलबलाइरहेका छन् । अहिले मात्र होइन भविष्यमा पनि सन्तति कस्ता हुन्छन् र के खराबी हुन्छ त्यो उनी चिन्तन गरिरहेका छन् । त्यसैले उनी वर्ण कसरी विकृत हुन्छ, कसरी वर्णशङ्कर उत्पन्न हुन्छ भन्ने कुरा अनावश्यक रूपमा चर्चा गरिरहेका छन् । त्यो बेला वर्णशङ्करलाई खराब मानिन्थ्यो । अर्जुन सनातन धर्म कसरी नष्ट हुन्छ, यी सबै खोजिरहेका छन् । अर्जुनलाई नराम्रा कुराहरूको सम्बन्धमा तर्क जुटाउन एक्कासि यस्तो चिन्ता भइरहेको छ ।

द्वितीय विश्वयुद्धमा हिरोसिमाको घटनापछि शान्तिवादी व्यक्तिहरूलाई पनि अर्जुनलाई जस्तै सामाजिक व्यवस्था, सभ्यता आदि नष्ट हुन्छ कि भन्ने चिन्ताले सताएको थियो । शान्तिवादीहरू युद्धबाट के के खराब हुन्छ; त्यसको लेखाजोखा हमेसा गर्छन् । हामी जे गर्न चाहन्छौँ, त्यसका लागि तर्कहरू खोज्छौँ। मानिसको चित्त जे चाहन्छ; त्यसको पुष्टि हुने आधार खोज्छ । अर्जुनलाई पलायनले पकडेकाले अनेकौँ तर्कहरू खोजिरहेका छन् । उनी ममत्वले ग्रस्त भएकाले त्यसका आवरणमा अनेकौँ तर्क र बहानाहरू खोजिरहेका छन् । यी सबै तर्कहरू केवल चालबाजी मात्र हुन् । अर्जुनले अरूलाई मार्दा कहिल्यै नसोचेका उपाय र आधारहरू अचानक आज पलायन हुनका लागि श्रीकृष्णलाई नै उपदेश दिएजस्तो सम्झाइरहेका छन्। अर्जुनको यो आफ्नो दृष्टिकोण होइन । उनी योद्धा हुन् र मार्नु नै उनको विद्यालयीय शिक्षा हो ।

उनका कुरा सुनेर श्रीकृष्ण मुस्कुराइरहनु भएको छ । अर्जुनलाई यसभन्दा पहिले धर्मको कहिले चिन्ता थिएन । ब्राह्मण बिग्रिन्छन्, स्त्रीहरू पथभ्रष्ट हुन्छन् आदि कारण देखाएर भोलि उनलाई अकारण भागेको होइन भन्ने आधार बनाउन खोज्दै छन् । उनको भनाइ ठिक भएको भए श्रीकृष्णले यो सबै ज्ञान गराउनु हुन्नथ्यो । यो अर्जुनको बुद्धिको चालबाजी हो । अर्जुन आफ्ना मानिसलाई मार्न विभिन्न कारण देखाएर आफूलाई न्यायिक बनाउन खोज्दै छन् ।

कुनै पितृगण पिण्डदानमा आधारित हुँदैनन् । पिण्डदानले पितृहरूलाई मुक्त गराउनु भन्दा पनि यो मनोवैज्ञानिक कारणले गरिन्छ । पिण्डदानबाट स्वर्ग या अन्तरिक्षको यात्रामा असर पर्ने हो भने त हामीले तलबाट उनीहरूलाई मृत्युपछि पनि नियन्त्रण गर्न सक्छौँ । यो पुरोहित र शास्त्रका भयदायक कुरा सुनेर अर्जुन भगवान्का सामु तिनै कुरा भन्दै छन् । वर्णसङ्करले कुनै विकृति आउँदैन । वर्णशङ्कर उत्कृष्ट वर्ण हो, वनस्पति र जनावरमा यो सफल पाइएको छ मानिसमा पनि अति प्रतिभाशाली र योग्य व्यक्ति वर्णशङ्करबाट जन्मिन्छ । जीवनका दुई धार मिलेर उत्कृष्ट वर्ण जन्मिन्छन् तर अर्जुन त केवल सुनेका कुरा भन्नका लागि भनिरहेका छन् ।

नर्क र स्वर्ग भौगोलिक स्थान होइनन्, ती मानसिक दशा हुन् । मनुष्य चित्रको आधारमा सोच्दछ र रूपान्तरण गर्छ । बच्चाका लागि चित्रको भाषा नै प्रयोग गरिन्छ । चित्रमा स्वर्गलाई सुखपूर्ण अवस्थामा रहेको देखाउने र नर्कलाई दुख एवम् जलनले भरिएको देखाउने चलन रहेको छ । यसलाई नै तथाकथित पण्डितहरूले सोही चित्रका आधारमा सुख र दुख भनी वर्णन गरेका हुन् । सुखमा व्यक्ति हल्का भएर आलोकले भरिन्छ र फूल खिलेको अनुभुति हुन्छ भने दुखमा अन्धकारमय प्रतीत हुन्छ । स्वर्ग र नर्क यहीँ छन्; त्यसैले हामी चौबिस घण्टामा कतिपटक स्वर्ग र नर्कमा घुमिरहेका हुन्छौँ । क्रोधमा नर्कमा हुन्छौं र शान्ति र प्रसन्नतामा स्वर्गमा हुन्छौँ । यति धेरै उदाहरण दिएर अर्जुन कृष्णसँग युद्धबाट भाग्ने अनुमति मागिरहेका छन् । श्रीकृष्णले ठिक भन्नुभयो भने अर्जुनलाई समाजले भगौडा भन्ने छैनन् भनेर उनी उपर्युक्त विभिन्न तर्कहरू दिइरहेका छन् ।

युद्धका बिच यति लामो अठार अध्याय गीता कसरी भन्न सम्भव भयो भन्ने जिज्ञासा पनि कतिपय व्यक्तिहरूमा हुन सक्छ । केही व्यक्तिहरू त गीता महाभारतमा पछिमात्र प्रक्षेपण गरियो भन्छन् । कतिपयको भनाइअनुसार युद्धकालको संक्षिप्त वार्तालापलाई पछि बिस्तार गरिएको हो भन्ने छ । तर यी सबै केवल अनुमान र तर्क मात्र हुन् । गीता मौनतामा घटेको अन्तरसंवाद हुनुपर्छ । मौन संवादको समय मापन अलग हुन्छ । कहिलेकाहीँ हामीलाई ध्यानमा बस्दा वा झप्की लाग्दा एक छिनमा पूर्ण जीवनका घटनाहरू चित्रित हुन्छन् । कहिलेकाहीँ आफ्नै विवाह भएदेखि सन्तानको पनि विवाह गर्न लागेका सबै घटनाहरू समयमापनको हिसाबले एक मिनेट भन्दा कम समयमा चित्रित भएको सम्झँदा आश्चर्य लाग्छ । त्यति धेरै घटना एक मिनेटमा कसरी सम्भव हुन्छन् तर सपना मापनको समय भने अलग हुन्छ । सुखमा

समय छोटो हुन्छ तर दुखमा समय लामो हुन्छ । आनन्दको अनुभव भएमा समय नै हुँदैन । ब्रह्मको अनुभव त झन् समयातीत हुन्छ ।

नारदको जीवनको एउटा कथा छ- एकपटक जगत् कसरी माया हो भनेर नारदले विष्णु भगवान्सँग सोध्नुभयो । भगवान्ले आफूलाई प्यास लागेकाले पानी माग्नुभयो । नारद पानी लिन गाउँमा पस्नुभयो जहाँ अचानक एउटी सुन्दरी देखा परिन् । नारदले भगवान्लाई भुलेर युवतीसँग विवाहको प्रस्ताव गर्नुभयो । उनीहरूको विवाह भयो र छोराछोरी पनि भए । नारद बुढो भए । गाउँमा बाढी आयो र गाउँ डुब्यो । नारद हडबढाउँदै पत्नी र बच्चा लिएर नदी पार गर्न खोजिरहेका छन् तर बचाउन सक्दैनन् र अन्ततः एक किनारामा बसेर दुखी हुन्छन् । त्यसैबेला एक्कासि नारदको आँखा खुल्छ र भगवान् विष्णुले पानी खै भनेर नारदलाई भन्नुहुन्छ । यति लामो घटना जसरी एक क्षणमा घट्यो त्यस्तै श्रीकृष्ण र अर्जुनको संवाद पनि समयभन्दा बाहिर घटेको घटना हुन सक्छ ।

*यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।*
*धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥*

**अर्जुन भन्छन्- हातमा हतियार लिएका धृतराष्ट्रका पुत्रहरूले कुनै प्रतिकार नगर्ने हतियारविहीन मलाई मार्छन् भने पनि त्यो मेरा लागि श्रेयस्कर नै हुने छ ॥**

*सञ्जय उवाच*
*एवमुक्त्वार्जुनः सङ्ख्ये रथोपस्थ उपाविशत् ।*
*विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥*

**सञ्जयले भने- यसप्रकार रणभूमिमा उपस्थित शोकसन्तप्त अर्जुन यस्तो भनेर गाण्डीवसहितका शस्त्रास्त्र त्यागेर चुपचाप रथका पछाडिको भागमा गएर बसे ॥**

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादेऽर्जुनविषादयोगो नाम*
*प्रथमोऽध्यायः ॥१॥*







*ॐ श्रीपरमात्मने नमः*

दोस्रो अध्याय

# साङ्ख्ययोगः

*सञ्जय उवाच*
*तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।*
*विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥*

**सञ्जयले भने- यसप्रकार दया आदि गुणले युक्त जसका आँखा आँसुले भरिएका छन् एवम् विषादयुक्त छन्, ती शोकयुक्त अर्जुनलाई देखेर भगवान्ले निम्न वचन बोल्नुभयो ॥**

*श्रीभगवानुवाच*
*कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।*
*अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥*

**हे अर्जुन ! यस विषम परिस्थितिमा तिमीमा यस्तो खिन्नता कसरी पैदा भयो ? तिमीमा पैदा भएको चिन्ताले यस लोकमा अपयश र परलोकमा दुर्गति मात्र हुन्छ । त्यसैले यस्ता अनार्य कुरा गर्नु ठिक होइन ॥**

*क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।*
*क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥३॥*

**हे शत्रुनाशक अर्जुन ! तिमीमा पैदा भएको नामर्दपनलाई त्याग; तिमीजस्ता वीरलाई यस्तो सुहाउँदैन । हे परन्तप ! हृदयको तुच्छ दुर्बलतालाई परित्याग गरेर युद्धका निम्ति उठ ॥**

अर्जुन बारम्बार युद्धबाट बच्ने प्रयास गर्दै छन् र श्रीकृष्णबाट त्यसको औचित्य पुष्टि गराउन पनि खोज्दै छन् । आफन्तहरूलाई मार्नुभन्दा त धृतराष्ट्रका पुत्रहरूले आफूलाई मारेमा अधिक हितकर हुने छ भन्दै अर्जुन गाण्डीव छोडेर युद्धमैदानमा चुपचाप खडा भए । अर्जुन आँखाभरि आँसु पारी दयाले भरिएर विषाद गर्दै छन् । सञ्जयले अर्जुन करुणाले होइन दयाले भरिएको भनेका छन् । शब्दकोशमा दया र करुणाको एउटै अर्थ छ, तर वास्तविक रूपमा यी दुईमा भिन्नता छ ।

दया परिस्थितिजन्य हुन्छ भने करुणा मनस्थितिजन्य हुन्छ । जसका हृदयमा करुणा छ त्यसलाई बाहिरको कुनै पनि परिस्थितिले फरक पार्दैन । करुणावान् व्यक्तिबाट हरबखत करुणा प्रवाहित भइरहन्छ । जस्तो फूलको सुगन्धले बाटामा हिँड्ने कोही छ कि छैन भनेर सोच्दैन, सुगन्ध हावामा मिसिएर बगि नै रहन्छ त्यस्तै करुणावान् व्यक्तिको करुणा पनि अहर्निश रूपमा बगि नै रहन्छ । करुणा व्यक्तिको अन्तश्चेतनाको स्रोत हो । त्यसैले बुद्ध र महावीरजस्ता व्यक्तिहरू दयावान् होइन करुणावान् हुन् । दया त्यहाँ जन्मिन्छ, जहाँ करुणा हुँदैन । अर्जुनलाई सञ्जय दयावान् भन्छन् । एउटा गरिब व्यक्ति वा भिखारीलाई देखेर उत्पन्न हुने भाव दया हो । दयाले अहङ्कारलाई पुष्टि गर्छ र करुणाले अहङ्कारलाई समाप्त पार्छ । कसैलाई दान दिँदा वा मद्दत गर्दा मनभित्र जुन मैले गरें भन्ने अहङ्कारको भाव पैदा हुन्छ त्यो दया हो । करुणावान् संसारमा कोही भिखारी नहोऊन् भन्ने चाहन्छ भने दयावान् भिखारीहरू होऊन् भन्ने चाहन्छ । दयावान् तिनलाई मद्दत गरेर आफ्नो अहङ्कारको पुष्टि गर्न चाहन्छ ।

अर्जुनका मनमा करुणाको भाव आएको भए उनी अर्कै धरातलमा पुग्थे तर उनको हृदयमा दया मात्र जाग्यो जो अहङ्कारले युक्त छ । अर्जुन दयाभाव राखेर धृतराष्ट्रका पुत्रहरूलाई मार्नुभन्दा उनीहरूले

नै मलाई मारेमा उचित हुन्छ भनेर आफ्नो अहङ्कारको भाव प्रदर्शित गर्दछन् । अहङ्कारका कारण समयानुसार मनुष्य विपरीत गएर आफ्नो बली चढाउन पनि तयार हुन्छ । उनी यस्तो कुकृत्य मबाट कसरी हुन सक्छ भनेर दया व्यक्त गर्दै छन् । अर्जुनको दयाभावको लक्षण बुझी श्रीकृष्ण मनोचिकित्सकको रूपमा तिमी आर्य हौ तसर्थ यस्तो अनार्य जस्तो कुरा नगर भन्नुहुन्छ । आर्य भनेको श्रेष्ठजन र अनार्य भनेको अश्रेष्ठजन हो । श्रीकृष्ण भन्नुहुन्छ तिमीलाई अश्रेष्ठ, निकृष्ट र दीनहीन जस्तो कुरा गर्न सुहाउँदैन । दया पनि अहङ्कारको भूषण भएकोले तिमीलाई यस लोकमा यस्तो दयाभाव वा अहङ्कारले अपयश दिने छ र परलोकमा पनि दुर्गति नै प्राप्त हुने छ । अहङ्कारयुक्त दयाभावले व्यक्ति दुर्जन भएमा अत्यन्त क्रूर बनाउँछ भने सज्जन भएमा आफैँलाई कष्ट दिने बनाउँछ ।

अर्जुनको भनाइमा अहङ्कारको तीर यताउता मात्र भएको छ । मुख्य विषय मार्ने र मर्ने कुराकै दायराभित्र छ । अहङ्कारको तुष्टि अरूलाई दुख दिनुमा भन्दा आफूलाई दुख दिनुमा बढी हुन्छ । अर्जुन दयाको रूपमा अहङ्कारको तीर आफूतिर मात्र फर्काउन खोज्दै छन् र अहङ्कारलाई बल पुग्ने भाषा प्रयोग गर्दैछन् । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी आर्य, सुसंस्कृत, कुलीन भएर पनि काँतरपन देखाइरहेका छौ । तिमीजस्ता बहादुर व्यक्तिले युद्धबाट भाग्न सुहाउँदैन । श्रीकृष्ण अर्जुनको मानसिक अवस्थामाथि विचार गर्दै उनको अहङ्कारमाथि पहिलो प्रहार गर्नुहुन्छ ।

*अर्जुन उवाच*
*कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।*
*इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ॥४॥*

**अर्जुन भन्छन्- हे मधुसूदन ! मैले कसरी रणभूमिमा पितामह भीष्म र गुरु द्रोणाचार्यलाई बाणले प्रतिप्रहार गरूँ किनभने हे अरिसूदन ! उहाँहरू दुवै मेरा पूज्य हुनुहुन्छ ॥**

श्रीकृष्णको भनाइको आशयलाई अर्जुनले बुझ्न नसकी पुनः अर्को पाटोबाट त्यही कुरा दोहोऱ्याउँछन् । उनी फेरि पनि विनम्रतापूर्वक मर्यादाकै कुरा गर्दछन् तर उनमा अझै अहङ्कार विद्यमान छ त्यसैले म कसरी युद्ध गरूँ भन्दछन् । उनको म भावले रूप बदलेर विनम्रताको रूप लिएको छ जो रक्षात्मक अहम्पन हो । आक्रामक अहङ्कारभन्दा विनम्र अहङ्कार रक्षात्मक हुन्छ । कुनै व्यक्ति विनम्रताको आडमा जब कसैलाई म त के हुँ र हजुरको चरणको धुलो मात्र हुँ भन्छ तब उसका आँखाको भाव हेर्नलायक हुन्छ । यस्तो अवस्थामा उसका आँखा र शरीर भिन्न कुरा गरिरहेका हुन्छन् ।

अर्जुनको निरन्तर असङ्गतिपूर्ण प्रश्न र भनाइ सुन्दा उनले कृष्णका कुराको तात्पर्य बुझ्नै सकेका छैनन् भन्ने स्पष्ट हुन्छ । अतः बारम्बार विभिन्न रूपमा उही कुरा दोहोऱ्याउँछन् । अर्जुन पितामह भीष्म र गुरु द्रोण जस्ता पूज्य व्यक्तिहरूलाई कसरी बाण हान्नु भन्दछन् र झट्ट हेर्दा त आदर प्रकट गरेजस्तो गर्छन् तर राज्यसुखको लोभमा पूजनीय व्यक्तिहरू र बन्धुबान्धवमाथि आक्रमण गरेर अर्जुनले हिंसाको बाटो रोजे भन्ने लोकनिन्दाबाट बच्न चाहन्छन् । उनी गम्भीर हुँदै आफ्ना सम्बन्धी जनहरूलाई आक्रमण गर्नु भन्दा त बरु म मर्न तयार छु भन्दछन् । उनीभित्रको अहङ्कार अर्को चरमपनबाट विनम्रतापूर्वक त्यागको भाषामा बोल्दै छ । अर्जुनको 'म' उनको नियन्त्रणमा छैन, श्रीकृष्णले त्यसैलाई पक्रन खोज्नुभएको थियो तर अर्जुनले त्यसलाई बुझ्न र सुन्न सकेनन् । अर्जुनको उत्तर गेस्टाल्ट मनोविज्ञान जस्तै छ । आकाशमा लागेको बादलका विभिन्न रूपलाई व्यक्तिहरूले भिन्नभिन्न रूपमा देख्ने प्रक्रिया नै गेस्टाल्ट मनोविज्ञान हो । बादलको आकारलाई कसैले भगवान्, कसैले भूतप्रेत वा कसैले आफ्नो आस्था बमोजिम देख्दछ । यसै गरी अर्जुनले पनि युद्धलाई आफ्नै किसिमले हेरेका छन् । अर्जुन कृष्णको भनाइबारे पटक्कै मनन नगरी पुनः असान्दर्भिक कुरा भनिरहेका छन् :

*गुरूनहत्वा हि महानुभावान्*
*श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।*
*हत्वार्थकामांस्तु गुरूनिहैव*
*भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् ॥५॥*

**गुरुजनजस्ता महानुभावहरूलाई मार्नुभन्दा त लोकमा भिक्षा मागेर जिउनु उपयुक्त हुन्छ । सांसारिक लाभको चाहना राख्ने भए पनि आखिर उहाँहरू मेरा वन्दनीय गुरुहरू हुनुहुन्छ । उहाँहरूलाई मारेर प्राप्त वस्तु उपभोग गर्नु भनेको मेरा निम्ति रगत मुछिएको वस्तु उपभोग गर्नुसरह नै हो ॥**

*न चैतद्विद्मः कतरन्नो गरीयो-*
*यद्वा जयेम यदि वा नो जयेयुः ।*
*यानेव हत्वा न जिजीविषाम-*
*स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥*

**हामी के पनि जान्दैनौँ भने हामीले उनीहरूसँग युद्ध गर्नु र नगर्नु यी दुईमा कुन श्रेष्ठ हो ? अथवा हामी उनीहरूलाई जित्छौँ वा उनीहरू हामीलाई जित्छन् यो पनि हामी जान्दैनौँ । जसलाई मारेर हामी बाँच्न चाहँदैनौँ ती धृतराष्ट्रका छोराहरू नै हाम्रा अगाडि युद्धभूमिमा अवस्थित छन् ॥**

*कार्पण्यदोषोपहतस्वभावः*
*पृच्छामि त्वां धर्मसम्मूढचेताः ।*
*यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे*
*शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥*

**हे मधुसूदन ! अविद्यारूपी दोष वा विवेकको दुर्बलताका कारण म पीडित छु र धर्मका बारेमा मेरो हृदय मोहग्रस्त छ । त्यसैले के गर्नाले हाम्रो कल्याण हुन्छ त्यो निश्चित गरेर मलाई भन्नुहोस् । म हजुरको शिष्य, हजुरको शरणमा आएको छु मलाई उपदेश दिनुहोस् ॥**

अर्जुन गुरुहरूलाई मारेर अपयश भोग्दै लोकमा ऋद्धि र सिद्धिको उपभोग गर्नु राम्रो होइन भन्दछन् । भिक्षा माग्नु र युद्ध गर्नु यी दुईमध्ये हामी धर्मपरायणहरूका लागि कुनचाहिँ राम्रो हो, यो पनि हामी जान्दैनौँ । अर्जुन आफ्ना गुरुजनहरूलाई मारेर प्राप्त भएको वस्तु उपभोग गर्नु भनेको आफ्ना निमित्त रगत मुछिएको वस्तु उपयोग गर्नुसरह हो भन्दछन् । जय र पराजयको विषयमा संशय छोडी स्वधर्म सम्झेर युद्ध गरेमा पनि ठिक हुँदैन किनभने युद्धमा आफ्ना प्रियजनहरूलाई मार्दा हामी पनि जीवित रहन सक्दैनौँ तर खेदको कुरा ! धृतराष्ट्रका पुत्रहरू मर्ने निश्चय गरेर सङ्ग्राममा अगाडि खडा छन् । अर्जुन आफ्नै कुरा मात्र गरिरहेका छन् । यसो हेर्दा त उनी कृष्णलाई सोधेजस्तो गर्छन् तर आफ्ना सबै कुरा बताउँदै छन् । अर्जुन भन्छन्- हे भगवन् ! अविद्याले मेरो मन छोपिएको हुँदा मबाट उचित-अनुचितको बोध नै हराएको छ । अर्जुनका अनेकौं धाराप्रवाह एवम् तर्क वितर्कपूर्ण जिज्ञासाका कारण नै मानवसमाजले दिव्यपुरुष श्रीकृष्णबाट अलौकिक गीता ज्ञान प्राप्त गर्न सफल भएको छ । अर्जुनजस्ता शिष्य र कृष्णजस्ता गुरु भएमा मानवसमाजमा अनेकौं ज्ञानधारा प्रवाहित भइरहने छन् ।

अर्जुन पुनः उपदेश दिए जस्तो गर्दै भन्छन्- आफन्तलाई मारेर रक्तले भरिएको अन्न खानु पनि विष खाए बराबर हो । उनी त्यसरी सम्राट् हुनुभन्दा त बरु भिखारी हुनु राम्रो हो भन्दछन् । अर्जुन एकातिर निर्णय नै सुनाउँदै छन् र अर्कातिर प्रश्न पनि सोध्दै छन् । एकातिर अविद्याले आफ्नो मन ढाकिएकाले उपाय बताउन अनुरोध गर्छन् अनि अर्कातिर आफ्नो ज्ञानको निर्णय पनि सुनाउँदै छन् । साथै मलाई मार्गदर्शन गर्नुहोस् मधुसूदन ! भन्न पनि छोड्दैनन् । वस्तुतः यी दुवै कुरा असङ्गत छन् । अविद्याले

मन भरिएको व्यक्तिसँग कसरी यस्तो मिथ्याज्ञान हुन सक्छ । त्यहाँ त केही पनि नहुनुपर्ने हो तर अर्जुन यो ठिक र यो बेठिक हो भन्न छोड्दैनन् । अर्जुनको दयारूपी अहङ्कारले आफ्ना मान्यजन र सम्बन्धीहरूलाई मारेर सम्राट् बन्नुभन्दा त भिखारी हुनु राम्रो ठान्दछ । अहङ्कारमा व्यक्ति मध्यमा नरहेर दुई विपरीत ध्रुवमा रहन्छ । उनी बिचको कुरा नगरेर सम्राट् या भिखारी बन्ने कुरा गर्छन् जसबाट उनको भित्री भावदशा प्रकट हुन्छ ।

अर्जुन सम्राट् या भिखारी दुई अतिका कुरा गर्छन् । युद्ध गरेर विजय प्राप्त गरेमा सम्राट् र पलायन भएमा भिखारी हुने छन् किनभने दुर्योधनले सियो जत्ति जमिन पनि दिन्नँ भनेकाले पलायनबाट प्राप्त हुने अवस्था त भिखारी अवस्था नै हो । दुई अतिहरूका बिचमा अड्न सक्ने व्यक्ति नै अहङ्कारबाट मुक्त हुन्छ भनेर बुद्ध भन्नुहुन्छ । अर्जुनले दुई अति बिचका कुरा गरेका भए सायद श्रीकृष्णले अर्कै ढङ्गले उत्तर दिनुहुन्थ्यो । अर्जुनका यी दुवै अतिमा अहङ्कार मौजुद छ ।

*न हि प्रपश्यामि ममापनुद्याद्*
*यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।*
*अवाप्य भूमावसपत्नमृद्धं-*
*राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥*

**हे मधुसूदन ! मेरा इन्द्रियहरूलाई वश गर्ने या मनको शोक हटाउने कुनै उपाय म देख्दिनँ । स्वर्गको आधिपत्य वा भूमिको निष्कण्टक र धनधान्य सम्पन्न राज्य पाएर पनि म आफूमा निहित शोकलाई हटाउने उपाय देख्दिनँ ॥**

*सञ्जय उवाच*
*एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप ।*
*न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥*

**सञ्जयले भने- हे राजन ! शत्रुमर्दन अर्जुनले उक्त वचन श्रीकृष्ण महाराजलाई भन्दै "हे गोविन्द ! म युद्ध गर्दिनँ" भनेर चुप लागे ॥**

*तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।*
*सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥*

**दुवै सैन्यव्यूहका बिचमा चिन्ताग्रस्त भई उभिएका अर्जुनलाई इन्द्रियहरूका स्वामी श्रीकृष्णले हाँस्दै आफ्ना वचनहरूमार्फत दिशानिर्देश गर्न थाल्नुभयो ॥**

अर्जुन अनिश्चयका स्थितिमा छन् । सञ्जय भन्छन्, म युद्ध गर्दिनँ भन्दै अर्जुन रथमा बस्छन् । युद्धको अनिश्चयको स्थितिमा यस्तो निश्चयपूर्ण भाव उनमा पैदा हुनु विचारणीय कुरो हो । यस्तो अनिश्चित अवस्थामा पनि अर्जुन निश्चित भएर आफ्नो निर्णायक भनाइ व्यक्त गर्दछन् । अर्जुनको मन अविद्याले भरिएको छ र उनी कृष्णसँग सहयोगको अपेक्षा पनि गरिरहेका छन् । उनी अझै पनि आफ्नै निर्णयमा अडिग छन् । जुन व्यक्ति जोड दिएर म यस्तो वा उस्तो हुँ भनी वक्तव्य दिन्छ, यथार्थमा ऊ त्यसको ठिक विपरीत हुन्छ । आफू सदैव सत्य बोल्छु भन्ने व्यक्ति अन्तस्करणदेखि असत्यको पक्षपोषण गर्छ अन्यथा त्यसरी जोड दिएर बोल्नै पर्दैन । अर्जुन एकातिर आफूले स्वर्गको आधिपत्य वा भूमिको निष्कण्टक र धनधान्य सम्पन्न राज्य पाएर पनि आफूमा निहित शोक हटाउन नसक्ने जस्तो निष्कर्ष सहित युद्ध नगर्ने उद्घोष गर्छन् भने अर्कोतर्फ भगवान् श्रीकृष्णसँग सल्लाह पनि माग्दछन् । वास्तवमा युद्ध नगर्ने निश्चयभित्र पनि अर्जुनको युद्ध गर्ने मनसाय लुकेको छ तर अपयशको भारी कृष्णले नै बोकून् भन्ने उनको चाहना छ । यदि उनी साँच्चिकै युद्ध नगर्ने पक्षमा हुन् भने कृष्णसँग के विषयमा सल्लाह मागिरहेका छन्

भन्ने कुरा विचारणीय छ । अर्जुनको मन दुबिधाग्रस्त छ र उनी दोहोरो चित्तमा छन् । अर्जुनको आन्तरिक रूपमा अनिश्चित तर बाह्य रूपमा निश्चयात्मक निर्णय सुनेर एवम् उनको मनोविज्ञान बुझेर भगवान् श्रीकृष्ण हाँस्दै निर्दिष्ट वचन बोल्नुहुन्छ ।

*श्रीभगवानुवाच*
*अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।*
*गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥११॥*

**हे अर्जुन ! जसका लागि शोक गर्नु व्यर्थ छ, त्यसका लागि तिमी शोक गरिरहेका छौ र तिमी विद्वान्हरूका जस्ता शास्त्रमा प्रतिपादित कुराहरू पनि गर्दै छौ । यसरी परस्पर विरोधी मार्गको अवलम्बन गर्न चाहने तिमी पण्डित होइनौ, मूर्ख हौ । ज्ञानी जसले आत्मा र शरीर के हो भन्ने कुरा जानेको हुन्छ उसले जीवित वा मृतकहरूका बारेमा कहिल्यै चिन्ता गर्दैन ॥**

श्रीकृष्णले हाँस्दै अर्जुनलाई भनेको कुरा झन् कठोर छ । उहाँ अर्जुनलाई तिमी शास्त्रको भाषा बोल्दै छौ तर तिमी पण्डित होइनौ मूर्ख हौ भन्नुहुन्छ किनभने अर्जुन शास्त्रको भाषा बोल्दा पनि आफ्नै निर्णय लिँदै छन् । उनी शास्त्रीय मर्यादाअनुसार यो राम्रो यो नराम्रो भनी दुबिधायुक्त कुरा गर्दै छन् र शास्त्रबाट उनी केवल साक्षी खोज्दै छन् । निर्णय त अर्जुनले लिइसकेका छन् । मूर्ख पनि शास्त्रकै भाषा बोल्न सक्छ र शास्त्रबाट आफूले खोजेको निष्कर्ष निकाल्छ । ऊ शास्त्रलाई केवल साक्षीपनका रूपमा प्रयोग गर्न चाहन्छ ।

यसैगरी अर्जुन पण्डित जस्तै भाषा पनि बोल्दै छन् तर उनलाई प्रज्ञा वा ज्ञानसँग कुनै प्रयोजन छैन । उनी सबै शास्त्रहरूलाई आफ्ना पक्षमा खडा गर्न चाहन्छन् र आफूलाई बुझक्कड ठानेर नै आफ्ना तर्कहरू निरन्तर प्रस्तुत गरिरहेका छन् । अर्जुनका अगाडि स्वयम् शास्त्रज्ञ भगवान् श्रीकृष्ण आफैँ उपस्थित हुनुहुन्छ तथापि उनी शास्त्रज्ञ श्रीकृष्णलाई नै शास्त्रका बारेमा बताउँदै छन् । आफ्नै अगाडि स्वयम् पूर्णज्ञान खडा हुनुहुन्छ तर त्यसको पहिचान गर्न नसकेर अर्जुन ज्ञान सिकाउँदै छन् । श्रीकृष्ण सिधा र स्पष्ट कुरा भन्दै हुनुहुन्छ तर अर्जुन भने धेरै समयसम्म अन्धो र बहिरो जस्तो व्यवहार गरिरहेका छन् । उनी एकातिर कृष्णलाई भगवान् भनी सम्बोधन गर्दछन् अर्कातिर कृष्णलाई राम्ररी हेर्दा पनि हेर्दैनन् । अर्जुनले एकपटक कृष्णका आँखामा राम्ररी हेरेका भए सत्य त उहिल्यै प्रकट भइसक्थ्यो । भगवान् श्रीकृष्णले स्वयम् अर्जुनका सारथी भएर रथको लगाम लिनुभएको छ । उहाँलाई नै सर्वस्व समर्पण गर्दा अर्जुन समस्याविहीन हुने थिए। उनी कृष्णलाई भगवान् त भन्छन् तर दुबिधाग्रस्त मनका कारण भगवान्को शक्तिलाई पहिचान गर्न असमर्थ देखिन्छन् ।

जिससको भौतिक शरीरलाई नष्ट गर्ने क्रममा अन्तिम समयमा जब उनका हातमा किला ठोकियो, तब उनका मुखबाट एक वाक्य निस्कियो “हे भगवन् ! यो के देखाइरहेका छौ,” यसको अर्थ जिसस भगवान्को निर्णयको प्रतिकूल अरू नै कुरा हेर्न चाहन्थे तर तत्काल उनको मुखबाट दोस्रो वाक्य पनि निस्कियो “हे देव ! मलाई क्षमा गर, जस्तो तिम्रो मर्जी ।” पहिलो वचन बोल्दा उनी मरियमका छोरा जिसस थिए र अर्को वचनमा क्रान्ति घटित भएर उनी क्राइस्ट भए । अर्जुनलाई कृष्णप्रति विश्वास भएको भए सम्बोधनमा मात्र होइन व्यवहारमा नै भगवान्का रूपमा लिन्थे र आदेश पालन पनि गर्थे । उनलाई भगवान्को अझै अनुभूति भएको छैन त्यसैले उनी म युद्ध गर्दिनँ भनिरहेका छन् ।

*न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।*
*न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥*

**भगवान् भन्नुहुन्छ– म, तिमी र यी राजाहरू हिजो नभएका होइनौं र भविष्यमा पनि हामी नरहने होइनौं । अर्थात् हिजो पनि म, तिमी र यी राजाहरूको स्वतन्त्र अस्तित्व थियो र भोलि पनि हामी सबैको स्वतन्त्र अस्तित्व रहने छ ॥**

अर्जुन युद्धमा संलग्न व्यक्तिहरू अहिले मात्र छन् र मृत्युपछि स्वतः तिनीहरू समाप्त हुन्छन् भन्ने सोच्दछन् तर श्रीकृष्ण भन्नुहुन्छ- अहिले जो व्यक्तिहरू छन्, ती हिजो पनि थिए र भोलि पनि रहने छन् तिनीहरूको भौतिक शरीर मात्र नष्ट हुने हो । विज्ञानले पनि वस्तुलाई नष्ट गर्न सकिन्न र त्यसलाई सिर्जना पनि गर्न सकिँदैन भनेर पुष्टि गरेको छ । अणुतुल्य वस्तुलाई पनि नष्ट गर्न सकिँदैन केवल वस्तुलाई रूपान्तरित गरेर नयाँ रूप मात्र दिन सकिन्छ । जसलाई सृजन भनिन्छ त्यो पनि 'नयाँ रूप' को सृजना मात्र हो नयाँ अस्तित्व होइन र जसलाई विनाश भनिन्छ त्यो पनि अस्तित्वको विनाश होइन केवल रूपको मात्र विनाश हो ।

आकृतिहरू परिवर्तित हुन्छन् तर जे आकृतिभित्र लुकेको छ त्यसलाई बदल्न सकिँदैन । यो त गाडीको किला र पाङ्ग्रा जस्तो छ । किला केन्द्रमा छ, जो घुम्दैन, त्यसमा अड्याएको चक्का वा पाङ्ग्रा मात्र घुम्दछ । यदि चक्कालाई किलाबाट अलग गर्‍यौं भने चक्का घुम्न सक्दैन । चक्काको प्रकृति घुम्ने भए पनि किलामा नजोड्दासम्म त्यो घुम्दैन । आफ्ना अगाडि उभिएका सबै जना युद्धमा मारिने छन् भन्ने सोचले अर्जुन चिन्तित छन् तर श्रीकृष्ण भन्नुहुन्छ- जसलाई तिमी आज देखिरहेका छौ उनीहरू पहिले पनि थिए, आज पनि छन् र भोलि पनि अस्तित्वमा रहने छन् । म, तिमी र यहाँ भएका सबै अनादिदेखि अनन्त कालसम्म अस्तित्ववान् छौं । यहाँ अर्जुन र श्रीकृष्ण दुई अलग कुरा गर्दै हुनुहुन्छ- अर्जुन रूपको, भौतिक जगत्‌को कुरा गर्दछन् भने श्रीकृष्ण अरूपको, अभौतिक अर्थात् अदृश्य जगत्‌को कुरा गर्दै हुनुहुन्छ ।

वस्तुको आकार वा स्वरूप परिवर्तनशील छ । अहिले जुन रूपमा वस्तु देखिन्छन् त्यो क्षणभर पहिले थिएन । एकछिन अघिको आकार वा स्वरूप एकछिनपछि स्वतः बदलिन्छ; उही रूपमा हुँदैन तर अरूप कहिले बदलिँदैन । बुद्ध आफूलाई भेट्न आउनेलाई भन्नुहुन्थ्यो- एकछिन अघि तिमी भेट्न आउँदा जे थियौ, एकछिनपछि तिमी त्यही रूपमा हुँदैनौ । हरेक सात वर्षमा मानिसको शरीरका सबै अणुहरू परिवर्तित हुन्छन् । नयाँ अणु जन्मिन्छन् र मृत अणु शरीरबाट बाहिर निस्किन्छन् । भोजनबाट हामी नयाँ वस्तु भित्र पठाउँछौं र विकार विविध द्वारबाट बाहिर निस्किन्छ । एउटा व्यक्तिको जीवनको क्रियालाई हेर्ने हो भने उसमा अनेकौं परिवर्तन भई नै रहेका हुन्छन् । अस्तित्व नै परिवर्तनशिल छ । यहाँ सूर्य, चन्द्र, ताराहरू सबै हरपल परिवर्तन भइरहेका छन् ।

हामीसँग निकटम ताराको प्रकाश धर्तीसम्म आइपुग्न चार वर्ष लाग्छ । प्रकाशको किरण एक सेकेन्डमा १,८६,००० माइलको रफ्तारमा चल्छ । अझ परका ताराहरू पनि छन् जसलाई प्रकाश पुर्‍याउन सयौं वर्ष पनि लाग्न सक्छ । यस्ता पनि तारा छन् जो चार अर्ब वर्षअघि बनेको पृथ्वीमा अझसम्म प्रकाश पुर्‍याउन सकेका छैनन् । जे हामी अहिले देखिरहेका छौं त्यो त्यही आकृतिमा हुँदैन; पलपल परिवर्तन भइरहेको हुन्छ । आकृतिका बारेमा सधैंको त कुरा नगरौं क्षणभरमा पनि वस्तु त्यही रूपमा रहँदैन । ग्रीक दर्शनशास्त्री हेराक्लिटस (Heraclitus) ले भनेका छन्- तिमी एउटै नदी पार गर्दा उही स्थानमा दुई पटक पाइला राख्न सक्दैनौ । दुईपटक होइन एक पल पनि त्यही नदीमा पाइला राख्न सकिन्न । पाइला राख्दाराख्दै नदीको त्यो रूप परिवर्तन भइसकेको हुन्छ किनभने नदी दौडिरहेको छ । आकृति नदी जस्तै बगिरहेको छ र प्रतिपल परिवर्तन भइरहेको छ । अर्जुन यो रूपको जगत्प्रति चिन्तित भएर प्रतिक्षण मरिरहेका व्यक्तिहरू मरे भने के हुन्छ भनेर सोध्दछन् । उनी असम्भवका लागि चिन्तित छन् । आकृतिलाई क्षणभर त बचाउन सकिन्न भने सदैव बचाउने त प्रश्न नै आउँदैन ।

आकृति, रूप, तरङ्ग, ध्वनिको जगत् पूरा समय कम्पित छ। हामी सबै कम्पित एवम् तरङ्गित छौं। हरक्षण बदलिरहने जगत् या वस्तुलाई बदल्ने प्रयास नै विक्षिप्तता हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी यी सबै जना मर्छन् भन्ने ठान्दछौ तर यिनीहरू पहिले पनि थिए र पछि पनि हुने छन् । तसर्थ तिमी यिनीहरूको मर्ने चिन्ता नगर। न यिनीहरू मर्छन् न त तिमीले मार्न नै सक्छौ । जो मर्नेवाला छ उसलाई चाहेर पनि बचाउन सकिन्न र जो नमर्ने वाला छ उसलाई चाहेर पनि मार्न सकिन्न; तसर्थ चिन्ता गर्नु व्यर्थ छ । ग्रिक दार्शनिक सुकरात (Socrates) आफूलाई फाँसी दिन लागेका बेलामा पनि प्रसन्न थिए। यस्तो दृश्य देखेर उनका शिष्य प्लेटो (Plato) ले तपाईं चिन्तित देखिनुहुन्न, तपाईंलाई मृत्युको भय छैन भनेर सोधे । सुकरातले भन्नुभयो- म यसकारण चिन्तित छैन कि यदि मर्ने नै हो भने किन चिन्ता गर्नु, यदि म बाँच्दै बाँच्दिनँ भने चिन्ता कसले गर्ने र को दुःखी हुन्छ। साथै म मरें भनेर जान्ने पनि कोही हुँदैन। यदि मरेर पनि मृत्यु हुँदैन भने चिन्ता गर्नुको कुनै औचित्य छैन।

यस जगत्मा रूपका बारेमा चिन्ता लिनु बेकार छ किनभने त्यो नाशिने हो र त्यो अवश्यै नाशिन्छ। त्यसैगरी अरूपका सम्बन्धमा पनि चिन्ता गर्नु व्यर्थ छ किनभने त्यो कहिल्यै नाश हुँदैन र त्यसलाई कसैले पनि नाश गर्न सक्दैन । अर्जुनलाई अरूपका बारेमा कुनै जानकारी नै छैन । श्रीकृष्णलाई अर्जुनभित्रको तत्त्व कहिले पनि मर्दैन भनेर राम्रोसँग थाहा छ, तर अर्जुनलाई यस कुराको कुनै ज्ञान छैन । त्यसैले आत्मज्ञान मात्र ज्ञान हो र बाँकी सबै ज्ञान अज्ञान मात्र हुन् । अर्जुनको ज्ञान पनि अज्ञानमा आधारित छ । अर्जुन बडो धर्मको कुरा गर्छन् तर उनलाई रूपभन्दा भिन्न अरूप तत्त्व पनि हुन्छ भन्ने ज्ञान नै छैन। यसरी अमृतको जानकारी नभएको व्यक्ति अज्ञानमा हुन्छ। तरङ्ग सागरमा उर्लन्छ तर सागर स्वयम् तरङ्ग होइन । सागर तरङ्गविना पनि हुन सक्छ । तरङ्गलाई एकक्षण मात्र हेर्न सकिन्छ किनभने त्यो तत्काल परिवर्तन भइहाल्छ । तरङ्गको तात्पर्य जसमा हुनु र नहुनु एकसाथ भइरहन्छ । जो सागरलाई जान्दछ ऊ शरीरको जन्म र मृत्युका बारेमा चिन्तित हुँदैन । भगवान् श्रीकृष्ण सागरको कुरा गर्दै हुनुहुन्छ भने अर्जुन तरङ्गको कुरा गर्दै छन्। गीतामा लामो संवाद हुनाको कारण पनि पूर्व र पश्चिमजस्तो विपरीतता भएर हो । अर्जुन बारम्बार तरङ्गको कुरा गर्छन् र श्रीकृष्ण सागरको कुरा गर्नुहुन्छ । त्यसैले मिलन विन्दु पहिल्याउन श्रीकृष्णले निकै कसरत गर्नु परेको हो । अर्जुनको सारा पीडाको मूल कारण नै आत्म-अज्ञान हो।

श्रीकृष्ण सर्वोच्च द्रष्टा, ज्ञाता र पूर्ण परीक्षित हुनुहुन्छ। त्यसैले त उहाँ भूत, भविष्य र वर्तमानका द्रष्टा अर्थात् त्रिकालदर्शी हुनुहुन्छ तर अर्जुन वर्तमान मात्र देख्छन् । उनी भूत र भविष्यका बारेमा अनभिज्ञ छन् । श्रीकृष्णको चेतनाको तह सदावहार वा शाश्वत छ र उहाँका लागि सबै शाश्वत वर्तमान हो । अर्जुन नामको व्यक्ति हिजो पनि थियो भन्ने भूल अर्जुनलाई हुन सक्छ । अर्जुन नामको व्यक्ति त केवल एक वस्त्र हो, जो मृत्युपछि फेरिएर त्यही वस्त्र रहँदैन तर जुन कुरामा त्यो वस्त्र टाँगिन्छ त्यो खुट्टी हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहने छ। आकृति प्रकट अभिव्यक्ति हो भने अनाकृति अस्तित्व हो। अस्तित्व त्यति नै प्रकट हुन्छ जति हामीसँग इन्द्रिय छ । विभिन्न तरङ्गहरू प्रसारित भइरहेका हुन्छन् तर रेडियोमा हामीले सुन्न चाहेको तरङ्ग मात्र सुन्न सक्छौं । वैज्ञानिकहरूले पचास हजार ग्रहमा जीवन छ भन्ने सम्भावना दर्शाएका छन्, जुन हामी जान्दैनौं र त्यो हाम्रो क्षमताभन्दा बाहिरको कुरा हो । अस्तित्व भित्री घटना हो जो प्रकट भएमा अभिव्यक्त जगत् र जीवन हुन्छ भने अप्रकट भएमा अव्यक्त अस्तित्व हुन्छ। श्रीकृष्ण अर्जुनलाई सम्झाउँदै भन्नुहुन्छ, जे प्रकट भयो त्यो मात्र तिमी होइनौ, जे प्रकट भएको छैन त्यो पनि तिमी हौ। त्यो अप्रकट अनादि हुनाले सारा अभिव्यक्तिपछि पनि त्यो शेष रहन्छ।

*देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।*
*तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥*

**जसरी यो शरीरस्थ आत्मा बाल्यावस्थाबाट यौवनावस्थामा र यौवनावस्थाबाट वृद्धावस्थातिर निरन्तर परिवर्तन भइरहन्छ, त्यसरी नै यो आत्माले निश्चय नै एउटा शरीरबाट निस्केर अर्को भौतिक या आध्यात्मिक शरीर प्राप्त गर्ने भएकाले धीर पुरुष यो परिवर्तनलाई देखेर शरीरको अवसानमा मोहित हुँदैनन् ॥**

शरीरमा बालक, युवा र वृद्धावस्था लगायतका परिवर्तनहरू देखिन्छन् तर त्यसभित्र रहेको आत्मा परिवर्तन नभएर एउटै हुन्छ । त्यसैगरी शरीरको मृत्युपछि आत्माले नयाँ शरीर प्राप्त गर्छ तर आत्मा कहिल्यै पनि मर्दैन । भगवान् श्रीकृष्ण भन्नुहुन्छ- यहाँ कोही पनि स्थिर छैन । तिमी जुन आकृतिलाई नियालिरहेछौ, त्यो आकृति पनि क्रमशः बालक, युवा हुँदै बुढो भइरहेको छ । आमाको कोखमा भएको पिण्ड मानवाकृतिको रूपमा बदलिएर अहिलेको आकृतिमा प्राप्त हुन्छ र लगातार फेरबदल भइरहन्छ । जुन आकृतिलाई देखेर तिमी यो मेटिन्छ भनी चिन्ता गर्छौ त्यो आकृति त प्रतिक्षण हराई नै रहेको छ । मनुष्यको सारा जीवन मृत्युतिर नै बढिरहेको छ । जन्मदेखि अन्तिम यात्रासम्म हामी प्रतिक्षण परिवर्तित भइरहेका छौं तथापि हामीलाई आफू उही नै छौं जस्तो लाग्छ । हामीभित्र रहेको त्यो नबदलिने तत्त्वको अनुभव भएमा मात्र "म त उही हुँ" भन्न सक्छौं । हामी बालक, युवा र बुढो भए पनि भित्रको आत्मतत्त्व कहिल्यै परिवर्तन हुँदैन । जन्म-मृत्यु स्थिति मात्र हो जुन आउँछ, घट्छ र जान्छ तर भित्रको अमृत तत्त्व सधैं स्थिर, अपरिवर्तनशील र शाश्वत रहन्छ र धीर पुरुष यो परिवर्तनलाई देखेर शरीरको अवसानमा मोहित हुँदैनन् । भगवान् श्रीकृष्ण त्यसैको कुरा गर्दै हुनुहुन्छ ।

मृत्युपछि पनि आत्माको अस्तित्व र अभिव्यक्ति दुवै हुन्छ । अर्को शरीर धारण गर्ने सिलसिलामा सूक्ष्म शरीरको अभिव्यक्तिको माध्यम मात्र बदलिन्छ । साधारण भौतिक शरीर जलेर नष्ट भए पनि हामीभित्र सूक्ष्म शरीर पनि हुन्छ । साधारण मृत्युमा हाम्रो स्थूल शरीर जलेर नष्ट हुन्छ र आत्मा सम्पूर्ण स्मृतिका साथ सूक्ष्म शरीर लिएर यात्रा गर्छ । त्यही सूक्ष्म शरीरमा हाम्रा सारा स्मृति, वासना, कामना, अनुभव र सारा कर्महरू सङ्ग्रहित हुन्छन् र सँगै यात्रा गर्छन् । सूक्ष्म शरीर नयाँ शरीरको आधार हो । हामीले गरेका कर्म एवम् पाप, पुण्य, विचार, ज्ञान, अहङ्कार आदि सारा कुराले सूक्ष्म शरीर युक्त हुन्छ एवम् यी सबै सङ्ग्रहित कुराहरूका साथ सूक्ष्म शरीरले नयाँ शरीर ग्रहण गर्छ । सूक्ष्म शरीर नभई नयाँ शरीर ग्रहण हुन सक्दैन ।

जीवनभरिका हाम्रा कामना, इच्छा, चाहनाहरू सूक्ष्म शरीरमा लुकेर प्रतीक्षा गर्छन् र नयाँ शरीर ग्रहण गर्दा पुनः ती सबै सँगसँगै लिएर यात्रा प्रारम्भ हुन्छ । व्यक्ति जब वासनाशून्य हुन्छ तब सूक्ष्म शरीर टुटेर समाप्त हुन्छ र जन्म-मृत्युको यात्रा समाप्त भएर केवल अस्तित्व मात्र बाँकी रहन्छ । संसारमा आउने जाने प्रक्रियाबाट मुक्त हुनु अभिव्यक्तिबाट मुक्त हुनु हो । त्यो शुद्ध अस्तित्वको खोज हो जहाँ हुनु (Just being) मात्र रहन्छ । जुन समयमा हामी वासना, चाहना छोडेर मर्छौं तब सूक्ष्म शरीर त्यहीँ समाप्त हुन्छ ।

*मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।*
*आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥*

**हे अर्जुन ! दुख र सुख त जाडो र गर्मी जस्तै समयक्रममा आउने जाने अस्थायी वा अनित्य विषय हुन् जुन इन्द्रिय र विषयका सम्बन्धबाट उत्पन्न हुन्छन् । तसर्थ यस्ता अनित्य कुरालाई विचलित नभईकन सहन गर ॥**

जो जन्मन्छ, ऊ मर्दछ । जो उत्पन्न हुन्छ, ऊ नष्ट हुन्छ । जे सिर्जना हुन्छ त्यो अवश्य विनाश हुन्छ । यस प्रकारको जागरण आयो भने कसैको जन्म यां मृत्युमा दुखको अनुभूति हुँदैन । साथै जो समाप्त हुँदा दुख हुँदैन, ऊ हुँदा पनि सुखी हुने कुनै कारण नै हुँदैन । हाम्रो सुख-दुखको कारण हाम्रो भ्रान्ति हो र हामीलाई जे छ त्यो सदाका लागि रहन्छ भन्ने लाग्छ । जसले जन्मँदै मृत्यु देख्न सक्छ, उसलाई जन्मँदा कुनै खुसीको अनुभूति हुँदैन र मृत्युमा दुख पनि हुँदैन । जब सुख र दुख हट्छ, तब आनन्द मात्र रहन्छ । सुख र दुख एउटै सिक्काका दुई पाटा हुन् । जसले मिलनमा विरह देख्दैन, त्यसले मिलनको क्षणिक सुख मात्र पाउँछ । मिलन र बिछोड एकै प्रक्रियाका दुई हिस्सा हुन् । त्यसैले जो सुखी छ, त्यो दुखतर्फ अग्रसर भइरहेको छ । जो बन्छ त्यो विनाश हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा आउने जाने सुखदुख त जाडो-गर्मीजस्तै अस्थायी रूपमा आउने विषय हुनाले यस्ता अनित्य कुरालाई विचलित नभई सहन गर । तर हामी आधा सत्य मात्र देख्छौँ र दुखी हुन्छौँ । जुन व्यक्तिले पूर्ण सत्य देख्न सक्छ त्यसलाई आनन्द प्राप्त हुन्छ । असत्य पनि सत्यको आधारमा मात्र हुन्छ अन्यथा असत्य हुँदै हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ, तिमी आधा सत्यलाई देखेर विचलित भइरहेका छौ त्यसैले तिमी पूरा सत्यलाई हेर । जीवन एक छेउबाट अर्को छेउसम्मको यात्रा हो । सुखबाट दुख र दुखबाट सुखसम्मको यात्रा हो । त्यसैले हे भारत ! पूरा सत्यलाई हेर र यसो गऱ्यौ भने तिमी उद्विग्न हुने छैनौ ।

*यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।*
*समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥*

**हे पुरुषश्रेष्ठ ! सुख र दुखबाट विचलित नहुने र जाडो तथा गर्मीमा समान अवस्थामा रहने धीर पुरुषहरू नै मुक्ति प्राप्त गर्न सक्षम हुन्छन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति सुख र दुख दुवैलाई समान ठान्छ त्यो नै ज्ञानी हो । जसले जन्मको समयमा नै मृत्यु देख्छ, सुखमा पनि दुखको छाया देख्छ, मिलनमा विरहलाई देख्छ र जो विपरीत प्रतिफललाई देख्न सक्छ त्यो नै ज्ञानी हो । हाम्रो अनुभवमा यस्तो कुनै सफलता छैन जो असफलता नभएको होस् । लाउत्सु (LaoTzu) भन्छन्, मलाई कसैले हराउन सक्दैन किनभने मैले कहिल्यै जित्ने प्रयास नै गरिनँ । जो सुख चाहन्छ, त्यही दुखमा परिणत हुन्छ । ज्ञानी व्यक्तिमा सुख र दुखको चयन हुँदैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी पूरा हेर, ज्ञानी बन, हरेक विपरीततामा सम बन र ब्रह्मभाव प्राप्त गर किनभने यस्तो सम अवस्थामा रहन सक्ने धीर पुरूषहरू नैं मुक्ति प्राप्त गर्न सक्षम हुन्छन् ।

*नासतो विद्यते भावो नाभावो विद्यते सतः ।*
*उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥*

**असत् वस्तु अर्थात् भौतिक जगत् र शरीरको अस्तित्व हुँदैन वा त्यो चिरस्थायी हुँदैन भने सत् वस्तु आत्माको परिवर्तन वा नाश हुँदैन । तत्त्वदर्शीहरूले यी दुवैको रहस्य बुझेका र अनुभव गरेका छन् ॥**

सत् र असत्को भेदलाई चिन्नु नै ज्ञान र प्रज्ञा हो । सपना र यथार्थको अन्तरलाई जान्नु नै मुक्तिको मार्ग हो । श्रीकृष्ण भन्नुहुन्छ- जो छ, सदा छ र सदा हुन्छ त्यो सत् हो र जो कहिल्यै थिएन र भविष्यमा पनि हुने छैन त्यो असत् हो । साधारणतया हामी “छैन” भन्ने क्रियापदको प्रयोग गर्छौं र यस्तो पदको प्रयोग गर्नु पनि आवश्यक छैन किनभने जे छैन, त्यो छैन । त्यसैले असत्को अर्थ छैन भन्ने मात्र होइन । असत्को अर्थ जो छैन तर पनि छ जस्तो भ्रम दिने मात्र हुन्छ ।

असत् सत्य जस्तो लाग्छ तर यो सपना मात्र हो । सपना देखुन्जेल त्यो सत्य जस्तो लाग्छ तर बिउँझिने बित्तिकै सबै सपना असत्य साबित हुन्छ । यो सत्य प्रतीत हुने परिवर्तित जगत् वास्तवमा असत् हो । संसारलाई असत् भन्नुको अर्थ जो जागृत् भएर देख्छ त्यसलाई संसार पनि सपना जस्तै लाग्ने छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो हिजो थिएन र भोलि पनि हुँदैन, केवल आज मात्र छ त्यो असत् हो । असत् भूत र भविष्यमा हुँदैन केवल वर्तमान अर्थात् बिचको अवधिमा मात्र हुन्छ । तर जो हिजो पनि थियो, आज छ र भोलि पनि हुने छ अर्थात् भूत, भविष्य र वर्तमानमा सदैव रहने शाश्वत वस्तु नै सत् हो । जो सपना र जागरण दुवै अवस्थामा छ त्यो सत् हो । सत् चेतनाको हर अवस्थामा हुने हुँदा यो सदा, अनादि, सनातन र अनन्त छ । सत्को बोध भएपछि कुनै व्यक्ति दुखी र विचलित हुँदैन किनभने उसलाई जुन शरीर एक क्षणअघि थिएन, अहिले छ र एक क्षणपछि हुने छैन भन्ने थाहा हुन्छ । दुवै किनार अर्थात् भूत र भविष्यमा पनि हुने अनन्त विस्तार जो बिचमा पनि छ त्यो सत् हो भने दुवै किनारमा नहुने बिचमा मात्र हुने असत् हो । सुख जो क्षणभर पहिले थिएन, अहिले क्षणभरका लागि छ र क्षणभरपछि हुँदैन त्यो असत् हो । दुख स्थायी छैन केवल क्षणिक समयका लागि मात्र छ । शरीर जो अहिले छ, क्षणभर पहिले थिएन र क्षणभरपछि फेरि हुँदैन त्यो असत् र क्षणिक हो । अघिपछि नहुने र बिचमा मात्र हुने त धोका र भ्रम मात्र हो ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो अतीतमा थिएनन् र भविष्यमा पनि हुने छैनन्, केवल बिचमा देखा परेका व्यक्ति वा सम्बन्धी जनहरूका लागि दुखी हुनु र मोहमा पर्नु उचित होइन किनभने उनीहरू वस्तुतः अहिले पनि छैनन् केवल भएको जस्तो देखिने सपना र भ्रम मात्र हुन् । जसको अन्त्यको आशङ्काले भयभीत भएर चिन्ता गर्दै छौ उनीहरू केही क्षणपछि हुँदैनन् । सपनाबाट बिउँझँदा सपना असत्य प्रतीत भए जस्तै ज्ञान प्राप्त भएपछि बाहिरी आँखाले देखेका सबै भौतिक वस्तु वा शरीर असत् हुन् भन्ने बोध हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! असत्मा होइन, सत्मा ध्यान देऊ र सत् तिमीलाई आभास भएको छैन भने पनि त्यसलाई खोज । जीवनमा सत्को खोज असत्बाट सुरु हुन्छ । असत्लाई असत् भनेर चिन्न सत्को धरातलमा उभिएर खोज्नुपर्छ । जबसम्म सत्लाई चिन्न सकिन्न, तबसम्म असत् भनेर थाहा पाउन सकिन्न ।

हामी जसलाई असत् भन्छौं त्यसको आधार पनि सत् नै हो; यो अँध्यारोमा एउटा डोरी देख्दा त्यसलाई सर्प भनी ठान्नुजस्तै हो । त्यस्तै सत्का आधारमा असत्लाई चिन्न सकिन्छ । पदार्थको पछाडि पनि परमात्मा छ । तरङ्ग वा छालका पछाडि सागर छ । हामी भएको कारणले नदीमा हाम्रो प्रतिविम्ब देखिन्छ र हामी नभएमा प्रतिविम्ब देखिँदैन । त्यो प्रतिविम्ब सत् होइन केवल आकृति मात्र हो तर त्यो प्रतिविम्ब जहाँबाट उत्पन्न हुन्छ त्यो सत् हो । असत् सत्को क्षणभरको झलक मात्र हो र त्यही झलकबाट त्यो निराकारलाई चिन्न सक्नु नै सत्लाई चिन्नु हो । यो संसार प्रतिविम्ब एवम् आकृतिहरूको जगत् हो । त्यसैले असत्बाट सुरु गरेर सत्लाई खोज्नुपर्छ। सपनालाई सपनाको रूपमा बुझ्न सकियो भने असत् हराउने छ । असत्लाई सपनाको रूपमा हेर्ने प्रयास गरेमा निरन्तरको अभ्यासबाट सत्मा पुग्न सकिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसले सत् र असत्को भेदलाई जान्दछ त्यसले ज्ञान प्राप्त गर्दछ । जुन कुरा हामी प्रयास गरेर पनि हटाउन सक्दैनौं, जो सदा रहिरहन्छ त्यो सत्, शाश्वत र अनन्त हो । असत् सधैं समयभित्र हुन्छ । असत्मा समयको त्रिकालिक विभाजन हिजो, आज र भोलि हुन्छ तर सत्मा समय विभाजित हुँदैन । असत् क्षणिक हुन्छ र सत् सदैव क्षणको पार हुन्छ । श्रीकुष्ण भन्नुहुन्छ- यसको भेदलाई जान्ने व्यक्ति नै ज्ञानी हो ।

*अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।*
*विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥*

**जो यो विश्व ब्रह्माण्डमा व्याप्त छ, अर्थात् सम्पूर्ण शरीरहरूमा व्याप्त छ, त्यो सूक्ष्म वस्तु अविनाशी छ । त्यो ईश्वरीय अंश आत्मा अविनाशी भएकाले कसैले यसको विनाश गर्न सक्दैन । जसमा यो सारा ब्रह्माण्ड व्याप्त छ त्यो स्थूल वस्तु वा ब्रह्माण्ड भने नाशवान् छ ॥**

एउटा कोठामा भएको खालीपनले कोठालाई पूर्ण रूपले व्याप्त गरेको छ । यो खालीपन कोठा बन्नु अघि पनि थियो, भोलि कोठा नभएमा पनि रहन्छ र आज कोठा हुँदा पनि मौजुद छ । खालीपन सदा रहन्छ। रुख, मानिस आदि छन् भन्न मिल्छ तर खालीपन वा परमात्मा छ भन्नु पुनरुक्ति हो । त्यसैले बुद्धले कहिल्यै परमात्मा छ भन्नु भएन तर नबुझ्ने मानिसहरूलाई बुद्ध नास्तिक हुनुहुन्छ भन्ने लाग्यो । छ त त्यसैलाई भनिन्छ, जो नहुन पनि सक्छ । परमात्मा शाश्वत, अनादि र सनातन छ; त्यसैले उसलाई छ भनिरहनु आवश्यक छैन । त्यस्तै खालीपन पनि सदादेखि छ तसर्थ खालीपन छ भनिरहन आवश्यक छैन । गारो लगाएर बनाइएको कोठा पनि खालीपन होइन ।

यो विराट् विश्व ब्रहमाण्ड अनन्तसम्म फैलिएको छ जसको आदि र अन्त्य छैन । ब्रहमाण्डको अर्थ नै असीमित हुनु हो । यो अनन्त खालीपन नै सत् हो र यो अनन्त खालीपनमा धेरै कुरा बन्छन् र नष्ट हुन्छन् किनभने ती सबै असत् हुन् । एउटा वृक्ष खालीपनमा पालुवा हाल्छ, फूल फुल्छ, फल लाग्छ, पाक्छ र नष्ट हुन्छ । त्यो खालीपन रुख उम्रिनु अघि, रुख बन्ने प्रक्रियामा, रुख बनेपछि पनि र नष्ट हुँदा पनि रहने छ। खालीपनमा चिज बन्छ र नष्ट हुन्छ । त्यो बाह्य दृष्टिले गोचर हुने कुरा स्थूल हो तर त्यो खालीपन जो गोचर छैन त्यो कहिल्यै पनि बन्दैन र नष्ट पनि हुँदैन । त्यो सूक्ष्म र अदृष्य छ । स्थूलको सानो भन्दा सानो हिस्सा पनि सूक्ष्म होइन । कुनै पनि उपकरणबाट देखिने चिज सानो भन्दा सानो विद्युत्को कणलाई पनि सूक्ष्म भनिँदैन । सूक्ष्म त कहिल्यै देखिँदैन र देख्न पनि सकिँदैन । श्रीकृष्ण त्यही सूक्ष्मको कुरा गर्दै हुनुहुन्छ जो अविनाशी छ जसका लागि शब्द छैन र त्यो इश्वरीय अंश आत्मा अविनाशी भएकोले कसैले यसको विनाश गर्न सक्दैन तर जसमा यो सारा ब्रह्माण्ड व्याप्त छ त्यो स्थूल वस्तु वा ब्रह्माण्ड भने नाशवान् छ । यदि असीमित भन्नु परे पनि सीमाबाट नै भन्नुपर्छ । मनुष्यका अभिव्यक्तिका शब्दहरू सबै जोडीमा (Pairs) छन् । इन्द्रियको नियन्त्रणमा आउने कुरा स्थूल भएकोले परमाणु पनि स्थूल हो । सूक्ष्म कुरा मनुष्यका इन्द्रियहरूको सीमामा आउँदैन । विचारले जसलाई समात्न सकिँदैन, त्यो सूक्ष्म हो । तसर्थ अज्ञान सूक्ष्म होइन, अज्ञेय सूक्ष्म हो । परमात्मा जो सूक्ष्म हुन्छ, त्यो कसैको नियन्त्रणमा आउनै सक्दैन । त्यस्तै खालीपन पनि सूक्ष्म एवम् सत्य हो ।

एक जना ताओ (Tao) गुरुले आफ्ना शिष्यहरूलाई गाई र घाँसको चित्र बनाएर ल्याउन भने । सबैले चित्र बनाएर ल्याए । एकजनाले खाली कागज मात्र बुझाए । त्यो देखेर गुरुले सोधे- “के तिमीले चित्र बनाउन सकेनौ ?” शिष्यले जवाफ दिए- “बनाएको छु, हेर्नुहोस् न !” गुरुले फेरि सोधे- “घाँस खोई त” शिष्यको जवाफ थियो, घाँस त गाईले खाइसक्यो ! अनि “गाई खोई त” गुरुले प्रश्न गरे । शिष्यको जवाफ थियो, “गाई त घाँस चरेर गइसक्यो ।” अन्त्यमा गुरुले सोधे- “के बच्यो त अब ?” शिष्यले भने- “जो गाई र घाँसभन्दा पहिले पनि थियो र गाई र घाँसपछि पनि जसको अस्तित्व रहन्छ, त्यही खालीपन बनाएर ल्याएको छु गुरुदेव !” यही खालीपनलाई नै भगवान् श्रीकृष्ण सूक्ष्म भन्नुहुन्छ अर्थात् जो सदा रहन्छ त्यो नै सत् हो । शून्य र पूर्ण एउटै वस्तुका दुई छेउ हुन् । शून्य नकारात्मक दृष्टि हो भने पूर्ण सकारात्मक दृष्टि हो । केवल शून्य मात्र पूर्ण हुन्छ र पूर्ण अपूर्ण हुनै सक्दैन । जोड घटाउले शून्यलाई फरक पार्दैन । पूर्णमा केही जोड्न र निकाल्न सकिन्न । यी दुवैमा जे जोडे पनि र जति नै घटाए पनि उत्ति नै शून्य र उति नै पूर्ण रहन्छ । बुद्ध र शङ्कराचार्यलाई हेर्दा यिनमा विरोध देखिए पनि वास्तवमा विरोध छैन केवल शून्य र पूर्णको अभिव्यक्ति मात्र भिन्न छ । उहाँहरूको भनाइ अलग भए पनि कुरा एउटै हो । एउटाको अनुभव भएमा दुवैको ज्ञान हुन्छ ।

भाग्नुको अर्थ समष्टिको इच्छामा आफ्नो आपत्ति हो । हामी जहाँ छौं त्यहाँ केवल जाग्नु पूर्णता हो । आधा हृदयबाट बाँच्ने व्यक्ति त्याग्ने र भाग्ने कुरा गर्छन् । तर पूर्णताका साथ बाँच्ने व्यक्ति केवल जाग्ने मात्र कुरा गर्छन् । जागृत भएर हेरे मात्र जान्न सकिन्छ भाग्ने कुनै आवश्यकता हुँदैन । पदार्थबाट भाग्यो

भने केही पाइन्न, जहाँ गए पनि त्यही पदार्थ मात्र पाइन्छ तर जागेमा पदार्थमा परमात्मा पाउन सकिन्छ । एउटा आकृतिबाट भागेर व्यक्ति अर्को आकृतिमा, एक स्थानबाट भागेर अर्को स्थान, एक मानिसबाट भागेर अर्को मानिसमा पुग्छ । जहाँसम्म र जता भागे पनि संसारमा नै पुगिन्छ । जागेर मात्र परमात्मामा पुग्न सकिन्छ । अज्ञानी कहिले धन, स्त्री र कामवासनातिर भाग्छ भने कहिले पदार्थहरूबाट भाग्छ । केही पाउन नसकिने र छोड्न नसकिने संसार हो । असत् पनि त्यही हो, न पाउन सकिन्छ न छोड्न सकिन्छ केवल असत्प्रति जाग्न मात्र सकिन्छ । श्रीकृष्ण अर्जुनलाई भाग्नबाट बचाउन खोज्दै हुनुहुन्छ । यो सम्पूर्ण गीता भाग्ने व्यक्तिहरूलाई जागृत गराउनका लागि हो । श्रीकृष्ण भन्नुहुन्छ- संसारी र सन्न्यासी अलग होइनन् । संसारबाट भागेर कोही सन्न्यासी हुँदैनन् । संसारबाट जाग्न सक्यो भने मात्र सन्न्यासी हुन सकिन्छ । सपनालाई सपना मान्नु नै सपनाबाट जाग्नु हो । त्यसैले हे अर्जुन ! जाग ! तिमी जागेर सत् र असत् के हो हेर, यदि तिमी जाग्यौ भने त्यो जागरणमा तिमी ईश्वर बन्न सक्ने छौ ।

*अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।*
*अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥*

**श्रीकृष्ण भन्नुहुन्छ- हे भारत ! अविनाशी, अपरिमेय (मापन गर्न नसकिने), एवम् शाश्वत जीवात्माको शरीरलाई नाशवान् भनिएको छ; त्यसैले हे भरतवंशी युद्ध गर ॥**

अर्जुन पनि हामी जस्तै शरीर र युद्धलाई सत् ठान्दछन् साथै उनी मृत्युलाई पनि सत्य ठानिरहेका छन् । तसर्थ अर्जुनलाई सम्झाउँदै श्रीकृष्ण भन्नुहुन्छ- यो शरीर र देखिने सबै मानिसहरू स्वप्न जस्तै हुन् । तिमीले मारेर मर्ने या कहिल्यै नमर्ने पनि होइनन् । यो अविनाशी, अपरिमेय एवम् शाश्वत जीवात्माको शरीर नाशवान् छ; त्यसैले चिन्ता नलिई युद्ध गर । श्रीकृष्णको "युद्ध गर" भन्ने वचन आस्तिक व्यक्तिहरूलाई अचम्म र कष्टपूर्ण लाग्न सक्छ; तर उनीहरू कृष्णलाई बुझ्न सक्दैनन्। एकातिर पानी छानेर खाऊ, अनि अर्कातिर हिंसा हुन्छ भनी खुट्टा भुइँमा राख्दा विचार गरेर राख भन्ने व्यक्ति पनि छन् । त्यसैले यो अज्ञानरूपी सपना जो असत् हो, त्यसलाई वास्ता र फिक्री नगरी तिमी युद्ध गर भन्ने श्रीकृष्णको वचन उनीहरूलाई बुझ्न गाह्रो भएको छ । अहिंसावादीहरू अर्जुनको भनाइमा सहमत हुन सक्छन् तर श्रीकृष्ण भन्नुहुन्छ- जो सपना अर्थात् असत् हो जुन क्षणभरका लागि देखिन्छ, त्यसका लागि तिमी चिन्तित हुनु व्यर्थ छ । श्रीकृष्णको यो भनाइ साधारण नीतिभन्दा धेरै माथिको कुरा हो ।

भगवद्गीता पहिलो पटक अनुवाद भएर पाश्चात्य संसारमा पुगेपछि शरीर असत् हो; त्यसैले तिमी युद्ध गर भन्ने वचन पढ्दा त्यहाँका नीतिज्ञहरूलाई यो विचार अनैतिक लाग्यो । सामाजिक व्यवस्थालाई चलाउन र त्यसलाई मर्यादित बनाउनका लागि नीति बनाइन्छ तर नीति धर्म होइन । नीति समयानुकूल परिवर्तनशील हुन्छ । नीति-कुनीति दुवै असत्का हिस्सा हुन् र सत्ले यी सबैलाई पार गर्छ । धर्म त नीति भन्दा धेरै माथि छ । श्रीकृष्णका विचारमा हिंसा-अहिंसा र शुभ-अशुभ पनि एउटै कुराका हिस्साहरू हुन् । हिंसा-अहिंसा दुवै सपना हुन् र पूरा सपनालाई जो सपनाको रूपमा जान्दछ ,त्यसले नै सत्लाई प्राप्त गर्छ। यस्तो कुराले नीतिमाथि अतिक्रमण गर्छ । उहाँको भनाइ अनुसार राम्रा-नराम्रा कुरा दुवै स्वप्न र असत् हुन्। श्रीकृष्ण न हिंस्रक न अहिंस्रक हुनुहुन्छ किनभने हिंस्रक म अरूलाई मार्दछु भन्ने सोच्छ भने अहिंस्रक म अरूलाई बचाउँछु भन्ने सोच्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो मारिँदैन, त्यसलाई बचाउन पनि सकिँदैन । कसैलाई कसैले न त मार्न सक्छ न त बचाउन नै सक्छ । यी दुवै एक-अर्काका विपरीत सपना हुन् । जो सत् हो त्यो सदैव छ; त्यो नष्ट हुनै सक्दैन । जो असत् छ त्यसलाई नष्ट गर्नै पर्दैन किनभने त्यो क्षणिक छ । त्यसैले यी दुवै सपना हुन् । यदि सपनालाई सपना, असत् या भ्रम हो भनी जान्यो भने व्यक्ति जागृत हुन्छ । यो जागरणको प्रक्रियाबारे नीतिवादीहरू र अर्जुनलाई बुझ्न कठिन भइरहेको छ ।

*य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।*
*उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥*

**श्रीकृष्ण भन्नुहुन्छ– जसले यो जीवात्मा मारिन्छ भन्ने ठान्दछ या जसले यसलाई मरेको मान्दछ, ती दुवै जीवात्माका बारेमा जान्दैनन् किनभने आत्मा न कहिल्यै मर्छ, न त मारिन्छ नै ॥**

जुन सत् हामी भित्र छ त्यो आत्मा हो; जुन सत् सर्वत्र छ त्यो अस्तित्व परमात्मा हो । जो नाशवान् छ त्यो शरीर हो त्यस्तै बाहिरको नाशवान् दृश्य भौतिक वस्तु जगत् हो । चेतना अमृत हो र नाशवान् वस्तु जड हो । नदीको छाल जस्तो तरङ्ग जुन नाशवान् छ त्यो असत् हो भने सागर जो अमृततुल्य छ त्यो सत् हो ।

अर्जुन दुबिधाग्रस्त र चिन्तित हुँदै भन्छन्- म कसरी मारूँ यसभन्दा त बरु म आफैँ मरे बेस हुन्छ । अर्जुन मृत्युलाई मात्र सत्य ठान्छन्, तर श्रीकृष्ण भन्नुहुन्छ- शरीर मर्दैमा आत्मा मर्दैन । त्यसैले मृत्यु असम्भव हुन्छ । जसले यसलाई मरेको मान्दछन् उनीहरू जीवात्माका बारेमा जान्दैनन् । शरीर नाशवान् वस्तु भएकोले नष्ट हुनैपर्छ तर आत्मा अमृत भएकोले यसको कहिले मृत्यु नै हुँदैन । तर हामी मृत्युलाई निश्चित ठान्छौं । सम्राट् होस् या सामान्य मानिस, गरिब-धनी, दुखी-सुखी, सफल-असफल सबैले मर्नु नै पर्छ भन्ने सत्य हामी जान्दछौँ तर श्रीकृष्ण यसको ठिक उल्टो कुरा गर्नुहुन्छ । न कोही मऱ्यो, न कोही मर्छ किनभने मृत्यु त हुँदै हुँदैन, मृत्यु त केवल भ्रम मात्र हो । मृत्युलाई सत्य ठान्नेहरू शरीरभन्दा अरू केही जान्दैनन् । त्यसैले मृत्यु त अरूलाई देखेर गरिने अनुमान मात्र हो । शरीरबाट आत्मा हट्नु मृत्यु हो । दियोको किरण आफैँमा पुनः फिर्ता भए जस्तै जीवनको यात्रा पनि यसरी नै फिर्ता भएर नयाँ यात्रा सुरु हुन्छ । शरीरबाट आत्मा फिर्ता हुनुलाई हामी मृत्यु ठान्छौं । बिजुलीको स्विच बन्द गर्दा बल्बको प्रकाश मात्र फिर्ता हुन्छ तर बल्बभित्रको प्रकाश हराएको हुँदैन, केवल अभिव्यक्ति मात्र बन्द भएको हुन्छ । स्विच खोलेमा प्रकाश पुनः अभिव्यक्त हुन्छ किनभने प्रकाश त पूरा समय त्यही मौजुद रहन्छ । त्यसैले स्विच खोल्दा र बन्द गर्दा प्रकाश जीवित या मृत हुँदैन, त्यस्तै मृत्यु पनि प्रकटको पुनः अप्रकटीकरण हो भने जन्म अप्रकटको पुनः प्रकटीकरण हो ।

श्रीकृष्ण भन्नुहुन्छ- शरीर मरेमा वा रहेमा दुवै अवस्थामा आत्मा मर्दैन । जो जीवन र मृत्युभन्दा माथि छ, त्यही आत्मा र अस्तित्व हो । आत्मा न मर्दछ न मारिन्छ । यसको विनाशको कुनै सम्भावना छैन । हिंसा त हुँदैन तर हिंसा गर्ने आकाङ्क्षा भने हुन सक्छ जुन अत्यन्त खराब हो । व्यक्तिलाई म मार्न सक्छु भन्ने भावना हुनु गलत हो र पाप पनि त्यही भावनाको हुन्छ । हिंसाको अभिप्राय हुन्छ तर हिंसा भने हुन सक्दैन । त्यसैले हिंसा त असम्भव छ, तर हिंसाको मनोभावना भने सम्भव छ । महावीर आफू हिँड्दा एउटा कमिला पनि नमरोस् भन्ने अहिंसाको मनोभाव राख्नुहुन्छ तर उहाँको प्रयासले मात्र केही हुँदैन । त्यो कमिला बच्नु छ भने बच्छ र मर्नु छ भने मर्छ तर उहाँको हिंसा नहोस् भन्ने भावना भने महत्त्वपूर्ण छ । गहिरिएर विचार गर्दा हिंसा भावको मात्र हुन्छ ।

अस्तित्वको जगत्मा सबै कुरा परमात्माको इच्छाले हुने हुँदा त्यहाँ चोरी र हिंसा हुन सक्दैन । तर मनोभावको जगत्मा म र अर्कोको बिचमा विभेद हुन्छ । त्यसैले त्यहाँ चोरी र हिंसा दुवै पाप हुन्छ किनभने भावबाट चोरी र हिंसा दुवै हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ कोही मर्दैनन् र कसैलाई मार्न पनि सकिँदैन । तिमीलाई नै कसैले मारे भने पनि तिमी मर्दैनौ । श्रीकृष्णले अर्जुनलाई यिनीहरू कोही मर्नेवाला छैनन् तिमी मार तर आफूलाई बचाऊ भन्नुभएको भए त्यो भनाइ बेइमानीपूर्ण हुन्थ्यो । तर श्रीकृष्ण भन्नुहुन्छ- कोही मर्दैनन्, कोही मारिँदैनन् । जबसम्म कोही आफूलाई बचाउन र अरूलाई मार्न खोज्छ भने त्यो भाव अपराध र पाप हो । यदि यो कुरा बुझ्यौ भने युद्धका स्थितिमा जे हुन्छ त्यो हुन देऊ । यो दोहोरो बाण प्रहारको अवस्थामा कसैले मारेर कोही मर्दैन र कसैलाई बचाउन खोज्दा पनि कोही बच्दैन ।

श्रीकृष्णको भनाइमा चेतनाको एउटा यस्तो लहर छ जहाँ प्रकाश नै प्रकाश छ, त्यहाँ अन्धकार हुनै सक्दैन । त्यो शिखरसम्म पुग्न सके त्यहाँ आत्मा भेटिन्छ, जहाँ हिंसा र अहिंसा हुँदै हुँदैन ।

*न जायते म्रियते वा कदाचि-*
*न्नायं भूत्वा भविता वा न भूयः ।*
*अजो नित्यः शाश्वतोऽयं पुराणो-*
*न हन्यते हन्यमाने शरीरे ॥२०॥*

**यो आत्मा न कहिल्यै उत्पत्ति न कहिल्यै विनाश हुन्छ । अर्थात् यो आत्मा कहिल्यै जन्मिएन, जन्मिँदैन र जन्मिनेवाला पनि छैन । यो त अजन्मा, नित्य, शाश्वत र सनातन छ । शरीरलाई टुक्रा टुक्रा पार्दा पनि यो आत्मा कहिल्यै मर्दैन ॥**

हामी जहाँ छौँ त्यहाँ सबै जन्मिन्छौँ र अजन्मा कोही पनि छैनौं तर जन्मका लागि अजन्मा कुनै चिज चाहिन्छ जसको जगमा जन्म हुन्छ । जस्तो फूलका थुँगाहरूलाई एकत्रित पारी मालाको स्वरूप दिन धागो चाहिन्छ, तर फूलले ढाकिँदा धागो देखिँदैन । त्यस्तै जन्म र मरणरूपी लामो श्रृङ्खलाका लागि पनि त्यस्तो अदृश्य धागो चाहिन्छ अन्यथा धागोविना फूलको थुँगा मात्रले मालाको स्वरूप ग्रहण गर्न सक्दैन । जन्म-मृत्यु लगायतका परिवर्तनका निम्ति कहिल्यै नजन्मिने, नमर्ने, नित्य, शाश्वत र सनातनरूपी अज्ञात सूत्र चाहिन्छ । त्यही सूक्ष्म आत्मरूपी सूत्रले यो सबैलाई जोडेर राख्दछ । यही अजात तत्त्वको नाम आत्मा र परमात्मा हो । सारा रूपहरूका पछाडि अरूप पनि चाहिन्छ । अरूप नभए रूप टिक्न सक्दैन । यो रूपाकृतिको परिवर्तन पछाडि एउटा स्थिर अरूप चाहिन्छ । रूप आउँछ र जान्छ तर अरूपरूपी तत्त्व स्थिर रहन्छ । जन्म-मृत्यु, सफलता-असफलता, सुख-दुख, जवानी-बुढेसकाल लगायतका परिवर्तनहरू त्यही अजात र अजन्मा तत्त्वमा हुन्छन् जो सदैव अस्तित्व रूप भएर टिकिरहन्छ । जो जन्मिन्छ, त्यो मर्छ त्यसैले जो मर्दैन त्यसलाई खोज्नुपर्छ अनि मात्र त्यो अजन्मा तत्त्वलाई जान्न सकिन्छ । त्यो अजन्मालाई शस्त्रले काट्न सकिँदैन तर भ्रमका कारण हामी त शस्त्रले काट्छ भन्ने सोच्छौं । जसलाई काट्न वा मार्न असम्भव छ त्यो आत्मा अजन्मा हो । त्यही आत्मरूपी तत्त्व जो नष्ट हुँदैन र अजन्मा, नित्य, शाश्वत र सनातन छ श्रीकृष्ण त्यसकै कुरा गर्दै हुनुहुन्छ ।

सिकन्दरले भारतबाट एउटा सन्न्यासीलाई युनान जानका लागि आदेश दिए, तर सन्न्यासीले ठाडै अस्वीकार गरे । त्यो देखेर सिकन्दरले सन्न्यासीलाई नगएमा तरवारले काटिदिने चेतावनी दिए । सन्न्यासीले भने- तिमी मलाई मार्न सक्छौ, तर तिमी जसलाई मार्ने छौ त्यो म होइन; मेरो शरीर वा टाउको मात्र हो । मैले त धेरै पहिले नै शरीर र म अलग भएको अनुभव गरिसकेको छु । तिमी मलाई मार, म पनि शरीरबाट अलग भएको कुरा हेर्न चाहन्छु । यी सन्न्यासीले सिकन्दरसँग त्यही भनिरहेका छन् जो श्रीकृष्णले अर्जुनलाई भनिरहनुभएको छ । शस्त्रले काट्दा शरीर त काटिन्छ, तर भित्र केही अकाट्य अस्तित्व रहन्छ । बिरामी हुँदा शरीर बिरामी भए पनि भित्र कोही स्वस्थ रहन्छ । दुख आइपर्दा शरीरले त दुख पाउँछ, तर भित्र दुखलाई टाढा बसी नियाल्ने तत्त्व पनि छ । यही तत्त्व अजन्मा र अकाट्य छ । अर्जुन सिकन्दरका झैं कुरा गर्दै छन् । केवल बाह्य दृश्य शरीरको कुरा अर्जुन भन्दै छन् । शरीरका तहमा प्रतिक्षण दुख-सुख जस्ता घटना घटिरहन्छन् तर भित्र कोही छ, जो सुख-दुख वा जुनसुकै घटनामा पनि निश्चल रहन्छ । श्रीकृष्ण त्यही निश्चलको कुरा भन्दै हुनुहुन्छ ।

*वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।*
*कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥*

**श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! जुन पुरुष यो आत्मालाई अजन्मा, अव्यय (विकृत नहुने), नित्य, अविनाशी छ भन्ने जान्दछ त्यसले कसरी कसैलाई मार्न लगाउन सक्ला वा मार्न सक्ला ?**

आत्मा जन्मिँदैन यसले भौतिक शरीर ग्रहण मात्र गर्दछ । शरीर जन्मिन्छ र मर्दछ तर आत्मा अजन्मा छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जुन पुरुष यो आत्मालाई अजन्मा, अविनाशी, अव्यय र नित्य छ भन्ने जान्दछ उसले कसैलाई मार्न लगाउन या मार्न सक्दैन । हे पार्थ ! मान्नुभन्दा जान्नु कठिन हुन्छ तर अस्तित्वमा रहेका धर्म प्रायः जान्न-बुझ्नभन्दा मान्नमा जोड दिन्छन् । शास्त्र पढेर र अनुभवबाट पनि जान्न सकिन्छ । शास्त्र पढेर जान्नु भनेको एक प्रकारको जानकारी प्राप्त गर्नु मात्र हो। यो त किताब पढेर पौडी खेल्न जान्नु जस्तै हो । बाहिरबाट जसरी सत्यलाई जान्न सकिन्न त्यसरी नै शास्त्र पढ्दैमा आत्मतत्त्व बुझ्न सकिन्न । जानेर जे उपलब्ध हुन्छ, त्यो श्रद्धा हो । धर्म या शास्त्र मानेर जो जान्दछ त्यो विश्वास मात्र हो । धर्म मान्ने विश्वासी सबै धार्मिक हुँदैनन् । शास्त्रबाट जानकारी प्राप्त हुन्छ तर ज्ञान प्राप्त हुँदैन । ज्ञान त जीवनको अनुभवबाट मात्र प्राप्त हुन्छ ।

*वासांसि जीर्णानि यथा विहाय*
*नवानि गृह्णाति नरोऽपराणि ।*
*तथा शरीराणि विहाय जीर्णा-*
*न्यन्यानि संयाति नवानि देही ॥२२॥*

**श्रीकृष्ण भन्नुहुन्छ- पुरुषले जसरी पुराना र फाटेका वस्त्र त्यागेर नवीन वस्त्र ग्रहण गर्छ या पहिरिन्छ, त्यसै गरी शरीरधारी आत्माले पनि बुढो र काम नलाग्ने शरीरलाई त्यागेर अर्को नयाँ भौतिक शरीर स्वीकार गर्दछ ॥**

हामीले त शरीरलाई नै आफू ठानेका छौं । भोक लाग्दा हामी शरीरलाई होइन आफूलाई भोक लागेको ठान्छौं । टाउको दुख्दा टाउको दुखेको मलाई थाहा भयो भन्दैनौं, मेरो टाउको दुखेको छ भन्छौं । हाम्रो शरीरसँग तादात्म्य गहिरो छ । म र शरीर अलग छौं भन्ने होइन कि शरीर नै म हुँ जस्तो लाग्छ । टाउको दुख्दा हामीले कहिले के यो दुखाइ मलाई भइरहेको छ कि मभन्दा पर कहीँ भइरहेको छ भनेर खोजबिन पनि गरेका छैनौँ किनभने हाम्रो शरीरसँग गहिरो तादात्म्य छ ।

जबसम्म शरीर र 'म' बिचको फरक अनुभव हुँदैन, तबसम्म यो जीर्ण वस्त्रको भाँती आत्माले पुरानो शरीर छोडेर नयाँ शरीर ग्रहण गर्छ भन्ने कुरा बुझ्न गाह्रो हुन्छ । हाम्रो मान्यता निकै गहिरो छ, त्यसैले यो स्मृति पनि सघन भएको छ । हामी आफूलाई नै शरीर मानिरहेका छौं तर आँखा चिम्लेर भित्र हेरिरहने हो भने हामी शरीरभन्दा कति अलग छौं भन्ने थाहा हुन सक्छ । शरीर भित्रबाट जागेमा यसलाई देख्न र अनुभव गर्न पनि सकिन्छ । हामी शरीरलाई बाहिरबाट मात्र जान्ने गर्छौं । भित्रबाट हेर्न जानेमा भित्र नै ज्योति छ, शरीर त बाहिर छ भन्ने थाहा हुन्छ अनि मात्र जीर्ण वस्त्रको कुरा बुझ्न सकिन्छ । त्यसपछि बल्ल आत्मा र शरीर अलग अलग भएको थाहा हुन्छ । त्यस्तै आत्माले अनन्त यात्रा गर्न सक्छ र शरीर जीर्ण वस्त्र जस्तै बदलिएर नयाँ वस्त्र धारण गरिरहन्छ भन्ने जान्न सकिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसरी पुरुषले पुरानो वस्त्र त्यागेर नयाँ वस्त्र ग्रहण गर्छ त्यसरी नै शरीरधारी आत्माले बुढो शरीरलाई त्यागेर नयाँ भौतिक शरीर स्वीकार गर्दछ ।

जन्म र मृत्यु त केवल वस्त्रको परिवर्तन हो; यस्तो जानेमा सुख र दुख नै हुँदैन । धर्मका लागि प्रत्येक व्यक्ति आफैं प्रयोगशाला बन्नुपर्छ । हामी हिँड्दा हिँड्दै पनि यदि गहिरिएर हेर्‍यौं भने हामीभित्रको त्यो ज्योतिको पनि दर्शन हुन सक्छ । यो श्वास जो चलिरहेको छ, के म त्यही हुँ वा मभित्र जो श्वास चलेको हेरिरहेको छ, त्यो म हुँ भन्ने खोजेमा यी दुवै अलग हुन् भन्ने जान्न सकिन्छ । जब विचार मस्तिष्कमा चल्छ तब त्यो विचार गर्ने के म हुँ भनेर गहिरो खोज गरियो भने जसलाई विचार चलेको थाहा हुन्छ, त्यो कसरी विचार हुन सक्छ भनेर जानिने छ । साक्षी अलग भएकाले जब साक्षीलाई जानिन्छ,

अनि वल्ल कृष्णको भनाइ बुझिन्छ । यो थाहा पाएपछि दुख-सुख, जन्म-मृत्यु त केवल शरीरको वस्त्र परिवर्तन जस्तो मात्र हो भन्ने बुझिन्छ ।

आत्मा न आउँछ, न जान्छ । आउने जाने त केवल शरीर हो । हाम्रो शरीर पनि दुईवटा छन्- एउटा स्थूल शरीर जो माता-पिताबाट जन्मिने क्रममा प्राप्त हुन्छ । स्थूल शरीर यन्त्र जस्तै केही समयसम्म चल्छ अनि नष्ट हुन्छ । यो बाहिरी शरीर आउँछ-जान्छ । एउटा अर्को भित्री शरीर छ, जो अघिल्लो जन्मदेखि हामीसँग आउँछ, त्यो सूक्ष्म शरीर हो । सूक्ष्म शरीर विद्युत्कणबाट निर्मित शरीर हो । मृत्युपछि यो सूक्ष्म शरीर अर्को नयाँ स्थूल शरीरमा प्रवेश गर्छ । सूक्ष्म शरीर प्राकृतिक रूपमा स्वतः अर्को आफू अनुकूल स्थूल शरीरमा प्रवेश गर्छ । त्यसैले साधारण व्यक्ति मृत्युपछि तत्काल जन्म लिन्छ किनभने पृथ्वीमा धेरै गर्भ उपलब्ध छन् तर असाधारण व्यक्ति मरेपछि उसले अर्को शरीर पाउन हाम्रो समयानुसार सयकडौँ वर्ष पनि लाग्न सक्छ । पृथ्वीनारायण शाह, महेन्द्रवीरविक्रम शाह, भूपालमानसिंह कार्की, लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला जस्ता व्यक्तिलाई अर्को जन्म लिन निकै प्रतीक्षा गर्नुपर्छ ।

सारा यात्रा यो शरीरको यात्रा हो, आत्मा त यात्रा नै गर्दैन । हाम्रो सूक्ष्म शरीर अनुरूप हामी परमात्माबाट शक्ति र जीवन लिइरहेका हुन्छौँ । आत्मा अचल भएर रहन्छ र सूक्ष्म शरीरले मात्र यात्रा गर्छ । आत्मारूपी विद्युत्बाट सूक्ष्म शरीरले चेतना प्राप्त गर्छ । जब सूक्ष्म शरीर टुट्छ, तब सूक्ष्म शरीरको यात्रा समाप्त भई आवतजावतको प्रक्रिया बन्द हुन्छ । सूक्ष्म शरीर जसले हामीलाई शरीर र परमात्माका बिच सेतु भएर जोडिरहेको थियो, त्यो टुटेपछि हाम्रो स्थूल शरीर र सूक्ष्म शरीरको यात्रा समाप्त हुन्छ । आवतजावत सकिन्छ र परमात्मासँगको पर्खाल जो हाम्रो क्षमता अनुसार निर्मित थियो, त्यो अनुपात समाप्त भएर हामी परमात्मामा एक हुन्छौँ- थोपा सागरमा मिसिई एक भएर बिलीन भए जस्तै हामी पनि परमात्मामा बिलीन हुन्छौँ ।

आत्माले यात्रा गर्दैन तर स्थूल शरीर र सूक्ष्म शरीरको आवत-जावतको प्रक्रिया परमात्मामा नमिलुन्जेल चलिरहन्छ । सूक्ष्म शरीरलाई समाप्त पार्नु नै साधना हो । सूक्ष्म शरीर हाम्रा इच्छा, कामना-वासना, आकाङ्क्षा-अपेक्षा अनुसार हाम्रो विचारले चाहेको कर्मले निर्माण हुन्छ । हामीले सोचेका र चाहेका अनुरूप नै ती सबैको जोडले सूक्ष्म शरीरको निर्माण हुन्छ । सूक्ष्म शरीरको विसर्जन नै परमात्मासँगको पुनर्मिलन हो । बुद्धलाई मृत्युपछि तपाईं कहाँ हुनुहुन्छ भनेर कसैले सोधे । बुद्धले भन्नुभयो- अब म सबैतिर हुने छु । बुद्धलाई सागरमा मिसिएपछि व्यक्तिहरू सोध्छन्, तिमी कहाँ हुन्छौ सागर भइसकेपछि बुद्ध सबैतिर मौजुद हुनुहुन्छ । माता पिताबाट थोपाको आकारमा स्थूल शरीर पाइन्छ र आफ्नो चाहना एवं अघिल्लो कर्मबाट सूक्ष्म शरीर पाइन्छ । परमात्माबाट भने जीवनऊर्जारूपी आत्मा पाइन्छ ।

*नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।*
*न चैनं क्लेदयन्त्यापो न शोषयति मारूतः ॥२३॥*

**श्रीकृष्ण भन्नुहुन्छ- यो आत्मालाई न शस्त्रास्त्रले काट्न सक्छ, न त अग्निले नै जलाउन सक्छ । यसलाई न पानीले गलाउन सक्छ, न त हावाले नै सुकाउन सक्छ ॥**

*अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।*
*नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥*

**यो आत्मा निश्चय नै काट्न नसकिने, डढाउन नसकिने, नभिज्ने वा नपग्लिने र नसुक्ने किसिमको छ । यो त नित्य, सर्वव्यापी, अपरिवर्तनशील, अचल, स्थिर एवम् सदैव एकैनासको छ ॥**

*अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।*
*तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥*

**यो आत्मा अव्यक्त, अचिन्त्य, अविकारी एवम् अपरिवर्तनीय छ । त्यसैले हे अर्जुन ! यो कुरा बुझेर तिमीले शोक गर्नु योग्य हुँदैन ॥**

आत्माको न प्रारम्भ छ, न अन्त्य नै छ अर्थात् जसको जन्म हुँदैन, त्यसको मृत्यु पनि हुँदैन । जसको कुनै प्रारम्भ एवम् अन्त छैन, यही अविनाशी तत्त्व नै आत्मा हो । आत्माको अर्थ म होइनँ, 'म' जसमा जन्मन्छ र अन्त हुन्छ त्यही अस्तित्व आत्मा हो ।

श्रीकृष्ण भन्नुहुन्छ- आत्मालाई आगोले जलाउन सक्दैन, पानीले गलाउन वा डुबाउन सक्दैन र यो नष्ट पनि हुन सक्दैन किनभने आत्मा कुनै वस्तु होइन, यो त केवल अस्तित्व हो । वस्तुहरूमा अस्तित्व हुन्छ, तर आत्मा स्वयम् अस्तित्व हो । त्यसैले त आत्मालाई आगोले जलाउन सक्दैन किनभने आगो पनि अस्तित्व हो । यसलाई पानीले गलाउन सक्दैन किनभने पानी पनि अस्तित्व हो । आगो, पानी र वायु पनि आत्माका एक एक अंश हुन् । आत्मा अस्तित्वसँग अभिन्न छ । त्यसैले अस्तित्वले अस्तित्वलाई नष्ट गर्न सक्दैन । आत्मा अस्तित्व हो र त्यो अस्तित्वमा उठेको एक लहर 'म' हो । शरीररूपी 'म' लाई छोडेर हामीभित्र जे बाँकी रहन्छ त्यो आत्मा हो । त्यो शरीररूपी 'म' नाशवान् छ, जसलाई जलाउन र डुबाउन सकिन्छ तर अस्तित्वलाई नष्ट गर्न सकिन्न । हामी तथाकथित आस्तिक भएकाले तत्त्वलाई नबुझेर धारणा मात्र राख्नु गलत हुन्छ । मृत्यु हुने बेलामा श्रीकृष्णका वचन सुनेर आत्मा अमर छ भनी निश्चिन्त हुन खोज्नु आत्मालाई जानेर नभई मानेर आश्वस्त हुन खोजेको हो । त्यो नष्ट नहुने अमृत तत्त्वलाई जो जान्दछ, त्यो व्यक्ति मुक्त हुन्छ । त्यो अमृत तत्त्वलाई आगो, पानी, हावा वा कुनै शस्त्रले पनि नष्ट गर्न सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- आत्मा नित्य, सर्वव्यापी, अपरिवर्तनशील, अचल, स्थिर एवम् सदैव एकनासको छ, त्यसैले हे अर्जुन ! यो बुझेर शोक गर्नु उचित छैन ।

शरीरमा प्रवेश गर्ने आत्माको सहभागिता न्यून सूक्ष्मकर्ता (CateleticAgent) को रूपमा मात्र हुन्छ । जस्तै सूर्यको किरण फूल फुलाउन भनेर उदाएको होइन तर फूल फुल्न-फुलाउनका लागि सूर्यको उपस्थिति नै पर्याप्त हुन्छ। सूर्यका किरणले फूलका कलिहरूलाई खोल्दछन् । हुन त सूर्यको किरणको तौल एक वर्गमिलमा करिव एक छटाक मात्र हुन्छ तथापि सूर्यको सूक्ष्म किरणको चोट फूलमा पर्छ । यस प्रक्रियामा सूर्यको किरणको सहभागिता सूक्ष्मकर्ताको रूपमा मात्र हुन्छ । त्यस्तै आत्मा निष्क्रिय छ । जीर्ण वस्त्रको त्याग आदि प्रक्रियामा आत्माले सक्रिय तत्त्वको रूपमा होइन, निष्क्रिय तत्त्वको रूपमा काम गर्दछ । कक्षामा शिक्षक आउनासाथ विद्यार्थीको होहल्ला रोकिएर वातावरण शान्तिमा परिणत हुन्छ । यद्यपि शिक्षकले यसका लागि आवश्यक कदम उठाएको पनि हुँदैन तर शिक्षक आउनासाथ वातावरण शान्त हुन्छ र सबै चुप लाग्छन् । शिक्षकको उपस्थितिले नै सूक्ष्मकर्ताको काम गर्छ । त्यसरी नै आत्माको विद्यमानता नै काफी हुन्छ र उसले कुनै पनि कुरामा सक्रिय सहभागी हुनु आवश्यक हुँदैन तर आत्मा सहयोगी नभए पनि उसको कामना भने हुन सक्छ । आत्माको तहमा कामना गर्नु नै निष्क्रिय कार्य हो । निष्क्रिय कृत्यको कामना सङ्कल्पबाट पूरा हुन्छ । त्यसैले त ईश्वरले सङ्कल्प गर्ने बित्तिकै जगत् सिर्जिन्छ।

आत्माले जीवनको प्रारम्भका लागि निर्णय लिएको हुनाले जीवनको प्रारम्भ हुन सकेको हो र जीवनमा उपस्थिति हुने निर्णय पनि आत्माकै हो । आत्माको अस्तित्व स्वतन्त्र छ, उसलाई कसैले पराधीन गर्न सक्दैन । आत्मा पनि स्वनिर्णयबाट अनुभवका लागि कामना गरेर यात्रामा निस्किन्छ । आत्मा मुक्तिको अनुभवका लागि संसारको यात्रामा निस्किन्छ । हुन त आत्मा संसारको यात्रामा निस्किनुअघि पनि मुक्त छ, तर त्यो मुक्तिको उसलाई कुनै प्रतीति छैन । संसारको अनुभवविना मुक्तिको बोध हुन सक्दैन । यो संसारको अनुभव गर्नका लागि गरिने यात्रा आत्माको आफ्नै चुनाव हो । परमात्मा पनि त यो संसारमा

लीला गर्दै छ । संसारमा आफूलाई लुकाएर खोज्न लगाउँदै छ । त्यस्तै आत्मा पनि निष्क्रिय भएर सहभागी मात्र हुन्छ र उसले केही गर्नुपर्दैन, केवल उसको कामना नै पर्याप्त हुन्छ ।

मृत्युपश्चात् शरीरको प्रतीक्षामा रहेको सूक्ष्म शरीरले जीवित व्यक्तिको शरीरमा प्रवेश गर्न सक्छ । असल र खराब मिश्रित गुणयुक्त साधारण व्यक्तिहरू मृत्युपछि तत्काल गर्भ पाउँछन् किनभने पृथ्वीमा करोडौं गर्भहरू उपलब्ध छन् । यिनीहरूको माग साधारण भएकोले यस्ता व्यक्ति अर्को जन्मको यात्रामा तत्काल निस्किन्छन् । तर धेरै असल र धेरै खराब असाधारण व्यक्तिका लागि तत्काल गर्भ उपलब्ध हुँदैन र शरीर प्राप्त गर्न धेरै समय प्रतीक्षा गर्नुपर्छ । खराब आत्मा भूतप्रेत हुन्छन् भने असल आत्मा देवता हुन्छन् । व्यक्ति यदि सङ्कल्पवान् छ भने उसभित्र रिक्त स्थान हुँदैन । तसर्थ त्यहाँ कुनै प्रेतात्मा प्रवेश गर्न पाउँदैन । हीनभावना, भय, अपवित्रता, आत्मग्लानि र निराशाका अवस्थामा सूक्ष्म शरीर सिकुडिन्छ र भित्र खाली ठाउँ हुन्छ, जहाँ प्रेतात्माहरू प्रवेश गर्न सक्छन् । यथार्थतः असल आत्माहरू अर्काको शरीरमा प्रवेश गर्दैनन् किनभने उनीहरू इन्द्रिय सुख र शरीरको सुखबाट मुक्त हुन चाहन्छन् तर खराब आत्माका लागि जीवनका सबै सुख शरीरमा सीमित हुन्छन् । त्यसैले उनीहरूलाई अर्को शरीर तत्काल उपलब्ध नहुने हुँदा अर्काको शरीरमा प्रवेश गरेर इन्द्रियहरूको सुख भोग्ने लालसा हुन्छ । कमजोर सङ्कल्प भएको व्यक्ति विशेष गरेर स्त्रीहरूमा यस्तो खराब आत्मा तत्काल प्रवेश गर्छ र आफ्नो इन्द्रिय सुखलाई अर्को शरीरबाट भोग्दछ किनभने यस्ता प्रेतात्माहरूको शरीर हुँदैन । शुभ आत्माहरू आमन्त्रण गरेको अवस्थामा मात्र प्रवेश गर्दछन् तर आज सङ्कल्पको शक्ति क्षीण भएको छ र आमन्त्रणको विधि प्रायः लोप भएको छ । वैदिक वाङ्मयमा देवताहरूलाई आमन्त्रण गर्ने विधि र सम्बन्ध स्थापना गर्ने प्रक्रिया उपलब्ध छ । वेदमा देवताहरूलाई आमन्त्रण गर्ने विधिद्वारा उनीहरूलाई बोलाइन्थ्यो । सबै हवन र यज्ञ निमन्त्रणाको विधि हो । सूक्ष्म शरीर नै अर्को शरीर ग्रहण गर्नुअघि देवता या प्रेतका रूपमा हुन्छन् ।

*अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।*
*तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥*

**भगवान् श्रीकृष्ण भन्नुहुन्छ– हे महाबाहु ! यदि तिमीले आत्मालाई नित्य जन्मिने र मर्ने ठान्छौ भने पनि तिमी यसप्रकार शोक गर्न योग्य छैनौं ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यदि आत्मा अमर छैन र मरणधर्मा नै हो भन्ने तिमीलाई लाग्छ भने पनि नाश हुने कुराका लागि शोक गर्नु उचित हुँदैन । जो नष्ट नै हुन्छ त्यसमा तिमी चिन्तित हुनु व्यर्थ छ कारण जो नष्ट हुन्छ त्यहाँ हिंसा हुन सक्दैन । जुन वस्तुमा अजर-अमर कुनै तत्त्व नै छैन भने त्यस्तो वस्तुलाई नष्ट गर्न चिन्ता नगर भोलि अरूजस्तै तिमी पनि नष्ट हुन्छौ; त्यसैले तिमीलाई त्यसमा पाप लाग्ने छैन । माटोमा माटो मिसिएर सबै नष्ट हुन्छ भने पाप र पुण्यको हिसाबकिताब कसले र कहाँ गर्न सक्छ । कृष्णले आत्मा अमर भएको कुरा सम्झाउँदा पनि अर्जुनको मस्तिष्कमा कुनै फरक नपरेपछि यो कुरा विवशतावश अर्जुनको तहमा आएर श्रीकृष्ण बोल्दै हुनुहुन्छ । यदि आत्मा मर्छ भन्ने तिमीलाई लाग्छ भने पञ्चतत्त्व (पानी, आकाश, वायु, अग्नि र पृथ्वी) ले बनेको शरीर पञ्चतत्त्वमा विलीन भएर समाप्त हुन्छ । यो समाप्त हुने कुराको लागि तिमी चिन्तित हुन व्यर्थ छ । भगवान् श्रीकृष्णलाई कस्तो विवशतामा यसप्रकारको वक्तव्य दिनुपर्‍यो होला ! जिसस भन्नुहुन्छ तिमीसँग कान छ तर तिमी कहाँ सुन्छौ र तिमीसँग आँखा छ तर तिमी कहाँ हेर्छौ । कृष्णलाई पनि अर्जुनको अवस्था यस्तै लागेको हुनुपर्छ ।

*जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।*
*तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥*

**श्रीकृष्ण भन्नुहुन्छ- यस मान्यतानुसार जो जन्मिएको छ त्यसको अवश्य मृत्यु हुन्छ र जो मरेको छ उसको अवश्य जन्म हुन्छ । अतः यस प्रकारको टारेर टार्न नसकिने उपायविनाको विषयमा तिमीले शोक गर्नु योग्य छैन ॥**

*अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।*
*अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥*

**हे भारत ! सबै प्राणीहरू प्रारम्भमा अव्यक्त थिए, बिचमा व्यक्त छन् र मृत्युपश्चात् अप्रकट नै हुन्छन् । अतः यस्तो कुरामा केको शोक गर्नु ॥**

मायाबाट नै शरीरको उत्पत्ति हुन्छ, बिचमा स्वरूप प्रतीत हुन्छ र अन्त्यमा मायामा नै यस शरीरको लय हुन्छ । अतः धीर मानिसले शोक गर्नु नै आवश्यक छैन । श्रीकृष्ण भन्नुहुन्छ- यो अव्यक्त आश्चर्यजनक छ । प्रारम्भमा अप्रकट र अदृश्य छ, मध्यमा प्रकट र दृश्य छ एवम् अन्त्यमा अप्रकट र अदृश्य छ; यही यथार्थ हो । अतः हे अर्जुन ! यस्तो कुरामा शोक गर्नु व्यर्थ छ ।

अव्यक्त प्रारम्भ र अन्तमा हुन्छ र व्यक्त मध्यमा दृश्य हुन्छ । अव्यक्तलाई जान्नका लागि व्यक्तभित्र प्रवेश गर्नुपर्छ । व्यक्तको सीमा हुन्छ, अव्यक्तको कुनै सीमा हुँदैन । अव्यक्त अनन्त र सागर जस्तै हुन्छ । हामी स्वयम्भित्र उत्रियौँ भने मात्र त्यसलाई जान्न सक्छौँ । हाम्रो श्वास र रगतलाई हरपल चलाउने, खाएको खाना पचाउने र ठोस खाना तरलमा परिणत गर्ने कार्य कुनै अव्यक्त शक्तिद्वारा सञ्चालित भइरहेको छ । हामीलाई निद्रा पनि अव्यक्तबाट नै आउँछ । शरीरमा चोट लाग्दा भित्रबाट तत्काल घाउ निको पार्न श्वेत रक्ततत्त्व (WBC) चोट लागेको स्थानमा आइपुग्छ । बिरामी हुँदा सही उपचार शक्ति (Healing Force) भित्रबाट आउँछ । सबै व्यक्त घटनाका पछाडि अव्यक्त मौजुद हुन्छ । प्रत्येक रूपभित्र अरूप मौजुद हुन्छ । साक्षी भएर भित्र हेर्दै जाँदा बिस्तारै मनभित्रका विचारहरू बिदा हुन्छन् र त्यो अरूप देखिन थाल्छ । जब भित्रको भिड बाहिरिन्छ, तब स्वयम्को बोध सुरु हुन्छ अनि आफ्नो परिचय प्राप्त भएर अव्यक्तको यात्रा सुरु हुन्छ। जुन दिन आफूभित्रको अव्यक्तलाई देखिन्छ, त्यसै क्षणदेखि सबैतिर त्यही अव्यक्त देखिन्छ । अरूप्रतिको विचारलाई साक्षी भावले केही नगरी हेरिरहेमा त्यहाँ अरूप्रतिको विचार तिरोहित भएर आफूभित्रको त्यो अरूप र अव्यक्तको साक्षात्कार हुन्छ । श्रीकृष्ण त्यही अव्यक्त कुरा गर्नुहुन्छ, जो पहिले पनि थियो, अहिले छ र सदा रहन्छ । अहिले व्यक्तबाट छोपिएको हुनाले हामी त्यसलाई देख्न सक्दैनौँ । जीवनको इच्छा नराखेपछि अव्यक्त खुम्चिन थाल्छ र चाहना एवम् इच्छा समाप्त हुन्छ ।

अव्यक्त खुम्चिनु र जीवनको इच्छा छुट्नु युगपथ घटना हो । अव्यक्तबाट हामी अलग छैनौँ र हुनै सक्दैनौँ । अस्तित्वमा दुवै एक हुन्छ, केवल यसलाई जान्ने व्यक्ति मात्र यसबाट अलग हुन सक्छ । अहङ्कार र निरहङ्कार भावमा हामीलाई प्रतीति अलग हुन सक्छ तर हामी अव्यक्तका नै हिस्सा हौं । हामी जे गरिरहेका छौँ, जो सोचिरहेका छौँ त्यो अव्यक्तले गरिरहेको छ भन्ने जुन दिन लाग्छ, त्यसै दिन त्यो परमको अनुभव हुन्छ । श्रीकृष्ण अर्जुनको धरातलबाट बोल्दा उनलाई प्रतिष्ठा दिँदै "हे महाबाहु, हे भारत" भन्नुहुन्छ । तर उहाँले आफ्नो तहबाट बोल्दा अर्जुनलाई मूर्ख, नपुंसक, काँतर आदि पनि भन्नुभयो । शिखरबाट गरेको कुरा अर्जुनले बुझ्दा पनि बुझेनन् भन्ने कृष्णलाई लागेको हुनुपर्छ । त्यसैले उहाँ अब अर्जुनको तहमा ओर्लिएर बोल्दै हुनुहुन्छ ।

मोहम्मदले "म यस्तो इनार हुँ, यदि तिमी मकहाँ पानी पिउन आएनौ भने पनि म तिमीकहाँ नै आउने छु" भनेजस्तै कृष्ण करुणापूर्वक अर्जुनसमक्ष आउनुभयो । अब कृष्ण अर्जुनले बुझ्न नसक्ने कुरा गर्नुहुन्न, अब उहाँ तर्क-वितर्कका साथ आफ्ना कुरा भन्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिम्रो कुरा नै ठिक हो भने पनि यो शरीर जुन भौतिक पदार्थ एवम् मायाले बनेको छ, त्यो यसैमा हराउँछ र यो बन्ने र मिट्ने शरीरका लागि विद्वान् पुरुषले चिन्ता गर्दैनन् । त्यसैले तिमी पनि हे अर्जुन ! शोक नगर । कृष्ण पहिले यस्तो जान्ने व्यक्ति ज्ञानका लागि उपलब्ध हुन्छ भन्नुहुन्थ्यो, अब विद्वान् पुरुष चिन्ता गर्दैनन् भन्नुहुन्छ । विद्वान् तर्कका धरातलमा बाँच्छ र ज्ञानी अनुभूतिको तलमा बाँच्छ । ज्ञानी जान्दछ र विद्वान्

सोच्दछ । श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमी ज्ञानी हुन सक्दैनौ भने विद्वान् त होऊ । हे अर्जुन ! यदि सबै कुरा विनाश हुन्छ भने तिमी कसरी त्यसलाई बचाउँन सक्छौ । जुन कुरा निश्चित रूपमा नष्ट हुन्छ भने तिमी सोचेर विद्वान् पुरुषजस्तो होऊ । श्रीकृष्ण अर्जुनलाई त्यो अमृतत्वको स्मरण गराउन चेतनाका विभिन्न सोपानबाट कुरा गर्नुहुन्छ । अर्जुनले तर्कबाट होइन अनुभवबाट त्यो अमृत तत्त्वसँग साक्षात्कार गर्न सकून् भन्ने श्रीकृष्णको चेष्टा रहेको छ ।

*आश्चर्यवत्पश्यति कश्चिदेन-*
*माश्चर्यवद्वदति तथैव चान्यः ।*
*आश्चर्यवच्चैनमन्यः श्रृणोति*
*श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥*

**यो आत्मालाई कसैले आश्चर्य मानेर हेर्छ, कसैले आश्चर्यका साथ व्याख्या गर्दछ, कसैले आश्चर्य मानेर यसका बारेमा सुन्दछ तर कोही भने आत्माका बारेमा सुनेर पनि जान्दैन ॥**

आत्माको दिशामा कुनै पनि मार्गबाट यात्रा गर्नु आश्चर्य र चमत्कार हो । करोडौँमा कुनै एकले त्यस उचाइतिर आँखा उठाउँछ अन्यथा हाम्रो आँखाले त जमिन नै नियालिरहेको हुन्छ । यस संसारमा बिरलै व्यक्ति आफूलाई जान्न उत्सुक हुन्छ । "म को हुँ" भन्ने प्रमुख जिज्ञासा कसैले राख्दैन । आज आफूलाई नजान्ने व्यक्तिहरू नै बाहिरी खोजमा निस्किरहेका छन् । कहिले करोडौँमा एक जना व्यक्ति आत्माको खोज गर्न निस्किन्छ तर त्यो आत्माको खोजको विचार चिन्तन-श्रवण-मनन गरेर मात्र पनि उपलब्ध हुन सक्दैन। आत्मालाई त्यही व्यक्तिले चिन्दछ जसले विचारलाई पनि अतिक्रमण गर्छ । एक त करोडौँमा एकले आत्माका बारेमा कुनै विचार गर्छ र त्यसमा पनि अत्यन्त अल्पव्यक्तिले अब विचारबाट यो पाउन सकिँदैन भनेर विचारलाई अतिक्रमण गरी अघि बढ्छ । विचारको सीमाभन्दा अघि मात्र त्यसको अनुभव हुन सक्छ किनभने आत्मा विचारभन्दा अगाडि छ । विचार आत्मामा उठेको लहर या तरङ्ग मात्र हो ।

गहिरो निद्रामा हुँदा विचार त हुँदैन तर हामी हुन्छौँ । बिहान उठेर राम्रो निद्रा लाग्यो भन्छौं, किनभने हामी विचार होइनौँ । आत्माको बारेमा हामी विचार नै गर्दैनौ केवल वस्तुहरूको मात्र विचार गर्छौं । वस्तुहरूपछि विचारको जगत्मा हुन्छौँ र त्यहाँबाट पनि आत्मालाई जान्न सम्भव छैन । विचारको जगत्बाट स्वयम्को जगत्मा प्रवेश गरेमा मात्र त्यसलाई जान्न सकिन्छ । चिन्तन, मनन र स्व-अध्ययनबाट त्यसलाई जान्न सकिन्न । कसैले आत्माका सम्बन्धमा केही बताउन खोजेमा आश्चर्य मान्नुपर्छ कारण आत्माका सम्बन्धमा सुन्ने जिज्ञासा र इच्छा कसैलाई पनि छैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कसैले आत्मालाई आश्चर्य मानेर हेर्दछ, कसैले आश्चर्यका साथ व्याख्या गर्दछ र कसैले आश्चर्य मानेर यसका बारेमा सुन्दछ तर कोही आत्माका बारेमा सुनेर पनि जान्दैन । त्यसैले आत्माका सम्बन्धमा प्रवचन दिन खोज्नु आश्चर्य हो किनभने त्यसलाई जान्न कोही उत्सुक नै छैनन् । कृष्ण स्वयम् पनि अर्जुनको माग नभएको कुरा सम्झाइरहनुभएको छ । अर्जुन त पलायन हुन खोजिरहेका छन् र सान्त्वना मागेर भाग्न चाहन्छन् । आत्माका बारेमा उपदेश दिन खोज्नु अप्रासङ्गिक कुरा हो । यसका बारेमा सम्झाउन, बुझाउन पनि कठिन छ किनभने जान्ने उत्सुकता नहुन्जेलसम्म सम्झाएर पनि कुनै अर्थ हुँदैन ।

*देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।*
*तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥*

**हे भारत ! देहको नाश भए पनि देहको स्वामी आत्मा शाश्वत छ, अर्थात् आत्मालाई कहिल्यै मार्न सकिन्न । अतः यी सम्पूर्ण शरीरधारीहरूका निम्ति तिमी शोक गर्न योग्य छैनौ ॥**

*स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।*
*धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥*

**हे अर्जुन ! आफ्नो परम्परागत क्षत्रिय धर्मलाई विचार गरेर सङ्कोच नमानी युद्धका निम्ति तयार होऊ किनभने क्षत्रियका लागि धर्मयुक्त युद्धभन्दा श्रेयस्कर र कल्याणकारी कर्तव्य अरू कुनै हुने छैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ अरू कुरा छोड ! तिमी त क्षत्रिय हौ । त्यसैले युद्ध छोडेर जानु कदापि श्रेयस्कर हुँदैन । उहाँ भन्नुहुन्छ- शरीर नाश भए पनि आत्मा नाश हुँदैन किनभने आत्मा अजर, अमर छ । यो नाश हुँदैन र यसलाई नष्ट गर्न पनि सकिँदैन । तर शरीर त नाशवान् छ र यो नाश हुने वस्तुका लागि शोक गर्नु निरर्थक छ । यस सत्यलाई बुझ्रेर तिमी चिन्ता नगर । क्षत्रिय धर्म भनेको युद्धमा पिठ फर्काउने धर्म होइन, युद्धको सामना गर्ने हो । त्यसैले तिमी आफ्नो धर्म अनुकूल आचरण गर । यदि तिमीले क्षत्रिय धर्मअनुसार युद्ध गरेनौ भने त्यो कल्याणकारक हुँदैन ।

विगत हजारौँ वर्षदेखि वर्णविभाजनप्रति समाज र मानिसहरूका विरोधाभासपूर्ण तर्कहरू आइरहेका छन् । सबै व्यक्तिहरू समान हुन्छन् भन्ने सम्बन्धमा प्राय सबै मानिसको सहमति छ । व्यक्तिको स्वरूप वा प्रकारमा फरक भएको कुरालाई पनि स्वीकार गर्न छोडिएको छ । सनातन वर्णव्यवस्थानुसार मानिसलाई चार भागमा विभाजन गरिएको थियो तर त्यसलाई नमानेर मानिस सबै समान हुन् भन्ने धारणाले समाजमा अन्योल पैदा भएको छ किनभने प्रत्येक व्यक्ति एकै प्रकारका हुनै सक्दैनन् । वर्णव्यवस्थाको धारणालाई कुण्ठित गर्नु अत्यन्त अप्राकृतिक र अबुझ्रपन हो ।

स्विस मनोचिकित्सक कार्ल गुस्ताफ जुङ्ग (Carl Gustav Jung) ले पनि मानिसलाई चार भागमा विभाजन गरेका छन् । उनको खोज एवम् अनुसन्धानको परिणाम अनुसार मानिस सबै एकै प्रकारका हुनै सक्दैनन् । पश्चिमका प्रख्यात मनोवैज्ञानिक फ्रायड (Sigmund Freud) ले पनि मानिस सबै समान हुन सक्दैनन् भन्दै समाजवादलाई नै चुनौती दिएका छन् । उनका अनुसार मानिस सबै समान हुन् भन्नु झुट हो । सनातन हिन्दू धर्मले यही असमानतालाई ध्यानमा राखी प्राचीन समयदेखि मानिसलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र चार वर्णमा विभाजन गरेको थियो । जसको प्राणको सम्पूर्ण समर्पण बौद्धिक भएर ऊर्जा बुद्धिमा रूपान्तरित हुन्छ; त्यो ब्राह्मण हो । अल्बर्ट आइन्स्टाइन (Albert Einstein) जस्ता व्यक्ति ब्राह्मणको कोटीमा पर्छन् ।

ज्ञानभन्दा आकाङ्क्षालाई सर्वस्व ठान्ने व्यक्ति क्षत्रिय हो । उसको आकाङ्क्षाको स्रोत नै शक्ति हो । जो व्यक्ति शक्तिको उपासक भएर सम्पूर्ण ऊर्जा शक्तिका लागि खर्चन्छ र शक्तिका लागि जे पनि गर्न तत्पर हुन्छ; ती क्षत्रिय हुन् । अर्जुनको व्यक्तित्व योद्धाको छ; त्यसैले उनी क्षत्रिय हुन् । अर्जुन सही रूपमा क्षत्रिय हुन् तर युद्धमैदानमा उनी ब्राह्मणको जस्तो कुरा गर्दै छन् । अर्जुनको मनको ढाँचा, शारीरिक बनावट, प्रशिक्षण सबै क्षत्रियको हो । शस्त्रास्त्र नै उनको आत्मा हो । उनी तरवारको धारमा परमात्माको झलक देख्छन् । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी युद्धबाहेक सबै कुरा छोड ! क्षत्रिय धर्म निर्वाहका लागि नै तिमी आएका हौ । यदि क्षत्रियबाट अन्य ब्राह्मण, वैश्य या शूद्र हुन चाह्यौ भने तिमी दीन-हीन हुने छौ । तिमीले क्षत्रियबाहेक अन्य बन्ने प्रयत्न गऱ्यौ भने त्यो आफूमाथिको ठुलो अपराध हुने छ साथै तिमी आफ्नो उद्देश्यबाट च्युत हुने छौ । अतः क्षत्रियभन्दा भिन्न हुने अपराध नगर ।"

वर्णको व्यवस्था तुलनात्मक होइन, यो समतलीय (Horizental) व्यवस्था हो । प्रत्येक वर्ण आफैँमा सर्वश्रेष्ठ छन्, तिनको एक अर्कासँग तुलना गर्न मिल्दैन । आफ्नो स्वधर्म र पेसाअनुरूप तिनीहरू आ-आफ्ना वर्णमा श्रेष्ठ हुन्छन् । जुन दिन वर्णको व्यवस्थालाई एक अर्कासँग तुलना गर्न थालियो, त्यही दिनदेखि वर्णको वैज्ञानिकता, मौलिकता र मर्म च्युत हुँदै जान थाल्यो र वर्ण एउटा कृत्रिम अनाचार बन्न पुग्यो । यी चार वर्णमा न कुनै साना न त कोही ठुला छन् कृष्णका अनुसार प्रत्येक व्यक्ति आ-आफ्नो

वर्णबाट परमात्मालाई प्राप्त गर्न सक्छन् । आफ्नो स्वधर्म र स्वकर्म अनुसार तिनीहरू आ-आफ्ना वर्णमा श्रेष्ठ हुन्छन् । प्रत्येक व्यक्ति आफ्नै वर्णबाट सत्यसम्म पुग्न सक्छ तर वर्णको जन्मसँग कुनै सम्बन्ध छैन ।

श्रीकृष्ण अर्जुनलाई मनोवैज्ञानिक रूपमा तिमी क्षत्रियबाहेक अरू कोही हुन सक्दैनौ भन्नुहुन्छ । मनोवैज्ञानिकहरू भन्छन् प्रत्येक मानिसको आधा बुद्धि तीन वर्षभित्र नै निर्माण हुन्छ, अनि बाँकी आधा बुद्धि जीवनभरि निर्माण हुन्छ । साथै तीन वर्षभित्र निर्माण भएको बुद्धि अपरिवर्तनशील हुन्छ । महावीर र बुद्ध क्षत्रिय कुलमा जन्मिएर शुद्ध ब्राह्मण भए तर अर्जुन उहाँहरू जस्तो ब्राह्मण हुन सक्दैनन् किनभने उनको प्रशिक्षण योद्धाको रूपमा भएको छ । बुद्धलाई सानो उमेरमा हरिण र चराचुरुङ्गीमाथि निशाना लगाउन र हत्या गर्न सिकाउन खोज्दा उनले त्यसलाई अस्वीकार गरेकाले त्यसको सट्टा पुतलाहरू स्थापित गरी अभ्यास र प्रशिक्षण दिइयो तर अर्जुनको शिक्षा नै शस्त्रास्त्र विद्या भएकोले हिंसाप्रेरित शिक्षा लिएर उनी योद्धा बनेका हुन् । बाल्यावस्थामा निर्मित बुद्धि एवम् क्षत्रिय वर्ण अनुकूलको शक्तिप्रतिको उनको आकाङ्क्षा अब परिवर्तन हुनै सक्दैन । त्यसैले अर्जुनको स्वभावका बारेमा जानकार श्रीकृष्ण भन्नुहुन्छ- तिम्रो स्वभाव विपरीतको कार्य तिमीबाट हुनै सक्दैन अतः युद्धबाट नभाग । यदि तिमी युद्धबाट भाग्यौ भने अपयश मात्र पाउने छौ ।

*यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।*
*सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥*

**हे पार्थ ! आफैं प्राप्त भएको, स्वर्गको खुलेको ढोका जस्तो यस प्रकारको युद्धको अवसर भाग्यवान् क्षत्रियहरूले मात्र पाउँछन् ॥**

श्रीकृष्ण पुनः क्षत्रिय जातिको महानता र प्रतिष्ठाबारे बताउँदै भन्नुहुन्छ- क्षत्रियको प्रतिष्ठा र अवसर दुवै युद्ध हो । युद्ध नै प्रतिष्ठा प्राप्त हुने माध्यम र अग्निपरीक्षा हो । युद्धको चुनौती स्वीकार्न सक्ने व्यक्तिले मात्र स्वर्गको यश र कीर्ति प्राप्त गर्छ र युद्धबाट भाग्नेले नर्क र अपयश मात्र प्राप्त गर्छ । श्रीकृष्णले स्वर्ग र नर्कको भौगोलिक अवस्थाका बारेमा भन्नुभएको होइन, युद्धको कसौटी नै क्षत्रियहरूको स्वर्ग भएको कुरा मात्र भन्न खोज्नुभएको हो ।

अकबरले आफ्नो आत्मकथामा लेखेका छन्- दुई जना क्षत्रिय युवाहरू आफ्नो पुरुषार्थ प्रदर्शन गर्नका लागि एक दिन काम खोज्दै अकबरकहाँ आए । उनले ती युवकहरूसँग "तिमीहरूसँग बहादुरीको के प्रमाण छ" भन्दै जवाफ मागे । यत्तिकैमा ती युवकहरूले झटपट आ-आफ्ना तरवार निकालेर एक अर्काको छातीमा रोपे । त्यो देखेर अकबर आत्तिए र उनले हत्तपत्त सेनापति मानसिंहलाई बोलाएर पुरुषत्वको प्रमाण माग्दा किन यसप्रकारको घटना घटेको हो भन्ने कारण जान्न चाहे । मानसिंहले क्षत्रियहरूलाई उनीहरूको वीरताका बारेमा कुनै प्रश्न गर्नुहुँदैन किनभने उनीहरू आफ्नो प्राण सदैव हत्केलामा राखेर हिँड्छन् भन्ने जवाफ दिए । यही नै क्षत्रिय जातिको परिचय हो । परस्परमा भिडेर मर्न लाग्दा पनि उनीहरू प्रसन्न देखिन्थे ।

अर्जुनका लागि स्वर्गको द्वार उनले युद्धमा गर्ने व्यवहारमा निर्भर हुन्छ । युद्ध उनका लागि परीक्षा र चुनौती दुवै हो । बाल्यावस्थादेखि नै उनको ध्यान शस्त्रविद्यामा नै केन्द्रित थियो । स्वर्गका राजा इन्द्रबाट दिव्यास्त्र, भगवान् शिवबाट पाशुपतास्त्र लगायतका दिव्यास्त्र प्राप्त गरेर उनले शस्त्रविद्यामा श्रेष्ठता हासिल गरेका थिए । श्रीकृष्ण भन्नुहुन्छ- युद्धका लागि नै तिमीले त्यति ठुलो उपलब्धि हासिल गरेका छौ । जुन कुराको लागि तिमी प्रतीक्षारत थियौ, त्यसको सामना नगरी पलायनतिर उन्मुख हुनु किमार्थ उचित हुँदैन । तिम्रा निम्ति पलायन हुनु भनेको नर्कको कुरा हो । क्षत्रियका लागि युद्ध अवसर र चुनौती दुवै हो । जीवन दाउमा लगाएर भए पनि युद्ध गर । हे अर्जुन ! अन्यथा तिमी पश्चात्तापको भुमरीमा पर्ने छौ । स्वर्ग र नर्क तिम्रै अगाडि छन् । धर्मयुद्ध लड्यौ भने स्वर्ग र युद्धबाट भाग्यौ भने नर्क पुग्ने छौ ।

*अथ चेत्त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि ।*
*ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥*

**हे अर्जुन ! यदि तिमीले यो धर्मयुद्ध गरेनौ भने वा तिमीबाट क्षत्रिय कर्तव्य पालना भएन भने निश्चय नै तिमीले स्वधर्म र कीर्ति गुमाउने छौ र तिमी पापका भागिदार बन्ने छौ ॥**

*अकीर्तिं चापि भूतानि*
*कथयिष्यन्ति तेऽव्ययाम् ।*
*सम्भावितस्य चाकीर्ति-*
*र्मरणादतिरिच्यते ॥३४॥*

**यदि युद्धबाट भाग्यौ भने हे अर्जुन ! सारा मानिसहरूले धेरै कालसम्म तिम्रो अपयश गाउने छन् । एउटा सम्मानित व्यक्तिका लागि अपयश मृत्युभन्दा पनि बढ्ता कष्टकर हुने छ ॥**

*भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।*
*येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥*

**यस युद्धमा जुन-जुन महारथीहरूले तिमीलाई अत्यन्त सम्मान गरेका छन् तिनीहरूले नै तिमीलाई युद्धबाट डराएर विमुख हुन खोजेको अर्थात् भागेको भनेर तुच्छ ठान्ने छन् ॥**

*अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः ।*
*निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥*

**हे अर्जुन ! युद्धबाट भाग्यौ भने तिम्रा शत्रुहरूले तिम्रो सामर्थ्यको उपहास गर्दै अनेकौं नराम्रा वचनहरू प्रयोग गर्दै तिम्रो निन्दा गर्ने छन् । त्यसभन्दा दुखदायी कुरा तिम्रा लागि अरू के होला ?**

अभय वा निडरता क्षत्रियको आत्मा हो । जुनसुकै अवस्थामा पनि चाहे त्यो मृत्युवरणकै अवस्था भए पनि ऊ हलचल हुँदैन । धर्मशास्त्रानुसार पनि युद्धबाट भागेमा अर्जुनले अपकीर्ति र पापको भागिदार बन्नुपर्ने कुराप्रति श्रीकृष्ण सचेत गराउनुहुन्छ । जहाँ भय हुन्छ, त्यहाँ क्षत्रिय हुँदैन । मनमा डर पैदा हुँदा भित्र हृदयमा कम्पन हुन्छ । अर्जुनले युद्धपूर्व सर्वश्रेष्ठ धनुर्धारीको परिचय बनाएका छन् । यदि युद्धबाट भागे भने उनीप्रति अरूले गरेको भरोसा र आदर चकनाचुर हुने छ । उनलाई इतिहासमा कायर व्यक्ति भनेर चित्रण गरिने छ । क्षत्रिय मर्न सक्छ तर पलायन भएर बाँच्न सक्दैन । तसर्थ आफ्नो स्वभावको विपरीत गएर अर्जुनले पश्चात्ताप मात्र गर्ने छन् । श्रीकृष्ण अर्जुनलाई यही कुरा सम्झाउँदै भन्नुहुन्छ- हे अर्जुन ! तिमीले यो धर्मयुद्ध गरेनौ र युद्धबाट भाग्यौ भने तिमीले स्वधर्म र कीर्ति गुमाएर पापको भागिदार बन्ने छौ र सारा मनुष्यले तिम्रो अपयश गाउने छन्, जुन मृत्युभन्दा कष्टकर हुनेछ ।

श्रीकृष्ण युद्धप्रेमी होइन, उहाँ मनस्शास्त्री भएकोले अर्जुनको मनका बारेमा जान्नुहुन्छ । अर्जुन कसरी गौरवबोध गर्न सक्छन् या के गर्दा उनमा हीनताबोध हुन सक्छ भन्ने कुरा श्रीकृष्ण राम्रोसँग जान्नुहुन्छ । आज पनि प्रत्येक व्यक्तिले आफूमा अन्तर्निहित प्रतिभा अनुसार पढाइको विषय छनोट गर्ने वा आफ्नो इच्छाअनुरूपको क्षेत्रमा जाने निर्णय गर्न पाउँदैनन् । बाबु-आमाको चाहनाअनुसारको विषय छनोट गरी उनीहरूको इच्छाबमोजिमको क्षेत्रमा जानुपर्ने बाध्यता हुन सक्छ । प्रख्यात भारतीय कवि मैथिलीशरण गुप्त एक दिन कवि सूर्यकान्त त्रिपाठी 'निराला' कहाँ भोजनका लागि जानुभएको थियो । उहाँले निरालाको भान्सेको हालखबर सोध्नुभयो । निरालाका भान्सेले भने- अरू सबै त राम्रै छ तर छोरो नालायक भयो । कस्तो नालायक भनी प्रश्न गर्दा उनले छोरो कवि भएको जवाफ दिए । निरालाको अवस्था कस्तो भयो होला सोच्न सकिन्छ । यो बाबुको इच्छाविपरीत भयो भन्ने आशय थियो ।

रवीन्द्रनाथ टैगोरको परिवारका अधिकांश सदस्यहरू चिकित्सक वा इन्जिनियर भएकाले टैगोरका बुबा उनलाई कवि होइन, त्यस्तै चिकित्सक वा इन्जिनियर नै बनाउन चाहनुहुन्थ्यो । उनको परिवार ठुलो थियो । प्रत्येक परिवारको जन्मदिनमा केही टिप्पणी लेख्ने प्रचलन थियो । आफ्नो चाहनाअनुसारको क्षेत्रमा नलागेर साहित्यिक क्षेत्रमा लागेकाले रवीन्द्रनाथलाई उनकी आमाले यो छोराबाट आफूलाई कुनै आशा नभएको टिप्पणी लेख्नुभएको थियो । आज रवीन्द्रनाथका परिवारको इतिहासमा कसैको उल्लेख पाइँदैन तर उनी विश्व साहित्यमा अजर-अमर छन् ।

आज संसारमा भएका अस्तव्यस्तता र असन्तुष्टिलाई देखेर मनोवैज्ञानिकहरू त्यसको प्रमुख कारण स्थानच्युति (Displacement) वा स्थानान्तरणलाई मान्दछन् । प्रत्येक व्यक्तिमा निहित प्रतिभा प्रदीप्त बन्न पाएको छैन, बरु ओइलाउन थालेको छ । व्यक्ति जे हुन लायक छ, त्यो हुन सकेको छैन किनभने उसलाई आफ्नो क्षमतानुसार होइन कि बलपूर्वक अन्यत्र कहीँ लगाइएको हुन्छ जसले गर्दा सबै अस्तव्यस्त छ । सबैलाई धक्का दिएर आफ्नो स्वभाव विपरीतको कर्ममा लगाइएको छ । त्यसैले त आज प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभालाई ख्याल गरेर क्षमता र प्रतिभा एवम् बालबालिकाका चाहना अनुसारका रोजाइका क्षेत्रमा नै लगाउन मनोवैज्ञानिकहरू सुझाव दिन्छन् । अर्जुनमा निहित प्रतिभाको पहिचान गरेर युद्धमा अघि बढ्न श्रीकृष्ण सुझाउँदै भन्नुहुन्छ- युद्धमा जुन जुन महारथीहरूले तिमीलाई अत्यन्तै सम्मान गरेका छन् उनीहरूले युद्धबाट विमुख हुन खोजेकोमा तुच्छ ठानेर तिम्रो सामर्थ्यको उपहास गर्दै निन्दा गर्ने छन् । यसभन्दा दुखदायी कुरा अरू केही हुन सक्दैन । युद्धमा अघि बढ्ने उत्प्रेरणा सबैका लागि भनिएको होइन । श्रीकृष्णको यस भनाइलाई सबैका लागि सामान्यीकरण गर्न सकिन्न ।

अर्जुन एउटा सम्भाव्य क्षत्रिय हुन्, जो आफ्नो स्वभाव एवम् प्रतिभाविपरीत भाग्न चाहन्छन् । त्यसैले श्रीकृष्ण उनलाई स्वधर्म अनुकूलको कर्म गर्न प्रेरणा दिनुहुन्छ । हरेक व्यक्तिको स्वधर्म उसको सत्य प्राप्त गर्ने मार्गको कोसेढुङ्गा हुन सक्छ; त्यही नै उसको सत्य पनि हो भनेर श्रीकृष्ण भन्नुहुन्छ । त्यसैले श्रीकृष्ण अर्जुनको स्वकर्मअनुसार युद्धबाट नभाग्न र युद्ध गर्न प्रेरित गर्दै हुनुहुन्छ । गीतामा महावीर या बुद्ध भएको भए पनि उहाँहरूले आफ्नो सम्भावना अनुरूप नै आचरण गर्नुहुन्थ्यो । गीताको सन्देश प्रत्येक व्यक्तिले आफ्नो सम्भावनाको खोजी गरी त्यस अनुरूपको कार्य गर्नुपर्छ भन्ने हो । जसबाट व्यक्तिलाई सत्यसम्म पुग्न र सत्यलाई प्राप्त गर्न सहज हुन्छ ।

*हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।*
*तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥*

**हे कुन्तीपुत्र ! यदि तिमी युद्धमा मारियौ भने स्वर्गलोक पाउने छौ र युद्धमा विजय हासिल गर्‍यौ भने तिमीले पृथ्वीको राज्य भोग्ने छौ । अतः दृढ निश्चयका साथ उठ र युद्ध गर ॥**

युनानी विद्वान् प्लेटोलाई एकपटक कसैले स्वर्ग एवम् सुख के हो भनेर सोधे उनले प्रत्युत्तर दिँदै भने- व्यक्तिको अन्तस्करणको भावसँग जब बाहिरको आचरणको सङ्गीतपूर्ण तालमेल हुन्छ या व्यक्तिभित्र लुकेको भाव जब साकार हुन्छ, तब मानिसले सुखको अनुभूति गर्छ । व्यक्तिको हृदयमा लुकेको बीज जब प्रकट हुन्छ वा आफ्नो कामना पूरा भएको स्थिति हुन्छ, त्यसलाई नै स्वर्ग भनिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- प्रत्येक मानिसको गुणधर्म र अन्तस्करणमा स्थित बीज साकार भएमा वा आकाङ्क्षा पूरा भएमा त्यही नै सुख र स्वर्ग हो । जुन स्वभाव, गुणधर्म वा सम्भावना बोकेर व्यक्ति जन्मेको हुन्छ त्यो स्वभाव, आकाङ्क्षा पूरा हुन सकेन भने दुख प्राप्त हुन्छ अर्थात् जे हुनका लागि जन्मेको हो त्यो पूरा हुन नसक्नु नै दुख हो । स्वधर्मबाट भड्किनु वा च्युत हुनु नै ठुलो नर्क हो र स्वधर्म प्राप्त गर्नु नै महान् स्वर्ग हो । अर्जुन यस्तै बिच भागमा उभिएका छन् । उनीभित्र जुन गुणधर्म छ त्यो उनी हुन चाहँदैनन् र जे छैन त्यो हुन चाहन्छन्। उनी असम्भव तनावमा उभिएका छन् ।

स्वधर्मका विपरीत जानु अधोगतितिर उन्मुख हुनु हो भने स्वधर्मलाई आत्मसात् गर्नु प्रगतिको सिँढी चढ्नु हो । पश्चिमका विचारक इब्राह्म मेसलोका अनुसार व्यक्तिले जब भित्री सम्भावनाको उचाइलाई छुन्छ, तब ऊ समाधिको अवस्थामा पुग्छ । अर्जुन युद्धको अवस्थामा आफ्नो निर्णयको सुनिश्चितताको उच्चतम स्थितिमा जब पुग्ने छन् तब उनका सामु विजय या मृत्युको स्थिति आउने छ । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमीलाई एउटा उचाइ छुने सर्वोच्च अवसर प्राप्त भएको छ, जुन बारम्बार प्राप्त हुँदैन । यस्तो अवसरका लागि मानिसले अनेक जन्महरूको प्रतीक्षा गर्नुपर्छ । अर्जुनरूपी फूल फक्रने र फुल्ने महाभारतरूपी युद्धमा मात्र हो, अन्यथा फुल्न सक्दैन । जुन युद्ध आफैंमा चुनौतीको पहाड हो, जहाँ अर्जुनको जित वा हार निश्चित छैन, यस्तो अवस्थामा मात्र उनको क्षमताको फूल फक्रन सक्छ र शिखर चुम्न सक्छ । त्यसैले त श्रीकृष्ण अर्जुनलाई युद्धका निम्ति यति धेरै जोड गरिरहनुभएको छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी आफ्नो सम्भावना अनुरूप यदि युद्धबाट विमुख भयौ भने तिम्रो सामर्थ्यको निन्दा वा आलोचना गर्दै तिम्रा शत्रुहरूले नाना प्रकारका छुद्र वचन बोल्ने छन् । यदि युद्धमा लड्यौ भने आफ्नो अन्तस्करणको उचाइमा पुगेर मृत्यु भोग्नुपरे पनि तिमीले स्वर्गको उचाइ पाउने छौ, जसका लागि जीवनभर प्रतीक्षारत थियौ । यदि विजयी भयौ भने त तिमीले साम्राज्य चुम्ने छौ जसका लागि क्षत्रियको ठुलो आकाङ्क्षा रहेको हुन्छ । यदि हार्‍यौ भने पनि क्षत्रिय धर्म निर्वाह गर्दै वीरगति प्राप्त गर्ने छौ र स्वर्गको बास हुने छ । अतः दृढ निश्चयका साथ उठ र युद्ध गर ।

*सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।*
*ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥*

**हे अर्जुन ! सुख-दुख, लाभ-हानि, जय-पराजय आदिलाई समान ठानेर युद्धका लागि युद्ध गर । यस्तो प्रकारले युद्ध गर्‍यौ भने तिमीलाई कुनै पाप लाग्ने छैन ॥**

साधारणतया हामी पाप र पुण्य र राम्रो या नराम्रो कामलाई पनि कृत्य ठान्छौँ तर पाप-पुण्य कृत्य नभएर कर्ताभाव हो । मनुष्यले गर्ने सारा कृत्य नीतिमा आधारित हुन्छ र नीतिमा समाज आबद्ध हुन्छ । नीतिले गर्न हुने र गर्न नहुने कामका सम्बन्धमा स्पष्ट निर्देशन दिएको हुन्छ । कृत्य अनन्तसम्म चलिरहने प्रक्रिया हो जो व्यक्ति समाप्त भएपछि पनि समाप्त हुँदैन । यो ठुलो श्रृङ्खलाको एउटा कडी हो र यो श्रृङ्खला अन्तहीन हुन्छ । एउटा सानो कृत्यबाट पनि त्यसको तरङ्ग रहिरहन्छ, जस्तो कि एउटा ढुङ्गा पोखरीमा फ्याँक्दा त्यो पानीमा डुबे पनि पानीमा आएको तरङ्ग चलिरहन्छ । त्यसैले कुन कृत्य ठिक हो र कुन बेठिक हो भन्न गाह्रो छ । कुनै पनि कृत्यको परिणाम के हुन्छ भन्ने कुरा अनेकौं सम्भावनाहरूले निर्धारण गर्छन् । द्वितीय विश्वयुद्ध अगाडि हिटलरलाई कसैले गोली हानेर मारिदिएको भए यो कृत्य शुभ या अशुभ के हुन्थ्यो विचारणीय छ । सबै नीतिवादीहरू कृत्यबाट नै सोच्दछन् ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी जे गर्छौ त्यो ठिक हो या बेठिक भन्ने कुरा महत्त्वपूर्ण होइन, महत्त्वपूर्ण कुरा त तिमी के हौ र तिम्रो मनोदशा कस्तो छ, त्यसमा निर्भर हुन्छ । व्यक्तिको भावदशा महत्त्वपूर्ण हुन्छ । यदि व्यक्तिले सुख-दुख, लाभ-हानि र जय-पराजयलाई समान ठान्छ भने त्यस्तो अवस्थामा उसले गरेका कार्यमा पाप लाग्दैन । अरूलाई चोट पुर्‍याउने कृत्य तब हुन्छ जब त्यो कृत्यबाट आफूलाई लाभ वा हानि हुन्छ । जसमा सुख-दुख, लाभ-हानि र जय-पराजयको भाव हुँदैन उसले अर्कालाई चोट पुर्‍याउने गल्ती नै गर्दैन । कृष्णको जोड कृत्यमा होइन व्यक्तिमा छ र व्यक्तिले जुन सर्तहरूको अधीनमा रही कृत्य गर्नुपर्छ त्यो महत्त्वपूर्ण हुन्छ । श्रीकृष्ण अर्जुनलाई समाधिको जस्तो समभावको स्थितिमा पुर्‍याउन चाहनुहुन्छ । सामान्य रूपमा हेर्दा कृष्णले अर्जुनलाई स्वच्छन्द हुन प्रेरित गरेको जस्तो देखिए पनि खासमा उहाँ अर्जुनलाई गहिरो रूपान्तरणमा लैजाने प्रयास गर्दै हुनुहुन्छ । समभावमा रहने

व्यक्ति स्वच्छन्द हुनै सक्दैन । मनुष्य लाभ प्राप्त गर्नका लागि र हानिबाट बच्नका लागि नै पापकर्ममा लाग्दछ । प्रत्येक कृत्य चोरी, व्यभिचार, बेइमानी आदि लाभ, सुख र विजयका लागि नै गरिन्छ । यसरी नै पुण्य पनि हानि, दुख, पराजय, असफलता आदिबाट बच्नका लागि नै गरिन्छ ।

यस जगत्मा नैतिक र अनैतिक व्यक्तिहरू लाभ र हानिको आधारमा बनेका छन् । श्रीकृष्ण नीतिलाई नयाँ उचाइमा लैजान चाहनुहुन्छ । जबसम्म तिमी लाभ र हानिमा भेद देख्छौ तबसम्म तिमीले जे गरे पनि त्यो पाप हुन्छ र जुन दिन यो भेद मेटिन्छ तब तिमीले जे गरे पनि तिमी पापबाट मुक्त हुन्छौ । के गर्ने या के नगर्ने भन्ने विषय प्रमुख होइन, आफ्नो चित्तमा कुनै प्रभाव पर्छ कि पर्दैन त्यो मुख्य कुरा हो । यदि लाभ र हानिको प्रभाव पर्छ भने जतिसुकै ठुलो पुण्य गरे पनि त्यो पाप हुन्छ किनभने सबै पुण्य पापका आधारमा निर्माण हुन्छन् । मन्दिर, धर्मशाला जे बनाए पनि लाभका आधारमा गरेको कार्य पाप नै ठहरिन्छ । सबै पुण्य पापकै धरातलमा उभिएको हुन सक्छन् । पुण्य गर्ने धन पनि चोरी र पापबाट नै जम्मा भएको हुन सक्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- पाप र पुण्य कृत्यबाट होइन व्यक्तिको अन्तस्करणबाट उठ्ने मनोभावसँग सम्बन्धित हुन्छन् । तसर्थ हे अर्जुन ! सुख-दुख, लाभ-हानि, जय-पराजय आदिलाई समान ठानेर युद्ध गर । यसो गऱ्यौ भने तिमीलाई कुनै पाप लाग्ने छैन ।

*एषा तेऽभिहिता साङ्ख्ये*
*बुद्धिर्योगे त्विमां श्रृणु ।*
*बुद्धचा युक्तो यया पार्थ*
*कर्मबन्धं प्रहास्यसि ॥३९॥*

**हे पार्थ ! यहाँसम्म साङ्ख्ययोगको वर्णन गरियो । अब म निष्काम कर्मयोगको व्याख्या गर्छु; त्यो तिमी सुन । यसपछि समबुद्धिले युक्त भएका तिमी कर्मको बन्धनबाट मुक्त हुने छौ ॥**

सत्य प्राप्त गर्ने बाटाहरू अनन्त छन् । ईश्वरको मन्दिरका ढोका अनन्त छन् किनभने अनन्तलाई प्राप्त गर्ने ढोका अनन्त नै हुनुपर्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- मैले तिमीलाई प्रारम्भमा साङ्ख्यका बारेमा बताएँ । साङ्ख्य अत्यन्त गहन ज्ञानदृष्टि हो । साङ्ख्यदृष्टिका बारेमा बुझ्न सकियो भने अरू मार्गहरूको आवश्यकता नै पर्दैन । साङ्ख्यदृष्टि बुझ्न नसक्दा मात्र अरू दृष्टिको आवश्यकता पर्दछ । जापानको बुद्धधर्मको एक शाखा जैन (Jainism) जो पश्चिममा अत्यधिक प्रख्यात छ, त्यो दर्शन पनि साङ्ख्यबाट नै आएको हो ।

साङ्ख्यका दृष्टिमा जान्नु नै पर्याप्त छ, केही गर्नु आवश्यक छैन । नजान्नुका कारणले नै पीडा सिर्जिन्छ र अज्ञान नै वास्तविक बन्धन हो । कृष्णमूर्तिको सारा विचार साङ्ख्यसँग सम्बन्धित छ । दार्शनिक सुकरातले ज्ञानलाई नै सत्त्वगुण मानेका छन् । व्यक्तिले काम, क्रोध, लोभ, मोह, वासना, चाहना आदि खराब हुन् भन्न सक्छ । यदि खराब हुन् भन्ने जानेको भए ऊ त्यसबाट अलग हुन सक्नुपर्ने हो । यी खराब हुन् भन्ने सुनेको भरमा तिनबाट अलग हुन सकिन्न । जान्नु अरूबाट उधारो हुँदैन, यो त स्वयम्बाट अनुभूत गरिएको हुनुपर्छ । उदाहरणका लागि यदि कुनै व्यक्तिले आगोमा हात हाल्दा पोल्छ भन्ने सुनेको छ र अर्को व्यक्तिले आगोमा हात हाल्दा पोल्छ भन्ने जानेको छ भने यी दुवै स्थितिमा ठुलो भेद हुन्छ । सुनेको व्यक्तिले आगोमा हात हाल्न सक्छ तर पोल्छ भन्ने जानेको व्यक्तिले कहिल्यै आगोमा हात हाल्दैन । अर्काबाट सुनेको भरमा जान्नु जान्नु हुन सक्दैन । जान्नु त स्वयम्लाई अनुभूत हुनु हो ।

द्वितीय विश्वयुद्धमा एक सिपाहीले आफ्नो नाम, ठेगाना, नम्बर आदिको स्मृति गुमाए । अनि उनलाई इङ्गल्यान्डका गाउँमा घुमाएर उनको स्मृति फर्काउने चेष्टा गरियो । रेलको यात्राका क्रममा उनलाई विभिन्न स्टेसनमा घुमाइयो तर एक स्टेसनमा उनी आफै ओर्लिए र उनको स्मृति फर्कियो । त्यसपछि उनी आफ्नो घरमा गएर आफ्नो गाउँ, घर, आमा भन्दै दौडिए । साङ्ख्यका अनुसार आत्मज्ञान

केवल स्मरण हुनु हो । केवल स्मृति हराएकोमा स्मृति फिर्ता हुनु साङ्ख्य ज्ञान हो । हामीले जान्ने कुरा नयाँ होइन, यो त केवल जानेको कुरा बिर्सिएकोमा स्मरण फिर्ता हुनु मात्र हो । विस्मृति पुनः स्मरण हुने बित्तिकै केही गरिरहनुपर्दैन, जान्ने कुरा तत्काल जानिन्छ ।

भगवान् श्रीकृष्णले प्रारम्भमा साङ्ख्ययोगको चर्चा गरेर अर्जुनको स्मरण फिर्ता ल्याउने प्रयास गर्नुभयो । उहाँले अर्जुनलाई आत्मा अजर, अमर भएकोले यसको जन्म र मृत्यु कहिल्यै नहुने अविनाशी तत्त्व भएको जानकारी गराउनुभयो । आत्माको जन्म र मृत्यु हुँदैन, यो त अव्यक्त हुन्छ र अव्यक्तलाई बिचमा व्यक्त मात्र भएको हो । अर्जुन बन्धुबान्धव मारिने डरले भयभीत देखिन्छन् तर श्रीकृष्ण भन्नुहुन्छ, उनीहरूलाई मार्न सम्भव नै छैन किनभने मृत्यु त केवल शरीरको हुन्छ, आत्मा कहिल्यै मर्दैन ।

आफ्नो स्मृति हराएको सिपाहीलाई इङ्गल्यान्डमा गाउँ-गाउँमा घुमाए जस्तै भगवान् श्रीकृष्ण अर्जुनको स्मरण फिर्ता गराउन प्रयासरत रहनुभयो । स्मृति फिर्ता भएर अज्ञानबाट मुक्त भएको जानकारी अर्जुनबाट आउने श्रीकृष्णको आशा सफल भएन । यसका विपरीत अर्जुन शिथिल भएर गाण्डीव राख्दै हताश मनस्थितिका साथ बलहीन भएर रथमा चुपचाप बसे । श्रीकृष्णले अर्जुनलाई साङ्ख्यको मार्गबाट बुझाउन नसकेपछि योगका बारेमा बताउन लाग्नुभयो । साङ्ख्ययोग श्रेष्ठ मार्ग हो । साङ्ख्ययोगको कुरा उनले नबुझेपछि कृष्ण जस्ता गुरु हुनाले आफ्ना शिष्यलाई ज्ञानयुक्त गराउन कर्मयोगका बारेमा बताउन लाग्नुभएको हो । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- "हे पार्थ तिम्रा लागि अब म निष्काम कर्मयोगको व्याख्या गर्छु त्यो तिमी सुन, जुन सम्बुद्धिले युक्त भएमा तिमी कर्मका बन्धनबाट मुक्त हुने छौ ।"

जापानी जैन विचार पनि साङ्ख्य जस्तै छ, त्यसमा पनि केही गर्नु आवश्यक छैन । जसले केही गर्छ त्यो भट्किन्छ; त्यसैले उनीहरू नखोज, बरु जान भन्दछन् । जो पाउनु छ त्यो प्रयासले पाउन सकिन्न, बरु प्रयास नगरेमा पाइन्छ । साङ्ख्य कर्मलाई व्यर्थ मान्दछ । आत्मा भित्र छ त्यसलाई बाहिर खोजेर पाइन्न । त्यसलाई अकर्ममा उत्रिएर मात्र पाउन सकिन्छ । सारा कर्महरू जसबाट हुन्छन् तर पनि ऊ सबै कर्मबाट बाहिर छ, त्यसलाई जान्नु नै ज्ञान हो भनेर साङ्ख्य भन्दछ । ज्ञानका सन्दर्भमा जैन र साङ्ख्यमा सामीप्य छ । जैन दर्शनले ईश्वरको कुरा गर्दैन । उसले भन्छ- जबसम्म ध्यान ज्ञान हुँदैन तबसम्म ब्रह्मको कुरा गर्नु व्यर्थ छ र जब ध्यान ज्ञान हुन्छ तब त ब्रह्मको कुरा गर्नु झनै व्यर्थ हुन्छ ।

सम्पूर्ण जान्ने व्यक्तिहरूमा साङ्ख्यको ज्ञान हुन्छ । बुद्धको चिन्तन शुद्ध साङ्ख्य हो; त्यसैले त बौद्धधर्म भारतखण्डबाट विसर्जित भयो । बौद्धदर्शनमा पनि केवल जान्नु मात्र काफी छ, गर्नु केही पर्दैन । जगत्मा केही व्यक्तिहरू केही नगरिरहन सक्दैनन्; उनीहरूका लागि बौद्धधर्म सार्थक हुन सकेन । न केही गर्नु न केही पाउनु केवल जान्नु नै बौद्ध दर्शन हो र जापानी जैन बौद्धधर्मको एक शाखा हो । भारतखण्डभन्दा बाहिर चीन, बर्मा, थाइल्यान्ड, जापान, कोरिया र तिब्बतमा बौद्धधर्म स्थापित हुनसक्यो । जुन अशुद्धि गर्न यहाँ बौद्धधर्म राजी भएन, तिनै कुराहरूमा त्यहाँ उनीहरूले सम्झौता गर्नुपर्‍यो । त्यसैले यो धर्म अन्यत्र कर्मकाण्ड बन्यो । जबसम्म साङ्ख्य मात्र थियो तबसम्म यो प्रख्यात हुन सकेन किनभने शुद्ध साङ्ख्य धेरै कम व्यक्तिहरूले मात्र बुझ्दछन् । जब यस धर्ममा सम्झौता भयो तब यो धर्म त्यहाँ स्थापित हुनसक्यो । साङ्ख्यको शुद्ध विचारधारालाई अनुसरण गर्नेहरू अल्पसङ्ख्यामा मात्र रहेको हुनाले उनीहरू प्रायः लोप नै भए ।

ब्रह्मवादीहरू ईश्वरवादी नहुन पनि सक्छन् । उनीहरू अव्यक्त नै पर्याप्त भएको ठान्दछन् । ईश्वरको अर्थ सृष्टिकर्ता र ब्रह्मको अर्थ शुद्ध जीवनको ऊर्जा हो । ईश्वर हाम्रो धारणाका साथै ब्रह्मलाई परबाट देखिने दृष्टिकोण पनि हो । निराकारलाई हामी सोच्न सक्दैनौँ तर आकार दिएर सगुणलाई हामी सोच्न सक्छौँ । ब्रह्म जब मनुष्यको मनबाट हेरिन्छ तब ईश्वर बन्दछ । यो ईश्वर मनुष्यको निर्माण हो । व्यक्ति जति विचारलाई छाडेर निर्विचारमा जान्छ त्यति नै ईश्वर पनि हराउँछ अनि निराकार र निर्गुण

मात्र शेष रहन्छ, त्यही ब्रह्म हो । कृष्णले पहिले शुद्ध साङ्ख्यको कुरा गर्नुभयो तर अर्जुनलाई त्यसको कुनै प्रभाव नपरेपछि कर्मयोगका बारेमा बताउन तत्पर हुनुभयो । साङ्ख्य मनुष्यको उच्चतम बुद्धिबाट चल्छ तर योग सामान्य बुद्धिबाट पनि चल्न सक्छ । साङ्ख्य शुद्ध ज्ञान हो र योग शुद्ध क्रिया हो । सारा संसारको चिन्तनलाई यी दुई हिस्सामा बाँड्न सकिन्छ । कर्मप्रति आस्थावान्हरूलाई योग र केही नगर्ने ज्ञानप्रति आस्थावान्हरूलाई साङ्ख्यको कोटिमा राख्न सकिन्छ ।

*नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।*
*स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥*

**निष्काम कर्मयोगमा समबुद्धिरूप धर्मको आरम्भ र बीजको नाश हुँदैन, यसमा उल्टो (पाप) फल पनि हुँदैन । यस मार्गमा गरिएको धर्मको सानो प्रयास (अनुष्ठान) ले पनि भयानक डरबाट उद्धार गर्छ वा मुक्त गराइदिन्छ ॥**

निष्काम कर्मको कुनै पनि कदम व्यर्थ हुँदैन अर्थात् सानो प्रयास पनि खेर जाँदैन र सकाम कर्मको ठुलोभन्दा ठुलो कदम पनि व्यर्थ नै जान्छ । सकाम बुद्धि सदा असफल हुन्छ । जति फल आए पनि सकाम कर्ममा व्यक्ति सन्तुष्ट हुँदैन बरु झन् बढी अपेक्षा गर्दछ । अपेक्षाको कुनै सीमा वा अन्त नभएकाले हरेक सफलतालाई पनि उसले असफलता ठान्दछ किनभने त्यहाँ अपेक्षा जति भए पनि नपुग्ने हुन्छ । जेसुकै पाए पनि मन तृप्त हुँदैन, सन्तोषको अनुभूति हुँदैन । त्यसैले सकाम कर्म असफल हुन बाध्य छ तर निष्काम कर्मको सानोभन्दा सानो अंश पनि निष्फल नभएर सफल नै हुन्छ । निष्काम भएपछि अपेक्षारहित हुने भएकाले जे पाए पनि ठुलो नै हुन्छ र सन्तोष प्राप्त हुन्छ । अपेक्षा अन्तहीन र अनन्त छ । श्रीकृष्ण अझ जोड दिँदै भन्नुहुन्छ- निष्काम कर्मयोगमा समबुद्धिरूप धर्मको आरम्भ र बीजको नाश हुँदैन र उल्टो फल पनि हुँदैन । यस मार्गमा गरिएको धर्मको सानो प्रयासले पनि भयानक डरबाट उद्धार वा मुक्त गर्दछ । हे अर्जुन ! अपेक्षारूपी असम्भव पूर्ति हुने विषयलाई हटाई, चाहना एवम् वासनारहित हुन सके सानो कर्मले पनि तृप्ति दिन्छ । निष्कामकर्मीलाई कहिल्यै पनि विषाद प्राप्त हुँदैन । धनी व्यक्तिका अपेक्षा धेरै हुनाले ऊ विषादलाई प्राप्त हुन्छ र गरिबका अपेक्षा साना वा थोरै हुने हुँदा ऊ विषादमा कम प्राप्त हुन्छ । गरिब अनन्त अपेक्षा गर्दैन तर धनीलाई जति भए पनि पुग्दैन ।

अमेरिकन लेखक पावल गुडमैन (Pawl Goodman) ले अमेरिकाका सम्बन्धमा लेखेका छन्- मनुष्य जातिले जे जे अपेक्षा गरेका थिए ती सबै अमेरिकामा पूरा भइसके तर पनि अमेरिकामा जति दुख, तनाव या त्रास छ त्यति दुख, तनाव र त्रास विकासशून्य आदिवासीहरूमा पनि छैन । आज पश्चिममा सारा सपना पूरा भए पनि अपेक्षा अनन्त भएकाले तनाव घट्नेभन्दा अझ बढेको बढ्यै छ । दुनियाँमा शिक्षित वर्गका व्यक्तिहरू गरिब एवम् अशिक्षित वर्गभन्दा ज्यादा अपेक्षा राख्दछन् । उनीहरूलाई शान्ति एवम् सन्तोषको अनुभूति हुन गाह्रो छ । धनी-गरिब, शिक्षित-अशिक्षित भन्दा पनि अपेक्षाका कारण मानवले सन्तोषको अनुभूति गर्न सकेको छैन ।

श्रीकृष्ण कहिल्यै पनि असफलता नल्याउने निष्काम कर्ममा जोड दिनुहुन्छ । अपेक्षा नभएपछि बाधा आउने प्रश्न नै हुँदैन । गङ्गा समुद्रतिर प्रवाहित हुने क्रममा नक्सा कोरेर बग्न खोजे अनेकौं बाधा-अड्चनहरू तेर्सिन्छन् तर निष्काम भावले बग्दा समुद्रसम्म निर्बाध ढङ्गले पुग्छिन् । गङ्गाका लागि जुन मार्ग आफैं बन्छ त्यो नै उनको बाटो हो । मनुष्यले कर्म गर्दा तत्काल फलको आशा नराखी अघि बढ्यो भने उसको जीवनमा बाधा आउँदैन । जे प्राप्त हुन्छ त्यसमा सन्तोष मानेर परमात्मालाई धन्यवाद दिन्छ । निष्कामकर्मीहरू अपेक्षारहित हुने भएकाले उनीहरूलाई सदैव परिस्थिति अनुकूल नै हुन्छ, विविध त्रास, विषाद, असफलता एवम् तनावको डर हुँदैन । निष्कामकर्मीलाई पहाडजस्तो विशाल भयले पनि छुदैन । सानो कामनाले पनि पहाड जत्रो भय र विषाद ल्याउने हुँदा जीवन अस्तव्यस्त बनाइदिन्छ । सामान्य

चाहनाले पनि दुख निम्त्याउँछ । बाटामा हिँड्दा परिचितहरूले नमस्कार नगर्दा पनि हामी दुखी हुन्छौं । सकाम कर्ममा सानो अपेक्षाले पनि ठुलो दुख प्राप्त हुन्छ ।

*व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।*
*बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥*

**हे कुरुनन्दन ! समबुद्धिप्राप्तिका विषयमा दृढ निश्चय, दृढ प्रतिज्ञा भएकाको बुद्धि एउटै हुन्छ र दृढ निश्चय नभएका मनुष्यहरूको बुद्धि अनेक शाखाहरूमा विभाजित हुन्छ ॥**

मनुष्यको मन वा चित्त अखण्ड वा खण्ड-खण्ड हुन सक्छ । त्यस्तै उसको बुद्धि पनि खण्ड-खण्डमा विभाजित, स्वविरोधी वा अविभाजित पनि हुन सक्छ । साधारणतया विषयले भरिएको मनको अवस्था बहु चित्तवान् हुन्छ । बहुचित्त मात्र होइन, एक चित्तका विपरीत अर्को चित्त पनि हुन सक्छ । हाम्रो चित्त आफ्ना लागि एउटा र अर्काका लागि अर्कै हुन्छ। अधिकांश समय हामी दुई मनका हुन्छौं । बाहिरी दुनियाँलाई देखाउन इमानदारी प्रदर्शन गर्छौं तर भित्र हामी बेइमान हुन्छौं । चित्त हाम्रो अनेकौं खण्डमा विभाजित हुनाले विपरीत आकाङ्क्षाले हाम्रो मनलाई समात्छ । मनुष्यलाई शान्तिका साथै धन र प्रतिष्ठा पनि चाहिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- विषयमा आसक्त चित्त एकैपटक धेरै विषयहरूको अपेक्षा गर्छ र खण्ड-खण्डमा टुट्छ तर कल्याणमार्गमा दृढ निश्चय र दृढ प्रतिज्ञा भएका निष्कामकर्मीको बुद्धि एउटै हुन्छ । जो व्यक्ति अपेक्षारहित भएर निष्काम कर्म गर्दछ उसको चित्त विभाजित हुँदैन । जहाँ मन खण्डित हुँदैन त्यहाँ सुख, शान्ति, आनन्द, सङ्गीत, सौन्दर्य र शक्ति पनि प्राप्त हुन्छ । मन खण्डित भएमा शान्तिको अनुभूति गर्न सकिन्न । मनले शान्तिको अनुभूति गर्न सकेमा सबै कुरा पाउन सकिन्छ । विषयको दौडले अशान्ति र नदौडिने अखण्डित मनले शान्ति ल्याउँछ । निष्काम कर्मको भावदशाले एक मन अर्थात् अखण्डित मनको विकास गर्दछ र जहाँ मन एक हुन्छ त्यहाँ निश्चयात्मक बुद्धि हुन्छ । अनिश्चयका लागि कमसेकम दुई मन चाहिन्छ । सकाम कर्मले आफ्नै मनका विरुद्ध निश्चय गर्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो निष्काम कर्मको यात्रामा निस्किन्छ उसको बुद्धि निश्चयात्मक हुन्छ किनभने उसको मन विषयहरूमा लाग्दैन । उसले कामनाको व्यर्थतालाई बुझ्दछ । यसरी कर्मफलको आशा नगर्ने व्यक्ति क्षणजीवी भएर कर्म गर्छ र ऊ स्वतः एक मनको हुन्छ ।

*यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।*
*वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥*

**हे पार्थ ! वेदमा उल्लेख आलङ्कारिक वचनहरूप्रति आसक्त भएका अल्पज्ञानी मानिसहरू भोग वा कर्मकाण्डबाहेक अरू केही छैन भनी देखावटी वचन मात्र भन्दछन् ॥**

*कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।*
*क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥*

**अव्यवसायी मानिसहरू जो इन्द्रियतृप्ति वा स्वर्गप्राप्तिका निम्ति इच्छुक छन् तिनीहरू जन्म, मृत्यु एवम् भोग, ऐश्वर्य प्राप्ति गराउने धेरै सकाम कर्महरूको वर्णन र त्यस्तै कर्म गर्ने गर्दछन् ॥**

*भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।*
*व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥*

**कर्मकाण्डका पुष्पित वचनका कारणले भोग र ऐश्वर्यमा आसक्त भएका मनुष्यहरू जसको अन्तस्करण भोगतर्फ खिचिएको छ, त्यस्ता मनुष्यहरूको अन्तस्करणमा स्थिर बुद्धि रहन सक्दैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! वेदमा उल्लिखित आलङ्कारिक वचनहरूप्रति आसक्त भएका अल्पज्ञानी कर्मकाण्डबाहेक अरू केही छैन भनी देखावटी वचन मात्र भन्दछन् । जो मनुष्य सुख, कामना, विषय-वासनाबाट उत्प्रेरित भएर जगत्मा सबै कुरा स्वर्ग मात्र देख्छन्, र यस संसारमा मात्र होइन परलोकमा पनि सुखको नै माग गर्दछन्, त्यस्ता व्यक्ति निष्कामकर्मी हुन सक्दैनन् । जो व्यक्ति केही पाउने आकाङ्क्षा राखेर कर्म गर्दछ, उसले कर्मयोगलाई प्राप्त गर्न सक्दैन । कर्मयोगको मौलिक आधार फलको आशारहित कामना हो । श्रीकृष्ण कर्म वासनारहित एवम् कामनारहित हुनुपर्छ भन्नुहुन्छ । यसरी वासना र कामनारहित कर्म गर्दा कर्मको उत्प्रेरणा कसरी प्राप्त हुन्छ भन्ने सोच हुन सक्छ । त्यसैले पश्चिमका मनोवैज्ञानिक विना कामनाको कर्म हुन सक्दैन भन्छन् ।

श्रीकृष्ण ठिक विपरीत कुरा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ- इन्द्रिय तृप्तिका इच्छुक जन्म-मृत्यु एवम् भोग-ऐश्वर्य प्राप्त गराउने सकाम कर्महरू गर्दछन् । उहाँको भनाइ अनुसार कर्म जबसम्म सकाम हुन्छ तबसम्म त्यस्तो कर्मले दुख र विषाद मात्र दिन्छ । स्वर्ग, सुख आदिको चाहना नष्ट भएपछि मात्र कर्म शुद्ध हुन्छ । शुद्धकर्मलाई नै निष्काम कर्म या कर्मयोग भनिन्छ । निष्काम कर्म या कर्मयोग स्वयम्को मुक्ति हो । निष्काम कर्मयोगीलाई अन्य कुनै मोक्षको जरुरत पर्दैन । कुनै पनि दृश्य वा अदृश्य कर्म जहाँ प्रेरणा, चाहना लुकेको हुन्छ त्यो निष्काम कर्म हुन सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! कर्मकाण्डका पुष्पित वचनका कारणले भोग र ऐश्वर्यमा आसक्त भएका तथा अन्तस्करण भोगतर्फ खिचिएका मनुष्यहरूको अन्तस्करणमा स्थिर बुद्धि रहन सक्दैन । तसर्थ उनीहरू सकाम कर्म गर्दछन् ।

अकबरले एक दिन तानसेनलाई उनको सङ्गीत-कलाको प्रशंसा गर्दा तानसेनले आफ्ना गुरुको तुलनामा आफू सामान्य रहेको बताए । अकबरले तानसेनको गुरूसँग भेट्न खोज्दा तानसेनले गुरुलाई भेट्न गुरू कहाँ नै जानुपर्ने बताएपछि दुवैजना यमुनाको किनारमा पुगे । गुरु हरिदासको सङ्गीतले अकबरलाई मन्त्रमुग्ध बनायो र आनन्दले विभोर भएर त्यस सङ्गीतको धारमा पग्लिएर बग्न थाले । यसअघि उनले यस्तो सङ्गीत कहिल्यै सुनेका थिएनन् । गुरुको जस्तो कला तानसेनमा किन नभएको भनी उनलाई सोध्दा उनले आफू केही पाउने अभिलाषाले बजाउने र गुरुले पूर्ण निष्काम भएर बजाउने हुँदा आफ्नो कला साधन मात्र भएको र साध्य नभएको जवाफ दिए । तानसेनले गुरुले निष्काम भावले बजाउने हुँदा र परमात्मा उहाँको प्राणमा भरिएकाले त्यही कला गुरुबाट धारा प्रवाह रूपमा प्रवाहित भएको बताए । यो अस्तित्वमा सबै कार्य निस्वार्थ भावले भइरहेको छ । जस्तो नदी निस्वार्थ भावले अविरल बगिरहेको छ, फूल समयमा फुलिरहेको छ, हावा निरन्तर प्रवाहित भइरहेको छ र सूर्यले निरन्तर प्रकाश एवम् ताप दिइरहेको छ । मनुष्यलाई छोडेर सारा जगत्को ऊर्जा अकारण आनन्दले भरिएर निष्काम प्रवाहित भइरहेको छ ।

जुन दिन आकाङ्क्षा र चाहनारहित हुँदै कृत्य भरिएर बग्न थाल्छ, त्यसै दिन निष्काम कर्म फलित हुन्छ । आकाङ्क्षायुक्त काम सकाम हुन्छ र जब स्वतःस्फूर्त रूपमा भरिएको ऊर्जा बग्न थाल्छ तब त्यो कृत्य निष्काम हुन्छ । सकाम कर्म कर्मयोग हुँदैन, निष्काम कर्म मात्र कर्मयोग हुन्छ । ईश्वर पाउने अभिलाषाले भजन गरियो भने त्यो कृत्य सकाम हुन्छ । कामनाले ईश्वर प्राप्त गर्न सकिन्न । कुनै पनि प्रार्थना वा भजन स्वतःस्फूर्त रूपमा गाइयो भने त्यो निष्काम हो । केही पाउने इच्छाले गरिएको कृत्य पापपूर्ण हुन्छ । कामनारहित शुद्ध कृत्य मात्र निष्काम हुन्छ । जर्मन विचारक इमान्युल कान्ट (Immanual Kant) का अनुसार आकाङ्क्षारहित कर्तव्य शुद्ध एवम् निष्काम हो भने आकाङ्क्षायुक्त कर्तव्य सकाम एवम् पाप हो । बाटामा हिँड्दा कुनै बटुवाको छाता खस्दा उठाएर दिएपछि धन्यवाद आओस् भन्ने चाहना राखियो भने त्यो सकाम कर्म हुन्छ र अपेक्षा राखिएन भने निष्काम कर्म हुन्छ । प्रेरणारहित कृत्यबाट निष्काम कर्म फलित हुन्छ । निष्काम कर्ममा चाहनारहित भएर कर्म गर्नु नै पर्याप्त हुन्छ । कर्मबाट

कामना हट्नु कर्मयोग हो । यस्तो कर्म साधारण कर्म नरहेर योग बन्छ । कर्म जब योग बन्छ तब पाप-पुण्य र बन्धन-मुक्तिबाट व्यक्ति पार हुन्छ ।

*त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।*
*निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥*

**हे अर्जुन ! वैदिक साहित्यमा भौतिक प्रकृतिका तीन गुणका सम्बन्धमा वर्णन गरिएको छ । यसर्थ तिमी यी त्रिगुणबाट रहित, योगक्षेम-लाभ र सुरक्षाका चिन्ताबाट मुक्त र नित्य सत्त्वमा रहेर आत्मामा स्थित होऊ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन राग र द्वेष, लाभ-हानी, योगक्षेम-सुरक्षाबाट मुक्त भई शून्य बन र आत्मामा स्थित होऊ । राग र द्वेषमध्ये एकमा हुन सजिलो छ । धनसङ्ग्रह गर्नु राग र त्याग्नु विराग हो । यी दुईमा चुनाव गर्न सजिलो हुन्छ तर यसबाट मुक्त हुन गाह्रो छ । मनलाई राग-विराग र लाभ-हानीको चुनाव गर्न सजिलो छ । राग नभए विराग र विराग नभए राग चुन्न सकिन्छ । जब मनले कुनै चुनाव गर्दैन तब मन समाप्त हुन्छ । चुनाव गर्नु नै मनको आधार हो र चुनाव नगर्नु नै मन विनाको अवस्था हो । छनोट नै द्वन्द्व हो; त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- चुनाव गर्दा छनोट नगरिएको वस्तु दबिएर भित्र बस्छ र एक समयमा भरिएर विस्फोट हुन्छ त्यसैले चुनावबाट द्वन्द्व सिर्जिन्छ । चेतन र अचेतन बिचको द्वन्द्वमा पनि ठिक यस्तै हुन्छ । क्रोध नगर्ने प्रतिज्ञा चेतन मनले गर्छ र क्रोध अचेतन मनमा जम्मा भएर दबेर बस्छ । भित्र लडाइँ हुँदा अचेतन मनले र बाहिर द्वन्द्व हुँदा चेतन मनले जित्छ । मनोवैज्ञानिकहरूका अनुसार यदि मनलाई दश हिस्सामा बाँड्यौं भने नौ हिस्सा अचेतन मन र एक हिस्सा चेतन मन हुन्छ । चेतनको भन्दा नौ गुणा बढी तागत अचेतनसँग हुन्छ । त्यसैले व्यक्तिले नचाहँदा नचाहँदै रोक्न नसकेर क्रोध गर्छ । हाम्रो अचेतन मनको हिस्सा चेतन मनभन्दा बलियो हुन्छ । त्यसैले हामीले चाहेको भन्दा नचाहेको काम मनले गराउँछ । यही द्वन्द्व मनुष्यको नर्क हो ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! प्रकृतिका तीन गुणबाट रहित साथै राग-द्वेष, योगक्षेम लाभ र सुरक्षाका चिन्ताबाट मुक्त र नित्य सत्त्वमा रहेर आत्मामा स्थित होऊ । कृष्णका विचारमा राग र द्वेष बिचको द्वन्द्वबाट जो मुक्त हुन्छ, उसैले जीवनको परम सत्यलाई जान्दछ । जो द्वन्द्वको घेरामा रहिरहन्छ, ऊ जीवनको नर्कमा बाँच्दछ । यस्तो द्वन्द्वरहित निर्द्वन्द्वतामा निष्काम कर्म फलित हुन्छ । राग-द्वेष भएको अवस्थामा चेतना शुद्ध हुँदैन तर चेतना जब शून्य हुन्छ तब मात्र शुद्ध हुन्छ । चेतना दर्पण भएकाले राग र विरागको चित्त यसमा फलित भइरहन्छ । चेतना शुद्ध भएपछि मात्र दर्पण शुद्ध हुन्छ । चेतना शून्य हुँदा चैतन्य मात्र बाँकी रहन्छ जुन ब्रह्म र मुक्तिको अनुभव हो । शुद्ध र ब्रह्म एउटै अनुभवका दुई किनारा हुन् । ब्रह्मको ऐनामा रहेका तस्बिरहरूको सङ्ग्रह नै संसार हो । हाम्रो चित्तमा अनन्त तस्बिरहरू छन् । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- चुनाव नगरी निर्न्द्वन्द्व चित्त भई, शून्य बन र त्यो क्षणमा जे जानिन्छ त्यही जीवनको परम सत्य एवम् परम ज्ञान हो ।

योगक्षेम आत्मवान् व्यक्तिसँग जोडिएको हुन्छ । हामी कहिल्यै प्रकाश देख्दैनौं मात्र प्रकाशित वस्तु देख्छौं । प्रकाश त हाम्रो अनुमान मात्र हो । जब कुनै व्यक्ति शून्य अवस्थामा पुग्छ, तब योगक्षेम प्रकट हुन्छ । शून्य अवस्थामा पुगेको व्यक्तिको आत्मस्थिति अरूले देख्दैनन् । जब कुनै व्यक्ति आनन्दित हुन्छ, तब अरूले उसभित्रको आनन्द देख्दैनन्, आनन्दले भरिपूर्ण अवस्था मात्र देखिन्छ । ज्ञानीजनको भित्रको ज्ञानको अवस्था देखिँदैन तर ज्ञानका प्रकट रूप भने देखिन्छन् । भित्र त आत्माको शुद्ध अवस्था नै रहन्छ र योगक्षेम शुद्धताको रूपमा प्रकट हुन्छ । कोही आत्मवान् हुनु भित्री घटना हो भने योगक्षेम बाहिरी घटना हो; त्यसैले यो कुनै न कुनै रूपमा प्रकट हुन्छ ।

विना चुनाव द्वन्द्वबाट मुक्त भएमा व्यक्ति शक्तिसम्पन्न हुन्छ । अहङ्कारले शक्तिसम्पन्न हुनु भनेको दीनहीन हुनु हो । जुन दिन व्यक्ति आफ्नो सबै अहङ्कार छोडेर परमात्मामा समर्पित हुन्छ, तब परमात्माको सम्पूर्ण शक्तिबाट ऊ परिपूर्ण भएर शक्तिसम्पन्न हुन्छ । अहङ्कारबाट मुक्त व्यक्तिको शक्ति परमात्माको शक्तिमा समाहित हुन्छ एवम् उसका सबै कर्म परमात्माका कर्म बन्छन् । पद-प्रतिष्ठाको शक्ति कुर्सीमा बसुन्जेलसम्म हुन्छ । कुर्सीबाट हट्ने बित्तिकै शक्ति अन्त हुन्छ । श्रीकृष्णले भन्नुभएको शक्ति यस्तो ऊर्जा हो जो पदसँग नभई परमात्माको शक्तिसँग जोडिनुसँग सम्बन्धित छ । जब व्यक्ति शून्य हुन्छ, तब ऊ सर्वको ऊर्जाका लागि ठाउँ खाली गर्छ र त्यहाँ सर्वको शक्ति प्रवेश हुन्छ, अनि ऊ सर्वोच्च शक्तिशाली बन्छ । यस्तो शक्तिबाट फिर्ता हुनुपर्दैन, यो चिरस्थायी हुन्छ । यस्तो शक्तिशाली व्यक्ति परमात्माको शक्तिसँग जोडिँदा त्यहाँ योगक्षेम फलित हुन्छ ।

*यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके ।*
*तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥*

**जसरी सर्वत्र ठुलो जलाशय भेटिएपछि मनुष्यलाई स-साना कुवाको जति प्रयोजन रहन्छ त्यति नै ब्रह्मलाई तत्त्वले बुझ्ने ब्रह्मज्ञानीलाई वेदको प्रयोजन रहन्छ ॥**

स-साना नदी, पोखरी, झरना, इनार आदिमा नुहाउँदा जुन आनन्द वा पवित्रता प्राप्त हुन्छ त्यो भन्दा अनेकौं गुणा बढी पवित्रता, पुण्य वा आनन्द सागरमा डुबुल्की मार्दा प्राप्त हुन्छ । त्यस्तै शब्दहरू पनि शास्त्र वा वाङ्मयमा जति पाइन्छन् त्यसभन्दा अनेकौं गुणा बढी ज्ञानको सागरमा पाइन्छन् । वेद लगायत शास्त्रमा जति शब्द वा ज्ञान भेटिन्छ त्यसभन्दा अनन्त गुणा बढी ज्ञान ब्रह्मज्ञानीमा भेटिन्छ । त्यसैले असीमिततामा पुगेपछि सीमामा आश्रित हुनु आवश्यक छैन । त्यस्तै परब्रह्मलाई जानेपछि वेदलाई छोड्नुपरे पनि चिन्ता लिनुपर्दैन; निश्चिन्त भएर छाड्दा हुन्छ किनभने वेदको उद्देश्य नै ज्ञान प्राप्त गर्नु हो वा परब्रह्मलाई जान्नु हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जसरी सर्वत्र ठुलो जलाशय भेटिएपछि मनुष्यलाई स-साना कुवाँको जति प्रयोजन रहन्छ त्यति नै ब्रह्मलाई तत्त्वले बुझ्ने ब्रह्मज्ञानीलाई वेदको रहन्छ । सत्यका लागि शब्द छोड्नु अनुचित होइन । अनुभवका लागि शास्त्र छोड्नु सर्वथा उचित हुन्छ । जे यहाँ पाइन्छ त्यसभन्दा अनन्त गुणा बढी ज्ञान र अनुभव ब्रह्मज्ञानीमा पाइन्छ ।

अर्को कुरा- ज्ञानमा, सागरमा र असीममा पाइने चिज सीमितका लागि छोड्नु उपयुक्त हुँदैन । घरको धारामा सागरलाई कैद गर्नु मूर्खता हो । सागरलाई इनारमा र ज्ञानलाई शास्त्रमा कैद गर्नुहुँदैन, यो भयावह हुन्छ । शास्त्रज्ञान सीमामा बाँधिएको हुन्छ । शास्त्र अरूको ज्ञान हो तर स्व-आर्जित ज्ञान वा अनुभूति भने आफ्नै ज्ञान हो । हामीसँग आ-आफ्ना धर्म, सम्प्रदाय अनुसारका शास्त्रहरू छन् र तिनलाई अवलम्बन गर्दै त्यो असीम एवम् अथाह ज्ञान सागरलाई त्याग्दा भने ठुलो भूल हुन्छ । त्यसैले आ-आफ्ना धर्म, शास्त्र, आस्थाका लागि ज्ञान छोड्नु भनेको भूल हो र यस्तो व्यक्ति अभागी हो । जुन चिज शास्त्र, धर्म, सम्प्रदाय वा आस्थामा पाइन्छ त्यसभन्दा अनेकौं गुणा आत्मज्ञानमा पाइन्छ । हामी दुई शास्त्र वा दुई जान्ने व्यक्तिहरूका बिचमा तुलना गर्छौं । हामी ज्ञान र शास्त्रका बिचमा तुलना गर्दैनौं बरु शास्त्रशास्त्र बिच तुलना गर्छौं । अनुभवविना ज्ञान हुँदैन, अनुभव त सदैव स्वयम्को निजी हुन्छ । अरूबाट सुनेर बुझ्नु शास्त्र ज्ञान हो तर आफ्नै स्व-आर्जित अनुभव ज्ञान हो ।

शास्त्रको पुरातन नाम श्रुति (सुनेको), स्मृति (स्मरण गरेको) हो, आफैँले जानेको होइन । सबै शास्त्र श्रुति-स्मृति हुन्, दर्शन होइनन् तर 'सत्य' दर्शन हो । शास्त्र उपयोगी हुनसक्छ तर त्यसमा अन्ध श्रद्धा गर्नु राम्रो होइन । शास्त्रबाट अरूले जानेको कुरा म पनि जान्न सक्छु भन्ने प्रेरणा प्राप्त हुन्छ तर जान्नु त आफैँले पर्छ । घरको धारा वा इनार आफैँले बनाएको हुन्छ तर सागर स्वनिर्मित हो र सागरसम्म

आफैं पुग्नुपर्छ । शास्त्र इनार वा धारा हो जसमा सागरको झलक मात्र हुन्छ तर 'ज्ञान' मुक्त सीमारहित सागर हो ।

*कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।*
*मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥*

**हे अर्जुन ! तिमीलाई कर्तव्य कर्म गर्ने मात्र अधिकार छ । कर्मको फल पाउने, नपाउने कुरा तिम्रो अधीनमा छैन । तिमी आफूलाई कर्मको फलको कारण पनि नमान र कहिल्यै कर्तव्यबाट विमुख पनि नबन ॥**

कर्मयोगको आधार भनेको नै कर्मफलमा नभई कर्ममा मात्र हाम्रो अधिकार छ भन्ने हो । हामीलाई कर्म गर्ने स्वतन्त्रता छ, तर कर्मफलमा हाम्रो स्वतन्त्रता छैन किनभने कर्म व्यक्तिबाट हुन्छ र फल समष्टिबाट मात्र प्राप्त हुन्छ । हामीलाई कर्म गर्ने अधिकार छ किनभने त्यो हाम्रो हातमा भएकाले सम्पन्न गर्न सक्छौं । फलको अधिकार समष्टिको हातमा छ, हामीसँग छैन तर हामी फलको आशा राखेर मात्र कर्म गर्छौं । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन तिमीलाई कर्तव्य कर्म गर्ने मात्र अधिकार छ । कर्मको फल तिम्रो अधीनमा छैन । तिमी आफूलाई कर्मको फलको कारण नमान र कर्तव्यकर्मबाट विमुख पनि नबन । हामी कर्म आज गर्छौं तर भोलि हामी यहीँ रहने छौं भन्ने कुनै निश्चितता छैन । हामी एकक्षण पनि यहीँ हुन्छौं भन्ने पक्का छैन । फल तत्काल प्राप्त हुँदैन र फलका लागि भविष्यमा प्रतीक्षा गर्नुपर्छ । हामीलाई भोलि बिहान सूर्य उदाउँछ नै भन्ने पनि पक्का छैन । एक दिन त हामीले सूर्यास्तलाई अन्तिम मान्नुपर्ने दिन पनि आउन सक्छ । वैज्ञानिकहरूले पनि यो सूर्य अब चार हजार वर्षमा अस्त हुन्छ भन्ने भविष्यवाणी गरेका छन् । त्यसैले हाम्रो जीवनको कुनै भरोसा छैन जुन कुनै पनि क्षण अस्त हुन सक्छ ।

कर्म सदैव अहिले र यहाँ वर्तमानमा छ तर फल सदा भोलि या भविष्यमा छ । भविष्यका लागि आशा राख्नु भनेको निराशा मात्र पाउनु हो । त्यसैले जुन हाम्रो वशमा छ, हामी त्यही गरौं । कर्मफल प्रभुको हातमा छोडिदिनु नै बुद्धिमानी हुन्छ । फलको आकाङ्क्षामा हाम्रो मन यति संलग्न हुन्छ कि हाम्रो सम्पूर्ण चेतना र ऊर्जा फलको प्राप्तिमा नै जान्छ, जसका कारण हामी कर्म पनि राम्ररी गर्न सक्दैनौं । जसले जति फलको आकाङ्क्षा राख्यो, त्यति नै फल प्राप्त हुँदैन । जति फलको आकाङ्क्षा नराखी कर्म गर्‍यो त्यति नै फल प्राप्त हुन्छ । जिसस भन्नुहुन्छ- जसले जोगाउँछ त्यससँग खोसिने छ र जसले बाँड्छ, त्यसलाई नै सबै कुरा दिइने छ । जसले आफूलाई परमात्मामा समर्पित गर्छ त्यसले नै सबै कुरा पाउँछ र जसले आफूमा नै पाउने इच्छा राख्छ त्यसले केही पनि पाउँदैन । त्यसैले निष्काम कर्मद्वारा नै फल पाइन्छ । फलातुर हुनु भनेको फल प्राप्त नहुने सम्भावना हो । फलको आसक्ति छोड्ने व्यक्तिका बारेमा परमात्माले चिन्ता गर्छ । यदि श्रद्धायुक्त चित्तले फल पाउँदैन भने परमात्मा नै छैन भनेर माने हुन्छ । फलको आशा राख्नु भनेको अशुद्धि र नास्तिकता हो । फलातुर चित्त अशुद्धिले भरिएको हुन्छ । श्रद्धायुक्त व्यक्तिको कर्म पूर्ण हुन्छ । जब कर्म पूर्ण हुन्छ, तब फल पाउने कुरामा निश्चितता हुन्छ ।

दुर्योधनले द्रौपदीलाई नङ्ग्याउन हरसम्भव प्रयास गरे पनि द्रौपदी नग्न भइनन् किनभने कुनै पनि स्त्री स्वयम्ले नचाहेसम्म नग्न हुने सम्भावना हुँदैन । दुर्योधनले द्रौपदीलाई नग्न बनाउन खोजे, त्यो उनको ऐच्छिक कर्म थियो र उनलाई नग्न बनाउन खोज्ने इच्छाको फल भने दुर्योधनको हातमा नभएर परमात्माको हातमा थियो । त्यसैले दुर्योधनले द्रौपदीलाई नग्न बनाउन सकेनन् । कर्म दुर्योधनको हातमा भए पनि फल ईश्वरको हातमा थियो । मनुष्य त फलको अति-आशाले कर्म गर्छ तर यो आशाले निराशा मात्र जन्माउँछ । कर्म हाम्रो हातमा भएकाले कर्म गरेर फलको आशा त्याग्नुपर्छ । फलको आशा छोड्ने व्यक्तिको आशा पूरा गर्न जगत्को सारा ऊर्जा एक हुन्छ । माग गर्नु जगत्को ऊर्जा विपरीत हुनु हो । त्यसैले कर्म गर्नु कर्मयोगीको अधिकार हो, फल पाउनु परमात्माको प्रसाद हो ।

*योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।*
*सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥*

**हे धनञ्जय ! तिमी आसक्तिलाई त्यागेर र सिद्धि र असिद्धिमा समान बुद्धिवाला भएर योगमा स्थित भएको कर्तव्य कर्म गर, समत्वलाई नै योग भनिन्छ ॥**

समता नै योग हो र सन्तुलन दुई बिचको समभाव हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- हे धनञ्जय ! आसक्तिलाई त्यागेर सिद्धि र असिद्धिमा छनोट नगरी समान बुद्धिवाला भएर योगमा स्थित भएको कर्तव्य कर्म गर, समत्वलाई नै योग भनिन्छ । मनले सदैव राम्रो र असल छनोट गर्छ जुन मन पर्दैन त्यसलाई त्याग गर्छ । तर श्रीकृष्ण छनोट नै नगर भन्नुहुन्छ । दुवै वस्तुका विशेषता समान छन् भनेर जानेपछि चुनाव नै हुन सक्दैन । समता उसलाई प्राप्त हुन्छ जो बिचमा रहन्छ । होसमा चुनाव नगरी समभावमा उपलब्ध हुनु नै योग र ध्यान हो । श्रीकृष्ण जुन समताको कुरा गर्दै हुनुहुन्छ त्यो सचेतना समताको हो । होसपूर्ण अवस्थामा सम हुनु भनेको नै समता हो । दुई द्वन्द्वबाट निर्द्वन्द्व हुने चुनाव पनि समता होइन । यो पनि चुनाव हो र यस स्थितिमा पुनः द्वन्द्व हुन्छ । निर्द्वन्द्वता चुनावरहित समयमा मात्र घटित हुन्छ । द्वन्द्वप्रति जाग्नु नै समतामा पुग्ने अवस्था हो । सफलता-विफलता घट्छन् र हराउँछन् तर यी दुवै म होइन भनेर जान्नुपर्छ । त्यस्तै दिन-रात आउँछ र जान्छ तर म यी दुवैभन्दा पृथक् छु भन्ने बोधले द्वन्द्वको अवस्थाबाट निर्द्वन्द्वमा पुऱ्याउँछ र यस अवस्थामा समता उपलब्ध हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी सिद्धि-असिद्धिहरूलाई छोड र समतामा उपलब्ध होऊ । तिमी धर्म-अधर्म, सफलता-असफलता, राम्रो-नराम्रोको छनोट नगर । के हुन्छ के हुन्न, ती सबै छोड । तिमी आफूमा स्थित होऊ, जाग र समतामा प्रवेश गर किनभने समता नै योग हो ।

*दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।*
*बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥*

**हे धनञ्जय ! समतारूप बुद्धियोगभन्दा सकाम कर्म निकृष्ट हुन्छ । अतः तिमी समबुद्धिमा नै रक्षाको उपाय खोज अर्थात् समभावमा रहेर बुद्धियोगको शरणमा जाऊ किनभने कर्मफलको इच्छा वा कामना राख्ने व्यक्ति कृपण र दीन हुन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे धनञ्जय ! समतारूप बुद्धियोगभन्दा सकाम कर्म निकृष्ट हुन्छ । अतः द्वन्द्व छोडेर स्वयम् र बुद्धियोगलाई खोज । व्यक्तिको पहिलो परिचय नै बुद्धि हो । स्वयम्को द्वार बुद्धि हो र यस द्वारमा प्रवेश नगरीकन कोही पनि आत्मवान् र ज्ञानवान् हुन सक्दैन । हामी बुद्धिले कर्मको चुनाव गर्छं भनी ठान्छौं । बुद्धिको द्वार हामी बाहिर जान मात्र उपयोग गर्छौं भित्र जान उपयोग गर्दैनौं । अर्जुन पनि बुद्धिको उपयोग बाहिरका लागि गर्दै छन् र के गरेमा ठिक र के गरेमा बेठिक हुन्छ भनेर सोध्दै छन् । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- तिमी बुद्धियोगको शरणमा जाऊ किनभने कर्मफलको इच्छा वा कामना राख्ने व्यक्ति कृपण र दीनहीन हुन् । तुच्छ बुद्धि भएका कृपण व्यक्तिहरू आफ्नो कर्मको फल भोग्न चाहन्छन् र यस बन्धनमा अझ बढी फस्दछन् । तर अर्जुन बहिर्जगत् र फलका लागि बुद्धिको उपयोग गर्दैछन् तर उनी भित्र प्रवेश गर्न भने बुद्धिको प्रयोग गरिरहेका छैनन् ।

श्रीकृष्ण भन्नुहुन्छ- कर्मको सम्बन्धमा मात्र बुद्धिको उपयोग गर्नु निकृष्टता हो, व्यवहारका लागि मात्र बुद्धिको उपयोग गर्नु बुद्धिको न्यूनतम उपयोग हो । मनोवैज्ञानिकहरू भन्छन्- श्रेष्ठ मनुष्यहरू पनि आफ्नो बुद्धिको पन्ध्र प्रतिशत भन्दा बढी उपयोग गर्दैनन् । साधारणजन दुई प्रतिशत जति मात्र बुद्धिको उपयोग गर्छन् । मनुष्यको अठार वर्षपछि बुद्धिको विकास हुँदैन; त्यसपछि जीवन चलाउने अनुभव मात्र रहन्छ । द्वितीय विश्वयुद्धमा अमेरिकाले सैनिकहरूको बुद्धि परीक्षण गऱ्यो । औसत बुद्धि तेह्र वर्षभन्दा बढी कसैको पनि पाइएन । त्यसैले कर्मका लागि बुद्धिको उपयोग निकृष्टतम उपयोग हो । कृष्णको बुद्धियोगको

तात्पर्य जुन दिन हामी हाम्रो बुद्धिको प्रयोग आफूलाई जान्नका लागि र स्वयम्को परिचयका लागि गर्छौं त्यो बुद्धिको अधिकतम उपयोग हो र यो बुद्धियोग हो । बुद्धिको प्रयोग भित्र गर्नु सही अर्थमा यसको उपयोग गर्नु हो । त्यसैले त उहाँ भन्नुहुन्छ- हे अर्जुन ! तिमी बुद्धियोगका लागि उपलब्ध होऊ, स्वयम् जान्नका लागि बुद्धि उपयोग गर र त्यसलाई जान जो सबै जान्नेवालालाई पनि जान्दछ । सबै देख्नेवाला द्रष्टालाई जान, सबै घटित घटनाहरूलाई चुनाव नगरी साक्षीलाई जान तब तिमी समतामा उपलब्ध भएपछि निश्चिन्त हुनेछौ ।

*बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।*
*तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥*

**साङ्ख्यबुद्धियुक्त व्यक्तिले नै पाप-पुण्य, राम्रा-नराम्रा दुवै फललाई जीवित अवस्थामा नै त्यागदछ अर्थात् त्यसबाट मुक्त हुन्छ । तसर्थ कर्मबन्धनबाट छुट्न समबुद्धिका लागि तल्लीन होऊ । यो बुद्धिरूप योग नै कर्मको कुशलता हो ॥**

साङ्ख्ययोग बुझेको व्यक्ति पाप-पुण्यबाट मुक्त हुन्छ र कर्मको कुशलता प्राप्त गर्छ जसलाई योग भनिन्छ । जुन दिन व्यक्ति आफ्नो बुद्धिको उपयोग अन्तरयात्राका लागि गर्छ, त्यही समय ऊ साङ्ख्यलाई प्राप्त गर्छ । स्वयम्मा स्थित हुने बुद्धिलाई श्रीकृष्ण साङ्ख्यबुद्धि भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ- साङ्ख्य बुद्धियुक्त व्यक्तिले नै पाप-पुण्य, राम्रा-नराम्रा दुबै फललाई त्याग्न सक्छ । तसर्थ कर्म बन्धनबाट छुट्न समबुद्धिमा तल्लीन होऊ । ज्ञानमा साङ्ख्य सर्वोत्कृष्ट निष्ठा हो । एउटा ज्ञान जसबाट हामी ज्ञेय (वस्तु) लाई जान्दछौँ र अर्को ज्ञान जसबाट हामी ज्ञातालाई जान्दछौँ । एउटा ज्ञानबाट हामी वस्तुका बारेमा जान्दछौँ र अर्को ज्ञानबाट हामी नियन्त्रक वा कर्ता (जान्नेवाला) लाई जान्दछौँ । एउटा ज्ञान विज्ञान बनेर वस्तुका बारेमा जान्दछ र अर्को ज्ञान साङ्ख्य महाविज्ञान वा परम चैतन्य शक्तिका बारेमा जान्दछ । बर्टोन रसेल (Bertrand Russel) ले पनि ज्ञानलाई दुई भागमा बाँडेका छन्- एउटा Knowledge र अर्को Acquaintance । यीमध्ये एउटा परिचय र अर्को ज्ञान हो। बाहिरबाट जान्नु परिचय हो, ज्ञान होइन।

श्रीकृष्ण भन्नुहुन्छ- अरूलाई होइन, स्वयम्लाई जान्ने ज्ञान साङ्ख्यज्ञान हो । साङ्ख्य ज्ञानले भित्रबाट हामी जे छौ र हाम्रो स्वभाव जस्तो छ त्यसलाई जान्न सक्छौँ । त्यसैले ज्ञानको अर्थ आत्मज्ञान हो । विज्ञान ज्ञान होइन यो त वस्तुको जानकारी मात्र हो । विज्ञान विशिष्ट ज्ञान हो भने आत्मज्ञान मात्र केवल ज्ञान हो । साङ्ख्यको अर्थ त्यो ज्ञान हो जसले सबै जान्नेलाई पनि जान्दछ । आत्मज्ञान नभएसम्म त्यसलाई जान्न सकिन्न । श्रीकृष्ण भन्नुहुन्छ- आत्मालाई जान्नेबित्तिकै सबै जान्दछौं । जब आफूलाई जान्दछौं, तब योगकर्मको कुशलता बन्छ र सबै बन्धनबाट छुट्कारा पाइन्छ । बुद्धिरूप योग नै कर्मको कुशलता हो किनभने व्यक्तिले साङ्ख्य जानेपछि भित्र शान्त हुन्छ, उसभित्र कुनै असन्तुलन र मृत्युसमेत नरहेर ऊ समतामा उपलब्ध हुन्छ । त्यस्तो व्यक्तिको कार्यमा कुशलता स्वतः हुन्छ । भित्र यदि साङ्ख्यबुद्धि छ भने जे गरे पनि राम्रो र सफल भएर अमृत बर्सिन्छ । भित्रको शान्ति नै बाहिरको कुशलता हो ।

*कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।*
*जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥*

**बुद्धियोगयुक्त ज्ञानीजन जो सांसारिक कर्मका प्रतिफलबाट मुक्त हुन्छन् र यसरी तिनीहरू जन्म-मृत्युको बन्धनबाट मुक्त भएर अमृतमय परम पद प्राप्त गर्छन् ॥**

ज्ञानयोग निष्ठामा प्राप्त हुने व्यक्ति द्वन्द्वरहित हुन्छ । मान-अपमान, जय-पराजय, सुख-दुख जस्ता द्वन्द्वमा नभुली समत्व भावमा रह्यो भने जन्म र मृत्युबाट मुक्त भएर परमपदमा पुगिन्छ । आत्माको जन्म-मृत्यु हुँदैन, तर पनि अज्ञानताका कारणले व्यक्ति के सोच्छ भने जन्म र मृत्युको चक्रबाट पार हुनु छ ।

जन्म-मृत्युमा नबाँधिएको भए पनि अज्ञानताका कारण ऊ आफूलाई बाँधिएको ठान्छ । तर साङ्ख्यले भन्छ- अस्तित्वमा कहीँ पनि त्रुटि छैन, त्रुटि त केवल हाम्रो बुद्धिमा छ । हामीलाई जन्म-मृत्यु हुन्छ भन्ने लाग्छ तर यो असत्य हो । हामीले जान्ने सन्दर्भमा विविध भुल गर्न सक्छौँ, बुझाइमा कमजोरी हुनसक्छ तर अस्तित्वगत भुल भएको भए जानेर बुझेर हटाउन सकिँदैन । जन्म र मृत्यु आत्माको हुँदैन, केवल हामी भ्रमवश यसलाई सत्य ठानिरहेछौँ । हामी कसैले पनि आफू मरेको अनुभव गरेका छैनौँ, केवल अरू मरेको देखेर अनुमान मात्र गरिरहेका छौँ । हामीलाई आफ्नो जन्मका बारेमा पनि थाहा छैन । हामीलाई जीवनका कुनै पनि घटनाको जानकारी छैन, केवल अर्काले सिकाएको वा शास्त्र घोकेको आधारमा मात्र बुझेका छौं, अनुभव गरेर जानेका छैनौँ ।

जन्मबाट गुज्रिएर जब हामी यसका बारेमा थाहा पाउन सक्दैनौँ भने मृत्युका बारेमा थाहा पाउन सक्ने त अवस्था नै हुँदैन । पहिलो घटना अरू कसैले बताएको आधारमा जानेका छौँ भने पछिल्लो घटना अर्थात् मृत्युको पनि अनुमान मात्र गर्न सक्छौँ । साङ्ख्यले भन्छ, एकपटक जन्मका बारेमा राम्ररी ज्ञान हासिल गऱ्यौँ वा जन्म-मृत्यु बारेको यथार्थ ज्ञान थाहा पायौं भने हामीभित्र मौलाएको द्वन्द्व या जन्म-मृत्युको भ्रम तत्काल हट्छ । यस प्रकारको भ्रान्ति बुद्धियोगबाट मात्र हट्न सक्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जसले साङ्ख्ययोग बुझ्दछ त्यसले जन्म-मृत्युरूपी चक्र वा भ्रान्तिबाट छुट्कारा पाउँछ र परमपदमा पुग्दछ। त्यो परमपद बाहिर होइन भित्र छ । यो आन्तरिकताको अन्त्य र चेतनाको अन्तिम सत्य हो ।

*यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।*
*तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥*

**हे अर्जुन ! जब तिमी मोहरूपी घना जङ्गललाई पार गर्छौ, तब पहिल्यै सुनिसकिएका र सुन्नुपर्ने यो लोक र परलोक अर्थात् सम्पूर्ण सांसारिक भोगबाट वैराग्यमा प्राप्त हुनेछौ ॥**

मोहरूपी जङ्गलबाट जब बुद्धि जाग्दछ, तब वैराग्य प्राप्त हुन्छ । मानिसभित्र रहेको अन्धकार प्रकाश पाएपछि हट्छ तर त्यो अँध्यारोसँग धर्मको कुनै सम्बन्ध हुँदैन । धर्मका माध्यमबाट अन्धकार हटाउनु त मनुष्यको चेतनामा छाएको वा ढाकिएको अन्धकाररूपी अज्ञान हटाउनु भनिएको हो । एउटा अर्को अन्धकार छ जसले आत्मालाई चारैतिरबाट घेरेको छ र यो घेराइ वा पर्दालाई नै श्रीकृष्ण मोहरूपी कालिमा (घना जङ्गल) भन्नुहुन्छ । अन्धकारको लक्षण जहाँ केही पनि देखिँदैन र नदेखिएको हुँदा मार्ग पनि थाहा हुँदैन । जब अन्धकारमा केही पनि देखिँदैन, तब अन्य वस्तुसँग हामी ठोकिन पुग्छौँ । अन्धकार भनेको हाम्रो दृष्टि वा चेतना हराउनु हो । मोहमा पनि यस्तै हुन्छ, यस्तो मोहलाई अन्धकार भनिन्छ । मोहमा पनि अन्धकारमा बाटो या गन्तव्य थाहा नपाए झैं हुन्छ । मोहको अन्धोपन आध्यात्मिक अन्धोपन या अज्ञानता हो ।

कुनै एक व्यक्तिको घरमा आगो लाग्दा ऊ आफ्नो सारा सम्पत्ति जल्न लाग्यो भनेर छाती पिटेर दुखी हुँदै चिच्याउँछ । आगो दन्किरहेको छ र निभाउन सकिरहेको छैन । त्यसै क्षणमा कुनै व्यक्ति आएर तिम्रो छोराले यो घर बेचिसकेको छ भनेर खबर गर्नेबित्तिकै घर जलिरहे पनि ऊ चिच्याउन र चिन्ता गर्न छाड्छ तर घर भने अहिले पनि जलि नै रहेको छ । अब मनको अवस्था फेरिएर आँसु बग्न छोड्छ । आँसु मेरो भन्ने भावका कारण बगेको थियो जल्नुको कारणले होइन । केही क्षणपछि उसको छोरो आएर घर बेच्ने कुरा भए पनि पेस्की नलिएकाले अब बिक्री हुने कुरै आउँदैन भनेपछि ऊ पुनः रुन कराउन थाल्छ । मोह अर्थात् मेरो घर भन्ने भाव पुनः जाग्छ । यस जगत्मा मोहले नै सन्ताप दिएर भड्काउँछ, गिराउँछ र सुखी वा दुखी बनाउँछ । जीवनको दुख नै मोह हो । बुद्धले यसलाई तृष्णा भन्नुभएको छ ।

मोहमा सबै कुरा विपरीत हुन थाल्छ । मेरी पत्नी, मेरा पति, हाम्रा छोराछोरी, बाबुआमा, धर्म, ग्रन्थ, मन्दिर, मस्जिद, चर्च यी सबै मेरोको जालो चारैतिर फैलिन्छ । यो जो मेरोको विस्तार हो, त्यही मोहको जालो वा अन्धकार हो । मोहमा बाँच्ने व्यक्ति अन्धकारमा बाँच्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो मोहको नशाबाट मुक्त हुन्छ त्यो वैराग्यमा प्राप्त हुन्छ अर्थात् आसक्तिरहित हुन्छ ।

हाम्रो वैराग्यको मान्यता रागको विपरीत हो तर श्रीकृष्ण यसलाई वैराग्य मान्नुहुन्न । हाम्रो बुद्धिमा मेरो घर भन्ने भाव राग हो र मेरो घर होइन भनी जान्नु वैराग्य हो तर मेरो हो वा होइन भन्ने कुरा त एउटै कुराका दुई किनारा मात्र हुन् । वैराग्यको अर्थ न राग न त विराग नै हो । राग तथा विराग अथवा मेरो हो वा होइन भन्ने दुवै भाव नभएको अवस्था वैराग्य हो । मोहको अन्धकार नभएको अवस्था वैराग्य हो । यसमा आकर्षण र विकर्षण दुवै हुँदैन साथै पक्ष र विपक्ष पनि हुँदैन केवल समभाव रहन्छ । यस्तो अवस्थामा स्थिर हुन सके वैराग्य प्राप्त हुन्छ । हाम्रो मन नै द्वन्द्व हो । हामीले बनाएको भाषा द्वन्द्वात्मक छ र विपरीतका आधारमा शब्द बन्छ र त्यसको परिभाषा हुन्छ । उदाहरणका लागि कसैले अँध्यारो के हो भनेर सोध्यो भने प्रकाशको अभाव भन्ने जवाफ आउँछ । ठिक उल्टो प्रकाशको परिभाषा अँध्यारोको अभाव हो । हामीलाई प्रकाश र अन्धकारका बारेमा थाहा छैन, त्यसैले व्यक्तिको परिभाषा भ्रमात्मक र अपूर्ण छ ।

रागको उल्टो विराग हो तर तेस्रो अवस्था राग-विरागबाट पार हुनु वीतराग हो । हामीले बनाएको शब्द केवल उल्टो मात्र बन्छ । तेस्रो अवस्था सत्य हो जो शब्दमा व्यक्त गर्न सकिन्न । त्यस्तै वैराग्यको अर्थ राग र विरागको द्वन्द्वबाट पार भएको अवस्था हो । जहाँ न कुनै आकर्षण हुन्छ न विकर्षण नै हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मोहको निशा छुटेपछि मात्र वैराग्य फलित हुन्छ । अमोह मोहको निशाबाट छुट्नु होइन । मोह मनमा छ, अमोह जगाएर वा भागेर जानु मोहको निशा छुट्नु होइन । अमोह त मोहको अन्धकार भित्रबाट हट्नु हो । मेरो भन्ने भाव नै मोहको निशा हो । जुनसुकै कुरा पनि मेरो भन्ने बित्तिकै हामी मोहमा नै हुन्छौं । मेरो धर्म, मेरा भगवान् पनि मोह नै हो । भगवान् मेरोपन छोडेर पाइन्छ तर हामी भगवान्लाई पनि मेरो अन्धकारमा राख्छौं । यो मोहबाट भाग्ने होइन, जाग्नु पर्छ । सन्न्यासी त्यो होइन जो घर छाडेर भाग्छ, सन्न्यासी त त्यो हो जसको अन्तस्करणमा घर बनाउने तत्त्व समाप्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मोहको निशा समाप्त भएर जसको बुद्धिले वैराग्य प्राप्त गर्छ त्यसैले नै मोक्ष प्राप्त गर्छ ।

*श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।*
*समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥*

**अर्जुनलाई सम्झाउँदै श्रीकृष्ण भन्नुहुन्छ- जब तिम्रो मन वेदका आलङ्कारिक शब्दबाट विचलित नभई आत्म-साक्षात्कारमा एकाग्र भएर अचल र स्थिर रहने छ, तब तिमीले दिव्य चेतना अर्थात् योगलाई प्राप्त गर्ने छौ र परमात्मासँग नित्य संयोग हुने छ ॥**

श्रीकृष्ण अर्जुनलाई सम्झाउदै भन्नुहुन्छ- जब तिम्रो मन वेदका आलङ्कारिक शब्दबाट विचलित नभई आत्म-साक्षात्कारमा एकाग्र भएर अचल र दृढ रहने छ, तब तिमी दिव्य चेतना अर्थात् योगलाई प्राप्त गर्ने छौं । श्रीकृष्णले भन्नु भएको दृढता भित्रको चित्तलाई दबाएर होइन, भित्रको कम्पन वा भयलाई हटाएर प्राप्त हुने दृढता हो । कृष्णले भनेको दृढता रोगलाई दबाएर आउने जस्तो दृढता होइन, बरु रोगको अभावमा आउने दृढता हो । जहाँ हीनतालाई हटाएर वा दबाएर श्रेष्ठता प्रदर्शित हुन्छ, त्यहाँ भित्र सदा कम्पन रहन्छ र सदैव आफूलाई सिद्ध गर्ने प्रयास हुन्छ । यस्ता मानिस सन्देहले भरिएका हुन्छन् । जो असन्दिग्ध छन् उनीहरू आफूलाई प्रमाणित गर्ने प्रयासमा हुँदैनन् । उनीहरूको दृढता स्वतः प्रमाणित हुन्छ । देखाउनै पर्दैन । त्यसैले उपनिषद्मा भनिएको छ- जो आफूलाई ज्ञानी ठान्छन् वास्तवमा तिनीहरूलाई ज्ञानको कुनै जानकारी नै छैन । अज्ञानी जगत्मा भड्किन्छ तर ज्ञानी भने महाअन्धकारमा भड्किन्छ । कृष्णको दृढता विपरीतमा उभिएको दृढता होइन कम्पनरहित, स्थिर चित्तले युक्त दृढता हो ।

जब चित्त राग र विरागसँग, बुद्धि चुनावसँग र मन विषयहरू बिच कम्पन हुन छोडेर अकम्प हुन्छ तब दृढता उपलब्ध हुन्छ । जब मन इच्छालाई छोडेर इच्छाको अभावमा प्राप्त हुन्छ, तब दृढता उपलब्ध हुन्छ । यस्तो स्थितिमा जीवनमा उपलब्धि प्राप्त हुन्छ र चित्त दृढ हुन्छ ।

बुद्धि निश्चल र धैर्यवान् हुँदैन, छाल हल्लिएको जस्तो कम्पनयुक्त हुन्छ । दियोको बत्ती हावाले हल्लिएको जस्तो बुद्धि अस्थिर हुन्छ । आफूलाई बहादुर सम्भने व्यक्ति पनि अस्थिर बुद्धिले गर्दा भयभीत हुन्छन् ।

अस्ट्रियाका मनोचिकित्सक अलफ्रेड एडलर (Alfred Adler) ले मानिसको मनको खोज निकै गरेका छन् । व्यक्ति जो बाहिर जस्तो देखिन्छ वा देखाउँछ, अन्तर्यमा ऊ ठिक विपरीत स्वभावको हुन्छ । प्रायः सबै राजनीतिज्ञहरू अन्तर्यमा हीनताको भावबाट ग्रस्त हुन्छन् तर पनि शक्तिको आडमा म केही हुँ भनेर सिद्ध गर्न खोज्छन् । एडलरले नै भनेका छन्- महान् सङ्गीतकारहरू कान कम सुन्छन् र राम्रा चित्रकारहरूको आँखा कमजोर हुन्छ । कुर्सीमा बस्दा लेनिनको खुट्टाले भुइँ छुँदैनथे किनभने उनका खुट्टा शरीरका तुलनामा छोटा थिए । त्यही हीनताका कारण उनी संसारकै सबभन्दा ठूलो र भव्य कुर्सीमा बस्न सफल भए । एडलर भन्छन्- लेनिनको खुट्टा सानो भएको हीनताभावका कारण उनी महत्त्वाकाङ्क्षी बनेका हुन् । क्षतिपूर्तिस्वरूप केही बनेर देखाउनका लागि आफूभित्र कमजोर भएकाले नै उनले बाहिरबाट दृढता देखाएका हुन् ।

खुस्चेभ (N. Khrushchev) ले आफ्नो संस्मरणमा लेखेका छन्- स्टालिन (Joseph Stalin) जसलाई फलामले बनेको भनेर उपमा दिइएको छ, उनी पनि डरपोक व्यक्ति थिए । उनी खाना खान पनि अरूले चाखेर दिएपछि मात्र खान्थे । हिटलर र स्टालिन दुवैले आफ्नो अनुहारसँग मिल्ने अर्को व्यक्ति प्रतिरूप (Duplicate) राखेका थिए । तिनै प्रतिरुप बाहिरी सभा समारोहमा भाग लिन्थे र सम्मान ग्रहण गर्थे । यस धर्तीमा स्टालिन र हिटलरसँग जस्तो शक्तिशाली सुरक्षा व्यवस्था कसैसँग पनि थिएन होला तर पनि उनीहरू सदैव भयभीत रहन्थे ।

*अर्जुन उवाच*
*स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।*
*स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥*

**अर्जुनले सोधे– हे केशव ! समाधिमा स्थित परमात्मालाई प्राप्त गरेको स्थिर बुद्धिको पुरुषको लक्षण के हो ? ती स्थितप्रज्ञ पुरुष कसरी र के बोल्छन् ? कसरी बस्दछन् र कहाँ जान्छन् या कसरी हिँड्छन् ?**

अर्जुन कृष्णको निकटमा रहेर पहिलोपटक आफ्नो पुरानो रूपको प्रश्नभन्दा भिन्न प्रश्न सोध्दै छन् । अर्जुनको प्रश्नले उनी श्रीकृष्णमा पहिलोपटक प्रविष्ट भएजस्तो लाग्छ । उनी सोध्दछन्- स्थितप्रज्ञ कसलाई भनिन्छ, त्यो को हो जसको ज्ञानज्योति र प्रज्ञा स्थिर भएको छ । त्यो को हो जसको चेतनाको दियो कम्पनरहित भएको छ, उसको भाषा कस्तो हुन्छ, ऊ कसरी बोल्छ, कहाँ जान्छ र कसरी बस्छ, उसको व्यवहार कस्तो हुन्छ र चेतना स्थिर हुनु भनेको के हो भन्ने उनको प्रश्न छ । यो त आन्तरिक एवम् निजी अनुभव हो जुन आफैंमाथि घटित भएपछि मात्र थाहा हुन्छ । यस अघिसम्म अर्जुनका प्रश्नहरू रोगग्रस्त चित्तका प्रश्न थिए । पहिलोपटक उनले गुह्य प्रश्न सोधिरहेका छन् । त्यसैले त श्रीकृष्ण अर्जुनको प्रश्न सुनेर पुलकित हुनुभयो । यस अघिका प्रश्नहरूका माध्यमबाट अर्जुन कृष्णको मोह र सान्त्वना चाहन्थे तर अब भने अर्जुनको वास्तविक जिज्ञासा प्रारम्भ भएको छ । सबै धर्म, नीति, गर्नयोग्य कर्म र गर्न अयोग्य कर्म सबै उनलाई थाहा छ भन्ने भ्रम थियो । उनी केवल कृष्णलाई साक्षी राख्न मात्र चाहन्थे । उनको चित्तमा कम्पन थियो तर अहङ्कारले गर्दा आफू जान्दिनँ पनि भन्न सकिरहेका थिएनन् ।

पहिलोपटक अर्जुन विनीत भएका छन् । जहाँ विनम्रता हुन्छ त्यहाँ जिज्ञासा र ज्ञानको द्वार खुल्ने सम्भावना पनि हुन्छ । अरबीमा एउटा भनाइ छ- परमात्माले मानिस जन्म लिनु ठिक अघि व्यक्तिलाई धक्का दिंदै भन्छन्- तिमीभन्दा राम्रो व्यक्ति अहिलेसम्म मैले सिर्जेको छैन । यो भनाइ परमात्माले गर्भमा आउने जति सबैका कानमा भन्छन् । अर्जुनलाई पनि म ज्ञानी एवम् जान्ने छु भन्ने भ्रम थियो । त्यसैले त यसअघिका उनका प्रश्नहरू सतही खालका थिए । तर अब उनी विनम्रतापूर्वक उच्च प्रश्न सोध्दै छन् । प्रज्ञा स्थिर भएको व्यक्ति कस्तो हुन्छ भन्ने उनको जिज्ञासा विनम्रताले भरिएको छ ।

स्थितप्रज्ञको जीवन सहज एवम् स्वतःस्फूर्त हुन्छ र जीवनमा कतै कुनै धारणा बाँधिएको हुँदैन । उसको जीवन गङ्गाजस्तो दौडिएको स्वतन्त्र हुन्छ । उसको बाहिरी ढाँचा स्वतन्त्र भए पनि भित्र गहिरो अनुशासन र जीवन्त धारा हुन्छ । दुई स्थितप्रज्ञको बाहिरी ढाँचा अलग भए पनि भित्रको धारा एउटै, सहज, स्वतःस्फूर्त र जीवन्त हुन्छ । एकपटक महावीर र बुद्ध दुई स्थितप्रज्ञ एउटै धर्मशालामा बस्नुभयो । यद्यपि उहाँहरूले एक अर्कालाई भेट्नुभएन किनभने उहाँहरूभित्र कसले कसलाई भेट्ने भन्ने कुनै अहङ्कार नै शेष थिएन र कुनै दाबी पनि थिएन । भेट्नलाई पनि अहङ्कार चाहिन्छ तर जहाँ अहङ्कार र चाहना नै शेष हुँदैन, त्यहाँ भेट्नुको कुनै प्रयोजन पनि हुँदैन ।

श्रीकृष्णको ढाँचा जीवन्त छ र यो प्रतिपल बदलिरहेको छ । उहाँ एकै कुरामा रोकिनुहुन्न र प्रतिपल जीवन्त हुनुहुन्छ । त्यसैले उहाँ पलपल कैयौं अलग-अलग भूमिका निर्वाह गर्न सक्नुहुन्छ । स्थितप्रज्ञको जीवन संवेदनशीलताले बाह्य रूपमा प्रतिपल परिवर्तन भइरहे पनि भित्र भने एउटा गहन अनुशासन हुन्छ ।

*श्रीभगवानुवाच*
*प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।*
*आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥*

**भगवान् भन्नुहुन्छ- हे अर्जुन ! जब मानिसले मानसिक चिन्तनबाट इन्द्रियतुष्टिका लागि उठ्ने सबै किसिमका आकाङ्क्षालाई पूर्ण रूपमा त्याग्दछ, तब उसको मनले आफ्नै आत्मामा परम सन्तुष्टि भेट्न थाल्दछ अनि मात्र त्यस्तो व्यक्तिलाई पावन तथा दिव्य चेतनामा अवस्थित (स्थितप्रज्ञ) भनिन्छ ॥**

हरेक स्वरूपबाट सन्तुष्ट हुनु स्थितप्रज्ञको पहिलो परिचय हो । हामी प्रायः जीवनसँग भित्री या बाहिरी रूपले असन्तुष्ट रहन्छौं र एक्लोपनले हामीलाई पिरोलिरहन्छ । तसर्थ हामी केही न केही उपकरण (किताब, टेलिभिजन, फोन) को साथ चाहन्छौं । हामी असन्तुष्ट हुन्छौं तर सन्तुष्टिको भ्रममा रहन्छौं । हामी सन्तुष्ट रहन विषयवस्तु परिवर्तन गरिरहन्छौं तर पनि सन्तुष्ट हुन सक्दैनौं ।

श्रीकृष्ण भन्नुहुन्छ- हे भारत ! जब व्यक्तिले इन्द्रियतुष्टिका लागि उत्पन्न हुने सबै आकाङ्क्षाहरूलाई पूर्ण रूपमा त्याग्दछ तब उसको मनले आफ्नो आत्मामा परम सन्तुष्टि पाउन थाल्दछ, यस्तो व्यक्तिलाई पावन तथा दिव्य चेतनामा अवस्थित अर्थात् स्थितप्रज्ञ भनिन्छ । अर्कामा सुख खोज्नु नै प्रज्ञाको अस्थिरता हो । स्वयम्मा सुख खोज्नु वा सन्तोष हुनु प्रज्ञाको स्थिरता हो । स्वयम्मा सन्तुष्टि त्यसले पाउँछ, जसलाई अरूबाट वा अरूमा सन्तोष पाइँदैन भन्ने थाहा छ । जबसम्म यसबाट सुख पाइएन, अर्कोबाट पाइन्छ कि भन्ने भ्रम हुन्छ, तबसम्म प्रज्ञा अस्थिर या भयभीत हुन्छ । तर व्यक्ति आफूलाई धोका दिन सिपालु भएकाले जति धोका पाए पनि ऊ नयाँ कुराको खोजीमा लागिरहन्छ । जबसम्म चित्तले अन्यत्र सुख पाइन्छ भन्ने सोच्छ, तबसम्म ऊ आफूसँग असन्तुष्ट रहन्छ र उसको चित्त पनि स्थिर हुँदैन । जब मनले सुख अन्यत्र पाइँदैन भनेर जान्दछ र आश्वस्त हुन्छ, तब चेतना पनि स्थिर हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जब आफूभित्र नै सुख छ भनेर जान्दछौ, तब प्रज्ञाको स्थिरता प्राप्त हुन्छ ।

*दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।*
*वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥*

**तीन प्रकारका दुखहरू-आध्यात्मिक, आधिभौतिक र आधिदैविक तापहरूले सताउँदा पनि जसको मन विचलित हुँदैन, भौतिक सुखमा हुँदा जसको मन पुलकित हुँदैन र जो भय-क्रोध र आसक्तिबाट मुक्त छ त्यसैलाई स्थितप्रज्ञ सन्त भनिन्छ ॥**

चञ्चल मनबाट पार भई प्रज्ञा स्थिर भएको व्यक्तिको लक्षण कस्तो हुन्छ भनेर अर्जुन जान्न चाहन्छन् । उनको जिज्ञासालाई सम्बोधन गर्दै श्रीकृष्ण भन्नुहुन्छ- दुखमा जो व्यक्ति विचलित हुँदैन र सुखमा आसक्त हुँदैन एवम् सुखको आकाङ्क्षा राख्दैन त्यस्तो मानिसको बुद्धि स्थित भएको मानिन्छ । सुख र दुख त एक सिक्काका दुई पाटाजस्तै हुन् । दुखको चाहना कसैमा हुँदैन, सबै सुखको कल्पनामा रमाउन चाहन्छन् । दुखसुखको आडमा आउँछ । दुख सुखको नै छाया हो र अझ गहिरिएर हेर्ने हो भने जसले सुखी भएको देखाउँछ ऊ भित्र भने दुखी नै हुन्छ । सुख देखावटी हो भने दुख वास्तविक हो । यो माछा मार्नका लागि उसलाई लोभ्याउन बल्छीमा मासु राखे जस्तै हो । जब माछा मासुको गन्धमा लोभिएर बल्छी नजिक आउँछ, तब ऊ बल्छीमा परेर मारिन्छ । त्यस्तै बाहिरबाट सुख देखिए पनि वास्तवमा दुख नै आइलाग्छ ।

वास्तवमा सुख माग्नु पनि उद्विग्न बन्नु हो । सुख पनि प्रीतिकर उत्तेजना हो । सुखमा पनि मन स्थिर रहँदैन । अनायास ठुलो सुख प्राप्त भयो भने मानिस त्यो सुख सहन गर्न सक्दैन । दुख सहन गर्न सहज छ तर अतिशय सुख सहन गर्न अति कठिन हुन्छ । दुख सहन गर्दा सुखको आशा हुन्छ तर सुखमा त्यस्तो कुनै आशा हुँदैन । सुखको आघात गहिरो र तीव्र भयो भने सहन गर्न कठिन हुन्छ । यी दुवै एक अर्कामा बदलिन सक्छन् । त्यसैले त गहिरो गरी विचार गर्दा सुख-दुख दुवै एकै हुन् । श्रीकृष्ण भन्नुहुन्छ- तीन प्रकारका दुःखहरू- आध्यात्मिक, आधिभौतिक र आधिदैविक तापले सताउँदा र दुःखमा पनि जसको मन विचलित हुँदैन र सुखको चाहना राख्दैन, जसमा क्रोध र भय हुँदैन त्यो व्यक्ति स्थितप्रज्ञ हो । क्रोध र भयलाई दबाएको व्यक्ति होइन बरु क्रोध र भय नभएको व्यक्ति समाधिस्थ हो । यसलाई दबाउने प्रयास गरियो भने झन् त्यो व्यक्ति क्रोधी र भयग्रस्त हुन्छ ।

एक जना क्रोधी व्यक्ति साधु भएर क्रोध एवम् भयमाथि विजय प्राप्त गरेको भन्ने ठुलो चर्चा चल्यो । उनका मित्रले साधुको परीक्षण गर्न चाहे । एक दिन बिहानै उनी साधुको घरमा भेट्न गए । साधु आगो तापिरहेका थिए । त्यहाँ ज्वाला नभएर खरानी मात्र बाँकी भए जस्तो देखिन्थ्यो । उनले साधुलाई सोधे- "बाबाजी ! आगो बाँकी छ कि खरानी मात्र ।" साधुले रिसाएर "आगो देख्दैनौ भनेर जवाफ दिए ।" मित्रले पुनः यहाँ त केवल खरानी मात्र पो देखिन्छ भन्ने बित्तिकै साधु असाध्यै रिसाएर आगो देख्दैनौ भनी चिम्टाले हिर्काउन खोजे । साधुको क्रोधित अवस्था देखेर मित्रले आगाको त मुस्लो पो रहेछ भने । आगोको अर्थ क्रोध हो र खरानी माथिबाट गरिएको दमन हो । क्रोधलाई दबाएर दब्दैन बरु साधुको क्रोध जस्तो सूक्ष्म तलबाट मुस्लो भएर निस्कन्छ । क्रोधसँग लड्ने व्यक्ति क्रोधलाई भित्र दबाउन सक्छ, भयसँग लड्ने व्यक्ति निर्भय हुन सक्छ तर अभय हुन सक्दैन । अभयको अर्थ भयको अभाव हो ।

भित्री प्रतिस्पर्धाको लक्षण क्रोध र भय हो । क्रोध र भयले व्यक्ति भित्र स्वस्थ छैन भन्ने थाहा पाइन्छ । क्रोध नहुँदा भित्रको चित्त स्वस्थ हुन्छ । त्यसैले क्रोध र भयसँग लड्ने होइन, यिनलाई द्रष्टाभावले हेरेर चित्तलाई क्रोध र भयबाट मुक्त बनाउनुपर्ने हुन्छ । दबाउँदा भित्रको लक्षण थाहा हुँदैन बरु नयाँ द्वार खोज्दै अझ शक्तिशाली भएर निस्कन्छ । यसलाई दबाएर समाधिस्थ हुन सकिन्न । क्रोधलाई जानेर यसबाट मुक्त हुनुपर्छ । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- उद्विग्न नभई सुखको प्रतिस्पर्धाबाट टाढा रहेर आकाङ्क्षारहित हुँदै क्रोधलाई शान्त गरेर भयबाट नकाँप्ने व्यक्ति नै समाधिस्थ हुन्छ । प्रज्ञा स्थिर भएको

व्यक्तिलाई पनि कष्टको जानकारी हुन्छ । कष्ट तथ्य हो र दुख अनुमान हो । स्थितप्रज्ञलाई अरूको भन्दा जानकारी बढी नै हुन्छ किनभने उसको संवेदना झन् शुद्ध हुन्छ । यस्ता मानिस पूरा समय अभ्यस्त हुन्छन् । त्यसैले त कष्ट भयो भने अरूलाई भन्दा बढी हुन्छ । तर खुट्टामा वा शरीरको कुनै भागमा भएको कष्ट मलाई भएको होइन, शरीरलाई भएको हो भन्ने भाव उसमा हुन्छ । कष्टमा म संलग्न भएपछि दुखको अनुभव हुन्छ ।

*यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।*
*नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥*

**यस भौतिक जगत्मा जसले शुभ या अशुभ कुरा प्राप्त गर्दा त्यसको प्रशंसा या घृणा गर्दैन त्यस्तो व्यक्तिलाई नै पूर्ण ज्ञानमा अवस्थित मानिन्छ र यस्तो चेतनाले मानिसलाई दिव्यताको स्थितिमा पुऱ्याउँछ ॥**

*यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।*
*इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥*

**जसरी कछुवाले आफ्ना अङ्गहरूलाई खुम्च्याएर आफैंभित्र समेट्छ त्यसरी नै जसले आफ्ना इन्द्रियहरूलाई राग, द्वेष, वासना आदि तिनका विषयहरूबाट खिँच्दछ, त्यही व्यक्ति नै पूर्ण चेतनामा अचल मानिन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- अनुकूलता-प्रतिकूलता, राग-देष, हर्ष-विषाद, सफलता-असफलतामा जसले विभेद गर्दैन र एकसमान रहन्छ त्यस्तो व्यक्तिको प्रज्ञा स्थित हुन्छ यस्तो चेतनाले मानिसलाई दिव्यताको स्थितिमा पुऱ्याउँछ । कछुवाले जसरी आफ्नो अङ्गलाई समयमा समेट्न सक्छ वा जान्दछ त्यसरी नै ज्ञानी पुरुषहरू आफ्नो इन्द्रियलाई समेट्न जान्दछन् । एउटा बाह्य इन्द्रिय जो शरीरमा सीमित छ, अर्को भित्री इन्द्रिय जो इन्द्रियकै आत्मा हो । आँखाले कुनै चिज देख्दछ भने बाह्य रूपमा मात्र देख्दछ । आँखाभित्रको इन्द्रियको वासनारूप जो भित्र हुन्छ, उसको रस इच्छाको परिणामस्वरूप आँखाले बाह्य वस्तुलाई देख्दछ । बाहिर रस लिने वासनायुक्त इन्द्रियभन्दा भित्रको इन्द्रियको प्राण नै वास्तवमा इन्द्रिय हो । इन्द्रियलाई आफैंमा समाहित गर्नु वा समेट्नुको अर्थ आँखा, हात, गोडा, जननेन्द्रिय आदिमा क्षति पुऱ्याउनु भन्ने होइन । अधिकांश साधुहरूले यस सूत्रको गलत व्याख्या गरेर आँखा फोड्ने, हात, गोडा काट्ने जस्ता काम गरे । मध्ययुगीन युरोपमा त कतिपयले जननेन्द्रिय नै काटे । स्त्रीहरूको स्तन समेत काटेर इन्द्रियलाई वशमा ल्याउने दुष्प्रयास गरे तर इन्द्रिय नियन्त्रित भएन । जबसम्म भित्री रस बाँकी रहन्छ, तबसम्म बाह्य उपकरणलाई चोट पुऱ्याउँदैमा केही हुँदैन । जननेन्द्रियरूपी उपकरण काट्दा वा आँखा फोड्दैमा वासना जाँदैन, केवल इन्द्रियको अभिव्यक्तिको माध्यम मात्र काटिन्छ, वासना त झन् तीव्र हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जसरी कछुवाले आफ्ना अङ्गहरूलाई खुम्च्याएर आफैंभित्र समेट्दछ त्यसरी नै स्थितप्रज्ञ व्यक्तिले वासनारूपी जो भित्री इन्द्रियको रस छ त्यसलाई समेट्दछ । भित्रको रस नै नरहेपछि बाह्य इन्द्रिय उपकरण अर्थात् निर्वासनायुक्त व्यवहारका लागि मात्र रहन्छन् । त्यसबेला आँखाले जे अगाडि आउँछ त्यसलाई हेर्छ मात्र आफूले केही हेर्ने इच्छा गर्दैन । इन्द्रिय व्यवहारको माध्यम मात्र हुन्छ । आँखारूपी वासनाले भरिएको अवस्थामा माइत गएकी आफ्नी पत्नीलाई भेट्न तुलसीदास ससुराली जानुभयो । राती जाने क्रममा बाटामा नदी तर्न खोज्दा बग्दै आएको लासलाई काठको मुढो ठानी त्यसैमा चढेर तर्नुभयो । पत्नीको कोठामा चढ्ने क्रममा पत्नीले आफ्नो मनसायलाई बुझेर डोरी खसालेकी होलिन् भन्ने सोचेर झुन्डिरहेको सर्पलाई समातेर पत्नीको कोठामा प्रवेश गर्नुभयो । यो अवस्था आँखा वासनाले ग्रस्त भएको अवस्था हो जहाँ आँखाले देख्ने कामभन्दा भित्रको वासनालाई पूरा गर्न सहयोग मात्र गर्छ । वासनाग्रस्त आँखा अन्धो हुन्छ, जे हेर्न चाहन्छ त्यही मात्र देख्छ ।

स्थितप्रज्ञले विषयहरूमा वासनालाई आरोपित गर्दैन केवल रसविहीन आँखाले हेर्ने काम मात्र गर्दछ । कृष्णको भनाइ अनुसार यो अन्तस् इन्द्रियलाई समेट्नु हो । बाह्य इन्द्रियलाई त मानिसले समेट्नु नै पर्दैन, त्यो त परमात्माको वरदान हो । भित्री इन्द्रिय समेटिएपछि बाह्य त स्वतः नियन्त्रित हुन्छ । जसरी कछुवाले बाह्य इन्द्रिय आफूमा नै समाहित गर्छ वा समेट्छ, त्यसैगरी मानिसले भित्री इन्द्रियलाई समेट्ने कुरा श्रीकृष्णले गर्नुभएको हो । राती आँखा बन्द भए पनि सपना देखिन्छ । आँखा फोडे पनि भित्रको रस कहिल्यै पनि मेटिँदैन । हाम्रो भित्री इन्द्रियका कारण बाह्य इन्द्रिय पनि प्रभावित हुन्छ । कामवासनाको सपना देख्नेबित्तिकै जननेन्द्रिय प्रभावित हुन्छ ।

बुद्ध एक दिन प्रवचन दिँदै हुनुहुन्थ्यो । अनायास एक जनालाई हेर्दै उहाँले तिमीले खुट्टा किन हल्लाएको भनी सोध्नुभयो । उसको खुट्टा हल्लिन अचानक बन्द भयो र उसले आफूलाई कुनै थाहा नभएको जवाफ फर्कायो तर बुद्धले भन्नुभयो- तिमीलाई थाहा हुने बित्तिकै यो हल्लिन बन्द हुन्छ । त्यसैले होसपूर्ण बन । भित्री इन्द्रियको अन्तरकम्पन बोध हुने बित्तिकै शान्त हुन्छ । भित्र कामवासना जागेर त्यो कामकेन्द्रमा गएर प्रभावित हुँदा केवल त्यसलाई बोधपूर्वक हेरिरह्यो भने त्यो तिरोहित वा शान्त हुन्छ, केही गर्नै पर्दैन । त्यस्तै क्रोध सुरु हुँदा पनि बाह्य इन्द्रियमा पुग्ने बेलामा त्यसलाई हेरी मात्र रह्यो केही गरेन भने त्यो आफैं समेटिन्छ । भित्रका इन्द्रियहरू यति सङकुचनशील र संवेदनशील छन् कि तिनीहरूप्रति बोधपूर्वक होस् राख्ने बित्तिकै ती खुम्चिन र नियन्त्रित हुन थाल्छन् । यस्तो स्थितिलाई समाधिस्थ अवस्था भनिन्छ ।

*विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।*
*रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥*

**देहधारी जीवहरू इन्द्रियभोगबाट मुक्त भए पनि उनीहरूमा विषयप्रतिको वासना भने रहिरहन्छ, तर त्यसभन्दा उत्कृष्ट रस चाख्न पाए भने उनीहरूको विषयभोगप्रतिको अभिरुचि स्वतः समाप्त हुन्छ र उनीहरू दिव्य चेतनामा स्थिर रहन्छन् ॥**

देहाभिमानी तपस्वी र देहाभिमानी भोगी दुवैको केन्द्र शरीर नै हो । यिनीहरू दुवै शरीरबाट सुख प्राप्त गर्न सकिन्छ भन्ने ठान्दछन् । भोगी शरीरबाट विषयहरूसँग पुग्ने प्रयास गर्दछ भने त्यागी शरीरबाट विषयहरूसँग छुट्ने प्रयास गर्दछ । यी दुवैको आधार शरीर नै हो । देहाभिमानी भोगी जब स्वर्गको भोगबाट पनि अघाउँछ तब शरीरलाई सताएर त्याग गर्छ अर्थात् ऊ शरीररूपी इन्द्रियहरूलाई मार्दछ । यस्तो व्यक्तिले विषयहरूलाई छोड्न सक्छ तर रसबाट मुक्त हुँदैन । आँखा फोड्दा देखिने विषय त सकिन्छ तर रस सकिँदैन । रस र विषयका बिचको पुल इन्द्रिय हो । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- देहाभिमानी त्यागीको विषय त छुट्छ तर रस सकिँदैन । त्यसभन्दा उत्कृष्ट रस चाख्न पाए विषयभोग प्रतिको अभिरुचि स्वतः समाप्त भएर उनीहरू दिव्य चेतनामा स्थिर हुन्छन् । वास्तविक रूपमा रस नै महत्त्वपूर्ण हो । ठूलो घरको अर्थभन्दा ठूलो घर बनाउने भित्री चाहनाको अर्थ हुन्छ । त्यसैले श्रीकृष्ण मनोवैज्ञानिक रूपमा देहाभिमानी तपस्वी केवल विषयबाट मात्र निवृत्त हुन्छ; ऊ रस-रागबाट निवृत्त हुँदैन, यस्तो व्यक्तिको चेष्टामा कमी हुँदैन केवल दिशामा मात्र गल्ती हुन्छ भन्नुहुन्छ । सारा विषय बाहिरबाट छुट्छ तर सारा रस भित्र बाँकी रहन्छ । यसबाट त विक्षिप्तता मात्र प्राप्त हुन्छ । समाधिस्थ व्यक्तिको भने विषय होइन रस नै छुट्छ । रसले विषय निर्माण गर्ने हुँदा जुन दिन रस छुट्छ, विषय केवल वस्तु मात्र रहन्छ । समाधिस्थ व्यक्ति रसलाई नै छोड्दछ र त्यसलाई छोड्दा विषयको त्याग स्वतः हुन्छ ।

श्रीकृष्णले नृत्य गर्दा, बाँसुरी बजाउँदा वा गोपिनीहरूसँग नृत्य गर्दा व्यक्तिहरूलाई उहाँ पनि हामी जस्तै हो कि भन्ने लाग्न सक्छ । तर जसको रस भित्रबाट नै हटेको छ, जसमा राग पनि निवृत्त भइसकेको छ उसलाई न केही त्याग्नु छ, न पक्रनु छ, न विषयहरूबाट निवृत्त हुनु नै छ । कृष्ण जसले वृन्दावनमा

बाल्यावस्था गुजार्नुभयो, जहाँ गोपाल र गोपिनीहरूसँग समय बिताउनुभयो, लीला गर्नुभयो, त्यो वृन्दावनलाई छोडेपछि त्यहाँ फर्केर पनि आउनुभएन । वासनाग्रस्त चित्त भएको भए छोड्न सम्भव हुने थिएन । रसभित्र नभएको कृष्ण जस्तो व्यक्तिलाई मात्र यो लीला गर्न सम्भव छ । कृष्ण ठिक उल्टो हुनुहुन्छ, जो टाढा छ त्यसलाई होइन र जो नजिक छ त्यसलाई याद गर्नुहुन्छ । उहाँ जहाँ हुनुहुन्छ पूर्ण रूपले हुनुहुन्छ । उहाँ रसराग मुक्त हुनुहुन्छ । यस तथ्यलाई नबुझ्दा कृष्णका बारेमा अनेकन अड्कलबाजी र भ्रमहरू भएका छन् । श्रीकृष्णमा रागमुक्त चेतना पूर्ण रूपमा फलित छ ।

*यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।*
*इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥*

**श्रीकृष्ण भन्नुहुन्छ– हे कौन्तेय ! आसक्तिको नाश नभएको हुनाले इन्द्रियलाई नियन्त्रण गर्न प्रयत्नशील विवेकी पुरुषहरूको मनलाई पनि उत्तेजित इन्द्रियहरूले बलपूर्वक हरण गरिदिन्छन् ॥**

*तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।*
*वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥*

**त्यसैले साधकले ती सबै इन्द्रियहरूलाई वशमा राखी समाहित चित्तवृत्तिका साथ मेरो परायण भएर ध्यानमा बस्नुपर्छ किनभने जुन पुरुषको इन्द्रिय वशमा हुन्छ उसैको बुद्धि स्थिर हुन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रियहरूले मनुष्यलाई विषयहरूतिर खिच्छन् र साधकलाई पनि तल झारिदिन्छन् । इन्द्रियहरू स्वतन्त्र र शक्तिशाली छैनन् तर पनि मानिसहरूलाई तल झार्न सक्छन् । यी इन्द्रियहरू यान्त्रिक प्रक्रियाका रूपमा काम गर्दछन् । हामीले जन्मेदेखि इन्द्रियहरूसँग बनाएको तादात्म्यका कारण हामी बदलिँदा पनि इन्द्रिय अनभिज्ञ नै रहने हुँदा पुरानै बानीअनुरूप चलि नै रहन्छन् । इन्द्रिय यन्त्र हो तर हामी आफू नै हौँ भन्ने ठान्छौँ । चुरोटको लत लागेको व्यक्तिले चुरोट नपिउने प्रतिज्ञा गर्छ तर इन्द्रियहरूलाई उसको प्रतिज्ञाको कुनै जानकारी हुँदैन । त्यसैले इन्द्रिय र पूरा शरीरले प्रत्येक आधा घण्टामा चुरोट माग्छ, लामो समयसम्मको बानी अचेतन मनमा पुगी भण्डारण भएको हुन्छ । चुरोट पिउँदिनँ भन्ने प्रतिज्ञा चेतन मनले लिए पनि अचेतन मनले पुरानो बानीलाई छोड्ने स्वीकृति दिँदैन । मन स्थिर नहुनाले चेतन र अचेतन मनको बिचमा डोलिरहन्छ । सङ्कल्पवान् हुन खोज्छ तर पुरानो लत छुटाउन कुनै सहयोग गर्दैन । यसै बिच हातले स्वतः बट्टाबाट चुरोट निकालिसक्छ र ओठमा राखेर सलाई कोर्दै मुखले चुरोट तान्न थाल्छ ।

यो इन्द्रियले नभई व्यक्तिले नै इन्द्रियहरूलाई दिएको बल, अभ्यास, संस्कार एवम् बानी र सर्त (Conditioning) हरूले उसलाई गिराउँछन् । मनुष्यको इन्द्रिय उसको संस्कार हो र निर्णय गर्दा हामीले इन्द्रियको बललाई विचार नै गर्दैनौँ र पराजयको सामना गर्छौं किनभने संस्कारले हामीलाई विवश गराउँछ। इन्द्रियलाई जुन संस्कार वा आदत हामीले दिएका छौँ, त्यसलाई असंस्कार गर्नुपर्छ र असंस्कारित इन्द्रिय मात्र सहयोगी हुन्छ । ज्ञानी पुरुष हस्तक्षेप नगरी स्वभाव र पुराना कुराहरूलाई साक्षीभावमा हेरिरहन्छ । बुद्धलाई एक व्यक्तिले गाली गऱ्यो, तर उहाँ केही नबोली चुपचाप हिँडिरहनुभयो । उहाँलाई किन केही नबोली हिँड्नुहुन्छ भनी सोध्दा उहाँले कुनै जन्ममा आफूले गरेको गालीको उत्तर अहिले उसले दिएकोले हिसाब बराबर भयो भनेर जवाफ दिनुभयो । अकारण कुनै घटना नघट्ने हुनाले ज्ञानी पुरुष इन्द्रियको यो हमलालाई अतीतको हमला ठानेर शान्त भावले झेल्छन् र परमात्मामा आफ्नो बोझ छोड्दछ । इन्द्रियसँग एक्लै लड्नुभन्दा परमात्मामा आफ्नो बानी विसर्जन गरेर ज्ञानी पुरुष उसैको सहायता खोज्दछ । खराब लतलाई छुटाउन आफ्नो एक्लो प्रयासबाट केही हुन सक्दैन, परमात्मा तिमी सह्माल भनी प्रार्थना गर्दा उसको ऊर्जा यति विशाल हुन्छ कि हजारौँ जन्मको बानी, संस्कार र अहङ्कार पनि समाप्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- संयमको त्यो यात्रामा निस्केको व्यक्तिले सम्पूर्ण कुरा समर्पण गरेर प्रभुमाथि नै छोडिदिन्छ । यस्तो असहाय अवस्थामा परमात्मा उसको सहारा बन्छ । अहङ्कारीलाई इन्द्रियले तल झार्छ तर विनम्र र परमात्मामा समर्पित व्यक्तिलाई इन्द्रियले गिराउन सक्दैन । यस्तो संयमी व्यक्ति रस, इन्द्रियको दबाब, अतीतको संस्कारको प्रभाव, बानीहरू र यान्त्रिकताबाट समेत मुक्त हुन्छ र स्थितप्रज्ञ हुने अवस्थालाई प्राप्त गर्छ ।

*ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।*
*सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥*

**इन्द्रियका विषयहरूको चिन्तन गर्दागर्दै त्यसप्रति आसक्ति बढ्छ, त्यो आसक्तिबाट काम उत्पन्न हुन्छ र कामबाट क्रोध उत्पन्न हुन्छ ॥**

*क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः ।*
*स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥*

**क्रोधबाट पूर्ण मोह उत्पन्न हुन्छ, पूर्ण मोहबाट स्मरण शक्ति भ्रमित हुन्छ, स्मरण शक्ति भ्रमित भएपछि बुद्धिको नाश र बुद्धिभ्रष्ट भएपछि अधःपतन हुन्छ ॥**

मनुष्यको मन उर्ध्वगमन एवम् अधोगमनतिर पनि जान सक्छ । श्रीकृष्ण मनुष्यको मनको कसरी अधोगमन हुन्छ र कसरी ऊ एक-एक कदम चालेर पतनतिर जान्छ भन्ने विज्ञानका बारेमा बताउँदै हुनुहुन्छ । हाम्रो प्रारम्भ सूक्ष्म हुन्छ र अन्त्य स्थूल हुन्छ । मनमा उठेका लहरहरूले हाम्रो पूरा व्यक्तित्वलाई प्रभावित गर्दछ एवम् यसलाई जान्ने व्यक्ति मात्र यसबाट पार हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- विषयको चिन्तनबाट त्यसप्रति आसक्ति बढ्छ, यो आसक्तिबाट काम उत्पन्न हुन्छ र कामबाट क्रोध उत्पन्न हुन्छ तब मनले पतनतर्फको यात्रा सुरु गर्छ । वासनाको विचार, भोगको कामना मनको पहिलो लहर हो । कामको विचारबाट स्त्रीसँगको भोगको कामना उत्पन्न हुन्छ । एउटी सुन्दरीलाई पुरुषले हेर्‍यो भने मात्र पनि उसभित्र चाहना वा वासनाको सृजना हुन्छ । हेर्ने बित्तिकै उसलाई पाउने चाहना पनि उठ्छ, हेर्नमा केवल बाह्य इन्द्रियहरूले मात्र भाग लिन्छन् तर यदि चाहना भयो भने मनको चक्र सुरु हुन्छ । मनले सुन्दर छ भनेर मात्र भन्यो भने पनि भित्रबाट चाहना सुरु हुन्छ । वस्तु आफैँमा सुन्दर या विरूप हुँदैन, सुन्दर भन्ने बित्तिकै व्यक्तिको चुनाव र व्याख्या सुरु हुन्छ र ऊ सुन्दरतामा सम्मिलित हुन्छ ।

कुनै एक पूर्णिमाको रात्रिमा बुद्ध वृक्षको तल बसिरहनुभएको थियो । गाउँका केही युवकहरूले एउटी वेश्यालाई ल्याएर उसलाई नग्न बनाए । युवकहरूको नशाको बेहोसीको अवस्थामा ती युवती भागिन् । युवतीलाई खोज्दै जब ती युवकहरू बुद्ध समीप आएर तपाईंले एउटी नग्न स्त्री यताबाट गएकी देख्नुभयो भनेर सोधे तब बुद्धले जवाफ दिनुभयो- कोही यहाँबाट पक्कै गएको छ तर त्यो स्त्री वा पुरुष भन्न सक्दिनँ किनभने मेरो छनोट अब शेष छैन ।

जब मनले विषयमा आफ्नो यात्रा सुरु गर्छ, तब सूक्ष्म रूपमा सुन्दर-विरूप भनेर चुनाव गर्छ । त्यस अवस्थामा केवल बिउको रूपमा चाहनाले भित्र आफ्नो स्थान बनाउँछ । यही बीज बढेर वासनाको प्रगाढ रूप लियो भने वासनाबाट छुट्न गाह्रो हुन्छ । यो बीजरूपी वासना जड भई फैलिएर यसले अचेतन मनमा पनि जग हाल्दछ, त्यहीँबाट तथ्यमा प्रवेश गर्ने यात्रा सुरु हुन्छ । बुद्धले युवकलाई भन्नुभयो- स्त्री वा पुरुष के थियो थाहा भएन किनभने मेरो चुनाव र व्याख्या गर्ने भित्रको तत्त्व नै समाप्त भइसक्यो । व्याख्या गर्दा आफ्नातर्फबाट केही जोड्न जहाँ सुरु हुन्छ, त्यहीँबाट चिन्तनको सुरुवात हुन्छ । यदि स्त्री सुन्दरी छिन् भने भित्रबाट चाहना प्रारम्भ हुन्छ र चाहना पलाउने बित्तिकै भोगको आकाङ्क्षा त्यही

चाहनाबाट नै सुरु हुन्छ । जगत्मा तथ्य छ, त्यहाँ कल्पना र व्याख्या छैन । कल्पना र व्याख्या मनुष्यले बनाउँछन् । चाहनाबाट भोगको कामना उत्पन्न हुन्छ अनि वासना चिन्तन बन्छ र व्यक्ति त्यसमा आसक्त हुन्छ । त्यो आसक्तिबाट काम जन्मिन्छ, कामबाट क्रोधको उत्पत्ति हुन्छ । जो कामी हुँदैन त्यो क्रोधी पनि हुँदैन । क्रोध कामकै एक चरण हो । काममा बाधा पुग्यो भने क्रोध उत्पन्न हुन्छ ।

श्रीकृष्णले स्थितप्रज्ञलाई क्रोध हुँदैन भन्नुभएको छ किनभने स्थितप्रज्ञ निष्काम कर्म गर्दछ; त्यसैले ऊ कामी हुँदैन । कामसँग क्रोध स्वतः छायाजस्तै भएर भित्र आउँछ । चित्तमा क्रोध छ भने भित्र खोज्दा काम पनि छ भन्ने थाहा हुन्छ । बाधित काम नै क्रोध हो । यो विशाल जगत्का अरबौं व्यक्तिहरूको कामना एकअर्कासँग जुझ्दछ । म जे चाहन्छु, सात अर्ब मानिसहरू पनि त्यही चाहन्छन् र फेरि अदृश्य परमात्मा, जीवजन्तु, देवी-देवताहरू, वृक्षहरू तथा आकाश एवम् अनन्तमा अनेकौं चिजहरूका चाहना जुधेका हुन्छन्। अनन्त चाहनाहरूले एक-अर्कालाई काटिरहेका छन् । यस्तो व्यवहारले अन्ततः क्रोध उत्पन्न गर्छ । ऊर्जा शक्तिको बहिर्गमनका लागि कामको द्वारमा अवरोध पैदा हुँदा उद्विग्न हुनु क्रोध हो । त्यो ऊर्जाले कामको मार्ग नपाउँदा विक्षिप्त भएर क्रोध उत्पन्न हुन्छ । जब क्रोध बढ्छ तब त्यसरी नै मोह पनि बढ्छ । हामीले चाहेको कुरा पाउन सकेनौं भने त्यसप्रति हाम्रो मोह अझ प्रगाढ हुन्छ । जे प्राप्त हुन्छ त्यसप्रति मोह हुँदैन र जे पाइँदैन त्यसप्रति मोह हुन्छ । क्रोधले मोहलाई जन्माउँछ ।

इरानी शासक नादिर साह (Nadar Shah) एउटी स्त्री प्रति लोलुप थिए तर ती स्त्री नादिर साहका एक सेवकसँग प्रेम गर्थिन् । यो कुरा थाहा पाएपछि नादिर साह दुवै जनालाई नयाँ प्रकारको सजाय दिन चाहन्थे जसका लागि उनले आफ्ना मन्त्रीहरूसँग सुझाव मागे । एक जना अनुभवी मन्त्रीले दुवैलाई नग्न बनाई एक-अर्कासँग जोडेर जन्जीरले बाँधिदिए । दुवै प्रेमीहरू यसरी १५ दिनसम्म बाँधिएकै अवस्थामा रहे । शरीरबाट निस्केको मलमूत्र एवम् दुर्गन्धले छटपटाहट पैदा भयो । ती करिब करिब पागल जस्तै भए । जेलमुक्त भएपछि एक-अर्कासँग कहिल्यै सम्बन्ध नगाँस्ने प्रतिज्ञा गरी उनीहरू भागे । उनीहरूमा मोह नै पैदा हुन सकेन । मोह जे पाइँदैन त्यसमा जन्मिन्छ, जो सजिलैसँग पाइन्छ त्यसमा मोह हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- क्रोधबाट मोह पैदा हुन्छ किनभने जे नपाइने हुन्छ त्यसलाई झन् पाउने आकाङ्क्षा तीव्र हुन्छ र पाउने पागलपन जाग्छ । नपाउने भएपछि मन अझ पाउनका लागि विक्षिप्त हुन्छ र यदि पाइहाल्यो भने मोह नष्ट हुन्छ । नपाउँदा मात्र मोह पैदा हुन्छ ।

पहिले संयुक्त परिवारमा स्त्रीसँगको आकर्षण गहिरो थियो र मोह जीवनभर चल्दथ्यो किनभने श्रीमतीसँग भेट हुन पनि गाह्रो थियो । पत्नी घुम्टीमा हुन्थिन् र संयुक्त परिवारका कारण उनीहरूको मुस्किलले मात्र भेट हुन्थ्यो । बिस्तारै स्त्रीहरू घुम्टीबाट बाहिर आए, उनीहरूका लागि स्वतन्त्रता प्राप्त भएको राम्रो भयो तर स्त्रीप्रतिको मोह क्षीण हुँदै गयो । स्त्रीहरू आज अनाकर्षक भएका छन् । युरोप, अमेरिकातिर स्त्री प्रायः नग्न हुँदा उनीहरू अनाकर्षक भएका हुन् । त्यसैले त पुरुष पनि वास्ता गर्दैनन् तर पुरुषहरू बुर्कामा छोपिएका स्त्रीहरू भेटिए भने उत्सुकतापूर्वक हेर्छन् । घुम्टीले ढाकिनुमा बाधा छ, जहाँ बाधा हुन्छ त्यहाँ मोह हुन्छ । स्त्री-पुरुषको सम्बन्ध काम-वासनाको भन्दा सामाजिक, सांस्कृतिक महत्त्वले भरिपूर्ण हुन्छ । आजका स्त्री र पुरुषको सम्बन्ध आकर्षक बनाउन नग्नताबाट शरीर ढाक्ने वस्त्रमा स्त्रीहरू आउनैपर्ने हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- क्रोधले मोह पैदा गर्छ किनभने जहाँ बाधा छ त्यहाँ आकर्षण उत्पन्न हुन्छ र जहाँ बाधा हुँदैन त्यहाँ अनाकर्षण पैदा हुन्छ । यो त अहिलेका मनोवैज्ञानिकहरूको भनाइको ठिक विपरीत छ । पहिले स्त्री-पुरुषको एक-अर्काप्रति आकर्षण यति धेरै थियो कि सात जन्मसम्म पनि उही पति-पत्नीको कामना गरिन्थ्यो । सम्बन्धविच्छेद त असम्भव नै थियो किनभने त्यहाँ बाधा पनि धेरै हुन्थ्यो ।

काममा बाधा भएमा क्रोध पैदा हुन्छ र क्रोध बढेमा मोह पैदा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जहाँ मोह पैदा हुन्छ, त्यहाँ स्मृति भ्रष्ट हुन्छ । स्मृति काम र क्रोधले भ्रष्ट हुँदैन किनभने क्रोध त बाधा हट्यो

भने हराउँछ । मोह त क्रोधभन्दा पनि सबल हुन्छ । क्रोधले पागल गराउँछ भने मोहले त अन्धो गराउँछ । मोह पाउने कुराका पछाडि पागल भएर दौडिन्छ । जब मोहले अन्धो बनाउँछ, तब स्मृति नष्ट हुन्छ । मोह चित्तको त्यो अवस्था हो जहाँबाट त्यो पानी तताउँदा बाफ बने जस्तै बन्न थाल्छ । क्रोधको तहसम्म पानी तातो भएजस्तो हुन्छ, जसलाई चिसो पनि बनाउन सकिन्छ तर मोहमा भएपछि पानी बाफ भएर उड्न थाल्छ र मनको नयाँ अवस्था प्रारम्भ हुन्छ । क्रोधबाट फिर्ता हुन सकिन्छ तर मोहबाट फिर्ता हुन सकिन्न । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मोहले स्मृतिभ्रष्ट हुन्छ किनभने चित्त बाफ भइसकेपछि फिर्ता हुन गाह्रो हुन्छ ।

हाम्रो मनमा मोहको जे काम हो, त्यो स्मृतिको ठिक विपरीत काम हुन्छ । स्मृति तथ्यगत हुन्छ । स्मृतिको अर्थ जे जान्यो त्यसलाई सम्झनामा राख्नु हो । स्मृतिमा हाम्रो केही जोड हुँदैन तर मोहले तथ्यमा होइन जे चाहन्छ त्यो पनि थपेर योजना गर्छ । मोह स्वप्ननिर्माता हो । त्यसैले मोह भएकोलाई तथ्यभन्दा कल्पनाको संसारमा तैरिन आनन्द आउँछ र ऊ स्वाभाविक निद्रामा हिँडे जस्तो हुन्छ । प्रेम त्यहाँ हुन्छ, जहाँ मोह हुँदैन किनभने मोहले माग गर्छ र प्रेमले दिन्छ । प्रेम त्यही चित्तमा उपलब्ध हुन्छ जहाँ कुनै कामना एवम् वासना हुँदैन । प्रेमले स्मृतिलाई पुष्ट गर्छ, भने मोहले स्मृतिलाई भ्रष्ट गर्छ । मोहले स्मृतिलाई नष्ट गर्छ किनभने स्मृति अब तथ्यलाई त्यही रूपमा प्रस्तुत गर्न सक्दैन । मोहले तथ्यमा धेरै काल्पनिक कुरालाई प्रक्षेपण गर्छ । धनका सम्बन्धमा धनपिपासुले जे देख्छ त्यो धनमा हुँदैन, त्यो त मोहले थप परियोजना बनाएको मात्र हो । साथै मोहले आफ्नो तरिकाले धनका बारेमा थप धारणाहरू प्रक्षेपण गरेको हुन्छ । धनलाई मोह भएका व्यक्तिले त्यसमा आत्मा नै भएको जस्तो गरेर समात्छन् । उसले धनभन्दा सर्वश्रेष्ठ र प्रिय वस्तु नै देख्दैन ।

एक जना धनाढ्यका गाउँमा अनिकाल पऱ्यो र गाउँलेहरू उससँग सहयोगको रूपमा धन माग्न गए । धन दिँदा त आफ्नो प्राण नै नरहने हुँदा धनाढयले धन नमाग्न आग्रह गऱ्यो । केही समयपछि उसकी पत्नी बिरामी परिन् । उसले पत्नीको औषधोपचारमा कुनै खर्च गरेन किनभने पत्नी त अर्को पाउन सकिन्छ तर धन कसरी पाइन्छ भन्ने सोच्यो । उपचार नगरेकाले पत्नीको मृत्यु भयो । केही समयपछि ऊ आफैं पनि बिरामी भयो, गाउँलेहरूले उसलाई आफ्नो उपचार गर्न आग्रह गरे तर उसले धन खर्च गरेर बाँच्नुभन्दा त मर्नु नै बेस भन्यो । मृत्यु सन्निकट आएपछि उसले आफ्ना सबै मूल्यवान् सम्पत्ति सुन, चाँदी, हीरा, मोती आदि एउटा बोरामा राखी नदीमा गयो र सबैभन्दा कम मूल्यमा तारिदिने माझीको खोजी गर्न थाल्यो । मोलमोलाइ गर्ने क्रममा एक सिक्कामा नदी तारिदिन एक माझी तयार भए । नदीको बिचमा पुगेपछि उसले माझीलाई मर्न लागेको मानिसको अन्तिम इच्छा पूरा गरिदिन आग्रह गऱ्यो । यदि माझीले एक सिक्का पनि नलिईकन नदी तारिदिएमा आफूले आरामसँग प्राण त्याग्ने बतायो । गरिब माझीले उसको अन्तिम इच्छा पूरा गरिदियो ।

मोहग्रस्त व्यक्तिको अवस्था ठिक यस्तै हुन्छ । उसको सहज विवेक हराएर ऊ विक्षिप्त हुन्छ । मानिस धन, पद, वासनाको मोहमा यति विक्षिप्त हुन्छ कि उसको विवेक नै समाप्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जहाँ स्मृति नष्ट हुन्छ त्यहाँ बुद्धि पनि नष्ट हुन्छ । स्मृति बुद्धिको केवल सङ्ग्रहालय हो । बुद्धिले जानेका कुराहरू स्मृतिमा जम्मा हुन्छन् । स्मृतिको अर्थ अतीत हो र पहिले अतीतरूपी स्मृति नष्ट हुन्छ अनि भविष्य पनि नष्ट हुन्छ । बुद्धिको अर्थ Intelligence हो Intellect होइन । भाषाकोशमा दुवैको अर्थ एउटै छ । वास्तविक बनिसकेको बुद्धि Intellect हो भने नबनिसकेको शुद्ध बुद्धि Intelligence हो । बुद्धिमानी त स्मृतिसँगै विकृत भइसक्छ । जानिसकिएको कुरा बुद्धि हो जो स्मृतिसँग नै विकृत भइसकेको हुन्छ तर जे जान्ने शक्ति छ त्यो बुद्धि (Intelligence) हो । स्मृति विकृत भएपछि अव्यक्तमा रहेको बुद्धि पनि भ्रष्ट हुन थाल्छ र भित्र लुकेको प्रज्ञा पनि डामाडोल हुन थाल्छ । यो अन्तिम पतन हो । बुद्धि जसमा

अनन्त सम्भावनामा लुकेको छ त्यो पनि नाश भएपछि सबै कुरा समाप्त हुन्छ अनि व्यक्ति पूर्ण रूपमा आफूलाई समाप्त पार्ने गरी दीनतामा पुगेर दरिद्रता प्राप्त गर्दछ ।

*रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।*
*आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥*

**राग र द्वेषबाट मुक्त भएको र आफ्ना इन्द्रियहरूलाई विषयहरूबाट नियन्त्रण गर्न सक्ने क्षमता भएको अन्तस्करण इन्द्रियद्वारा विषयमा विचरण गर्दै अन्तस्करणको प्रसन्नता प्राप्त गर्छ ॥**

साधारणतया हामी सोच्दछौं, चित्तमा विक्षेप र विह्वलता नभएपछि अन्तस्करण शुद्ध हुन्छ तर श्रीकृष्ण भन्नुहुन्छ- अन्तस्करण शुद्ध भएमा चित्तको सबै विक्षेप समाप्त हुन्छ । जो व्यक्ति अशान्त छ, त्यसले शान्ति प्राप्त गर्ने प्रयास गरेमा अशान्ति झन् बढेर जान्छ । शान्त हुन नसकेको स्थितिले पीडा दिन्छ । यस सन्दर्भमा साङ्ख्यले अन्तस्करण सदैव शुद्ध हुन्छ, त्यसलाई शुद्ध गर्नैपर्दैन भनेको छ । जसलाई अन्तस्करणका बारेमा थाहा छैन त्यसले मात्र अन्तस्करण शुद्ध गर्ने प्रयत्न गर्छ । जो शुद्ध नै छ त्यसलाई थप शुद्ध गर्न सकिन्न । अन्तस्करणलाई शुद्ध नमान्ने व्यक्ति जसले यसलाई जानेकै छैन उसको शुद्ध गर्ने प्रयास असफल मात्र हुन्छ । अन्तस्करणलाई शुद्ध गर्ने प्रयास अँध्यारो कोठामा तरवार लिएर अन्धकारलाई काटेर हटाउन खोज्नु जस्तै हो । जसले शुद्ध गर्नुपर्ने हो त्यही नै अशुद्ध छ भने शुद्धि हुन सक्दैन । अन्तस्करण सदैव शुद्ध हुन्छ, यही सत्य हो । अन्तस्करणको अर्थ अन्तश्चेतन होइन । गीताका बारेमा टिप्पणी गर्नेहरूले र शब्दकोशमा समेत अन्तस्करणको अर्थ अन्तश्चेतन (Conscience) गरेका छन् जो भ्रान्ति हो ।

चोरी गर्न खोज्दा भित्रबाट चोरी गर्नु गलत एवम् पाप हो भन्ने भाव आयो भने यो अन्तस्करणको आवाज होइन, यो त समाजले बनाएको धारणा मात्र हो । यदि चोरहरूको समाज भएमा भित्र मनबाट चोरी नराम्रो हो भन्ने भाव आउँदैन । भारतमा जाटहरूको समाजमा जबसम्म युवाले दुई चारवटा चोरी गर्दैन, तबसम्म ऊ विवाहका लागि योग्य नै हुँदैन । अन्तस्करण त उनीहरूसँग पनि हुन्छ, तर त्यहाँ समाजले चोरी गलत हो भन्ने धारणा राखेको हुँदैन । त्यसैले उनीहरूलाई चोरी गलत हो भन्ने लाग्दैन । उनीहरूलाई चोरी गलतकार्य वा खराब हो भन्ने धारणा केटाकेटी बेलादेखि नै हाल्ने प्रयास नगरिएका कारण उनीहरूका लागि चोरी, डकैती, गलत कार्य होइनन् । हिन्दूले आफ्नै काकाकी छोरीसँग वैवाहिक सम्बन्ध कायम राख्न मिल्दैन तर मुसलमानले काका-मामाका छोराछोरीसँग विवाह गर्छन् । यो अन्तस्करणको भेद नभई सामाजिक मान्यता र रीतिस्थितिको भेद मात्र हो । समाजले एउटा मान्यता बनाएको छ र सोही अनुसार भित्र पनि त्यस्तै मान्यताको एउटा अदालत जस्तै व्यवस्थापन छ । यो अन्तश्चेतन हो । अन्तस्करणको अर्थ अन्तरतम उपकरण अर्थात् भित्रको यात्रामा जान सकिने अन्तिम अवस्था नै अन्तस्करण हो तर यो आत्मा होइन । अन्तस्करण आत्माको निकटतम उपकरण हो जसका माध्यमले हामी बाहिर जोडिन्छौं । यसको ऐनामा आत्मा प्रतिफलित हुन्छ । अन्तस्करणपछि भित्र आत्मा र परमात्मा मात्र बाँकी रहन्छ । आत्माको यति निकटतम रहेको कुरा अशुद्ध हुनै सक्दैन । अन्तश्चेतना सामाजिक व्यवस्था हो, यो अन्तस्करण होइन । धर्म, संस्कृति र समाज भिन्न भिन्न हुन सक्छन् तर अन्तस्करण एउटै हुन्छ । यो बाहिरी जगत्सँग भित्र जोड्ने माध्यम हो । त्यसैले हामी जसलाई अन्तस्करण मानिरहेका छौं त्यो अन्तश्चेतना हो ।

आत्मा शरीरमा पुग्दा पुग्दै अशुद्ध हुन सक्छ किनभने शरीर आत्माबाट निकै पर छ । आत्माबाट अन्तस्करण सबैभन्दा निकट छ जो अशुद्ध हुनै सक्दैन, अतः यो शुद्ध छ । शरीरका निकट इन्द्रियहरू छन् । त्यसपछि क्रमशः अन्तस् इन्द्रिय, स्मृति, प्रयोगित बुद्धि, अप्रयोगित बुद्धि, अन्तस्करण, आत्मा अनि परमात्मा हुन्छ । यसरी हामीले बुझ्यौं भने पनि साङ्ख्यमा भनिए जस्तै अन्तस्करण शुद्ध छ भन्ने बुझ्न सकिन्छ ।

साङ्ख्यले भन्छ- दृश्य र द्रष्टा दुई चिज हुन् । जे देखिन्छ त्यो हामीभन्दा भिन्न हो किनभने हामी हेर्नेवाला द्रष्टा हौँ । जसरी एउटा व्यक्तिले बगैँचा नदेखिँदा पनि हावाको झड्कामा सुगन्धको अनुभव गर्छ र जब ऊ बगैँचा नजिक पुग्छ तब हरियाली, फूल, सुगन्धका साथै अन्त्यमा शान्तिको अनुभव गर्छ । यस्तै प्रकारले भित्रको अन्तरयात्रा गरेमा अन्तस्करणको पनि अनुभव गर्न सकिन्छ ।

हामीभित्रको यात्रा गर्दा अन्तस् इन्द्रिय अनि विचारहरूको जालो, प्रयोगित बुद्धि, अप्रयोगित बुद्धिको प्रकाश आदिलाई क्रमशः हेर्दा हेर्दा यो त दृश्य हो र जुन कुरा म देखिरहेको छु त्यो म कसरी हुन सक्छु भनेर छोड्दै यात्रा गरिरह्यौं भने प्रकाशित चिजको निकटतामा एउटा अलौकिक शुद्धि आत्माको ठिक निकट अन्तस्करणलाई अनुभव गर्न सकिन्छ । त्यसलाई पनि शुद्धतम मात्र मानेर छोडेमा प्रकाशरूपी आत्माको दर्शन पाइन्छ, जो द्रष्टा हो । यो आत्माको दर्शनमा अनन्त प्रकाश मात्र शेष रहन्छ । यसरी अन्तस्करणको अनुभवका लागि अन्तरयात्रा गरेमा अन्तस्करण शुद्ध रहेको अनुभूति गर्न सकिन्छ । हामीलाई बाहिर शरीररूपी फोहरको मात्र जानकारी हुँदा शुद्धिलाई बुझ्न सकेका छैनौँ । त्यसैले साङ्ख्य भन्छ- भित्रको यात्रा गरेपछि अन्तस्करण शुद्ध छ भन्ने थाहा हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जब अन्तस्करणको शुद्धिलाई जानिन्छ, त्यसै समय चित्तका सम्पूर्ण विक्षेप तत्काल समाप्त हुन्छन् । एउटा व्यक्तिले गहिरो खाडलबाट आकाशतिर हेरेमा आकाशका बादल र अन्धकारलाई मात्र देख्छ, आकाश देख्न सक्दैन तर एउटा पहाडको टुप्पामा रहेको व्यक्तिले आकाश हेर्दा बादल तल रहेको र आकाश स्वच्छ रहेको देख्दछ । हवाई जहाजबाट यात्रा गर्दा बादल, कुहिरो, हुस्सु तल र हामी माथि हुन्छौं । मनका विक्षेप, विकारहरू त्यही बादलको आवरण वा कुहिरो वा हुस्सु जस्तै हुन् । यी बादलहरूले हाम्रो चित्तमा विक्षेप पैदा गर्छन् किनभने हामी तल खाडलमा बाँचिरहेका छौं । श्रीकृष्ण अन्तस्करणको खोजमा हिँड्न भन्नुहुन्छ जहाँ चित्त बादलभन्दा माथि हुन्छ र अन्तस्करण शुद्ध भएको हुनाले सबै कुराहरू स्वच्छ र विकाररहित हुन्छ । अन्तस्करणसम्म पुग्ने व्यक्तिले शिखरको यात्रा गर्दछ जहाँ सूर्यबाट प्रसारित प्रकाशसँग साक्षात्कार गर्न सक्छ । यो केवल यात्रा हो र शुद्धि प्राप्त गर्नु फल हो ।

*प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।*
*प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥*

**ईश्वरको कृपा प्राप्त गरी त्यसैमा सन्तुष्ट रहने र अन्तस्करण प्रसन्न भएका व्यक्तिका सबै प्रकारका दुख-कष्ट नाश हुन्छन् र त्यस्ता प्रसन्न चित्त भएका व्यक्तिको बुद्धि शीघ्र स्थिर हुन्छ ॥**

*नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।*
*न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥*

**ईश्वरमा एकाग्रता नभएका अर्थात् इन्द्रिय र मनलाई जित्न नसकेका व्यक्तिहरूको बुद्धि न दिव्य र न निश्चयात्मक हुन सक्छ न त मन नै स्थिर हुन्छ । यस्तो अयुक्त मनुष्यको अन्तस्करणमा भावना नै हुँदैन । यस्तो भावना नभएका र अस्थिर मन भएका व्यक्तिहरूले शान्ति प्राप्त गर्दैनन् र शान्तिविना सुख असम्भव छ ॥**

ईश्वरको कृपा प्राप्त गरी त्यसैमा सन्तुष्ट रहने व्यक्तिका लागि संसारका सबै प्रकारका दुख-कष्ट नाश हुन्छन् । यस प्रकारको तृप्त चेतनामा रहने व्यक्तिको बुद्धि शीघ्र स्थिर हुन्छ । जो व्यक्ति कृष्ण भावनामा रहेर भगवान्सँग जोडिएको हुँदैन र जसको ईश्वरमा एकाग्रता हुँदैन त्यो व्यक्तिको न बुद्धि नै दिव्य हुन सक्छ न मन नै स्थिर हुन सक्छ । अस्थिर मन भएका व्यक्तिले शान्ति प्राप्त गर्न सम्भव छैन र शान्तिविना सुख असम्भव छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- युक्त पुरुषलाई शान्ति प्राप्त हुन्छ र अयुक्त पुरुषलाई शान्ति प्राप्त हुँदैन । अयुक्त पुरुषको अन्तस्करणमा भावना र शान्ति हुँदैन । शान्तिविना सुख

प्राप्त हुन सक्तैन । अयुक्त भन्नाले आफूबाट अलग, आफ्नो हुनबाट टाढा एवम् जो आफैँसँग टुटेको छ भन्ने बुझिन्छ । आफूसँग व्यक्ति टुट्न सक्दैन किनभने आफूसँग टुटेर व्यक्ति दुईमा बाँडिन्छ र आफूसँग जोडिन पनि सकिन्न किनभने आफूसँग कसरी जोडिने जो टुटेकै छैन । म आफैँबाट टुटेँ, अलग भएँ भन्नु केवल एउटा भ्रमपूर्ण विचार मात्र हो । व्यक्तिले केवल यस्तो सोच्न मात्र सक्छ र व्यक्ति युक्त र अयुक्त हुनै सक्दैन, केवल यो एउटा विचार मात्र हो । यो त केवल सपनामा एउटै व्यक्ति दुई ठाउँमा पुगे जस्तो हो जो उठेपछि केवल भ्रान्ति मात्र लाग्छ । यो युक्त र अयुक्त सपनाको भाव मात्र हो । युक्त पुरुष त्यो हो जो भ्रान्ति र सपनामा नभई जागिसकेको अवस्थामा अर्थात् जागरणमा हुन्छ साथै उसलाई आफूबाट कहिल्यै अलग नभएको बोध पनि हुन्छ । अयुक्त पुरुषमा भावना हुँदैन; त्यसैले हामीमा भएको भावना कृष्ण भावना होइन । पति-पत्नी, छोरा-छोरी वा बाबु-आमा मर्दा हुने चिच्याहट वा रुवाइ भावना होइन त्यो त संवेदना मात्र हो । यी सबै आफ्ना होइनन् र पराईका छोराछोरी हुन् भन्ने थाहा हुने बित्तिकै रुवाइ बन्द हुन्छ किनभने यो व्यर्थ भावना हो ।

लियो टाल्स्टायले (Leo-Tolstoy) एउटा कथा लेखेका छन्- एकजना जमिनदारका छोरा र बाबुका बिचको सम्बन्ध बिग्रिएपछि छोराले घर छोड्यो । बाबु वृद्ध हुँदै गएकाले छोरालाई फर्किएर आउन भन्यो । छोराले अमुक मितिमा रेलबाट घर आउने सन्देश पठायो । पठाएको समयभन्दा दुई घण्टा अघि नै छोरा आइसकेको थियो । त्यहाँ बस्नका लागि एउटा मात्र धर्मशाला थियो र धर्मशालामा कुनै कोठा खाली थिएन । धर्मशालाका व्यवस्थापकले एक जना गरिब केटो केही क्षण अघि आएर कोठाभित्र बसेको बेहोरा जमिनदारलाई बताए । जमिनदारले उसलाई कोठाबाट निकाल्न र आफूलाई त्यहाँ बस्ने व्यवस्था मिलाइदिन आदेश दिए । व्यवस्थापकले आदेश शिरोपर गरे । रातभरि हिउँ पऱ्यो र कपडाको अभावमा लुगलुग काम्दै केटाले भित्र अलिकति छेउमा बस्न दिन याचना गऱ्यो । तर जमिनदारले आफ्नो निद्रा भङ्ग गरिदिने केटालाई सडकमा फ्याँक्न लगाए । कठ्याङ्ग्रिएर केटाको मृत्यु भयो । उसको खल्तीबाट कागज निकालेर हेर्दा त्यो युवक अरू कोही नभएर जमिनदारकै छोरो भएको प्रमाणित भयो । त्यसपछि जमिनदारले रुँदै छोराको लासलाई लुगा फेराएर कोठामा ल्याए । जीवित व्यक्तिको याचनालाई लत्याउँदै सडकमा फ्याँक्न लगाउने र आफ्नो छोरा भन्ने बित्तिकै कोठामा ल्याउने काम भयो । हाम्रो भावना पनि ठिक यस्तै हुन्छ ।

लियो टाल्स्टायले यो कथा मेरो आत्मकथा पनि हो भनेका छन् । उनले आफ्नी आमालाई निकै भावनाशील महिला ठान्दथे किनभने उनी रङ्गमञ्चमा नाटक हेर्दा रोएर चार पाँचवटा रुमाल भिजाउँथिन् । उनी राजपरिवारकी सदस्य भएकाले उनलाई छवटा घोडाको बग्गी रङ्गमञ्चका अगाडि तयारी अवस्थामा उभिनुपर्थ्यो । त्यहाँ असाध्य हिउँ पर्ने हुनाले एक दुई जना सवारी चलाउने व्यक्तिको बाहिर हिउँमा कुर्दाकुर्दै मृत्यु हुन्थ्यो र उनीहरूलाई फ्याँकेर अर्को चालकको तयारी गरी बग्गी चलाइन्थ्यो । उनी रङ्गमञ्चमा आउने पात्रहरूको अभिनय सम्झेर रोइरहन्थिन् । यो भावना नभई भावनाको धोका हो । भावना त भित्रको सहज भाव हो । एउटा गरिबलाई कोठाबाट निष्काशन गरी सडकमा फ्याल्नु र सवारी चालकलाई मृत सम्झी फ्याँकेर रङ्गमञ्चको स्मरणमा रुनु भावना नभई द्वैत चरित्र हो ।

श्रीकृष्णको भनाइमा भावना त्यो व्यक्तिमा उठ्छ जो आफूसँग संयुक्त हुन्छ । अयुक्तहरू अरूसँग जोडिन्छन् र युक्त सबै आफूसँग जोडिएको हुन्छ । वियुक्त कसैका पति-पत्नी, छोराछोरी, मित्र आदि हुन्छन् तर उसलाई आफू को हो थाहा हुँदैन । अरूको सम्बन्धमा ऊ जोडिएको हुन्छ तर आफूलाई उसले चिन्दैन । भावनाको स्फुरण त आफूसँग जोडिएमा मात्र हुन्छ । अरूसँग जोडिएको व्यक्ति सदा अशान्त हुन्छ र आफूसँग जोडिएको व्यक्ति मात्र शान्त हुन्छ । शान्ति भनेको भित्रको संयुक्तता एवम् आफूसँग सन्तुष्ट हुनु हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानी युक्त भएर शान्ति प्राप्त गर्दछ ।

*इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।*
*तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥*

**जसरी पानीमा हिंड्ने डुँगालाई वायुले हुत्याइदिन्छ, त्यसरी नै विषयहरूमा दौडिने इन्द्रियहरूमध्ये मन जुन इन्द्रियसँगै रहन्छ, त्यो एक इन्द्रियले यो अयुक्त पुरुषको बुद्धिहरण गरिदिन्छ ॥**

*तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।*
*इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥*

**हे महाबाहु ! जसका इन्द्रियहरू आफ्ना विषय-वासनाबाट पूर्णतः नियन्त्रित छन् त्यस्ताको बुद्धिलाई स्थिर बुद्धि मान्नुपर्दछ ॥**

जसरी हावाको झड्काले डुँगालाई डामाडोल बनाइदिन्छ र आँधी-बेहरीको रूप लिएमा डुँगा डुब्न पनि सक्छ, यसैगरी जसको चित्तको शक्ति विषयहरूतिर विक्षिप्त भएर दौडिन्छ, उसको मन आँधी तुफान बन्छ र यस्तो आँधीका कारण स्वयम्को डुँगा डुब्दछ । हे अर्जुन ! जसरी पानीमा हिंड्ने डुँगालाई वायुले हुत्याइदिन्छ, त्यसरी नै विषयहरूमा दौडिने मनरूप इन्द्रियले त्यो अयुक्त पुरुषको बुद्धिहरण गरिदिन्छ । आँधी तुफान आएन भने डुँगा आरामसँग नहल्लीकन तैरिन्छ । यस्तै मनुष्यको मन वासनाको तुफानमा जति दौडिन्छ, त्यति नै उसको विनाश हुने र डुँगा डुब्ने सम्भावना हुन्छ । यो सत्यलाई जानेर जसले विषयहरूतर्फ चित्त दौडाउँदैन, ऊ वासनारहित भएर स्वयम्मा प्रतिष्ठित हुन्छ । यस्ताको बुद्धिलाई स्थिरबुद्धि मान्नुपर्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । ज्ञानी पुरुषमा वासनाको आँधी नै उठ्दैन; त्यसैले उसले वासनालाई रोक्नु नै पर्दैन किनभने वासनाको आँधी हाम्रो सहयोगबाट मात्र उत्पन्न हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो यो वासनारूपी आँधीलाई चलाउँदैन त्यो व्यक्ति वासनारहित हुन्छ र यो आँधीलाई सामना नै नगरी स्वयम्मा प्रतिष्ठित हुन्छ । यसरी जो स्वयम्मा प्रतिष्ठित हुन्छ उसले सबै कुरा प्राप्त गर्दछ ।

*या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।*
*यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥*

**जुन समय सम्पूर्ण प्राणीहरूका लागि रात्रिसमान हुन्छ त्यस्तो समयमा स्थितिप्रज्ञ अर्थात् आत्मसंयमी पुरुष जागृत हुन्छन् र सबै जीवहरू जाग्ने समय त्रिकालदर्शी अर्थात् परमात्माको तत्त्वलाई जान्ने मुनिको लागि रात्रि हुन्छ ॥**

जो सबैका लागि अन्धकाररूपी रात्रि हो त्यो पनि ज्ञानी संयमीका लागि जागरण हो । निद्रा साधारण व्यक्तिका लागि मात्र हो, ज्ञानीका लागि त निद्रा जागरण हो । यस महावाक्यको बहुआयामिक अर्थ छ । यसको शाब्दिक अर्थ जब हामी रातमा सुत्छौं, तब पनि ज्ञानी सुत्दैनन्, ज्ञानी त हामीले विश्राम गरे जस्तै रातमा सुतेर पनि निद्राको वशमा हुँदैनन् । ज्ञानीभित्रको चेतना कहिले सुतेको हुँदैन भन्ने हो ।

बुद्धसँगै सुत्दा कैयौं दिन उहाँ हलचल नगरीकन सुतेको देख्दा आश्चर्य लागेर आनन्दले बुद्धसँग सोधे-हजुर रातमा पनि सुत्नुहुन्न । बुद्धले जवाफ दिनुभयो- जब मैले ज्ञान प्राप्त गरेँ र मेरो अज्ञान हट्यो, तबदेखि मेरो शरीर मात्र सुत्छ तर म सुत्दिनँ । श्रीकृष्ण भन्नुहुन्छ- जो सबैका लागि अँध्यारो निद्रा हो त्यो पनि ज्ञानीका लागि जागरण हो । हामी पनि सुत्दा पूरा सुत्दैनौं ज्ञानको एउटा भाग त नसुतीकन जागरणमा बसेको हुन्छ । राती दश-बिस जना सुतिरहेको बेलामा कसैले राम भनेर बोलायो भने सबैले सुने पनि राम भन्ने व्यक्ति मात्र बोल्छ र बोलाउनुको कारण सोध्छ किनभने उसको चेतनाको एक भाग ऊ सुत्दा पनि जागिरहेको हुन्छ । त्यसैले उसले राम भन्ने नामलाई चिन्दछ । आमा बच्चासँग सुतिरहेकी हुन्छिन् । आँधीबेहेरी र बिजुली चम्के पनि आमा उठ्दिनन् तर बच्चा अलिकति हलचल गऱ्यो भने उनी तत्काल उठ्छिन् । आमाको चेतनाको एक हिस्सा उठिरहेको र बच्चाको विषयमा ध्यान केन्द्रित गरिरहेको

हुन्छ । यो चेतनाको एक हिस्सा जागरण हुने हाम्रो आकस्मिक घटनाका लागि हो र साधारणतया हाम्रो सारा चेतना अन्धकारपूर्ण निद्रामा डुबिरहेको हुन्छ । श्रीकृष्णको पहिलो आयामको अर्थ ज्ञानी वास्तविक निद्रामा पनि जागरणमा हुन्छ भन्ने हो ।

हामी खाँदा, बस्दा, हिँड्दा, बोल्दा होसमा होइन बेहोसीमै हुन्छौं । हामी एउटा काम गर्दा हजारौँ विचारहरूसँगै लिएर बाँच्छौं । महावीरले आफ्ना शिष्यहरूलाई भन्नुभएको छ हिँडडुल गर्दा, उठ्दा, बस्दा, सुत्दा सँधैं जागेर नै गर्नू । जो व्यक्ति जागेर सुत्न सक्छ, त्यस्तो व्यक्तिले आफ्नो मृत्युलाई पनि जागेर देख्न सक्छ । जहाँ कामी व्यक्ति कामवासनामा, मोहको निद्रामा, विषयहरूको निद्रामा र अन्धकारमा डुबिरहेको हुन्छ त्यहाँ ज्ञानी पुरुष जागिरहेको हुन्छ । यो कृष्णले पहिले पनि चर्चा गरिसकेको विषय हो । जागृत व्यक्तिको शिर पछाडि प्रकाशको घेरा (Aura) सधैँ हुन्छ । त्यस्तै भगवान् र सिद्ध व्यक्तिको तस्वीरमा शिरको पछाडि एउटा प्रकाशको घेरा (Aura) सधैं देखिन्छ । जो ज्ञानी आफ्नो प्रकाशका बारेमा जान्दछन्, उनीहरू प्रकाशको अवस्था पनि जान्न सक्छन् । त्यस्तै हामी जस्ता निद्रामा रहने व्यक्तिसँग पनि एउटा अन्धकारको घेरा सधैँ सँगै चल्छ । हाम्रो प्रत्येक कृत्य निद्रामा नै हुन्छ । श्रीकृष्णको भनाइको दोस्रो अर्थ-निद्रामा भएको व्यक्ति जस्तै उही कुराको पुनरावृत्ति जागृत पुरुषले गर्दैन भन्ने हो ।

तेस्रो आयाम निद्रामा हामी जे गर्छौं र जे हुन्छौं, त्यसका बारेमा हामी अनभिज्ञ हुन्छौं । काम गर्दा यसको विचार हुँदैन; काम भएपछि मात्र यो कसरी मबाट भयो भनेर पश्चात्ताप गर्छौं । एउटी स्त्री बेहोसीमै सिंगारपटार गरेर बेढङ्गको कपडा, अनावश्यक आवरणमा सजिएर सडकमा निस्किन्छिन् । उनलाई यसको परिणाम के हुन्छ भन्ने थाहा नै हुँदैन । सडकमा उनलाई धक्का लाग्न सक्छ, मानिसहरूले घुरेर हेर्न सक्छन् भन्ने उनलाई थाहा हुँदैन किनभने उनी निद्रामा तयार भएकी थिइन्, अन्यथा उनलाई धक्का लागेमा त्यो मेरो कारणले हो भन्ने अनुभव हुन सक्थ्यो तर निद्राको कारण उनलाई थाहा नै हुँदैन । संयमी ज्ञानी पुरुष सदा जागृत हुन्छ । जागृत अवस्थामा रहने भएकाले ऊ निद्रामा रहेको व्यक्तिको जस्तो आचरण गर्दैन । उसमा अहङ्कार पनि हुँदैन । निरहङ्कार व्यक्ति सदैव जागरणमा हुन्छ ।

*आपूर्यमाणमचलप्रतिष्ठं-*
*समुद्रमापः प्रविशन्ति यद्वत् ।*
*तद्वत्कामा यं प्रविशन्ति सर्वे*
*स शान्तिमाप्नोति न कामकामी ॥७०॥*

**नित्य परिपूर्ण र अचल रहेको समुद्रमा उसलाई विचलित नगरी जसरी नदीहरू प्रवेश गर्छन् र विलय हुन्छन्, त्यसैगरी दृढ चित्त भएका व्यक्तिका हृदयमा पनि इच्छाहरू नित्य उब्जन्छन् र बिलाउँछन् । स्थिर चित्त भएका व्यक्तिले शान्ति पाउँछन् तर विषयमा लिप्त मानिसले शान्ति पाउँदैनन् ॥**

*विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।*
*निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ॥७१॥*

**जसले भौतिक कामनाहरूलाई त्यागिदिन्छ, जो इच्छाहरूबाट मुक्त छ, जसले ममतालाई त्यागेको छ, जो अहङ्कारशून्य छ र जो स्पृहारहित भएर हिँड्छ त्यसले मात्र वास्तविक शान्ति प्राप्त गर्नसक्छ ॥**

*एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।*
*स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥*

**भौतिक चाहनाबाट मुक्त जीवन नै आध्यात्मिक तथा ईश्वरीय जीवनको मार्ग हो जसलाई प्राप्त गरेपछि मानिस मोहित हुँदैनन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ– हे अर्जुन ! जसरी महासागर अनन्त नदीहरूलाई आफूमा समाहित गरी अलिकति पनि मर्यादा बिर्सिंदैन, परिवर्तित हुँदैन, पहिले जस्तो थियो उस्तै रहन्छ त्यसैगरी ब्राह्मी स्थितिमा भएको व्यक्ति जीवनको सम्पूर्ण भोग अपरिवर्तित रूपले भोग्नुअघि जस्तो थियो भोगपछि पनि उस्तै हुन्छ । जो भोगेर पनि भोक्ता हुँदैन यस्तो व्यक्ति मुक्ति अर्थात् ब्राह्मी अवस्थामा प्राप्त हुन्छ । यस्ता मानिस जीवनको अन्त्यमा पनि ब्राह्मी स्थितिमा स्थित भएर ब्रह्मानन्दलाई प्राप्त गर्छन् ।

अर्जुनको जिज्ञासा मुक्तिको नभएर केवल युद्धबाट बच्ने मात्र थियो । अर्जुनले नसोधे पनि श्रीकृष्ण अर्जुनको जिज्ञासालाई मुक्ति अर्थात् मोक्षको जिज्ञासामा रूपान्तरित गरिदिनुहुन्छ । साधारणतया मनुष्य मोक्षको होइन संशयको नै जिज्ञासा प्रकट गर्छ तर उसको संशयको जिज्ञासाभित्र मोक्षको जिज्ञासा पनि लुकेको हुन्छ, जो व्यक्तिलाई थाहा नै हुँदैन । कुनै व्यक्तिले धन खोज्दा पनि गहिराइमा आन्तरिक दरिद्रतासमेत हटाउन खोजेको हुन्छ । चेष्टा उसको दरिद्र नरहूँ भन्ने हुन्छ । पदलोलुप पनि भित्र आत्महीनता नहोस् भनेर पद खोजिरहेको हुन्छ । खोज्न चाहिँ गलत ठाउँमा खोजिरहेको हुन्छ तर आत्महीनताबाट मुक्ति नै खोजिरहेको हुन्छ । अर्जुनजस्तो व्यक्ति युद्धबाट भाग्न चाहन्छन् जो गहिराइमा चिन्ता, पीडाबाट भाग्न खोजिरहेका छन् ।

श्रीकृष्णले तिम्रो मुक्तिको जिज्ञासा भनेर अर्जुनलाई गलत दिशामा होइन, सही दिशामा मुक्तिको खोज गर्न सुझाव दिनुहुन्छ । उहाँ भन्नुहुन्छ- महासागर जहाँ अनन्त नदीहरू आउँछन् र जान्छन् तर त्यसले महासागरलाई कुनै स्पर्श गर्दैन, त्यस्तै भयौ भने तिमी ब्राह्मी स्थितिमा प्राप्त हुने छौ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी महासागर जस्तै बन जहाँ जति नदीका जल थपिँदा र नथपिँदा पनि समुद्रको जल वा गहिराइमा कुनै फरक पर्दैन । ऊ निश्चल रूपमा आफ्नो स्थितिमा रहन्छ । तिमी पनि तिम्रो जुन खोज एवम् ध्येय छ, त्यसलाई सही दिशामा खोज । यसो गर्दा तिम्रो अवस्था ब्राह्मी वा ब्रह्म जस्तैहुने छ । जहाँ ‘म’ समाप्त भएर ब्रह्म मात्र रहन्छ त्यहाँ कुनै चिन्ता र पीडा रहँदैन किनभने सम्पूर्ण चिन्ता, पीडा ‘म’ सँग मात्र हुन्छ । सारा दुख ‘म’ को सृजना हो । अहङ्कारको विर्सजन भएमा त्यहाँ दुख पनि रहँदैन साथै त्यहाँ मृत्यु पनि हुन्न किनभने मृत्यु त केवल ‘मेरो’ मात्र हुन्छ । ‘म’ मात्र जन्मन्छ, ब्रह्मको जन्म र मृत्यु हुँदैन केवल ब्रह्म मात्र हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले भौतिक कामनाहरू त्यागिदिन्छ, जो इच्छाहरूबाट मुक्त छ, ममतालाई त्यागेको छ, जो अहङ्कार शुन्य र स्पृहारहित भएर हिँड्छ त्यसले वास्तविक शान्ति प्राप्त हुन्छ र ऊ मोहित हुँदैन । अर्जुनको विषादले भरिएको चित्तबाट सुरु भएको गीताको दोस्रो अध्यायमा भगवान् श्रीकृष्णले साङ्ख्ययोगको चर्चाका साथै ब्राह्मी स्थिति जहाँ आनन्द मात्र छ, त्यसको चर्चा गर्नुभएको छ । अर्जुन जस्तो व्यक्ति विषादमा उपलब्ध हुनु संसारका लागि अहोभाग्य हो किनभने यस्तो सत्पात्रमा भएको विषादको अवस्थाबाट नै ज्ञान सिकेर हरेक मानिस शिखरमा पुग्न सक्छ । अर्जुन आफूमा उत्पन्न विषादको औषधि खोज्न यदि मनोवैज्ञानिककहाँ पुगेका भए उनलाई मनोवैज्ञानिकले समायोजन गराउँथे र भन्थे- युद्धमा सामान्यतः हरेकलाई यस्तै विषादको अनुभूति हुन्छ तर श्रीकृष्ण जो महान् मनोचिकित्सक हुनुहुन्छ, उहाँले अर्जुनलाई समायोजन होइन, उनको विषादलाई सिर्जनात्मक उपयोग गर्नुभयो र उनलाई माथि शिखरमा लैजाने प्रयास गर्नुभयो । ज्ञानले सदैव अभिशापलाई वरदान तुल्याउँछ । अर्जुनभित्र विकसित जो अभिशाप थियो श्रीकृष्णले त्यसलाई वरदान बनाउने चेष्टा गर्नुभयो । उनको दुखको पनि सिर्जनात्मक उपयोग गर्नुभयो । त्यसैले श्रीकृष्णको मनोविज्ञान सिर्जनात्मक मनोविज्ञान हो ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे साङ्ख्ययोगो नाम*
*द्वितीयोऽध्यायः ॥२॥*





*ॐ श्रीपरमात्मने नमः*

तेस्रो अध्याय

## कर्मयोगः

*अर्जुन उवाच*
*ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।*
*तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥*

**अर्जुनले भने- हे जनार्दन ! हजुरका विचारमा यदि सकाम कर्मभन्दा बुद्धियोग नै उत्तम हो भने मलाई यो घोर अन्धकार (युद्ध) मा अर्थात् सकाम कर्मतिर लगाउन किन चाहनुहुन्छ ?**

श्रीकृष्णले अर्जुनलाई यसभन्दा पहिले साङ्ख्ययोगका बारेमा बताउनुभएको थियो । साङ्ख्यका अनुसार जे पाउनुपर्ने छ त्यो पाइएकै छ, जे जान्नुपर्ने छ त्यो पनि जानिएकै छ र चैतन्यलाई हामीले कहिल्यै हराएका छैनौं किनभने त्यही नै हाम्रो स्वरूप हो । जीवनको सत्य कर्मले पाइन्छ भने त्यो हामीलाई आज प्राप्त हुँदैन, कर्म गरेपछि मात्र प्राप्त हुन्छ । कर्मले सत्य प्राप्त हुने हो भने त्यो हाम्रो स्वभाव हुँदैन। सत्य कर्म गरेर प्राप्त हुने वस्तु होइन । जीवनको सत्य सदैव उपलब्ध छ र हामीले चाहेर पनि त्यसलाई हटाउन सक्दैनौं किनभने त्यो हाम्रो प्राण हो । हामीलाई सत्यको विस्मृति मात्र भएको छ । त्यो हामीसँग सदा विद्यमान भए पनि त्यसलाई अनुभव गर्न सकिरहेका छैनौं । हामीले ढोका बन्द गरेका कारण सूर्यको प्रकाशभित्र छिर्न नसकेको हो । त्यो प्रकाश पाउन हामीले केवल ढोका खोले मात्र पुग्छ । अर्जुन सोध्दै छन्- यदि जे जान्नयोग्य छ, त्यो जानिएकै छ र जीवनको मुक्ति यदि ज्ञानमा नै निर्भर छ भने हजुर मलाई किन भयङ्कर कर्ममा धकेल्दै हुनुहुन्छ ।

श्रीकृष्णले अर्जुनलाई साङ्ख्यको दृष्टि सम्झाउँदा पनि अर्जुनले त्यसलाई बुझ्न नसकेर नयाँ प्रश्नहरू सोध्दै छन् । संसारमा मनुष्य जातिले जानेका निष्ठाहरूलाई साङ्ख्य र योग दुई भागमा विभक्त गर्न सकिन्छ। साङ्ख्यको निष्ठामा सत्य केवल ज्ञानले मात्र जान्न सकिन्छ । त्यसका लागि कुनै कृत्य, कर्म तथा प्रयास वा साधनाको आवश्यकता छैन । हामीले केही हराएका छैनौं, केवल स्मृति मात्र गुमाएका छौं; त्यसैले पुनः सम्झनु नै पर्याप्त हुन्छ । योगको मान्यतामा केही कृत्य वा साधना नगरी सत्य प्राप्त हुँदैन त्यसैले कुनै न कुनै कर्मको आवश्यकता हुन्छ । तसर्थ अज्ञानता हटाउन पनि कुनै कर्म गर्नु नै पर्छ । योगका अनुसार हामी अन्धकारमा हुनुको साथै सिक्रीले पनि बाँधिएका छौं र त्यो सिक्री नकाटेसम्म स्वतन्त्रता प्राप्त हुन सक्दैन। साङ्ख्यले अज्ञान अँध्यारो जस्तो छ जो बत्ती बालेपछि तत्काल प्रकाशमय हुन्छ भन्दछ तर योगले अज्ञानको पनि अस्तित्व छ जसलाई काट्नुपर्छ, दियो बालेर मात्र हटाउन सकिन्न भन्दछ । श्रीकृष्णले अर्जुनलाई दोस्रो अध्यायमा साङ्ख्यनिष्ठाका बारेमा बताउँदै ज्ञान नै पर्याप्त छ एवम् ज्ञान परम र अन्तिम सत्य हो भन्नुभएको छ । सोक्रेटिजले पनि ज्ञान नै चरित्र हो, जान्नु नै पर्याप्त हुन्छ, केही गरिरहनु आवश्यक छैन र जानेपछि हामी मुक्त हुन्छौं भनेका छन् । गलतलाई गलत जान्नेबित्तिकै त्यो तत्काल समाप्त हुन्छ । ज्ञान आफूमा पूर्ण छ र कुनै कर्मको आवश्यकता छैन भन्ने साङ्ख्यको धारणा रहेको छ ।

अर्जुन सोधिरहेका छन्- हे भगवन् ! यदि ज्ञान पर्याप्त छ वा जान्नु नै पर्याप्त छ भने मलाई यो भयङ्कर कर्ममा किन उत्रिन बाध्य पार्दै हुनुहुन्छ । अर्जुनले साङ्ख्यका प्रस्थापनाहरूलाई बुझेर ज्ञानको पर्याप्तताका बारेमा भनेका होइनन् बरु उनी युद्धबाट भाग्न चाहन्छन् । त्यसैले उनले श्रीकृष्णको भनाइका आडमा भाग्ने तर्क पाएका छन् । हामीहरू आफूले गर्ने प्रत्येक काममा त्यसको आधार प्रमाणित गरेर

तर्कबाट पुष्टि गर्न खोज्छौँ । अर्जुनलाई ज्ञानका सम्बन्धमा कुनै आकर्षण भएको छैन । उनी त केवल युद्धबाट भयभीत भएर त्यसबाट भाग्ने बाटो खोज्दै छन् तर डरका कारण भाग्न खोजेको कुरा मान्न तयार छैनन् । तसर्थ त्यसमाथि तर्क गर्न खोज्दै छन् । ज्ञानप्राप्तिका लागि अर्जुनले यो भनेका भए श्रीकृष्ण तत्काल उनीसँग सहमत हुनुहुन्थ्यो तर श्रीकृष्णले बुझ्नुभएको छ- अर्जुनको जोड ज्ञान पाउनमा होइन, युद्धबाट भाग्नमा छ। अर्जुनको भनाइले हामीहरू सबैको प्रतिनिधित्व गरेको छ किनभने हामीहरू सबै आफ्नो भनाइलाई कुनै न कुनै तर्कले पुष्टि गर्न खोज्छौँ ।

फ्रायडले यस सम्बन्धमा आफ्नो खोजमा भनेका छन्- मनुष्यमा इच्छा पहिले अनि तर्क सदैव पछि अर्थात् वासना पहिले र दर्शन पछि आउँछ । त्यसैले त मानिस जे गर्न चाहन्छ त्यसका लागि तर्कको खोजी गर्छ। उसलाई शोषण, चोरी, हत्या, व्यभिचार जे गर्नुपरे पनि त्यसका लागि तर्कको आधार खोज्छ। त्यसैले फ्रायडका विचारमा मानिस तार्किक र बुद्धिमान् छैन केवल बुद्धिजीवी जस्तो मात्र देखिन्छ । साङ्ख्यको दृष्टि अर्जुनलाई ठिक लागेको भए ज्ञान नै पर्याप्त छ भनेर उनी प्रश्न नसोधी श्रीकृष्णलाई वन्दना गरेर युद्ध त्याग्दै सत्यको खोजमा निस्कन्थे । उनले बुझेर यो भनेका भए श्रीकृष्णले उनलाई रोक्नुहुने थिएन तर अर्जुनलाई साङ्ख्यको ज्ञान नै पर्याप्त हो भन्ने सूत्र पलायनका लागि माध्यम बनेको छ । यथार्थमा उनलाई ज्ञानसँग केही लिनु दिनु छैन । साङ्ख्यको निष्ठा परम निष्ठा हो किनभने यदि ज्ञान प्राप्त भयो भने जीवनमा अरू केही गर्न बाँकी रहँदैन ।

अर्जुनलाई यदि ज्ञान प्राप्त भएको भए अब युद्ध भयङ्कर झन्झट नलागेर खेलजस्तै लाग्ने थियो। युद्ध गर्नु परमात्माले उनलाई दिएको जिम्मेवारीपूर्ण नियति हुने थियो । अर्जुनलाई ज्ञान भएको भए उनले गरेका कर्म लीला हुने थिए र उनी एउटा अभिनेता मात्र हुने थिए । तर उनलाई ज्ञान भएको छैन। त्यसैले श्रीकृष्णले ज्ञानोपदेशलाई अझै निरन्तरता दिनुपर्ने भएको छ । अर्जुन सत्पात्र भइदिएका भए श्रीकृष्णको ज्ञानोपदेश गीताको दोस्रो अध्यायमा नै समाप्त हुन्थ्यो तर अर्जुनको पात्रता सिद्ध भएन । अब श्रीकृष्णले श्रेष्ठभन्दा तल ओर्लिएर उपदेश गर्नुपर्ने हुन्छ किनभने अर्जुन जहाँ थिए, पुनः त्यही फिर्ता भए । ज्ञानमा कुनै प्रश्न नै उठ्दैन किनभने ज्ञान प्रश्नरहित मौन तथा शून्य हुन्छ । साङ्ख्यले कर्म स्वप्नभन्दा बढ्ता होइन भन्दछ तर त्यसले अर्जुनमा स्मृति पैदा गर्न सकेन । तसर्थ उनी अझै प्रश्न गरिरहेका छन् । यस जगत्मा व्यक्ति एकथरी साङ्ख्यमा र अर्कोथरी निष्काम कर्मयोगमा निष्ठारत छन् र दुवै निष्ठामा रहेका व्यक्तिहरू आ-आफ्ना मार्गबाट मुक्त हुन सक्छन्। कार्ल गुस्ताफ जुङ्गले पनि मानिसलाई अन्तर्मुखी र बहिर्मुखी गरी दुई वर्गमा विभाजित गरेका छन् । अन्तर्मुखी व्यक्तिका लागि साङ्ख्य उपयुक्त हुन्छ भने बहिर्मुखी व्यक्तिका लागि निष्काम कर्मयोग उपयुक्त हुन्छ । यो मनुष्यका दुई वर्गको आम भेद हो तर कुनै पनि व्यक्ति पूर्ण अन्तर्मुखी वा पूर्ण बहिर्मुखी हुन सक्दैनन् ।

अर्जुन बहिर्मुखी व्यक्ति हुन् । त्यसैले उनलाई साङ्ख्यको निष्ठाले प्रभावित तुल्याउन सकेन । उनी विशुद्ध क्षत्रिय हुन् तर प्रश्न ब्राह्मणको जस्तो गर्दै छन् । युद्धको मैदानमा पनि गुरुकुलमा जस्तै प्रश्न सोध्दै छन् । त्यसैले श्रीकृष्णले बडो अन्तर्दृष्टिका कुरा अर्जुनलाई भन्नुभयो- यदि तिमीलाई साँच्चै नै ब्राह्मणको जस्तो ज्ञान पैदा भइसकेको भए साङ्ख्यको दृष्टि तिम्रा लागि पर्याप्त हुने थियो यसैले यस्तो पलायन हुन चाहने दृष्टिकोण तिमीलाई सुहाउँदैन । साङ्ख्यको धारणा अर्जुनले नबुझेका कारणले दोस्रो अध्यायमा श्रीकृष्णले भनेका कुरा सबै व्यर्थ भए । अर्जुनलाई बुझाउन सकिएला भनेर श्रीकृष्ण अब एक-एक सिँढी तल ओर्लिएर कुरा गर्नुहुन्छ । यस अगिका साङ्ख्यका कुरा अर्जुनका लागि व्यर्थ भए । गीता एउटा अद्भुत ग्रन्थ हो जो अरू ग्रन्थभन्दा भिन्न र विशिष्ट छ किनभने गीतामा श्रीकृष्णले मनुष्य जातिलाई मुक्ति प्राप्त गर्न सक्ने सम्पूर्ण मार्गहरूको निर्देश गर्नुभएको छ । श्रीकृष्णले प्रत्येक मार्गलाई पूर्णतामा आत्मसात् गरेर

त्यसलाई समग्रतामा बताउनुभएको छ । अर्जुनलाई माध्यम बनाएर श्रीकृष्णले प्रत्येक मनुष्यका निम्ति मुक्तिको द्वार खोलिदिनुभएको छ ।

गीतालाई विभिन्न व्यक्तिहरूले आ-आफ्ना ढङ्गबाट चित्रण गर्ने प्रयत्न गरेका छन् र आफ्नो मार्ग श्रेष्ठ हो भनी स्थापित पनि गरेका छन् । भक्तिमार्गका व्यक्तिले पूरा गीतालाई भक्तिले भरिदिएका छन् । विशेष गरी रामानुज, वल्लभ, निम्बार्क आदिका गीताका भाष्य र टीकाहरूमा भक्तिको प्रधानता उल्लेख गरिएको छ । उता आदिशङ्कराचार्यजस्ता ज्ञानीहरूले ज्ञान निकालेर पूरा गीतामा ज्ञानको प्रधानताको चर्चा गरेका छन् । त्यस्तै लोकमान्य तिलकजस्ता कर्मवादीहरूले कर्मलाई निकालेर पूरा गीतालाई कर्ममय बनाउने प्रयास गरेका छन् । तर कसैले पनि गीता समस्त मार्गहरूको स्रोत हो भन्ने कुरा बुझ्न सकेका छैनन् । श्रीकृष्ण जुन मार्गको वर्णन गर्नुहुन्छ त्यही मार्ग परम हो भन्नुहुन्छ । साङ्ख्य अर्जुनका निम्ति व्यर्थ सिद्ध भयो । उहाँ अब अर्को मार्गको कुरा गर्नुहुन्छ र पुनः त्यस मार्गलाई परम उत्कृष्ट भन्नुहुन्छ । श्रीकृष्ण कसैका लागि यो ठिक कसैका लागि अर्को ठिक भन्नुहुन्न किनभने अर्जुन पूरा अनिश्चयको मानसिकतामा छन् । उनलाई दुवै ठिक भनियो भने उनको अनिश्चितता झन् प्रगाढ हुने छ । त्यसैले प्रत्येक निष्ठा पूर्ण रूपमा अर्जुनको बुद्धिमा उत्रिन सकोस् भनेर श्रीकृष्णले विभिन्न मार्गहरूका बारेमा निश्चयपूर्वक भन्नुभएको हो ।

सत्यसम्म पुग्न सक्ने सबै मार्गहरूका बारेमा श्रीकृष्णले अर्जुनलाई बताउनुभएको छ । उहाँ भन्नुहुन्छ- जुन व्यक्तिलाई जे ठिक हो त्यो त्यस व्यक्तिका लागि परम रूपमा ठिक हो, बाँकी उसका लागि गलत हो । यो कुनै मार्गको अर्को मार्गसँग तुलना होइन । जुन मार्ग जसलाई उपयुक्त हुन्छ उसका लागि त्यही मार्ग श्रेष्ठ हुन्छ । आफ्नो स्वभाव अनुसारको मार्ग नै उपयुक्त हुन्छ । गीता भगवान्को वचन गीतगोविन्द यसकारण हुनसक्यो कि प्रतिपल श्रीकृष्णले जे भन्नुभयो त्यससँग श्रीकृष्ण पूर्ण रूपले एकात्म हुनुभयो । साङ्ख्यको कुरा गर्दा उहाँ साङ्ख्यप्रति नै निष्ठावान् हुनुभयो । अब कर्मको कुरा गर्दा उहाँ कर्मयोगी हुनुहुने छ, भक्तिको कुरामा उहाँ महान् भक्त हुनुहुने छ । गीताको कुनै पनि अध्याय अर्को अध्यायसँग र कुनै पनि निष्ठा अर्को निष्ठासँग तुलनीय होइन । यो त व्यक्तिका प्रकार वा स्वभाव बमोजिम जुन निष्ठाले चित्त सन्तुष्ट गराउँछ त्यो व्यक्तिका लागि त्यही मार्ग श्रेष्ठकर हुन्छ । अन्तर्मुखी व्यक्तिले शून्यमा अन्तिम रूप प्राप्त गर्दछ भने बहिर्मुखी व्यक्तिले पूर्णतामा अन्तिम रूप प्राप्त गर्दछ । अन्ततः शून्य र पुण्य दुवै एकै अर्थ राख्छन् ।

*व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।*
*तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥*

**"युद्ध गर । कर्म गर्नमा मात्र तिम्रो अधिकार छ सकाम कर्मभन्दा बुद्धियोग श्रेष्ठ छ" भन्ने जस्ता हजुरका अनेकौँ अर्थ लाग्ने वाक्य वा दुबिधायुक्त भनाइले मेरो बुद्धि अलमलियो; अझ भनूँ म भ्रममा परेँ । यसर्थ जुन कुराले मेरो वास्तविक कल्याण हुन्छ त्यही कुरा निश्चय गरेर मलाई भन्नुहोस् ॥**

अर्जुन एउटा कल्याणकारी मार्ग निश्चित गरेर मलाई बताउनुहोस् ताकि सबै बन्धनबाट मुक्त हुन सकूँ भनी श्रीकृष्णसँग अनुरोध गर्दै छन् । कृष्णले पूर्ण निश्चयका साथ साङ्ख्यनिष्ठाका बारेमा बताउनु भए पनि अर्जुनको अनिश्चय मेटिन सकेन । अर्जुनको व्यक्तित्वसँग साङ्ख्यको तालमेल हुन सकेन । भित्र बन्धनमा रहेको वा विचलित चित्तले निश्चयभन्दा पनि अनिश्चयको खोजी गर्छ । जबसम्म चित्त स्थिर हुँदैन तबसम्म निश्चय प्राप्त हुन सक्दैन । कृष्णको निश्चित वचनमा पनि अर्जुन अझ निश्चित मार्ग खोज्दै छन् । चित्त निश्चित हुन सक्दैन भन्ने कुराको भान उनलाई हुन सकेको छैन । चित्त वा सिद्धान्त होइन चेतना निश्चित हुन्छ भन्ने कुरा उनले बुझेका छैनन् । अर्जुन हामी सबैको मनका प्रतीक हुन् । अनिश्चित मनबाट निश्चय पाउनै सकिँदैन । कृष्णजस्ता निश्चित विचार प्रकट गर्ने व्यक्ति अर्जुनले पाउन

सक्दैनन् । तर पनि उनी युद्ध गर कर्म गर्नमा मात्र तिम्रो अधिकार छ सकाम कर्मभन्दा बुद्धियोग श्रेष्ठ छ भन्ने जस्ता अनेकौं अर्थ लाग्ने दुबिधायुक्त भनाइले मेरो बुद्धि अलमलियो । तसर्थ मेरो कल्याणका लागि कुन मार्ग श्रेष्ठ छ, निश्चयपूर्वक बताउनुहोस् भनी सोध्दछन् । अर्जुनले हामी सबैलाई कृपा गरेका छन् किनभने उनले हाम्रा प्रश्नहरू उठाएका छन् र कृष्णले ती प्रश्नलाई सम्बोधन गर्दै जानुभएको छ । विभिन्न स्वधर्ममा निष्ठावान् व्यक्तिहरूको कल्याणका लागि पनि श्रीकृष्णका वचनहरू सार्थक हुने छन् । श्रीकृष्णलाई कसैले हृदयदेखि नै पुकारेमा उहाँ सबैको उद्धारका लागि कृपापूर्वक वचन प्रदान गर्नु हुने छ ।

*श्रीभगवानुवाच*

*लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।*
*ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् ॥३॥*

**भगवान्ले भन्नुभयो हे निष्पाप ! यस लोकमा दुई प्रकारको निष्ठा मैले पहिले भनेको छु । तीमध्ये साङ्ख्य योगीहरूको निष्ठाले ज्ञानयोग र कर्मयोगीहरूको निष्ठाले कर्मयोग हुन्छ ॥**

श्रीकृष्ण अर्जुनलाई निष्पाप भनी सम्बोधन गर्नुहुन्छ । यो मनोवैज्ञानिक सम्बोधन हो । मनोविज्ञानका अनुसार चित्तमा जति पाप, अपराध, हीनता हुन्छ त्यति नै अनिर्णय पैदा हुन्छ । पापीको चित्त अनिर्णयले भरिएको हुन्छ । कृष्ण अर्जुनलाई आश्वस्त तुल्याउन चाहनुहुन्छ । त्यसैले निष्पाप भनी सम्बोधन गर्नुहुन्छ । मनुष्यलाई पापले कम सताउँछ, बरु मैले पाप गरें भन्ने भावले बढी सताउँछ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे निष्पाप अर्जुन ! यस लोकमा दुई प्रकारका निष्ठाहरू हुन्छन् । साङ्ख्य योगीहरूको निष्ठाले ज्ञानयोग र कर्मयोगीहरूको निष्ठाले कर्मयोग हुन्छ ।

जिसस भन्नुहुन्छ- जसले आफ्नो पाप स्वीकार गर्छ त्यो व्यक्ति पापबाट मुक्त हुन्छ । हामी पाप लुकाउन चाहन्छौं तर जसले प्रकट गऱ्यो त्यो पाप मुक्त हुन्छ । उहाँले पापलाई स्वीकार गर्ने बित्तिकै पापबाट मुक्त हुने मनोवैज्ञानिक प्रक्रिया दिनुभयो । पाप व्यक्त गर्दा मुक्त भइन्छ भन्ने विश्वास व्यक्तिमा जगाउन सकियो भने भविष्यमा पाप गर्ने सम्भावना क्षीण हुन्छ । यदि चोरलाई पनि चारैतिरबाट वास्तवमा तिमी चोर होइनौ भन्ने भावना प्रदान गर्न सकियो भने उसको चोर हुने सम्भावना हट्छ । हामी हिन्दूहरू गङ्गामा नुहाएपछि सबै पापबाट मुक्त होइन्छ भन्ने विश्वास गर्छौं । गङ्गाको पानीले पाप पखालिने होइन बरु यसमा एउटा मनोवैज्ञानिक सत्य छ । कुनै मानिसले पाप पखाल्न गङ्गामा श्रद्धापूर्वक स्नान गऱ्यो भने उसलाई पुनः पाप गर्न गाह्रो हुन्छ । गङ्गाले त केही गर्ने होइन, तर निष्ठापूर्वक निष्पाप हुन्छु भनेर नुहाएमा उसको मनस्थिति परिवर्तन हुन सक्छ । निष्पाप हुने भावले निश्चितततामा पुऱ्याउँछ । श्रीकृष्णजस्तो व्यक्तिबाट जब निष्पाप भनेर अर्जुनलाई सम्बोधन गरियो, त्यतिखेर सायद अर्जुनलाई गङ्गामा स्नान गरेको अनुभूति भयो होला । कृष्णजस्तो व्यक्तिले शब्दमा होइन, पूर्णतामा सम्बोधन गर्नुहुन्छ । यो सुनेर अर्जुन निश्चिन्त भएको हुनुपर्छ । कृष्ण फेरि अर्जुनलाई पहिले झैं साङ्ख्ययोग (ज्ञानयोग) र निष्काम कर्मयोग दुई प्रकारका निष्ठा भएको बताउनुहुन्छ ।

*न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।*
*न च सन्न्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥*

**मानिसले निर्दिष्ट कर्म सम्पादन नगर्नाले न कर्मफलबाट मुक्ति पाउँछ, न त कर्म र सन्न्यास त्यागद्वारा पूर्ण सिद्धि प्राप्त गर्न सक्छ ॥**

कर्म नगर्नाले मानिस निष्काम कर्मयोगी हुन सक्दैन एवम् कर्मलाई त्याग गर्नाले भगवत् साक्षात्कार पनि हुन सक्दैन । श्रीकृष्ण बडो अद्‌भुत कुरा भन्नुहुन्छ- कर्मलाई छाडेर भाग्नाले कोही निष्कर्मतामा उपलब्ध हुन सक्दैन किनभने निष्काम कर्मयोग भनेको कर्मको अभाव होइन । मनुष्यले निर्दिष्ट कर्म सम्पादन नगर्नाले न कर्म फलबाट मुक्ति पाउँछ, न त कर्म सन्न्यास त्यागद्वारा पूर्ण सिद्धि

प्राप्त गर्न सक्छ । हाम्रा सन्न्यासीहरू जो घर छोडेर वा कर्म नगरी बस्ने प्रवृत्तिका छन् तिनीहरूलाई यस वचनबाट ठुलो आघात पुग्न सक्छ । कर्मलाई छोडेर भाग्नाले निष्काम कर्म फलित हुन सक्दैन । कर्म नगर्नुलाई नै हामी निष्कर्म भन्छौँ अर्थात् हामीले निष्क्रियतालाई निष्कर्म मानिरहेका छौँ । यदि निष्क्रियता नै निष्काम कर्म हो भने ज्यादै अल्छी पनि निष्काम कर्मयोगमा उपलब्ध हुन सक्थे । मुर्दाहरू पनि निष्काम कर्ममा उपलब्ध हुन्थे र ढुङ्गाहरू त झन् परमात्माको साक्षात्कारमा नै हुन्थे होला ।

कर्तारहित कर्म निष्काम कर्म हो । कर्म जसभित्र गर्नेवाला विद्यमान छैन, त्यो कर्म निष्काम कर्म हो । निष्काम कर्म कर्मको अभाव होइन, कर्तापनको अभाव हो । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यदि तिमीले कर्ताको भाव कर्मबाट छोड्छौ भने तिम्रा कुनै पनि कर्म कर्म रहँदैनन् । यदि तिमी “म कर्ता हुँ” भनेर मान्छौ र युद्धबाट भागेर गयौ भने पनि तिम्रो कर्म निष्काम कर्म हुँदैन । त्यसैले कर्तापन विद्यमान छ भने भाग्नु, त्याग्नु दुवै कर्म हुन् । कर्तापन छैन भने जुनसुकै कर्म पनि निष्काम कर्म बन्छन् । कर्तापन नरहने बित्तिकै कर्ता परमात्मा हुन्छ । कर्तातत्त्व नहुने बित्तिकै कर्म त हुन्छ तर फलाकाङ्क्षाको विक्षिप्तता हुँदैन र सफलता- असफलताको चिन्ता पनि रहँदैन । यस्तो कर्म फूलजस्तो आनन्ददायी भएर निर्भार हुन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी कर्म छोडेर भाग्न खोजिरहेका छौ, यदि भागेर गयौ भने पनि तिमीलाई निष्काम कर्म फलित हुन सक्दैन । निर्दिष्ट कर्मलाई त्यागेर वा संसारलाई त्यागेर परमात्माको साक्षात्कार हुन्छ भन्ने सोच गलत हो । मैले यो त्यागें भन्नुको अर्थ यसमा मेरो अधिकार थियो भन्ने हो । यति छुद्र कुराको त्यागबाट परमात्मा साक्षात्कार गर्न खोज्नु मूर्खता हो । श्रीकृष्ण भन्नुहुन्छ- कर्म वा संसारको त्यागले परमात्मा प्राप्त हुँदैन बरु परमात्माको साक्षात्कार भयो भने त्याग फलित हुन्छ । विराट्लाई जानेपछि छुद्र कसले समात्न खोज्छ र ! श्रीकृष्ण निश्चयात्मक रूपमा भन्नुहुन्छ- कर्मबाट भाग्न वा छुट्न सकिँदैन किनभने सन्न्यासीले पनि त कर्म गर्नैपर्छ, घर छोडेर आश्रम बनाउनै पर्छ । कर्मबाट भाग्न निश्चित रूपमा सम्भव छैन र असम्भव चाहनाले पाखण्डी मात्र बनाउँछ ।

तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- कर्म जारी राख र कर्तापन छोड । तिमी जसलाई म मार्छु भनेर ठानिरहेका छौ, तिनीहरू त पहिले नै मारिइसकेका छन् । तिमी जसलाई “म मार्छु वा मार्दिनँ” भन्छौ उनीहरू सबै तिमीले नमारे पनि अवश्य मर्ने छन् । त्यसैले तिमी म मार्नेवाला वा गर्नेवाला हुँ भन्ने सोच छोड । अर्जुनभित्र म मार्नेवाला हुँ भन्ने सोच छ । म सहभागी भइनँ भने युद्ध रोकिन्छ भन्ने अर्जुनको सोच छ तर त्यो सत्य होइन किनभने युद्ध अनन्त कारणमा निर्भर हुन्छ । भाग्न खोज्नु अर्जुनको मूर्खता हो । तिम्रा कारणले यो सबै भइरहेको छ भन्ने सोच त्याग किनभने जगत्मा त्यही हुन्छ जे समष्टिले चाहन्छ । यो सबै विराट्को इच्छाले मात्र हुन्छ । तिमी त केवल माध्यम वा निमित्त मात्र हौ । हामी अनन्तको विशाल धारामा केवल सानो तृण हौं । तिमी कर्ता होइनौं; यो जानेर कर्म गर। परमात्मामा समर्पित भएर कर्म गर्‍यौ भने तिमीलाई पापले छुने छैन, तिमी अकर्ता हुने छौ र तिमीमा कुनै प्रकारको बोझ हुने छैन । आध्यात्मिक अर्थमा कर्ताको विचार एक मात्र पाप हो किनभने कर्ता एउटा मात्र छ, त्यो परमात्मा हो । कर्मले चिन्ता ल्याउँदैन, कर्तापनले मात्र चिन्ता ल्याउँछ । अर्जुन आफूलाई निर्णायक मान्दै छन् तर निर्णायक त समष्टि मात्र हुन्छ । परमात्मालाई त्यागबाट होइन समर्पणबाट मात्र पाउन सकिन्छ ।

*न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।*
*कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥*

**कुनै पनि मानिस कुनै पनि कालमा एक क्षण पनि कुनै न कुनै कर्म नगरिरहन सक्दैन किनभने सारा मनुष्य समुदाय प्रकृतिका अवस्थाबाट उत्पन्न गुणहरूको अधीनमा रही उसले विवश भएर कर्म गर्नै पर्दछ ॥**

जीवन कर्म हो र मृत्यु कर्मको अभाव हो । जन्म कर्मको प्रारम्भ हो र मृत्यु कर्मको अन्त्य हो । जीवन र कर्म पर्यायवाची हुन् र जीवनभर कर्मबाट बच्ने कुनै उपाय छैन । बाँच्नका लागि गरिने प्रत्येक

क्रिया कर्म हो । श्वासप्रश्वास लिनु, उठ्नु, बस्नु सबै क्रिया हुन् । घरबाट भागेर जाँदैमा कुनै व्यक्ति कर्मबाट पलायन हुन सक्दैन । गृहस्थहरू एक प्रकारका कर्म गर्छन्, भने सन्न्यासीहरू अर्को प्रकारको कर्म गर्छन् । कर्म छोड्ने प्रयास गर्नु पाखण्ड हो । त्यसर्थ श्रीकृष्ण भन्नुहुन्छ- कुनै पनि मनुष्य एकक्षण पनि कुनै न कुनै कर्म नगरिरहन सक्तैन, उसले प्रकृतिका अवस्थाबाट उत्पन्न गुणहरूको अधीनमा रही कर्म गर्नैपर्छ ।

गीता कण्ठस्थ गर्ने व्यक्तिहरूले पनि यसको गूढ रहस्य वा भाव राम्ररी नबुझेको हुनसक्छन् । वास्तवमा कर्म छोड्न सकिँदैन तथापि सन्न्यासीहरू कर्म छोड्ने प्रयास गर्दछन् जसबाट उनीहरूमा पाखण्डता र निष्क्रियता देखिन्छ । कर्म छोडेर भाग्ने व्यक्तिहरूको कर्मको ऊर्जा अन्यत्र जान थाल्छ । त्यसैले कर्मलाई छोड्ने र भाग्ने प्रयास नगरी कर्तापनलाई छोड्ने कार्य गर्नुपर्छ । हामी 'म' का कारण आफूलाई कर्ता भएको सम्झिन्छौं । अर्जुनमा रहेको 'म' भावका कारण उनी पीडित भएका हुन् । उनी युद्धमा हिंसा हुन्छ, लाखौं योद्धाहरूले प्राण गुमाउँछन् भनेर दुखी वा पीडित भएका होइनन् । बरु उनी त मेरा प्रियजन युद्धमा दुवैतर्फ लड्न आतुर छन् र आफन्त वा मित्रहरूलाई म कसरी मारूँ भन्ने चिन्ताले ग्रस्त भएका हुन् । अरूको मृत्युले पीडा हुँदैन, 'मेरा' को मृत्युमा पीडा हुने हो किनभने 'मेरा' को मृत्युमा व्यक्तिको 'मेरो' को एक भाग पनि मर्छ । जति 'मेरो' को विस्तार हुन्छ, त्यति नै 'म' भाव सघन हुन्छ । यदि 'म' भाव समाप्त भयो भने 'मेरो' भाव पनि समाप्त हुन्छ । अर्जुनको पीडा 'म' र 'मेरा' हुन् । उनी भन्छन्- मेरा आफन्त, मित्र, नातेदारहरूको मृत्यु भयो भने मैले राज्य वैभव प्राप्त गरेर पनि के गर्नु !

उपनिषद्ले भन्छ- कोही पनि कसैका लागि दुखी हुँदैनन्, सबै आफ्ना लागि नै दुखी भएका हुन् । जुन जुन व्यक्तिहरूबाट 'म' लाई सहारा प्राप्त हुन्छ ती ती व्यक्ति आफन्त लाग्छ । जो मेरो 'म' लाई आश्रय दिन्छन् तिनीहरू मित्र र जो त्यसलाई खण्डित गर्न खोज्छन् तिनीहरू शत्रु जस्ता लाग्दछन् । त्यसैले जसको म समाप्त हुन्छ, त्यसका शत्रु र मित्र दुवै समाप्त हुन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- कर्मबाट उन्मुक्त हुन सम्भव छैन, त्यसैले कर्मबाट नभाग । कर्ताको भाव समाप्त हुने बित्तिकै कर्म परमात्माको इच्छाअनुसार चल्छ । व्यक्तिको कुनै दायित्व नरहेपछि ऊ निर्विकार भएर निर्भार हुन्छ । परमात्मामा कर्तापन अर्पण गऱ्यो भने राम्रो-नराम्रो दुवैको दायित्व परमात्माको नै हुन्छ । परमात्मामा कर्तृत्व छोड्ने बित्तिकै सबै अहङ्कार पनि छुट्छ र नराम्रो प्रवृत्ति पनि हट्छ । कर्तापन रहेसम्म कसैले पुण्य गर्न सक्दैन । कर्तापन छुट्ने बित्तिकै पाप पनि हुन सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- नीतिबाट मात्र नसोच । नीति त अहङ्कारबाट नै सञ्चालन हुन्छ । तिमी त निमित्त मात्र हौ त्यसैले सबै मलाई छोड । यदि तिमीले कर्तापन परमात्मामा अर्पण गऱ्यौ भने तिम्रा सारा योजना, कामना, वासना, भविष्य पनि छुट्छन् र आफू पनि रहँदैनौ । स्वयम्लाई परमात्मामा छोड्ने बित्तिकै केही गर्न बाँकी रहँदैन । श्रीकृष्णको सन्देश नैतिक नभएर धार्मिक हो । नैतिक सन्देश त कामचलाउ मात्र हुन्छ । धर्मको सन्देश जीवनको मूल क्रान्ति प्राप्त गर्नसक्ने सन्देश हो । स्वयम्लाई परमात्मामा छोड्ने बित्तिकै राम्रो र नराम्रो दुवै भाव छुट्छ र परमात्मा मात्र शेष रहन्छ ।

*कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।*
*इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥*

**जो मूढ बुद्धि मनुष्य समस्त कर्मेन्द्रियहरूलाई हठपूर्वक अधीनमा राखेर मनले इन्द्रियका विषयहरूको स्मरण गरिरहन्छ भने त्यस्ता मूर्खलाई मिथ्याचारी या दम्भी भनिन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जो मूढ व्यक्ति इन्द्रियलाई हठपूर्वक रोकेर मनमा कामको चिन्तन चलाइरहन्छ, त्यो दम्भ, अहङ्कार र पाखण्डमा रहेर पतित हुन्छ । इन्द्रिय दमन गर्ने व्यक्ति मूढ हो । फ्रायडले यो वचन सुनेका भए उनको धर्मप्रतिको अनास्था वा वितृष्णा हराएर जान्थ्यो होला ! उनीभन्दा पाँच हजार

वर्ष अघि श्रीकृष्णले इन्द्रियलाई दमन गर्ने व्यक्ति पाखण्डी हो भन्नुभएको थियो । फ्रायडले इसाई दमनवादी सन्तहरूका वचन मात्र पढ्न पाए । यस्ता कठोर धार्मिक चिन्तकहरूका आधारमा फ्रायडले धर्मका विरुद्धमा आफ्नो धारणा बनाएर धर्मलाई मानिसको पतनको कारण माने । यदि फ्रायडले श्रीकृष्णको वचन सुन्न पाएका भए उनको धर्मप्रतिको धारणा र कामवासनाप्रतिको खोजमा क्रान्तिकारी परिवर्तन आउँथ्यो होला !

श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रियको दमनले मन दब्दैन, बरु झन् प्रबल हुन्छ । इन्द्रियहरूको त कुनै होस नै हुँदैन वास्तविक कुरा त भित्र लुकेको मनको हो । मनको मागअनुसार इन्द्रियहरू पछिपछि लाग्छन् । मनले जे भन्दछ, इन्द्रिय त्यही गर्छन् । मनले सौन्दर्य हेर भन्यो भने आँखाले त्यही हेर्छ । आँखाको त आफ्नो कुनै इच्छा हुँदैन, यद्यपि इन्द्रियलाई हामी दोष दिन्छौं । जसले इन्द्रियलाई दबाउँछ, त्यसले मनभित्र आफूले चाहेको कुरा विक्षिप्त भएर गर्न थाल्छ । दिनभर जुन कुरा रोकिन्छ, राती त्यसैलाई मनले कैयौं गुणा अधिक रूपमा सपना देख्न थाल्छ । मर्नेबेलासम्म मनले तानाबाना बुन्न छोड्दैन । श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रिय दमन गरेर मनको दमन गर्न सकिँदैन । इन्द्रियलाई जे कार्य गर्नबाट रोकिन्छ, त्यही कृत्य उसले दिनभर गरिरहन्छ ।

मनलाई रूपान्तरण नगरी जो व्यक्ति इन्द्रियलाई मात्र दमन गर्छ त्यो दम्भी हुन्छ । बाहिर मैले इन्द्रिय रोकें, म त तपमा उपलब्ध भएँ भन्ने देखाउँछ तर भित्र भने विपरीत चाल चल्छ । तथाकथित साधुमा ठिक विपरीत अवस्था बाहिर हठपूर्वक इन्द्रियको दमन र भित्र व्यभिचारको पराकाष्ठा पाइन्छ । यो मूढता हो, किनभने जो भित्र चल्छ त्यो मूल्यवान् हो, बाहिरको कुनै महत्त्व छैन । देखावटीपनसँग धर्मको कुनै सम्बन्ध हुँदैन । आध्यात्मको सम्बन्ध त हुनुसँग हुन्छ । बाहिर भोजन खाए पनि केही फरक पर्दैन बरु भित्रबाट उपवासी हुनुपर्छ । जिन्दगी बाहिरबाट बदल्न सकिन्न, भित्रबाट बदल्नुपर्छ । शरीरलाई जति कष्ट दिएर मारे पनि त्यो वासना वा कामना पुनः सूक्ष्म शरीरबाट अनन्तसम्म अर्को शरीरका माध्यमबाट चलि नै रहन्छ । त्यसैले श्रीकृष्ण इन्द्रिय र शरीरलाई दमन गर्ने व्यक्ति पाखण्डी हो भन्नुहुन्छ । यस्ता व्यक्ति दम्भी हुन् । अज्ञानभन्दा पनि पाखण्ड निम्नस्तरको हो । यस्ता व्यक्ति मिथ्या आचरणमा गिर्दछन् । मिथ्याको अर्थ असत्य तर सत्य जस्तो लाग्नु हो । यो मिथ्याभिमानी व्यक्ति अज्ञानीभन्दा तल्लो अवस्थामा हुन्छ । अज्ञानीले त आफूलाई बदल्न सक्छ तर मिथ्याचारीले त्यो पनि गर्न सक्दैन । यस्ता व्यक्ति अस्तव्यस्त भएर आफूभित्र दुई हिस्सामा विभक्त हुन्छन्; मनोविज्ञानका भाषामा यी बहुचित्तवान् (Schizophrenic) मानिन्छन् । यिनीहरू दुई हिस्सामा जीवन बाँच्दछन् । खण्ड-खण्ड स्वविरोधमा बाँच्नु रोगी भएर बाँच्नु हो ।

कर्म र क्रिया गहिराइमा एउटै हो तर बाहिरबाट हेर्दा अलग जस्तो लाग्दछ । व्यक्ति सुतेर निदाए पनि श्वास चलि नै रहन्छ । रगत बनाउने काम जारी रहन्छ । हामीले खाएका कुरालाई तरल बनाउने, पचाउने र बाहिर निकाल्ने काम भई नै रहन्छ । हड्डीहरू निर्मित भई नै रहन्छन् । नयाँ कोषको निर्माण र मृत कोषलाई बाहिर निकाल्ने कार्य भई नै रहन्छ । राती व्यक्ति सुते पनि क्रिया जारी नै रहन्छ । यसो हेर्दा क्रियालाई कर्म कसरी भन्ने जस्तो लाग्छ किनभने त्यहाँ अहङ्कार संलग्न हुँदैन । जुन क्रियामा अहङ्कार संलग्न हुन्छ त्यसलाई कर्म भनिन्छ र जुन क्रियामा अहङ्कार संयुक्त हुँदैन त्यसलाई क्रिया भनिन्छ । गहिराइमा प्रत्येक क्रिया क्रिया मात्र होइन कर्म नै हो । हाम्रो जिजीविषाका कारणले प्रत्येक क्रिया कर्म नै हुन्छ । हाम्रो गहिरोभन्दा गहिरो बेहोसी र निद्रामा पनि जिजीविषा उपस्थित हुन्छ र यसैका कारण सबै क्रियाहरू सञ्चालित हुन्छन् । जिजीविषा समाप्त भएमा क्रियाहरू तत्काल बन्द हुन्छन् । गहिराइमा हाम्रो अचेतनले क्रियाहरूलाई चलाइरहेको हुन्छ तर अचेतनमा अहङ्कार संलग्न नहुँदा यो कर्म नभएर क्रिया भएको हो । त्यसैले क्रिया र कर्ममा भिन्नता बाह्य मात्र हो यथार्थमा क्रिया र कर्म एकै हुन् ।

कोमामा रहेका सिकिस्त बिरामीहरूमा पनि अचेतनमा जिजीविषाले प्राण चलाइरहेको हुन्छ । जिजीविषा परमात्माबाट प्राप्त र सञ्चालन हुन्छ । श्वास लिने क्रियालाई हाम्रो जिम्मामा छोडेको भए हामी दिनमा कैयौंपटक मृत्युवरण गरिसकेका हुन्थ्यौं । त्यसैले जीवनका सँवेदनशील हिस्साहरू परमात्माले आफैंसँग राखेका छन् । जिजीविषा हाम्रो अचेतन मनमा रहन्छ र हाम्रो अचेतन मन एकातिर हामीसँग र अर्कातिर परमात्मासँग जोडिएको हुन्छ । परमात्मा स्रष्टा हो त्यसैले हाम्रो जीवनको प्रत्येक क्षण उनैबाट सञ्चालित छ । हामीसँगै ऊ प्रतिपल छ । हाम्रो जीवनको प्रत्येक प्रक्रिया उसकै प्रक्रिया हो । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी गरिरहेका छौ भन्ने भ्रमलाई छोड किनभने कर्म त हुँदै गर्छ र क्रिया चलि नै रहन्छ । तिमी आफू गरिरहेको छु भन्ने भ्रमबाट मुक्त होऊ । त्यसपछि तिमीलाई प्रत्येक क्रिया र कर्ममा परमात्मा स्थित भएको आभास हुने छ । प्रत्येक व्यक्तिका रौं रौंमा उही परमात्मा स्थित छ। मनुष्यको अहङ्कारको भ्रम हट्ने बित्तिकै उसलाई आफू र आफ्नो अस्तित्व हुँदै नभएको र जे छ उही भएको स्पष्ट हुन्छ ।

*यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।*
*कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥*

**जसले मनद्वारा कर्मेन्द्रियहरूलाई नियन्त्रणमा राखी आसक्तिरहित भएर समस्त इन्द्रियबाट कर्मयोगको आचरण गर्न थाल्छ त्यो व्यक्ति अति विशिष्ट मानिन्छ ॥**

मनुष्यको मनमा वासना र कामना छउन्जेल त्यसले दुख मात्र दिन्छ । कामना र वासनाले विषाद मात्र प्रदान गर्छ । कामनाबाट सुख प्राप्त होला जस्तो लाग्छ, तर दुख नै प्राप्त हुन्छ, शान्ति प्राप्त होला जस्तो लाग्छ तर सदा अशान्ति नै प्राप्त हुन्छ । कामना मनुष्यको दुख हो र तृष्णा पीडा हो। वासनाबाट मुक्त नभईकन आनन्द प्राप्त हुँदैन । श्रीकृष्ण इन्द्रियलाई दमन गर्ने व्यक्ति मूढ हो भन्नुहुन्छ । उहाँको भनाइ अनुसार त्यो व्यक्ति श्रेष्ठ हो जो इन्द्रियलाई दबाउने होइन बरु वासनाको मूल स्रोत मनलाई नै रूपान्तरण गर्छ । श्रेष्ठ पुरुष इन्द्रियहरूसँग लड्दैन किनभने इन्द्रियहरूसँग लडाइँ गरेर जित्न सकिन्न । ऊ त मनलाई नै रूपान्तरण गरेर इन्द्रियलाई वशमा राख्दछ ।

साधारणतः हामी इन्द्रियहरूका दास भएजस्तो लाग्छ । वासनाहरू चित्तमा उठे पनि जबसम्म इन्द्रियहरूमा हाबी हुँदैन तबसम्म हामीलाई वासनाका बारेमा जानकारी नै हुँदैन । त्यसैले हामीलाई इन्द्रियहरू नै वासनाका कारण जस्तो लाग्छ । वासनाको सूक्ष्मतम रूप अतीन्द्रिय हो जो हामीले देख्दैनौं। जबसम्म वासना इन्द्रियहरूमा गति लिएर आकार बन्दैन, तबसम्म हामीलाई थाहा नै हुँदैन । त्यसैले क्रोध गरिसकेपछि मात्र हामीलाई थाहा हुन्छ । कामवासना पनि हामीमाथि आविष्ट भइसकेपछि मात्र थाहा हुन्छ र थाहा पाइसकेपछि त्यसलाई सच्याउन असम्भव हुन्छ । वासनामा नै चुर्लुम्म डुब्नु वासनाको दास बन्नु हो र यस्तालाई श्रीकृष्ण निकृष्ट व्यक्ति भन्नुहुन्छ ।

भौतिकवादीहरूले सुरुदेखि नै भन्दै आएका छन्- शरीरभन्दा ठुलो जीवनमा केही छैन र शरीरको मागको पूर्ति गर्नु हाम्रो गन्तव्य हो । यी कुरालाई स्वीकार गर्ने व्यक्ति आफ्नो आत्मालाई नै बिर्सिन्छ । आत्माको जन्म नै स्वयम् हुनुमा हुन्छ । आत्माको जन्म नै वासना छाया बनेपछि मात्र हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- श्रेष्ठ मनुष्य आफ्नो मनलाई नै वशमा गर्छ । इन्द्रियलाई दमन गर्दा व्यक्ति विक्षिप्त हुन्छ । मनुष्यको वासना सङ्कल्प नहुन्जेल रहिरहन्छ । सङ्कल्पको अर्थ इन्द्रियको दमन होइन स्वयम्को हुने अनुभव हो । शरीरले भोक लाग्यो भनेर माग गर्दा स्वयम्ले सङ्कल्पद्वारा म भोजन गर्न तयार छैन भनेको खण्डमा शरीरले भोजनको माग तत्काल छोड्दछ। सङ्कल्पलबाट शरीरको मागलाई बन्द गराउन सकिन्छ। उपवास मनुष्यको सङ्कल्पलाई जगाउने एउटा प्रयास हो । शरीरलाई आफूभन्दा अलग पनि कुनै शक्ति छ भन्ने थाहा हुने बित्तिकै एउटा नयाँ ऊर्जा उत्पन्न हुन्छ र शरीरले आफ्नो माग छोड्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ- त्यो व्यक्ति श्रेष्ठ हो जसले इन्द्रियलाई वशमा गर्छ, शरीरलाई आदेश दिन सक्छ र जो शरीरको दास होइन मालिक बन्दछ । आत्मानुभव सङ्कल्पबाट प्रारम्भ हुन्छ र मनुष्यको श्रेष्ठता सङ्कल्पको माध्यमसँगै नयाँ यात्राको थालनीबाट स्थापित हुन्छ । पहिलो चरणमा मनलाई वशमा राख्नुपर्छ, दोस्रो चरणमा सङ्कल्प निर्माण गर्नुपर्छ र तेस्रो चरणमा सङ्कल्पलाई पनि प्रभुमा समर्पण गर्नुपर्छ । हामीसँग मनका नाममा वासनाहरूको सङ्ग्रह छ । संयुक्त सङ्कल्प छ भने मनलाई समर्पित गर्न सकिन्छ । आत्मा त सङ्कल्पको द्वारबाट प्रवेश गरेपछि मात्र पाउन सकिन्छ । त्यसैले धर्मको पहिलो चरण सङ्कल्प निर्मित गर्नु र दोस्रो चरण निर्मित सङ्कल्पलाई समर्पित गर्नु हो । पहिलो चरण आत्मवान् बन्नु र दोस्रो चरण आत्मालाई फूल चढाएझैँ परमात्माको चरणमा चढाउनु हो । आत्मालाई पाउन वासनाभन्दा माथि उठ्नुपर्छ र परमात्मालाई पाउन आत्माभन्दा पनि माथि उठ्नुपर्छ । तसर्थ श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- पहिले तिमी श्रेष्ठ बन, सङ्कल्प गरेर आत्मवान् बन र सङ्कल्पबाट आत्मवान् बनेपछि समर्पण गर । कमजोर व्यक्तिले समर्पण गर्न सक्दैन किनभने बाह्य रूपमा शिरलाई चरणमा राख्नु सामान्य कुरा हो, त्यो समर्पण होइन । आफूलाई पूर्ण रूपमा समाप्त गरी परमात्मामा चढाउनु नै समर्पण हो ।

*नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।*
*शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥*

**तिमी निर्धारित शास्त्रविहित कर्तव्य कर्म गर । कर्म नगर्नुभन्दा कर्म गर्नु ज्यादै श्रेष्ठ छ, कर्म गर्न छाडियो भने शरीरको पालन पोषण गर्न या शरीर सञ्चालन गर्न सकिँदैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कर्म नगर्नुभन्दा कर्म गर्नु श्रेष्ठ हो । कर्म त गर्नैपर्छ र जो गर्नु नै पर्छ भने त्यसलाई होसपूर्वक गर्नु श्रेष्ठ हो । कर्मलाई जानेर गर्नु उचित हो । त्यसैले जे गर्नै पर्छ त्यसलाई परिपूर्ण रूप जानेर स्वधर्मअनुरूप गर्नुपर्छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ– तिमी शास्त्रसम्मत स्वधर्मरूपी कर्म गर । शास्त्रको अर्थ किताब होइन; यसको अर्थ आजसम्म जुन जुन व्यक्तिहरूले स्व-अनुभवबाट जाने त्यसबाट प्राप्त सम्मत विचार शास्त्र हो । मनुष्यको चेतनाको लामो यात्रा छ । हामी यस जीवनमा ७०, ८० या ९० वर्षका लागि आउँछौं र बिदा हुन्छौं । व्यक्ति आउँछ र जान्छ तर मनुष्यता निरन्तर चलिरहन्छ । मनुष्यको अनुभव करोडौं वर्षको छ र त्यसको सार पनि छ । श्रीकृष्ण भन्नुहुन्छ- अनादिबाट जान्ने व्यक्तिहरूले जुन कुरा भनेका छन् सो सम्मत स्वधर्मअनुसार कर्म गर्नु उचित हुन्छ ।

सनातन धर्मावलम्बीहरूले प्राचीन समयदेखि नै चार वर्णको वैज्ञानिक व्यवस्था गरेर चार जातलाई तल माथि (Vertical) नभई समतलीय (Horizental) रूपमा विभाजन गरेका थिए । जन्मदेखि चार वर्णमा विभाजन गर्दा कुनै उचनीच नगरी केवल गुणअनुसार मात्र विभाजन गरिएको थियो। कालान्तरमा वर्णको व्यवस्थालाई केही व्यक्तिका स्वार्थका कारण भद्दा बनाइयो । ब्राह्मणलाई श्रेष्ठ अनि शूद्रलाई सबभन्दा तल्लो जात भनियो । गुणअनुसारको वर्णव्यवस्थालाई कृत्रिम अनि निरर्थक बनाइयो । अर्जुनको स्वधर्म क्षत्रिय धर्म हो । श्रीकृष्ण उनलाई भन्नुहुन्छ- जे तिम्रो स्वधर्म छ, जुन वर्णमा तिम्रो जन्म भयो, जुन धर्मबमोजिम तिम्रो प्रशिक्षण भयो, सोही वर्णको आचरणमा रही कर्म गर्नु श्रेयस्कर हुन्छ । व्यक्ति जन्मिँदा अनन्त सम्भावना लिएर जन्मेको हुन्छ, तर पछि एउटा निश्चित गन्तव्य रोजेर अघि बढ्नुपर्छ । अनन्त बाटाहरू रोजेर हिंड्न सम्भव हुँदैन । आज विज्ञानले पनि त्यही कुरा भन्छ- बच्चा अनन्त सम्भावनायुक्त गुणहरूसहित जन्मिन्छ, तर उसले जीवनमा एउटा गुणको या विशिष्ट क्षेत्रको पहिचान गरेर अघि बढ्नुपर्छ ।

आजको विज्ञानको विशेषज्ञता जस्तै प्राचीन समयमा वर्णको व्यवस्था निर्माण गरिएको थियो । कुनै व्यक्ति क्षत्रिय हुन चाहन्छ भने उसलाई केटाकेटीदेखि नै सोही अनुरूप प्रशिक्षित गराउने व्यवस्था बनाइएको थियो । अपवादमा बाहेक व्यक्तिहरू आफ्नो वर्णअनुसारको यात्रा गर्दथे । श्रीकृष्ण भन्नुहुन्छ- हे

अर्जुन ! तिम्रो अनन्त जन्मको यात्राबाट पनि तिमी क्षत्रिय हौ । त्यसैले आज तिमी आफ्नो धर्मबाट भाग्न खोज्यौ भने त्यो तिम्रो असफलता बन्ने छ र तिम्रो जीवन विषादपूर्ण हुने छ । त्यसैले अर्जुन तिमी शास्त्रसम्मत स्वधर्म अनुसारको कार्य गर, त्यही नै श्रेयस्कर छ । केही नगर्नुभन्दा केही गर्नु नै श्रेयस्कर छ किनभने कर्मबाट कोही पनि बच्न सक्दैन ।

*यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।*
*तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥*

**बन्धनको भयबाट कर्मको त्याग गर्नु योग्य छैन किनभने यज्ञका निम्ति गर्ने कर्मका अतिरिक्त अरू कर्ममा लागेको यो मनुष्य समुदाय कर्मले बाँधिन्छ । त्यसैले हे अर्जुन ! आसक्तिरहित भएर त्यो यज्ञका निमित्त भलिभाँती कर्तव्य गर ॥**

श्रीकृष्ण अद्‌भुत वचन भन्नुहुन्छ- कर्मको बन्धनबाट बच्नका निमित्त जो व्यक्ति कर्मबाट भाग्छ उसले उल्टो परिणाम प्राप्त गर्छ । कर्मको बन्धनबाट भाग्नु भनेको स्वयंको स्वतन्त्रता नभई परतन्त्रता हो । भागेर जहाँ गए पनि कर्मबाट बच्न सकिँदैन; कर्म त गर्नु नै पर्छ । त्यसैले हे अर्जुन ! आसक्तिरहित भएर त्यो यज्ञका लागि कर्तव्य कर्म गर । हामीले परमात्माका लागि यज्ञरूपी कर्म गर्नुपर्छ । परमात्माले जीवन दिनुभएको छ; त्यसैले कर्म पनि परमात्माका लागि नै गर्नुपर्छ । यही यज्ञरूपी कर्मले कहिल्यै बन्धनमा पार्दैन । एउटा गृहस्थी व्यक्तिलाई घरले मलाई बाँधिरहेको छ भन्ने लाग्छ । घरले त कहिल्यै पनि बन्धनमा पार्दैन किनभने घर जड भएकाले त्यसले बाँध्न सक्दैन । वास्तवमा घरलाई आफ्नो या मेरो घर सम्झिएको हुनाले घरले बाँध्छ । 'मेरो' नै बन्धन हो र व्यक्ति घर छोडेर गए पनि 'मेरो' त उसैसँग रहन्छ, तब 'मेरो' आश्रमले बाँध्छ । पत्नीलाई छोडेर भाग्ने व्यक्तिको कामवासना पत्नीलाई छोड्दा कदाचित् समाप्त हुन सक्दैन । त्यो कामवासना जहाँ गए पनि उससँग नै रहन्छ ।

भाग्ने व्यक्तिले जसले उसलाई बाँध्दछ भनी ठान्दछ त्यसले उसलाई बाँध्ने होइन भन्ने सत्य बिर्सिन्छ । जो भागिरहेको छ बाँध्नेवाला उही हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- भाग्नु व्यर्थ हो । यस पृथ्वीमा भाग्ने व्यक्तिका विरुद्धमा श्रीकृष्णले भन्दा ठुलो उपदेश कसैले पनि दिएका छैनन् । कर्ममा कुनै बन्धन छैन । कर्म मेरो हो भन्नु नै बन्धन हो । त्यसैले जसले कर्म परमात्माको भनेर जान्दछ त्यही यज्ञरूपी कर्म हुन्छ र व्यक्ति बन्धन मुक्त हुन्छ किनभने त्यो ईश्वरको कर्म हुन्छ । ईश्वरको नाममा गर्ने कर्म नै यज्ञ हो । जहाँ व्यक्ति कर्ता नभई निमित्त मात्र हुन्छ त्यहाँ कर्ता परमात्मा हुन्छ भन्ने कर्मको नयाँ अवधारणा श्रीकृष्णले दिनुभएको छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी कर्मबाट नभाग र कर्मलाई यज्ञ बनाऊ अर्थात् आफूलाई परमात्मामा समर्पित गरिदेऊ ।

गुरुनानकको जीवनमा एउटा घटना घट्‌यो, जसबाट उहाँ ज्ञानी सन्त बन्नुभयो । नानक सैनिकहरूलाई रासन वितरण गर्ने सानो जागिरमा हुनुहुन्थ्यो जहाँ उहाँले सैनिकहरूलाई रासन नापेर दिनुहुन्थ्यो । एकदिन नानकले सौभाग्यवश गन्ती बिर्सनुभयो । तेह्रको गन्तीमा उहाँ रोकिनुभयो । उहाँले सबै 'तेरा' अर्थात् सबै तिम्रो भनेपछि फेरि चौध उहाँको मुखबाट निस्किएन । नानकको नोकरी सकियो तर उहाँलाई परम नोकरी प्राप्त भयो । नानक भन्नुहुन्थ्यो- जब यो सबै तिम्रो हो भन्ने स्मरण भयो त्यसपछि त कुनै कुराहरू पनि 'तिम्रो' (तेरा) बाहेक केही लागेन । श्रीकृष्ण अर्जुनलाई यही भन्नुहुन्छ- जुन दिन यो कार्य 'मेरो' होइन 'तिम्रो' भन्ने भावना जागृत हुन्छ त्यसपछि त बन्धन नै हुँदैन । म र 'मेरो' भन्नु वा त्यसमा आसक्त रहनु नै बन्धन हो । जब जागरण हुन्छ, तब सबै कर्म यज्ञरूपी कर्म हुन्छ । वस्तुतः यज्ञरूपी कर्म नै मुक्ति हो ।

*सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।*
*अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥*

**प्रजापति ब्रह्माजीले सृष्टिको प्रारम्भमा यज्ञका साथै मानिसहरूको सृष्टि गर्नुभयो र भन्नुभयो- यज्ञहरूबाट तिमीहरूलाई बुद्धि प्राप्त होओस् र यज्ञले तिमीहरूलाई इच्छित भोग प्रदान गरोस् ॥**

सृष्टिको प्रारम्भमा स्रष्टाले पनि सृष्टिरूपी कर्म गर्नुभयो । हामी परमात्मालाई स्रष्टा भन्दछौं । स्रष्टाले पनि 'म' भावबाट सिर्जना गरेमा त्यो कर्म यज्ञरूपी हुँदैन । तर परमात्मा सर्जक हो र परमात्माको सृजन 'म' रहित शून्य भावले गरिने कृत्य हो । परमात्मामा 'म' भाव नै हुँदैन किनभने उसमा 'तिमी' भन्ने भाव हुँदैन । 'म' भाव हुनका लागि 'तिमी' पनि हुनुपर्‍यो अन्यथा 'म' हुन सक्दैन । परमात्माको सृजनामा वासना, कामना र फलको कुनै आशा र भाव हुँदैन । यो सारा सृष्टि परमात्माको स्वभाव हो । परमात्मा स्रष्टा मात्र होइन किनभने यदि परमात्मा स्रष्टा मात्र हो भने स्रष्टा र सृष्टि अलग हुन्छ । परमात्मा त सृजनाको प्रक्रिया हो । त्यसैले परमात्मालाई स्रष्टा नभनेर सृजनात्मक (Creativity) भन्नु उपयुक्त हुन्छ ।

सृष्टिका लागि कुनै प्रथम र अन्तिम दिन हुँदैन । जगत्को स्रष्टाले प्रथम दिन जब जगत्लाई गति दिन्छन् त्यो यज्ञ हो र जुन दिन जो कसैले त्यही यज्ञरूपी कर्म गर्छ ऊ पनि स्रष्टाको अङ्ग बन्छ । मीरालाई कसैले "तिमी नाचेकी हौ ?" भनेर सोध्यो भने उनी जवाफमा उसैले नचाउँछ र उही नाच्छ भन्छिन् । कसैले कबिरलाई तिमी कपडा कसका लागि बुन्छौ भनेर सोध्यो भने उनी भन्छन्- "उही बुन्छ र उसैका लागि बुन्छ ।" कबिर कपडा बनाएर बेच्न जाँदा ग्राहकलाई भन्नुहुन्थ्यो "राम ! तिम्रा लागि उसले यो कस्तो राम्रो बुनेको छ ।" कबिरकहाँ हजारौं भक्त आउन थाले र कबिरलाई तपाईं अब किन कपडा बुन्नुहुन्छ भनेर कुनै भक्तले सोध्दा कविरले भन्नुहुन्थ्यो- परमात्मालाई अझ जगत् र जीवनलाई बुन्ने जरुरत छ भने म किन कपडा नबुनूँ । मैले उनकै हातमा आफूलाई छोडिदिएको छु । मेरो औंलामा उनै आएर कपडा बुन्छन् । त्यसैले म कपडा बुनूँ या बन्द गरूँ त्यो परमात्माको चाहनामा निर्भर हुन्छ, अब उनको मर्जीअनुसार मात्र हुन्छ । कबिरले गरेको कर्म नै यज्ञरूपी कर्म हो ।

परमात्मा यो विशाल सृजनलाई फैलाएर पनि यज्ञरूपी कर्म मात्र गरिरहेको छ र मुक्त छ । सृष्टि त देखिन्छ तर स्रष्टा देखिँदैन । वास्तवमा जसको 'म' नै छैन त्यो कर्म यज्ञरूपी हुन्छ । कर्म दृश्य र कर्ता अदृश्य छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी यस्तो कर्ममा जुट जहाँ कर्म होस् तर कर्ता बिलकुल नरहोस् । उसको अनुपस्थिति या अदृश्यपन नै उसको अस्तित्व हो । कहिलेकाहीँ उसको छाया देखिन्छ किनभने यो सारा जगत् उसको छायाँले मात्र चल्छ । श्रीकृष्ण अर्जुनलाई यही भन्नुहुन्छ- तिमी छायाजस्तो बनेर कर्म गर र नभाग किनभने भाग्दा पनि तिम्रो अहङ्कार तिमीसँगै जान्छ । जसरी परमात्मा यज्ञरूपी कर्ममा संलग्न छन् त्यसरी नै तिमी पनि त्यस्तै यज्ञरूपी कर्म गर । त्यसो गरेमा तिमी परमात्माको एक हिस्सा हुने छौ ।

*देवान्भावयतानेन ते देवा भावयन्तु वः ।*
*परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥*

**आफ्नो यज्ञ तथा कर्तव्य कर्मद्वारा देवताहरूलाई प्रसन्न पार, अनि खुसी भएका देवताहरूले तिमीहरूलाई पनि सन्तुष्ट राख्ने छन् । यसरी मानिस र देवताहरूको पारस्परिक निस्वार्थ सम्बन्धबाट एक अर्कालाई प्रसन्न गर्दै परम कल्याण प्राप्त हुने छ ॥**

यज्ञरूपी कार्य गर्दै तिमी देवताहरूको सहयोगी बन्न सक्यौ भने ती देवताहरू पनि तिम्रा सहयोगी बन्न सक्छन् । यसप्रकार तिमी कर्तव्यप्रति उत्तरदायी हुन सक्छौ । यस जगत्मा साधारण जनलाई मृत्युपश्चात् तत्काल गर्भ उपलब्ध हुन्छ तर असाधारण व्यक्तिहरूले जन्मका लागि लामो प्रतीक्षा गर्नुपर्छ । धेरै पापी जीवात्माका लागि तत्काल गर्भ उपलब्ध नहुने भएकाले प्रतीक्षा गर्नुपर्छ । त्यस्तै श्रेष्ठ

आत्माहरूले पनि नयाँ जन्मका लागि लामो प्रतीक्षा गर्नुपर्दछ । यस्तो श्रेष्ठ शुद्ध आत्माको नाम 'देवता' हो र पापी आत्माहरूको नाम 'प्रेतात्मा' हो । पापी आत्मा जसले अनेकौं कुकृत्य गरेको छ, उसका लागि कोही आमाबाबु गर्भ दिन तयार हुँदैनन् र लामो समय उनीहरूले पनि प्रतीक्षा गर्नुपर्छ । श्रेष्ठ आत्मालाई पनि आफू अनुकूल गर्भ खोज्न र पाउन निकै कठिन हुन्छ किनभने त्यस्तो आत्मालाई गर्भमा धारण गर्न योग्य र पवित्र कोख चाहिन्छ ।

यस्ता असाधारण आत्माहरू गर्भ प्राप्त नहुन्जेलसम्म चुप लागेर बस्दैनन् । प्रायः खराब, पापी आत्माहरू केही न केही गर्न चाहन्छन् । प्रेतात्माहरू नबोलाईकन पनि अरूलाई दुख दिन र आफ्नो इन्द्रिय सुख पाउन अरूमा प्रवेश गर्न सक्छन् तर शुद्ध, श्रेष्ठ आत्माहरू नबोलाईकन हत्तपत्त आउँदैनन् । कसैले केही नराम्रो काम गर्दा ती प्रेतात्माहरूबाट सहयोग प्राप्त हुन्छ र ती नराम्रो काम गर्ने साधन बन्छन् । उदाहरणका लागि क्रोधको अवस्थामा यति शक्ति बढ्छ कि व्यक्ति आफैं चकित पर्छ । यो त्यही पापी आत्माको सहयोग भएर नै यस्तो भएको हो । यसका ठिक विपरीत श्रीकृष्ण भन्नुहुन्छ- अर्जुन ! यदि तिमी कुनै शुभकार्यमा कर्ताभावलाई छोडेर यज्ञरूपी कार्य गर्न तत्पर हुन्छौ भने तत्काल तिमीलाई अनेक देवताहरूको सहारा प्राप्त हुने छ र यसरी मनुष्य र देवताको पारस्परिक निस्वार्थ सम्बन्धबाट एकअर्कालाई प्रसन्न गर्दै परम कल्याण प्राप्त हुने छ । व्यक्तिले कुनै पनि असल कार्य गर्दा ऊ एक्लै हुँदैन, त्यस बेलामा पनि अनेकौं श्रेष्ठ र शुद्ध आत्मा जो असल कार्य गर्न आतुर हुन्छन्, तिनीहरू संलग्न भएर पूरा सहयोग गर्दछन् र अनन्त मार्गबाट शुभ सहयोगहरू उपलब्ध हुन थाल्छन् ।

यस जगत्मा असल र खराब व्यक्ति एक्ला हुँदैनन् । केवल साधारण व्यक्ति मात्र एक्ला हुन्छन् । बुद्ध र महावीर जस्ता व्यक्ति जब पृथ्वीमा हुन्छन् तब चारैतिरबाट असल आत्माहरू एकत्रित भएर सहयोग गर्न आतुर हुन्छन् । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- यदि परमात्माको कार्यमा संलग्न भयौ भने तिमीलाई देवताहरूको साथ र सहयोग रहने छ । यसो गरेमा तिमी मात्र आफ्नो कर्तव्य निर्वाह गर्न सफल हुँदैनौ, अनेक देवताहरू पनि जो असल कृत्य गर्न चाहन्छन् उनीहरू पनि आफ्नो कर्तव्य निर्वाह गर्न सफल हुने छन् ।

*इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।*
*तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥*

**मानवले गरेका यज्ञ वा कर्मद्वारा सन्तुष्ट भएका देवताहरूले मानवका सम्पूर्ण इच्छित भोग वा आवश्यकताहरू पूर्ति गरिदिन्छन् । यसरी प्राप्त भएका भोग वा वस्तुहरू जसबाट आफूलाई प्राप्त भएका हुन् त्यही ईश्वरलाई समर्पण नगरी जसले उपभोग गर्छ वा खान्छ त्यो चोर हो ॥**

*यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।*
*भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥*

**यज्ञ वा कर्म गरेर बाँकी रहेको अन्नको उपभोगले श्रेष्ठ पुरुष सबै प्रकारका पापहरूबाट मुक्त हुन्छन् र जुन पापीहरू आफ्नो शरीरको पोषणका लागि अन्न पकाउँछन् तिनीहरू पाप मात्र भोग्छन् ॥**

यज्ञरूपी कार्यबाट दिव्यशक्तिहरू प्रसन्न भएर नमागे पनि सबै कुराहरू दिन्छन् । जीवनका रहस्यपूर्ण निर्णयहरू के छन् भने जे मागिन्छ त्यो पाइँदैन र जे मागिँदैन त्यही मात्र पाइन्छ । जसका पछाडि केही पाउने दौड रहँदैन त्यही व्यक्तिलाई सबै कुरा प्राप्त हुन्छ । यस नियमलाई नबुझेको हुनाले जीवनमा भ्रम र दुखहरू छन् । दिव्य शक्तिहरूबाट मागेर कहिल्यै पनि केही प्राप्त हुँदैन बरु उनीहरूलाई नमागीकन हृदयको द्वार खोल्नुपर्छ । हृदयको द्वार खुल्ला हुने बित्तिकै उनीहरूले नमागीकन नै पर्याप्त दिन्छन् । जिससको एउटा वचन छ- प्रभुको राज्यलाई पहिले खोज, बाँकी सबै त्यसै प्राप्त हुने छ (Seek first the kingdom of God and all else will be added on to you)।

श्रीकृष्णको दिव्यशक्ति र जिससको प्रभुको राज्यको भाव एउटै हो । हामीले केही माग्दा, इच्छा गर्दा वा कामना राख्नेबित्तिकै हाम्रो हृदय खुम्चिन्छ र चेतनाको द्वार तत्काल बन्द हुन्छ । जब हामी केही दिन्छौं, तब हाम्रो मन खुल्छ । परमात्मा एवं दिव्य शक्तिहरूसँग पनि माग्ने बित्तिकै हाम्रो हृदयको द्वार बन्द हुन्छ र केही पाउन सकिँदैन । यस श्लोकको अर्थ जसले बाँड्छ त्यसले झन् बढी पाउँछ र जो जम्मा मात्र गर्छ, त्यो भिखारी जस्तै मात्र हुन्छ भन्ने हो । यस्तो जम्मा गर्ने व्यक्तिले धनको उपयोग गर्दैन र अरूलाई उपयोग गर्न पनि दिँदैन केवल जम्मा मात्र गर्छ । हामी पनि अधिकांश भिखारी नै छौँ । भयभीत व्यक्ति परमात्मासँग जोडिन पनि सक्दैन, परमात्मासँग त निर्भय व्यक्तिले मात्र सम्बन्ध राख्न सक्छ । हामी कहिल्यै पनि सही कुरा माग गर्दैनौं किनभने हामीलाई सहीका बारेमा केही थाहा छैन र हामी त्यसैले सदा गलत नै माग्दछौँ । सही व्यक्तिले माग्नु नै पर्दैन, उसलाई जीवनमा सबै सम्पदा आफै बर्सिन थाल्छ । गलत व्यक्तिले सदा गलत नै माग्छ, जो प्राप्त पनि हुँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति आफ्नो जीवन यज्ञरूपी कार्यमा लगाएर बाँच्दछ, उसले नमागीकन नै दिव्यशक्तिहरूले सबै कुरा दिन्छन् । हाम्रो मागका कारण दिव्यशक्तिहरूसँग सम्बन्ध स्थापित हुन सक्दैन किनभने जुन प्रार्थना मागसँग जोडिएको हुन्छ, त्यो प्रार्थना नै हुँदैन । मागरहित प्रार्थना जसमा धन्यवाद वा आफूलाई जे प्राप्त भएको छ त्यसका लागि कृतज्ञता ज्ञापन मात्र भएमा त्यो वास्तवमा प्रार्थना हुन्छ । यस्तो प्रार्थना गर्ने व्यक्तिसँग दिव्यशक्तिहरू विना कारण प्रसन्न हुन्छन् र नचाहेका कुराहरू प्रदान गर्छन्। यज्ञरूपी कार्य भन्नुको अर्थ हामीलाई परमात्माले जे दिनुभएको छ त्यसको परम स्वीकारको भाव हो र त्यसका लागि पूर्ण स्वीकारसहित कृतज्ञता अर्पण गर्नु हो । यस्तो व्यक्तिले आफ्ना लागि केही माग्नै पर्दैन।

श्रीकृष्ण भन्नुहुन्छ- यसरी यज्ञरूपी कर्मद्वारा प्राप्त भएका कुराहरूलाई आफ्ना लागि मात्र उपयोग नगरी अरूका लागि पनि बाँड । जीवनको एक अर्को रहस्य पनि छ- हामी जीवनमा जति बाँड्छौं, त्यति नै पाउँछौं । आनन्दलाई जति बाँड्न सक्यो त्यति नै आनन्द प्राप्त हुन्छ र जति नबाँडीकन राख्यो त्यति नै सडेर जान्छ । जति बाँड्यो त्यति नै आनन्दको विस्तार हुँदै जान्छ । व्यक्ति जति दुखी हुन्छ, त्यति नै खुम्चिएर एक्लै हुन्छ । आनन्द जति अरूसँग बाँडिन्छ उति नै फैलिन्छ । बुद्ध, महावीरले दुखी हुँदा जङ्गल या पहाडमा एकान्तमा समय बिताउनुभयो । आनन्दित हुनुहुँदा त्यो आनन्दको अनुभव सबैसँग बाँड्नका लागि एकान्तवासबाट फर्किनुभयो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यज्ञरूपी कार्यबाट जब दिव्य शक्तिहरूले नमागीकन दिन थाल्छन् जसको प्राप्तिका बारेमा कसैले कल्पनासमेत गरेको हुँदैन, त्यो प्राप्त भएपछि कत्ति पनि कन्जुसी नगरी एक्लै उपभोग नगरेर त्यसलाई यथाशक्य वितरण गर किनभने तिमीले जति बाँड्ने छौ त्यो त्यति नै बढ्ने छ । कोठामा स्वच्छ हावा छिरोस् भन्नका लागि दुईवटा झ्याल खोले जस्तै जति पायो त्यति नै बाँड्यो भने निरन्तर हावा जस्तै दिव्यशक्तिहरू आई नै रहन्छन् । आनन्द पनि हावा जस्तै हो, जति आयो त्यति नै झ्याल खोलेर बग्न दियो भने निरन्तर पाई नै रहिन्छ ।

हामी सबै केवल लिन चाहन्छौँ दिन जान्दैनौँ । जो केवल पाउन मात्र चाहन्छ दिन वा बाँड्न जान्दैन त्यस्तालाई श्रीकृष्ण चोर भन्नुहुन्छ । परमात्मा एवं जगत्‌बाट जीवनमा जे जति प्राप्त भइरहेको छ त्यसलाई आफ्ना लागि मात्र जसले प्रयोग गर्छ वा जम्मा गर्छ त्यस्तो व्यक्ति चोर हुन्छ । यस्ता व्यक्तिहरूलाई प्लेटो (Plato), एन्जल्स (Friedrich Engles), प्राउधाँ (P.J. Proudhon) र मार्क्स (Karl Marx) हरूले नबुझेर धेरैपछि मात्र चोर हुन् भने तर श्रीकृष्णले त धेरै पहिले नै भन्नुभयो- यस्तो व्यक्ति जो जम्मा मात्र गर्दछ र बाँड्न जान्दैन, त्यो व्यक्ति चोर हो । प्लेटो, एन्जल्स, प्राउधाँ, मार्क्स र श्रीकृष्णको भनाइमा ठुलो भिन्नता छ । उनीहरूले यस्ता व्यक्ति जो पुँजीपति हुन्; अकुत सम्पत्ति भएर पनि बाँड्दैनन् तिनीहरूसँग खोसेर लिनुपर्छ भन्छन् । श्रीकृष्णको भनाइमा यस्ता व्यक्ति जो सङ्ग्रह मात्र गर्छन् यिनीहरू आफ्नै दुस्मन हुन् किनभने यिनीहरूले नबाँडेर जम्मा गर्नाले अझ दिव्य शक्तिबाट प्राप्त गर्ने अनन्त गुणा

फलहरूको द्वार आफैं सदाका लागि बन्द गर्दछन् । त्यसैले व्यक्तिले जति बाँड्छ, त्यति नै अझ बढी प्राप्त गर्दछ । त्यस्तो व्यक्ति जो जम्मा मात्र गरेर बाँड्दैन त्यो आत्मघाती हुन्छ । जुन बेला व्यक्ति निरन्तर बग्ने नदी बन्न सक्छ, त्यसबेला उसको जीवनमा आनन्दको नित्य निरन्तर वर्षा हुन थाल्छ । नदीको पानीको एउटा वृत्त छ, पानी जहाँबाट आउँछ त्यहीँ फिर्ता हुन्छ । नदी सागरमा मिल्नलाई दौडिरहेकी छिन्, सागरमा मिसिन्छिन् अनि सूर्यका किरणमा चढ्छिन् र बादलमा उड्छिन् अनि हिमालयमा बर्सिन्छिन् । त्यसपछि फेरि नदीमा आउँछिन् अनि फेरि त्यही यात्रा चक्राकार रूपमा चलिरहन्छ । जीवनका सबै गति चक्राकार हुन्छन् । त्यस्तै आनन्दको गति पनि चक्राकार रूपमा परमात्माबाट आएर परमात्मामा नै जान्छ । व्यक्तिमा आउने बित्तिकै वरिपरि परमात्माको रूपमा सबैलाई बाँड्नु नै परमात्मामा पुग्नु हो । जसले नदीको प्रवाहमा नबगी बिचमा अवरोध खडा गर्न खोज्छ त्यस्तो व्यक्ति चोर हुन्छ ।

यज्ञबाट बचेको वस्तु वा चिजलाई ग्रहण गर्नुको अर्थ हो जसले सबैलाई बाँडेर मात्र बचेको ग्रहण गर्छ त्यो श्रेष्ठ पुरुष हो । जो पहिले आफू खान्छ र बँचेको मात्र बाँड्छ त्यो निकृष्ट पुरुष  हो । यसको सही व्याख्या मोहम्मदले गर्नुभएको छ । उहाँले खानाको सुगन्ध जहाँसम्म पुग्छ, त्यहाँसम्म खानाको निमन्त्रणा हुन्छ र तिनीहरूलाई खुवाएर बचेको मात्र खानुपर्छ भन्नुभएको छ । त्यसैले जीवनमा प्राप्त हुने ज्ञान, धन, अन्न, शक्ति आदिलाई पहिले बाँडेर शेष भएपछि मात्र आफूले उपयोग गर्नुपर्छ । बाँडेर खानुमा जे आनन्द छ, त्यो कुनै अन्य कुरामा छैन । श्रीकृष्ण भन्नुहुन्छ- जो बाँडेर बाँकी रहेको मात्र ग्रहण गर्छ त्यो व्यक्तिसँग जीवनमा पर्याप्त शेष रहन्छ र यस्तो व्यक्ति श्रेष्ठ हुन्छ । दुखलाई बाँड्न पनि सकिँदैन किनभने कोही पनि दुख लिन नै चाहँदैन तर आनन्द जो पनि ग्रहण गर्न तयार हुन्छ । हामी बाँड्न नसक्ने कुरा बाँड्न चाहन्छौँ र बाँड्नुपर्ने कुरा जम्मा गर्न चाहन्छौँ । एकजना कविले लेखेका छन्- जब तिमी हाँस्छौ, तब सिङ्गो धर्ती तिमीसँग हाँस्छ । जब तिमी रुन्छौ तब तिमी एक्लै हुन्छौ (When you will laugh the whole world will laugh with you and When you will weep you will weep alone)।

*अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।*
*यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥*

**अन्नको पुष्टि वा रसबाट निसृत रज र वीर्यको सम्मिश्रणबाट प्राणीको उत्पत्ति हुन्छ । अन्नको उत्पत्ति वृष्टिबाट हुन्छ, वृष्टि यज्ञबाट उत्पन्न हुन्छ र यज्ञको उत्पत्ति निर्धारित कर्मबाट हुन्छ ॥**

पूर्वीय दृष्टिमा सदैव प्रकृति र मनुष्यबिच मैत्री सम्बन्ध रहेको छ र पश्चिममा जस्तो शत्रुता भाव छैन । त्यसैले हामीले प्रकृतिलाई आमा भनेर सम्बोधन गऱ्यौँ र त्यही रूपमा आत्मसात् गऱ्यौँ । पृथ्वीलाई माता र आकाशलाई पिताको रूपमा हामीले आदर गऱ्यौँ । यो समग्र जगत्प्रतिको दृष्टिकोण हो। तसर्थ हामी सारा जगत्लाई एकै परिवार मान्दछौँ र प्रकृतिलाई आमा भन्दछौँ । हामीले पश्चिमाको जस्तो प्रकृतिलाई जित्ने कुरा कहिल्यै सोचेनौँ किनभने आमालाई कसले र कसरी जित्न सक्छ र ! पश्चिममा मनुष्य र प्रकृतिका बिच शत्रुताको दृष्टि भएकाले प्रकृतिलाई जित्ने होड छ तर पूर्वमा प्रकृतिलाई हराउने र यसमाथि विजय प्राप्त गर्ने कुरा सोच्न पनि सकिँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- अन्नबाट प्राणी बन्दछन् किनभने अन्न पनि पदार्थ होइन ब्रह्म हो । अन्न पनि जीवन्त हुनाले अन्नबाट मनुष्यको निर्माण हुन्छ । अन्न वर्षाबाट बन्छ, वर्षा नभएमा अन्न निर्मित हुँदैन । यी भनाइबाट श्रीकृष्ण जीवन र प्रकृतिलाई जोडिरहनुभएको छ । यो कसरी संयुक्त छ भन्ने स्पष्ट पार्दै श्रीकृष्ण भन्नुहुन्छ- वर्षा यज्ञबाट आउँछ । तर प्रश्न गर्दा वर्षा बादलबाट, बादल समुद्रबाट र समुद्र नदीबाट बन्छ भन्ने उत्तर साधारणतया जो कसैले पनि दिन सक्छ । श्रीकृष्ण मनुष्य तथा वर्षा, बादल, समुद्र र नदीका बिचमा भएको अन्तरङ्ग सम्बन्ध जोड्न चाहनुहुन्छ । यदि वर्षा यज्ञबाट आउँछ भने वर्षा र मनुष्यका बिचमा पनि गहिरो सम्बन्ध रहेको बुझ्न सकिन्छ किनभने वर्षा हाम्रो जीवनको अस्तित्व

राख्नका लागि आउँछ । श्रीकृष्ण भन्नुहुन्छ- यज्ञमार्फत हाम्रो प्रार्थना सुनेर त्यसलाई पूरा गर्नका लागि वर्षा हुन्छ ।

मनुष्य र प्रकृतिका बिच अन्योन्याश्रित सम्बन्ध र संवाद छ । त्यही संवाद एवं यज्ञरूपी कर्मको फलस्वरूप अन्न उत्पादनको लक्ष्यपूर्ति गर्न र मनुष्यको चाहना पूरा गर्न वृष्टि हुन्छ । श्रीकृष्ण मनुष्य र जीवन, प्रकृति एवं जगत्सँग अभिन्न अन्तरसम्बन्ध र संवाद रहेको कुरा बताउनुहुन्छ । प्रकृति र मनुष्य-जीवनबिच अटुट सम्बन्ध छ । पश्चिममा यो सद्भाव कायम हुन नसकेकाले अहिले प्रकृति अस्तव्यस्त बनेको छ र कुनै प्रकारको सद्भाव कायम हुन सकेको छैन । अहिले वल्ल परिस्थिति विज्ञान (Ecology) को अवधारणा विकास भएको छ । एकपटक तिब्बतमा मलेरिया रोगको मच्छरलाई नाश गर्न औषधी (DDT) छरियो । त्यहाँका लामाहरूले मच्छर र हामी त सदियौंदेखि सँगसँगै र एकअर्कासँग परिचित एवं सम्बन्धित छौं भने । उनीहरूले यसलाई पाउडर छरेर कहीँ केही असर पर्ने पो हो कि भन्ने आशङ्का व्यक्त गरे तर औषधी छरियो र मच्छर सखाप भए । मच्छरका साथै त्यसको असरले बिरालाहरू मरे र मुसाहरूको बिगबिगी भयो । जसको असर र प्रकोपबाट गाउँभरी प्लेग फैलियो । प्लेगले सारा गाउँहरू नै तहसनहस पाऱ्यो । अनि लामाहरूले नयाँ औषधीको प्रयोग गर्न नदिएर पुरानै व्यवस्था अनुसार अरू गाउँहरूबाट बिरालाहरू ल्याएर छोडे पछि बिरालाले मूसा मार्न थाले र मच्छर फेरि फिर्ता भए अनि पूर्वव्यवस्था अनुरूप नै रोगहरू माथि नियन्त्रण गरियो ।

परिस्थिति विज्ञान (Ecology) को अर्थ जीवन एक परिवार हो भन्ने हो । त्यसमा सबै कुरा संयुक्त परिवारमा जस्तै हुन्छ । प्रत्येक चिज वा वस्तु जस्तै एउटा सानो ढुङ्गा पनि परिवारको हिस्सा हो । रुख काटेको परिणाम आज हामी भोगिरहेका छौं जसका कारण बादल र वर्षा नभएर थप पीडा बढेको छ । रुखहरू बादललाई निमन्त्रणा गर्दथे तर अब रुख नभएको हुँदा बादललाई कसैले निमन्त्रणा गर्दैनन् । पृथ्वीको दुईसय माइलमा जहाँ हावा समाप्त हुन्छ, त्यहाँ रहेको एउटा ठुलो पत्रीय भाग जो अनेकौं ग्याँसहरूबाट निर्मित भएको छ त्यसले पृथ्वीलाई पर्खाल झैँ घेरेको छ । त्यही पत्रीय भाग वा पर्खालका कारण सूर्यको हितकर किरण मात्र पृथ्वीमा आउन सक्छ, जो पृथ्वीलाई हितकर हुँदैन त्यो पर्खालभन्दा बाहिर रहन्छ र पृथ्वीमा आउन पाउँदैन । आज जति अन्तरिक्ष यानहरू अन्तरिक्षतर्फ पठाइएको छ तिनले त्यो पत्रको पर्खाललाई तोडेर झ्यालहरू निर्माण गरेका छन् । अब तिनै झ्यालबाट सूर्यका हानिकारक किरण पनि पृथ्वीमा आउन थालेका छन् जो जीवनका लागि अत्यन्त खतरनाक छन् । श्रीकृष्ण विश्व ब्रह्माण्डका बारे भन्नुहुन्छ- जीवन एउटा संयुक्त घटना हो । जहाँ आकाशको बादल पनि हाम्रो जीवनसँग जोडिएको हुन्छ । सूर्य एवम् चन्द्रमा पनि हामीसँग संयुक्त रूपमा जोडिएका छन् । सूर्य हामीबाट १० करोड माइल पर छ र सूर्य चिसो हुने बित्तिकै हामी पनि सबै समाप्त हुन्छौं ।

श्रीकृष्णको अन्नबाट मनुष्य बन्छ भन्ने कुरामा पदार्थ र चेतनामा कुनै भिन्नता छैन र पदार्थबाट नै आत्मा बन्छ भन्ने हो किनभने पदार्थ पदार्थ होइन, त्यो पनि गुप्त रूपमा रहेको चेतन आत्मा नै हो । त्यसैले अन्नबाट रगत र हड्डीहरूको निर्माण हुन्छ अनि चेतना, होस र बुद्धि बन्छ जसबाट यो सबै बन्छ त्यो महाजीवन अन्त्यमा लुकेको हुन्छ । अन्न वर्षाबाट आउँछ र वर्षा यज्ञबाट आउँछ । यज्ञबाट भन्नाले जब मनुष्य राम्रो काम गर्दछ र मनुष्य जब परमात्मामा समर्पित भएर बाँच्दछ तब परमात्मा पनि मनुष्यको फिक्री गर्दछ । सबैतिरबाट सारा प्रकृतिले चिन्ता गर्दछ । बादलले वर्षा गराउँछ र वृक्षहरू फलबाट भरिन्छन्, अन्न निर्मित हुन्छ, नदीहरू बग्दछन्, सूर्य चम्किन्छ र जीवनमा एउटा उत्साह, खुसी र सुगन्ध पाइन्छ । जब व्यक्ति अहङ्कारले भरिन्छ तब मैले सबै गरेँ भन्दै म भाव राख्दछ तब जीवन सबैतिरबाट विकृत हुन थाल्छ ।

यज्ञको अर्थ परमात्मामा समर्पण हो । परमात्माले जीवनलाई यस्तो सद्भाव प्रदान गर्छन् कि सारा प्रकृति आफूलाई चारैतिरबाट लुटाउन तयार हुन्छिन् । श्रीकृष्णले यज्ञबाट वर्षा हुन्छ भन्नुभएको छ, त्यसको अर्थ हो जब व्यक्तिहरू पृथ्वीमा निरहङ्कारी भएर बाँच्दछन् तब जगत्मा सम्पूर्ण कुराहरू संयुक्त भएर उनीहरूलाई सहयोग गर्न सदैव तयार हुन्छन् । बादलले पनि वर्षा गर्छन्, बोट बिरुवाहरू पनि अन्न वा फलले भरिन्छन् र अन्न पनि प्राणलाई लिएर आउँछ । आजको अवस्थाको जिम्मेवार हामी स्वयम् छौँ । मनुष्यबाट हिजो जुन तरङ्ग निस्किन्थ्यो त्यो निस्किन बन्द भएको छ । आज हामी नदी, बादलसँग संयुक्त हुन बिर्सिसकेका छौँ । पहिले हाम्रो सांस्कृतिक परम्परा अनुसार हामी नदी, आकाशको बादल लगायत प्रकृतिका विविध रूपलाई नमस्कार गरेर सकारात्मक भाव व्यक्त गर्दथ्यौं, जो आज समाप्त नै भएको छ । यसको परिणाम हाम्रो सामु छर्लङ्ग छ । श्रीकृष्ण भन्नुहुन्छ- जहाँ मनुष्य र प्रकृति अभिन्न मित्रको रूपमा संयुक्त हुन्छन् र एकाकार भएर बाँच्दछन् त्यहाँ हाम्रो सम्पूर्ण जीवन यज्ञमय हुन्छ । यस जगत्मा सम्पूर्ण कुरा संयुक्त छ अर्थात् अलग छैन । परभन्दा परको तारा पनि हामीसँग जोडिएको छ । हाम्रो शब्दको ध्वनिबाट अनन्त दूरीको आकाशका कुराहरू पनि प्रतिध्वनित हुन्छन् र हाम्रो हृदय र उनीहरूको हृदय झङ्कृत  हुन्छ । जीवन एउटा संयुक्त व्यवस्था अर्थात् परिस्थिति विज्ञान हो ।

*कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।*
*तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥*

**कर्म समुदायलाई तिमी वेदबाट उत्पन्न र वेदलाई अविनाशी परमात्माबाट उत्पन्न भएको जान । यसबाट सर्वव्यापी परम अक्षर परमात्मा सधैं यज्ञमा प्रतिष्ठित छ भन्ने सिद्ध हुन्छ ॥**

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- कर्म समुदायलाई तिमी वेदबाट उत्पन्न भएको र वेदलाई अविनाशी परमात्माबाट उत्पन्न भएको भनेर जान । वेद शब्दको अर्थ ज्ञान हो जो केवल संहितामा मात्र निर्भर छैन । ज्ञान गतिशील हुन्छ, अवरुद्ध हुँदैन । ज्ञान करोडौं संहिताहरूमा उल्लेख गरेर पनि पूरा हुन सक्दैन किनभने ज्ञान अनन्त छ । हाम्रो कर्म दुई प्रकारबाट उत्पन्न हुन्छ । एउटा कर्म अज्ञानबाट उत्पन्न हुन्छ जो हामी सदैव गर्छौं, जहाँ कर्ता र अहङ्कार उपस्थित हुन्छ । जुन कुरा परमात्माले गर्छन् भन्ने भाव उत्पन्न हुन्छ, त्यो ज्ञानबाट उत्पन्न कर्म हो जहाँ अहङ्कार हुँदैन । अहङ्कार र अज्ञान संयुक्त घटना हो भने ज्ञान र निरहङ्कार पनि संयुक्त घटना हो ।

श्रीकृष्ण भन्नुहुन्छ- यज्ञरूपी कर्म ज्ञानबाट उत्पन्न कर्म हो जो परमात्माबाट उत्पन्न भएको छ । हामी वेद परमात्माले रचेको हो वा परमात्माको मुखको वाणी हो भन्छौँ । यो प्रतीकात्मक कथन हो । चेतना जब निरहङ्कार हुन्छ, तब परमात्मा त्यहाँ उत्रिएर आफैं प्रवेश गर्छ । यथार्थमा त्यही निरहङ्कारी शुद्ध चेतनाले वेद लेखेको हो र यसलाई परमात्माले लेखेको भन्नु एक प्रकारले ठिकै पनि हो किनभने त्यहाँ व्यक्ति आफू नभई परमात्मा नै भइसकेको हुन्छ । उनीहरूले त्यही लेखे जो परमात्माले उनीहरूभित्र रहेर लेखाए । त्यसैले यो लेख्ने व्यक्तिहरूले हामी त केवल माध्यम हौँ वास्तवमा लेख्न त परमात्माले नै लगाएको हो भनेका छन् । जब कुनै व्यक्तिमा ज्ञान प्राप्त हुन्छ, त्यो परमात्माबाट मात्र प्राप्त हुन्छ । ज्ञान परमात्माको स्वभाव हो, जो प्रकाश जस्तो छ । जुन कर्मबाट दुख, बन्धन, सन्ताप-पीडा प्राप्त हुन्छ त्यो अज्ञानबाट उत्पन्न भएको कर्म हो । जुन कर्मबाट बन्धन पैदा हुँदैन, आनन्द एवम् निश्चिन्तता र मुक्ति फलित हुन्छ त्यो ज्ञानबाट प्राप्त कर्म हो भन्ने जान्नुपर्छ । अहङ्कारको अनुपस्थिति भएमा परमात्माको उपस्थिति बन्छ । त्यसर्थ श्रीकृष्ण भन्नुहुन्छ- सर्वव्यापी परम अक्षर परमात्मा सधैं यज्ञमा प्रतिष्ठत छ । हामीमा कर्ताभावको अभिमान हटेमा परमात्मा तत्काल हामीमा प्रवेश गर्नुहुने छ ।

एकपटक टोकियो विश्वविद्यालयका दर्शनशास्त्रका प्राध्यापक जैन फकिर बाकेइसँग भेट्न गए । सत्य जानिसकेका व्यक्तिबाट यथार्थ पत्ता लगाउन उनी ठुलो कष्टसाथ उकालो चढेर पुगेको हुँदा थकित

थिए । उनले बाकेइलाई भेट्नासाथ सत्य के हो, परमात्मा के हो र धर्म के हो, भनी प्रश्न गरे । बाकेइले एकछिन बिश्राम गर्न आग्रह गर्दै भने म चिया लिएर आउँछु हुन सक्छ चिया पिउँदा पिउँदै तपाईंले आफ्नो प्रश्नको उत्तर पाउनुहुने छ । प्राध्यापकले उनलाई पागल सम्झिए । चिया र प्रश्नबिच कुनै तालमेल कसरी हुन सक्छ भन्ने उनलाई लाग्यो । चिया पिउनुबाहेक विकल्प पनि थिएन । बाकेइले चिया कपमा खन्याउन थाले । कप भरिएर पोखिन थालेपछि पनि उनी रोकिएनन् । त्यो दृश्य देखेर प्राध्यापकले चिया पोखिन थालेको तपाईंले देख्नुभएन भनेर बाकेइलाई भने । बाकेइले तपाईं सत्य, धर्म र परमात्मालाई जान्न आउनु भएको छ; तर के तपाईंभित्र यो जान्नका लागि अलिकति पनि ठाउँ बाँकी छ भनेर सोधे । यो सुनी प्राध्यापक हडबडाउँदै चिया पनि नपिएर फर्किन लागे । उनले फर्किंदा बाकेइलाई भित्र ठाउँ खाली बनाएर पुनः आउछु भने । तब बाकेइले हाँस्दै प्राध्यापकलाई जवाफ दिए- तपाईले भित्र ठाउँ खाली गरेपछि यहाँ आउनु नै पर्दैन, परमात्मा आफैं तपाईभित्र प्रवेश गर्ने छन् । जहाँ निरहङ्कारिता घट्छ त्यहाँ भित्र खालीपन हुन्छ र परमात्मा त्यहाँ स्वयम् प्रवेश गर्दछन् । यज्ञरूपी कर्मले ज्ञानपूर्ण र मुक्तिदायी हुन्छ ।

*एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।*
*अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥*

**हे पार्थ ! जुन पुरुषले लोकमा वेदहरूद्वारा स्थापित यो सृष्टिचक्रलाई ग्रहण गर्दैन वा निर्देशित कर्म गर्दैन त्यस्तो इन्द्रियजन्य विषयमा आसक्त पुरुष पापपूर्ण जीवनतिर लागी व्यर्थमा नै बाँच्दछ ॥**

*यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।*
*आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥*

**जो आफैँमा आनन्दित छ, जो स्वयं प्रकाशित वा आत्मसाक्षात्कारबाट पूर्ण छ र जो भित्री हृदयदेखि नै आफैंमा पूर्ण सन्तुष्ट छ भने त्यस्तो व्यक्तिका लागि कुनै कर्तव्यकर्म बाँकी रहन्न ॥**

*नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।*
*न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥*

**त्यो सिद्ध महापुरुषलाई यस विश्वमा न कुनै निर्धारित कर्तव्य गर्नुपर्ने बाध्यता हुन्छ, न कर्म गर्ने कुनै प्रयोजन हुन्छ, न त कर्तव्य सम्पन्न नगर्नुका पछाडि कुनै कारण नै हुन्छ । सम्पूर्ण प्राणीहरूमा उनीहरूको किञ्चित्मात्र पनि स्वार्थको सम्बन्ध हुँदैन, बरु यिनीहरू लोककल्याणदायी कर्ममा लाग्छन् ॥**

माथिका श्लोकमा श्रीकृष्णले सृष्टिको क्रमअनुसार जीवन कसरी निर्वाह गर्ने सम्बन्धमा बताउनु भएको छ । उहाँका अनुसार जीवनसृष्टिको क्रमअनुसार र सृष्टिको क्रमको प्रतिकूल पनि बाँच्न सकिन्छ । मनुष्यहरू पनि जीवनको धारासँग बग्ने वा जीवनको क्रममा संघर्ष गरेर बाँच्ने हुन्छन् । जो व्यक्ति सृष्टिको क्रमअनुसार जीवनको धारामा बग्दछन् तिनीहरू परमात्मालाई स्वीकार गरेर धार्मिकतापूर्वक जीवननिर्वाह गर्दछन् । यो धार्मिक व्यक्तिहरूको लक्षण हो । परमात्मालाई नमान्ने व्यक्तिहरू विपरीत धारामा बग्दछन् र जीवनलाई पापपूर्ण बनाएर व्यर्थ नै बाँच्दछन् । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ हे पार्थ ! जुन मनुष्यलोकमा वेदहरूद्वारा स्थापित यो सृष्टिचक्रलाई ग्रहण गर्दैन वा निर्दिष्ट कर्म गर्दैन यस्तो मनुष्य पापपूर्ण जीवनमा लागेर व्यर्थ बाँच्दछ भने जो आफैंमा आनन्दित, स्वप्रकाशित र पूर्ण सन्तुष्ट छ यस्तो व्यक्तिका लागि कुनै कर्तव्य शेष रहँदैन । यो सारा जगत्सँग हामी संयुक्त छौँ र यो सारा जगत् हामीबाट भिन्न छैन किनभने हामी यसैमा जन्मिन्छौँ र यसैमा लीन हुन्छौँ । त्यसैले जो व्यक्ति जीवनको धारासँग लड्न खोज्छ, त्यो रुग्ण र विक्षिप्त हुन्छ । जीवनको क्रममा बग्ने व्यक्ति मात्र परिपूर्ण र स्वस्थ हुन्छ । यो जीवनको धाराबमोजिम कर्म गर्न सनातन धर्मले जीवनको परिचालनको सूत्र बताएको थियो । प्रथमतः वर्णको आ-आफ्नो स्वधर्मअनुसारको कर्म गर्ने व्यवस्था सनातन धर्मले निर्माण गरेको थियो । दोस्रो सृष्टिको क्रमअनुसारका व्यक्तिहरूले उक्त समयसम्म जानेको व्यवस्थाअनुसार शास्त्रसम्मत कर्म गर्ने व्यवस्था

निर्माण गरेका थिए । श्रीकृष्ण पदार्थ र चेतनालाई खण्डमा बाँड्ने वा विभाजित गर्ने होइन, अखण्ड बनाएर बाँच्ने व्यवस्थाका बारेमा बताउनुहुन्छ ।

पहिले शास्त्रले जीवनलाई चार हिस्सामा विभाजित गर्दै व्यक्तिहरूलाई पनि चार वर्णमा विभाजित गरेको थियो । यो जीवनको धारासँग सम्बन्धित थियो । पहिलो हिस्सा जो पच्चिस वर्षसम्मको थियो, जसलाई ब्रह्मचर्याश्रम भनियो । दोस्रो पचास वर्षसम्मको अवधिलाई गृहस्थाश्रम, तेस्रो पचहत्तर वर्षसम्मको अवधिलाई वानप्रस्थाश्रम र चौथो सय वर्षसम्मको काललाई संन्यासाश्रम भनियो । पहिलो पच्चिस वर्ष जीवनको प्रभातकाल हो जहाँ जीवनको ऊर्जा विकसित हुन्छ । शरीर ससक्त हुन्छ, इन्द्रियहरू बलशाली हुन्छन् । बुद्धि तेजस्वी हुन्छ र यो जीवनको उज्यालो प्रारम्भ हुने बेला हो । यो प्रभातको बेलालाई ब्रह्मचर्याश्रम भनिन्छ । ब्रह्मचर्याश्रम संयमको समय हो । जससँग शक्ति सञ्चय हुन्छ उसैले मात्र भोग गर्न सक्छ र असक्त व्यक्तिले जीवनको भोगबाट वञ्चित हुनुपर्छ । त्यसैले पहिलो चरण जीवनको तयारीको बेला हो । जो व्यक्ति पूर्ण रूपमा भोग्न सक्छ त्यही व्यक्तिले पूर्ण त्याग पनि गर्न सक्छ । जसलाई जान्न सकिन्छ त्यसैबाट मुक्त पनि हुन सकिन्छ, यही जीवनको अनिवार्य नियम हो । पहिलो चरणको ब्रह्मचर्यपछि दोस्रो पच्चिस वर्ष अर्थात् पचास वर्षको अवधिसम्म कामवासनाको भोगमा उतार्ने बेला हो । मानिस गृहस्थाश्रमका बेला कामवासनाको गहिरो अनुभवबाट गुज्रिन्छन् । कामवासनाको गहिरो अनुभवबाट नै व्यक्ति त्यसबाट बाहिर निस्किन सक्छ । जसले यसलाई गहिरो रूपमा भोग गर्न सकेको छैन त्यो व्यक्ति यसबाट निस्किन पनि सक्दैन । आज बुढो व्यक्ति पनि कामवासनाको गहिरो भोग पूर्ण शक्तिले नगरेका कारण यसबाट निस्किन र मुक्त हुन सकेको छैन । दोस्रो चरणमा व्यक्तिहरूको शक्तिक्षय गर्ने र इन्द्रियको सुखलाई भोग्ने समय हो र यस चरणमा पनि जीवनको क्रमअनुसार चल्नुपर्दछ ।

यो दोस्रो चरणमा शक्तिसम्पन्न व्यक्ति मात्र कामवासनाबाट मुक्त हुन सक्छन् तर कमजोर व्यक्ति सदैव यसमा ग्रस्त भएर रहन्छ । त्यसैले विगतमा जति शक्तिसम्पन्न युग थियो, त्यो कामवासनाबाट मुक्त थियो । कामवासनाबाट रुग्ण भएको युग कमजोर युग हो । कमजोर व्यक्ति वासनामा जान पनि सक्दैन, केवल वासनाको चिन्तन मात्र गर्छ । यस्तो व्यक्तिको मस्तिष्क काम केन्द्रबाट हटेर गतिमान् हुन्छ । त्यसैले पहिलो पच्चिस वर्ष शक्तिसञ्चयको रूपमा व्यवस्था गरिएको हो । जति शक्तिसञ्चय भयो, व्यक्ति त्यति नै इन्द्रियहरूको अनुभवमा गहिरो जान सक्थ्यो । व्यक्ति जति गहिरो रूपमा इन्द्रियहरूको सुखमा जान्छ त्यति नै इन्द्रियहरूबाट मुक्त पनि हुन सक्छ । इन्द्रियहरूको अनुभवबाट गुज्रिएर व्यक्तिले के जान्न सक्छ भने इन्द्रियहरूबाट पाउनयोग्य केही पनि छैन । तर इन्द्रियबाट मुक्त हुनका लागि इन्द्रियहरूको अनुभव सुनेर होइन अनुभव गरेर मात्र सम्भव हुन्छ । जीवनको पहिलो क्रम शक्तिसञ्चय हो र पहिलो चरणको ब्रह्मचर्य आश्रममा जीवनको मनोवैज्ञानिक क्षण पनि जोडिएको हुन्छ । त्यो क्षण कठोर श्रमको चरण हो । जुन व्यक्तिको बाल्यावस्था जति श्रमपूर्ण हुन्छ, उसको पछिल्लो जीवन त्यति नै सुखपूर्ण हुन्छ । बाल्यावस्थामा सुखपूर्ण जीवन जिउने व्यक्तिको अगाडिको जीवन त्यति नै विषादमय र दुखपूर्ण हुन्छ । सुख सदा सापेक्षतामा हुन्छ । पहिलो चरणको आश्रम श्रम र साधनाको थियो । त्यसैले सो अवधिको जीवनमा रुखासुक्खा रोटी आदि परिश्रमको जे कमाइ पाइन्छ, त्यो सुखपूर्ण हुन्थ्यो । आज ठिक उल्टो व्यवस्था गर्न खोजिएको छ त्यसैले त्यसको दुष्परिणाम भविष्यमा भोग्नुपर्ने हुन्छ ।

पहिलो अधिक श्रमशक्ति भएको ब्रह्मचर्याश्रमको श्रमपूर्ण जीवन पछि गएर कम श्रमपूर्ण हुन्छ, जो जीवनको सही क्रममा थियो किनभने अधिक श्रमशक्ति भएको अवस्थामा नै अधिक श्रम गर्नु उपयुक्त हुन्छ । आज बच्चा कम श्रम गर्छन् र बुढा व्यक्तिहरू अधिक श्रम गर्छन् । त्यसैको परिणाम आज शक्ति भएका व्यक्तिहरू उपद्रवी भएका छन् । आजका ब्रह्मचर्यमा रहने अवस्थाका युवाहरू शक्तिको सही उपयोग गर्न नपाएर विश्वविद्यालयमा तोडफोड, आगजनी लगायतका काम गर्न उद्विग्न भएका छन् ।

बेकाम भएका कारण यिनीहरूको शक्ति गलत दिशामा प्रवाहित भएको छ । हिजो यस्तै शक्ति भएका व्यक्तिहरू गुरुकुलमा दाउरा काट्थे, जहाँ उनको शक्ति उपयोग हुन्थ्यो र गुरुकुलमा ब्रह्मचर्यको अवस्थामा क्षमताको विकासमा उनीहरू संलग्न हुन्थे । यथार्थमा उनीहरूको समयमा विश्राम थिएन । पहिलो चरणमा पूर्ण श्रमको व्यवस्था थियो र अन्तिम चरणमा पूर्ण विश्रामको व्यवस्था थियो । बिचमा दुई सिँढीहरू थिए । पहिलो चरणमा व्यक्तिको विकास पूरा हुन्थ्यो । उक्त अवधिमा व्यक्तिमा अन्तर्निहित सम्भावनाहरूलाई सञ्चय गर्ने व्यवस्था गरिएको थियो, जहाँ कुनै विश्रामको क्षण हुँदैनथ्यो । यही कठोर एवम् अथक श्रमका कारण आफ्नो शक्तिलाई आफ्नो सम्भावनाको मार्गमा लैजाने व्यवस्था थियो । जीवनयात्रामा अगाडि जे जस्ता उपलब्धि प्राप्त हुन्थे तिनले उनीहरूलाई सन्तोष दिन्थे । हिजो सन्तोषको व्यवस्था जीवनको क्रमसँग जोडिएको थियो, जो आज अस्तव्यस्त भएको छ । त्यसैले त आज सन्तोष कुनै पनि कुराबाट प्राप्त हुँदैन ।

यो ब्रह्मचर्यको अवस्थामा अर्को पनि व्यवस्था जीवनको हिस्साको रूपमा थियो । जीवन साम्यवादी थियो । समानता र सामूहिकता (Commune) को व्यवस्था थियो । राजा, धनी, गरिब सबैलाई एकै किसिमको व्यवस्था थियो । राजाको छोराले पनि जङ्गलबाट दाउरा काटेर ल्याउनुपर्थ्यो, गुरुको सेवा गर्नु पर्थ्यो र समानतामा आधारित जीवनव्यवस्था बिताउनुपर्दथ्यो । त्यो समानताको अवधि भएकाले समाजमा असमानताका बाबजुद व्यक्तिका हृदयमा कुनै असमानता थिएन । यो समाजको प्राथमिक आधारशिला स्थापना गर्ने काल थियो ।

दोस्रो आश्रम गृहस्थाश्रम थियो । पच्चिस वर्षको ब्रह्मचर्यको शिक्षापछि अब उसलाई दोस्रो चरणमा वैवाहिक जीवनको थालनीसँगै इन्द्रिय सुखमा प्रवेश गर्ने मौका प्राप्त हुन्थ्यो । उसलाई ब्रह्मचर्यको उद्देश्य र मर्मबारे पहिलो चरणमा सिकाइएका कारण व्यक्तिले अब ब्रह्मचर्य र गृहस्थी जीवनलाई तुलना गर्न सक्थ्यो । अबको वासनाको भोगबाट उसले पहिलो चरणको ब्रह्मचर्यलाई तुलना गर्न सक्थ्यो र जब ब्रह्मचर्यलाई वासनासँग तुलना नै गर्न नसकिने पाउँथ्यो, तब वासना उसका लागि केवल कर्तव्य मात्र रहन जान्थ्यो । उसको मनोभाव यस आशाले कि म कसरी ब्रह्मचर्यलाई उपलब्ध हुन सकूँ भनेर अर्को चरणका लागि प्रतीक्षा गरिरहन्थ्यो । ब्रह्मचर्य र वासनाको तुलना गर्न गाह्रो हुन्छ । यो त त्यस व्यक्तिले मात्र जान्दछ, जो व्यक्ति ब्रह्मचर्यबाट गुज्रिसकेको हुन्छ अन्यथा हामीहरूले तुलना गर्दा त एक स्त्री वा पुरुषबाट सुख नपाए अर्कोबाट पाउन सकिन्छ कि भनेर मात्र तुलना गर्दछौं। हामी व्यक्ति बदलेर सुख खोज्छौं तर अवस्था बदलेर सुख खोज्दैनौं किनभने हामीलाई अन्य अवस्थाको कुनै जानकारी नै छैन । त्यसैले वासनाको जगत्मा प्रवेश गर्नुअघि ब्रह्मचर्यको अवस्थाबाट गुज्रिनु अनिवार्य हुन्छ अन्यथा वासनाले हामीलाई मृत्युवरण नगरुन्जेलसम्म पनि छोड्दैन ।

ब्रह्मचर्य अवस्था भन्दा त्यसपछिको गृहस्थाश्रमको अवस्था अत्यन्त निरस हुन्छ र तुलनायोग्य नै हुँदैन । दोस्रो चरणको अवस्थामा यदि तुलनात्मक अध्ययन गरिए वासना केवल कर्तव्यकर्म मात्र हुन्छ । त्यसैले जो व्यक्ति सन्तानप्राप्तिका लागि कामवासनामा उत्रिन्छ त्यो व्यक्ति ब्रह्मचारी जस्तै हुन्छ । पचास वर्षको उमेरमा उसका सन्तानहरू आश्रमबाट फर्किने समय हुन्छ । त्यो उमेर उसको सम्भोगको उमेर नभई अब कामवासनाबाट मुक्त हुने अवस्था हो । जुन दिन छोरा विवाहित हुन्छ, त्यही दिन बाबु-आमा अब जङ्गल जाने समय आयो भन्ने प्रस्ट हुन्छ । उसको गृहस्थाश्रमका अनुभवहरू सन्तानले पनि जान्न जरुरी हुन्छ । त्यसैले यदि ऊ जङ्गल गयो भने उसको अनुभवबाट उसका सन्तानहरू विमुख हुने छन् । घर एवम् अन्य अनुभवहरू प्राप्त गर्न जो सन्तानहरू वञ्चित छन्, उनीहरूलाई ती कुरा हस्तान्तरण नगरी ऊ जङ्गल जानु उपयुक्त हुँदैन । त्यसैले ऊ वानप्रस्थी भएर त्यो अनुभव आफ्ना सन्तानलाई सिकाउँछ । उसका नातिहरू गुरुकुलबाट ऊ पचहत्तर वर्ष हुँदा घर आउने र

गृहस्थाश्रममा प्रवेश गर्ने समय हुन्छ र उसका छोरा आफ्ना छोरालाई आफ्नो अनुभव सिकाउन सक्ने अवस्थामा हुन्छन् । त्यसैले पचहत्तर वर्षमा व्यक्ति सबैसँग बिदाबारी भएर जङ्गल प्रस्थान गर्ने अत्यन्त वैज्ञानिक व्यवस्था जीवनको क्रममा थियो ।

अब संसारलाई हेर्ने कुराबाट निस्किएर आफ्नो जीवनलाई धन्य बनाउने समय त्यो व्यक्तिलाई प्राप्त हुन्छ । त्यसैले अबको पच्चिस वर्षको जीवन प्रभुस्मरणको जीवन हुने छ र यसरी जङ्गलमा गएको र प्रभुस्मरण र चिन्तनमा लागेको व्यक्तिले नै पहिलो चरणका व्यक्तिहरूलाई गुरुको कर्म गरेर शिक्षा प्रदान गर्ने व्यवस्था थियो । जुन समाजमा बुढा र अनुभवी व्यक्ति गुरु हुँदैनन् त्यो समाजमा सही अर्थमा गुरु नै हुँदैनन् र यस्तो वासनाशून्य व्यक्ति नै पूजनीय गुरु हुन सक्छ । त्यसैले यस्तो निर्वासनायुक्त वृद्ध गुरुलाई गुरु वा भगवान् भनिएको हो । आजका गुरुसँग केवल सूचना छ, तर जीवनको मूल्य र गहन ज्ञान भने छैन । यस्तो जीवनको क्रमिक व्यवस्थाअनुसार शास्त्रसम्मत चौथो आश्रम संन्यासाश्रम हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- जो यसप्रकारको शास्त्रसम्मत आश्रम व्यवस्थामा प्रवेश गर्छ, उसले अनुकूल जीवन बाँच्दछ । उसलाई इन्द्रियको सुख त प्राप्त हुन्छ नै, अन्ततः आत्माको आनन्द पनि उपलब्ध हुन्छ। जीवनको क्रममा अन्ततः यस्तो अवस्थामा पुग्छ, जहाँ गर्नु र नगर्नुमा कुनै भेद रहँदैन ।

अर्जुनलाई श्रीकृष्ण यस जीवन-क्रमका बारेमा बताउनुहुन्छ- अहिले तिमी त्यो अवस्था र स्थितिमा छैनौ जहाँबाट तिमी सन्न्यासमा जान सक्छौ । तिमी जीवनको क्रमअनुसार सन्न्यासी भएर मुक्त हुने स्थितिमा पुगेका छैनौ । अहिले तिमीले छनोट गर्‍यौ भने त्यो तिम्रो गलत छनोट हुन सक्छ । तर जीवनमा एउटा यस्तो क्षण आउँछ जहाँ आफ्नो छनोटविना नै व्यक्ति गर्नु र नगर्नु बराबरको स्थितिमा पुगेर उसमा सन्न्यास फलित हुन्छ । श्रीकृष्णले अर्जुनलाई प्रथमतः जोड दिँदै उनको स्वधर्म क्षत्रिय धर्म हो भनेर बताउनुभयो, जो सनातन रूपमा खोजिएको वैज्ञानिक वर्णव्यवस्थाको जानकारी थियो । वर्णाश्रम मनुष्य जातिका लागि गरिएको महान् व्यवस्था थियो । त्यही शास्त्रसम्मत व्यवस्था बमोजिम तिमी कर्म गर । तिमीले शास्त्रहरूले बताएअनुसार आचरण गर्‍यौ भने एकदिन निश्चित रूपमा त्यहाँ पुग्ने छौ, जहाँ तिमी अहिले पुग्न खोजिरहेका छौ अर्थात् सन्न्यासी हुने छौ र तिमी मुक्त पनि हुने छौ । तिमी त्यसलाई स्वभावतः आउन देऊ आफ्नातर्फबाट अनावश्यक भागदौड नगर । जीवनको छालसँग लड्यौं भने हामी उल्भिन्छौं । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जीवनको क्रममा सृष्टिको जे क्रम छ त्यसैसँग हतार नगरेर धैर्य राखेर बग । यसरी बगेर जो आफैंमा आनन्दित र सन्तुष्ट हुन्छ त्यस्तो व्यक्तिका लागि कुनै कर्तव्य बाँकी हुँदैन, न कर्म गर्ने कुनै प्रयोजन हुन्छ, न त कर्तव्यकर्म सम्पन्न नगर्नुका पछाडि कुनै कारण हुन्छ । उसलाई त कुनै अरू जीवात्मामाथि निर्भर रहने आवश्यकता पनि रहँदैन बरु उ आफैं लोककल्याणकारी कर्ममा लाग्दछ । जीवनका सबै कर्म गर्दागर्दै पनि कर्ताभाव हट्नेबित्तिकै, सुख-दुख, हार-जित बराबर हुने अवस्था आफैं आउँछ ।

*तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।*
*असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥*

**तसर्थ इन्द्रियजन्य भोगप्रति आसक्ति नराखी निरन्तर आसक्तिरहित भएर कर्म गर । आसक्तिरहित कर्मद्वारा मानिसले परमपुरुषलाई प्राप्त गर्दछ ॥**

*कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।*
*लोकसङ्ग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥२०॥*

**निष्काम कर्मद्वारा नै जनक आदि राजाहरू पनि आसक्तिरहित कर्मद्वारा परमसिद्धिमा प्राप्त भए । त्यसैले लोकसङ्ग्रहलाई हेरेर शिक्षा दिने उद्देश्यले पनि तिमी निष्काम कर्म गर्न योग्य छौ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- तिमी यसप्रकार भाग्न नखोज र भाग्ने कुरा पनि नसोच किनभने भाग्नु सम्भव नै छैन । जे सम्भव छ, तिमी त्यही गर । हे अर्जुन ! तिमी अनासक्त कर्मका निम्ति उपलब्ध होऊ । अनासक्त हुनु आसक्त र विरक्त हुनु होइन । हामी कुनै चिजप्रति कि त आकर्षित या त विकर्षित हुन्छौँ । कुनै सुन्दर वस्तु देख्दा त्यसलाई पाउने अभिलाषाका कारण मनमा आसक्ति बढ्छ र यदि वस्तु सुन्दर नभए मनमा विरक्ति छाउँछ । यो हाम्रो दुई प्रकारको अनुभव हो । अनासक्ति आसक्ति र विरक्तिको मध्यविन्दु हो, जहाँ न आकर्षणले, न विकर्षणले नै काम गर्दछ । जहाँ कुनै पनि चिजप्रति दृष्टिकोण नै रहँदैन, हामी केवल साक्षी मात्र हुन्छौँ । आसक्ति र विरक्ति एउटै सिक्काका दुई पाटा हुन् । हामी जुन कुरामा आकर्षित हुन्छौं त्यही कुरामा भोलि विकर्षित पनि हुन सक्छौं । एउटाप्रतिको आसक्ति पूरा हुने बित्तिकै त्यसप्रति आकर्षण समाप्त भएर अर्को नयाँप्रतिको आसक्ति सुरु हुन्छ ।

अनासक्तको अर्थ हामीलाई कुनै पनि चिजले न आकर्षित गर्दछ, न त विकर्षित नै गर्दछ, केवल साक्षी मात्र बन्दछ भन्ने हो । बुद्धले अनासक्तिलाई आसक्ति र विरक्ति दुवैतिरबाट उपेक्षा भन्नुभएको छ । महावीरले यसलाई वीतराग भन्नुभएको छ । जहाँ राग र विराग दुवै हुँदैन त्यो नै वीतराग हो । आसक्त र विरक्त दुवै कर्म गर्छन् र दुवैको कर्म गर्ने ढङ्गमात्र विपरीत हुन्छ तर यिनीहरूको चित्तमा कुनै फरक हुँदैन र गुण धर्ममा पनि कुनै परिवर्तन हुँदैन । अनासक्त व्यक्ति साक्षी एवम् प्रतिक्रियाविहीन अवस्थामा हुन्छ । अनासक्त व्यक्ति जे छ त्यही हुन्छ त्यसमा उसका तर्फबाट कुनै संलग्नता वा प्रतिक्रिया हुँदैन । अनासक्त पुरुष परमात्माले जीवनमा जे जस्तो ल्याउँछन् त्यसलाई साक्षी भावले केवल चुनावरहित भएर हेर्दछ । श्रीकृष्णले जनकको उदाहरण दिँदै भन्नुहुन्छ- हे अर्जुन ! तिमी त वैराग्यको कुरा गर्ने जनक जस्तो ज्ञानी पनि छैनौ । जनकजस्ता ज्ञानीले पनि छोडेर भागेनन् । उनले परमात्मालाई धन्यवाद प्रदान गरेर अनासक्त भई चुपचाप स्वीकार भावले जीवनयापन गरे ।

जहाँ हामी दुई शक्ति देख्छौँ, त्यहाँ तेस्रो शक्ति पनि हुन्छ । दुई त हामीले सदा देख्छौं तर तेस्रो शक्ति सामान्यतः देखिन्न । आसक्त र विरक्त दुवैलाई देख्न सकिन्छ । अनासक्तले जो आकर्षित वा विकर्षित भइरहेको छ त्यसलाई पनि र जो दुवै देखिरहेको छ त्यसलाई पनि देख्दछ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी यसैमा प्रतिष्ठित होऊ । यसैमा प्रतिष्ठित हुनु तिम्रो लागि मङ्गल एवम् हितकारी हुन्छ । यसमा लोकमङ्गल पनि छ । आसक्त र विरक्त दुवै आनन्दमा जान सक्दैनन्, किनभने जो स्वयम् आनन्दमा छैनन् उनीहरूले अरूलाई पनि आनन्द प्रदान गर्न सक्ने प्रश्न नै उठ्दैन । यिनीहरू आसक्ति र विरक्तिका कारणले गर्दा तनावले भरिएका हुन्छन् । एउटा पोखरीमा ढुङ्गा फ्याँक्दा त्यो पानी भित्र डुब्छ तर त्यसको तरङ्ग भने परसम्म पानीमा फैलन्छ । हामी तनावमा हुँदा पनि हाम्रो तरङ्ग यसै प्रकारले कैयन् व्यक्तिहरूलाई स्पर्श गरेर कैयन् व्यक्तिहरूको जीवनमा अमङ्गल पैदा गर्छ ।

केवल अनासक्त व्यक्तिको चित्तमा दुख, चिन्ता, तनाव र पीडाका विकृत तरङ्गहरू पैदा हुँदैनन् । यिनीहरूबाट उठ्ने सबै प्रकारका तरङ्ग मङ्गलकारी हुन्छन् । त्यसैले अनासक्त व्यक्तिको कर्मलोक मङ्गल अर्थात् कल्याणकारी हुन्छ । हामी चौबिसै घण्टा हामीले भोगेका घटनाहरू विकेन्द्रित गर्छौं; प्रत्येक व्यक्ति हरपल पोखरीमा पत्थर फ्याँकेजस्तै तरङ्ग उठाइरहन्छ र त्यसलाई फ्याँकिरहन्छ । हामीहरूले उठाएको तरङ्ग हामीभन्दा अनन्त पर रहेका ताराहरूसम्म पनि पुग्दछ । वैज्ञानिकहरू भन्छन् ५० हजार ग्रहहरूमा जीवन छ र उनीहरूले चार अर्ब ताराहरूका बारेमा पत्ता लगाएका छन् । प्रत्येक व्यक्तिबाट उठेको तरङ्ग व्यक्ति समाप्त भए पनि ब्रह्माण्डमा अनन्त रूपमा चलि नै रहन्छ । श्रीकृष्ण भन्नुहुन्छ- अनासक्त व्यक्तिभित्र जुन गुण विकसित हुन्छ, त्यसबाट अन्जानमा उसबाट उठेको तरङ्गले मनुष्यहरूको लोककल्याण गर्दछ । त्यसैले हे अर्जुन ! तिमी लोकमङ्गलका लागि पनि अनासक्त होऊ । आफ्ना लागि त यो आनन्ददायी छँदै छ, अरूका लागि पनि आनन्ददायी हुन्छ ।

जनक आदि महान् पुरुषहरूले सबै जानेर पनि जीवनबाट भाग्ने कुनै चेष्टा गरेनन् । तिमी पनि नभाग । भागेर कहिले पनि कोही कहीं कतै पुग्न सक्दैन । भाग्नाले कहिले पनि कोही रूपान्तरित पनि हुँदैन । जान्ने व्यक्तिहरू भाग्दैनन् केवल रूपान्तरित हुन्छन् । विरक्ति आसक्तिबाट भाग्नु हो र जो व्यक्ति आसक्तिमा बाँच्दछ उसको मनमा सदा विरक्तिको भाव आई नै रहन्छ किनभने जीवन ध्रुवीय (Polar) छ । यहाँ प्रत्येक चिजको दोस्रो ध्रुव छ । बिजुलीको Negative-Positive Pole जस्तै अँध्यारो-उज्यालो, जन्म-मृत्यु, सुख-दुख जीवनका दुई ध्रुव छन् । जो व्यक्ति आसक्तिमा बाँच्दछ उसलाई सयकडौं पटक विरक्तिको भाव आइरहन्छ । कहिलेकाहीँ कुनै क्षणमा सबै बेकार छ; तसर्थ यी सबैलाई छोडिदिन्छु जस्तो लाग्छ तर केही क्षणमा त्यो भाव समाप्त भएर पुनः सबै सार्थक लाग्न थाल्छ । अनासक्त व्यक्तिको जीवनमा मात्र यस्तो भाव उत्पन्न हुँदैन । ऊ स्थिर हुन्छ किनभने उसमा विरक्ति र आसक्ति दुवै हुँदैन एवम् उसमा कुनै विपरीतता नै हुँदैन । त्यसैले अनासक्त व्यक्ति देवत्वमा अर्थात् ब्रह्ममा प्रवेश गर्छ । अनासक्त भाव कर्ममा साक्षी बन्नु हो ।

*यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।*
*स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥*

**श्रेष्ठ पुरुषहरूले जस्तो जस्तो व्यावहारिक आचरण गर्दछन् अन्य सामान्य मानिसहरूले त्यसको अनुसरण गर्दछन् । महापुरुषहरूले उदाहरणीय कार्य गरेर जस्तो आदर्श स्थापित गर्दछन्, अन्यले त्यसको अनुसरण गर्दछन् ॥**

मनुष्यको चित्तको एउटा लक्षण नक्कल गर्नु हो । ९९ प्रतिशत व्यक्तिहरू प्रामाणिक वा आधिकारिक हुँदैनन् । उनीहरू केवल नक्कल मात्र गर्छन् । सानो बालकले सबै कुराहरू नक्कल गरेर सिकेजस्तै अधिक व्यक्तिहरू बाल्यावस्थादेखि नै नक्कल गर्न थाल्छन् । उनीहरू उमेर भएर पनि नक्कल गरेर नै बाँच्दछन् । श्रीकृष्ण अर्जुनलाई भन्दै हुनुहुन्छ- तिमी ती पुरुषहरूमध्ये श्रेष्ठ छौ, जसमा अनेकौं व्यक्तिहरू तिमीलाई हेरेर जीवन बाँच्न चाहन्छन् । तिमीले जे गर्ने छौ, उनीहरू पनि त्यही गर्ने छन् र यदि तिमी जीवनबाट भाग्यौ भने उनीहरू पनि तिमी जस्तै भाग्ने छन् । बुद्धले जब सन्न्यास लिनुभयो, तब हजारौं व्यक्तिहरू पनि सन्न्यासी बने । बुद्धको सन्न्यास त प्रामाणिक थियो तर उहाँको नक्कल गर्ने व्यक्तिहरू बुद्धको हैसियतका थिएनन् । महावीरका लागि सन्न्यास नियति थियो, तर उहाँका अनुयायीहरूको त्यो हैसियत थिएन ।

श्रीकृष्ण भन्नुहुन्छ- ती हजारौं व्यक्तिहरू तिमीलाई हेरेर बाँच्दछन् । हे अर्जुन ! तिमी यस समयमा लाखौं व्यक्तिहरूका आदर्श पुरुष हौ । तिमीलाई पछ्याउने व्यक्तिहरू अत्यधिक छन्; त्यसैले यदि तिमी जीवनबाट भाग्यौ भने ती लाखौं व्यक्तिहरू पनि तिमीलाई पछ्याउँदै भाग्ने छन् । तिमी विरक्त भएर पलायन भयौ भने उनीहरू पनि पलायन हुने छन् । त्यसैले तिमी अनासक्त होऊ ताकि तिम्रा अनुयायीहरूका हृदयमा पनि फूल फुल्न सकोस् । तिमीलाई हेरेर कतिपय व्यक्तिहरूले आफ्नो गन्तव्य बनाउँछन् । तिमी अनासक्त भयौ भने उनीहरूको जीवन पनि मङ्गलमय हुने छ ।

*न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।*
*नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥*

**हे अर्जुन ! मेरा लागि तीनै लोकमा गर्नैपर्ने कुनै कर्तव्य छैन । मेरा लागि न कुनै प्राप्त गर्न योग्य वस्तु छन्, न त इच्छा गरेर नपाइएका कुराहरू छन् तर पनि म निरन्तर कर्ममा नै लागिरहन्छु ॥**

*यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।*
*मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥*

**हे पार्थ ! यदि मैले निर्धारित कर्म सावधानीपूर्वक सम्पन्न गरिनँ भने ठुलो हानि हुने छ किनभने सम्पूर्ण मानिसहरू मेरो मार्गको अनुसरण गर्दछन् ॥**

*उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।*
*सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥*

**यदि मैले निर्धारित आफ्ना कर्तव्यकर्म गरिनँ भने सारा मानिसहरू नष्टभ्रष्ट हुने छन् । यस स्थितिमा म अवाञ्छित सन्तान (वर्णशङ्कर) को स्रष्टा बन्ने छु अनि यी सबै प्राणीको विनाशको कारण बन्ने छु ॥**

श्रीकृष्ण यहाँ परमात्माको रूपमा यी कुरा भन्दै हुनुहुन्छ- मलाई अब केही पनि पाउनु छैन किनभने मैले सबै पाइसकेको छु र अब कुनै पनि कर्म मेरा लागि बाँकी छैन किनभने मैले सबै कर्म गरिसकेको छु र जो पाउनु थियो त्यो पाइसकेको छु र जे गर्नु थियो त्यो पनि गरिसकेको छु । त्यसैले अब मेरा लागि कुनै कर्तव्य कर्म बाँकी छैन । परमात्माले मात्र यस्तो भन्न सक्छन् । राम यसरी साहसपूर्वक भन्नुहुन्न, त्यसैले हिन्दुहरूले रामलाई पूर्ण अवतार मानेका छैनन् । श्रीकृष्ण जस्तो निरहङ्कारीलाई मात्र यत्रो साहस उपलब्ध छ । श्रीकृष्ण भन्नुहुन्छ- मलाई कर्म गर्नु कुनै आवश्यकता छैन तथापि 'म' कर्म गरिरहेको छु । म सबै कर्म छोड्न पनि सक्छु तर मैले यसो गरें भने लाखौं व्यक्तिहरू जसलाई अझ धेरै पाउन बाँकी छ उनीहरू पनि कर्म गर्न छोडिदिन्छन् । परमात्माको साक्षात्कार गर्न नपाएका व्यक्तिहरूले गर्नुपर्ने धेरै कुराहरू बाँकी छन् किनभने उनीहरूले कुनै मूल्यवान् वस्तु पाएकै छैनन् । त्यसैले श्रीकृष्ण जस्तो पूर्ण व्यक्तिले कर्म गर्न छोड्ने हो भने हामी जस्तो व्यक्ति न घरको न घाटको हुन्छौँ । हामीले पाउनयोग्य पाएका छैनौं र जान्न योग्य पनि जानेका छैनौँ । त्यही जान्न र पाउनयोग्य छ, जो पाएपछि वा जानेपछि केही पाउन र जान्न शेष रहँदैन । श्रीकृष्ण भन्नुहुन्छ- न मेरो कुनै भविष्य छ न त आकाङ्क्षा नै छ तथापि म कर्म गर्दै छु । व्यक्तिहरू जो अकारण रोकिएका छन् तिनीहरूलाई केही पाउने र जान्ने दिशामा अगाडि बढाउन श्रीकृष्ण जस्तो व्यक्तिले करुणापूर्वक चल्नुपरिरहेको छ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- यदि तिमी रोकियौ भने तिम्रा लागि पनि हितकर हुने छैन किनभने तिमीले पनि त्यो ज्योतिर्धाम प्राप्त गरेका छैनौ । त्यसैले तिमीले अहिले श्रम र साधना गर्नुपर्ने छ । यदि रोकियौ भने तिमीलाई आफ्नो आर्दश मानेर हिंड्ने लाखौँ व्यक्तिहरू पनि रोकिन्छन्, जो उनीहरूका लागि पनि खतरनाक हुन्छ । कृष्णको सारा सक्रियता र करुणा ज्योतिर्धाम पुग्न बाँकी व्यक्तिहरूप्रति हो। उहाँको यो प्रयास हामी सबैमा गति आओस् भन्ने उद्देश्यले हो । श्रीकृष्ण पूर्णावतार हुनुहुन्छ । अवतार पुरुष हामी त्यो व्यक्तिलाई भन्छौं जसलाई पाउनु केही पनि छैन, तथापि पाउने व्यक्तिहरूको बिचमा उपस्थित छ । अवतार हामी त्यस व्यक्तिलाई भन्छौं जसलाई जान्नु केही शेष छैन, तथापि जान्ने व्यक्तिहरूको पाठशालामा सँगै रहन्छ । अवतार हामी जिन्दगीको घनापनमा उभिएको त्यो व्यक्तिलाई भन्छौं, जसलाई अब लिनु केही पनि छैन । अवतारको अर्थ त्यो व्यक्ति जसले प्राप्त गर्ने केही कुरा शेष छैन तर पनि बाटामा प्रतीक्षारत छ भन्ने हो ।

बुद्धको जीवनका बारेमा एउटा भनाइ छ; बुद्धको महापरिनिर्वाण भएपछि उहाँ मोक्षको द्वारमा उभिनु भएको छ र द्वारपालले उहाँलाई भावपूर्वक स्वागत गरेर भित्र प्रवेश गर्न बिन्ती गर्छ । तर बुद्ध भित्र प्रवेश गर्नुहुन्न । द्वारपाल सविनय अनुरोध गर्दै भन्छ- लामो समयदेखि हामी हजुरको प्रतीक्षामा छौं । चालिस वर्ष अघि नै बुद्धको मोक्षको यात्रा समाप्त भइसकेको थियो र जे पाउनुपर्ने हो त्यो उहाँले पाइसक्नुभएको थियो । मोक्षको द्वार चालिस वर्षदेखि नै बुद्धका लागि खुल्ला थियो तर अहिले पनि प्रवेश नगरी उहाँ द्वारमा उभिनु भएको छ । उहाँ भन्नुहुन्छ- जबसम्म एक जना व्यक्ति मात्र पनि मेरा पछि हुने छन्, तिनले मोक्ष प्राप्त नगरीकन म भित्र प्रवेश गर्दिनँ र म अन्तिम व्यक्ति हुन चाहन्छु । भिक्षु महापात्र

भन्नुहुन्छ- बुद्ध अहिले पनि मोक्षको द्वारमा उभिएर प्रतीक्षा गरिरहनुभएको छ । यस कथाको अभिप्राय गहिरो र सत्य छ ।

श्रीकृष्ण अर्जुनलाई सम्झाउँदै भन्नुहुन्छ- आफ्ना लागि मात्र कर्म गर्नु पर्याप्त हुँदैन र यथार्थमा कर्म त सुरु नै तब हुन्छ, जब यो अर्काका लागि हुन्छ । आफ्ना लागि बाँच्ने व्यक्ति बोझपूर्वक बाँच्छ । जब व्यक्ति अरूका लागि पनि बाँच्दछ, तब उसमा प्रभुको प्रसादको वर्षा हुन थाल्छ । जीवनमा अरूका लागि बाँच्दा आनन्द प्राप्त हुन्छ । आमा जब सन्तानका लागि बाँच्दछिन् तब उनी आनन्दले भरिन्छिन् । क्षणभरका लागि पनि अरूका लागि बाँच्दा जीवन आनन्दले भरिन्छ । जसले सबै पाइसक्यो ऊ अरूका लागि नै बाँच्दछ किनभने आफ्ना लागि बाँच्ने त कुनै कारण नै शेष रहँदैन । त्यसैले श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी आफ्ना लागि विचार गर किनभने तिम्रो यात्रा बाँकी छ र जो तिमीलाई पछ्याइरहेका छन् उनीहरूको बारेमा विचार गर किनभने उनीहरूको त लामो यात्रा नै बाँकी छ । श्रीकृष्ण पुनः भन्नुहुन्छ- मैले पनि निर्दिष्ट कर्म गरिनँ भने मनुष्यहरू नष्ट भ्रष्ट हुने छन् । यस स्थतिमा म अवाञ्छित सन्तानको स्रष्टा बन्ने छु र सबै प्राणीको विनाशको कारण बन्ने छु ।

*सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।*
*कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसङ्ग्रहम् ॥२५॥*

**हे भारत ! कर्मको फलमा आसक्त भएका अज्ञानी जनहरू जसरी कर्म गर्दछन्, त्यसरी नै अनासक्त रहेर विद्वान्जनले लोकसङ्ग्रह गर्ने उद्देश्यले कर्म गर्नुपर्छ ॥**

कर्ममा आसक्त, अज्ञानी जनले आसक्तिका कारण कर्म गर्दछन् । उनीहरूलाई धन, पद, प्रतिष्ठाको आसक्तिले नै कर्म गराउँछ तर अनासक्त व्यक्तिको कुनै यस्तो उत्प्रेरणा (Motivation) हुँदैन । त्यसैले उसको कर्म आसक्त व्यक्ति जस्तो हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- कर्ममा आसक्त व्यक्ति जसरी कर्म गर्दछन् त्यसरी नै अनासक्त व्यक्ति पनि आसक्तिरहित भएर कर्म गरुन् । त्यसो गर्नाले कर्म एउटा अभिनय मात्र हुन्छ । एउटा अभिनेता एवं अभिनेत्रीले जसरी आफ्नो नाटकको पाठ पूर्णतया नै गर्छन्, त्यस्तै अनासक्त व्यक्तिले पनि कर्म गर्नुपर्छ तर यो अभिनय मात्र हो भनेर जान्नुपर्छ र यसो गर्नाले उसको पूर्णताले गरिएको अभिनय आसक्तिरहित हुन्छ । श्रीकृष्णलाई हामी लीलाधारी भन्छौँ । उनको सम्पूर्ण जीवन लीलाहरूले भरिएको छ । उनलाई हामी पूर्ण अवतार मान्दछौं तर रामको जीवनलाई हामी लीलामय मान्दैनौं । रामको जिन्दगीमा खेल हुँदैन, त्यहाँ गाम्भीर्य एवं कर्तव्यले भरिएको जीवन छ । तर श्रीकृष्णको जीवन एउटा खेलमय छ तथापि उहाँ पूर्णताले सबै कुरा गरिरहनुभएको छ । उहाँको भित्र पवित्रताले भरिएको एकान्तपन छ । त्यसैले रामको जीवन चरित्रमय भएको छ र श्रीकृष्णको जीवनमा लीला मात्र छ । चरित्रमा जीवन संयुक्त र लीलामा जीवन वियुक्त हुन्छ । कृत्यमा श्रीकृष्ण कर्मभन्दा बाहिर हुनुहुन्छ । श्रीकृष्णका लागि सम्पूर्ण पृथ्वी नै नाटकको मञ्चसिवाय केही पनि होइन ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी कर्म त अज्ञानीहरूले आसक्तिपूर्वक गरेजस्तै गर तर वास्तवमा तिमी अनासक्त होऊ, अर्थात् अभिनय गर । तिमी युद्ध गरिरहेका छौ भन्ने नसोच । तिमी अभिनय गरिरहेका छौ भन्ने सोच । रङ्गमञ्चमा तिमी युद्धमा विभिन्न व्यक्तिलाई मार्छु भनेर नसोच, यो अभिनयमा गरिने हत्या मात्र हो भन्ने सोच । अज्ञानीजन जो आफूलाई कर्ता ठान्छन् उनीहरू आसक्तिमय कर्म गर्छन् । तिमीले कर्म अज्ञानी जस्तै गरे पनि हुन्छ तर कर्तापन मात्र त्याग । तिमी बाहिरबाट होइन, भित्रैबाट यो भाव जगाऊ ।" कृष्णको सारा जोड भित्रको भावलाई रूपान्तरण गर्नु भन्ने हो । भित्रबाट कर्तापन बदलिने बित्तिकै व्यक्ति अभिनेता मात्र रहन्छ । कर्म आसक्त व्यक्ति जस्तो तर चित्त अनासक्त व्यक्ति जस्तो गर । यसले तिम्रो र लोकको पनि कल्याण हुन्छ । अनासक्त व्यक्तिको जीवन र कर्म कुनै सर्तमा बाँधिँदैन । त्यो निसर्त हुन्छ र उसका लागि सारा जगत् नै लीला हुन्छ साथै त्यो लोककल्याणका लागि पनि हुन्छ । अर्जुन

त अहिले आसक्त नै छन्, अनासक्त भइसकेका छैनन् । त्यसैले अर्जुनलाई ध्यानमा राखेर श्रीकृष्णले अरूको हितका लागि तिमी अनासक्त भएर कर्म गर भन्नुभएको हो । क्षत्रियको मनमा लोकमङ्गलको भावना हुन्छ ।

*न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।*
*जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥*

**ज्ञानी पुरुषले सकाम कर्ममा आसक्त भएका अज्ञानीहरूको बुद्धिलाई भ्रमित वा विचलित नगराओस्; परमात्मास्वरूप ज्ञानी पुरुषले शास्त्रविहित कर्ममा आसक्ति राख्ने मनुष्यहरूलाई निर्दिष्ट सबै कर्म राम्ररी गर्न र उनीहरूलाई पनि आफ्नै बाटोमा हिँड्न प्रेरित गरोस् ॥**

यो महत्त्वपूर्ण सूत्रमा श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानी जनहरूले अज्ञानी जनहरूलाई कर्मप्रति अश्रद्धा उत्पन्न गराउनु हुँदैन । अज्ञानीहरूको जीवनमा कुनै उत्पात वा भ्रम नहोस् भनेर ज्ञानीहरूले विचार गर्नुपर्छ । ज्ञानीहरूको जीवन अत्यन्त कोमल एवं नाजुक हुन्छ । ज्ञानीको अवस्था पागलखानामा रहेको त्यो व्यक्ति जस्तै हुन्छ, जो पागल छैन तर पागलहरूका बिच रहनुपरेको छ । ज्ञानीले यदि आफ्नो आचरण आफूले जानेको ज्ञानको आधारमा गऱ्यो भने त्यो कैयन् अज्ञानीहरूलाई भड्काउने कारण बन्न सक्छ । ज्ञानीले आफ्नो स्तरबाट जानेको कुरा अज्ञानीलाई भन्यो भने अज्ञानीका लागि त्यो खतरनाक साबित हुन सक्छ। श्रीकृष्ण सत्यलाई उद्घाटित गर्दा सत्य सोझै भन्नुहुन्न, हाम्रो अवस्था र स्तरलाई पनि विचार गरेर मात्र भन्नुहुन्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- अनासक्त व्यक्तिले अज्ञानीलाई ध्यानमा राखेर कर्म गर्नुपर्छ । उसको कर्मलाई नै नबुझ्ने व्यक्तिले उसलाई अनुसरण गर्दा हानि मात्र प्राप्त गर्छ । तिमी युद्धबाट भाग्यौ भने तिमीलाई अनुसरण गर्ने व्यक्तिले पनि तिमी जस्तै गर्ने छन् । अज्ञानी व्यक्तिले हरेक कर्ममा सत्यको दुरुपयोग र असत्यको उपयोग गर्छ । ज्ञानीले यसकारण छोड्छ कि उसका लागि अब पक्रनु र नपक्रनु बराबर भइसकेको हुन्छ । पाकेको फल वृक्षबाट झरेजस्तै उसबाट कर्म स्वतः छुट्छ तर काँचो फलले पनि पाकेको फलको अनुसरण गर्दै झर्न खोज्यो भने त्यो फल बेकार हुन्छ । त्यसैले पहेंलिएको पत्ता वृक्षबाट झऱ्यो भने त्यो कुहिँदैन तर काँचो पात झऱ्यो भने त्यो सड्छ । अज्ञानी व्यक्तिको अवस्था काँचो काठलाई जलाउँदाको स्थितिको हुन्छ, धुँवा मात्र बढी निस्किन्छ । जो व्यक्ति जीवनबाट जानेर छुट्छ त्यो व्यक्ति सुकेको दाउरा जस्तो हुन्छ र इन्धन बन्छ तर जो व्यक्ति नजानेर छुट्न खोज्छ, त्यो काँचो दाउरा जस्तो हुन्छ । ज्ञानीको जीवन तरवारको धारमा हिँडेजस्तो हुन्छ । उसले आफ्नो ज्ञानको पनि ख्याल राख्नुपर्छ र चारैतिर भएका अज्ञानीहरूको पनि ख्याल राख्नुपर्छ । उसले यस्तो कर्म गर्नुपर्छ जहाँ उसका कृत्यले कुनै अज्ञानीको श्रद्धालाई चोट नपुऱ्याओस् र जीवनलाई अभिशाप नबनाओस् । श्रीकृष्ण भन्नुहुन्छ- तिमी यसरी बस कि तिम्रा कारण कुनै अज्ञानी जनको श्रद्धालाई आघात नपुगोस् र यस्तो प्रयास गर कि तिम्रो अनासक्तिको सुभाषले उनीहरूको जीवन पनि सुभाषित हुन सकोस् । उनीहरू पनि जीवनमा रहँदा रहँदै अनासक्त हुन सकून् । यसो गऱ्यौ भने शुभमङ्गल हुने छ, अन्यथा अमङ्गल मात्र प्राप्त हुने छ ।

*प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।*
*अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥*

**अहङ्कारले मोहित भएको जीवात्माले प्रकृतिका गुणहरूबाट भएका वा गरिएका सम्पूर्ण कर्ममा पनि म नै 'कर्ता हुँ' भन्ने ठान्दछ ॥**

समस्त कर्म प्रकृतिबाट उत्पन्न भएको गुणका आधारमा हुन्छ, तर अहङ्कारले वा अज्ञानले भरिएको पुरुष 'म कर्ता हुँ' भनेर मान्दछ । सम्पूर्ण कर्म प्रकृतिबाट गरिएको हुन्छ तर जसलाई म गर्दछु भन्ने लाग्दछ त्यो उसको भ्रम मात्र हो त्यो कर्म पनि प्रकृतिबाट नै गरिएको हुन्छ । हामीलाई कुनै अनुहार प्रीतिकर लाग्छ भने त्यो लाग्नुमा हाम्रो छनोट हुन्छ तर त्यो अनुहार राम्रो लाग्नुमा यो मेरो आँखा र

प्रकृतिको आँखामा तालमेल भएर राम्रो लागेको हो, कुनै भोजन मिठो लाग्नुमा प्रकृतिको रस र भोजनको रसमा तालमेल हुनाले स्वादिष्ट लागेको हो र त्यसमा म कहाँ छु भनेर जान्नुपर्छ । यदि हामीले कर्म र अहङ्कारमा गम्भिर रूपमा डुबेर हेऱ्यौं भने अहङ्कार एउटा भ्रान्ति मात्र हो । वास्तवमा सबै कुरा जीवनले गरिरहेको छ । जे हामीलाई सुखद लाग्छ त्यो पनि प्रकृतिको एउटा गुणधर्म हो र दुख लाग्नु पनि त्यस्तै हो । सुख र दुख एउटा तालमेल हो तर म सुखी या दुखी हुन्छु भनेर सोच्नु एउटा भ्रान्ति मात्र हो । जन्म-मृत्यु, जवानी-बुढ्यौली एवम् हार-जित पनि मभित्रको प्रकृति र बाहिरको प्रकृति बिचको सम्बन्ध हो ।

श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानी पुरुष म कर्ता हुँ भन्ने अज्ञान, अहङ्कार र भ्रममा पर्दैन । उसले यो सबै प्रकृतिले गरिरहेको छ भन्ने जान्दछ । यो सबै प्रकृतिले गरिरहेको छ भन्ने जान्नासाथ सबै सुख-दुख समाप्त हुन्छन् । यो सबै प्रकृतिको गुणधर्मको विस्तार हो र हामी यसमा उठेको एक लहर वा अंश मात्र हौं भन्ने उसलाई थाहा हुन्छ । यो बुझ्ने बित्तिकै जीवनमा आसक्ति-विरक्ति समाप्त हुन्छ र मनुष्यलाई ज्ञान प्राप्त हुन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी आफू लडिरहेको छु भन्ने नसोच । यो त प्रकृति लडिरहेको छ। कौरवहरूको आफ्नो प्रकृति र गुणधर्म छ भने पाण्डवहरूको आफ्नो प्रकृति र गुणधर्म छ । यी दुवैका बिच तालमेल छैन, त्यसैले सङ्घर्ष भइरहेको छ । श्रीकृष्णको हिसाबले त यो धर्म र अधर्मको लडाइँ हो र प्रकृतिका दुई अलग धारहरू बिचको सङ्घर्ष हो । यसमा अर्जुनको कुनै पनि भूमिका छैन, केवल भ्रान्ति मात्र छ । अर्जुन म जित्छु, म हार्छु, म मार्छु भन्ने भ्रममा छन् । यो सबै त समुद्रको लहरमा देखिने फिँज जस्तो मात्र हो । फिँजलाई लाग्न सक्छ म त लहर र समुद्रमाथि छु तर समुद्रको लहरको सङ्घर्षबाट उत्पन्न भएको फिँज अर्को लहरबाट हटेर जान्छ । अर्जुन र दुर्योधन दुवै त्यही फिँजजस्तै लहर हुन् । सबै कुरा प्रकृतिले निर्धारण गर्छिन् । जब कुनै व्यक्ति अहङ्कारबाट मुक्त हुन्छ, तब उसका निम्ति सुख-दुखको कुनै अर्थ पनि शेष रहँदैन ।

ज्ञानी कर्म गरेर पनि कर्ता बन्दैन । ज्ञानी बाहिरबाट हेर्दा सबै कुरा गरे जस्तो हुन्छ तर भित्रबाट शून्य हुन्छ । ज्ञानीमा प्रकृतिको गुणधर्म बाहिर मात्र हुन्छ भित्र त पहिलो जन्ममा जस्तो थियो त्यस्तै रहन्छ । जवान बुढो हुन्छ, तर भित्र ऊ त्यही रहन्छ । ज्ञानी भित्र अस्पर्शित रहन्छ तर हामी अहङ्कारको कारणले स्पर्शित हुन्छौं । श्रीकृष्ण यति मात्र भन्नुहुन्छ- ज्ञानी कर्म गरेर पनि कर्ता बन्दैन र जो कर्ता बन्दैन, उसले जीवनको परम सत्यलाई जान्दछ ।

*तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।*
*गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥*

**हे महाबाहु ! गुण विभाग र कर्म विभागलाई जान्नेवाला ज्ञानयोगीहरूले सम्पूर्ण गुण गुणमा नै क्रियाशील छन् भन्ने सम्झन्छन् र उनीहरूमा आसक्ति हुँदैन ॥**

जीवनलाई दुई प्रकारले हेर्न सकिन्छ । एउटा दृष्टिकोण जीवनलाई म केन्द्र हुँ भनेर मान्नु र दोस्रो सारा जीवन परिधि हो भनेर ठान्नु हो । पहिलो दृष्टिकोण आफूलाई जीवनरूपी घुम्ने चक्रको केन्द्र मान्नु हो जुन अज्ञानरूपी मनोदशा हो । अज्ञानी आफूलाई केन्द्र मानेर सबै कुरा आफूबाट नै भएको ठान्दछ । न ऊ प्रकृतिको गुणका बारेमा र न परमात्माको समग्रताका बारेमा केही जान्दछ । ऊ केवल आफूलाई कर्ता मात्र ठान्दछ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे महाबाहु ! गुण विभाग र कर्म विभागलाई जान्नेवाला ज्ञानयोगी सम्पूर्ण गुण गुणमा नै क्रियाशील छन् भन्ने सम्झेर उनीहरूमा आसक्ति हुँदैन । आजभन्दा ३०० वर्ष अघिको समयसम्म मानिसहरू पृथ्वी नै केन्द्र हो र सारा सूर्य, चन्द्रमा लगायतका ग्रह पृथ्वीलाई परिक्रमा गर्छन् भनी सोच्दथे । पोल्यान्डका निकोलस कोपर्निकस (Nicolaus Copernicus) ले पृथ्वीले नै सूर्यको परिक्रमा गर्छ, सूर्यले पृथ्वीको होइन भन्ने रहस्य पहिलो पटक उद्घाटित गरे । यो जानकारीले मनुष्यको

अहङ्कारमा चोट पुग्यो । अज्ञानीले जगत्को केन्द्र आफूलाई ठान्दछ र उसले सारा जगत् उसैको परिधिमा घुम्दछ भन्ने सोच्दछ ।

केन्द्र जहाँ भए पनि आफू परिधिमा हुन पाउनु पनि परमात्माको कृपाले सम्भव भएको हो भन्ने ज्ञानी ठान्दछ । ज्ञानी भन्दछ- केन्द्र म होइन, केन्द्र त केवल परमात्मा मात्र हुनुहुन्छ । म त परिधिमा उठेको एउटा लहर मात्र हुँ । जब कसैले उठाउँछ, तब उठ्छु र जब कसैले गिराउँछ तब गिर्छु । जब कसैले गराउँछ वा रोक्छ तब ज्ञानी त्यसै अनुसार नै गर्छ । हामीलाई जन्म र मृत्युको पनि ज्ञान छैन । हामीलाई श्वास किन भित्र जान्छ, त्यो पनि थाहा छैन । वास्तवमा हामी जगत्मा किन छौं भन्ने पनि थाहा छैन । त्यसैले ज्ञानी भन्छ- यो त विराट्को कर्म हो र आफू त्यसको लहरको एउटा छेउभन्दा बढी होइन । कर्म परमात्माको हो र हार-जित, सुख-दुख आदि जे पनि फलित हुन्छन् यी सबै प्रकृतिका गुण-दोषका परिणाम हुन् । यस्तो जान्ने व्यक्तिको जीवनमा अनासक्ति उत्पन्न हुन्छ र उसले जीवनमा घट्ने सम्पूर्ण घटनाहरू क्रोध, घृणा, प्रेम आदि प्रकृतिको गुणदोषबाट उत्पन्न हुन्छन् भनेर जान्दछ ।

बुद्धको मृत्यु हुने दिन उहाँलाई एउटा अत्यन्त गरिब व्यक्तिले भोजनका लागि बोलाए । उनले काठमा उम्रिएको जङ्गली च्याउको तरकारी र भात बुद्धलाई पस्किए । त्यो च्याउ विषालु थियो र बुद्धले खानेबित्तिकै थाहा पाउनुभयो तर ती गरिब व्यक्ति बडो प्रेमले बुद्धलाई पङ्खा हम्किरहेका थिए । बुद्धको शरीरमा विष फैलिएर उहाँलाई बेहोस बनायो । त्यो गरिब व्यक्तिले त्यो च्याउ बिषालु भएको थाहा पाएपछि बुद्धलाई हात जोडेर तपाईंले किन यस्तो विषालु च्याउ खानुभएको भनी सोधे । प्रत्युत्तरमा बुद्धले भन्नुभयो मैले त्यो च्याउको विषालुपन जानें, शरीरमा विष फैलिरहेको पनि देखेँ, साथै मेरो मृत्युलाई पनि सन्निकट आइरहेको देखें तर मैले तिम्रो आँखामा त्यो पवित्र श्रद्धा र आनन्दपन पनि देखेँ । तिम्रो खुसी र आनन्द जो मैले देखेँ त्यसका अगाडि निश्चित रूपमा आउने मृत्युका लागि बाधक बन्न मैले उपयुक्त ठानिनँ । विष र शरीरले आफ्नो गुणधर्म बमोजिम काम गरे पनि त्यसले मलाई मार्न सक्दैन किनभने म त केवल हेर्नेवाला साक्षी मात्र हुँ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति आफ्नो गुणधर्म र प्रकृतिको गुणधर्मको बारेमा जान्दछ उसलाई दुखले दुखी बनाउँदैन सुखले सुखी पनि बनाउँदैन । यस्तो व्यक्तिका लागि सफलता-असफलता, यश-अपयश बराबर हुन्छन् । जीवन र मृत्युमा पनि यस्तो व्यक्तिलाई भिन्नताको अनुभूति हुँदैन । यस्तो चित्तदशामा नै परमात्माको अवतरण हुन्छ र व्यक्ति मुक्त हुन्छ, अर्थात् अनासक्त हुन्छ । त्यसैले श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी नभाग । परमात्मालाई भरोसा गर र जे भइरहेको छ त्यो हुन देऊ । तिमी बिचमा आउन नखोज र भइरहेको घटनालाई अनासक्त भएर हेर । यदि तिमी अनासक्त हुन सक्यौ भने युद्ध पनि शान्ति हुने छ र यदि तिमी अनासक्त हुन सकेनौ भने शान्ति पनि युद्ध हुनेछ ।

*प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु ।*
*तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥*

**प्रकृतिका गुणहरूबाट मोहित भएका पुरुषहरू भौतिक क्रियाकलापमा वा देह र इन्द्रियले गर्ने कर्ममा नै आसक्त हुन्छन् । ती अल्पज्ञानी आत्मसाक्षात्कारको कुरा नबुझ्ने अज्ञानीलाई पूर्णतया जान्ने ज्ञानी पुरुषहरूले विचलित नगराऊन् ॥**

यसको अर्थ भौतिकतामा रमेकाहरूलाई आध्यात्मिकतामा लागेका व्यक्तिले उत्तेजित वा दिग्भ्रमित तुल्याउनुहुन्न । श्रीकृष्ण उपर्युक्त श्लोकमा भन्नुहुन्छ- प्रकृतिको गुणबाट मोहित भएका पुरुष सम्मोहित हुन्छन् । जसरी सिंहका अगाडि कुनै सिकार उपस्थित भयो भने त्यो भाग्न सक्दैन, सम्मोहित हुन्छ । आकाशमा उडिरहेको पक्षी अजिङ्गरको मुखमा आफैँ खिचिएर आउँछ । जसरी पासोमा परेको पशु बन्धनमा बस्न बाध्य हुन्छ, त्यसरी नै प्रत्येक मनुष्य प्रकृतिको गुणअनुसार मोहित भएर कर्म गर्न बाध्य हुन्छ । स्त्री

र पुरुष एकअर्कालाई सुन्दर लाग्नु पनि प्रकृतिको मोह हो र यो हाम्रो अचेतनमा जन्मेदेखि पलाएको वासनाको बिउ हो । बच्चाको सबैभन्दा पहिलो परिचय आमाको स्तनसँग हुन्छ । प्रकृतिको गुणमा मोहित हुनु सबैभन्दा ठुलो दुखको कारण हो । मनुष्य वस्तुहरूको आकर्षणप्रति विक्षिप्त हुन्छ । प्रकृतिको गुणलाई नबुझ्नाले र प्रकृतिसँग सम्मोहन हुनाले मनुष्य अज्ञान, मोह, आसक्ति र दुख आदिमा पर्दछ । जगत् यस्तै व्यक्तिहरूले भरिएको छ । मनुष्य वस्तुहरूसँग पनि मोहित भएर बाँच्दछन् । चित्तको स्थितिबाट जो जाग्दैन उसले कहिल्यै पनि धर्मको सत्यलाई जान्न सक्दैन र प्रकृतिको गुणमा मात्र भड्किरहन्छ ।

युद्धभूमिमा अर्जुनको सुझबुझ हरायो र गाण्डीव हातबाट झर्‍यो किनभने उनमा यी मेरा प्रियजन, आफन्त भन्ने सोच आयो । यो पनि पागलपन र सम्मोहन हो । अर्जुन जस्ता बहादुर व्यक्ति युद्धको मैदानमा शक्तिहीन भए । बाल्यावस्थाबाट नै जसलाई आफ्ना ठाने, आज उनीहरूसँगै युद्ध गर्नुपर्ने अवस्था आएको कारणले उनको गाथ शिथिल भएर शक्तिहीन भएको हो । अर्जुनलाई आफन्तका विरुद्ध हात उठाउने हिम्मत जुटाउन गाह्रो भएको छ । अर्जुन रूपान्तरित भएर अहिंस्रक पनि भएका छैनन् । यदि युद्धमा यी आफन्तहरू नभएका भए यिनीहरूलाई उनी समूल नष्ट गर्न सक्थे । प्रकृतिका गुणहरूमा मनुष्यहरू मोहित भएर बाँच्दछन् र त्यही मोहले उनीहरूलाई अन्धकारमा धकेलिरहन्छ । ज्ञानी पुरुषहरू यो सम्मोहनबाट मुक्त हुन्छन् । ज्ञानी पुरुषको अर्थ सम्मोहनमुक्त व्यक्ति हो । सम्मोहित व्यक्ति सपना, आकाङ्क्षा या चाहनाको संसारमा भट्किन्छ भने ज्ञानी पुरुष सम्मोहनबाट मुक्त हुन्छन् ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- युद्धमा भएका लाखौँ व्यक्तिहरू कसैलाई पनि युद्ध व्यर्थ छ भन्ने जानकारी छैन । त्यसैले यदि तिमी यहाँबाट भाग्यौ भने डरपोकको रूपमा दरिने छौ । तिमीलाई युद्ध व्यर्थ छ भन्ने लागेमा पनि युद्ध रोकिँदैन । जुन धर्म र सत्यका लागि तिमी लडिरहेका थियौ, त्यसको पराजय भने अवश्य हुन सक्छ । यो चारैतिर भएका लाखौं व्यक्तिहरू युद्धसँग सम्मोहित भएर युद्ध गर्न तत्पर छन् र यिनीहरूलाई केही पनि थाहा छैन । यी प्रकृतिबाट सम्मोहित अज्ञानीहरूका बिच तिमी यस्तो व्यवहार नगर जसबाट यिनीहरूको जीवन अस्तव्यस्त बनोस् । तिमी एक्लै भागेर पनि युद्धलाई रोक्न सक्दैनौ । यदि तिमीलाई होस आएको छ भने तिमी यति मात्र जान कि जिन्दगीमा सुख-दुख, जित-हार सबै समान छन् र ती परमात्माको हातमा छन् । परमात्मा मात्र कर्ता हो तिमी कर्ता होइनौ । त्यसैले तिमी विना कर्ता भएर युद्धमा उत्र ।

*मयि सर्वाणि कर्माणि सन्न्यस्याध्यात्मचेतसा ।*
*निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥*

**आत्मज्ञानले युक्त भएको चेतनाले सम्पूर्ण कर्तव्य कर्म म कृष्णमा अर्पण गरेर आशारहित, ममतारहित र मेरो भन्ने भावनारहित एवम् सम्पूर्ण सन्तापरहित भएर युद्ध गर ॥**

श्रीकृष्ण भन्नुहुन्छ- तिमी आशा र ममतारहित भएर सन्ताप नगरी ममा समर्पण गरेर कर्म गर । श्रीकृष्णले यहाँ "ममा समर्पण गर" भन्नुको अर्थ समष्टिमा समर्पण गर भन्नुभएको हो । श्रीकृष्ण जस्तो अहङ्कारशून्य व्यक्ति नै परमात्मा हो । त्यसैले श्रीकृष्ण जब सबै 'म' कृष्णमा समर्पण गर भन्नुहुन्छ, तब कर्मको फल, परिणाम सबै समर्पित गरेर तिमी युद्धमा उत्र भन्नुभएको हो। समर्पण जस्तो कठिन कुरा अरू केही पनि हुँदैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ज्वरग्रस्त चित्तले समर्पण गर्न सक्दैन; तसर्थ ज्वरविहीन र सन्तापरहित भएर तिमी समर्पित होऊ । जीवनमा ज्वर, उत्पात भएन भने मात्र समर्पण हुन सक्छ । ज्वरग्रस्त चित्त अहङ्कारको भोजन हो र जति जीवनमा क्रोध, लोभ र काम हुन्छ त्यति नै व्यक्तिमा अहङ्कार हुन्छ र अहङ्कारले समर्पण गर्न दिँदैन । हामीले गरेको समर्पण समर्पण नै होइन, किनभने त्यहाँ गर्नेवाला उपस्थित हुन्छ र त्यही गर्नेवाला नै समर्पणका लागि बाधा हो । जबसम्म 'म' भाव छ, तबसम्म

समर्पण हुन सक्दैन र जब 'म' भाव रहँदैन, तब मात्र समर्पण हुन्छ । ज्वरहरूको जोड नै अहङ्कार भएकाले यसको विसर्जन नभईकन अहङ्कार समाप्त हुँदैन ।

आनन्द नदीमा उच्च बहावको बाढी आएजस्तो अवस्था हो । कुनै रुखमा आवश्यकताभन्दा बढी शक्ति नभई फूल फुल्न सक्दैन । जब त्यहाँ उच्च बहाव हुन्छ अनि फूल फुल्छ । कुनै चराले तबसम्म कुनै गीत गाउँदैन, जबसम्म उसमा आवश्यकताभन्दा बढी शक्ति हुँदैन र शक्ति उच्चतर भएका स्थितिमा पक्षी गीत गाउन थाल्छ, मयूर नाच्न थाल्दछ । यो सबै आनन्द प्राप्त गरी आनन्द बगिरहेको अवस्था हो । यो सबै अवस्था हामी ज्वरग्रस्त भएकाले थाहा नै पाउँदैनौं । यो सबै अवस्थामा हाम्रो अधिक शक्ति व्यय हुन्छ जसले गर्दा आनन्द प्राप्त गर्नका लागि हामीमा शक्ति शेष रहँदैन । त्यसैले हाम्रो जीवन उदासीन भएको छ । हाम्रो बाल्यावस्थादेखि बुढेसकालसम्म अनावश्यक हल्ला मात्र छ र अन्त्यमा उपलब्धि शून्य हुन्छ । यसको मूल कारण हाम्रो जीवनऊर्जा ज्वरबाट बगिरहेको छ । त्यसैले जीवनको सङ्गीत र फूल फुल्नका लागि ऊर्जा प्राप्त नै हुँदैन र उनीहरू यसबाट वञ्चित नै रहन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! सन्तापरहित भएर तिमी ममा समर्पित होऊ । समर्पित केवल शक्तिशाली व्यक्ति मात्र हुन सक्छ, कमजोर व्यक्ति समर्पित हुन सक्दैन ।

अस्ट्रियाका मनोचिकित्सक अलफ्रेड एडलर (Alfred Adler) ले यस शताब्दीमा बडो महत्वपूर्ण मनोवैज्ञानिक शोध गरेका छन् र त्यसको निष्कर्ष के रहेको छ भने व्यक्ति जति हीनतामा हुन्छ, त्यति नै अहङ्कारी हुन्छ किनभने शक्तिशाली व्यक्तिले अहङ्कार गर्नु आवश्यक हुँदैन । सूर्यले उदाउन कुनै खबर गर्नुपर्दैन । फूल फक्रन्छ, पक्षी गीत गाउँछ, सागरमा लहर चल्छ, हावा वहन्छ, त्यहाँ कुनै अहङ्कार हुँदैन । हाम्रो अहङ्कारले हामीभित्रको कमजोरीलाई लुकाउँछ । धन, पद र प्रतिष्ठाबाट अहङ्कार जनाउन खोज्छ। हामी आफू केही हुँदाको त कुरा छोडौं केही नहुँदा पनि आफू केही हौं भन्ने मिथ्या अहङ्कार प्रदर्शन गर्न खोज्छौँ । महावीर नाङ्गो हिँड्दा र बुद्ध भिक्षाको पात्र लिएर हिँड्दा पनि उहाँहरूका बारेमा केही बताउन आवश्यक पर्दैन, स्वतः उहाँहरूको अस्तित्वको बोध हुन्छ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी आशारहित ममतारहित र मेरो भन्ने भावरहित भएर पूर्ण रूपमा 'म' मा समर्पित होऊ र तिम्रा आकाङ्क्षा, ममता, आशा र अपेक्षाहरू सबै मलाई छोड । अरूको भार लिनलाई व्यक्ति पूर्णतया सक्षम हुनुपर्छ । रोग लिनका लागि रोगमुक्त र कुनै पनि प्रकारको सहारा आवश्यक नभएको हुनुपर्छ । सबै मलाई छोड भनेर त परमात्मा श्रीकृष्णले मात्र भन्न सक्नुहुन्छ । अर्जुनभित्रका सम्पूर्ण रोगको उत्तर गीता हो । अनेक मार्गबाट अर्जुनले त्यही रोगको कुरा सोधे पनि उनी उत्तर वा मार्ग खोजिरहेका छैनन् अन्यथा यसभन्दा उपयुक्त मार्ग के हुन सक्छ । जहाँ श्रीकृष्ण युद्धको जित-हार र परिणाम आदि सबै ममा छोड म हेर्ने छु, तिमी केवल कर्ताभाव मात्र छोडेर युद्धमा उत्र भन्नुहुन्छ तर अर्जुन छाड्ने हिम्मत जुटाउन सकिरहेका छैनन् ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी सारा आकाङ्क्षा र ममता मलाई छोडिदेऊ । म तिम्रो बोझ लिन तयार छु । म सबै गर्ने छु, तिमी केवल बहाना मात्र बन । अर्जुन केवल आफ्ना व्यक्तिहरूसँग लड्न नचाहेर भाग्नका लागि सबै तर्क जुटाउन खोज्छन् । अर्जुनमा 'म' र 'मेरो' भन्ने भाव हटेको छैन । 'तेरो' वा 'पराई' सँग भएको भए उनलाई लड्न कुनै समस्या हुने थिएन । धर्मको भनाइ हामी माध्यम भएर परमात्मालाई गर्न दिऔँ र आफू कर्ता नभएर परमात्माको यन्त्र मात्र बनौं भन्ने हो । कबिरले भन्नुभएको छ- गीत त परमात्माको हो मेरो होइन; म त केवल बाँसुरी अर्थात् बाँसको 'पौंग्री' मात्र हुँ; यही नै जान्ने व्यक्तिको लक्षण हो । गीता पढ्ने भक्तलाई गीताको वचन भगवान्को वाणी नै लाग्छ । तर कतिपय विचारकहरूलाई श्रीकृष्ण एकातिर अर्जुनलाई अहङ्कार छोड भन्नुहुन्छ, अर्कातिर 'म' मा समर्पण गर भन्नुहुन्छ भन्ने लाग्न सक्छ । कृष्णको यति सरलतायुक्त भनाइमा अहङ्कार हुनै सक्दैन । अहङ्कारले यति सहज र सिधा भन्दैन र

यो सदा छलकपटमा बाँच्दछ । अहङ्कार चातुर्यबाट आफ्नो तृप्ति खोज्छ । अहङ्कारले जे व्यक्त गर्न खोज्छ, त्यो अर्काबाट व्यक्त गराउन चाहन्छ ।

श्रीकृष्ण अद्‌भुत निरहङ्कारी व्यक्ति हुनुहुन्छ, उहाँ सरल भावले भन्नुहुन्छ- सबै मलाई छोड; यसमा कुनै अहङ्कारको भाव छैन । त्यसैले कुनै कारण नै नदिई 'म' माथि सबै छोड भन्नुहुन्छ । यो सिधापन नै उहाँको निरहङ्कार भएको लक्षण हो । जब श्रीकृष्णले अर्जुनलाई भन्नुभयो- सब मलाई छोड, ममा समर्पण गर, त्यस बेला श्रीकृष्णका आँखा, हात, मुहार र सारा शरीरबाट श्रीकृष्णको उपस्थितिको सुगन्धले अर्जुनलाई चारैतिरबाट घेरेको हुनुपर्छ । कृष्णको उपस्थिति, उहाँको प्रकाश, प्रेम र आनन्दले अर्जुनलाई सबैतिर भरेको हुनुपर्छ अन्यथा अर्जुनले पनि के सोच्थे भने तपाईं मेरा मित्र, सारथी भएर मलाई समर्पित हुन भन्नुहुन्छ । तर कृष्णको महान् उपस्थिति र उपदेशले अर्जुनलाई त्यो सोच्ने अवसर नै दिएन । त्यस समयमा कृष्णको आभाले सबै घेरिएको हुँदा त्यहाँ कुनै अहङ्कारको रेखा पनि थिएन । कृष्ण अर्जुनलाई यो उपदेश दिँदा एउटा द्वार बन्नुभएको छ । त्यतिखेर अर्जुनलाई निश्चय नै के लाग्यो होला भने यो भन्नेवाला अरू कोही नभएर स्वयम् परमात्मा हुनुहुन्छ ।

*ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।*
*श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥*

**जुन कुनै मनुष्य दोषदृष्टिले रहित अनि श्रद्धाले युक्त भएर मेरा यी उपदेशहरू नित्य कर्तव्य कर्मका रूपमा पालना गर्दै ईर्ष्यारहित भएर श्रद्धापूर्वक अनुसरण गर्दछन् ती सबै मानिस सकाम कर्मका बन्धनबाट समेत मुक्त हुन्छन् ॥**

*ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।*
*सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥*

**जुन मनुष्य मलाई दोषारोपण गर्दै मेरो मत वा उपदेशलाई ईर्ष्यावश उपेक्षा गर्दछन् र पालना गर्दैनन् ती मूर्खहरू, ती विपरीत बुद्धि भएका अविवेकीहरूलाई तिमी नष्ट भएको जान । यथार्थमा तिनीहरूको पतन निश्चित छ ॥**

*सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।*
*प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥*

**सम्पूर्ण प्राणीहरू प्रकृतिका गुण या आ-आफ्ना स्वभाव अनुसार कर्म गर्छन् । स्वयम् ज्ञानीजनहरू पनि आफ्नै प्रकृतिअनुसार नै कर्म गर्दछन् । आफ्ना निर्धारित कर्तव्यलाई कसैले पनि परित्याग गर्नुहुँदैन । यसमा कसैको हठले केही गर्न सक्दैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जे मैले भनेको छु, त्यसलाई श्रद्धापूर्वक हृदयले अङ्गीकार गरेर जो बाँच्दछ र कर्म गर्दछ, ऊ सम्पूर्ण कर्म एवं कर्मबन्धनबाट मुक्त हुन्छ । कैयन् व्यक्तिले श्रद्धाको अर्थ विश्वास हो भन्ने ठानेका छन् तर त्यो गलत हो । श्रद्धाको अर्थ सत्य र विश्वास यी दुवै होइनन् । विश्वास गर्ने व्यक्तिको भित्र अविश्वास सदा उपस्थित रहन्छ । अविश्वासी चित्तलाई विश्वासको जरुरत पर्दछ । भित्र अविश्वासको सन्देह छ भने त्यसलाई दबाउन विश्वास चाहिन्छ । भित्र अविश्वासशून्य भएको अवस्थामा मात्र श्रद्धा फलित हुन्छ । श्रद्धाको अर्थ अविश्वास नष्ट हुनु हो अर्थात् श्रद्धा अविश्वासको अभाव हो। एकजना व्यक्ति आत्मा अमर छ भन्दछ, तर मर्न डराउँछ भने त्यसका पछाडि अविश्वास रहेको हुन्छ । वास्तवमा भित्र मर्ने डर भएकाले बाहिर मनलाई हामी आत्मा अमर छ भनेर सम्झाउँछौं । हाम्रो सबै विश्वास यस्तै प्रकारको छ । श्रद्धाको अर्थ त्यस्तो हृदय जहाँ विरोधमा कुनै स्वर शेष छैन र जसका विपरीत कोही छैन । श्रद्धाको अर्थ हृदयको समग्रता हो । अविश्वासी त बरु कुनै बेला श्रद्धामा पुग्न सक्छ, विश्वासी कहिल्यै पनि श्रद्धामा

पुग्न सक्दैन । विश्वास सदा अरूबाट पाइन्छ र श्रद्धा स्वयम्बाट आउँछ । श्रद्धा जहिले पनि जीवन्त हुन्छ र विश्वासको सदा मृत्यु हुन्छ ।

विश्वासी र अविश्वासी दुवै तर्कबाट बाँच्दछन् । आस्तिकको तर्क ईश्वर छ भन्ने हुन्छ र नास्तिकको तर्क ईश्वर छैन भन्ने हुन्छ, तर दुवैको भरोसा तर्कमा हुन्छ । वस्तुतः श्रद्धामा तर्क हुँदैन किनभने तर्कको पनि सीमा छ र जीवन तर्कको सीमाभन्दा धेरै अगाडि उपस्थित छ । जीवन तर्करहित हुन्छ र प्रेम अनि प्रार्थना पनि तर्करहित हुन्छ । जीवनको गहिरो रहस्य जहिले पनि अतर्क्य नै हुन्छ । जीवन जहिले पनि तर्कभन्दा बाहिर भएको अनुभव कसैमा भयो भने श्रद्धातर्फ कदम बढ्दछ। जीवनमा जति जाने पनि अन्तमा केही अज्ञानता शेष रहन्छ । जे हामी जान्दछौं त्यो अत्यन्त छुद्र हुन्छ र जो शेष हुन्छ त्यो विशाल र रहस्यपूर्ण हुन्छ ।

१८ औं शताब्दीका वैज्ञानिकमा दुनियाँमा सबै कुरा जान्न सकिन्छ भन्ने सोच थियो । १०० वर्ष अघि पनि वैज्ञानिकलाई थाहा पाउन नसकिने कुरा केही छैन भन्ने भ्रम थियो तर आज वैज्ञानिकहरू भन्छन्- हामीले जे जानेका छौं त्यो त केही पनि होइन । जति हामीले जान्ने कोसिस गर्‍यौं, त्यसबाट हजारौं गुणा रहस्यमय र जान्न नसकिने चिज प्रकट भएकाले अब वैज्ञानिकहरू हामी सबै जान्ने छौं भनी हिम्मतपूर्वक भन्न सक्दैनन् । विज्ञानले विगत सय वर्षमा हार खानुपरेको छ । दार्शनिकहरू पनि हजारौं वर्षदेखिको प्रयासबाट कोही त छ जो विचारभन्दा बाहिर रहन्छ भन्न थालेका छन् । जसलाई जीवन एक रहस्यले भरिएको अनुभव हुन्छ, त्यहाँ श्रद्धा प्रकट हुन्छ । रहस्य श्रद्धाको द्वार हो भने तर्क, प्रमाण, गणित विश्वासका द्वार हुन् । जब व्यक्तिलाई हामी त केही पनि जान्दैनौं भन्ने लाग्छ, तब मात्र श्रद्धा जन्मिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो श्रद्धापूर्वक जीवनका तथ्य, रहस्यलाई अङ्गीकार गर्दछ, उसमा कुनै सन्देह रहँदैन । रहस्यको भूमिमा श्रद्धाको बिउ अङ्कुरित हुन्छ र श्रद्धावान् व्यक्तिले परमात्माद्वारा भनिएको मार्गलाई अबलम्वन गर्‍यो भने ऊ कर्मबन्धनबाट मुक्त हुन्छ र जो मनुष्य ईर्ष्यावश मेरो उपदेशको उपेक्षा गर्दछन् ती विपरीत बुद्धि मनुष्यलाई तिमी नष्ट भएको जान । यथार्थमा तिनीहरूको पतन निश्चित छ ।

रहस्य समग्र हुन्छ भने विश्वास खण्ड-खण्डमा विभाजित हुन्छ । रहस्यको अनुभव भएमा पूरा अनुभव हुन सक्छ । साना बच्चाहरू जीवनका प्रत्येक रहस्यमा आनन्दित हुने भएकाले उनीहरूलाई परमात्माको अंश भनिएको हो । पुतली उडिरहेको छ भने बालक आनन्दित हुन्छन् । उनीहरू असीम आनन्दमा उडिरहेको अनुभव गर्छन् । पत्थरका टुक्राहरू हीरा, जवाहरात भएको आनन्द प्राप्त गर्छन् । नदी बगिरहेको छ, त्यहाँ उनीहरू कुबेरको खजानाबाट रत्नहरू बगिरहेको महसुस गर्छन् । जीवन जो एउटा रहस्य हो; त्यसमा बच्चाहरू एक एक अंशबाट आनन्द प्राप्त गर्दै चकित हुन्छन् । जिससलाई कसैले सोध्यो, तिम्रा प्रभुको राज्य कसले प्राप्त गर्न सक्छ ? तब उहाँले भन्नुभयो- जो पुनः बच्चा जस्तो हुन सक्छ, त्यसले नै प्रभुको राज्य प्राप्त गर्न सक्छ । बालबालिकाहरू श्रद्धालु हुन्छन् । बच्चा जब बाबुको हात समातेर हिँड्छन्, त्यस बेला उनीहरूलाई आफ्ना बाबुप्रति ठुलो भरोसा हुन्छ । आमाको काखमा सुत्दा उनीहरूले आफूहरू संसारका सारा दुखबाट मुक्त भएको धारणा राख्छन्, भरोसामा निश्चिन्तता हुन्छ । आमाको काख र बाबुको हात बच्चाको निश्चिन्ततामा भगवान् जस्तै हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो यस्तै श्रद्धापूर्वक मेरो भनाइ मानेर चल्दछ ऊ सबै कर्मबाट मुक्त हुने छ । श्रीकृष्णले मेरो कथन भन्नु नैं परमात्माको कथन हो । जिससले पनि भन्नुभएको छ- म मार्ग हुँ, म सत्य हुँ (I am the way, I am the truth) यसको अर्थ पनि यही हो ।"

श्रीकृष्ण अर्जुनलाई समर्पित हुनका लागि सम्झाउँदै हुनुहुन्छ- जब व्यक्तिले आफूलाई छोडेर परमात्मा प्राप्त गर्दछ तब ऊ प्रकृतिको गुणमा प्रवेश भएर काम गर्दछ । ज्ञानी पनि त्यस्तै गरी कर्म गर्दछ । अज्ञानी र ज्ञानी दुवै मृत्युलाई प्राप्त गर्छन्; यो शरीरको गुणधर्म हो । जन्म र मृत्यु जीवनका दुइटा

किनारा हुन् । अज्ञानी हठपूर्वक प्रकृतिको गुणसँग लडेर हार्दछ तर पनि लडिरहन्छ । ज्ञानी यो प्रकृतिको गुणधर्म हो भन्ने जानेर साक्षी भावले बाँच्दछ । अज्ञानी नमर्ने प्रयास गर्दछ र ज्ञानी मृत्यु स्वाभाविक हो भन्ने जानेर मृत्युलाई आलिङ्गन गर्छ । त्यसैले अज्ञानी मर्ने पीडा भोग्छ तर ज्ञानी कुनै पीडा नभई मर्दछ । प्रकृतिको गुणदोष ज्ञानी तथा अज्ञानी दुवैको जीवनमा समान रूपमा घट्दछ । अज्ञानीलाई लाग्दछ म जवान हुँ तर ज्ञानीले जान्दछ यो यात्राको एउटा विश्राम मात्र हो । अज्ञानी जवानी छुटेपछि दुखी हुन्छ तर ज्ञानीका लागि यो प्रकृतिको स्वाभाविक घटना जस्तै अनुभूति हुन्छ । अज्ञानी अवश्यम्भावी घट्ने घटनाका लागि पनि लडेर चिन्तित हुन्छ र ज्ञानी त्यसलाई सहज स्वीकार गर्दछ । प्रकृतिको गुण दुवैमा एकै प्रकारले काम गर्दछ । त्यसैले श्रीकृष्ण अर्जुनलाई हठ गर्नु व्यर्थ छ भनी सम्झाउनुहुन्छ ।

अर्जुन आफ्नो स्वभावका विपरीत आफन्तलाई नमार्ने हठ गर्दै छन् । श्रीकृष्ण भन्नुहुन्छ- जसलाई मर्नु छ, त्यो निश्चित मर्ने छ । तिमी व्यर्थमा हठी भएर किन म मार्दिनँ भन्छौ । जो मर्छ त्यो कसैले रोकेर बाँच्दैन र कसैले चाहेर पनि मर्दैन । तिमी व्यर्थमा हठ नगर । तिमी केवल एउटा पात्र मात्र बन र जो परमात्माले गर्न चाहन्छ, त्यसलाई हुन देऊ । प्रकृतिले जे गर्दै छ त्यसलाई पनि हुन देऊ, तिमी बिचमा नआऊ । ज्ञानी र अज्ञानीका बिच समान घटनामा पनि दृष्टि भिन्न हुन्छ । रोग लाग्दा अज्ञानी छाती पिटेर रुन्छ तर ज्ञानीले यसलाई शरीरको गुणधर्म स्वीकार गरेर बाँच्दछ । हठीपन एउटा समस्या हो जो अन्ततः सन्तापमा बदलिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यो हठीपनमा कुनै सार छैन । हे अर्जुन ! जे हुन्छ त्यो भएरै छोड्छ भन्ने कुरा जान । जिससलाई जुन रात पक्राउ गरिँदै थियो त्यो बेला कसैले उहाँलाई तपाईं पक्राउ पर्दै हुनुहुन्छ, तपाईँ यहाँबाट भाग्नुहोस् भने । जिससले भन्नुभयो- जे हुनेवाला छ, त्यो भईकन छोड्छ । उहाँ नभागी त्यही Gatesman को बगैंचामा बस्नुभयो। यो ज्ञानीको लक्षण हो ।

सोक्रेटिजलाई अदालतले विष दिन उर्दी जारी गर्दै भन्यो- तिमी एथेन्स छोडेर जाऊ, तिमीलाई सजाय हुँदैन र माफी पाउने छौ । यदि एथेन्समा रहेर सत्य बोल्न छोड्यौ भने पनि तिमीलाई मुक्त गरिदिने छौं । सोक्रेटिजले भने- सत्य बोल्नुपर्ने छ भने बोलिन्छ र सत्य नबोल्नुपर्ने छ भने बोलिँदैन तर यसबेला म केही भन्न सक्दिनँ । म भोलिका लागि कसरी अहिले भन्न सक्छु किनभने भोलि त हुन्छ कि हुँदैन मलाई थाहा छैन । भोलि जे हुन्छ त्यसका बारेमा म कसरी आज भन्न सक्छु । उहाँका मित्रहरूले जेलका व्यक्तिहरूलाई घुस खुवाएर तपाईंलाई निकालेर लैजाँन्छौ भने तर सोक्रेटिजले भने- मेरो मृत्यु भोलि हुन्छ भने तिमी मलाई मृत्युबाट कसरी निकाल्न सक्छौ, त्यसैले तिमीहरू हठ नगर । मृत्यु आउने छ भने भागेर कोही कहीँ जान सक्दैन । यो गैर हठधर्मको व्यवहार नै ज्ञानको व्यवहार हो ।

*इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।*
*तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥*

**इन्द्रिय र इन्द्रियका विषयभोगमा राग र द्वेष स्थित छन् । यी राग र द्वेषलाई व्यवस्थित गराउने केही शास्त्रीय नियमहरू छन् । यी राग र द्वेषका वशमा मानिस हुनुहुँदैन किनभने यी दुवै आत्मसाक्षात्कारका मार्गमा अवरोधक हुन्छन् अर्थात् यी कल्याणको मार्गका महान् शत्रु हुन् ॥**

जीवनको सारा अनुभव द्वन्द्वको अनुभव हो र यसको सारा बिस्तार नै द्वन्द्व र द्वैतको बिस्तार हो । यहाँ हरेक कुराको विपरीत छ किनभने सारा जगत्को अस्तित्व ध्रुवीय छ । जीवनको सारा भवन उल्टो इँट्टामा टिकेको छ । यहाँ सुख-दुख, राग-वैराग र प्रेम-घृणाको पनि उल्टो इँट्टा छ । जगत्मा प्रेमको इँट्टाबाट मात्र भवन निर्माण हुन सक्दैन, यहाँ घृणाको इँट्टा पनि त्यति नै जरुरी हुन्छ । यहाँ मित्र-शत्रु पनि त्यति नै जरुरी हुन्छ । यहाँ प्रत्येक उल्टो कुरा जरुरी छ किनभने प्रत्येक उल्टोको आधारमा जीवन उभिएको हुन्छ । सारा जगत् विपरीत अर्थात् द्वैतमा निर्भर छ । श्रीकृष्ण अर्जुनलाई सम्झाउँदै भन्नुहुन्छ- इन्द्रियका सबै अनुभव दुबिधाग्रस्त छन् । यसको विषयभोगमा राग र द्वेष स्थित छन् । यसलाई व्यवस्थित गराउने केही

शास्त्रीय नियमहरू छन् । यहाँ सुख आउने बित्तिकै दुख पनि द्वारमा आउँछ । दुख आउँदा सुख पनि प्रतीक्षारत रहन्छ । जसरी पहाडको पछाडि समतल हुन्छ, त्यस्तै प्रत्येक कुराका पछाडि विपरीत हुन्छ । वृक्षका जरा जमिनमुनि हुन्छन् र जरा तल गए भने मात्र वृक्ष माथि अग्लिन्छ ।

मनोवैज्ञानिकहरू भन्छन्- घृणा गर्न नसक्ने व्यक्तिले प्रेम गर्न सक्दैन तर तथाकथित धार्मिक व्यक्तिहरू प्रेम गर, घृणा नगर, सबैलाई मित्र मान, शत्रु नमान भनी सम्झाउँछन् । शत्रु नबनाउने व्यक्तिले मित्र पनि बनाउन सक्दैन । यो जीवनको कठोर सत्य हो । क्रोध गर्न नसक्ने व्यक्तिले क्षमा गर्न पनि सक्दैन । जीवन विपरीततामा निर्भर हुन्छ । ज्ञानीले दुवैलाई स्वीकार गर्छ भने अज्ञानी एउटालाई मात्र बचाउन खोज्छ । श्रीकृष्ण अर्जुनलाई तिमी जन्म-मृत्यु, सुख-दुख, सफलता-असफलता दुवैलाई एकसाथ स्वीकार गर भन्नुहुन्छ। इन्द्रियहरूले राम्रो-नराम्रो, प्रीतिकर-अप्रीतिकर एवम् सुख-दुख जन्माउँछन् । ज्ञानी दुवै द्वन्द्वबाट बाहिर भएर साक्षी हुन्छ । ज्ञानीका लागि सुख-दुख दुवै उस्तै हुन्छन् किनभने उसलाई यी दुवै जीवनमा आउने र जाने छन् भन्ने थाहा हुन्छ । त्यसैले उसले एउटालाई छोड्ने र अर्कोलाई बचाउने गल्ती गर्दैन। अज्ञानीले यही तथ्यलाई नजान्नाले बेचैन हुन्छ । ज्ञानीलाई पनि सुख-दुख त आउँछ तर ऊ सुखी या दुखी हुँदैन । ज्ञानी म यो सबैभन्दा अलग छु भनेर जान्दछ । ममा सुख-दुख आयो तर मलाई दुख वा सुख भएको छैन, किनभने म दुवैभन्दा अलग र हेर्नेवाला साक्षी हुँ भनेर जान्दछ । सागरमा लहरहरू उठ्छन् तर सागर लहर हुँदैन । त्यस्तै व्यक्तिको जीवनमा पनि घटनाहरू घट्छन् तर व्यक्ति त्यो घटना हुँदैन । ज्ञानी जीवनमा आउने घटनाहरूसँग तादात्म्य स्थापित गर्दैन किनभने ऊ आफूलाई साक्षी भएको जान्दछ । यस्तो अनासक्त व्यक्ति राग-द्वेषको वशमा हुँदैन र सारा बन्धनबाट मुक्त हुन्छ ।

*श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।*
*स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥*

**राम्रो तरिकाले आचरण गरी ल्याइएको अरूका लागि तोकिएको परधर्म भन्दा गुणरहित भए पनि आफ्ना लागि निर्धारित स्वधर्म वा कर्मश्रेष्ठ हुन्छ । परधर्ममा लाग्नुभन्दा आफ्नै धर्ममा रहेर मर्नु बरु कल्याणकारी हुन्छ किनभने परधर्मले डर वा त्रास दिन्छ ॥**

प्रत्येक व्यक्तिको आफ्नो निजत्व हुन्छ, जो उसको आत्मा हो र त्यही निजत्वमा बाँच्नु आनन्द हो । त्यो निजत्वबाट भट्किनु दुख हो । श्रीकृष्ण भन्नुहुन्छ- स्वधर्ममा मर्नु र भुलचुकले भड्किनु पनि श्रेयस्कर हुन्छ । त्यस्तै परधर्ममा सफल हुनुभन्दा स्वधर्ममा असफल हुनु श्रेयस्कर हुन्छ । प्रत्येक व्यक्तिको आफ्नो स्वधर्म हुन्छ । बाबु या गुरुको धर्म पनि स्वधर्म होइन । धर्मको अर्थ स्वभाव हो । प्रत्येक व्यक्तिको आफ्नो अन्तस्थ प्रकृति अविकसित एवम् गोप्य अवस्थामा रहन्छ र जबसम्म बिउ पूर्ण रूपमा फुट्दैन, तबसम्म व्यक्ति बेचैन हुन्छ । जसरी फूल फुलेपछि बिउले आनन्दको अनुभव गर्छ त्यस्तै स्वयम्को निजत्व स्वधर्ममा हुनु त्यो फूल फक्रेजस्तै अवस्था हो । परमात्माको चरणमा स्वयम्को निजत्वको फूल मात्र चढाउन सकिन्छ । यसबाहेक हामीसँग परमात्मामा चढाउन लायक अरू केही पनि छैन । जबसम्म हामीभित्रको फूल फक्रँदैन, तबसम्म हामी सन्ताप, दुख, बेचैनी एवम् तनावमा बाँच्दछौं । त्यसैले जो व्यक्ति परधर्मलाई अङ्गीकार गर्न खोज्छ, त्यो व्यक्ति आफ्नो स्वभावभन्दा भिन्न प्रकृतिको कार्य गर्ने दुष्प्रयास गरेर असम्भव दुख-कष्टमा मात्र पर्दछ । गुलाफको फूल कमलको फूल हुन खोजेजस्तै बेचैनी र विफलता परधर्मलाई पछ्याउन खोज्ने व्यक्तिमा हुन्छ, त्यसैले ऊ असफलतामा पर्दछ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- स्वधर्ममा जे तिम्रो स्वभाव हो त्यसको खोजी गर । अनि त्यही स्वधर्म बमोजिम हुन प्रयत्नरत होऊ, तब मात्र तिमी सन्तृप्तिको सागरमा पुग्न सक्ने छौं । जबसम्म स्वधर्मरूपी फूल पूर्णरूपमा फक्रँदैन, तबसम्म हामी परधर्म अङ्गीकार गर्छौं, किनभने स्वधर्मबारे हामीलाई थाहा पनि हुँदैन । परधर्मको प्रलोभन चारैतिर भएका कारणले पनि हामीलाई स्वधर्मका बारेमा थाहा हुँदैन ।

बुद्ध, महावीरको नजिकबाट हामी गुज्रियौं भने हामी पनि त्यही हुन चाहन्छौं । क्राइस्टलाई देख्यौं भने म कसरी क्राइस्ट हुन सक्छु भन्ने प्रलोभन पैदा हुन्छ । श्रीकृष्णलाई देख्यौं भने त हाम्रो प्राण नै नाच्न थाल्छ र कसरी कृष्ण बनूँ भन्ने लाग्न थाल्छ । हामीलाई त म को हुन सक्छु भन्ने स्वयम्का बारेमा कुनै जानकारी छैन तर आसपासमा उदीयमान व्यक्तित्वहरू देख्दा मनमा भट्काउ हुन्छ । यस पृथ्वीमा एक कृष्णको सिवाय अर्को कृष्ण हुनै सक्दैन । लाखौं व्यक्तिहरूले बुद्ध, क्राइस्ट हुने कोसिस गरे तर कोही पनि बुद्ध, क्राइस्ट हुन सकेनन् । परमात्मामा सृजनाको शक्ति असीम भएकाले यहाँ कुनै पुनरुक्ति हुँदैन । परमात्मासँग असङ्ख्य सृजनशक्ति भएको हुनाले उहाँ एक पटक बनाएको कुरा दोस्रो पटक बनाउनुहुन्न । तर हाम्रो मन अरूजस्तै बन्न चाहन्छ । परधर्मले लोभ देखाउँछ र अर्काको धर्म जहिले पनि राम्रो जस्तो लाग्छ । स्वधर्मका बारेमा कुनै पनि जानकारी नै हुँदैन किनभने त्यो भविष्यमा हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- परधर्म जतिसुकै बाहिरबाट राम्रो वा आकर्षक देखिए पनि त्यो अङ्गीकार गर्नु हुँदैन । स्वधर्म जतिसुकै सामान्य भए पनि परधर्मभन्दा धेरै राम्रो हुन्छ । यथार्थमा परधर्म भयावह हुन्छ । अरूजस्तो हुन खोज्नु गलत हो, तर हामी त अरूलाई आदर्श मानेर उनीजस्तै बन्न खोज्छौं । परधर्म त मृत्युभन्दा पनि भयावह र खतरनाक छ । यसले त आफ्नो मौलिकता नै समाप्त पार्छ । अर्को व्यक्तिको नक्कल गरेर उस्तै हुन चाहेमा पनि बाहिरी आवरण मात्र बदलिन सक्छ तर भित्रको आत्मा त आफ्नो मौलिक र पृथक् नै रहन्छ । त्यसैले परधर्ममा जान खोज्नु आत्मदाह गरेजस्तै हुन्छ । अर्काको धर्मसँग सावधान भएर आफ्नो धर्मको मार्गमा चल्नुपर्छ । स्वधर्मको यात्रा सबैभन्दा ठुलो दुस्साहस हो किनभने यो यात्रा पहिलो पटक स्वयम्ले गर्नुपर्छ तर परधर्मको यात्रा अरूहरूले गरिसकेको हुनाले त्यो आकर्षक र सुरक्षित जस्तो लाग्छ । आफ्नो खोजमा भट्किनु, गिर्नु अनि उठ्नु पनि उचित हुन्छ तर अरूको धर्ममा जतिसुकै आकर्षण देखिए पनि त्यसको अनुसरण गर्नु गलत हुन्छ । परधर्मले स्वयम्लाई गन्तव्यसम्म पनि पुऱ्याउँदैन । श्रीकृष्ण भन्नुहुन्छ- स्वधर्ममा व्यक्ति भट्किन सक्छ तर परधर्ममा त ऊ गन्तव्यमा पुग्नै सक्दैन । हरेक व्यक्ति आफ्नो मौलिक स्वभाव लिएर आएको हुन्छ, जसको आफ्नै स्वर एवम् बाँच्ने ढङ्ग हुन्छ । श्रीकृष्ण अर्जुनलाई जोड दिँदै भन्नुहुन्छ- तिमी राम्रोसँग स्वधर्मलाई जान । अर्जुनले आँखा चिम्लिएर चिन्तन गरे भने स्वधर्मका बारेमा जान्न सक्ने छन् ।

जगत्मा दुई ढुङ्गा त एकै आकार र एकै किसिमका हुँदैनन् भने दुई व्यक्ति एक जस्तो हुन सक्ने प्रश्न नै उठ्दैन । तिमी आफूलाई के हुन सक्छौ भनेर खोज र तिमी के हुन चाहिरहेका छौ भनेर पनि विचार गर । नदीहरू कैयन् छन्, झरनाहरू थुप्रै छन् तर समुद्र एउटै हुन्छ । त्यस्तै फूलहरू अनेकौं हुन्छन् तर सुगन्ध एउटै हुन्छ । त्यसैले स्वधर्मरूपी स्वकर्म अलग-अलग हुन्छ तर धर्म एउटै हुन्छ । हामी सबैको बाटो अलग अलग छ तर धाम या मन्दिर एउटै छ । एउटा कवि आफ्नो गीत गाएर त्यति नै आनन्दित हुन्छ, जति एउटा गणितज्ञ आफ्नो प्रश्न हल गर्न सक्षम भएको अवस्थामा हुन्छ । चित्रकार, नर्तकी, गायक, कवि, गणितज्ञ सबैको बाटो अलग छ, तर प्राप्त हुने आनन्द एउटै हुन्छ । स्वधर्म अलग अलग हुन्छन् तर महाधर्म एउटै हुन्छ । श्रीकृष्ण महाधर्मको कुरा अन्तमा गर्नुहुन्छ । अहिले त स्वधर्मका बारेमा नै अर्जुनलाई भन्दै हुनुहुन्छ । जबसम्म परमात्मारूपी महाधर्म प्राप्त हुँदैन तबसम्म स्वधर्मरूपी आत्माको नै खोज गर्नुपर्छ। जब परमात्मा प्राप्त हुन्छ तब महासागरमा लीन हुनुपर्दछ ।

परधर्म, स्वधर्म र धर्म यी धर्मका तीन प्रकार हुन् । हामी परधर्ममा बाँच्दछौं, अर्जुन परधर्मका लागि लालायित हुँदै छन् । उनको स्वधर्म क्षत्रिय हो तर उनी ब्राह्मण हुन खोज्दै छन् । श्रीकृष्ण भन्नुहुन्छ- परधर्मको मार्गबाट तिमी कहिल्यै पनि आफ्नो दिव्यज्योति वा धाम पाउन सक्दैनौं । त्यसैले स्वधर्मलाई जान । पहिले परलाई छोड, अनि समय आएपछि स्वलाई छोड्नू र त्यसो गऱ्यौ भने तिमीलाई धर्म प्राप्त हुनेछ । स्वधर्म परधर्मको विपरीत हुन्छ र धर्म अधर्मको विपरीत हुन्छ । परधर्मबाट यात्रा स्वधर्मसम्म र

अधर्मबाट यात्रा धर्मसम्म गर्नुपर्छ । जो व्यक्ति परधर्मको मार्गबाट हिँड्छ, त्यो अधर्ममा पुग्छ र जो स्वधर्मको बाटोमा चल्छ त्यो धर्ममा पुग्ने छ ।

*अर्जुन उवाच*
*अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।*
*अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥*

**अर्जुनले भने- हे श्रीकृष्ण ! मानिसले नचाहँदा नचाहँदै पनि बलपूर्वक कसबाट नियोजित भएर किन पाप कर्म गर्छ ?**

*श्रीभगवानुवाच*
*काम एष क्रोध एष रजोगुणसमुद्भवः ।*
*महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥*

**भगवान्ले भन्नुभयो- रजोगुणबाट उत्पन्न हुने काम नैं क्रोध हो । यो विषय वासना वा काम, क्रोध कहिल्यै नअघाउने ठुलो पापी भएकाले यसलाई परम शत्रु जान ॥**

अर्जुनले एउटा गहिरो प्रश्न भगवान्सँग सोधे- यदि सबै कुरा परमात्माले गरिरहेका छन्, सबै कुरा प्रकृतिको गुणधर्मले नै भइरहेको छ र व्यक्ति जिम्मेवार छैन भने मनुष्यले नचाहेर पनि पापकर्म बलात् कसरी गर्दछ र कसले गराउँछ । यदि परमात्माले नै सबै कुरा चलाइरहेको छ भने मलाई हठात् नराम्रो कर्ममा कसले धकेलिदिन्छ । अर्जुनले एउटा महत्त्वपूर्ण प्रश्न उठाएका छन्, जुन समग्र मनुष्य जातिकै प्रश्न हो । सबै धर्मको गहिरो प्रश्न पनि यही हो । परमात्माले नै सबै कुरा सञ्चालन गर्दछन् भने नचाहँदा नचाहँदै पनि यो नराम्रो कर्म कहाँबाट आउँछ र कसबाट सञ्चालित हुन्छ ?

यस सम्बन्धमा अलग-अलग चिन्तकहरूले अलग-अलग उत्तर खोजेका छन् । जो धेरै गहिराइमा जान र बुझ्न सकेका छैनन् उनीहरूले राक्षस, दुष्ट वा खराब आत्माले नै नराम्रो कर्म गराउँछ अर्थात् पापात्माले नै सबै गराउँछ भनेका छन् । तर यो गहिरो उत्तर होइन किनभने यसो भन्दा परमात्माले त्यो पापात्मालाई किन केही गर्दैन ? के पापात्मा परमात्माभन्दा शक्तिशाली छ ? यदि पापात्मा परमात्माभन्दा शक्तिशाली छ भने परमात्मालाई किन पूजा गर्नु ? यसो भए परमात्माको सट्टा पापात्मालाई नै प्रार्थना गरे भइहाल्छ भन्ने जस्ता थप प्रश्नहरू उठ्न सक्छन् । चिन्तकहरूले अर्को प्रकारको उत्तर खोज्ने प्रयास पनि गरेका छन् । उनीहरूका विचारमा परमात्माबाहेक अर्को कुनै अस्तित्व पनि छ जसले पापकर्ममा प्रवृत्त गराउन खोज्छ। तर यो उत्तर मनोवैज्ञानिक र धार्मिक दृष्टिकोणको पनि छैन । यस सम्बन्धमा भगवान् श्रीकृष्णको उत्तर मनोवैज्ञानिक, धार्मिक र वास्तविक छ । उहाँका अनुसार प्रकृतिका तीन गुण सत्त्व, रज र तम छन् । कृष्णले यसो भन्दाभन्दै पनि आधुनिक चिन्तकहरूले प्रारम्भमा प्रकृति त्रिगुणात्मक छ भन्ने कुरालाई स्वीकारेनन् । अहिले बल्ल विज्ञानले प्रकृति त्रिगुणात्मक छ भन्न थालेको छ । जब परमाणु तीन हिस्सामा टुट्यो तब विज्ञानले पनि प्रकृति त्रिगुणात्मक छ भन्ने स्वीकार गऱ्यो ।

तमोगुण अवरोधको र स्थिरताको तत्त्व हो । यदि तमोगुण नभए जगत्मा कुनै पनि चिज स्थिर रहन सक्दैन । एउटा ढु ालाई माथितिर फ्याँक्दा यदि तमोगुण भएन भने त्यो कहिले.पनि तल झर्दैन । पृथ्वीले गुरुत्वको भार तमोगुणको रूपमा तानिरहेको छ । पृथ्वीको २०० मिटर पार जहाँ गुरुत्वाकर्षण समाप्त हुन्छ त्यहाँ तमोगुण आकर्षित हुँदैन । अवरोधक शक्ति नभए गति पनि सम्भव हुँदैन, कारमा ब्रेक भएन भने गति पनि सम्भव हुँदैन । कारको एक्सिलेटर (Accelerator) गति हो र ब्रेक अवरोधक हो । जीवनमा रोक्ने गति भएन भने विध्वंस हुन सक्छ । तेज गति सञ्चालनको शक्ति हो र सत्त्व त्रिभुज (Triangle) को तेस्रो कोण हो । सत्त्व सन्तुलन हो । गति पनि छ, रोक्नेवाला पनि छ तर सन्तुलन छैन

भने त्यहाँ दुर्घटना पनि हुन सक्छ । गाडीको ड्राइभर सत्त्व हो जो आवश्यकताअनुसार गति पनि दिन्छ र ब्रेक लगाएर गतिलाई नियन्त्रण अर्थात् रोक्ने काम पनि गर्दछ ।

यी तीन गुणलाई विज्ञानले इलेक्ट्रोन, न्युट्रोन र प्रोटोन नाम दिएको छ । जीवनको अन्तिम विश्लेषण तीन शब्दमा टुट्दछ, यसलाई प्रतीकात्मक रूपमा ब्रह्मा, विष्णु र महेशको नाम पनि दिइएको छ जसको काम पनि सत्त्व, रज र तम जस्तै नै छ । यसमा इलेक्ट्रोन नेगेटिभ तत्त्व तम हो जसले ठिक शिव जस्तै नष्ट गर्ने, तोड्ने काम गर्दछ । प्रोटोन ब्रह्मा जस्तै पोजेटिभ रज हो । त्यो बिधायक शक्ति हो जो निर्माण गर्छ र न्युट्रोन न नेगेटिभ न पोजेटिभ छ । त्यो बिचमा सन्तुलित भएर सह्माल्ने अर्थात् संरक्षण गर्ने कार्य गर्छ । मनुष्य भित्र र बाहिर जे जस्ता घटना घट्छन् ती सबै माथिका तीन गुणका शक्तिको खेलको कारणले नै घटेका हुन् । व्यक्ति जन्मनु, हुर्कनु या बाँच्नु र मर्नु यी सबै तीन शक्तिका खेल हुन् । परमात्माका तीन रूप सत्त्व, रज र तम एवम् विज्ञानका तीन शक्ति इलेक्ट्रोन, प्रोटोन र न्युट्रोनका कारणले जीवनको सृजना र सञ्चालन हुन्छ ।

अर्जुनको जिज्ञासा छ- हामीले नचाहेर पनि बलपूर्वक हामीलाई कुकर्मतिर धकेल्ने काम कसले गर्दछ । हामी कहिल्यै पनि अधोगति उन्मुख हुन चाहँदैनौ तर अलिकति ध्यान नपुग्ने बित्तिकै जमिनमा पछारिन्छौं । यो हामीलाई कुनै राक्षसी तत्त्वले लडाएको होइन । यो पृथ्वीको गुरुत्त्वाकर्षण हो जसले हामीलाई जमिनतिर तानिरहेको हुन्छ । खुट्टा चिप्लनेबित्तिकै लडिन्छ । लड्ने चाहना नभए पनि यदि ठिकसँग पाइला चालेनौं भने पक्कै लड्ने छौं । श्रीकृष्ण ठिक यही भन्नुहुन्छ- प्रकृतिका गुण सत्त्व, रज र तम अनुरूप हामी चलेनौं भने त्यसको परिणाम हामीले भोग्नुपर्ने हुन्छ । प्रत्येक शक्तिको उपयोग अनुकूल र प्रतिकूल हुन सक्छ । जीवनका शक्तिहरूले आफ्नो काम गरिरहेका छन् । मानिस भित्र क्रोध छ, त्यो पनि अनिवार्य तत्त्व हो । क्रोध हामी भित्रको नकारात्मक शक्ति शिव या इलेक्ट्रोन हो । यथार्थमा भन्ने हो भने हामीभित्र नै विनाशक शक्ति शिव, तम या इलेक्ट्रोन रहेको छ । प्रेम, दया, करुणा आदि पनि हामी भित्रै छन्, जो निर्माणको शक्ति ब्रह्मा, रज या प्रोटोन हुन् र विवेक विष्णु, सत्त्व या न्युट्रोन पनि हामी भित्रै छ जसले सन्तुलनको काम गर्छ ।

हाम्रो जीवनको अन्तिम परिणतिका तीन अवस्थाहरू स्वर्ग, नर्क र मोक्ष हुन् । आफू भित्रको शक्तिलाई निर्दिष्ट दिशामा लिएर जाने या जीवनमा सकारात्मक धारणा राख्दै सारा शक्ति प्रेम, दया र करुणारूपी सेवामा लगाउँदै अघि बढ्ने व्यक्ति स्वर्गमा अर्थात् अत्यधिक सुखमा जान्छ । आफूभित्र विनाशक शक्ति क्रोध, हिंसा लिएर हिँड्ने व्यक्ति नर्कमा अर्थात् दुखमा जान्छ र दुवै शक्ति प्रेम र क्रोधबाट पार भएर या त्यसलाई सन्तुलनमा राखेर विवेकपूर्ण ढङ्गले अघि बढ्ने व्यक्ति मोक्षमा जान्छ । श्रीकृष्ण भन्नुहुन्छ- यी तीन शक्तिविना जीवन हुनै सक्दैन । त्यसैले राम्रो र नराम्रो कर्म वा कृत्य गर्नका लागि कसैले धक्का दिने होइन, भित्र तिमीमा कुन शक्तिले काम गरिरहेको छ, त्यसैले तिम्रो कृत्य वा कर्म निर्धारित हुन्छ ।

क्रोध र काम अहङ्कारप्रति तिमी अधिक रूपमा संलग्न भयौ भने तिमी जे चाहँदैनौ त्यो पनि तिमीले गर्नु नै पर्छ । जस्तो कि शब्द मुखबाट निस्किएपछि त्यसलाई रोक्न सकिन्न । एउटा सीमा नाघिसकेपछि त्यो फिर्ता हुन सक्दैन । त्यस्तै कामवासनालाई मनले चाहेको अवस्थामा रोक्न सकिन्छ । त्यस्तै क्रोध पनि एउटा तहसम्मबाट फिर्ता गर्न सकिन्छ तर सीमा नाघेपछि फिर्ता हुन सम्भव हुँदैन । जबसम्म काम, क्रोध फर्काउन सकिने अवस्था थियो त्यो तहसम्म हामी यिनीहरूलाई सहयोग गर्छौं र जब सीमाबाहिर हुन्छ र फर्किन असम्भव हुन्छ अनि हामी यस्तो कृत्य आफूलाई कसले गरायो भन्छौं । हरेक वृत्ति एउटा सीमासम्म हाम्रो हातमा हुन्छ तर जब हाम्रो सहयोगबाट त्यसले आफ्नो आधिपत्य जमाउँछ

त्यसबेला हाम्रो बुद्धि बाहिर हुन्छ । अनि हामीले नचाहेर पनि यो स्वतः घटित हुन्छ, अनि दोष हामी अरूलाई थोपर्न खोज्छौं ।

वास्तवमा जीवनमा सबै कुराहरू शक्तिले गर्दछन् तर भित्र गहिराइमा यिनीहरूले गर्ने कृत्य हाम्रो सहयोगबाट मात्रै हुन्छ । कुनै व्यक्ति वा शक्तिले हामीलाई काम, क्रोध, लोभको वृत्तिमा लिएर जाने होइन, हाम्रो भित्री सहयोगबाटै यो सम्भव हुन्छ । श्रीकृष्ण अर्जुनसँग भन्नुहुन्छ- प्रकृतिको आफ्नै नियम छ, त्यसलाई बुझेर समता वा सन्तुलनमा रही विवेक र श्रद्धा राखी साक्षी भावमा उपलब्ध हुन सकेमा चिन्ताको बिषय नै हुँदैन । यस्तो अवस्थामा जे हुन्छ त्यो सबै परमात्माले गरेको ठाने हुन्छ तर जबसम्म तिमी समता र विवेकमा उपलब्ध हुँदैनौ र भित्र आसक्तिलाई पोषण दिएर त्यसलाई जन्माइराख्छौ भने त्यसको जिम्मेवारी तिम्रो आफ्नै हुन्छ ।

रसियन लेखक फ्योदार दोस्तोवस्की (Fyodar Dostoevsky) को उपन्यास Crime and Punishment मा रोसकुलिन नामको एउटा पात्र छ, जसले हरेक दिन आफ्नो घर अगाडिकी एउटी बुढीलाई देख्थ्यो । ती महिला आफ्ना गाउँठाउँका मानिसहरूलाई सामान बन्धकी राखेर ब्याजमा पैसा दिन्थिन् । उनका कोही पनि आफन्त थिएनन् । उनी दुष्ट प्रवृत्तिकी थिइन् र आफूले दिएको पैसाको ब्याज चुसेर लिन्थिन् । रोस्कुलिन जो एउटा विद्यार्थी हो ऊ आफ्नो झ्यालबाट ती महिलाले गरेको व्यवहार हेरिरहन्थ्यो । गरिब रुन्थे, चिच्याउँथे, अनुरोध गर्थे तर ती महिलामा कुनै दया भाव जाग्दैनथ्यो । ती सबै घटनाहरूलाई लामो समयदेखि देख्दै आएको रोस्कुलिनलाई यो बुढीलाई किन कसैले मार्दैन भन्ने लाग्थ्यो । यो मरी भने सयकडौं व्यक्ति जसले यिनीसँग पैसा लिएका छन्, उनीहरूलाई राहत वा मुक्ति त हुन्थ्यो । रोस्कुलिनलाई कतिपय अवस्थामा आफैं गएर बुढीको गर्धन निमोठिदिऊँ कि जस्तो पनि लाग्दथ्यो । तर फेरि ऊ सोच्थ्यो- मलाई के मतलव उसले मेरो के बिगारेकी छ र ! यो दृश्य वर्षौंसम्म चलिरह्यो । एकदिन रोस्कुलिनलाई पनि परीक्षाका लागि कलेजमा पैसा जम्मा गर्नुपर्ने समय आयो तर उससँग पैसा थिएन । त्यसैले ऊ पनि ती महिलासँग ब्याजमा पैसा लिन गयो । उसले जमानतमा आफ्नो घडी ती बुढीलाई दियो । बुढीका आँखा कमजोर थिए । त्यसैले घाममा गएर त्यो घडी हेर्दै थिइन्, अचानक रोस्कुलिनको मनमा क्रोध उठ्यो र उसले ती बुढीको घाँटी निमोठेर हत्या गऱ्यो । उसलाई यो घटना कसरी घट्यो थाहा पनि भएन । हत्या गरिसकेपछि उसलाई आफूले नगर्नुपर्ने काम गरेको महसुस भयो । त्यसपछि ऊ त्यहाँबाट भागेर गयो अनि रातभरि मैले उनको हत्या कसरी गरैं भन्दै सोच्न थाल्यो ।

यस्तै अर्जुन श्रीकृष्णलाई सोधिरहेका छन्- नचाहँदा नचाहँदै बलात् कसैले नराम्रो कर्ममा कसरी धक्का दिन्छ । रोसकुलिनले गरेको यो हत्या कसैले गराएको होइन, यो त विगत दुई वर्षदेखि उसले आफ्नो क्रोध, हिंसारूपी शक्तिलाई रस प्रदान गऱ्यो, क्रोधको विष फैलायो र हत्याको तयारी बिउको रूपमा आफूभित्र तयार गऱ्यो; यो त्यसैको परिणाम हो । बिउ छर्दाखेरि यति ठुलो वृक्ष बन्छ भनेर कसैलाई पनि थाहा हुँदैन । मनमा क्रोध, कामवासना हामी आफैं रोप्छौं, शक्तिहरू तिनलाई पक्रिन्छन् अनि तीन शक्तिहरू सत्त्व, रज र तमले आ-आफ्ना कार्य सुरु गर्दछन् । हामीले यहाँ क्रोधको बिउ रोप्यौं भने सारा जगत्‌बाट क्रोधलाई साथ दिने तमोगुणका शक्तिहरू हामीतिर बग्न थाल्छन् । हामीले प्रेम रोप्यौं भने सारा जगत्‌बाट शुभ शक्तिहरू हामीतिर बग्न थाल्छन् । हामीले साक्षीभाव राख्नेबित्तिकै सारा जगत्‌का शक्तिहरू सन्तुलनमा हुन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- यस जीवनमा त केवल तीन शक्तिहरू छन् । हे अर्जुन ! तिमी आफूभित्र जसको बिउ रोप्छौ, त्यही शक्ति सक्रिय भएर काम गर्न थाल्छ । रजोगुणबाट उत्पन्न काम नै क्रोध हो । यसलाई तिमी परम शत्रु जान ।

परमात्माले आफ्नो आनन्दका लागि जगत् बनाउँछन् र त्यसमा निरुद्देश्य भावबाट सारा कुराहरू निर्धारण भएर सञ्चालित हुन्छन् । आनन्द सदा उद्देश्यविहीन हुन्छ । परमात्माको सृष्टि आनन्दका लागि

हुन्छ । प्रत्येक गुणको आफ्नो विशेषता हुन्छ । अमृत पनि मात्राभन्दा बढी खाए मृत्यु हुन सक्छ । जीवनको नियममा तमस् अवरोधक शक्ति नभए केही पनि रोकिँदैन । तर कुनै व्यक्ति अवरोधक शक्तिमा मात्र निर्भर भएमा खतरा हुन्छ किनभने अरू दुई शक्तिहरू पनि त्यति नै आवश्यक हुन्छन् । जहाँ तीनवटा शक्ति सन्तुलनमा हुन्छन्, त्यसै क्षणमा व्यक्ति गुणबाट बाहिरिन्छ र परमात्माको अनुभूति गर्दछ । श्रीकृष्णको पूरा योग समता योग हो किनभने जीवन एउटा गहिरो सन्तुलन हो र यसमा तलमाथि हुँदा त्यसको सन्तुलन बिग्रिन्छ । प्रकृतिले आफ्नो हिसाबले काम गरि नै रहन्छ । यी तीन गुणविना सृष्टि रहँदैन । हामी भित्रका तम र रजो गुणलाई बराबर रूपमा राख्ने प्रयास गर्नुपर्छ । जब दुवै गुणमा सन्तुलन हुन्छ अनि सत्त्वतर्फ हाम्रो यात्रा सुरु हुन्छ । दुईको बिचको साधनाले व्यक्ति सत्त्वमा पुग्दछ । साधु दुई गुणलाई जितेर सत्त्वमा पुग्दछ । जसले रजोगुण र सत्त्वका बिचको सन्तुलन कायम गर्न सक्छ त्यो सन्त हुन्छ र जो प्रकृतिका यी तीनै गुणको सन्तुलन गरेर यिनबाट पार हुन्छ तब ऊ गुणातीत हुन्छ र परमात्मामा प्रवेश गर्दछ । त्यसैले प्रकृति त्रिगुणात्मक छ र परमात्मा गुणातीत छ ।

*धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च ।*
*यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥*

**जसरी धुवाँले आगो, मल या धुलोले ऐना, गर्भाशय या सालनालले भ्रूण ढाकिएको हुन्छ, त्यसरी नै यो जीवात्माको ज्ञान पनि विषय-वासनारूपी कामले ढाकिएको हुन्छ ॥**

*आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।*
*कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥*

**हे कौन्तेय ! ज्ञानीजनहरूको विवेक एवम् शुद्ध चेतनालाई पनि कहिल्यै तृप्त नहुने आगो जस्तै इन्द्रियजन्य कामवासनारूपी शत्रुले नित्य ढाकेको हुन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जसरी धुवाँले अग्नि ढाकिएको हुन्छ, धुलोले ऐना ढाकिएको हुन्छ, बिउ आफ्नो खोलले छोपिएको हुन्छ, यस्तै मनुष्यको चेतना उसको वासनाले ढाकिएको हुन्छ । जसरी गर्भ झिल्लीले ढाकिएको हुन्छ त्यसै गरी मनुष्यको आत्मा उसको कामनाले ढाकिएको हुन्छ । ज्ञान मनुष्यको स्वभाव हो जो यहीँ र अहिले विद्यमान छ । ज्ञान कुनै उपलब्धि होइन र हामीसँग नभएर भोलि पाइने पनि होइन। हामीसँग जे छैन, त्यो हामीले कहिल्यै पनि पाउन सक्दैनौँ । हामीसँग भएको कुरा मात्र हामीले पाउन सक्छौं । जसरी धुवाँमा आगो लुकेको छ, धुवाँ हट्ने बित्तिकै आगो प्रकट हुन्छ । सूर्यलाई बादलले ढाके पनि बादल हट्ने बित्तिकै सूर्य प्रकट हुन्छ र सूर्यलाई पाउनुपर्दैन केवल बादल हट्नु मात्र पर्छ, सूर्य त प्रकट नै छ । जस्तो बिउ खोलले ढाकिएको हुन्छ तर त्यसको अन्तर्यमा वृक्ष त्यहाँ लुकेको हुन्छ, जो अप्रकट छ र भोलि त्यो प्रकट हुन्छ । त्यस्तै ज्ञान केवल अप्रकट छ, जो भोलि प्रकट हुन्छ ।

यसको अर्थ अज्ञानी व्यक्ति पनि त्यति नै ज्ञानले भरिएको हुन्छ जति परम ज्ञानी हुन्छ । अज्ञानीसँग ज्ञानीको भन्दा बढी ज्ञान हुन्छ । आगो त जति ज्ञानीसँग छ, त्यति नै अज्ञानीसँग पनि हुन्छ तर उसँग धुवाँ पनि हुन्छ । जुन दिन अज्ञानीलाई ज्ञान उपलब्ध हुन्छ त्यही दिन यही आगोलाई ढाक्ने धुवाँ वा सूर्यलाई ढाक्ने बादल हटे जस्तो ज्ञान मात्र बाँकी हुन्छ र अज्ञान हट्छ । बाहिरी आवरण जब हट्छ, तब भित्रको ज्योति प्रकट हुन्छ । अज्ञानी व्यक्तिमा पनि ज्ञानको अस्तित्व छ, त्यस्तै हामीमा अहङ्कार हुँदा पनि परमात्मा हामी भित्र स्थित हुन्छ । व्यक्ति जति नै भडकिए पनि ज्ञान जो उसको भित्र छ त्यसबाट भडकिन सक्दैन । जतिसुकै पापी व्यक्ति भए पनि उसभित्र रहेको परमात्मा कहिल्यै पनि हट्दैन । ईश्वर यस्तो तत्त्वको नाम हो जसलाई हामीले हटाउन चाह्यौं भने पनि हटाउन सक्दैनौं । आगोले ताप हटाउन सक्दैन त्यो उसको स्वभाव हो । त्यसैले मनुष्य ज्ञानलाई हटाउन सक्दैन किनभने त्यो मनुष्यको स्वभाव हो ।

ज्ञानको अभाव अज्ञान होइन । अज्ञानरूपी बादलले ज्ञान ढाकिनु अज्ञान हो । अज्ञान ज्ञानको अप्रकट अवस्था हो । श्रीकृष्णको भनाइमा अज्ञान ज्ञानको अभाव होइन, अज्ञान ज्ञान ढाकिएको अवस्था हो। धुवाँ त विना आगोको पनि हुन सक्छ तर आगो विना धुवाँ हुन सक्दैन । त्यसैले ज्ञानीलाई अहङ्कारी हुन जरुरी छैन र अज्ञानीलाई पनि हतास हुन आवश्यक छैन । जो ज्ञानीमा प्रकट छ, त्यो अज्ञानीमा अप्रकट हुन्छ । जसरी धुवाँले आगोलाई घेर्छ र छेक्छ त्यसरी नै जीवात्मालाई वासनाले घेर्छ । वासना नै ज्ञानमा बाधक हुन्छ जसले प्रकट हुन दिँदैन । वासना नै भिजेको दाउरा हो जसबाट धुवाँ उठ्छ ।

वासनामुक्त व्यक्ति सुक्खा दाउरो हो । सुफी फकिर फरिदसँग एकजनाले सोधे- मन्सुरको हात खुट्टा काटिँदा पनि उनलाई किन दुख भएन, जिससलाई शूली चढाइँदा उहाँलाई कसरी कष्ट भएन, फरिदले एउटा नरिवल दिएर यसलाई गुदी बचाएर ठिकसँग फोडेर ल्याऊ भन्नुभयो । उसले भन्यो- यो त सम्भव छैन किनभने नरिवल काँचो भएको र खबटासँगजोडिएको हुँदा यसलाई सग्लो रूपमा अलग गर्न सकिँदैन। अनि फरिदले उसलाई अर्को नरिवल दिँदै अलग अलग गरेर फोडेर ल्याऊ भन्नुभयो । त्यो व्यक्तिले यो सुक्खा नरिवल चाहि सजिलैसँग अलग-अलग गरेर ल्याउन सक्छु भन्यो । फरिदले सोध्नुभयो- तिमी सुक्खा नरिवल कसरी अलग-अलग फोडेर ल्याउँछौ ? सुक्खा नरिवल सुकेर गुदी र खोल अलग भइसक्ने हुनाले अलग गर्न सकिन्छ तर काँचो नरिवलको गुदी र खोल जोडिएकाले सग्लै छुट्ट्याउन गाह्रो हुन्छ; त्यो व्यक्तिले भन्यो । फरिदले भन्नुभयो- तिम्रो प्रश्नको उत्तर मैले दिएँ । मन्सुर र जिसस सुक्खा नरिवल हुन् । उनीहरूको शरीरलाई कसैले चोट पुर्‍यायो भने त्यो चोट शरीरसम्म मात्र पुग्छ, आत्मासम्म चोट पुग्दैन तर हामीहरू सबै काँचो नरिवल हौं, शरीरमा चोट लाग्नेबित्तिकै हामीलाई पनि चोट लागिहाल्छ ।

वासनाको मान्यता जे मलाई चाहिएको छ, त्यो पाइयोस् भन्ने हुन्छ र भोलि त्यो चिज पाइयो भने वासनाले अरू नै चिजको खोजी गर्छ । दश लाखको वासना भएमा दश लाख प्राप्त गरेपछि एक करोडको वासना बन्छ । एक करोड पनि प्राप्त भयो भने दस करोडको वासना हुन्छ । त्यो पनि प्राप्त भयो भने वासना अनन्त हुन्छ । वासनामा जे छैन त्यसको माग हुन्छ र वासना सदा रिक्त हुन्छ जो कहिल्यै पनि भरिँदैन । वासना कहिल्यै पनि नभरिने हुनाले हाम्रो आत्मा जो अप्रकट छ, त्यो कहिल्यै प्रकट नै हुन पाउँदैन । वासना सदा भविष्यमा छ र आत्मा यहीँ र अहिले वर्तमानमा नै छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्तिको चित्त वासनामा अड्किरहन्छ, त्यसको आत्मा कहिल्यै प्रकट हुन पाउँदैन । वासना क्षितिज जस्तै हुन्छ, जो पर जमिनसँग जोडिएको जस्तो देखिन्छ र नजिकबाट हेर्दा फेरि अझ पर जस्तो लाग्छ । जति पर गए पनि छुन सकिन्न । वासनाले जहिले पनि दौडाउँछ र अब त पूरा हुन्छ भन्ने जस्तो लाग्छ तर कहिल्यै पनि पूरा हुँदैन । त्यसैले प्राप्त नहुने वासनाको पछिपछि व्यक्ति दौडिरहन्छ जसले गर्दा परमात्माले दिएको अमूल्य कुरा जो उससँग छ त्यसलाई जान्नबाट ऊ वञ्चित हुन्छ ।

यही वासनाको दौडमा ज्ञान हराउँछ । यो दौडमा सदा आफूसँग भएको कुरा बिर्सिन्छ । वासना नै अज्ञान हो । आत्माको स्मरण गर्ने हो भने वासनाको विस्मरण हुनैपर्छ । इच्छाप्रति ध्यान जानु स्वयम्प्रति ध्यानबाट चुक्नु हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ज्ञान कसैको पनि हराउँदैन, केवल ज्ञान विस्मरण मात्र हुन्छ । परमात्मा हाम्रो पुनः स्मरण हो, परमात्मा हामीभित्र सदैव हुनुहुन्छ । परमात्मा भन्दा नजिक हाम्रो कोही पनि छैन । श्वास जो बन्द भयो भने प्राण निस्किन्छ त्यसभन्दा पनि नजिक परमात्मा हुनुहुन्छ । हाम्रो सारा पीडा, दुख गहिराइमा एउटै छ किनभने हामीले हाम्रो केन्द्रमा रहेको परमात्मालाई बिर्सिएका छौं । धुवाँले आगोलाई छोपेको छ, उसको कुनै अस्तित्व नै छैन जो बिलकुल नभएको जस्तो छ । त्यसलाई न त काट्न सकिन्छ न बाहिर ठेलेर निकाल्न सकिन्छ । तत्त्वविनाको धुवाँले आगो जस्तो तत्त्वलाई पनि लुकाउन सक्छ । आगाले सबै कुरा खरानी बनाउन सक्छ तर धुवाँलाई जलाउन सक्दैन किनभने धुवाँ केही पनि होइन । त्यस्तै मनुष्यभित्रको ज्ञानलाई उसको वासनाले घेर्दछ । वासना यदि केही भएको भए ज्ञानले

त्यसलाई काटिदिन्थ्यो तर यो पनि धुवाँ जस्तै हो । वासना हामीमा पैदा भएपछि त्यसले हामीलाई पूरा घेर्दछ ।

श्रीकृष्णले एउटा अर्को प्रतीक पनि प्रस्तुत गर्नुभएको छ । जस्तै- ऐनामा मल जम्दछ तर धुलो, मल जमेर ऐनालाई पटक्कै फरक पर्दैन । धुलाको थुप्रो नै ऐनामा जमे पनि ऐनाको अस्तित्व समाप्त हुँदैन, ऊ ऐना नै रहन्छ । धुलाले ऐनालाई ढाकेजस्तै वासनाले चेतनालाई ढाकेको छ । श्रीकृष्णले मल शब्दको प्रयोग गर्नुभएको छ, मलको अर्थ फोहर वा धुलो हो । वासना मल या फोहर जस्तो दुर्गन्धित हुनाका कारण वासना कहिले पनि नयाँ वस्तु प्राप्त नगरीकन पूरा हुँदैन । जीवनका सारा दुर्गन्ध परतन्त्रताबाट आउँछ । जीवनको सारा सुगन्ध स्वतन्त्रताबाट प्राप्त हुन्छ । वासनाले परतन्त्र बनाउँछ । यदि कुनै पुरुष स्त्रीमा मोहित भयो भने ऊ स्त्रीको दास हुन्छ । यदि धनप्रति मोहित भए वासना धनको दास हुन्छ त्यस्तै पदप्रति मोहित भए पदको दास हुन्छ । वासनाले भरिएको व्यक्ति कहिल्यै पनि सुगन्धित हुँदैन । वासना पूरा भएपछि पनि चित्त दुखी हुन्छ र सन्तुष्ट हुँदैन । यस्तो अवस्थामा चेतना दुर्गन्धले भरिएको मलबाट ढाकिन्छ र हामीलाई फोहरको पत्रका बारेमा थाहा हुँदैन किनभने हामी त्यो दुर्गन्धको पहिरो हुन्छौँ । यदि वासना सुगन्ध हो भने त्यसबाट दुख प्राप्त नहुनुपर्ने हो तर वासनाबाट दुख नै दुख पाइन्छ, त्यसैले यो सुगन्ध होइन, दुर्गन्ध हो ।

श्रीकृष्ण भन्नुहुन्छ- दुर्गन्धयुक्त मलले ऐना ढाकेजस्तै वासनाले चेतनालाई ढाकेको हुन्छ । ऐनाको उदाहरण दिनुको कारण ऐनाको अघि जो आउँछ त्यहाँ चित्र निर्माण हुन्छ, त्यहाँ कोही नभएमा कुनै तस्बिर बन्दैन र क्यामेरामा जस्तो चित्र भण्डारण पनि हुँदैन । जो व्यक्ति वासनाबाट मुक्त हुन सक्छ उसको चित्र ऐनाजस्तै हुन्छ । कोही अगाडि आए तस्बिर देखिन्छ, नआएमा खाली देखिन्छ । कसैलाई अगाडि आउन पनि भन्दैन र कसैको चित्रलाई जम्मा गरेर पनि राख्दैन । यस्तो अवस्थामा पुगेको व्यक्तिलाई कुनै पनि कुराले पक्रिँदैन वा छुँदैन । चित्रहरू आउँछन् र जान्छन् । ऐना आफ्नो शुद्धतामा भए जस्तै व्यक्ति पनि त्यस्तै शुद्धतामा हुन्छ । हाम्रो चित्त भने क्यामेरामा चित्र लिएजस्तै अवस्थामा हरदम रहन्छ । कसैले महिनादिन अघि गाली गरेर बिर्सिए पनि चित्तमा त्यो गाली भण्डारण भएर रहेको हुन्छ र गुन्जिरहन्छ । ऐनाजस्तो अवस्थामा पुगेको व्यक्ति नै अनासक्त हुन सक्छ र त्यसबेला चित्रहरू आउँछन्, जान्छन् तर उसलाई केही फरक पर्दैन । श्रीकृष्ण अर्जुनलाई त्यही भन्दै हुनुहुन्छ- तिमी ऐनाजस्तै ज्ञानका निम्ति उपलब्ध होऊ, धुलोलाई हटाऊ, धुवाँलाई हटाएर ज्ञानको ज्योतिको दर्शन गर । आफ्नो चित्तलाई ऐना जस्तै बनाऊ, जहाँ चित्रहरू आऊन् र जाऊन् तर तिम्रो चित्तमा बासनाले कुनै प्रमाण नबनाओस् र तिमी खाली होऊ ।

*इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।*
*एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥*

**इन्द्रियहरू, मन र बुद्धि नै काम, वासना, इच्छा आदिका आश्रयस्थल हुन् । त्यसैले जीवात्माको ज्ञानलाई नै यिनीहरूले आच्छादित गरेर मोहित गराउँछन् ॥**

*तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।*
*पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥*

**श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! पहिले तिमी इन्द्रियहरूलाई वशमा राखेर ज्ञान र विज्ञान (आत्मज्ञान) लाई नाश गर्नेवाला महान् पापी यो कामलाई बलपूर्वक मार ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! इन्द्रियहरू मन, कामना र वासनाका मूलस्रोत हुन् । यिनैका कारण वासनाको सम्मोहन उठ्छ र जीवात्मालाई घेर्दछ । यही विषाक्त झरना फुट्ने स्रोत हो र यिनैले जीवात्मालाई भड्काउँछ । तिमी पहिले यसलाई वश गर । तिमी यसलाई मार या यसलाई समाप्त

गरिदेऊ । यो मार वा समाप्त गरिदेऊ भन्ने शब्दका कारण भ्रान्ति उत्पन्न भएको छ । इन्द्रिय र मनलाई मार भन्ने भनाइबाट कतिपय व्यक्तिहरूलाई के लाग्यो भने इन्द्रियलाई काट अर्थात् आँखा फोड, खुट्टा काटिदेऊ, जसका कारण वासनाको पछाडि दौडिनु नपरोस् तर इन्द्रियहरूलाई वासनाका लागि खुट्टा, आँखा र अन्य इन्द्रियहरूको कुनै जरुरत हुँदैन भन्ने थाहै छैन । लँगडा र अन्धा व्यक्ति पनि वासनामा त्यति नै जोडले पछि लाग्छन् जस्तो कि सबलाङ्ग व्यक्ति दौडिएर भाग्न सक्छन्, आँखाले देख्न नसकेको सुन्दरता भित्री आँखा वा कल्पनाबाट देख्न सक्छन् । खुल्ला आँखाले हेर्ने व्यक्ति बरु वासनाबाट उठ्न सक्छ तर आँखा विनाको व्यक्ति कहिल्यै पनि वासनामुक्त हुँदैन ।

प्रकृतिलाई कुल्चियो भने विकृति पैदा हुन्छ र प्रकृतिलाई रूपान्तरण गऱ्यो भने त्यसबाट जे जन्मिन्छ त्यो संस्कृति बन्छ । इन्द्रियको विरोधी कृष्णभन्दा कम व्यक्ति खोज्न सकिन्न । श्रीकृष्ण उदास र रुन्चे व्यक्ति हुनुहुन्न । श्रीकृष्ण जस्तो हँसमुख र नाच्ने व्यक्तित्व पृथ्वीमा खोज्न कठिन छ । त्यसैले श्रीकृष्ण इन्द्रियलाई कुल्चिने कुरा भन्न सक्नुहुन्न । यो श्रीकृष्णको व्यक्तित्वको ठिक विपरीत हुन्छ । जो व्यक्ति बाँसुरी बजाउँदै नाच्दछ र नचाउँछ, जो जुनेली रातमा नाच्दै छ यस्तो व्यक्तिको मुखबाट इन्द्रियलाई कुल्चिने कुरा आउन असम्भव छ । यो मयूरमुकुटमा सुसज्जित प्रेमबाट भरिपूर्ण व्यक्तित्व जसले जीवनलाई सर्वाङ्गतामा स्वीकार गर्दछ यस्तो चित्तवाला व्यक्तिले मार्नु भनेको कुल्चिएर मार्नु अवश्य भनेको होइन ।

इन्द्रियहरूले दुखमा लिएर जान्छन् त्यो साँचो हो र यो दुखमा अहङ्कार लुकेको हुन्छ । यो थाहा नपाउने तथाकथित व्यक्तिहरूले आफूलाई नै यो सुनेर हिंसा गरिरहेका छन् । यो त रूपान्तरण होइन, शुद्ध हिंसा हो । श्रीकृष्णको भनाइ इन्द्रियको रूपान्तरण हो, हिंसा गर्नु होइन । कुनै पनि इन्द्रिय मारेर मर्दैन केवल रूपान्तरणबाट मात्र मर्छ । इन्द्रियलाई मार्न खोज्यो भने त्यसले कैयन् गुणा विकृति र विक्षिप्तता जन्माउँछ । इन्द्रिय मारेर कहिल्यै पनि मर्दैन, जुन इन्द्रियलाई मार्न खोजेको हो त्यो इन्द्रिय कैयन् गुणा शक्तिशाली भएर अझ प्रबलतापूर्वक हामीलाई चलाउँछ । इन्द्रिय स्वयम् सबल भएर मालिक नबनी छाया जस्तो भएर आज्ञाले चल्नुपर्छ । साक्षी व्यक्तिका इन्द्रियहरू छाया भएर आदेशमा चल्छन् । जो आफूलाई कर्ता सम्झिन्छ, ऊ नै इन्द्रियहरूको वशमा हुन्छ । जो आफूलाई इन्द्रियको मालिक सम्झिन्छ, ऊ इन्द्रियहरूको वशभन्दा बाहिर हुन्छ अनि सारा इन्द्रियहरूले स्वतः समर्पण गर्दछन् ।

*इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।*
*मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥*

**इन्द्रियहरूलाई स्थूल शरीरभन्दा श्रेष्ठ, बलवान् र सूक्ष्म मानिएको छ । ती इन्द्रियहरूभन्दा श्रेष्ठ मन, मनभन्दा श्रेष्ठ बुद्धि र बुद्धिभन्दा अत्यन्त श्रेष्ठ आत्मा छ ॥**

यदि हामी इन्द्रियहरूलाई वशमा राख्नु हाम्रो शक्तिभन्दा बाहिरको कुरा हो भन्ने सोच्छौं भने त्यो गलत हुने छ र महान् भुल पनि हुने छ । इन्द्रियहरूलाई वशमा गर्नु कठिन छ तर असम्भव भने छैन । हामी पूर्ण हौं र हाम्रो इन्द्रिय हाम्रो एउटा हिस्सा मात्र हो । आँखा विना हामी हुन सक्छौं तर हामीविना आँखा हुन सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रियहरूमा तिम्रो वश त छ तर तिमीले कहिल्यै त्यसलाई स्मरण गरेका छैनौ । तिमी इन्द्रियका मालिक हौ तर तिमी आफैं उसको दास बनेका छौ । इन्द्रियभन्दा टाढा र सबल एवम् श्रेष्ठ मन छ, मनभन्दा पर सबल एवम् श्रेष्ठ बुद्धि छ, बुद्धिभन्दा पर सबल एवम् श्रेष्ठ आत्मा छ । जो जति पर या टाढा छ, त्यो त्यति नै शक्तिशाली हुन्छ । शक्तिशाली जहिले पनि अन्त्यमा हुन्छ, किनभने उसले सबै कुरालाई सम्हाल्छ जस्तो कि वृक्षको तलको जराले सारा वृक्षलाई सम्हालेको हुन्छ ।

हे अर्जुन ! मन इन्द्रियभन्दा शक्तिशाली छ र मनले चाह्यो भने कुनै पनि इन्द्रियलाई तत्काल रोक्न सक्छ । मन सक्रिय भयो भने इन्द्रिय तत्काल रोकिन्छ; जहाँ मन हुन्छ त्यहाँ इन्द्रिय जान्छ । इन्द्रियको

शक्ति मनबाट आउँछ । मनभन्दा पछि बुद्धि छ, बुद्धि जहाँ छ त्यहाँ मन जानुपर्छ । हामी बुद्धिलाई मनको समर्थनमा प्रयोग गर्छौं । बुद्धि मनभन्दा पर र माथि छ । राती प्रगाढ निद्रामा जहाँ मन रहँदैन त्यहाँ पनि बुद्धि स्थित हुन्छ । मन त विचारहरूको जोड हो । बिहान उठेर हामी भन्छौं- राती राम्रो निद्रा आयो । यो मिठो र आनन्ददायक निद्रा पऱ्यो भनेर बुद्धिले जान्दछ । समर्थ व्यक्तिको बुद्धिले मनलाई चलाउँछ । बुद्धिभन्दा पर आत्मा छ । बुद्धिले आत्माको कुरा मानेमा व्यक्ति पार हुन सक्छ ।

*एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।*
*जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥*

**हे महाबाहु ! बुद्धिभन्दा श्रेष्ठ अर्थात् सूक्ष्म, बलवान् र अत्यन्त श्रेष्ठ आत्मालाई जानेर र बुद्धिद्वारा मनलाई वशमा राखी तिमी यो कामरूप दुर्जेय शत्रुलाई मार ॥**

श्रीकृष्ण भन्नुहुन्छ- आफ्नो परम ऊर्जा शक्तिलाई चिनेर अर्थात् आफ्नो परम ऊर्जा शक्ति परमात्माको नै शक्ति हो भन्ने जानेर इन्द्रियलाई वशमा राख । मनलाई बुद्धिले वशमा राख, बुद्धिको बागडोर परमात्माको हातमा देऊ । यसो गऱ्यौ भने तिमी यो दुर्जेय वासनाबाट बाहिर हुने छौ । जो जति गहिराइमा छ त्यो त्यत्ति नै शक्तिशाली हुन्छ । गहिराइमा भएको आत्मा सबैभन्दा शक्तिशाली हुन्छ। त्यसैले हे अर्जुन ! तिमी गहिराइमा भएकालाई नै सञ्चालन गर्न देऊ, माथिको आवरणलाई सञ्चालक नबनाऊ। इन्द्रिय साधारणतया यान्त्रिक रूपमा आदतअनुसार चल्दछन् किनभने हामीले मनद्वारा तिनलाई सञ्चालन गरेका हुँदैनौं । हामीले इन्द्रियलाई आफ्नो सत्ता हस्तान्तरण गरेका छौं । यस स्थितिमा हामीले मनलाई बिचमा ल्याउनुपर्ने हुन्छ । सचेतनापूर्वक, होसियार भएर कार्य गऱ्यौं भने इन्द्रियको शक्ति मनमा कमजोर हुन्छ र मनको शक्ति इन्द्रियमा बढ्न थाल्छ ।

फेरि बुद्धिले मनलाई सञ्चालित गरौं । हामी त बुद्धिको प्रयोग मनले कुनै चिजलाई समाधान गर्न नसक्दा मात्र गर्छौं । गाडी चलाउँदा मन आफ्नो यात्रा गरिरहेको हुन्छ तर इमरजेन्सीमा ब्रेक लगाउनु परेमा भने मन तत्काल बन्द हुन्छ र बुद्धिको काम सुरु हुन्छ । हामी बुद्धिलाई जब उसको सेवाको जरुरत हुन्छ, तब मात्र बोलाउँछौं अन्यथा मनले आफ्नो काम गरिरहेको हुन्छ । बुद्धिले मनलाई सञ्चालन गर्नुपर्छ । जब मनले सपनाको महल बनाउन थाल्छ, तब बुद्धिलाई बिचमा ल्याएर मन के सोचिरहेको छ भनेर देखाउनुपर्छ । यस्तो अवस्थामा मनका जालोहरू टुट्छन् । बुद्धि बिचमा आउँदा मनको अवस्था शिक्षक कक्षामा आउँदा विद्यार्थीहरूको भए जस्तै हुन्छ र मन डराउन थाल्छ । मन केवल सपना देख्न सक्छ, उससँग कुनै विवेक र विचारको शक्ति हुँदैन । विचारको शक्ति बुद्धिसँग हुन्छ । त्यसैले बुद्धिलाई बिचमा ल्याउन आवश्यक हुन्छ र मनका कामहरूलाई बुद्धिले जागरुक भएर गर्न लगाउनुपर्छ । यसो गर्नेबित्तिकै मन दीन हुन्छ ।

बुद्धि पनि परम होइन । त्यसैले यसलाई पनि सबै कुराहरू सुम्पिन हुँदैन । बुद्धिको वशमा व्यक्ति भयो भने अहङ्कारी हुन्छ । बुद्धिमा ठुलो अहङ्कार आउँछ । बुद्धि सोच्न विचार गर्न सक्छ तर जीवनको सत्य अगम्य र बुद्धिको नियन्त्रणभन्दा बाहिर छ । जीवन यस्तो रहस्यपूर्ण छ, जसलाई बुद्धिले मात्र खोल्न सकिँदैन । बुद्धि पनि जब समस्यामा पर्छ, तब मात्र परमात्मालाई याद गर्छ । जबसम्म बुद्धि दुखमा पर्दैन, तबसम्म परमात्मालाई याद गर्दैन । एउटा व्यक्तिको उपचार गर्दा गर्दै जब उसको स्वास्थ्य अवस्थाबारे डाक्टरले जवाफ दिन्छ, तब मात्र उसलाई भगवान्को याद आउँछ । त्यसैले हे भगवन् ! मलाई बाटो देखाऊ भन्न थाल्छ । बुद्धि जब हार्दछ, तब समर्पण गर्नुको कुनै अर्थ हुँदैन । जब सफलता र सुखले साथ दिइरहेको हुन्छ त्यस बेलामा नै कुनै व्यक्तिले परमात्माको स्मरण गर्दै बुद्धिलाई समर्पण गऱ्यो भने त्यो बेला बुद्धिको सही समर्पण हुन्छ र बुद्धि परमात्माको हातमा हुन्छ । इन्द्रियलाई मनको हातमा सुम्पौं, मनलाई बुद्धिमा र बुद्धिलाई परमात्माको चरणमा समर्पण गरौं । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- जसले

आफूलाई समर्पित गर्दछ त्यो व्यक्ति दुर्जेय कामनाबाट पार हुन्छ, अर्थात् उसलाई परमात्मा उपलब्ध हुन्छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे कर्मयोगो नाम*
*तृतीयोऽध्यायः ॥३॥*





*ॐ श्रीपरमात्मने नमः*

चौथो अध्याय

## ज्ञानकर्मसन्न्यासयोगः

*श्री भगवानुवाच ।*
*इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।*
*विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥*

**भगवान्ले भन्नुभयो- यो अविनाशी एवम् जीवात्मा र परमात्माबिचको सम्बन्ध बुझाउने विशिष्ट ज्ञान मैले सर्वप्रथम सूर्यलाई दिएको थिएँ, सूर्यले वैवस्वत मनुलाई र वैवस्वत मनुले आफ्ना प्रिय पुत्र राजा इक्ष्वाकुलाई दिए ॥**

सत्य समयभन्दा सनातन छ । सत्यको जन्म र मृत्यु हुँदैन त्यसैले सत्य नयाँ वा पुरानो हुँदैन । समयका सीमाभित्र हुने सबै परिवर्तनीय हुन्छ भने समयका सीमाबाहिर हुने मात्र अपरिवर्तनीय हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! मैले तिमीलाई जे भन्दै छु त्यही कुरा मैले सूर्यलाई पनि सृष्टिको प्रारम्भमा भनेको थिएँ । सबै प्रारम्भ समयभित्रै हुन्छ समयबाहिर कुनै प्रारम्भ हुन सक्दैन । त्यस्तै सबै अन्त पनि समयभित्र नै हुन्छ । श्रीकृष्णको भनाइको तात्पर्य सत्य समयभन्दा बाहिर छ र त्यही सत्य सूर्यलाई पनि उहाँले भन्नुभएको थियो ।

ध्यानको गहिराइमा व्यक्तिहरूले सर्वप्रथम प्रकाशको अनुभव गर्दछन् । व्यक्तिको अहङ्कार जब विलीन भएर शून्य हुन्छ, तब प्रकाश मात्र शेष रहन्छ र व्यक्ति समयभन्दा पहिलेको अवस्थामा पुग्छ । कृष्णको अर्थ यही सत्य मैले प्रकाश अर्थात् सूर्यलाई पहिले भनेको थिएँ भन्ने हो । यस जगत्को प्रारम्भको पहिलो घटना र अन्तिम घटना पनि प्रकाश नै हो । श्रीकृष्ण यहाँ प्रकाशलाई सूर्य भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ- मैले सूर्यलाई पहिले भनेको थिएँ किनभने प्रकाश सबैभन्दा पहिले हुन्छ । सूर्यपछि प्रकाशका पुत्र वैवस्वत मनुलाई सूर्यले भनेका थिए अनि उनका पुत्र राजा इक्ष्वाकुलाई मनुले भनेका थिए । श्रीकृष्ण मैले भनेको थिएँ भन्नुहुन्छ । श्रीकृष्णको शरीर जो अर्जुनको अगाडि छ त्यो शरीर त अहिलेको उपदेशभन्दा केही वर्षअगाडि मात्र जन्मिएको हो र केही वर्षपछि बिदा हुने छ । कृष्णको भनाइको अर्थ अरू नै 'म' हो । जिससलाई एकजनाले प्रश्न गरे- अब्राहमका सम्बन्धमा तपाईंको के विचार छ, अब्राहम जिससभन्दा धेरै अघिका यहुदीहरूको पैगम्बर हुनुहुन्छ । जिसस भन्नुहुन्छ- अब्राहमभन्दा पनि अघि म थिएँ । यो मरियमका छोरा जिससको बारेमा भनिएको होइन, अब्राहम त जिससभन्दा हजारौं वर्ष अघि हुनुहुन्थ्यो । जिससले शरीरको होइन, परमात्मतत्त्वको कुरा गर्नुभएको हो ।

श्रीकृष्ण सौर्य जगत्को त्यही पहिलो घटना भन्ने क्रममा मनु एवम् इक्ष्वाकुका बारेमा पनि भन्नुहुन्छ, जो हजारौं वर्षअघि हुनुहुन्थ्यो । श्रीकृष्णले मैले सूर्यलाई भनेको थिएँ भन्नुको अर्थ यहाँ कृष्ण व्यक्तिको रूपमा होइन समष्टिको रूपमा बोल्दै हुनुहुन्छ । श्रीकृष्ण अर्जुनलाई समयको बाहिर घटेको घटनाका बारेमा परमात्माको रूपमा भन्दै हुनुहुन्छ । कृष्ण पूरा समय दुई धरातलमा उभिएर कुरा गर्नुहुन्छ । जो वक्तव्य समयभन्दा बाहिर छ, त्यहाँ कृष्ण परमात्मा जस्तै भएर बोल्नुहुन्छ र जो वक्तव्य समयका सीमाभित्र छ त्यहाँ कृष्ण अर्जुनको मित्रका रूपमा बोल्नुहुन्छ । उपर्युक्त श्लोकमा श्रीकृष्णले सूर्यलाई भनेको भन्ने भनाइ जीवनको परम सत्य, परम ऊर्जाद्वारा भनिएको हो र यही सत्य सूर्यले मनुलाई, मनुले आफ्ना पुत्रलाई भन्नुको तात्पर्य समय अलग अलग हुँदैन भन्ने हो । यहाँ भन्ने व्यक्ति र

सुन्ने व्यक्ति अलग हुन सक्छन् तर सत्य त्यही हुन्छ । सत्यका सम्बन्धमा अनेक जान्ने व्यक्तिहरूले आ-आफ्नो शैलीमा आ-आफ्नो तरिकाबाट अनेक प्रकारले एउटै कुरा भनेका छन् ।

उपनिषद्ले जे भन्छ, बुद्ध त्यही कुरा भन्नुहुन्छ तर भिन्न कुरा भनिएको जस्तो लाग्छ । यहाँ बोल्ने व्यक्ति र सुन्ने व्यक्तिहरू बदलिएर युगसँगै भाषा पनि बदलियो । महावीरले जे भन्नुहुन्छ, त्यो वेदमा भनिएको कुरा नै भन्नुहुन्छ तर भाषा बदलियो । बोल्ने व्यक्ति र सुन्ने व्यक्तिहरू बदलिए र कहिलेकाहीँ भाषाको परिवर्तनले दुई व्यक्तिहरूले भनेको भनाइ विपरीत जस्तो पनि लाग्दछ। मनुष्य जातिको जीवनमा यसबाट ठुलो दुर्घटना घटित भएको छ । हिन्दू, इस्लाम, इसाई, बौद्ध, जैन, सिख आदि धर्म एक अर्काका विरोधी र शत्रु हुन् जस्तो लाग्दछ । यी अलग-अलग धर्महरूका सत्य पनि अलग-अलग छन् जस्तो प्रतीत हुन्छ तर सत्य एउटै छ; यसमा कुनै भिन्नता छैन । अलग-अलग युगमा अलग-अलग व्यक्तिलाई भनिएको हुँदा भिन्नजस्तो भान मात्र भएको हो । धार्मिक व्यक्ति त्यही हुन्छ जसले यी सबै विरोधहरूमा पनि सत्यलाई जान्दछ, अन्यथा परस्परमा विरोधी सत्य देख्ने व्यक्ति धार्मिक हुन सक्दैन ।

श्रीकृष्ण यहाँ ठिक यही सत्य पहिले पनि भनिएको थियो भन्नुहुन्छ । उहाँ मौलिक हुने दाबा पनि गर्नुहुन्न र मैले नै पहिलोपटक भनेको थिएँ पनि भन्नुहुन्न र अर्जुनलाई पनि सत्य पहिलो पटक सुनिरहेका छौ पनि भन्नुहुन्न । श्रीकृष्ण भन्नुहुन्छ- यो कुरा नयाँ होइन तर मौलिक हो, जुन मूलसँग सम्बन्धित छ । यो कुरा जहाँबाट सबै जन्मिएका छन्, त्यहीँसँग सम्बन्धित छ । सत्यको अनुभव हुने व्यक्तिलाई सत्य पहिले कसैले जानेको छैन र मैले मात्र जानेको छु भन्ने प्रतीति हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- यही कुरा हजारौँ पटक अनन्त व्यक्तिहरूले भनेका छन् । सत्यका सम्बन्धमा कृष्ण पूर्वाग्रहरहित हुनुहुन्छ । कृष्णको जोड सत्यमा छ; त्यसैले उहाँ भन्नुहुन्छ- जो सत्य हो त्यही म तिमीलाई भन्छु । महावीर पनि भन्नुहुन्छ- मभन्दा पहिले पारसनाथ, ऋषभनाथले र नैमिनाथले पनि यही भनेका थिए । बुद्ध भन्नुहुन्छ- मभन्दा पहिले जो बुद्ध भए, जसले जाने र देखे, उनीहरूले पनि यही भने । यी सबै व्यक्तिहरू नयाँ तथा पुरानो भनेर दाबा गरिरहनुभएको छैन केवल सत्य, सत्य नै हुन्छ भनिरहनुभएको छ । सूर्य हामी नहुँदा पनि थियो, हामी समाप्त भएपछि पनि हुन्छ । त्यसैले यो सूर्य नयाँ र पुरानो होइन । हामी नयाँ र पुराना हुन्छौँ, आउँछौँ र जान्छौँ तर सत्य आफ्नो ठाउँमा अटल हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- सूर्यलाई भन्दा पनि सत्य त्यही थियो र जुन दिन सूर्यले आफ्ना छोरा मनुलाई भने त्यस बेलामा पनि सत्य त्यही थियो र मनुले आफ्ना छोरा इक्ष्वाकुलाई भन्दा पनि सत्य त्यही थियो । कृष्णले अर्जुनलाई भन्दा पनि सत्य त्यही छ । हिजो सत्य जहाँ थियो, आज पनि त्यहीँ छ र भोलि हामी कोही नहुँदा पनि सत्य त्यही अटल रूपमा रहन्छ।

*एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।*
*स कालेनेह महता योगो नष्टः परन्तप ॥२॥*

**हे परन्तप ! संसारमा यो परमविज्ञान गुरु-शिष्य परम्पराका माध्यमबाट राजर्षिहरूले जाने । लामो समयको अन्तरालमा यो योग नष्ट होइन लुप्तप्रायः भयो ॥**

यो परमविज्ञान गुरु-शिष्य परम्पराबाट राजर्षिहरूले जाने जुन पृथ्वीबाट लामो समयको अन्तरालमा लुप्त प्रायः भयो । परम्पराको अर्थ ट्रेडिसन (Tradition) होइन । ट्रेडिसनको अर्थ रीत एवम् प्रचलित व्यवस्था हो तर परम्पराको अर्थ फरक छ । परम्पराको अर्थ अंग्रेजीमा Continum हुन सक्छ । सन्तति प्रवाह अर्थात् सिलसिला नै परम्पराको अर्थ हो । श्रीकृष्ण भन्नुहुन्छ- परम्परा अन्तर्गत नै ऋषिहरूले यो सत्यलाई एक अर्काका माध्यमबाट जाने । श्रीकृष्ण जुन परम्पराको कुरा गर्दै हुनुहुन्छ त्यो शास्त्रको नभएर जान्ने व्यक्तिहरूको परम्परा हो । श्रीकृष्णले सूर्यलाई शास्त्रका माध्यमबाट होइन सिधै भन्नुभएको हो । सत्य सदैव परमात्माबाट व्यक्तिसँगको सिधा संवाद हो । हामीले परम्पराका बारेमा बुझ्ने गरेको अर्थ गलत हो । परम्पराको अर्थ सत्य हस्तान्तरण र आफ्नो जानकारी अरूलाई दिएर जानकार बनाउनु पनि होइन ।

परम्पराको अर्थ जान्ने व्यक्तिहरूको बिचमा एउटा कडी हुनु हो, जसलाई अघि पनि धेरैले जानिसकेका छन् र पछि पनि अरूहरूले जान्न सक्ने छन् । सत्य सूर्यजस्तो सदा चम्किरहेको हुन्छ जसले आँखा खोलेर हेर्‍यो त्यसले सत्यलाई जान्न सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- त्यो सत्यको परम्परा लुप्तप्रायः भयो । सत्य लुप्त या नष्ट हुन सक्दैन त्यसैले श्रीकृष्ण लुप्त भयो भन्नुहुन्न केवल लुप्तप्रायः भयो भन्नुहुन्छ । सत्य यदि लुप्त नै भयो भने त्यसको पुनः आविष्कार सम्भव हुँदैन र त्यसलाई खोज्न पनि सकिँदैन । सत्य सदैव लुप्तप्रायः हुन्छ तर यो लुप्त नै भने हुँदैन । एउटा किरण मात्र भए पनि अन्धकारले भरिएको हाम्रो मनमा यो स्थित रहन्छ । जस्तो कि घरका झ्याल ढोका बन्द गरे पनि एउटा सानो प्वालबाट सूर्यको किरण आएजस्तो सत्यसँग हाम्रो सम्बन्ध बनि नै रहन्छ र त्यसै किरणको प्रकाशबाट हामी सूर्यलाई पुनः खोज्न सक्छौँ । हरेक कालखण्डमा सत्यको एउटा किरण मौजुद नै रहन्छ जसबाट हामी लुप्तप्रायः सत्यलाई खोज्न सक्छौँ तर यदि यो किरण पनि विलीन भयो भने यसलाई खोज्ने कुनै उपाय नै रहँदैन । ठिक यसैगरी जानेको सत्यको परम्परा सुनेको सत्यको परम्परामा हराउँछ । द्रष्टाको परम्परा स्रष्टाको परम्परामा हराउँछ । बिस्तारै शास्त्रको समूह जम्मा हुन्छ र ज्ञानको किरण यसमा डुबेर हराउँछ । हामी शास्त्रलाई नै कण्ठस्थ गर्न थाल्छौँ अनि शास्त्रबाट नै हामीलाई ज्ञान प्राप्त हुने छ भन्ने लाग्न थाल्छ । यस स्थितिमा सत्यको सिधा खोज बन्द हुन्छ र हामी उधारो सत्यमा बाँच्न थाल्छौँ ।

शास्त्रहरूको सामूहिक मरुभूमिमा पनि सत्य लुप्त हुन सक्दैन केवल लुप्तप्रायः मात्र हुन्छ । यदि कसैले शास्त्रको थुप्रोमा पनि सत्य खोजेर पाउन सक्यो भने त्यहाँ पनि सत्य उपलब्ध हुन सक्छ। तर त्यसलाई चिन्न कठिन छ किनभने हामी सत्यसँग परिचित नै छैनौँ । त्यसैले त्यो शास्त्रहरूको थुप्रोलाई खनेर निकाल्ने कार्य कठिन हुन्छ र हामी सत्य नपाएर भडकिन पनि सक्छौँ । आज यस्तै अवस्था विद्यमान छ, हिन्दू हिन्दूको शास्त्रमा हराएको छ, मुसलमान, इसाई उनीहरूकै शास्त्रमा हराएका छन् । जब मोहम्मद, जिसस, महावीर, बुद्धलाई ज्ञान भयो, तब उहाँहरूसँग कुनै शास्त्र नै थिएन । जान्ने प्रक्रिया सदा अँध्यारो, मौन अनि शान्तिमा उपलब्ध हुन्छ । हामीहरू जान्नका लागि शब्दको मार्गबाट यात्रा गर्छौँ । व्यक्तिले शास्त्रबाट खोज्दाखोज्दै थकित भएर यसलाई बन्द गरेर सिधा सत्यको मार्गबाट निक्लिएमा सत्य प्राप्त हुन सक्छ । व्यक्तिले जब शब्दलाई मौनमा रूपान्तरण गर्छ तब मात्र सत्यको सिधा खोज प्रारम्भ हुने छ ।

सत्य लुप्त हुने अर्को कारण एउटा सत्य जान्ने व्यक्तिले अर्को सत्य जान्ने व्यक्तिलाई भन्दैनन् किनभने त्यसको कुनै प्रयोजन नै हुँदैन । उदाहरणका लागि महावीरले जानेको सत्य नजानेको व्यक्तिलाई भन्नुपर्ने हुन्छ र त्यहाँबाट समस्या उब्जिन्छ । नजान्ने व्यक्तिले जान्ने व्यक्तिबाट भनिएको कुरा उसले बुझ्दैन र आफूले अर्थ लगाएको कुरा सुनेर बुझ्छ । हामी त्यही सुन्न सक्छौँ, जो हामी जान्दछौँ र भित्रको मनले सत्यको कुरा सुनेर पनि बुझ्दैन । श्रीकृष्णले भनेको कुरा अर्जुनले सुनेर बुझेका भए कृष्णलाई अब बोल्न केही बाँकी नै रहने थिएन । जान्ने व्यक्तिहरूले नजान्ने व्यक्तिहरूसँग बोल्नुपर्ने हुन्छ र उनीहरूले सुनेर आफ्नो अर्थ निकाल्छन् जो उनीहरूको आफ्नो अर्थ हुन्छ यही स्वाभाविक कठिनाइका कारण सत्य लुप्तप्रायः हुन्छ ।

एडमन्ड वर्क (Edmund Burke) विश्वको सामाजिक एवम् राजनैतिक इतिहास लेख्दै थिए । इतिहास लेख्ने क्रममा उनको पन्ध्र वर्ष बितिसकेको थियो जसअन्तर्गत करिब इतिहास लेख्ने आधा काम सम्पन्न भइसकेको थियो । अहोरात्र पढ्ने र लेख्ने काम मात्र उनी गर्दथे । एकदिन उनको घरको छेउमा हल्लाखल्ला सुरु भयो । पहिले त वर्कले ध्यान दिएनन् तर हल्ला बढेपछि उनी बाहिर के भएको हो भनेर बुझ्न निस्के । नजिकै एक व्यक्तिको हत्या भएको थियो । त्यो हत्याका सम्बन्धमा साक्षीहरू विभिन्न कुरा

गर्दै थिए । कोही भन्दै थिए हत्या गर्नेले ठिक गऱ्यो- यो त गलत व्यक्ति थियो । कोही भन्दै थिए हत्यारा गलत थियो- यो व्यक्ति त राम्रै थियो । हत्याको विवरणमा पनि व्यक्तिहरूको अलग-अलग विचार वा बयान थियो । कोही भन्दै थिए हत्यारा जिम्मेवार छ र कोही भन्दै थिए हत्याराले बाध्य भएर हत्या गरेको हो । एडमन्ड वर्कले पन्ध्र वर्ष काम गरेको किताबमा आगो लगाए र लेखे- मेरो घरको पछाडि कसैको हत्या हुँदा आँखाले देख्ने घटनाका प्रत्यक्षदर्शीहरूको भनाइ त यति फरक छ भने पाँच हजार वर्षअघि के भएको थियो भन्ने कुरा पाँच हजार वर्षपछि सत्य लेख्न सकिँदैन; तसर्थ यो व्यर्थको काम हो । वर्कले लेखेका छन् इतिहास सरासर झुटो कथा हो र सत्य इतिहास लेख्न नै सकिँदैन ।

श्रीकृष्णले बोल्ने बित्तिकै सत्य बदलिन लाग्यो र अर्को व्यक्ति कहाँ पुग्ने बित्तिकै यसको रूप बदलिएर लुप्त हुन सुरु भयो । सत्य बोल्ने बित्तिकै सुन्ने व्यक्तिको क्षमताको अभावको कारण लुप्त हुन थाल्दछ साथै बोल्ने प्रक्रियामा पनि सत्य लुप्त हुन्छ । सत्य अति विराट् छ र शब्द सङ्कीर्ण छ । सत्यलाई जब शब्दमा राख्ने चेष्टा हुन्छ, त्यहाँबाट कठिनाइ सुरु हुन्छ । त्यसैले हरेक जान्नेवालाहरू भन्छन्- सत्य सबै भन्न सकिँदैन । जो भन्न चाहेको हो त्यो भन्दाभन्दै छुट्दछ । बिहान सूर्य उदाएको सुन्दरताको अवस्था, चराचुरुङ्गीहरूले गीत गाएको, वृक्षहरूमा फूल फुल्दै गरेको र प्रसन्न देखिएको कुरा शब्दमा कसैलाई वर्णन गर्नुपऱ्यो भने आफूले अनुभव गरेको धमिलो तस्बिर पनि भन्न सकिँदैन किनभने हामी जे भन्छौँ, त्यहाँ सूर्यको किरण र ताप हुने छैन । त्यहाँ पक्षीहरूको गीतको सङ्गीत हुने छैन, त्यहाँ वृक्षको हरियाली पनि हुने छैन र त्यहाँ बिहानको हावाको स्वच्छपन हुने छैन । त्यसमा फूलहरू फुल्ने भावहरू पनि हुँदैन । बिहानको ध्यानमग्न समाधिस्थ रूपको वर्णन शब्दमा गर्नै सकिँदैन । अनि यो वर्णन सुन्ने व्यक्तिले जब अरूलाई त्यसका बारेमा बताउन थाल्छन् त्यसबेला सत्य लुप्त हुन सुरु हुन्छ । केही त भन्ने प्रक्रियामा नै लुप्त हुन्छ । अनि त्यो सुन्ने व्यक्तिले सुनेको भरमा अरूलाई सुनाउँछ अनि सत्य लुप्त हुन थाल्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- सत्य लुप्तप्रायः छ तर सत्य यति त निश्चित रूपमा बाँच्दछ कि त्यसको प्रत्यभिज्ञा गर्न सकियोस् । सत्य सदा लुप्तप्रायः हुन्छ तर लुप्तप्रायः भएर पनि सत्य विद्यमान हुन्छ । साथै सत्य जतिसुकै लुप्तप्रायः भए पनि असत्य हुँदैन । सदा सत्यको धमिलो प्रतिध्वनि शेष नै रहन्छ । जान्ने व्यक्तिले त्यो प्रतिध्वनिलाई चिन्न सक्छन् र त्यो प्रतिध्वनिको प्रत्यभिज्ञा गर्न सक्छन् । सत्य दर्शन हो र योग त्यसको द्वार हो । सत्य जान्न सकिन्छ र जसबाट सत्यलाई जान्न सकिन्छ त्यो मार्ग योग हो ।

राजर्षिको अर्थ ऋषितुल्य राजा भन्ने हो । ऋषि त्यागको प्रतीक हो र राजा त्यागी भए राजर्षि कहलाउँछ । ऋषि नभईकन त राजा राजर्षि हुन सक्दैन । राजामा त्यागको शक्ति हुनैपर्छ । स्वामी रामले अमेरिकाका तत्कालीन राष्ट्रपति जो उहाँलाई भेट्न आएका थिए, उनलाई आफू बादशाह भएको बताउनु भयो र भन्नुभयो म बादशाह हुँ किनभने ममा कुनै चाहना र माग अब बाँकी छैन । मलाई अब कुनै कुराले पनि लोभ उत्पन्न हुँदैन । यसकारण पनि बादशाह जस्तो लाग्छ कि जबदेखि आफ्ना विचारहरू छोडें, त्यसपछि सबै आफ्नो मात्र लाग्छ र सारा दुनियाँ र ब्रह्माण्ड मेरो हो भन्ने लाग्छ । जब आफूभित्र हेर्छु अनि अनन्त सम्पत्ति वा कोष र साम्राज्य पाउँछु । यस्तो प्रवृत्ति भएको व्यक्ति राजर्षि हुन्छ । राजर्षि केही नगरी सबै कुरा प्राप्त गर्दछन् र पाउनका लागि केही गर्दैनन् । केही नगर्नु भन्दा कठिन कार्य कुनै पनि छैन । राजर्षि वर्तमानमा पूर्ण विश्राम र समर्पण भावले बाँच्दछ ।

*स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।*
*भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥*

**भगवान् श्रीकृष्ण भन्नुहुन्छ- त्यही पुरातन योग एवम् विशिष्ट ज्ञान जो आदिकालमा मैले नै बताएको थिएँ । समयको लामो अन्तरालमा छिन्नभिन्न भएको वा अदृश्य भएको त्यही रहस्यमय र उत्तम ज्ञान आज मैले तिमीलाई भनें किनभने तिमी मेरा प्रिय भक्त एवम् मित्र पनि हौ ॥**

जीवन ऋतुहरू जस्तै परिवर्तन भइरहन्छ । गाडीको पाङ्ग्रा जस्तै एउटा स्थिर नघुम्ने किलामा अडेर चक्का घुमिरहन्छ । अर्थात् सारा परिवर्तन कुनै अपरिवर्तनमा आधारित हुन्छ । दृश्य अदृश्यमा, मृत्यु अमृतमा, पदार्थ परमात्मामा एवम् घुम्नेवाला संसार नघुम्ने अपरिवर्तनशील संसारमा निर्भर हुन्छ । सारा कुरा विपरीतमा निर्भर हुन्छ । त्यसैले जो देखिन्छ, त्यसमा मात्र कोही रोकियो भने ऊ रहस्यबाट वञ्चित हुन्छ । दृश्यमा जो अदृश्यलाई खोज्न सक्छ ऊ रहस्यसँग परिचित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- त्यही पुरातन योग सत्य हो जो सदाबाट चलिआएको छ । यो त्यही सत्य हो जो ऋषिहरूले जाने । जो तिमीलाई म पुनः भन्छु । म तिमीलाई त्यही भन्छु जो सदादेखि छ । सत्यमा आफ्नातर्फबाट केही जोड्न पनि सकिँदैन र नयाँ पनि बनाउन सकिँदैन । सत्यलाई कि त हामी जान्न सक्छौँ या त नजान्ने जिद्दी गरेर अज्ञानतामा रहन्छौँ । हामीले जाने वा नजाने पनि सत्य बदलिँदैन । हामी भने अवश्य बदलिन्छौँ । असत्य हाम्रो आविष्कार हो तर सत्य अटल छ जो कहिले पनि बदलिँदैन । कृष्ण हुँदा पनि सत्य थियो र कृष्ण नहुँदा पनि सत्य रहन्छ ।

सत्य नित्य छ र यही नित्य सत्यबारे श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- म पुनः तिमीलाई भन्छु किनभने तिमी मेरा प्रिय सखा र भक्त हौ । कृष्ण सत्य पनि मित्र, भक्त र सखालाई मात्र बताउनुहुन्छ, अन्यथा केही बताउनुहुन्न जस्तो लाग्छ र बाहिरबाट झट्ट हेर्दा कृष्ण पनि पक्षपाती देखिनुहुन्छ । वास्तवमा श्रीकृष्णले यसो भन्नु पछाडिको कारण यदि सत्य मित्र, सखा वा भक्त भनेर बताइएन भने उसले सत्यलाई बुझ्ने चेष्टा नै गर्दैन । यसको तात्पर्य कृष्णले भनेका कुरालाई ध्यान देओस् भनेर कृष्णले यो विश्लेषण जोड्नुभएको हो । सत्यलाई जान्ने र बुझ्ने तयारी मैत्री भावमा सम्भव हुन्छ । कृष्णले त शत्रुलाई पनि बताउनुहुन्छ तर उसले यसलाई ध्यान नदिन पनि सक्छ । सूर्यलाई हेर्न आँखा त खोल्नुपर्छ । सत्य जान्नका लागि ग्रहणशीलताको भाव आवश्यक हुन्छ किनभने सत्य अनन्त एवम् सूक्ष्म छ । सत्य जान्नका लागि व्यक्तिका सबै द्वार खुल्ला हुनुपर्छ र भरोसा र श्रद्धा आवश्यक हुन्छ । यो नभए सत्यलाई बुझ्न सकिँदैन । सत्य सदा नित्य, चिरस्थायी र सनातन छ । त्यसैले अर्जुनले कृष्णको कुरा खुल्ला रूपमा श्रद्धापूर्वक सुनून् भनेर नै श्रीकृष्णले "तिमी मेरा प्रिय सखा हौ, त्यसैले म तिमीलाई फेरि सत्य कुरा भन्छु" भन्नुभएको हो ।

हामीलाई निरन्तर याद दिलाइएन भने हामी कतिपय कुराहरूको यादसम्म गर्दैनौं किनभने हामी गहिरो विस्मरणको अवस्थामा रहेका छौँ । हाम्रो स्मृति अति दीन छ र हाम्रो विवेक अत्यन्त रुग्ण छ । हामी मित्र, प्रिय, आफन्त सबैलाई भुल्छौँ, अरूलाई भुल्न त कठिन छैन तर हामी त आफूलाई पनि भुल्छौँ र करिब करिब बेहोसीको अवस्थामा हरपल रहन्छौँ । एकप्रकारले हामी सदैव निद्रामा रहन्छौँ । क्रोध गरिसकेपछि हामीलाई बल्ल थाहा हुन्छ, तबसम्म ढिला भइसकेको हुन्छ कारण क्रोध फर्काउन वा शान्त गर्न पनि सकिँदैन । अर्जुन सत्यलाई निकटबाट हृदय खोलेर सुनून् र बुझून् भनेर कृष्ण प्रयास गर्नुहुन्छ । यदि आत्मीय भाव हामीमा सृजना भयो भने हाम्रो चेतनाको तल नै बदलिन्छ । सत्यको दर्शन त चेतनाको शिखरबाट मात्र हुन सक्छ । कृष्णका कुरा अर्जुनले आफ्नो स्तरबाट त बुझ्न सक्दैनन् । यसका लागि कृष्णको प्रयास उनलाई चेतनाको माथिल्लो स्तरमा पुऱ्याउनु नै हो । कृष्णले मित्रको सम्बोधन गर्नु अर्जुन कृष्णको स्तरमा आएर सत्यलाई जान्न सकून् भनेर हो ।

यो चर्चा शिखर र खाडलका बिच भइरहेको छ र यथार्थमा अर्जुन नडराऊन् भनेर श्रीकृष्ण सबै प्रकारका भरोसा दिलाउने प्रयास गर्नुहुन्छ । कृष्ण अर्जुनको द्वार खुलाउन हरप्रयास गर्नुहुन्छ र अर्जुनलाई आफ्नो चेतनासँग तादात्म्य गराउने प्रयास गर्नुहुन्छ । जब अर्जुन कृष्णको तल् वा नजिक पुग्छन्, तब

महावाक्य बोल्नुहुन्छ । त्यसभन्दा अघि विभिन्न तरिकाबाट उनलाई तयार पार्ने प्रयास गर्दै हुनुहुन्छ । कृष्णलाई जस्तो सत्य सिकाउनुपर्ने चुनौती अरू महापुरुषहरूलाई कहिल्यै आएन किनभने युद्धको मैदानमा जहाँ सङ्कटको क्षण छ, त्यहाँ सिकाउनु चुनौतीपूर्ण र सर्वाधिक कठिन कार्य हो । त्यसैले श्रीकृष्ण धेरैपटक अर्जुनलाई आफ्नो निकट ल्याउने चेष्टा गर्नुहुन्छ ताकि उनलाई आश्वस्त पार्न सकियोस् । गीतामा धेरै कम महावाक्य छन्, बाँकी सबै तिनैका विस्तार मात्र हुन् ।

*अर्जुन उवाच*
*अपरं भवतो जन्म परं जन्म विवस्वतः ।*
*कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥*

**अर्जुनले भने– हे भगवन् ! हजुरको जन्म अहिले भएको छ र सूर्यदेवको जन्म पहिल्यै भएको थियो । यसर्थ हजुरले नै सूर्यदेवलाई यो विज्ञान पहिले नै बताउनु भएको थियो भन्ने कुरालाई म कसरी बुझूँ ॥**

श्रीकृष्णले सृष्टिको पूर्वसन्ध्यामा मैले सूर्यलाई यही कुरा भनेको थिएँ भन्नुभएको थियो । त्यसैले अर्जुनको मनमा प्रश्न उठ्नु ठिकै हो । कृष्ण त भर्खरै जन्मिनुभएको हो र कसरी उहाँले सूर्यलाई भन्नुभयो होला भनेर अर्जुनले कृष्णसँग यस्तो जिज्ञासा राख्नु पनि स्वाभाविक हो । श्रीकृष्ण चाहनुहुन्छ- अर्जुन छलाङ मार्दै शिखरमा पुगून् तर अर्जुन पुनः आफ्नै तल्मा आएर नै प्रश्न गर्छन् । अर्जुन अझ सन्दिग्ध हुँदै प्रश्न गर्छन् । अर्जुन कृष्णसँग हजुरले सूर्यलाई कुन सत्य भन्नुभएको थियो भन्ने प्रश्न उठाउँदैनन् । उनी लाखौं करोडौं वर्ष पुराना सूर्यलाई हजुर जो भर्खरै जन्मिनुभएको छ त्यस्तो व्यक्तिले कसरी भन्नुभयो भनेर सोध्दछन् । अर्जुनको प्रश्न प्रेमपूर्ण छैन किनभने प्रेममा प्रश्नरहित भरोसा हुन्छ ।

श्रीकृष्णलाई पनि थाहा छ- उनको त्यो शरीर त भर्खरै जन्मिएको हो । अर्जुनले सोधेपछि मात्र थाहा भएको होइन तर अर्जुनले कृष्णको भित्री तत्त्वलाई जान्ने कुनै प्रयास गरेको पाइँदैन । श्रीकृष्ण जुन शरीरको कुरा गर्दै हुनुहुन्छ त्यो अर्जुनका अगाडि उपस्थित भएर बोलेको शरीर होइन । यो त त्यो आत्माका बारेमा भन्नुभएको हो जसले वस्त्रको भाँती कैयौं शरीर धारण गरिसकेको र छोडिसकेको छ । श्रीकृष्ण त्यस आत्माको कुरा गर्दै हुनुहुन्छ जो परमात्मासँग मूलतः एकाकार छ र त्यो आत्मा सूर्यभन्दा पहिले पनि थियो र सूर्य समाप्त भएपछि पनि रहने छ । जहाँसम्म शरीरको प्रश्न छ त्यो सूर्यले हामी जस्ता लाखौं शरीरलाई अस्त गराएर पनि प्रकाशित गरिरहन्छ तर जहाँ आत्माको प्रश्न छ आत्माले यस्ता लाखौं सूर्यलाई समाप्त पारेर पनि रहिरहन्छ र त्यो तत्त्व कहिले पनि निभ्दैन । तर त्यसबारे अर्जुनलाई कुनै बोध नै छैन । त्यसैले उनी शरीरको तहको नै प्रश्न उठाउँछन् । उनको प्रश्न श्रीकृष्णको तहबाट हेर्दा मूर्खतापूर्ण लाग्छ ।

*श्री भगवानुवाच*
*बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।*
*तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥*

**भगवान् भन्नुहुन्छ– हे अर्जुन ! मेरा र तिम्रा धेरै धेरै जन्महरू भइसकेका छन् । ती सबै जन्मका बारे म राम्ररी जान्दछु तर तिमी जान्दैनौ ॥**

हे परन्तप ! तिम्रो र मेरो अनेक जन्म भइसकेको छ, तिमी त्यसलाई जान्दैनौ तर म जान्दछु । अर्जुनलाई थाहा नभएको धेरै कुरा हुन सक्छ तर व्यक्तिहरूलाई भने जुन हामी आफू जान्दैनौं, त्यो हुँदैन भन्ने लाग्छ । श्रीकृष्ण बडो सरलतापूर्वक भन्नुहुन्छ- जे तिमीलाई थाहा छैन त्यो मलाई थाहा छ । उहाँ यति प्रामाणिकताका साथ भन्नुहुन्छ; उहाँको वचन पूरा सत्य प्रतीत हुन्छ । श्रीकृष्णजस्ता व्यक्तिको वचन दार्शनिकको जस्तो वचन होइन जो यदि यस्तो भए वा यदि उस्तो भए भनेर जोडेर भन्न सकिन्छ । श्रीकृष्णको वचन सत्य र परम हुन्छ ।

हाम्रा प्राचीन उपनिषद्हरूको जब अनुवाद भयो तब पश्चिमका व्यक्तिहरू बडो समस्यामा परे । उपनिषद्मा ऋषिहरूको ‘ब्रह्म छ’ भन्ने सरल वक्तव्य छ । पश्चिमका दार्शनिकहरूलाई यदि यस्तो भएमा वा उस्तो भएमा परमात्मा हुन्छ भन्ने सुन्ने गरेकाले उनीहरूलाई उपनिषद्को वक्तव्य अचम्मको लाग्यो जसमा कुनै दलील र प्रमाण नभएर सिधा वक्तव्य छ । पश्चिममा यस्तो हुनाको कारण त्यहाँ ऋषिहरू धेरै कम पैदा भएर हो । दार्शनिकहरूले तर्कबाट भन्दै आएको हुँदा उनीहरूलाई यस्तो सिधा वक्तव्यलाई मान्न वा स्वीकार गर्न कठिन भएको हो । बहस र तर्कले अनुभवविनाको एउटा निष्कर्ष निकाल्छ, तर धर्मले अनुभवबाट निष्कर्ष निकाल्छ । उपनिषद्का ऋषिहरूले आफ्नो अनुभवका आधारमा यस्ता वक्तव्य दिएका हुन् ।

श्रीकृष्ण भन्नुहुन्छ- जब मैले तिमीलाई यो परमविज्ञान सृष्टिको प्रारम्भमा सूर्यलाई भनेको थिएँ भनेँ त्यो अरू नै जन्मको कुरा हो, यो यस जन्मको कुरा होइन । श्रीकृष्णका समयमा ज्ञान आफ्नो अनुभवको आधारमा थियो, तसर्थ साहसी थियो । आजको ज्ञान उनान्सय प्रतिशत आफ्नो अनुभवको ज्ञान होइन । अरूबाट सुनेको वा जानेको आधारको ज्ञान हो, त्यसैले यो साहसी छैन । जसले शास्त्रबाट ज्ञान सिक्यो त्यो कागजको डुङ्गामा यात्रा गर्नु जस्तै हो । आज अज्ञान बडो साहसी छ । अज्ञान यति साहसी त कहिले पनि थिएन । चारुवाक्लाई ईश्वर छैन भन्नका लागि पनि हजारौँ प्रमाणहरू पेस गर्नु पर्दथ्यो त्यस उपरान्त मात्र एउटा निष्पत्ति आउँथ्यो । आज नास्तिकले सजिलैसँग विना दलिल आत्मा र ईश्वर छैन भनेर भन्न सक्छन् ।

श्रीकृष्ण कुनै प्रमाण दिनुहुन्न र सहज रूपमा भन्नुहुन्छ- अर्जुन तिमीलाई थाहा छैन तर मलाई थाहा छ । अर्जुन प्रमाण मागिरहेका छन् र कृष्ण कुनै प्रमाण दिनुहुन्न । अर्जुनको सारा दृष्टिकोण शरीरकेन्द्रित छ । उनी भन्छन्- यी मेरा प्रियजन मर्ने छन् तर श्रीकृष्ण भन्नुहुन्छ यिनीहरू कोही पनि मर्दैनन् । यिनीहरू पहिले पनि थिए र भोलि पनि हुने छन् । अर्जुनको प्रश्न शरीरसँग सम्बन्धित छ, जो बारम्बार अनेक रूपमा आउँछ । श्रीकृष्णले मृत्युको सम्बन्धमा यति गुह्य कुरा बताइसक्नु भएपछि अर्जुन फेरि त्यस्तै शरीरसँग सम्बन्धित प्रश्न सोध्छन् । हजुरको जन्म त भर्खर भएको हो; सूर्य त अनादि कालदेखि हुनुहुन्छ । यसर्थ हजुरले पहिले सूर्यलाई कसरी भन्नुभयो । श्रीकृष्ण प्रमाण दिन त सक्नुहुन्थ्यो तर सिधा उत्तर दिनुहुन्छ- हाम्रा अनेक अनेक जन्मका बारेमा ‘म’ राम्रोसँग जान्दछु तर तिमी जान्दैनौ, अनुभव भएको व्यक्तिले वक्तव्य पहिले दिएर प्रमाण पछि मात्र दिन्छ तर अनुभव नभएको व्यक्तिले भने प्रमाण पहिले दिएर आफू जान्दछु जस्तो देखाउन खोज्छ । कृष्णको भनाइ अनुसार एउटा अन्धालाई आँखा भएको व्यक्तिले सूर्यका सम्बन्धमा तिमीलाई थाहा छैन, तर म सूर्यलाई देख्छु र मलाई थाहा छ भने जस्तै हो ।

*अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।*
*प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥६॥*

**म अजन्मा, अविनाशी हुँ र सम्पूर्ण ब्रह्माण्डमा स्थित प्राणीहरूको ईश्वर पनि हुँ तर पनि प्रकृतिलाई अधीनमा राखेर आफ्नै योगमायाका माध्यमबाट दिव्य रूपमा अवतरित हुन्छु ॥**

श्रीकृष्णले यस श्लोकमा चेतना पदार्थमा कसरी प्रकट हुन्छ, परमात्मा कसरी प्रकृतिमा आविर्भाव हुन्छ, अदृश्य कसरी शरीरहरूलाई ग्रहण गर्छ, अलौकिक कसरी लौकिक बन्छ र अज्ञात कसरी ज्ञात बन्छ भन्ने बारेमा बताउनुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- म अरू जस्तै जन्मेको होइन । यसको मतलब ‘म’ भगवान् हुँ भन्न खोजिएको हो भनी तर्क गर्ने व्यक्तिहरू धेरै छन् । म अवतार हुँ भनेर कृष्णले भन्न चाहेको भनी तर्क गर्दछन् । तर श्रीकृष्ण यहाँ भन्नुहुन्छ- यहाँ जन्मन त कोही पनि जन्मिँदैनन् तर अरूहरू जन्मिन्छौं भन्ने ठान्दछन्। जबसम्म जन्मिन्छन् भन्ने मान्दछन् तबसम्म मृत्युमा प्राप्त हुन्छन् । उनीहरूको मान्यता नै उनीहरूको सीमा हो । यहाँ श्रीकृष्ण म अरूजस्तै जन्मेको होइनँ भन्नुहुन्छ । उहाँको भनाइको प्रयोजन जो

अरू जान्दैनन् त्यो म राम्रोसँग जान्दछु भन्ने हो । श्रीकृष्ण भन्नुहुन्छ- म अजन्मा हुँ, मेरो कहिले पनि जन्म भएको छैन । जति प्रयास गरे पनि हामी मर्ने छौ भन्ने कल्पनासम्म पनि भित्र आउँदैन । जन्मिएका सबै व्यक्तिहरू मरेको देख्दा पनि एक दिन म पनि मर्ने छु भन्ने विचार हामीमा आउँदैन । भित्र मृत्युका बारेमा कुनै सम्बन्ध नै जोडिँदैन किनभने भित्रको तत्त्व मरणधर्मा होइन अजन्मा हो । असलमा जो जन्मन्छ, त्यही मर्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ- म अजन्मा र अज्ञात हुँ; त्यसैले अमरणशील पनि हुँ । अरू त जन्मन्छु र मृत्युमा प्राप्त हुन्छु भनेर मान्दछन् तर म अरूजस्तो होइन किनभने 'म' के जान्दछु भने म अजन्मा हुँ र अरूले पनि जुन दिन हामी अजन्मा हौ भनी जान्ने छन् त्यस दिन उनीहरू पनि म जस्तै हुने छन्। कृष्ण जुन अजन्मा 'म' का बारेमा भन्दै हुनुहुन्छ त्यो 'म' परम परमात्माको हो । आत्माको कुनै जन्म छैन तर पनि शरीरमा उत्रिनु भनेको योगमायाद्वारा प्रकट हुनु हो । योगमायाको अर्थ यदि आत्माले चाहेमा वा आकाङ्क्षा गरेमा कुनै पनि शरीरमा प्रवेश गर्न सक्छ भन्ने हो । आत्माले आकाङ्क्षा गरेमा कुनै पनि शरीरसँग संयुक्त हुन सक्छ । यो सङ्कल्पबाट नै हुन्छ । परमात्मा स्वयम् आफूलाई सम्मोहन गरेर मात्र जमिनमा उत्रिन सक्छ। सम्मोहनमा भित्र हाम्रो चेतनाले जे माग्यो त्यही घटित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' परमात्मा आफ्नो योगमायाले शरीरमा उत्रिन्छु । यो प्रकृया त सदा सम्मोहनबाट नै हुन्छ तर यदि कोही जानेर सचेत शरीरमा उत्रियो भने त्यो व्यक्ति अवतार पुरुषको रूपमा चिनिन्छ । यदि नजानेर शरीरमा कोही उत्रियो भने त्यो साधारण व्यक्ति हुन्छ । सम्मोहनले दुवैमा काम गर्छ र एउटा स्थितिमा व्यक्ति प्रकृतिसँग सम्मोहित हुन्छ र अर्को स्थिति जो अवतार पुरुषको हुन्छ ऊ स्वयम् सम्मोहन भएर शरीरमा उत्रिन्छ । त्यहाँ प्रकृतिले कुनै सम्मोहन गर्न सक्दैन । साधारणतया हाम्रो जन्म इच्छाहरूको सम्मोहनमा हुन्छ । हामी मर्दा हजारौँ इच्छाले हामीलाई पक्रेको हुन्छ जुन पूरा हुन पाउँदैनन् । तिनै कामनाले हाम्रो मन प्राणमा आफ्नो घर बनाएर बसेको हुन्छ र मनले प्राणलाई अरू शरीर माग भन्छ । शीघ्र शरीर लेऊ किनभने हामी अतृप्त छौँ, हामीलाई तृप्ति चाहियो भनेर माग गर्छ । मर्ने बेलाको अन्तिम विचार जन्मको पहिलो विचार हुन्छ, बिचमा निद्राको केही क्षण हुन्छ र त्यो इच्छाले हामीलाई सम्मोहित गरेर अर्को जन्म गराउँछ ।

श्रीकृष्ण भन्नुहुन्छ- म अरूजस्तो होइन । यसको अर्थ अरूहरू सबै इच्छा, वासनामा सम्मोहित भएर शरीरमा प्रवेश गरेका हुन्, उनीहरूलाई केही पनि थाहा छैन । उनीहरू जनावरको घाँटीमा बाँधिएको सिक्रीजस्तै इच्छाबाट बाँधिएका छन् । उनीहरू इच्छाको पासोमा बाँधिएका पशुका भाँती छन् । बेहोस, मूर्छित अवस्थामा नै नयाँ जन्ममा प्रवेश गरेका छन् । उनीहरूलाई न मरणको न त नयाँ जन्मको नै कुनै सम्झना छ । उनीहरूलाई केवल अन्धो इच्छाको मात्र सम्झना छ र उनीहरू शरीर प्राप्त गर्नेबित्तिकै तिनै इच्छाहरूलाई पूरा गर्नमा लाग्छन् । जन्म-जन्मान्तरको इच्छा जो पूरा हुन सकेको थिएन त्यसैलाई उनीहरू पूरा गर्न लाग्छन् । कृष्ण जानेर नै जन्मिनु भएको हो, कुनै इच्छाका कारण जन्मिनुभएको होइन । कृष्ण जस्ता व्यक्ति जसमा इच्छा अन्त भइसकेको छ, त्यस्ता व्यक्तिमा करुणाको जन्म हुन्छ । कृष्ण जस्ता व्यक्ति करुणाको कारण जे उहाँसँग छ त्यसलाई बाँड्नका लागि जन्म लिन्छन् । त्यसैले उहाँको होसपूर्ण र चेतन जन्म हुन्छ र उहाँको मृत्यु पनि होसमा जानेर हुन्छ । जो व्यक्तिलाई आफ्नो जन्म र मृत्युको जानकारी हुन्छ उसले आफ्नो समस्त जन्मका बारेमा पनि जान्दछ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमीलाई अघिल्लो जन्मका बारेमा थाहा छैन तर मलाई थाहा छ र म अरूहरू जस्तै मूर्छित रूपमा होइन, सचेष्ट रूपमा आफ्नै योगमायाले आफूलाई नै जन्माउने शक्तिको प्रयोग गरेर शरीरमा उपस्थित भएको छु । श्रीकृष्ण एउटा गुह्य विज्ञानका बारेमा बताउँदै हुनुहुन्छ ।

*यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।*
*अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥*

**हे भारत ! जब जब धर्म एवम् सामाजिक कर्म-कर्तव्यको हानि र अधर्म एवम् असामाजिक क्रियाकलापको वृद्धि हुन्छ, तब तब म आफूलाई साकार रूपमा मनुष्यसामु प्रकट गर्छु ॥**

*परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।*
*धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥*

**साधु सन्त महापुरुषहरूको रक्षा र दुष्ट एवम् असामाजिक तत्त्वहरूको विनाशका लागि र धर्म तथा सामाजिक मर्यादाको पुनः स्थापन गर्नका लागि म हरेक युगमा प्रकट हुन्छु ॥**

श्रीकृष्ण जस्तो व्यक्ति वासनाले होइन करुणाले जन्मिनु हुन्छ । वासना आफ्ना लागि हुन्छ भने करुणा अरूका लागि हुन्छ । वासना अहङ्कारकेन्द्रित हुन्छ तर करुणा अहङ्कार विकेन्द्रित हुन्छ । फूलले आफ्नो वासना चारैतर्फ फैलाएजस्तै करुणा पनि एउटा फैलावट हो । श्रीकृष्ण भन्नुहुन्छ- जब जब धर्म नष्ट हुन्छ, तब धर्मको संस्थापनाका लागि म युगयुगमा प्रकट हुन्छु । जब अधर्मको प्रभाव बढ्छ, तब अधर्मलाई हटाउनका लागि म प्रकट हुन्छु । कृष्णको 'म' मा विभिन्न अवतारहरू बुद्ध, महावीर, जिसस, मोहम्मद आदि सबै समाविष्ट छन् । यो 'म' व्यक्तिवादी होइन, उहाँ भन्नुहुन्छ- धर्मको स्थापनाका लागि र अधर्मको नाश गर्नका लागि जो कोही आए पनि 'म' नै आउँछु । यदि अन्धकारबाट प्रकाशको अनुभूति गराउन कोही आउँछ भने त्यो 'म' नै आएको हुन्छु । यो 'म' परम चेतनासँग सम्बन्धित छ । जब कृष्ण जस्तो व्यक्ति वासनाशून्य हुन्छ तब ऊ करुणाका कारण फेरि आउन सक्छ । युगयुगमा जब कुनै करुणाको जरुरत हुन्छ, परमात्माको रूपको कुनै व्यक्ति फर्किएर आउँछ तर त्यस व्यक्तिको कुनै नाम हुँदैन किनभने जबसम्म वासना हुन्छ, तबसम्म मात्र नाम हुन्छ ।

मोहम्मदले भनेका छन्- मभन्दा अगाडि पनि परमात्माले पठाएका व्यक्तिहरू आएका छन् र म पनि त्यही अधुरो कर्म गर्न आएको छु । जब जिससको जन्म भयो, तब सारा दुनियाँबाट बुद्धिमान् व्यक्तिहरू पृथ्वीमा करुणाले एक अर्को व्यक्तिको जन्म भएको थाहा पाएर जिससको गाउँमा हजारौं माइलको यात्रा गरेर पुगे । जब बुद्धको जन्म भयो, त्यसबेला हिमालयबाट एक जना महायोगी असितमुनि बुद्धको दर्शन गर्न आउनुभयो । बुद्धका पिताले असितमुनिका चरणमा बुद्धलाई राखेर आशीर्वाद माग्नुभयो तर असितमुनि रुन थाल्नुभयो र भन्नुभयो- मेरो रुने कारण अर्कै छ । यस्तो व्यक्तिको पुनर्जन्म भएको छ जसमा कुनै वासना छैन । जो करुणाले आएको छ उसको चरणमा बस्नबाट म वञ्चित हुने छु किनभने मेरो त जाने बेला भइसक्यो । म त आफ्नै दुर्भाग्यका लागि रोइरहेको छु । त्यसैले अहिले नै दण्डवत् गर्छु । जब अधर्म बढ्छ, धर्मको नाश हुन थाल्छ, त्यसको रक्षाका लागि जो जन्मे पनि त्यो श्रीकृष्ण नै हुन्छ । श्रीकृष्ण कुनै व्यक्ति होइन त्यो करुणाबाट आएको प्रकाश एवम् परमात्मास्वरूप हो ।

पृथ्वीमा यस्तो करुणाको आवश्यकता सदा छ किनभने पृथ्वी अन्धकार र अधर्मले भरिएको छ । तसर्थ यहाँ पवित्र आत्मा करुणाले फर्किनु नै पर्छ । श्रीकृष्ण असाधु र दुष्टको विनाशका लागि र साधुको उद्धारका लागि मैले जन्म लिएको भन्नुहुन्छ । दुष्टको विनाशका लागिको अर्थ दुष्टलाई हत्या गर्नका लागि होइन; दुष्टलाई दुष्टताबाट मुक्ति प्रदान गरी दुष्टताको नाश गर्नका लागि हो । दुष्टभाव हटेमा दुष्टताको विनाश हुन्छ । साधुको उद्धारका लागिको अर्थ जुन युगमा दुष्ट हुन्छन्, त्यहाँ साधु पनि साधु हुँदैनन् । साधुले आफ्नो रक्षा पनि गर्न सकेन भने त्यो साधुको कुनै अर्थ हुँदैन । दुष्टताले भरिएको युगमा साधुहरू पाखण्डी हुन्छन् । साधुको उद्धारको अर्थ पाखण्डबाट उद्धार गर्नु हो । दुष्टताको विनाश हुन सक्छ तर पाखण्ड जो केवल ढोंग हो त्यसबाट उद्धार मात्र गर्न सकिन्छ । साधु यदि साँच्चै साधु भएमा उसले दुष्टतालाई स्वतः नष्ट गर्छ । धर्मको विनाश भएको ठाउँमा साधु हुन सक्दैन । धर्मको विनाश साधु

नभएपछि मात्र हुन्छ र जब धर्मको विनाश हुन्छ तब अधर्मको प्रभाव बढ्छ । यस्तो अवस्थामा श्रीकृष्णजस्तो चेतना साधुको उद्धार र दुष्टको विनाशका लागि करुणाले प्रकट हुन्छन् ।

*जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।*
*त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुनः ॥९॥*

**हे अर्जुन ! जसले मेरा अलौकिक जन्म र कर्मका बारेमा राम्ररी जान्दछ, त्यसले यो शरीर त्याग गरेपछि पुनः यस संसारमा भौतिक देह प्राप्त गर्दैन, बरु मेरै दिव्यधाम प्राप्त गर्छन् । यथार्थमा त्यस्ता जीवहरू मेरै स्वरूपमा प्राप्त हुन्छन् ॥**

जीवनमा प्रत्येक चिज आफ्नो विपरीतसँग जोडिएको हुन्छ । अँध्यारोसँग प्रकाश र जन्मसँग मृत्यु जोडिएको छ र जे हाम्रा इन्द्रियहरूले देख्न सक्छन् ती लौकिक मात्र छन् । हाम्रा इन्द्रियहरूको जगत्‌को नाम लोक हो तर इन्द्रियले देख्न सक्ने भन्दा बाहिरको जगत्‌को नाम अलौकिक हो । इन्द्रियले पक्रन सक्ने भन्दा बाहिर पनि केही सदा अस्तित्ववान् हुन्छ र त्यो अलौकिक सदा लोकका साथ जोडिएको हुन्छ । जो व्यक्ति इन्द्रियको तहमा मात्र बाँच्दछ त्यस व्यक्तिलाई अलौकिकका बारेमा केही ज्ञान हुँदैन । इन्द्रियहरूलाई नै सबै हो भन्ने व्यक्ति अलौकिक शक्तिको बुझाइबाट वञ्चित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मेरो यो जीवन अलौकिक छ । जीवन त सबैको अलौकिक हुन्छ । श्रीकृष्ण त्यो भित्रको तत्त्व जो अलौकिक र सूक्ष्म छ त्यसलाई जान्नुहुन्छ तर हामी त्यो अलौकिक तत्त्वलाई जान्दैनौँ । जन्म र मृत्यु दुवै लौकिक हुन्छन् तर त्यसभित्रको जीवनधारा अलौकिक हुन्छ । फूलमा सौन्दर्य, दियोमा ज्योति एवम् शरीरमा जीवन भएजस्तो हुन्छ । शरीरमा जीवन छ तर शरीर जीवन होइन । फूलमा सौन्दर्य हुन्छ तर सौन्दर्य फूल होइन । दियोमा ज्योति छ तर ज्योति दियो होइन । श्रीकृष्ण जुन दिन कुनै व्यक्तिले आफूभित्रको अलौकिक जीवनलाई जान्ने छ तब त्यो व्यक्ति 'मजस्तै' हुने छ र 'मसँग' एकाकार नै हुने छ भन्नुहुन्छ । यो जान्ने व्यक्तिको जीवन उसको होइन परमात्माको नै हुन्छ ।

जब पानीको थोपाले सागरसँग मिसिएर सागर भएको जान्दछ, तब थोपा थोपा रहँदैन सागर नै हुन्छ । त्यस्तै जब व्यक्तिले आफूभित्रको असीमलाई जान्दछ त्यसै पल ऊ व्यक्ति रहँदैन, असीम हुन्छ । त्यसैले कृष्णले जानेर नै आफूभित्र असीम भएकाले आफ्नो जीवन अलौकिक भएको भन्नुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- जसले त्यो अलौकिकको दर्शन गर्ने छ त्यो व्यक्तिले मलाई नै पाउने छ अर्थात् 'म' नै हुने छ र मरेर पनि त्यो व्यक्तिले नयाँ जन्म पाउने छैन बरु 'म' मा नै उपलब्ध हुने छ । हामीले अहिलेसम्म विद्युत् देखेका छैनौँ, विद्युत्‌को परिणाम मात्र देखेका छौ । हामी जसबाट उपकरणहरू चलाउँछौँ त्यो विद्युत् होइन विद्युत्‌को परिणाम हो । यदि हामीले बल्ब फोड्यौँ भने विद्युत् फुट्दैन विद्युत् प्रकट गर्ने उपकरण बल्ब मात्र फुट्छ; विद्युत् त अदृश्य छ । त्यस्तै बिजुलीबाट झड्का लागेको अनुभव पनि विद्युत्‌को परिणाम हो विद्युत् होइन । यस्तै हामीले जीवनलाई खोज्यौँ भने हामी परिणामसँग मात्र परिचित हुन्छौँ । मूल कारण भित्र छ जोसँग हामी अनभिज्ञ छौँ । वृक्ष जो देखिन्छ त्यो लौकिक र त्यसको जरा जो जमिनमुनि रहन्छ र देखिँदैन त्यो नदेखिने तत्त्वको नाम अलौकिक हो । श्रीकृष्ण भन्नुहुन्छ- यो अलौकिकलाई जसले जान्दछ त्यो फेरि शरीरमा फिर्ता हुँदैन किनभने ऊ विराट् शरीरसँग एकाकार हुन्छ । फेरि उसलाई ससाना शरीरमा जन्म लिने आवश्यकता हुँदैन । त्यसैले यस्तो व्यक्ति 'म' मा नै समाहित भएर एक हुन्छ । अलौकिकलाई चिन्ने व्यक्तिको सारा अस्तित्व नै आफ्नो घर हुन्छ अनि उसलाई साना घर बनाइरहन आवश्यक पर्दैन । त्यसैले यो सत्यलाई जान्ने व्यक्तिको जीवन मेरै जस्तो दिव्य र अलौकिक हुन्छ ।

जिसस पनि कृष्ण जस्तै भन्नुहुन्छ तर नबुझ्ने व्यक्तिले उहाँलाई शूलीमा चढाए । त्यसबेला उहाँले भन्नुभयो- म र आकाशमा बस्ने परमात्मा दुवै एकै हौं तर नबुझ्नेहरूले उहाँले आफूलाई ईश्वर ठानेको

आरोप लगाए । उनीहरूले जिससलाई चिन्न सकेनन् । उहाँले भनिरहनुभएको थियो- अब त 'म' कहाँ बाँकी छु, परमात्मा नै 'म'मा प्रवेश गरिसकेको छ । यहुदी जगत्मा जिसस पहिलो व्यक्ति हुनुहुन्थ्यो जसले घोषणा गर्नुभयो 'म' र 'परमात्मा' एकै हौं । त्यसैले उनीहरूले यसलाई अतिरूप मानेर उहाँलाई शूलीमा चढाए । मन्सुरलाई पनि मुसलमानहरूले कुरै नबुझी काटेर मारे । उहाँले अनल हक 'म' नै परमात्मा हुँ भन्नुभयो र मुसलमानहरूले यो त ज्यादती भयो भन्ने ठानेर उहाँलाई मृत्युदण्ड दिए । श्रीकृष्णको वचनलाई जानेर होइन परिपालना गरेर हामीले उहाँलाई भगवान्को रूप ठानेर पूजा गऱ्यौं । जिससको वचन पनि यही थियो तर त्यसको आशय नबुझेर उहाँलाई फाँसीमा चढाइयो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' तिम्रो भविष्य हुँ र तिमी भोलि जे हुन सक्छौ त्यो 'म' आज भइसकेको छु । तर हामीले यो कुरा बुझ्न सकेनौं । हामीलाई लाग्यो कृष्ण आफूलाई नै भगवान् भन्दै हुनुहुन्छ । त्यसैले नबुझे पनि हामी उहाँको पूजा गर्छौं । 'म' बीजबाट प्रकट भएर वृक्ष भइसकेको छु, जुन बीज तिमीमा पनि छ र यदि तिमीले त्यो बीजका बारेमा जान्यौ भने तिमी पनि 'म' जस्तै वृक्ष हुन सक्छौ र सत्यलाई जान्ने व्यक्तिको जीवन मेरैजस्तो दिव्य र अलौकिक हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

*वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।*
*बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥*

**आसक्ति, भय र क्रोधबाट मुक्त भएका, 'म' मा नै तल्लीन भएका, ज्ञान र तपस्याबाट पवित्र भएका वीतरागी मेरै स्वरूपमा प्राप्त भएका छन् । यथार्थतः मेरा भक्तिमा तल्लीन तिनीहरू मेरै दिव्यधाममा आएका छन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- पहिले पनि रागभन्दा माथि उठेका, क्रोधबाट मुक्त भएका, मोहपाशबाट बाहिरिएका, तपस्याबाट पवित्र भएका एवम् वीतराग भएर 'म' मा स्थित हुने पुरुष मेरो शरीरमा उपलब्ध भइसकेका छन् । 'वीतराग' को अर्थ वैराग्य होइन । वैराग्यको अर्थ रागको विपरीत भएको व्यक्ति र वीतरागको अर्थ राग र विरागबाट पार वा मुक्त भएको व्यक्ति भन्ने हो । रागको अर्थ चाहना हो, विरागको अर्थ वस्तुप्रतिको उपेक्षा हो । वीतराग न राग न विरागको तेस्रो अवस्था हो । यी दुवैबाट पार भएको व्यक्ति वीतरागी हुन्छ । धनमा आसक्त र धनको त्याग गर्ने दुवैको केन्द्र धनप्रतिको पकड नै हुन्छ । वीतराग त्यो अवस्था हो जसले न त धन समात्न खोज्छ न त छोड्न नै खोज्छ अर्थात् जसका लागि धनको कुनै अर्थ नै रहँदैन ।

घर छोडेर जानलाग्नु भएका समयमा याज्ञवल्क्यले आफ्ना दुवै पत्नीहरू गार्गी र मैत्रेयीलाई बोलाएर आफ्ना धन-सम्पदा आधा आधा बाँडिदिने वचन दिनुभयो । म अब सबै त्याग गरेर प्रभुको खोजमा जाँदै छु; त्यसैले यो धन आधाआधा बाँडेर लिन भन्नुभयो । मैत्रेयी राजी हुनुभयो तर गार्गीले एउटा प्रश्न सोध्नुभयो । जुन धन तपाईंका लागि व्यर्थ भयो त्यो धनको बोझ मलाई किन बोकाउनुहुन्छ । यदि धन व्यर्थ छ भने यो मलाई दिएर किन गौरवान्वित हुनुहुन्छ र यदि धन सार्थक छ भने छोडेर कहाँ जानुहुन्छ । मलाई पनि त्यो धनका बारेमा बताउनुहोस् जसको खोजमा तपाईं जाँदै हुनुहुन्छ । याज्ञवल्क्य अहिले केवल विरागमा जाँदै हुनुहुन्थ्यो तर गार्गीले उहाँलाई वीतरागका आयामतिर उन्मुख गरिदिनुभयो । याज्ञवल्क्यको मन मस्तिष्कले धनलाई सार्थक ठानेका कारणले नै उहाँ बाँड्न उत्सुक हुनुहुन्थ्यो । श्रीकृष्ण भन्नुहुन्छ- जो राग र विरागबाट पार हुन्छ त्यो वीतरागको अवस्थामा पुग्छ । आसक्तिको अतिक्रमण वा यसबाट पार हुनु विरक्त हुनु होइन । वीतरागी पुरुष हरदम एक रसमा उपलब्ध हुन्छ । जो वीतराग, वीतमय र वीतक्रोधमा उपलब्ध हुन्छ, ऊ 'म' मा उपलब्ध हुन्छ र मेरो स्वरूपलाई प्राप्त गर्दछ । वीतरागी पुरुषमा कुनै भय र लोभ शेष नरहनाले उ आफूमा आश्वस्त हुन्छ ।

बुद्धका एकजना भिक्षुलाई वर्षाकालमा एक वेश्याले आफूसँग चार महिना बस्ने आमन्त्रण दिइन् । उनी अत्यन्तै सुन्दरी र प्रतिभाशाली थिइन् । भिक्षुले बुद्धसँग आज्ञा लिने बताए । अन्य भिक्षुहरूले विरोध गरे पनि उनीमाथि भएको पूर्ण विश्वासले बुद्धले आज्ञा दिनुभयो । चार महिना उनले वेश्यासँग समय व्यतीत गरे । वेश्याले भोजन दिए खान्थे, नृत्य गरे हेर्थे, गाउँदा सुन्दथे । भिक्षुको कुनै प्रश्न, प्रशंसा, विरोध, रस, विरस, पक्ष, विपक्ष र कुनै माग नै थिएन केवल तटस्थ, कम्पनरहित, अविचलित रूपमा भिक्षु रहे । बाहिरी कुनै तत्त्वले उनलाई फरक पारेकै थिएन । उनले आश्रममा झै वेश्यागृहमा यो चार महिना व्यतीत गरे । वेश्याले भिक्षुलाई तपाईंको कुनै प्रश्न पनि छैन र पक्ष वा विपक्षमा पनि बोल्नुहुन्न भनेर अन्तमा थाकेर सोधिन् । भिक्षुले म "पक्षमा पनि छैनँ, विपक्षमा पनि छैनँ म त निष्पक्ष छु, तिमी आफ्नो काम गर म आफ्नो गर्छु" भनेर उत्तर दिए । भिक्षुको शान्त, अकम्प र आनन्दको अवस्था देखेर भिक्षु आश्रम फर्किदा उनी पनि त्यही खोज्न सँगै फर्किइन् । त्यसपछि बुद्धले अन्य भिक्षुहरूलाई ती भिक्षु वीतरागी भएका कारण जितेर आए तर तिमीहरू भएको भए आउने थिएनौ किनभने तिमीहरू विरागी हौ भन्नुभयो ।

श्रीकृष्ण भन्नुहुन्छ- वीतरागी नै मेरो शरीरमा उपलब्ध हुने छ । यो ब्रह्माण्ड परमात्माको शरीर हो र यो सारा दृश्य नक्षत्र, जून, तारा, सूर्य र सम्पूर्ण सृष्टिको विस्तार नै परमात्माको स्वरूप हो । ब्रह्मको अर्थ अनन्त छ जसको विस्तारको कुनै अन्त नै छैन । वीतरागी परमात्माको शरीरमा स्थित हुने छ किनभने व्यक्ति आत्मामा त उपलब्ध नै छ । आत्मामा त व्यक्ति अहिले पनि उपलब्ध छ तर ऊ आफ्नो शरीरमा आफूलाई बन्द मानिरहेको छ, जो उसको भूल हो । त्यसैले श्रीकृष्ण आत्माको कुरा नै गर्नुहुन्न, केवल हामीलाई हाम्रो शरीर हो भन्ने विश्वास हटाउन खोज्दै हुनुहुन्छ । आत्मा त हाम्रो अज्ञानको क्षणमा पनि हाम्रो हिस्सा नै छ तर हाम्रो भ्रान्ति शारीरिक सीमामा छ र यो भ्रान्ति टुटेमा हामी श्रीकृष्णको शरीर अर्थात् ब्रह्माण्डको हिस्सा हुने छौं । यसैलाई श्रीकृष्णले मेरो शरीरमा उपलब्ध हुने छन् भन्नुभएको हो ।

शरीर आत्माको आवरण हो । हामीलाई मेरो शरीर भन्ने लाग्नाको कारण राग र विराग हो । राग र विराग दुवै छुटेमा मेरो शरीर भन्ने लाग्दैन, तब सबैको शरीर मेरो हुन्छ । चन्द्रमा र ताराहरू सबै मेरो शरीरभित्र हुन्छन् । राग र विरागबाट मुक्त हुनेबित्तिकै व्यक्ति ब्रह्मको शरीरलाई उपलब्ध हुन्छ । मेरो भन्ने भाव नै शरीर हो । हामी शरीरलाई हड्डी, मासु र छालाको सीमाभित्र मान्दछौं । हावाविना हाम्रो शरीर एकछिन पनि चल्न सक्दैन । त्यसैले एक अर्थमा हावा पनि हाम्रो शरीरको पत्र हो । हाम्रो नाक मात्र श्वास लिइरहेको छैन शरीरका लाखौं रौं पनि श्वास लिइरहेका छन् । यदि हाम्रो शरीरलाई प्लास्टिकले बेरेर हावा छिर्न नदिई बन्द गर्‍यो भने जतिसुकै नाकबाट श्वास लिए पनि हामी १० मिनेट भन्दा बढी बाँच्न सक्दैनौं किनभने पूरा शरीरले नै श्वास लिइरहेको हुन्छ । चारैतिर भएको हावाको पत्र पनि हाम्रो शरीरको हिस्सा हो । २०० माइलसम्म पृथ्वीमा हावाको पत्र वा झिल्ली हुन्छ र त्यो हावाको पत्र पनि सूर्यको किरण विना बाँच्न सक्दैन । अनि १० करोड माइलसम्म सूर्यको किरणको जाल छ त्यो पनि हाम्रो शरीरको हिस्सा हो जुनविना हामी बाँच्न सक्दैनौं । सूर्य जो १० करोड माइल पर छ त्यसको गर्मी पनि हाम्रो शरीरको पत्र हुन्छ । हामी सूर्यको गर्मीभित्र समेटिएका छौं र सूर्य पनि यदि महासूर्यबाट दिनरात शक्ति नपाउने हो भने बाँच्न सक्दैन । हामीले देख्ने सूर्य एकदम सानो छ । हुन त पृथ्वीभन्दा ६० हजार गुणा ठुलो छ तर अरू सूर्यहरूको तुलनामा सानो छ । राती देखिने ताराहरू महासूर्य हुन् र हाम्रो सूर्य ४ अरब महासूर्यहरूको बिचमा एउटा सानो सूर्य मात्र हो । सूर्यमा दिनरात ऊर्जा प्रदान गर्ने ताराहरू पनि हाम्रा शरीर हुन् । हाम्रो शरीर जहाँ ब्रह्माण्ड समाप्त हुन्छ त्यहाँ मात्र समाप्त हुन्छ । एउटा सानो भन्दा सानो फूल फुल्न पनि सारा ब्रह्माण्ड सहयोगी हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो वीतरागी हुन्छ ऊ 'मेरो र तेरो' भावबाट मुक्त हुन्छ । आकर्षण र विकर्षणबाट जो पार हुन्छ त्यो 'म' मा उपलब्ध हुन्छ । जब शरीर ब्रह्माण्ड बन्छ तब मात्र हामीलाई ब्रह्मका बारेमा जानकारी हुन्छ । जो व्यक्तिलाई आफ्नो शरीरको पनि जानकारी छैन उसलाई आत्माको जानकारी हुन सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमीभन्दा पहिले पनि जसले यो सत्य तथ्य जान्न सके उनीहरू मेरो शरीरमा एक भएका छन् । अनन्यको अर्थ जो आफूलाई 'म' भन्दा अलग मान्दैन र 'म' सँग एक भएको छ भन्ने हो । जुन दिन 'म' भन्दा पृथक् नठानेर मेरो शरणमा आउने छौं त्यही दिन शरणागति फलित हुने छ । शरणको अर्थ समर्पण हो र जबसम्म 'म' बाँच्दछ, तबसम्म समर्पण हुँदैन । अनन्य भाव वीतरागको अवस्थामा फलित हुन्छ अनि शरणागति हुन्छ । जुन दिन व्यक्ति वीतरागी हुन्छ त्यो दिन मेरो शरीरमा उपलब्ध हुन्छ ।

अर्को कुरा ज्ञानरूपी तपस्याले पवित्र भएको व्यक्ति मेरो स्वरूपमा नै प्राप्त हुन्छ । अज्ञानी र अहङ्कारीको तपस्या हठपूर्वक हुन सक्छ । अहङ्कारी व्यक्ति पनि सजिलैसँग तपस्वी हुन सक्छ । तर जुन तप अहङ्कारको आधारमा हुन्छ त्यसबाट आत्मा पवित्र हुन सक्दैन र अपवित्र नै रहन्छ । त्यसैले श्रीकृष्णले ज्ञानरूपी तपस्याको कुरा गर्नुभएको हो । तप मात्र पर्याप्त छैन त्यो ज्ञानरूपी तपस्या अर्थात् अहङ्कारविनाको हुनुपर्छ । अज्ञानरूपी तप अहङ्कारमा निर्भर हुन्छ र ज्ञानरूपी तप समर्पणमा निर्भर हुन्छ । श्रीकृष्णले प्रथमतः अनन्य रूपले मेरो शरणमा आऊ त्यसपछि ज्ञानरूपी तपबाट शुद्ध भएका ज्ञानीहरूको तप समर्पित हुन्छ भन्नुभयो । यसो गर्नाले म तप गर्दै छु भन्ने भाव रहँदैन, बरु परमात्माले जे गराउँदै छ म त्यो गर्दै छु भन्ने हुन्छ । परमात्माले दुख या सुख दियो भने पनि स्वीकार गर्नु र परमात्माको हातमा रहेर बाँच्नु ज्ञानरूपी तप हो । सबभन्दा ठुलो अशुद्धि अहङ्कार हो र बाँकी सबै त्यसकै सह उत्पादन हुन् । अहङ्कार मूल रोग हो । काम, क्रोध, लोभ सबै अहङ्कारका पत्ताहरू हुन् । समर्पण मुक्तिको मूल स्रोत हो । जहाँ कर्ता परमात्मा भएर व्यक्ति माध्यम मात्र हुन्छ त्यहाँ मुक्ति फलित हुन्छ ।

*ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।*
*मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥*

**हे अर्जुन ! जो जसरी, जुन भावले मेरो उपासना गर्दछन् वा शरण पर्दछन्, तिनीहरूलाई म त्यही अनुरूपको फल दिन्छु वा भज्दछु किनभने सबै मानिस मेरो मार्गकै अनुसरण गर्दछन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जो मलाई जुन भाँतीले भज्छन् म पनि उनीहरूलाई त्यसै भाँतीले भज्छु । बुद्धिमान् पुरुष यसलाई जानेर मेरो मार्गकै अनुसरण गर्दछन् । परमात्मा पनि प्रतिध्वनि दिन्छ । हामीले परमात्मालाई गरेबमोजिम परमात्मा पनि हामीलाई प्रतिध्वनि वा प्रतिफल दिन्छ । हाम्रा चारैतिर उही विद्यमान छ र हामी भित्र जे फलित हुन्छ परमात्मा उसमा तत्काल प्रवेश गरेर ऐना जस्तै हामीलाई प्रतिविम्बि फिर्ता गर्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो जसरी जुन भाँतीले मेरो ऐनाको अगाडि आउँछ त्यसै भाँती उसको प्रतिविम्ब उसलाई नै तत्काल म फर्काउँछु । परमात्मा जीवन्त सत्य हो । ऊ हृदयपूर्ण र प्राणको स्पन्दनले भरिएको अस्तित्व हो । जब हाम्रो प्राणमा कुनै प्रार्थना आएर हामी परमात्मातर्फ बग्न थाल्छौं, तब यात्रा एकतर्फी मात्र नभएर दोहोरो हुन्छ । जब हामी एक कदम उठाउँछौं, तब परमात्मा पनि हामीतिर कदम उठाउँछ । हामी जीवनको छुद्रतामा यति व्यस्त छौं कि हामी परमात्माको गहिरो प्रतिध्वनिलाई चिन्न सक्दैनौं । हामी आफ्नो कोठामा बसेर विचारमा यति व्यस्त हुन्छौं कि बाहिरी पक्षको आवाज हामी सुन्न सक्दैनौं तर ध्यान दिएर सुन्यौ भने सुन्न सक्ने छौं । हामी विराट्को सन्नाटाको ध्वनिलाई पनि सुन्न सक्दैनौं, त्यस्तै परमात्मा प्रतिपल हामीलाई प्रतिध्वनित गर्छ तर उसको आवाज सूक्ष्म हुन्छ जो हाम्रो नियन्त्रणभन्दा बाहिर हुन्छ त्यसैले हामी उसलाई सुन्न सक्दैनौं । एकान्त, मौनता वा एकाग्रतामा मात्र उसको ध्वनि सुन्न सकिन्छ ।

गहिरो मौनमा श्रीकृष्णले भनेका कुरा बुझ्न सकिन्छ । परमात्माले पनि हाम्रो प्रार्थनाको प्रतिध्वनि सूक्ष्म रूपमा फर्काउँछ । जुन किसिमले हामी हाम्रो अस्तित्वलाई पुकार गर्छौं त्यही नै हामीलाई अनन्त गुना भएर फिर्ता हुन्छ । परमात्माले हामीलाई त्यही प्रतिफल दिन्छ जो हामी उसलाई चढाउँछौं । हामीले फूल चढाए फूल, ढुङ्गा फ्याँके ढुङ्गा नै फिर्ता हुन्छ । हामीले भजनको ध्वनि चढाए त्यही फिर्ता हुन्छ । क्रोध, गाली, घृणा फ्याँके त्यही फिर्ता हुन्छ । यदि जीवनमा दुख छ भने हामी नै जिम्मेवार छौं । हामीले नै चारैतिर चढाएको दुखको फल फिर्ता पाएको हो । यदि जीवनमा प्रेम पाइँदैन भने हामीले कहिल्यै पनि प्रेमको आवाज नै चढाएका छैनौं भन्ने बुझ्नुपर्छ । जीवनको महानियम नै के हो भने हामीले जे दिन्छौं त्यही फिर्ता हुन्छ । श्रीकृष्ण त्यही कुरा प्रस्तुत श्लोकमा भन्नुहुन्छ । जो मलाई जुन रूपमा भज्छन् म पनि उसलाई उसै रूपमा भज्छु अर्थात् म उसलाई त्यही फिर्ता गरिदिन्छु । हामीलाई दिँदा हामीले के दियौं भन्ने थाहा हुँदैन तर जब फिर्ता हुन्छ तब मात्र हामीले के दिएका रहेछौं भनेर थाहा हुन्छ । जस्तो बीज रोप्दा थाहा हुँदैन तर फल प्राप्त भएपछि थाहा हुन्छ । हामीले जे पनि पाउँछौं, त्यो हाम्रो कर्मको फल हो अर्थात् हामीले जे गर्‍यौं त्यसैको परिणाम हो । कहिलेकाहीं प्रतिध्वनित हुन समय मात्र लाग्छ, त्यसैले हामीलाई अनुभव नहुने मात्र हो ।

यस जगत्मा कुनै पनि व्यक्तिलाई कहिले पनि अन्याय हुँदैन । यदि कुनै व्यक्तिले जगत्लाई पदार्थ मान्यो भने परमात्मा त्यसै रूपमा फर्काइदिन्छ र यदि कसैले परमात्मा मान्यो भने सारा जगत् नै परमात्मामय हुन्छ । कुनै व्यक्ति जीवनसँग कुनै संवाद नै गर्दैन भने जीवन पनि उसप्रति मौन एवम् जड ढुङ्गाजस्तो हुन्छ । जुन रूपमा हामी अस्तित्वसँग व्यवहार गर्छौं, त्यही व्यवहार हामीलाई फिर्ता हुन्छ । परमात्मा प्रतिपल प्रतिसंवादित हुन्छ किनभने ऊ जवाफदेहीबोधले ओतप्रोत छ । अन्ततः हामी जे छौं त्यही हाम्रो जिन्दगीमा हामीलाई उपलब्ध हुन्छ । ईश्वर छैन भन्ने व्यक्तिको आँखा ढुङ्गाको छ र ढुङ्गाको आँखाबाट ईश्वरलाई पाउन सकिन्न । उसलाई हेर्न चेतन वा सजीव आँखा चाहिन्छ । प्रार्थना, अर्चना हाम्रो तर्फबाट परमात्मालाई पुकार हो र जब व्यक्ति हृदयपूर्वक प्रार्थनाले भरिन्छ तब त्यो प्रार्थना निश्चय नै फिर्ता हुन्छ । कहिले पनि कुनै पुकार खाली जाँदैन तर पुकार हृदयपूर्वक गरिएको भए मात्र सुनिन्छ । शब्दले दोहोर्‍याउने भिखारीको जस्तो माग प्रार्थना होइन । प्रार्थनाको फल धन मात्र हो भन्ने सोच राख्ने व्यक्तिभन्दा ठुलो भिखारी कोही पनि हुँदैन । परमात्मालाई भक्तिपूर्वक हृदयको गीत, नाच सुनाएर बाँकी उसलाई नै छोडिदिनुपर्छ । यदि व्यक्ति परमात्मासामु उल्लासपूर्वक नाच्छ र गाउँछ भने परमात्मा पनि त्यही रूपमा नै आउने छ । श्रीकृष्ण यही आश्वासन अर्जुनलाई दिनुहुन्छ ।

*काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।*
*क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥*

**यस संसारमा कर्मको फल वा सिद्धि प्राप्त गर्न चाहने मानिसहरू देवताको पूजा गर्दछन् किनभने मानिसहरूलाई सकाम कर्मबाट उत्पन्न हुने सिद्धि तत्काल प्राप्त हुन्छ ॥**

जीवनको परम शक्तिको पहिचान गर्न नसक्ने व्यक्तिहरू पनि शुभ शक्तिहरूबाट लाभान्वित हुन सक्छन् । परमात्मा परम शक्ति हो । श्रीकृष्ण भन्नुहुन्छ- जो मेरो स्वरूपमा उपलब्ध हुन्छन्, उनीहरू जन्म-मरणबाट मुक्त हुन्छन् । तर जो मलाई वा परमस्रोत ऊर्जासँग सिधा उपलब्ध हुँदैनन्, उनीहरू पनि दैवीशक्तिको पूजा गरेर उनीहरूको सान्निध्यमा आई शुभमा उपलब्ध हुन्छन् । साधारणतया परमशक्ति पाउनलाई अति कठिन हुन्छ । परमशक्तिलाई प्राप्त गर्न ठुलो फड्को मार्नुका साथै साहसको पनि आवश्यकता पर्छ । परमशक्तिसम्मुख पुग्नका लागि आफूलाई पूर्ण रूपमा समाप्त गर्ने साहस चाहिन्छ र जो आफ्नो अहङ्कारलाई बचाउन चाहन्छ उसले परमशक्तिलाई कदापि पाउन सक्दैन । परमशक्तिलाई

पाउनका लागि आफूलाई पूर्णरूपमा हटाउन सक्नुपर्छ अनि मात्र पाउन सकिन्छ । त्यसैले यो परम साहसको कार्य हो । धार्मिक व्यक्ति परम साहसी हुन्छ ।

अहङ्कारी व्यक्ति पूर्ण साहसी हुँदैन तर सूर्यका अगाडि जाने शक्ति नभए पनि अन्धकारमा बस्न त कोही पनि चाहँदैनन् । सानो दियोले पनि अन्धकारलाई मेटाउन सक्छ । देवताहरू पनि परमशक्तिको अगाडि दियोको बत्ती जस्ता हुन्छन् । देवता शुद्ध आत्माको नाम हो । असल कार्य गर्ने आत्माहरू पनि धेरै असल हुन्छन् । उनीहरूले पनि उपयुक्त गर्भको प्रतीक्षा गर्नुपर्छ । यस्तो असल, शुभ र शुद्ध आत्माको नाम देवता हो । जो सिधै परमात्मासँग सम्बन्धित हुन सक्दैनन् उनीहरूले चाहेमा देवतासँग सम्पर्क हुन सक्छ । नराम्रा आत्माहरू नराम्रो गर्न आतुर हुन्छन् । शरीर नभए पनि राम्रा शुभ आत्माहरू शुभकर्म गर्न आतुर हुन्छन् । शरीरविना पनि शुभ आत्माहरूको साथ प्राप्त हुन सक्छ । यस्ता आत्माहरूसँग आह्वान (Invocation) बाट सम्बन्ध स्थापित गर्न सकिन्छ । सम्पूर्ण यज्ञादि कर्म शुभ आत्माहरूसँग सम्पर्क गर्ने मनोवैज्ञानिक सूत्र हुन् भने खराब एवम् चमत्कारपूर्ण कुकर्म नराम्रा आत्माहरूसँग सम्पर्क गर्ने सूत्र हुन् ।

संसारमा धेरै कुराहरू शुभ आत्माहरूको सहयोगबाट भएको अनुमान गरिएको छ । लेबनानको राजधानी बेरुत (Beirut) मा आठ सय वर्षअघिको पृथ्वीको नक्सा पाइयो । सबै जाँचबुझबाट त्यो आठ सय वर्ष पुरानो भएको पुष्टि भयो । यो नक्सा हवाई जहाजको सहयोगविना बनाउनै सकिन्न । तर त्यस समयमा हवाईजहाज थिएन । तसर्थ यो नक्सा देवताको सहयोगमा उनीहरूलाई आमन्त्रण गरेर तयार पारिएको हुन सक्छ । पृथ्वी गोल छ भन्ने कुरा ३०० वर्षअघि मात्र थाहा भएको हो तर भूगोलको ज्ञान प्राचीन छ । मनुष्यको ज्ञानका धेरै कुराहरू शुद्ध आत्माहरूको सहयोगबाट प्राप्त भएका हुन सक्छन् । हकिम लुकमानसँग कुनै प्रयोगशाला थिएन तर उनलाई लाखौं रुख-बोट-औषधि-बिरुवाहरूका बारेमा जानकारी थियो । यो पनि शुद्ध आत्माको सहयोगबाट लुकमानलाई प्राप्त भएको हुन सक्छ । आयुर्वेदको खोज प्रयोगशालामा भएको होइन तथापि यो प्रभावकारी छ । यो पनि देवताहरूबाट दिइएको सूचनाका आधारमा बताइएको हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो सिधै मेरो स्वरूपमा प्राप्त हुन सक्दैन, ऊ पनि देवताहरूको पूजा, अर्चनाले शुभकर्म गर्दै शुभलाई उपलब्ध हुन सक्छ । जो परमशक्तिमा उपलब्ध हुन सक्दैन, ऊ शुभ शक्तिमा उपलब्ध हुन सक्छ । शुभकर्म गर्ने व्यक्तिहरूले यस्तो शुभ आत्मालाई प्राप्त गरेर दैवी शक्ति वा सहयोग प्राप्त गर्न सक्छन् । शुभकर्म पनि व्यक्ति एक्लैले गर्न कठिन हुन्छ र चारैतिर जो शुभ आत्माहरू छन् उनीहरूको सहयोग लिएर शुभकर्म गर्न सकिन्छ । कुनै राम्रो काम गर्दा यस्ता शुभ शक्तिहरूले सहयोग गरेको कुरा परिणामबाट अनुभव गर्न सकिन्छ । यस्तै अशुभ कर्म गर्ने चाहना हुँदा पनि अचानक नराम्रो कर्म घटित भएको महशुस गर्न पनि सकिन्छ । यस्ता स्थानहरू पनि छन् जहाँ मनुष्यको हृदयमा शुभ फलित हुन्छ । हामी जसलाई तीर्थ भन्छौं, ती तीर्थहरू शुभ अनुभव गराउने थला हुन् र जहाँ शुभ आत्माका समूह हुन्छन् त्यहाँ व्यक्तिले नसोचेको शुभ कर्म गर्न पनि सफल हुन्छ । हामी एक्लै छैनौं, हाम्रा चारैतिर धेरै शक्तिहरू काम गरिरहेका छन् । जब हामी नराम्रो हुन चाहन्छौं, हामीसँग नराम्रा शक्तिहरूको साथ प्राप्त हुन्छ र हाम्रो शक्ति बढ्छ । जब राम्रो गर्न चाहन्छौं, तब पनि राम्राहरूको साथ प्राप्त हुन्छ र तिनले हामीलाई बल प्रदान गर्छन् । श्रीकृष्ण भन्नुहुन्छ- राम्रो कर्म अर्चना, प्रार्थना, पूजाले जो व्यक्ति सिधा 'म' समक्ष पुग्न सक्दैन ऊ पनि दैवी शक्तिहरूको आराधना गरेर शुभमा उपलब्ध हुन्छ ।

*चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।*<br>*तस्य कर्तारमपि मां विद्धचकर्तारमव्ययम् ॥१३॥*

**प्रकृतिका तीन गुण र त्यसका गुणसँग सम्बन्धित कर्मको विभाजन अनुसार मैले चार वर्णहरूको सृष्टि गरेँ । यो सृष्टि रचनादि सबैको कर्ता भए पनि मलाई अकर्ता र अविनाशी नै ठान ॥**

वर्णको व्यवस्था अत्यन्त वैज्ञानिक र मनुष्य जातिको गुण र कर्मको आधारमा निर्माण भएको हो तापनि पछिल्ला कालखण्डमा यसको उपयोग गलत ढङ्गले गरिएको र वर्णलाई उच र नीचको आधार बनाइएका कारण यसमा विकृति सिर्जना भएको हो । वर्णव्यवस्थाको उपयोग गर्ने समाज र आफूलाई माथि र अरूलाई तल राख्न खोज्ने प्रवृत्ति भएका व्यक्तिहरूका कारण यो मनोवैज्ञानिक, सामाजिक र मनुष्यको आफ्नै स्वधर्मसँग जोडिएको वर्णव्यवस्थालाई हाल दूषित बनाइएको भए तापनि यसको जिम्मेवारी वर्णव्यवस्थाको चिन्तनमा नभई दुरुपयोग गर्ने व्यक्तिहरूमा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- गुण र कर्म अनुसार मैले चार वर्ण रचेको हुँ । प्रत्येक व्यक्तिमा गुण र कर्मको भेद हुन्छ, समानताको कुनै उपाय हुँदैन । जतिसुकै साम्यवादी व्यवस्था लागू गरे पनि गुण, भेदलाई हटाउन असम्भव हुन्छ । धनलाई बराबर बाँडिदिए पनि, लुगा एउटै लगाए पनि, घर एकै प्रकारको बनाए पनि व्यक्तिको गुण भिन्न नै हुन्छ । गुणको अन्तर कदापि हटाउन सकिन्न ।

गुण व्यक्तिको आत्माको हिस्सा हो, बाह्य समाजको हिस्सा होइन । श्रीकृष्ण व्यक्तिको आन्तरिक गुणधर्मको चर्चा गर्दै हुनुहुन्छ । प्रत्येक व्यक्तिमा गुण र कर्मको भेद हुन्छ । गुण निर्मित हुँदैन यो जन्मजात नै हुन्छ । जन्मनका लागि माता-पिताबाट प्राप्त रजोवीर्यरूपी कणमा नै सबै गुण लुकेको हुन्छ । पहिलो अणुमा नै जीवनको सबै अवस्था र व्यवस्था लुकेको हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मैले त्यही गुणलाई चार वर्णमा विभाजित गरेँ । जगत्मा जहाँ, जसले मनुष्यलाई विभाजन गर्न खोजेका छन् तिनले चार प्रकारमा नै गरेका छन् । कार्ल गुस्ताफ जुंगले पनि मनुष्यको गुणलाई चार भागमा विभाजन गरेका छन् । मनुष्यमा अन्तर्निहित गुणका प्रकार मुख्यतः चारवटै रहेका छन् ।

जसको ज्ञानको ऊर्जा सदैव माथितिर बग्दछ, जो जान्नलाई आतुर छन्, ती ब्राह्मण हुन् । एउटा वैज्ञानिक विषको परीक्षण गर्ने क्रममा विषले जीवन समाप्त हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि जान्नका लागि विषलाई जिब्रामा राखेर परीक्षण गर्दछ । यस्तो प्रकारको जान्ने जिज्ञासु ब्राह्मण हो । वैज्ञानिकहरू जो रातदिन जान्न बुझ्न लागेका छन् उनीहरूको व्यक्तिगत कुनै स्वार्थ छैन केवल जान्नु एकमात्र आकाङ्क्षा छ, तिनीहरू सबै ब्राह्मण हुन् । सन्तहरू जो जङ्गलमा रहेर जीवनको रहस्यको खोज गरिरहेका थिए र आज पनि जो सन्तहरू ज्ञानको खोजको मार्गमा छन् उनीहरूलाई धन, शक्ति आदिको कुनै अर्थ हुँदैन । उनीहरू निर्धनतामा पनि आफ्नो खोजमा आनन्दित छन् ।

ऋषि कणादका सम्बन्धमा एउटा कथा छ- कणाद ब्राह्मण वर्गका व्यक्ति हुन् । जीवनमा सधैँ कण कण खोजेर खाने भएकाले उनको नाम कणाद रहेको थियो । उनका घरमा सधैँ कण कण बटुलेर खाने भएकाले त्यहाँ कुनै सङ्ग्रह हुने कुरै थिएन । उनी प्रत्येक दिन खेतमा कण कण बटुलेर आफ्नो पेट भर्ने गर्दथे । सम्राट्लाई कणादका बारेमा थाहा भयो र उनी रथमा धन, हीरा, जवाहरात लिएर कणादसमक्ष गए र धनधान्य ग्रहण गर्न आग्रह गर्दै भने- मेरो राज्यमा तपाईँजस्तो महर्षिले कण खोजेर खानुपर्ने कुरा सुन्दा मलाई अत्यन्त दुख लाग्यो; त्यसैले यो सम्पत्ति ग्रहण गर्नुहोस् । कणातले जवाफ दिँदै भने- म आफ्नो सत्यको खोजमा यति व्यस्त र आनन्दित छु कि म यो सम्पत्ति लिएर के गरूँ, यसको रक्षा गर्नका लागि म को व्यक्ति खोजूँ, तपाईं यदि मेरा कारणले दुखी हुनुहुन्छ भने म यो राज्य छोडेर जान्छु । जो व्यक्ति आफ्नो खोजका क्रममा कण खोजेर खान तयार छ, उसलाई अरू धन-सम्पदाको आवश्यकता नै पर्दैन केवल खोज अनुसन्धान र ज्ञानको चिन्तन नै उसको अमूल्य सम्पदा बन्दछ । यो ब्राह्मणको गुण हो, जसका लागि धन, शक्ति सबै व्यर्थ छ उसका लागि केवल ज्ञानको खोज नै सबै कुरा हुन्छ ।

दोस्रो गुणका व्यक्तिहरू शक्तिकेन्द्रित वा शक्तिउन्मुख हुन्छन् । यिनीहरू शक्ति पाउनका लागि आतुर हुन्छन् । शक्तिपूजक व्यक्तिहरू नै क्षत्रिय गुणका व्यक्ति हुन् । अर्जुन यसै गुणका प्रतिनिधि पात्र हुन् । श्रीकृष्णले यसै सिलसिलामा गुण र कर्मको विभाजनका बारेमा अर्जुनलाई बुझाउन खोज्नुभएको हो ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी आफ्नो गुणलाई चिन । तिमी आफ्नो निजत्वलाई पहिचान गर र सोहीअनुसार आचरण गर अन्यथा तिमी मुस्किलमा पर्ने छौ । जब कुनै व्यक्ति आफ्नो गुणलाई छोडेर अरूको गुण अनुसार व्यवहार गर्न खोज्छ तब ऊ ठुलो अड्चनमा पर्छ किनभने ऊ त्यो काम गर्न खोज्छ, जो ऊ गर्न सक्दैन र त्यो कामलाई छोडिरहेको छ जो कर्म उसले सहजताका साथ गर्न सक्थ्यो । जीवनका समस्त आनन्द आफ्नो नियतिले निर्धारण गरेको कर्मबमोजिमको आचरण गर्नुमा हुन्छ । परमात्माले जे गर्नका लागि निर्माण गरेको छ तदनुसार गर्नुपर्छ अन्यथा जीवन अशान्त बन्छ । अर्जुन क्षत्रिय भएर ब्राह्मणजस्ता कुरा गर्दै छन् र ब्राह्मण बन्न खोज्दै छन् जो उनका लागि सम्भव नै छैन ।

जो व्यक्ति धनको सङ्ग्रहमा नै आफ्नो सम्पूर्ण ऊर्जा लगाउँछ त्यो वैश्य वर्गको व्यक्ति हो । यस वर्गलाई ज्ञान र शक्तिको कुनै आवश्यकता हुँदैन, केवल धनको सङ्ग्रह नै उसको जीवनको एक मात्र ध्येय हुन्छ । यस प्रकारका व्यक्तिले ज्ञान र शक्ति धनबाट नै प्राप्त गर्न खोज्छन् । जो व्यक्तिको आकाङ्क्षा श्रम हुन्छ त्यो शूद्रको वर्गमा पर्दछ । यस वर्गका व्यक्तिले केही काम गर्न पाएनन् भने यिनीहरूको जीवन महादुखदायी हुन्छ । जसलाई केही न केही गरिरहनुपर्छ, जो काम नगरी खाली रहन सक्दैनन् ती शूद्रवर्गमा पर्दछन् ।

संसारमा मानिसहरू यी चार गुणमा विभाजित हुन्छन् । जगत्लाई यी चारै प्रकारका व्यक्तिको आवश्यकता हुन्छ । यदि सबै व्यक्तिले ज्ञानको खोजी गर्ने हो भने जगत्को अस्तित्व नै समाप्त हुन्छ र सबै व्यक्तिहरूले शक्ति खोजे भने युद्धसिवाय अरू केही पनि हुँदैन । सबै व्यक्तिले धन मात्र खोजे भने व्यक्ति मरेपछि पनि धनको सङ्ग्रह मात्र शेष रहने छ । सबै व्यक्तिहरूले श्रम मात्र गर्ने हो भने कुनै संस्कृति, सभ्यता, कला, विज्ञान, दर्शन, धर्म केही पनि बाँकी रहने छैन । यी चारै वर्ण एक अर्काका पूरक हुन् र यी आवश्यक पनि छन् । यी चार वर्णविना जगत् हुन पनि सक्दैन । त्यसैले श्रीकृष्णले भन्नुभयो- यी चार वर्ण, गुण र कर्मका आधारमा निर्माण गरिएको हो । भित्र गुण छ, त्यो गुणसँग जोडिएको संयुक्त कर्म छ र त्यही गुण नै बाहिर प्रकट भएर कर्म बन्छ । भित्र जसको नाम गुण हो त्यही बाहिर कर्म बन्छ । बिउमा रहँदा गुण भएर रहन्छ र शरीर प्राप्त गरेपछि गुण कर्ममा रूपान्तरित हुन्छ । यी चार वर्ण एवम् गुणको विभाजन श्रीकृष्णका दृष्टिमा माथि र तलको विभाजन होइन अर्थात् उच र नीचको दृष्टिले यसमा कुनै भेदभाव गरिएको छैन । यी चार वर्ण शरीरका चार अङ्ग हुन् । समान मूल्यका भएकाले यिनीहरू एक-अर्काका परिपूरक छन् । एकको विना तीनवटाकै अस्तित्व हुन सक्दैन ।

वर्णव्यवस्थामा जब हामीले तल माथिको दृष्टिकोण बनायौं तब विकृति सुरु भयो । श्रम पनि त्यति नै उच्च हुन्छ जति ज्ञान उच्च हुन्छ । यो त आ-आफ्ना क्षेत्रमा संलग्न भएर खोज गर्ने र कर्म गर्ने मात्र हो । ज्ञान र श्रम दुवै हामीलाई विराट्बाट प्राप्त भएको गुण हो । त्यसमा तलमाथि भन्ने त प्रश्न नै आउँदैन । ज्ञानको खोज गर्ने कर्म अर्को कर्मभन्दा गौरव बोध गर्नुपर्ने विशिष्टता भएको कर्म होइन । त्यसैले कोही पनि तलमाथि हुँदैन, यो त जन्मजात परमात्माबाट प्राप्त वरदान हो । एउटा वर्णमा हुनु व्यक्तिको नियति (Destiny) हो । परमात्माको कृपा र दृष्टि सबैमा बराबर हुन्छ । उनले सूर्य, चन्द्रमा, हावा, ब्रह्माण्ड र प्रकृति सबैमा बराबर दृष्टि प्रदान गर्छन्; त्यहाँ कुनै भेदभाव छैन । जगत्को अस्तित्वमा कुनै पक्षपात छैन । गुणमा भेद छ तर भेदभाव छैन, विभाजन छ तर शत्रुता र सङ्घर्ष छैन । श्रीकृष्णले बनाएको वर्णव्यवस्थामा एउटा शरीर सम्बन्ध (Organic unity) छ । त्यसैले श्रीकृष्णले चार वर्णको शरीरसँग तुलना पनि गर्नुभएको छ । कोही टाउको, कोही खुट्टा, कोही पेट र कोही छाती छ । यी त अङ्गका भाँती सारा वर्णहरू हुन् । कोही तल माथि छैन अर्थात् मर्यादाक्रम छैन । यो अङ्गको तल माथिको अवस्था शारीरिक मात्र हो, यो नै मूल्याङ्कन होइन । सबैको आ-आफ्नो उपयोगिता छ र एक विना अर्को हुनै सक्दैनन् । गुण भित्री क्षमता र कर्म बाहिरी अभिव्यक्ति मात्र हो साथै गुण कर्म बनेपछि मात्र अरूलाई

जानकारी हुन्छ र गुण गुण नै रह्यो भने अरूलाई मात्र होइन स्वयम् आफूलाई पनि थाहा हुँदैन । जब व्यक्ति कर्ममा प्रकट हुन्छ अनि मात्र उसलाई पनि आफ्नो वर्णका बारेमा थाहा हुन्छ ।

गुण र वर्गको भेद स्वभावगत नियति बमोजिम हुन्छ । यो स्वभावगत भेदलाई श्रीकृष्णले निर्माण गरेको कुरा उहाँ बताउनुहुन्छ । यो परमात्माबाट जन्मजात प्राप्त विभाजन हो । श्रीकृष्ण अर्जुनको गुण कर्म के हो भनेर बताउँदै हुनुहुन्छ । अर्जुन आफ्ना गुण, कर्मलाई स्मरण गर्दै आफ्नो कर्ममा सक्रिय हुन सकून् भन्ने आशाले गुण र कर्मका बारेमा भन्दै हुनुहुन्छ । गुण र कर्मको मिलन भयो भने जीवनमा एउटा सुखद् समन्वय (Harmony) मा आधारति अन्तर्सम्बन्ध कायम हुन्छ र गुण एवम् कर्मका बिचको भेद टुट्यो भने व्यक्तिका जीवनमा असङ्गति पैदा हुन्छ ।

ब्राह्मणको चेतना शूद्रको चेतनाभन्दा माथि हुँदैन । दुवैको चेतनामा कुनै फरक हुँदैन । चेतना कसैको पनि श्रेष्ठ हुँदैन । चेतनाले आफ्नो गुण पूरा गऱ्यो भने मात्र श्रेष्ठ हुन्छ र कुनै पनि गुणको व्यक्तिको चेतना आफ्नो गुणलाई पूरा गरेमा मात्र श्रेष्ठ हुन्छ । यदि ब्राम्हण ज्ञानमा आत्मसात् हुन सक्यो भने उसको चेतना श्रेष्ठ हुन्छ । त्यसैगरी क्षत्रिय शक्तिसँग आत्मसात् हुन सक्यो भने क्षत्रियको चेतना श्रेष्ठ हुन्छ। अर्जुनले बाण चलाउँदा बाण र अर्जुन अलग अलग नरहून् । अर्जुनले तरवार लिँदा हात र तरवारको अन्तर रहेन वा ती एकाकार भए भने ब्राह्मण ध्यानमा लीन भएर ब्रह्मसँग एकाकार भएझैं त्यही अनुभवलाई अर्जुनको चेतनाले पनि अनुभव गर्न सक्छ । जब अर्जुन तरवार र आफूबिचको अन्तर मेटाएर एक हुन सक्छन्, अर्जुनका लागि त्यही उनको ध्यान बन्छ । जापानमा क्षत्रियहरूको एक समूह सामुराई छ । मन्दिरमा यिनीहरूको तरवार झुन्डिएको हुन्छ र मन्दिरभित्र तरवारयुद्ध सिकाउने विद्यालय पनि हुन्छ । सामुराई भन्छन् हामी क्षत्रिय हौं र हामी तरवारको चमकमा एक हुन्छौं । जब तरवार र हामी बिच कुनै फरक हुने छैन र तरवारको नृत्य नै हाम्रो प्राणको नृत्य हुने छ, त्यही हाम्रो ध्यान र समाधि हो ।

श्रमका लागि आतुर व्यक्ति आफ्नो श्रममा यति डुबोस् कि पछाडि कोही पनि नबचोस् । कोदालाले जमिन खन्दा उठ्ने र गिर्ने क्रममा उसमा र कोदालोमा यति तादात्म्य होस् कि ऊ पनि सँगसँगै उठोस् र गिरोस् । यस्तो तल्लीनता होस् कि कर्ता भित्रबाटै हटोस् । कोदालो र उसका बिच कुनै अन्तर नरहोस् । तब ऊ त्यही ध्यानलाई उपलब्ध हुन्छ, जो ब्राहमण आफ्नो ध्यानबाट उपलब्ध हुन्छ । ध्यानबाट चारै वर्णका व्यक्तिहरू आ-आफ्ना तवरबाट उपलब्ध हुन सक्छन् र जुन पनि चेतना ध्यानमा उपलब्ध हुन्छ त्यही चेतना श्रेष्ठ हुन्छ । श्रेष्ठताको सम्बन्ध वर्णसँग होइन, ध्यानसँग हुन्छ । जो चेतना ध्यानमा उपलब्ध हुन्छ त्यो चेतना कुनै पनि मार्गबाट श्रेष्ठतामा पुग्छ । यस्तो तल्लीनता होस् कि भित्रबाट कर्ता नै हटोस् र कर्मसँग एक हुन सकोस् । वैज्ञानिक प्रयोगशालामा, नर्तक नाच्दा नाच्दै नृत्यमा, वाद्यवादक वाद्यवादनमा, शिक्षक पढाउँदा पढाउदै पढाइमा, ढुङ्गा फोड्ने ढुङ्गा फोड्ने काममा जब ध्यानको तल्लीनतामा प्राप्त हुन्छन्, त्यहीँ चेतनाको श्रेष्ठता फलित हुन्छ ।

चेतनाको श्रेष्ठता वर्णमा होइन कर्मको तल्लीनतामा वा ध्यानमा निर्भर हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यो सृष्टि रचनादि सबैको कर्ता भए पनि मलाई अकर्ता र अविनाशी नै जान । पहिलो कुरा त कर्ममा कर्तापन हुँदैन । कर्ता भित्र उपस्थित भए मात्र कर्ताभाव कर्ममा सवार हुन्छ । कर्ममा आफैं कर्ताभाव हुँदैन । हामी पनि कर्म गर्दा गर्दै अकर्ता हुन सक्छौं । कर्ताको निर्माता अहङ्कारको भाव हो । बाटामा हिँड्दा हामीले ध्यान दिएर हेऱ्यौं भने भित्र अचल नै हुन्छ र चल्ने क्रिया बाहिर मात्र हुन्छ । अहङ्कारको भाव जब चल्नुमा सवार हुन्छ, तब उसले म हिँड्दै छु भन्छ । हरेक क्रियाका भित्र खोज्यौं भने हामीले कर्तालाई कहीं पनि पाउँदैनौं केवल क्रिया मात्र पाउँछौं । भित्रको तत्त्व त कर्ता होइन द्रष्टा, साक्षी हो जसले केवल देख्दछ । चेतनाको तहमा कुनै पनि पीडा हुँदैन । केवल चेतनालाई थाहा मात्र हुन्छ । चेतना केवल ज्ञाता, साक्षी मात्र हो । त्यसैले हामी पनि क्रियाको भित्र कर्ता होइनौं । कर्ता हाम्रो भ्रम मात्र हो ।

परमात्मालाई हामी जस्तो भ्रम हुन सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यो सबै गर्दा गर्दै पनि 'म' अकर्ता हुँ ।

अर्को अर्थमा पनि कृष्णको भनाइलाई बुझ्न सकिन्छ । परमात्मामा कुनै अहङ्कार हुँदैन किनभने जगत्मा परमात्मा एउटै मात्र छ । अहङ्कारको भाव जहिले पनि तिमीमा निर्भर हुन्छ र यदि 'तिमी' रहेन भने 'म' पनि रहँदैन । भिडमा व्यक्ति अहङ्कारी हुन्छ र एकान्तमा अहङ्कार तिरोहित हुन्छ । परमात्माका लागि कुनै 'तिमी' छैन त्यसैले 'म' बन्ने प्रश्न नै उठ्दैन । यसैकारण श्रीकृष्ण भन्नुहुन्छ- 'म' सबै गर्दागर्दै पनि अकर्ता हुँ र 'म' हुँदाहुँदै पनि नभए जस्तो छु, अर्को अर्थमा पनि यसलाई जान्न सकिन्छ कि अस्तित्व परमात्माको विस्तार हो । म आफ्नो हातलाई तिमी भन्दिनँ म नै भन्छु । मेरो शरीरमा हात, खुट्टा, टाउको आदि सबै शरीरका विस्तार हुन् । त्यस्तै परमात्माका लागि समस्त अस्तित्व उसकै विस्तार हो । त्यसैले परमात्माले कुनै नयाँ सृजना पनि गऱ्यो भने त्यो परमात्माको नै सृजना हो कुनै अर्को व्यक्तिको होइन । कुनै पनि नृत्य नर्तक विना हुनै सक्दैन । परमात्मालाई हामीले नटराज भनेका छौँ किनभने नृत्य र नर्तक एकै हुन्छ । यदि नर्तक भएन भने नृत्य हुन सक्दैन र नृत्य रोकियो भने नर्तक हुनै सक्दैन । नर्तक र नृत्य एकै भएजस्तो परमात्मा र सृष्टिको पनि सम्बन्ध त्यस्तै छ । परमात्मा सृष्टिलाई बन्द गरेर स्रष्टा बन्न सक्दैन र सृष्टि बन्द नै हुँदैन । परमात्मा र सृष्टि एक हुन् जस्तै नर्तक र नृत्य एक हुन् । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- सबै गर्दागर्दै पनि 'म' अकर्ता हुँ र कर्ताले मलाई पक्रिन सक्दैन । चारैतिर परमात्माको निमित्त अस्तित्व मात्र छ जहाँ परमात्मा लीला गरिरहन्छ । लीला खेल हो र खेलमा अहङ्कार हुँदैन । खेल तबसम्म खेल रहन्छ जबसम्म त्यहाँ म रहँदैन । परमात्माका लागि जगत् एउटा खेल हो । यस्तो निरहङ्कार वचनको घोषणा श्रीकृष्णले यस श्लोकमा गर्नुभएको हो ।

*न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।*
*इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥*

**मलाई कुनै कर्मको फलप्रति कत्ति पनि अभिलाषा छैन, त्यसैले कर्महरूले पनि मलाई लिप्त गर्दैनन् । यसप्रकार जसले मलाई तत्त्वपूर्वक बुझ्दछ, त्यो सकाम कर्ममा बाँधिँदैन वा फस्दैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कर्मको फलमा मेरो प्रतिस्पर्धा नै छैन, त्यसैले कर्मले मलाई लिप्त गर्दैन । जो मलाई यस रूपमा जान्दछ ऊ पनि कर्ममा लिप्त हुँदैन र उसमा कर्मको फलको आकाङ्क्षा पनि हुँदैन । खेल र कर्ममा यही फरक हुन्छ । फलको आकाङ्क्षा भएमा खेल पनि कर्म बन्छ र फलको आकाङ्क्षा नभएमा कर्म पनि खेल बन्छ । परमात्मा निरुद्देश्य छ, उसको कहीँ पुग्ने लक्ष्य एवम् उद्देश्य पनि छैन। चराहरू गीत गाउँछन्, जून ताराहरू चल्छन्, फूलहरू फुल्छन्, हावा बग्छ, जीवन पैदा हुन्छ र विलीन हुन्छ । यिनीहरू सबै निरुद्देश्य नै कृत्य गर्दै छन् तर मनुष्यको मन उद्देश्यविना केही पनि बुझ्न सक्दैन।

श्रीकृष्ण भन्नुहुन्छ- म जे गर्छु आनन्दपूर्वक गर्छु । मेरा लागि कुनै उद्देश्य छैन केवल आनन्द छ। सारा अस्तित्व आनन्दमग्न छ । यसै कारणले कृष्णको जीवनलाई लीला भनिएको हो । कृष्णको जीवन निरुद्देश्य छ । श्रीकृष्णलाई हामी पूर्ण अवतार मान्दछौं किनभने परमात्मा जसरी निरुद्देश्य छ कृष्ण पनि त्यस्तै हुनुहुन्छ । कृष्णका एक एक कृत्य लीला जस्तै छन्, काम जस्तो होइन । त्यस्तै कृष्णलाई फलप्राप्तिको प्रतिस्पर्धा छैन। हाम्रो जीवन सदा भविष्यमा आधारित र फलको आशामा हुन्छ । हामी सदा भोलिको आशामा बाँच्छौं । आज त केवल कर्म मात्र हुन्छ फल त सदा भोलि प्राप्त हुन्छ । अस्तित्व त केवल कर्मको हुन्छ फलको कुनै अस्तित्व नै छैन । परमात्मा कल्पना र भविष्यमा बाँच्दैन । परमात्मा प्रतिपल आनन्दमग्न छ । जुन दिन व्यक्तिले सबै कुरा एवम् आनन्द यहीँ वर्तमानमा छ र भविष्यमा केही छैन भनेर बुझ्छ त्यही समय ऊ फलातुर भएर भविष्यमा बाँच्न छोड्छ । दुखी व्यक्ति फलातुर हुन्छ र फलातुर व्यक्ति पनि दुखी हुन्छ । यी दुवै कुरा जोडिएका छन् । श्रीकृष्ण भन्नुहुन्छ- म आज र यहीँ

बाँच्दछु । त्यसैले मलाई फलको प्रतिस्पर्धा छैन । भोलिको आकाङ्क्षा छैन, आज नै पर्याप्त छ । आनन्दमग्न चित्त आज, यहीँ हुन्छ र यसरी बाँच्दा अनन्त आनन्द प्राप्त हुन्छ ।

परमात्मा क्षणजीवी हुन्छ तर उसको क्षण अनन्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो मेरो यो स्वरूपलाई जान्दछ ऊ पनि म जस्तै हुने छ । सत्य र आनन्दको खोज गर्ने व्यक्तिले भविष्यलाई बिदा गरिदिनुपर्छ । जसलाई दुख प्रीतिकर लाग्छ उसले भविष्यलाई खोजे हुन्छ । भविष्य खोज्ने व्यक्तिलाई नर्कको द्वार प्राप्त हुन्छ र वर्तमानमा बाँच्ने व्यक्तिलाई स्वर्गको द्वार प्राप्त हुन्छ । जब फलको प्रतिस्पर्धा हुँदैन, कर्म मात्र गर्नु पर्याप्त हुन्छ तब कर्म खेल र लीला बन्छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- त्यस्तो व्यक्ति म जस्तै हुने छ । जीवन नाटक बनेमा कर्म खेल हुन्छ । कृष्णका भनाइमा यो पूरा जीवन नै नाटक हो ।

श्रीकृष्ण एउटा कुशल अभिनेता हुनुहुन्छ । उहाँ बाँसुरी पनि बजाउनुहुन्छ, सुदर्शन चक्र पनि चलाउनु हुन्छ । परम ज्ञानको कुरा पनि गर्नुहुन्छ । जनसाधारण ग्वालाहरूसँग नाचगान पनि गर्न सक्नुहुन्छ, गीताको उपदेश पनि दिन सक्नुहुन्छ, गोपिनीहरूको वस्त्र लुकाएर वृक्षमा पनि बस्न सक्नुहुन्छ । द्रौपदीको चीरहरण हुँदा उनको लज्जा बचाउन उनको शरीरमा अदृश्य रूपमा वस्त्र पनि उपलब्ध गराउनुहुन्छ । यस्तो असङ्गत व्यक्ति पृथ्वीमा कोही पनि छैन तर यो असङ्गतिमा एउटा रहस्य छ- यस्तो असङ्गत त्यही व्यक्ति हुन सक्छ जो व्यक्ति गम्भीर हुँदैन । जीवनलाई खेल मानेर लीला गर्ने कृष्णको फलमा कुनै प्रतिस्पर्धा छैन। श्रीकृष्ण जो परम अस्तित्व हुनुहुन्छ उहाँका लागि त सम्पूर्ण कुरा खेल मात्र हो ।

मनुष्यको मनले समयलाई भूत, भविष्य र वर्तमानमा बाँड्छ । तर परमात्माका लागि समय केवल वर्तमान हुन्छ । हामीलाई केवल भूत र भविष्यको मात्र जानकारी हुन्छ । वर्तमानका बारेमा हामीलाई केही जानकारी नै छैन । परमात्माका लागि कार्य र कारण हुँदैन, हाम्रा लागि मात्र हुन्छ; अस्तित्वमा केवल वर्तमान मात्र छ अतीत र भविष्य छैन । परमात्माका लागि भविष्य नै नभए पछि फलको प्रतिस्पर्धा हुने सवालै भएन । यो जान्ने व्यक्ति पनि उही अवस्थामा पुग्दछ । परमात्मालाई पाउनका लागि फल वा आकाङ्क्षाको त्याग नै प्रमुख सर्त हो । यदि हाम्रो माग उपस्थित हुन्छ भने हामीलाई परमात्माको होइन, उनका सेवाहरूको आवश्यकता हुन्छ ।

*एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।*
*कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥*

**मुक्तिको कामना गर्ने पूर्ववर्तीहरूले मेरो दिव्य प्रकृतिलाई जानेर नै कर्तव्य कर्म गरेका थिए । त्यसैले प्राचीन पुर्खाहरूले जुन कर्म गरे, त्यसैको अनुसरण गर्दै तिमी कर्तव्य कर्म गर ॥**

कर्मको फलाकाङ्क्षा परमात्मामा समर्पित गरी कर्तापन र अहङ्कारबाट मुक्त भएर पहिले पनि पूर्व पुरुषहरूले यस्तो कर्म गरेका छन् । यस्तै तिमी पनि पूर्वपुरुषहरू जस्तै कर्म गर । राजा जनकले पनि कर्म गर्न छोडेनन् बरु कर्तापनबाट मुक्त भए । हामी फलको प्रतिस्पर्धाका कारण कर्म गर्छौं र जब फलको प्रतिस्पर्धा हुँदैन, तब हामी कर्म नगरी अकर्म गर्छौं । यस्तो कर्म गर्दा फलको आकाङ्क्षा राख्ने वा फलको आकाङ्क्षा नराखी कर्म नै नगरी अकर्म गर्ने दुई प्रकारका नासमझ व्यक्तिहरू पृथ्वीमा रहेका छन् । फलको आशा राखेर कर्म गर्ने गृहस्थ र फलको आशा छोडिदिने सन्न्यासी यी एकै चिजका दुई पाटा हुन् । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी कर्म नगरिरहनै सक्दैनौ । त्यसैले कर्मबाट नभाग र कर्म गर, केवल फलको आकाङ्क्षा छोडिदेऊ । कर्म तिमी गर, केवल कर्ता मात्र नबन । गृहस्थमा रहेर तिमी सन्न्यासी बन जो पहिले पनि पूर्वपुरुषहरूले गरेका छन् । कृष्ण अर्जुनलाई पहिले पनि यस्तो गरिएको छ भनेर आश्वासन र भरोसा दिनुहुन्छ । अहङ्कारमुक्त र कर्ताहीन कर्म गर्दै सबै कर्तापन परमात्मामा छोड्नु ठिक सन्न्यास हो । श्रीकृष्ण यस श्लोकमा अर्जुनलाई सम्यक् सन्न्यासका बारेमा बताउनुहुन्छ ।

*किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।*
*तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥*

**कर्म के हो र अकर्म के हो भन्ने विषयमा बुद्धिमान् व्यक्तिहरू पनि अल्मलिन्छन् वा मोहित हुन्छन् । यसर्थ कुन कर्म हो र कुन अकर्म हो भन्ने कुरा म तिमीलाई भन्दछु । यी कुराहरू जानेर नै तिमी जन्म-मृत्युरूपी बन्धनबाट मुक्त हुने छौ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कर्म के हो अकर्म के हो भन्ने कुरा बुद्धिमान् व्यक्तिले पनि जान्न सक्दैनन् । त्यो गुणतत्त्व म तिमीलाई भन्दछु जसलाई जानेर व्यक्ति मुक्त हुन्छ । यसो झट्ट हेर्दा यो कुरा असङ्गत लाग्दछ किनभने हाम्रो मनमा कर्म र अकर्म के हो त्यो त मूर्खले पनि जान्दछ भन्ने लाग्छ । तर यो कुरा बुद्धिमान् व्यक्तिले पनि जान्दैन । यो त अत्यन्त गूढ तत्त्व हो ।

हामी प्रतिकर्मलाई कर्म ठान्दछौं । हामीलाई कसैले गाली गरेमा उत्तरमा हामीले पनि गाली गऱ्यौं भने त्यो प्रतिकर्म (Reaction) हुन्छ । कसैले प्रशंसा गर्दा आनन्दित भयौं भने त्यो आनन्दित हुनु पनि कर्म नभएर प्रतिकर्म नै हो । जन्मदेखि मृत्युपर्यन्त प्रतिपल हामी कर्म होइन प्रतिकर्म नै गर्दछौं । हामी प्रतिकर्म मात्र गर्छौं किनभने हाम्रो प्रत्येक कर्म बाहिरबाट उत्पादित हुन्छ, भित्रैबाट स्वस्फूर्त रूपमा आएको हुँदैन । कसैले धक्का दिँदा क्रोध उत्पन्न हुन्छ र कसैले फूलमाला लगाइदियो भने अहङ्कार उत्पन्न हुन्छ । कसैले गाली गर्दा प्रतिउत्तरमा गाली नै निस्किन्छ र कसैले प्रेमपूर्वक कुनै शब्द भन्यो भने त्यस्तै प्रेमपूर्ण भाव उत्पन्न हुन्छ । वस्तुतः यी सबै कर्म होइन प्रतिकर्म हुन् । यो प्रतिकर्म स्विच दबाएर बत्ती बाल्ने र स्विच दबाएर बत्ती निभ्ने जस्तो हुन्छ । कसैले गाली गर्दा तत्काल स्विच थिचेजस्तो गाली उठेन भने हामी भन्न सक्छौं मैले गाली नगर्ने कर्म गरें । कर्मको अर्थ सहजतापूर्वक हुने कुरा हो भने प्रतिकर्मको अर्थ प्रेरित भएर गर्ने व्यवहार हो । कर्म भित्रबाट आउँदा बाहिर कुनै पनि कारण छ भने त्यो कर्म होइन, प्रतिकर्म हो । बुद्ध, महावीर, क्राइस्ट जस्ता व्यक्ति प्रतिकर्ममा होइन, कर्ममा बाँच्दछन् ।

बुद्धलाई एकदिन एक व्यक्तिले मुखमा थुकिदिए तर बुद्धले रुमालले मुख पुछ्नुभयो र सोध्नुभयो- अरू केही भन्नु छ ? बुद्धले यदि कुनै प्रतिकर्म गर्नुभएको भए त्यो व्यक्ति उत्तर लिएर आएको थियो । बुद्धले यदि किन थुकेको मात्र सोध्नुभएको भए उससँग पूर्वतयार उत्तर थियो । बुद्ध जस्तो कर्म त सयकडौं वर्षपछि कुनै ज्ञानी व्यक्तिले गर्छ, अन्यथा सबैले त प्रतिकर्म नै गर्छन् । ऊ बुद्धसँग प्रतिकर्मको तयारीमा आएको थियो तर उल्टै उहाँले “अरू केही भन्नु छ कि !” भन्ने प्रश्न गर्नुभयो जो त्यस व्यक्तिका लागि अप्रत्याशित थियो । त्यो थुक्ने व्यक्ति छक्क पऱ्यो र भन्यो- तपाईं पनि के सोध्नुहुन्छ, मैले त तपाईंको मुखमा थुकेको छु । उहाँले जवाफ दिनुभयो- तिमीले थुकाइका माध्यमबाट तिम्रो मनमा दबेका भयानक क्रोध जुन तिमी शब्दले व्यक्त गर्न सक्दैनौ त्यसैलाई सायद थुकेर व्यक्त गऱ्यौ ।

बुद्धले भन्नुभयो- व्यक्ति कैयौं पटक शब्दबाट भाव व्यक्त गर्न असमर्थ हुन्छ । म पनि कैयौं पटक कतिपय कुराहरू भन्न चाहन्छु, जब भन्न असमर्थ हुन्छु, तब इसाराबाट भन्छु । तिमीले पनि इसारामा केही भन्यौ, मैले बुझें । ती व्यक्तिले बुद्धसँग भने- तपाई पनि ममाथि किन क्रोध गर्नुहुन्न, बुद्धले भन्नुभयो- तिमीले क्रोध गर्दैमा मैले पनि क्रोध गर्नु जरुरी छैन । उक्त व्यक्ति अर्को दिन बुद्धसँग क्षमा माग्न आयो र बुद्धको चरणमा ढोगेर रुँदै क्षमा माग्न थाल्यो । बुद्धले फेरि सोध्नुभयो- केही भन्नु छ, मैले बुझें तिम्रो मनमा कुनै गहिरो भाव छ जो तिमी शब्दमा भन्न असमर्थ छौ । ती भावलाई तिमी शिरलाई खुट्टामा राखेर आँसुले भन्दै छौ एवम् भाव मुद्राहरूबाट व्यक्त गर्दै छौ । हिजो पनि केही भन्न चाहन्थ्यौ भन्न सकेनौ, आज पनि केही भन्न खोजिरहेका छौ तर भन्न सकिरहेका छैनौ । बुद्धको वचन सुनेको त्यस व्यक्तिले भन्यो- म तपाईंसँग क्षमा माग्न आएको छु, मलाई क्षमा गरिदिनुहोस् । बुद्धले भन्नुभयो- मैले तिमीसँग क्रोध नै गरेको छैन, त्यसैले क्षमा गर्ने त कुनै प्रश्न नै उठ्दैन ।

प्रतिकर्म दास हो जो अरूले हामीबाट गराउँछ । बुद्धिमान्ले पनि कर्म र प्रतिकर्मलाई छुट्ट्याउन सक्दैनन् । कर्म नै बुझ्न कठिन छ भने अकर्मलाई जान्न त झन् कठिन हुन्छ । प्रतिकर्मलाई हामी कर्म ठान्दछौं र अकर्मण्यतालाई हामी अकर्म ठान्दछौँ । अल्छीपनले बसेर केही नगर्नुलाई हामी अकर्म सम्झन्छौं। श्रीकृष्ण भन्नुहुन्छ- अकर्मको दशा त जब भित्र गहिराइमा कर्मको कुनै वासना रहँदैन, तब मात्र फलित हुन्छ । जब भित्र मन शून्य अवस्था भएर भित्र गहिरोमा मनले कर्मका सूक्ष्म तरङ्गहरू उठाउँदैन, तब मात्र अकर्म फलित हुन्छ । जसको भित्र अकर्म हुन्छ उसको बाहिर कहिल्यै पनि प्रतिकर्म हुँदैन । जसको भित्र अकर्म फलित हुन्छ उसको बाहिर कर्म फलित हुन्छ । अरूको प्रतिक्रियामा नभई कर्म जुन आफैँ भित्रबाट जन्मिएको हुन्छ त्यो सहज रूपमा फलित हुन्छ ।

यो कुरा गूढ, गहन र रहस्यपूर्ण छ । त्यसैले बुद्धिमान् व्यक्तिहरूले पनि कर्म र अकर्म के हो तय गर्न सक्दैनन् । हे अर्जुन ! तिमीलाई त्यो गूढ रहस्य म भन्छु किनभने जसले त्यो रहस्यलाई जान्दछ ऊ मुक्त हुने छ । जुन व्यक्तिले कर्म र अकर्मका बिचको सूक्ष्मतम अवस्थालाई जान्दछ त्यो व्यक्तिले मुक्तिमार्गको यात्रा गर्ने छ । त्यस्तो व्यक्तिलाई जगत्मा अरू कुनै सूक्ष्म गुह्य कुरा जान्न शेष हुँदैन । त्यसैले हामी जसलाई कर्म ठान्छौँ त्यो प्रतिकर्म हो कर्म होइन । हामी जसलाई अकर्म ठान्छौं त्यो अकर्मण्यता हो । श्रीकृष्ण जसलाई अकर्म भन्नुहुन्छ त्यो आन्तरिक मौनता र भित्र कर्मको तरङ्गको अभाव हो । जब अन्तरमा कर्मको तरङ्ग हराउँछ, तब कर्ता पनि रहँदैन किनभने कर्ताको निर्माण भित्रको कर्मको तरङ्गबाट उत्पादन हुने जोड हो । भित्रको कर्मको वासना नै संयुक्त भएर कर्ता बन्छ । यदि भित्र कुनै कर्ताको तरङ्ग छैन भने बाहिर पनि कर्तापन बाँकी रहँदैन । जो यसको मध्यरेखालाई जान्दछ त्यो व्यक्ति मुक्त हुन्छ । त्यसैले हे अर्जुन ! म तिमीलाई कर्म र अकर्मको विभाजन रेखाका बारेमा बताउँछु ।

*कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।*
*अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥*

**कर्म के हो ? विकर्म वा वर्जित कर्म के हो ? अकर्म वा यसको स्वरूप के हो ? यी सबै कुरा बुझ्नुपर्दछ किनभने कर्मको बाटो वा गति गहन छ अर्थात् बुझ्न अत्यन्त कठिन छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कर्म, अकर्म र निषिद्ध कर्मको स्वरूप जान्नुपर्छ किनभने कर्मको गति गहन, सूक्ष्म र रहस्यपूर्ण छ । निषिद्ध कर्म त्यो कर्म हो जो गर्नयोग्य छैन; त्यसैले त्यसको स्वरूप पनि जान्नुपर्छ । कर्म कहिले कर्म हुन्छ, कहिले अकर्म हुन्छ यो जान्न कठिन छ । कर्म कहिलेकाहीँ निषिद्ध पनि हुन्छ, तब त जान्न झन् गाह्रो हुन्छ । निषिद्ध कर्मलाई दुई प्रकारले विचार गर्न सकिन्छ । जस्तै- कुनै कर्म जो गर्नयोग्य छैन त्यसलाई निषिद्धकर्मको कोटिमा राख्न सकिन्छ । जस्तो कानुनी फैसला अदालतले गर्छ । चोरी, हत्या, आत्महत्या गर्न निषिद्ध हुन्छ । केही कर्म कानुनले तय गरेको छ जो गर्न पाइँदैन तर कानुन धेरै सूक्ष्म हुन सक्दैन । धर्मले धेरै सूक्ष्मतम खोज गर्छ । धर्ममा कुनै कर्म कुनै परिस्थितिमा निषिद्ध भए पनि अर्को परिस्थितिमा निषिद्ध नहुन पनि सक्छ । हत्या साधारणतया निषिद्ध छ तर युद्धमा यो निषिद्ध हुँदैन । निषिद्ध कुनै वर्णित कुरा होइन । यो परिस्थितिका आधारमा परिवर्तन हुन सक्छ र कहिलेकाहीँ त दुई निषिद्धकार्यको बिचमा सङ्कट पनि पैदा हुन्छ । एकलाई बचाउने कि अर्कोलाई बचाउने अर्थात् हिंसा बचाउन साँचो बोल्ने कि झुठो बोल्ने । कहिलेकाहीँ दुई निषिद्ध कर्म उल्टो पनि हुन सक्छ ।

एउटा सिधासादा ब्राह्मण सडकमा हिँडिरहेको हुन्छ । त्यहाँ एउटा कसाई हातमा खुकुरी लिएर दौडिएर आउँछ । ऊ आफ्नो गाई जो उसबाट छुटेर भागेको छ, त्यसलाई खोज्दै आएको छ । त्यो कसाई हातमा धारिलो खुकुरी लिएर ब्राह्मणलाई सोध्छ- तिमीले यहाँबाट एउटा गाई गएको देख्यौ ? ब्राह्मण कसाईको प्रयोजन र उद्देश्य के हो भनेर हेर्दछ । झुटो बोल्नु निषिद्ध कार्य हो भनेर शास्त्रमा पढेको छ त्यसैले ऊ धर्मसङ्कटमा पर्छ । झुटो बोल्नु शास्त्रसम्मत छैन र सत्य बोलियो भने कसाईले गाईको निश्चित

हत्या गर्नेवाला छ, जुन हिन्दू धर्म विपरीत छ जसको भागिदार म पनि हुने छु। हत्यामा भागिदार हुनु पनि निषिद्ध कार्य हो। यहाँ सत्य र झुट जे बोले पनि त्यो निषिद्ध कार्य हुन्छ।

जिन्दगी जटिल हुन्छ, यो शास्त्रमा लेखेजस्तो हुँदैन। शास्त्र सरल हुन्छ। शास्त्रका सबै प्रश्न निर्णित हुन्छन् तर जीवनका सबै प्रश्न अनिर्णित हुन्छन्। जीवनमा प्रतिपल के गर्ने भनेर तय गर्नुपर्छ। यस्तो क्षण प्रतिदिन आउँछ, जब शास्त्रले कुनै काम गर्दैन त्यहाँ स्वयम् नै निर्णय गर्नुपर्छ। त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कर्मको गति गहन र जटिल छ। यो कर्मको गतिलाई जान्नका लागि कर्म, अकर्म र निषिद्ध कर्मलाई पनि जान्नुपर्छ। निषिद्ध कर्म दैनिक रूपमा गर्नुपर्ने हुँदा यो प्रश्न आउने बित्तिकै के गर्ने भनेर तय गर्नुपर्छ। महावीरको कथनअनुसार रातमा कोल्टे फेर्नु निषिद्ध छ। त्यसैले महावीर राती सुत्दा कोल्टो परेर सुत्नुहुन्थ्यो ताकि कमभन्दा कम हिंसा होस्। महावीर जमिनमा खुट्टा पनि विचार गरेर मात्र राख्नुहुन्थ्यो। सुक्खा जमिनमा मात्र हिँड्नुहुन्थ्यो, वर्षामा उहाँ हिँड्नुहुन्नथ्यो किनभने हिलो जमिनमा कीटाणुहरू मर्न सक्छन्। पानी परेको जमिनमा वर्षामा हिँड्नु निषिद्ध कार्य हो।

निषिद्ध कर्मबारे विभिन्न व्यक्तिहरूका कुरा सुन्ने हो भने व्यक्ति हल्लिन पनि पाउँदैन र श्वास पनि लिन पाउँदैन। जीवन नै जटिल र अनिश्चित छ। त्यहाँ प्रतिपल सबै बदलिन्छ। महावीरले भन्नुभयो- खेती नगर्नू किनभने खेतीमा हिंसा हुन्छ। उनका अनुयायीहरूले खेती गर्न बन्द गरे तर खेती नगरी हुन सक्ने हिंसाको सट्टामा व्यापारी वैश्य भएर उनीहरूले यति धेरै हिंसा गरे जो उनीहरू किसान भएको भए कहिल्यै पनि गर्दैनथे। पैसामा जति हिंसा या रगतको छाप हुन्छ त्यो अरू कुनै पनि कुरामा हुँदैन तर त्यो बाहिरबाट सफा देखिन्छ। धन कमाउनु स्वच्छ हिंसा हो। कतिको प्राण लिएर, कतिको जमिन बिकाइ घरबार उठाएर, कतिलाई मृत्युको मुखमा पुऱ्याएर हिंसा गरिएको हुन्छ, त्यो थाहा हुँदैन। सबै प्रकारका रगत र अपराधबाट गुज्रिएर मात्र धन कमाउन सकिन्छ, तर त्यो सदैव ताजा देखिन्छ। हाम्रो हातमा आउँदा धनको कुनै इतिहास बच्दैन र हात सफा देखिन्छ। महावीरलाई तथा उहाँलाई मान्ने व्यक्तिहरूले कहिल्यै सोचेका थिएनन् होला कि सबैभन्दा धेरै धन उनैका जैनीहरूसँग सङ्कलित हुने छ। महावीर जो स्वयम् सारा धनत्याग गरेर नग्न हुनुभयो तर उहाँका अनुयायीहरू धनको दास बने; यो सबै निषिद्ध कर्मद्वारा फलित भयो। त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कर्मको गति गहन छ। यहाँबाट छोड्यो उताबाट पक्रिन्छ, उताबाट छोड्यो यताबाट पक्रिन्छ। त्यसैले निषिद्ध कर्मबारे नजान्ने व्यक्तिहरू यसैमा जीवनलाई गुमाउँछन्। जीवनको बाटो इनार र खाडल जस्तो छ र बिचमा हिँड्नु तरवारको धारमा हिँड्नु जस्तै कठिन हुन्छ।

*कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः।*
*स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥*

**जसले कर्ममा अकर्म र अकर्ममा कर्म देख्दछ वा कर्म गरेर पनि फलको आशा राख्दैन त्यो व्यक्ति मानिसहरूमा बुद्धिमान् हो। यस्तो व्यक्ति शास्त्रविहित कर्म गरेर दिव्य स्थितिमा पुगेको मानिन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जसले कर्ममा अकर्म देख्छ र अकर्ममा कर्मलाई देख्छ त्यो व्यक्ति ज्ञानवान् हो। कर्ममा अकर्मलाई देख्नुको अर्थ व्यक्ति कर्म गर्दागर्दै पनि जानोस् कि म कर्ता होइन। कर्म गर्दा पनि म कर्ता होइन भन्ने जान्नका लागि साक्षीभाव हुनुपर्दछ। साक्षीभाव भएमा भोजन गर्दा पनि जान्न सकिन्छ कि म भोजन गरिरहेको छैन, त्यहाँ म केवल भोक लागेको जानि मात्र रहेको छु। भोक त शरीरलाई लाग्छ र शरीर नै भोजन गरिरहेको हुन्छ। भोक लाग्दा र क्रोध आउँदा पछाडि फर्केर हेर्ने कलाले नै कर्मलाई अकर्म बनाउँछ। त्यसबेला व्यक्ति कर्म गर्दा पनि नगरे जस्तो अकर्ता हुन्छ। साक्षी भाव भएमा व्यक्ति कर्ता हुँदा पनि अकर्ता हुन सक्छ। जो व्यक्ति भित्रबाट म कर्ता होइन म केवल साक्षी हुँ भन्ने जान्दछ तत्काल ऊ परमात्मासँग एक हुन्छ। अनि अस्तित्वमा घट्ने प्रत्येक घटनामा ऊ संलग्न हुन्छ र

परमात्माका प्रत्येक कृत्यमा उसको सहभागिता हुन्छ । जगत्मा जे पनि भइरहेको छ, त्यो उसैले गरिरहेको हुन्छ ।

प्रथमतः कर्ममा अकर्मको अनुभव भएपछि अकर्ममा कर्मको अनुभव स्वतः हुन्छ र जसलाई यो गहन प्रतीति उपलब्ध हुन्छ उसलाई ज्ञान र सत्यको अनुभव उपलब्ध हुन्छ । साक्षी हुने व्यक्तिलाई निषिद्ध कर्म के हो भनेर पहिलेबाट तय गर्नुपर्दैन । ऊ साक्षी भएपछि उसलाई निषिद्ध र आवश्यक कर्म के हो भन्ने अनुभव हुन्छ र त्यसका बारेमा पहिलेदेखि उसले सोच्नुपर्दैन । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्ति शास्त्रविहित कर्म गरेर दिव्य स्थितिमा पुगेको मानिन्छ । उसलाई के गलत, के ठिक, के गर्नु हुन्छ र के गर्नु हुँदैन भनेर स्पष्ट बोध हुन्छ र उसले कसैलाई सोध्नुपर्दैन। निषिद्ध कर्म उसबाट हुँदैन किनभने निषिद्ध कर्म के हो भन्ने उसलाई आफै बोध हुन्छ र जे निषिद्ध छैन त्यो नै उसले गर्दछ । तसर्थ साक्षी भाव भित्रको दृष्टि बन्छ ।

*यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः ।*
*ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥*

**जसका सम्पूर्ण शास्त्रसम्मत कर्महरू कामनारहित र सङ्कल्परहित हुन्छन्, त्यस्ता ज्ञानरूपी अग्निले कर्मफल भस्म भएका महापुरुषहरूलाई ज्ञानीहरू पण्डित भन्दछन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कामना र सङ्कल्पबाट क्षीण भएको चेतनाको दशामा जो ज्ञान उपलब्ध हुन्छ त्यस्तो व्यक्तिलाई ज्ञानीजन पण्डित भन्दछन् । अज्ञानीहरू त बढीभन्दा बढी सूचनाको सङ्ग्रह गर्ने व्यक्तिलाई पण्डित भन्दछन्, जो तर्कयुक्त विचार गर्नमा कुशल हुन्छन् । तर ज्ञानीजन सङ्कल्प र कामनालाई छोडेर चेतनाको त्यो शुद्ध अवस्थामा उपलब्ध हुने व्यक्तिलाई पण्डित भन्छन्, जहाँ ज्ञानको साक्षात्कार हुन्छ । ज्ञानी त्यसलाई पण्डित भन्छन् जसको सत्यसँग सिधा सम्पर्क छ । यस्तो सम्पर्क परमात्मासँग त्यसको मात्र हुन्छ, जसको चेतनामा कामना र सङ्कल्प बाँकी रहँदैन । कुनै इच्छा नरहेको अवस्था नै कामना र वासना क्षीण भएको अवस्था हो । कामना मनको दौड हो । आफू भएको ठाउँमा आनन्द छैन र अरू भएको ठाउँमा आनन्द होला भनेर सोच्नुले नै कामनाको जन्म हुन्छ । आनन्द कामनाबाट मुक्तिको अवस्था हो । जे हुँदा र जहाँ जुन अवस्थामा हुँदा पनि म पूर्ण छु भन्ने सन्तृप्तिको पराकाष्ठा कामनाबाट मुक्ति हो ।

प्रत्येक व्यक्ति दिग्दार छ । धनको यात्रामा र पदको यात्रामा गृहस्थी पनि कहीँ पुग्न चाहन्छ । सन्न्यासी पनि दिक्क छन्, उनीहरू सन्न्यास र मोक्षको यात्रामा कहीँ अन्यत्र पुग्न चाहन्छन् । जो कहीँ पुग्न चाहन्छन् उनीहरू तनाव र अशान्तिमा हुन्छन् । वासना र कामना रहुन्जेल मोक्ष पाउन असम्भव छ । परमात्मा त कामना अन्त भएको व्यक्तिलाई मात्र प्राप्त हुन्छ । जबसम्म व्यक्ति उद्देश्य र लक्ष्य लिएर कही पुग्न चाहन्छ तबसम्म ऊ कामनाको बाहिर हुँदैन । सबै व्यक्तिलाई आफूभन्दा दुखी अरू कोही पनि छैन भन्ने लाग्छ किनभने हामी आफू भित्रको दुखको काँडा देख्छौँ तर अरूको हृदयको काँडा देख्दैनौँ । हामी अरूको अनुहार मात्र देख्छौ हृदयसम्म पुग्न नै सक्दैनौँ । अनुहारभन्दा धोखा दिने अरू कुनै कुरा नै हुँदैन र मौलिक अनुहार अत्यन्त कम व्यक्तिहरूसँग हुन्छ । कृष्ण, बुद्ध, क्राइस्टहरू जस्ता व्यक्तिहरूसँग मात्र आफ्नो मौलिक अनुहार हुन्छ । कामनाको बिउ नै अरूजस्तो हुन खोज्नु हो किनभने अरू सुखी छन् र हामी दुखी छौँ जस्तो लाग्छ । जो व्यक्ति आत्मालाई जान्न समर्थ हुन्छ, उही कामनाबाट मुक्त हुन्छ अन्यथा मुक्त हुन सक्दैन ।

श्रीकृष्ण अर्जुनलाई “अब सङ्कल्प पनि त्याग” भन्नुहुन्छ । सङ्कल्पको उपयोग पनि कामना होइन्जेलसम्म हो र जब कामना शेष रहँदैन तब सङ्कल्पको कुनै उपयोग हुँदैन । जबसम्म इच्छा पूरा गर्नु छ, तबसम्म इच्छाशक्तिको आवश्यकता हुन्छ .र जब इच्छा नै बाँकी रहँदैन, तब इच्छाशक्तिको कुनै काम

नै रहँदैन, त्यो बोझ हुन्छ । हामीलाई सङ्कल्प आवश्यक छ किनभने हामीलाई इच्छा पूरा गर्नु छ तर इच्छा नै बाँकी नरहेको व्यक्तिलाई इच्छाशक्तिको कुनै उपयोगिता नै रहँदैन । शक्ति यदि प्रयोग भएन भने त्यसले स्वयम्कै विनाश गर्छ । त्यसैले श्रीकृष्ण क्रमअनुसार भन्नुहुन्छ- पहिले कामनाबाट अनि वासनाबाट मुक्त होऊ । कामना र वासनाको अन्त्य भएपछि सङ्कल्पलाई क्षीण गर किनभने त्यहाँ सङ्कल्पको जरुरत नै पर्दैन । शक्ति यदि क्षीण भई अनुपयोगी भए त्यसले विनाश गर्दैन अन्यथा त्यसले स्वयम्लाई विनाश गर्छ । यदि कुनै व्यक्तिले वासना त्याग नगरी सङ्कल्प मात्र छोड्यो भने उसलाई ठुलो कठिनाइ पर्न सक्छ । त्यसबेला ऊ बडो दीनहीन हुने छ र वासनालाई त्याग गरिसकेपछि सङ्कल्प जीवित रहनु खतरनाक हुन्छ किनभने वासना नै नरहेपछि शक्तिको उपयोगिता नै हुँदैन । यदि शक्ति बाहिर त्यागेन भने त्यसले भित्र आफ्नो सक्रियता बढाएर भित्र नै दौडिन थाल्छ । शक्ति भित्र दौडिएपछि व्यक्ति विक्षिप्त हुन्छ । शक्तिका दुई रूपहरू छन्, वासनातिर दौडियो भने प्राणी भएर सृजना गर्छ । कामना, सपनातिर दौडियो भने त्यसले स्वयम्को विनाश गर्छ ।

त्यसैले जो व्यक्ति वासनाबाट मुक्त हुन्छ उसले कामना पनि छोड्छ, मन्दिर पनि छोड्छ र यात्री हुँ भन्ने भाव पनि छोड्छ । यस्तो कामनाशून्य र सङ्कल्पबाट रिक्त भएको व्यक्ति ज्ञानमा उपलब्ध हुन्छ । यस्तो व्यक्ति दर्पणजस्तो निर्मल भएर स्थित हुन्छ । जस्तो शान्त अवस्थाको जलाशयमा सूर्य, चन्द्रमा प्रतिविम्बित हुन्छन् त्यसरी नै चित्तको कामवासना शान्त भएपछि चित्त पनि जलाशयको जस्तै मौन दर्पणको अवस्थामा हुन्छ । त्यो दर्पणमा व्यक्तिको सानो हृदयमा विराट् परमात्मा प्रतिफलित हुन्छ । विराट् त अनन्त र असीम छ तर भक्तको सानो हृदय पनि कामनारहित हुने बित्तिकै ऊ त्यहाँ तत्काल प्रतिफलित हुन्छ । यस्तो कामना र वासनारहित हृदय भएको भक्त जसले अनुभवबाट जानेको छ, त्यस्तो व्यक्तिलाई पण्डित भनिन्छ तर केही नजान्नेहरू आफूभन्दा बढी सूचना सङ्ग्रह गर्ने व्यक्तिलाई पण्डित ठान्दछन् । श्रीकृष्णको यस भनाइले पण्डितलाई दुई तहमा विभाजन गरेको छ । एउटा सूचना सङ्कलन गरेर ज्ञानी भएको मिथ्या पण्डित जससँग बाँधिएको उत्तर मात्र छ । यस्तो पण्डितसँग आफ्नो अनुभवको उत्तर नभएर केवल वेद, उपनिषद्, कृष्ण, बुद्धका वचनलाई दोहोऱ्याउने काम मात्र गर्दछन्। दोस्रो प्रकारका पण्डित आफ्नो अनुभवबाट परमात्मालाई जानेर उसको संस्पर्श गर्दै कृष्ण र सत्यलाई जान्दछन् । त्यस्ता व्यक्तिलाई ज्ञानीजन पण्डित भन्दछन् ।

*त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।*
*कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥*

**जुन पुरुष समस्त कर्ममा र त्यसको फलमा आसक्तिलाई सदैव त्याग गरेर संसारको आश्रयरहित भएको छ र परमात्मा नित्य चित्त छ, ऊ कर्ममा लागेर पनि कर्म गरिरहेको हुँदैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो चेतना प्राप्त पुरुष संसारको आश्रयमा आनन्दित हुँदैन र यस्तो व्यक्तिको आनन्दको स्रोत परमात्मा मात्र हुन्छ । यस्तो व्यक्ति संसारका कारण सुखी नभएर अकारण नै सुखी हुन्छ । हाम्रो मस्ती सधैं कारणसहित आउँछ । हाम्रो सुख बाहिरबाट आउने हुँदा केही क्षण पनि नटिकेर यो दुख बन्दछ । संसारमा आश्रित सुख क्षणभर भन्दा बढी हुँदैन किनभने संसार नै क्षणभरभन्दा ज्यादा हुँदैन । संसारमा सुख आएको हुँदैन, बिदा भइहाल्छ । एकजना कविले आफ्ना कविताका दुई पक्तिमा यसको वर्णन गरेका छन् जहाँ अलिकति शब्द अलग गर्ने वा छुट्ट्याउने बित्तिकै पङ्क्तिको अर्थ बदलिएको छ । पहिलो पङ्क्ति 'वसन्त आगया' र दोस्रो पङ्क्ति छ 'वसन्त आ गया' । संसारको क्षण भङ्गुरता यस्तै हुन्छ, सुख पनि यस्तै हुन्छ । 'सुख आगया अर्थात् तत्काल 'सुख आ गया हुन्छ' । हामीलाई महसुस पनि नभईकन दोस्रो पङ्क्ति आइसक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्तिको सुख संसारमा आश्रित नभएर अनाश्रित, अकारण र निःसर्त हुन्छ । यस्तो व्यक्तिको आनन्द कहीँबाट आउँदैन । त्यो आनन्द आफैँबाट आउँछ र सदाका लागि रहन्छ । आफैंबाट आउनुको अर्थ ब्रह्मबाट आउनु हो जो शाश्वत हुन्छ संसार जस्तो क्षणभङ्गुर हुँदैन । यस्तो व्यक्तिको आनन्द ब्रह्मबाट अकारण नै बर्सिन्छ । यस्तो व्यक्ति कति बेला हाँस्न एवम् नाच्न थाल्छ केही थाहा हुँदैन । ऊ भित्र आनन्दको स्रोत हुन्छ जो अकारण नै फुट्दछ । अस्तित्वमा दुई प्रकारको आश्रय हुन्छ- एउटा पराश्रय र अर्को स्व-आश्रय हुन्छ । पराश्रयबाट प्राप्त सुख कुनै पनि क्षण दुख बन्न सक्छ । स्व-आश्रयबाट प्राप्त सुख ब्रह्मबाट प्राप्त हुने हुँदा शाश्वत हुन्छ; त्यसका बारेमा श्रीकृष्णले यस श्लोकमा सङ्केत गर्नुभएको छ ।

कर्मको अभिमान सुख पाउँदा प्राप्त हुन्छ किनभने कर्मको अभिमान सफलताको अभिमान हो । अरूबाट सुख प्राप्त गर्नु सफलता हो र सफल हुने बित्तिकै व्यक्ति अभिमानले भरिन्छ । यसरी चाँडै नै भरिएको अभिमान फुट्दछ र सफलता अन्ततः विफलताको द्वार बन्न पुग्छ । जो व्यक्ति अभिमानले भरिन्छ, त्यो एकदिन नराम्रोसँग फुट्छ । तर जो स्वयम्सँग वा ब्रह्मसँग जोडिन्छ त्यो परसँग असम्बन्धित हुन्छ र अभिमानरहित हुन्छ। अभिमानलाई हामी स्वसँग सम्बन्धित ठान्दछौँ तर अभिमान सदा परसँग सम्बन्धित हुन्छ । एक्लोमा अभिमान हुन सक्दैन । यसका लागि अर्को व्यक्ति चाहिन्छ । अभिमान पराश्रित भाव हो । जो व्यक्ति स्वयम्को मूल स्रोतसँग सम्बन्धित हुन्छ त्यस्तो व्यक्तिमा कुनै अभिमान हुँदैन । अहङ्कार र अभिमानले युक्त सुख क्षणिक र रुग्ण सुख हो । श्रीकृष्ण भन्नुहुन्छ- स्वयम्सँग सम्बन्धित व्यक्ति कर्मको अभिमानले भरिँदैन र यस्तो पुरुष कर्म गर्दा पनि अकर्ता एवम् सबै कर्मको बाहिर हुन्छ । उसलाई कर्मको जगत् अभिनयको जगत् हुन्छ । यो कर्मका बिच अकर्म र होस एवम् साक्षी भावको अवस्था हो ।

*निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।*
*शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥*

**जसले अन्तस्करण र इन्द्रियसहित शरीरलाई जितेको छ र जसले भौतिक वस्तुप्रतिको स्वामित्वको भावलाई पनि परित्याग गरेको छ, त्यस्तो आशारहित व्यक्तिले केवल जीवन निर्वाहका लागि मात्र कर्म गर्दछ भने उसले कुनै प्रकारका पापपूर्ण फल पाउँदैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जसले आशा, आकाङ्क्षा एवम् भविष्यको फलको स्पर्श छोड्दछ र अभिमानको त्याग गरेर आवश्यक कर्म अर्थात् शरीरको आवश्यकता अनुसारको कर्म गर्दछ भने उसले कुनै पापपूर्ण फल पाउँदैन । जस्तो कि भोक लाग्दा खाना खाने, निद्रा लाग्दा सुत्ने आदि कार्य गरिरहन्छ । यस्तो व्यक्तिले शरीरलाई आवश्यक हुने कर्म मात्र गर्दछ; त्यसैले ऊ कर्मबन्धनमा पर्दैन । कृष्ण, बुद्ध, महावीर पनि अरू जस्तै भोजन गर्नुहुन्छ, हिँड्नुहुन्छ, सुत्नुहुन्छ र वस्त्र लगाउनुहुन्छ अर्थात् जो आवश्यक कर्म हो त्यो गर्नुहुन्छ । हामीले भोजन गर्दा भोजन मात्र गर्दैनौँ हजारौँ कामना, सपनाको महल हाम्रो मनले बनाइरहन्छ तर कृष्ण जस्तो व्यक्तिले भोजन गर्दा केवल भोजन मात्र गर्नुहुन्छ । कृष्ण जस्तो व्यक्ति जे गर्नुहुन्छ त्यो पूरा गर्नुहुन्छ। त्यहाँ उहाँको पूर्ण उपस्थिति रहन्छ । जो व्यक्ति होसपूर्वक भोजन गर्दछ, उसको भोजन सम्यक् भोजन हुन्छ । बेहोसीमा गरिएको भोजन ज्यादै धेरै वा ज्यादै कम गरिन्छ जो सम्यक् भोजन हुँदैन । शरीर अन्धो भएकाले उसलाई भोजनको कुनै अन्दाज नै हुँदैन । असम्यक्ले बाँध्दछ र सम्यक्ले कहिल्यै पनि बन्धनको काम गर्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो होसमा जागेको पुरुष शरीरको आवश्यकतालाई जानेर होसपूर्वक कर्म गर्दछ र बाँधिदैन । शरीरका आवश्यक कर्मलाई होसपूर्वक सम्यक् रूपले जसले गर्दछ त्यस्तो व्यक्ति कर्मको बन्धनमा पर्दैन र ऊ कर्म गर्दागर्दै पनि मुक्त हुन्छ । यस्तो व्यक्तिलाई केही कुराले पनि बाँध्न

सक्दैन । जो व्यक्ति होसमा अर्थात् साक्षी भावमा हुन्छ त्यो व्यक्ति माध्यम मात्र हुन्छ । यस्तो व्यक्तिले शरीरका लागि आवश्यक कर्म मात्र गर्दछ । होसमा बाँच्ने व्यक्तिहरूका लागि अनावश्यक बस्तुहरू स्वतः हट्न थाल्छन् । श्रीकृष्ण भन्नुहुन्छ- आवश्यक कर्म जो व्यक्तिले गर्दछ उसका अनावश्यक कर्म र वस्तुहरू स्वतः हट्दछन् र यस्तो कर्मबाट व्यक्ति कुनै पनि बन्धनमा नपरी मुक्त हुन्छ ।

शरीरको प्रज्ञा यान्त्रिक हुन्छ । एउटा व्यक्तिको शरीरमा चलिरहेको कामको हिसाबले कारखाना बनाउनु परेमा दश वर्गमिलको क्षेत्रफलको आवश्यकता हुन्छ भनेर शरीरशास्त्रीहरू भन्दछन् । शरीरको बुद्धिमत्ता आफ्नै प्रकारको हुन्छ । यदि शरीरको आवश्यकतालाई व्यक्तिले होसपूर्ण रूपमा गरेन भने शरीर आफ्नो आदतबाट यन्त्रवत् सञ्चालित हुन्छ । मनुष्य बेहोसीमा नै बाँच्ने हुनाले शरीरले यान्त्रिक व्यवस्थालाई अबलम्बन गर्छ जुन बन्धनको कारण हो । होसपूर्ण व्यक्तिले प्रत्येक कृत्य गर्दा थाहा पाएर मात्र गर्दछ; तसर्थ उसलाई कुनै आदतले पक्रिँदैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- स्वयम्लाई जितेर सुख सुबिधालाई जसले छोड्दछ त्यो व्यक्तिलाई कुनै बन्धन हुँदैन । वस्तुहरूलाई जित्ने प्रवृत्तिको व्यक्तिले आखिरमा आफूलाई नै हराउँछ । बुद्धिमान् व्यक्तिले वस्तुलाई होइन स्वयम्लाई जित्न खोज्दछ । आत्मविजयभन्दा ठुलो कुनै विजय छैन । यस्तो व्यक्ति स्वयम्लाई जितेर जीवनमा अनावश्यक बस्तुहरूबाट मुक्त भएर अभिमानरहित हुन्छ र कर्म गर्दागर्दै पनि अकर्ममा बाँच्दछ । सबै जरुरी कर्म गर्दागर्दै पनि उसलाई कुनै कर्मको रेखाले छुँदैन ।

*यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।*
*समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥*

**स्वतः प्राप्त भएका वस्तुहरूबाट सन्तुष्ट रहने, तेरो मेरो जस्ता द्वैत भावबाट मुक्त, ईर्ष्यारहित, हर्ष-शोकबाट अतीत भएको यस्तो सिद्धि र असिद्धिमा पनि समभाव राख्न सक्ने कर्मयोगी कर्म गरेर पनि कर्मफल वा बन्धनबाट बाँधिँदैन ॥**

जे प्राप्त छ त्यसमा सन्तुष्ट हुने र द्वन्द्वबाट पार भएको व्यक्ति कर्म गर्दा गर्दै पनि कर्मबाट बाँधिँदैन । चित्त त प्राप्त वस्तुमा असन्तुष्ट हुन्छ र अप्राप्त वस्तुको चाहना गर्छ र त्यो प्राप्त भएमा अझ बढीको कामना गर्छ । चित्त र असन्तोष एकै कुराका दुई नाम हुन् । सन्तोष हुने बित्तिकै चित्त र मन दुवै बिदा हुन्छन् । मन सदा नपाएको कुराको कामनामा बाँच्दछ र जे पाएको छैन त्यसमा सन्तोष खोज्दछ भने जे पाएको छ त्यसमा असन्तोष रहन्छ । असन्तोष सदा क्षितिजजस्तो हुन्छ । परबाट हेर्दा एउटै जोडिए जस्तो हुन्छ र नजिकबाट हेर्दा झन् पर हुन्छ । चित्त सदा भविष्यमा प्राप्त हुने सन्तोषको भ्रममा बाँच्दछ ।

श्रीकृष्ण चित्तको दशाको ठिक उल्टो कुरा भन्नुहुन्छ- जो पुरुष जे प्राप्त भएको छ त्यसमा सन्तुष्ट भएमा कर्मबन्धनले बाँधिँदैन । जति ठुलो अपेक्षा हुन्छ उति नै धेरै असन्तोष पाउँछ । अपेक्षा नभएको व्यक्ति जे प्राप्त हुन्छ त्यसका लागि परमात्माप्रति कृतज्ञ हुन्छ । अपेक्षाशून्य भएमा असन्तोष पूर्णरूपमा मेटिन्छ । अपेक्षारहित पुरुष जे प्राप्त हुन्छ त्यसमा नै सन्तुष्ट हुन्छ । यस्तो व्यक्ति जे प्राप्त हुन्छ त्यसलाई धन्य एवम् अहोभाग्य ठान्दछ । धन्यवादको भाव त्यस व्यक्तिमा हुन सक्छ जसको अपेक्षाशून्य हुन्छ । यो रहस्य थाहा हुने व्यक्तिलाई प्राप्त सन्तोषको कुनै सीमा हुँदैन ।

एकजना बादशाहको एउटा जोगी फकिरसँग यस्तो प्रेम थियो कि बादशाह ती जोगीलाई सँगै सुताउँथे । आफूलाई खाना जे प्राप्त भए पनि पहिले त्यो जोगीलाई दिएर मात्र आफू खान्थे । एकदिन दुवैजना सिकार खेल्न गए र जङ्गलमा बाटो हराएकाले दिनभरिको भोक-प्यासमा थिए । खानका निम्ति जङ्गलमा केही पनि उपलब्ध थिएन । बल्लतल्ल साँझपख एउटा रुखमा एउटा फल भेटियो । बादशाहले त्यो फल तोडेर चार टुक्रा गरे र पहिलो टुक्रा जोगीलाई दिए । जोगीले अर्को टुक्रा पनि मागे र बादशाहले दोस्रो टुक्रा पनि दिए । जोगीले आहा कस्तो मिठो रहेछ भनी तेस्रो टुक्रा मागे र बादशाहले तेस्रो टुक्रा पनि

दिए । जोगीले चौथो टुक्रा पनि खोसेर खान खोजे । त्यसबेला बादशाहले भने यो त अति भयो म पनि त भोकै छु । सम्राट्ले त्यो फल खोसेर मुखमा राखे तर त्यो फल तितो विषसमान थियो । सम्राट्ले त्यो फल थुक्दै, तिमी पागल त छैनौं किन यसरी फल मिठो छ भनेर खाएको भनेर सोधे । जोगीले भने- जुन हातबाट सधैँ मिठो फल खान पाएको छु, त्यसको हातबाट एक टुक्रा तितो फलको गुनासो गरेँ भने यसभन्दा कृतघ्नता केही हुन सक्दैन ।

यस्तो व्यक्ति सन्तुष्ट हुन सक्छ । हामीसँग जे छ त्यसलाई गम्भीर भएर हेर्ने हो भने त्यो परमात्माले चाहिने भन्दा धेरै बढी दिएको छ । जे छैन त्यसको पछि मात्र दृष्टि दौडाउने हो भने जे पाएको छ त्यो कहिले पनि देखिँदैन । जे छैन त्यसलाई मनले चाहना गर्छ जसबाट असन्तोष पैदा हुन्छ । सपना असन्तोषको बिउ हो र व्यक्तिहरू कल्पनाको कारण असन्तुष्ट छन् । जे प्राप्त छ त्यसमा जो व्यक्ति सन्तुष्ट हुन्छ त्यस्तो व्यक्ति परमात्माप्रति अनुग्रहित भएर द्वन्द्वबाट पार हुन्छ । हाम्रो सारा जीवन नै द्वन्द्वले भरिएको छ । हामी दुईमा नै बाँच्दछौं । जससँग प्रेम गर्छौं त्यसैसँग घृणा पनि गर्छौं । मनोवैज्ञानिकहरूले पनि यस तथ्यलाई स्वीकार गरिसके कि हामी जसलाई प्रेम गर्छौं त्यसैलाई घृणा पनि गर्छौं । हाम्रो मन द्वन्द्वमा छ, त्यसैले हामी जसलाई मन पराउँछौं त्यसैलाई मन पराउँदैनौं । जससँग हामी आकर्षित हुन्छौं त्यसैसँग विकर्षित पनि हुन्छौं । जससँग हामी मित्रता बढाउँछौं, त्यसैसँग हामी शत्रुता पनि पाल्छौं । यी दुवै हामी एकैसाथ गर्छौं ।

कुनै पनि व्यक्तिले चौबिसै घण्टा प्रेम गर्न सक्दैन । एक क्षण प्रेम गर्छ अर्को क्षण घृणा गर्छ । पूरा दिन प्रेम र घृणाको खेल चल्छ । जोप्रति आदर हुन्छ उसैप्रति अनादर पनि हामी पाल्छौं । जसलाई फूलमाला लगाउँछौं उसैलाई कुनै दिन ढुङ्गा पनि फ्याँक्छौं । एउटा नकारात्मक इच्छा दबेर प्रतीक्षा गरिरहेको हुन्छ र कुनै दिन बहाना खोजेर त्यो इच्छा बाहिरिन्छ । हाम्रो मन प्रतिपल दोहोरो छ । मन सदा द्वन्द्व र विकल्पमा बाँच्छ । जे हामी गर्छौं त्यसका विरुद्धमा मन पूरा समय केही न केही भनिरहेको हुन्छ । मन कहिले पनि शत प्रतिशत हुँदैन । एक हिस्सा सदा विरोधमा हुन्छ । यस्तो अवस्था रहने भएकाले व्यक्ति सदा द्वन्द्वमा हुन्छ । मनोवैज्ञानिकहरू यस्तो मनलाई सिजोफ्रेनिया भन्छन् । कुनै व्यक्तिले प्रशंसा गऱ्यो भने जबसम्म त्यो व्यक्तिले निन्दा गर्दैन तबसम्म सन्तुलन कायम हुन सक्दैन । फ्रायडले भनेका छन्, प्रगाढ मित्रता भएका व्यक्तिहरूले पनि एक अर्काको विरोधमा दिएका प्रतिक्रिया सुनेमा यस जगत्मा कुनै पनि मित्रता टिक्न सक्दैन । यसको कारण मन सदा नै परिपूर्ति खोज्छ । उसको अर्को हिस्सा आफ्नो माग पूरा गर भनेर माग गर्दछ । यो द्वन्द्वको अवस्था सतहमा पनि हुन्छ र गहिराइमा पनि हुन्छ । भित्र गहिराइमा पनि सदा द्वैत चलिरहन्छ । दिनभरि इमानदारीमा रहने व्यक्तिले सपनामा चोरी गरेको देख्छ। दिनभरि गर्न नपाएको कुरा रात्रीमा परिपूरक भएर पूरा गर्छ। हाम्रो चित्त अनिवार्य रूपमा द्वन्द्वातीत, (Dialectical) छ । जो व्यक्ति जीवनभर नास्तिक हुन्छ त्यो मर्नुअघि आस्तिक हुन्छ किनभने जीवनभर सुषुप्त रहेको एक हिस्सा प्रकट हुन चाहन्छ । त्यसैले विश्वासी व्यक्ति अविश्वासी हुन्छ ।

यस जगत्मा सारा चिज द्वन्द्वातीत र ध्रुवीय छ, मन पनि ठिक यस्तै हुन्छ । यदि जगत्मा प्रकाश हरायो भने अँध्यारो बिलकुल रहने छैन । यदि जन्म समाप्त भयो भने मृत्यु समाप्त हुने छ किनभने जन्म नै भएन भने कसको मृत्यु हुने । यस्तै यदि मृत्यु रोकियो भने जन्म पनि रोक्नुपर्छ । चिकित्साविज्ञानको उन्नतिले संसारबाट मृत्युको दरलाई नियन्त्रण गरेको हुनाले हामी जन्ममा नियन्त्रण गर्नुपर्ने अवस्थामा छौं । जिन्दगी विरोधहरूका बिचको सन्तुलन हो र जीवन विरोधबाट चल्दछ । सारा जीवन द्वन्द्व हो र यसको आधार मन हो । श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति दुईको पार अर्थात् द्वन्द्वतीत हुन्छ त्यही व्यक्ति कर्मको बन्धनबाट मुक्त हुन्छ । त्यसैले जसले दुईको पार मनलाई जान्दछ त्यही व्यक्ति पार हुन सक्छ । जो

व्यक्ति प्रेम र घृणाको ज्ञाता छ त्यही व्यक्ति यसबाट पार हुन सक्छ । साक्षीका बारेमा जानकारी भयो भने दुईबाट पार हुन सकिन्छ । मनको द्वन्द्वको बाहिर त्यही व्यक्ति हुन सक्छ जसलाई साक्षीको स्मरण हुन्छ ।

सुख या दुख आउँदा म त्यो सुख वा दुख होइन भन्ने जान्न जरुरी छ । सुख-दुख, प्रेम-घृणा, मित्रता-शत्रुता, हार-जित, सम्मान-अपमान आउँछ अनि जान्छ; यी सबै द्वन्द्व हुन् । यो सबै द्वन्दभन्दा अलग जसले साक्षी हुँ भन्ने जान्दछ ऊ द्वन्द्वको पार भएर द्वन्द्वातीत हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो द्वन्द्वको पार हुन्छ ऊ सम्पूर्ण कर्मको बन्धनबाट पार हुन्छ । वास्तवमा बन्धन द्वन्द्वको मात्र हुन्छ र निर्द्वन्द्व स्वतन्त्र हुन्छ । पृथकताको बोध र साक्षीको भावले द्वन्द्वबाट पार गराउँछ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जो व्यक्ति जे प्राप्त छ त्यसमा तृप्त एवम् द्वन्द्वको पार छ भने ऊ कर्म गर्दागर्दै पनि कर्मको बन्धनमा बाँधिँदैन।

*गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।*
*यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥*

**जसको सबै प्रकारका आसक्ति नष्ट भएको छ, जो देहाभिमान र ममताबाट रहित छ, जसको चित्त निरन्तर परमात्माको ज्ञानमा स्थित हुन्छ यस्तो केवल यज्ञसम्पादनका लागि कर्म गर्ने व्यक्तिको सम्पूर्ण कर्म निश्चय विलीन हुन्छ ॥**

आसक्तिरहित ज्ञानपूर्वक कर्म गर्ने पुरुषका समस्त कर्मबन्धन क्षीण हुन्छन् र परतन्त्रता समाप्त भएर आसक्तिको तादात्म्यबाट मुक्त हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । आसक्तिरहितको अर्थ हो यस जगत्मा मेरो कोही पनि छैन । मेरो ममत्त्वको भाव नै मेरो आसक्ति हो । मेरो घर, मेरो परिवार, मेरो शास्त्र, मेरो धर्म यो सबै आसक्ति हो । मेरो परमात्मा पनि आसक्ति हो । जहाँ जहाँ मेरो जोडिन्छ त्यहाँ त्यहाँ आसक्ति जोडिन्छ र जहाँ मेरो समाप्त हुन्छ त्यहीँ आसक्ति बिदा हुन्छ । ममत्व हट्ने बित्तिकै व्यक्ति आसक्तिरहित भएर ब्रह्ममा प्रवेश गर्छ । जगत्मा मेरो भाव यतिसम्म हुन्छ कि मेरो शास्त्र, धर्म, मन्दिरका कारण दुई मेरोमा भिडन्त हुन्छ र लडाइँ सुरु हुन्छ । यो मेरो भन्ने भाव तबसम्म मेटिँदैन जबसम्म 'म' भन्ने भाव भित्र केन्द्रमा हुन्छ । मेरो भन्ने भाव भागेर जहाँ गए पनि आफूसँग नै रहन्छ । त्यो मेरो घरबाट मेरो मन्दिर, आश्रम आदिमा रूपान्तरण मात्र हुन्छ । यो आसक्ति अहङ्कारको विकेन्द्रीकरण हो । जुन मेरो भावसँग व्यक्ति आसक्त हुन्छ त्यससँग उसको तादात्म्य जोडिन्छ । जब मेरो भन्ने भाव हट्छ तब उसले आफूलाई अधुरो महसुस गर्छ; त्यसैले व्यक्ति 'म' लाई विस्तार गरिरहन्छ ।

श्रीकृष्णको भनाइ अनुसार आसक्तिरहित कर्म गर्नुको अर्थ यस्तो कर्म हो जसले 'मेरो' निर्माण गर्दैन । उसको जीवन कसैसँग पनि तादात्म्य स्थापना गर्दैन । उसमा कहीँ पनि गहिराइमा मेरो भन्ने भाव हुँदैन र 'मेरो' रहित भएर बाँच्दछ । यस्तो मेरो रहित अर्थात् आसक्ति रहित जीवन यज्ञ बन्दछ र पूरा जीवन एउटा पवित्र हवन हुन्छ । हे अर्जुन ! यस्ता पुरुषको सारा बन्धन क्षीण हुन्छ किनभने बन्धनको जन्मदाता नै 'मेरो' भाव हो । श्रीकृष्ण भन्नुहुन्छ- जब कुनै व्यक्ति आसक्तिरहित भएर 'मेरो' भावबाट छुट्दछ तव उसको जीवन यज्ञ भएर पवित्र हुन्छ । आसक्तिको जाल टुट्नेबित्तिकै मेरो भाव र तादात्म्यको भाव समाप्त हुन्छ अनि यस्तो व्यक्तिले जसरी कर्म गरे पनि, जे गरे पनि र जसरी बाँचे पनि कुनै बन्धन निर्माण हुँदैन । शून्य जस्तो गरेर यस्तो व्यक्ति बाँच्दछ ।

*ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।*
*ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥*

**यज्ञ आदिमा अर्पण गरिएका हात, सुरो, योग्यद्रव्य आदि पदार्थ, अग्निमा अर्पण गरिएका घिउ, चरु आदि वस्तु ब्रह्म हुन् । कर्ताद्वारा ब्रह्मरूप अग्निमा आहुति दिने रूप क्रिया पनि ब्रह्म हो र त्यस ब्रह्मकर्ममा स्थित रहने योगीद्वारा प्राप्त हुने योग्य फल पनि ब्रह्म हो ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यस जगत्को सम्पूर्ण अस्तित्वमा जे छ, त्यो सबै ब्रह्म हो । तर यो अवस्था म भावको विसर्जनपछि मात्र देखिन्छ । म बिदा हुने बित्तिकै अस्तित्व नै ब्रह्म हुन्छ । यस जगत्मा ब्रह्म सिवाय अरू केही पनि छैन । जब म पनि ब्रह्ममा समाहित हुन्छु अनि श्रीकृष्णको यो भनाइ बुझ्न सकिन्छ । जगत्मा दुई प्रकारका अनुभव हुन्छन् । एउटा 'म' को अनुभव जसका लागि यो वचन सरासर गलत लाग्ने छ किनभने 'म' भावको व्यक्तिले कहीँ कुनै ब्रह्म देख्दैन । अहङ्कारले यस्तो व्यक्तिलाई अन्धो बनाउँछ र उसले ब्रह्मलाई अनुभव गर्न सक्दैन । अर्को श्रीकृष्णले भन्नुभएजस्तो यज्ञ हवनको विधि, बल्ने अग्नि, चढाएको आहुति, चढाइने वस्तु र हवनमा उद्घोष गर्ने व्यक्ति पनि ब्रह्म हुन् । यो सबै ब्रह्मको अनुभव अहङ्कारको अन्धोपन टुटेपछि मात्र हुन्छ । त्यसभन्दा अघि त "म नै हुँ र बाँकी सबै मेरा साधन हुन्" भन्ने लाग्दछ । सबै कुरा 'म' भावको केन्द्रमा घुमेको हुन्छ । आसक्तिरहित व्यक्तिलाई सारा अस्तित्वमा जे छ त्यो सबैमा ब्रह्मको अनुभव हुन थाल्छ ।

अहङ्कार र ब्रह्म दुवै एकसाथ हुन सक्दैनन् । ब्रह्मको अनुभव अभ्यास अथवा प्रयासबाट हुँदैन यो अनुभव त अहङ्कारको विसर्जनबाट मात्र सम्भव हुन्छ । अहङ्कारको विसर्जन हुने बित्तिकै यस्तो व्यक्तिलाई सबै कुरामा ब्रह्मको अनुभव हुन थाल्छ । 'म' समाप्त हुने बित्तिकै 'म' पनि ब्रह्ममा नै विलीन हुन्छ र ब्रह्म नै कण कण हो भन्ने अनुभव हुन्छ । यस अवस्थामा ईश्वर र ब्रह्म दुवै एकै हुन्छ र कुनै पनि दूरी रहँदैन । जुन क्षण ब्रह्मको मात्र अनुभव हुन्छ त्यसैक्षण सबै बन्धनहरू स्वतः समाप्त हुन्छन् । त्यस क्षण मित्र, शत्रु, दुख, रोग सबै परमात्मा हुन्छन् ।

एक जना सुफी फकिरको छातीमा घाउ भयो र घाउ यति गहिरो भयो कि त्यसमा कीरा नै परे । जिन्दगीभर उनी नमाज पढ्न मस्जिदमा जान्थे र जब घाउमा कीरा परे तबबाट उनले मस्जिद जान छोडिदिए । छिमेकीहरूले भने- के काफिर हुन लाग्यौ, के अन्तिम समयमा आफ्नो जिन्दगी बिगार्न चाहन्छौ, नमाज मस्जिदमा गई नपढेर के दोजकमा अर्थात् नर्कमा पर्नु छ । ती सुफी फकिरले भने- नमाज त म अहिले पनि पढ्छु तर मस्जिद जान सक्दिनँ किनभने नमाजमा झुक्नुपर्छ र झुक्दाखेरि मेरो घाउमा भएका किराहरू तल झर्दछन् अनि यिनीहरूलाई फेरि उठाएर घाउमा राख्नुपर्छ । कहिलेकाहीँ यिनीहरूलाई चोट लाग्दछ र कति त यस्तो गर्दा मर्दछन् । अनि छिमेकीले भने किराका लागि किन यति दुखी भएको तिमी ? फकिरले भने- किराको लागि होइन मेरा लागि नै म चिन्तित भएको छु किनभने किरा पनि म नै हुँ । किरा र म अलग होइन एकै हौं भन्ने प्रकृति भएको व्यक्तिले श्रीकृष्णको यो सूत्रलाई जान्ने छन् । यो ब्रह्मको भाव हुनका लागि यस्तै प्रकृति हुनुपर्छ। यस श्लोकको अर्थ सम्पूर्ण कुरा एउटाको नै विस्तार हो, दुईको त भ्रान्ति मात्र हो।

श्रीकृष्णले यस सन्दर्भमा द्वन्द्वातीत, द्वन्द्वको पार हुने अवस्थाबारे भन्नुभएको छ किनभने जबसम्म भित्रको द्वन्द्व हट्दैन, तबसम्म बाहिरको द्वन्द्व पनि हट्दैन । श्रीकृष्ण भन्नुहुन्छ- जो पुरुष द्वन्द्वातीत हुन्छ उसका लागि सबै ब्रह्म हुन्छ । भित्रको खण्ड समाप्त भएर एक भएपछि बाहिर पनि एक हुन थाल्छ । हामी बाहिर त्यही देख्छौँ जो हामी भित्र छ । त्यस्तै हामी त्यही खोज्छौँ जे हामी भित्रबाट छौँ । चोरले चोरलाई खोज्छ, साधुले साधुलाई खोज्छ । भित्र यदि द्वन्द्व छ भने बाहिर पनि त्यही देखापर्छ । भित्र जे हुन्छ बाहिर त्यही प्रतिफलित भएर प्रकट हुन्छ । संसार हाम्रै विस्तार हो । जबसम्म भित्र द्वन्द्व रहन्छ तबसम्म संसारमा पनि द्वन्द्व नै देखिन्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो पुरुष द्वन्द्वातीत हुन्छ त्यस्तो पुरुषलाई सबैमा ब्रह्मको अनुभव हुन्छ अनि जीवनको परम निधि उपलब्ध हुन्छ । सबैतिर ब्रह्म नै अनुभव भएपछि कर्ता पनि ब्रह्म नै हुन्छ, कर्म पनि ब्रह्म नै हुन्छ, अनि श्वासभित्र जाँदा पनि ब्रह्म नै भित्र जान्छ, बाहिर आउँदा पनि ब्रह्म नै बाहिर आउँछ । जन्ममा पनि ब्रह्म नै जन्मिन्छ र मृत्युमा पनि ब्रह्म नै बिदा हुन्छ । उठ्दा पनि ब्रह्म उठ्छ,

सुत्दा पनि ब्रह्म नै विश्राम गर्छ । सबै कर्ममा ब्रह्मको नै तरङ्ग हुन्छ । यस्तो व्यक्तिको कर्म ब्रह्मरूपी हुन्छ र समाधिलाई उपलब्ध हुन्छ । चिन्ता, भय, असुरक्षा, तनाव सबै समाप्त भएर सबै कर्म सहज हुन्छ । यस्ता साधकको जीवनमा समाधि उपलब्ध हुन्छ अर्थात् समाधान प्राप्त हुन्छ अनि उसको जीवनमा पाउन र खोज्न केही बाँकी रहँदैन र उ निष्प्रश्न हुन्छ ।

*दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।*
*ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥*

**कतिपय योगीहरू यज्ञद्वारा देवताहरूको पूजारूप यज्ञको अनुष्ठान गर्दछन् भने कतिपय योगीहरू परब्रह्म परमात्मासँग अग्निमा अभेद दर्शनरूप यज्ञद्वारा नै आत्मरूप यज्ञको हवन गर्दछन् ॥**

धर्म अदृश्य र आत्यन्तिकतासँग सम्बन्धित हुन्छ । जीवनको शिखरको अनुभवसँग धर्म सम्बन्धित हुन्छ । गहन अनुभव शब्दबाट व्यक्त गर्न गाह्रो हुन्छ । त्यसैले धर्म प्रतीकात्मक वा सङ्केतात्मक हुन्छ । आत्यन्तिक अनुभवलाई बुझ्ने भाषामा व्यक्त गर्नका लागि कुनै प्रतीकको चुनाव गर्नुपर्छ जुन सङ्केत अभिव्यक्ति बन्दछ । जो यो प्रतीक वा सङ्केतमा नरोकिएर यसबाट पार हुन्छन् तिनीहरू मुक्त हुन्छन् र जो यो प्रतीकमा नै रोकिन्छन् उनीहरूका लागि यो सङ्केत अवरोधक बन्न सक्छ । प्रतीकलाई जसले बुझ्छन् उनीहरू यसलाई माध्यम बनाएर यसबाट पार हुन्छन् र नबुझ्ने व्यक्ति यसमा नै अल्झिएर रोकिन्छन् । धर्मका कैयौं पारलौकिक अनुभवलाई बताउनका लागि कतिपय प्रतीकहरू खोज्नुपरेको छ ।

मनुष्यको अनुभवमा अग्नि गहिरो प्रतीक बन्न सक्छ । अग्निमा कैयन् विशेषताहरू छन् पहिलो विशेषता- अग्निको लप्का सदा माथितिर बहन्छ । अग्नि सदा उर्ध्वगामी हुन्छ । मनुष्यको चेतना जब धार्मिक हुन थाल्छ, तब चेतना पनि उर्ध्वगामी हुन थाल्छ । त्यसैले मनुष्य भित्रको चेतनाको उद्गमको प्रतीक अग्नि बन्न सक्यो । अर्को अग्निको विशेषता अग्निमा कुनै पनि अशुद्ध चिज जलेर नष्ट हुन्छ । सुनलाई अग्निमा हाल्यो भने अशुद्ध चिजहरू जलेर नष्ट हुन्छन् र शुद्ध सुन निखारिएर बाहिर आउँछ । त्यस्तै जसले धर्मको चेतनाको ज्योतिको अनुभव गरेका छन् उनीहरूको अनुभवमा पनि सबै अशुद्धि त्यो ज्योतिमा जलेर नष्ट हुन्छन् र शुद्ध निखारिएको चेतना मात्र बाँकी रहन्छ भन्ने छ । यसबाट पनि अग्नि धर्मको अरू गहिरो प्रतीक बन्न सक्यो । तेस्रो अग्निको विशेषता लप्का वा ज्वाला केही परसम्म मात्र देखिन्छ र ज्वाला अदृश्यमा हराउँछ । जसलाई चेतनाको उर्ध्वगमनको अनुभव भएको छ, उनीहरूलाई केही क्षणसम्म म पनि छु भनेर थाहा हुन्छ । केही क्षणपछि ‘म’ ब्रह्ममा लीन हुन्छ । अग्निको ज्वाला आकाशमा विलीन भएपछि खोज्ने कुरा सोच्न पनि सकिँदैन । त्यस्तै जो ब्रह्ममा विलीन हुन्छ त्यो कहिल्यै पनि फिर्ता हुन सक्दैन । त्यसैले अग्नि गहिरो प्रतीक बनेको हो ।

जब पहिलो पटक अग्नि यज्ञ बन्यो तब अग्नि एउटा सूचक थियो । अग्निको ज्योति सदा आकाशतिर प्रवाहित भइरहन्छ । आश्रमका शिष्यहरू आफूभित्रको चेतनाको ज्योतिलाई यसै गरी उठाउने स्मरण गरिरहन्थे । त्यसै गरी अग्निमा हाल्ने सामग्रीहरू पनि प्रतीकात्मक थिए । जुन आफूलाई समर्पण गर्ने, हवनको वेदीमा चढाउने सम्झनाको लागि स्मरण एवम् स्मृतिका लागि थियो । जसलाई त्यो प्रतीकको स्मरण हुन्थ्यो उसका लागि त्यो अग्नि र हवन विधि अग्नि मात्र होइन चेतनाको ज्योतिको बोध हुन्थ्यो । श्रीकृष्ण जुन अग्निका बारेमा भन्दै हुनुहुन्छ, त्यो प्रतीकात्मक हो र यो प्रतीकलाई बुझ्न सक्यो भने पूरा जीवन नै यज्ञ हुने छ । जसको स्मरणबाट समस्त कर्म यज्ञ बन्छ उसको सम्पूर्ण जीवन आहुति बन्ने छ । आफू स्वयम्लाई हवनको कुण्ड ठानेर सबै कुरा त्यस कुण्डमा समर्पित गर्नुपर्ने हुन्छ । आफूलाई कुण्डमा हालेर पूर्णरूपमा अहङ्कारलाई जलाउनुपर्छ ।

हवनमा जौं वा धान पनि हालिएको हुन्छ, जुन अर्को प्रतीक हो । जौं, धान बिउ हुन् जसमा अहिले सबै कुरा लुकेको छ, जो प्रकट भएको छैन । बिउ जमिनमा रोप्ने बित्तिकै प्रकट हुन्छ अङ्कुराउँछ र एउटा

बिउ करोडौं बिउ बन्दछ । जौं वा धान अग्निमा आहुति दिने प्रतीक हाम्रो अहङ्कारसँग सान्दर्भिक छ जुन हामी भित्र बिउको रूपमा विद्यमान छ । त्यो करोडौं बिउ बन्नु भन्दा अघि नै त्यसलाई कुण्डमा हालेर जलाइदिएमा त्यो अझ प्रगाढ भएर फैलिने छैन । अहङ्कार विराट् वृक्ष जस्तो हुन्छ जो फैली नै रहन्छ । त्यसैले यसले वृक्षको रूप लिनुअघि जौं वा धानको आहुति अग्निमा हाले जस्तो यसलाई चेतनाको ज्योतिरूपी अग्निले जलाएर भस्म पारेन भने यो प्रगाढताले फैलिन्छ । त्यसैले अहङ्कारलाई पनि बिउ भएकै अवस्थामा जलाएर भस्म पार्नु उपयुक्त हुन्छ । बिउको प्रतीक रूप जौं, धान नै निकटतम प्रतीक हुन् ।

यज्ञरूपी अग्निमा घिउ पनि हालिन्छ । घिउलाई अग्निमा हाल्ने बित्तिकै अग्निको लप्का बढेर तीव्र, प्रखर र प्रज्वलित हुन्छ र त्यसले अग्निमा त्वरा ल्याउँछ । अन्न हाल्ने बित्तिकै अग्निको त्वरा कम हुन्छ र अग्निको गति क्षीण हुन्छ किनभने अग्निको शक्ति अन्नलाई गलाउनमा खर्च हुन्छ र घिउ हाल्नेबित्तिकै अग्निको शक्ति बढ्दछ । यस्तै जीवनको ज्योतिमा नराम्रा कुराहरूलाई हालेर समाप्त गर्नका लागि घिउ हालेर त्यो ज्योति बढाउनुपर्ने हुन्छ । घिउ शुभको निकटतम प्रतीक हो । घिउ स्निग्ध छ त्यसैले घिउको एउटा नाम स्नेह र अर्को नाम प्रेम पनि हो साथै घिउ प्रकृतिबाट सिधा पैदा हुँदैन । अन्न प्रकृतिमा सिधा पैदा हुन्छ, त्यसैले अहङ्कार लगायतका नराम्रा कुरा सिधा पैदा हुन्छन् । घिउ बन्नका लागि दुधको छाल वा तर जन्माउन ठुलो परिश्रम गर्नुपर्छ जो सिधा जन्मँदैन ।

धेरै दुधबाट थोरै दही बन्छ र त्यो दहीलाई मथेर थोरै मात्र घिउ निस्कन्छ । ठुलो श्रमबाट थोरै घिउ पैदा हुन्छ । त्यो घिउ शुभको निकटतम प्रतीक हो, मनुष्यको चेतनाले यस्तै घिउलाई जन्म दियो । अशुभलाई जीवनको चेतनाको ज्योतिमा हाल्दा अशुभ त जलेर जान्छ तर यसले जीवनको चेतनालाई क्षीण गर्छ । जलेर पनि अशुभले चेतनालाई क्षीण गर्छ । शुभलाई जीवनको चेतनामा हाल्यौं भने यसले जीवनको चेतनालाई बढाउँछ । अन्ततः शुभलाई पनि जलाउनुपर्ने हुन्छ र शुभ जति जल्छ, ज्योति त्यति नै बढ्छ । शुभलाई अन्त्यमा नजलाएमा यो बन्धन बन्न सक्छ । घिउ जति जल्दछ त्यति नै अग्निको लप्कालाई शक्ति प्रदान गरेर आकाशतिर दौडाउँछ र अन्तमा आफू जलेर समाप्त हुन्छ । यज्ञमा हालेको घिउले वरिपरि एक प्रकारको सुवास छोड्दछ त्यसैले शुभ जब जल्दछ, त्यसले पनि सुगन्ध छोड्दछ । साधुसँग शुभ हुन्छ र सन्तसँग शुभको सुगन्ध मात्र हुन्छ । साधु अग्निमा हालिएको घिउ हो र सन्त जलिसकेको घिउ हो । त्यसैले साधुलाई चिन्न सजिलो हुन्छ, सन्तलाई चिन्नलाई त्यो नासापुट चाहिन्छ ।

यी प्रतीकहरूलाई यज्ञमा हाल्ने व्यक्तिलाई नै जीवनको चरम अनुभव हुन्छ । यस्तो चेतनाले नै परात्पर ब्रह्मलाई जान्न सक्छ । यो यज्ञको प्रतीकलाई जीवनको अनुभवमा रूपान्तरण नगर्ने व्यक्तिहरूले प्रतीकको अर्थ नै नबुझी यसमा नै अल्झिरहने छन् । प्रतीक सदा पार हुनका लागि हुन्छ, जब प्रतीकबाट कोही व्यक्ति पार हुँदैन अनि सम्प्रदाय निर्माण हुन्छ । जगत्मा साङ्ख्य र योग दुई प्रकारका निष्ठाहरू छन् । त्यसैले यी निष्ठाहरूका कारण धर्मका दुई रूप हुन्छन् । साङ्ख्यको निष्ठामा ज्ञान नै पर्याप्त छ, कर्मको कुनै आवश्यकता छैन । योगको निष्ठामा कर्म, साधना र अभ्यासबाट मात्र ज्ञान फलित हुन्छ । ९९ प्रतिशत व्यक्ति योगलाई नै बुझ्न सक्छन् । मनुष्य पनि दुई प्रकारका हुन्छन्- पहिलो कर्माभिमुख र दोस्रो ज्ञानाभिमुख । श्रीकृष्ण दुवै निष्ठाहरूलाई स्वीकार गर्नुहुन्छ । यी दुवै निष्ठाहरू सही छन् किनभने मनुष्य पनि दुई प्रकारका हुन्छन् । त्यसैले कृष्ण यज्ञका सन्दर्भमा पनि दुई प्रकारका निष्ठाहरूको कुरा गर्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- योगीजन पूजनबाट र ज्ञानीजन ज्ञानबाट नै कर्म गर्छन् । ज्ञानीहरूका लागि ज्ञान नै यज्ञ हो । योगीहरूका लागि गर्नु नै जान्नु हो र ज्ञानीका लागि जान्नु नै गर्नु हो । यी दुवै एउटै सिक्काका दुई पाटा हुन् । कृष्ण ज्ञानी र योगी दुवैलाई जान्नुहुन्छ र दुवै मार्गका बारेमा विज्ञ हुनुहुन्छ । उहाँका लागि दुवैमा कुनै भेद छैन ।

रामकृष्ण परमहंसले कैयौँ शताब्दीपछि अनौठो प्रयोग गर्नुभयो । उहाँलाई जब ज्ञानको अनुभव भयो, तब रामकृष्णलाई एउटा मार्गबाट दिव्यज्योतिमा पुगेपछि पनि अरू मार्गबाट धाममा पुग्ने विचार आयो । उहाँले इस्लाम, इसाई, साङ्ख्य, योग र भक्तिमार्गको पनि साधना गर्नुभयो । सबै प्रयोग गरेर अन्तमा सबै मार्गको दिव्य धाम एउटै रहेछ भन्ने पाउनुभयो । रामकृष्णले भन्नुभयो- पहाडमा चढ्ने धेरै बाटाहरूले अन्ततः शिखरमा पुऱ्याए झैँ धर्मको साधनाका विभिन्न मार्गले पनि अन्तमा एउटै धाममा पुऱ्याउँदो रहेछ । जब उहाँ इस्लामको सुफी साधना गर्दै हुनुहुन्थ्यो, उहाँले मन्दिर जान छोडिदिनुभयो । एउटा लुङ्गी लगाएर छ महिना मस्जिदमा नै बस्न थाल्नुभयो । एक दिन दक्षिणेश्वर मन्दिरमा आएर काली माताको मूर्तिलाई भन्नुभयो त्यही पुगें जहाँ यो मन्दिरले पुऱ्यायो । जब उहाँ राधासम्प्रदायको साधना गर्नुहुन्थ्यो, जहाँ कृष्ण मात्र केवल पुरुष अरू सबै स्त्री हुन्छन्, त्यहाँ सबैले आफूलाई राधा मान्दछन् । रामकृष्ण जब आफूलाई राधा मानेर साधना गर्नुहुन्थ्यो, तब रामकृष्णको चाल स्त्री जस्तो हुन थाल्यो । उहाँका स्तन बढेर स्त्रीका जस्तै ठुला भएर आवाज पनि मधुर भयो । अझ आश्चर्यको कुरा त उहाँलाई मासिक धर्म पनि हुन थाल्यो । रामकृष्ण यस्तो भावले भरिनुभयो कि उहाँ राधा नै हुनुभयो । उहाँले यसलाई यसरी आत्मसात् गर्नुभयो कि मनले पुरुष हुँ भन्ने भुलेर शरीरलाई पछि लगाउनुभयो । शरीर सदा अनुगामी हुन्छ । शरीरमा जे प्रकट हुन्छ त्यो भित्र पहिले बिउ रूपमा मनमा प्रकट हुन्छ । स्त्री र पुरुष हुनु पनि उसको पहिलो कुनै जन्मको बिउरूपी अङ्कुरको नै परिणाम हो ।

गीता कैयौं अर्थमा असाधारण छ, श्रीकृष्णले कैयौँ मार्गको चर्चा गीतामा गर्नुभएको छ । कुरान, बाइबल, धम्मपद, महावीर वाणी सबै एक निष्ठाका मात्र शास्त्र हुन् । तर गीता अद्भुत छ, मनुष्यको जीवनमा जति पनि निष्ठाहरू छन् ती सारा निष्ठाहरूको निचोड गीतामा छ । त्यसैले यदि मुसलमानले कुरान हाम्रो हो भनेर दाबा गरे भने एक अर्थमा सही हुन्छ तर गीता एक आस्थाको र एक धर्मको मात्र होइन सबैको उपयोगिताको शास्त्र हो । मनुष्य जातिमा प्रकट भएको हरेक निष्ठाको बीजरूप गीतामा उपलब्ध छ । गीतामा सबै मार्ग र द्वारको वर्णन पाइन्छ । यो अर्जुनको कारणले सम्भव भएको हो । श्रीकृष्णले जब साङ्ख्य निष्ठाका बारेमा अर्जुनलाई बताउनुभयो तब अर्जुनले साङ्ख्यनिष्ठाका बारेमा बुझ्न नै सकेनन् । त्यसैले कृष्णले अर्को निष्ठाको कुरा गर्नुभएको हो । श्रीकृष्णले सबै प्रकारको निष्ठाको बारेमा गीतामा बताउनुभएको छ ।

श्रीकृष्णले मूलरूपमा दुई प्रकारको निष्ठाका बारेमा गीतामा बताउनुभएको छ । योगीजन कर्म, क्रिया, अभ्यासबाट ज्ञान प्राप्त गर्दछन् र ज्ञानीजन अ-अभ्यास, अ-कर्म र अ-क्रियाबाट ज्ञान प्राप्त गर्दछन् । योगी विना क्रियाको कर्म हुन सक्दैन भन्दछन् । ज्ञानीहरू कर्म गर्ने त प्रश्नै आउँदैन किनभने कर्म गरेर कहिल्यै पनि पुगिँदैन; तसर्थ जान्नु मात्र पर्याप्त छ भन्दछन् । साङ्ख्य परम्पराले गरेर केही पनि हुँदैन भन्दछ । योग परम्परा नगरिकन केही पनि हुँदैन भन्दछ । मार्गहरू अनेक छन् तर गन्तव्य एउटै मात्र छ । हरेक मार्गबाट शिखरमा नै पुगिन्छ । श्रीकृष्ण यज्ञका प्रतीक मार्फत चेतनाको उर्ध्वगमनको दिशामा जाने मार्ग बताउँदै हुनुहुन्छ । योगीजन भजन, पूजन, आसन, प्राणायाम आदि मार्गबाट पुग्न सक्छन् भने ज्ञानीजन ध्यान, समाधि, अकर्म र अक्रियाको मार्गबाट त्यहीँ पुग्दछन् । त्यसैले श्रीकृष्णले यी दुवै मार्गको अलग अलग उल्लेख गर्नुभएको हो ।

*श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।*
*शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥*

**कतिपय योगीजनहरू श्रोत्र आदि आफ्ना समस्त इन्द्रियहरूलाई नियन्त्रणरूपी अग्निमा हवन दिन्छन् र कतिपय योगीहरू शब्दादि समस्त विषय (शब्द, स्पर्श, रूप, रस, गन्ध आदि) हरूलाई इन्द्रियरूपी अग्निमा नै आहुति दिन्छन् ॥**

श्रीकृष्ण पुनः दुई निष्ठाहरूका बारेमा बताउदै भन्नुहुन्छ । एउटा मार्गमा व्यक्ति इन्द्रियलाई संयमित गराएर, इन्द्रियहरूको विषयतर्फको यात्रालाई समाप्त गर्दै यी दुई बिचको सेतुलाई नै तोडिदिन्छन् । अर्को मार्गमा व्यक्ति इन्द्रियलाई विषयमा जान त दिन्छन् तर इन्द्रिय र विषयप्रति लिप्त हुने सेतुलाई मात्र तोड्छन् । दुवै अवस्थाबाट एउटै स्थिति उपलब्ध हुन्छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- कतिपय योगीजन आफ्ना समस्त इन्द्रियहरूलाई नियन्त्रणरूपी अग्निमा हवन दिन्छन् र कतिपय योगीजन शब्दादि विषयहरूलाई इन्द्रियरूपी अग्निमा नै आहुति दिन्छन् ।

इन्द्रिय विषयतिर दौडि नै रहन्छ, हिँड्दाखेरि एउटा सुन्दर भवन, सुन्दर अनुहार, सुन्दर कार देखियो भने हामीलाई थाहा नै नभई मनले सुन्दर भन्नेबित्तिकै इन्द्रियहरू त्यसतर्फ दौडिसकेका हुन्छन् । आकर्षणको घटना सूक्ष्म हुन्छ, जो अदृश्यमा घट्न सक्छ । त्यसैले सुन्दर कुरा मन पर्छ किनभने आकर्षण भइसकेको हुन्छ । आकर्षित भएपछि सुन्दरताको निष्पत्ति (Realization) हुन्छ । इन्द्रियले आकर्षणको निर्णय गरेपछि सुन्दरताको निर्णय बुद्धिले लिन्छ । इन्द्रियहरूले स्पर्श अलग-अलग मार्गबाट गर्दछन् । शरीर र हातले नै स्पर्श गर्नुपर्दैन; आँखाले देख्दछ र छुन्छ, हेर्नु आँखाको ढङ्ग हो, सुन्नु कानको ढङ्ग हो । स्पर्श हातको छुने ढङ्ग हो र यी सबै इन्द्रियहरूका अलग-अलग छुने ढङ्ग हुन् । इन्द्रियको अर्थ स्पर्शको उपकरण हो । सूक्ष्म स्पर्श टाढैबाट नै हुन्छ भने स्थूल स्पर्श नजिकैबाट हुन्छ । त्यसैले हाम्रा इन्द्रियहरू जसलाई छुन चाहन्छन्, त्यसलाई पहिले आँखाले छुन्छ र हातले अन्तमा मात्र छुन पाउँछ । गन्धबाट पनि सजिलै इन्द्रियले छुन सक्छ । रूप, रस, गन्ध शब्दले सदैव छुने काम गरिरहेका हुन्छन् ।

इन्द्रियलाई विषयभोगतिर जानबाट रोक्नु छ भने उसले इन्द्रियको यो सूक्ष्म व्यवस्थाप्रति जागरुक हुनुपर्दछ । रसियन दार्शनिक तथा आध्यात्मिक गुरु गुर्जियफ (George I Gurdjieff) ले भनेका छन्- प्रतिपल तिम्रा आँखाले हेर्ने काम मात्र गरिरहेको छ कि स्पर्श गरिरहेको छ भन्ने स्मरण गर । एउटी सामान्य स्त्री आउँदा आँखाले हेर्छ मात्र, स्पर्श गर्दैन तर एउटी सुन्दरी आउँदा आँखाले हेर्ने मात्र होइन, स्पर्श पनि गर्दछ । यदि हेरेको मात्र छ भने स्मृति बन्दैन तर स्पर्श पनि गरेको छ भने स्मृति पनि बन्दछ । यदि हेरेको मात्र छ भने फेरि हेरूँ भन्ने आकाङ्क्षा जाग्दैन र यदि स्पर्श गरेको छ भने फेरि फेरि हेरूँ भन्ने आकाङ्क्षा जाग्दछ । आँखाबाट स्पर्श नगरी हेर्ने कार्य मात्र गरे कृष्णले भनेको पहिलो घटना घट्न सक्छ । यस्तै सबै इन्द्रियबाट स्पर्शको काम नगरेमा इन्द्रियलाई विषयतिर जानबाट रोक्न सकिन्छ । इन्द्रियले रस लिन थाल्यो भने यो उपकरण नभएर मालिक बन्दछ ।

जो योगी इन्द्रियलाई विषयबाट तोड्दछ, त्यो योगीले इन्द्रिय र विषयबिचको संस्पर्शलाई तोड्दछ। आँखा फोड्दैमा वासना टुट्दैन त्यो वासना कानमा रूपान्तरित हुन्छ । त्यसैले दृष्टिविहीनको कान बलियो हुन्छ। दृष्टिविहीनले कानले सुन्ने र स्पर्श गर्ने दुवै काम लिन्छ । त्यसैले दृष्टिविहीनले व्यक्तिको चालबाट उसलाई चिन्दछ । आँखा फोड्ने होइन आँखाबाट स्पर्श गर्ने प्रक्रिया बिदा हुनुपर्छ । यो जागरणमा मात्र सम्भव छ । आँखाले हेर्ने मात्र काम गर्दै छ कि स्पर्श पनि गर्दै छ भन्ने चिन्तन निरन्तर रूपमा गर्नुपर्छ । जब होस जाग्छ, त्यतिबेला थाहा हुन्छ कि इन्द्रियले जहाँ स्पर्श गर्छ त्यहीँ नै बन्धन निर्माण हुन्छ । त्यसैले जब कसैलाई हेरिन्छ, तब होसपूर्वक हेर्नुपर्छ । संयमीले इन्द्रियलाई भोगको नभई उपकरणको रूपमा मात्र प्रयोग गर्दछ । असंयमीले इन्द्रियबाट भोग धेरै गर्छ तर उपयोग गर्दैन । आँखाले देख्नु उपयोग हो र स्पर्श गर्नु भोग्नु हो । जबर्जस्ती इन्द्रियको दमन संयम होइन । साधारण असंयमी व्यक्ति धेरै हानिकारक हुँदैनन् तर दम्भित असंयमी व्यक्ति धेरै खतरनाक हुन्छन् किनभने तिनीहरूभित्र धेरै विष भरिएको हुन्छ । जागरण, होस र स्मरण नै संयम हो जसबाट इन्द्रियको विषयप्रतिको रस तिरोहित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो संयमी व्यक्ति मुक्त हुन्छ ।

अर्को प्रकारका व्यक्ति अर्थात् ज्ञानीजन भोग गरेर पनि इन्द्रियलाई विषयसँग नतोडीकन स्पर्श गर्दा गर्दै पनि इन्द्रियबाट बाहिर हुन्छन् । यस्ता व्यक्ति भोगका क्षणमा जागृत हुन सक्छन् । भोजन गर्दा भोजनको रसमा जागृत हुन्छन् । यस्ता व्यक्तिले भोग र भोजनलाई म भोक्ता होइन म त साक्षी मात्र हुँ भनेर होसपूर्वक जान्दछन् । यस्तो अवस्थामा व्यक्तिको चेतना साक्षी हुन्छ र भोग एवम् स्पर्श गर्दा गर्दै पनि व्यक्तिले यो शरीरको तलमा मात्र भइरहेको छ र मलाई त कुनै पनि स्पर्शले भोक्ता बनाउन सक्दैन भन्ने जान्दछ । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानीजन यस मार्गबाट इन्द्रियहरूको भोग गर्दा गर्दै भोक्ता नभई मुक्त हुन्छन् ।

तन्त्रले यो परीक्षणको विधि खोजेको छ । एउटा व्यक्ति भोग गर्दा गर्दै पनि म भोक्ता होइन भन्दछ भने त्यस्तो व्यक्तिलाई खुबसँग रक्सी खुवाएर होसमा रहन्छ कि रहँदैन भन्ने परीक्षण गर्नुपर्दछ । यदि साक्षीको भाव जागृत भइसकेको छ भने रक्सी पिउँदा पनि त्यो होस कायमै रहन्छ किनभने नशा इन्द्रियले गर्दछ तर चेतना त जागृत नै हुन्छ । तन्त्रले गाँजा, भाङ र धतुरो आदिको प्रयोग होसलाई जान्नका लागि गरेको थियो र यो पिउँदा पनि होस कायम रह्यो भने जिब्रामा सर्पले टोकाएर होसको सम्बन्ध जान्नका लागि पनि प्रयोग गर्दथ्यो । साधु सन्यासीले खाने गाँजा-भाङ जस्ता कुरा कुनै बेलामा परीक्षणको लागि थियो भने त्यो अहिले नित्य कर्म बनेको छ । शरीरमा जति बेहोसीको रस प्रवेश गरे पनि चेतनाको जागरणमा कस्तो प्रभाव हुन्छ भनेर तन्त्रले यस्तो प्रयोगको मार्ग बताएको हो ।

महावीर, बुद्ध पहिलो साधना संयमको कोटिमा पर्नुहुन्छ भने कृष्ण आफैं दोस्रो साधना कोटिका व्यक्ति हुनुहुन्छ । कृष्णलाई जैनीहरूले नर्कमा हालेका छन् । जैन साधकले स्त्रीसँग नाच्ने व्यक्तिको कल्पना पनि गर्न सक्दैन । करोडौं स्त्रीको प्रेममा मग्न युद्धमा उभिएको र हिंसा गर्न अर्जुनलाई प्रेरणा दिने व्यक्ति कसरी मुक्त हुन सक्छ । यो पहिलो निष्ठाले सोच्न पनि सक्दैन । त्यसैले उनीहरूले कृष्णलाई तर्कको कसौटीबाट नर्कमा हाले तर स्त्रीसँग जति नाचे पनि कृष्णको आँखामा कुनै वासना र नृत्य छैन । युद्धमा उभिएको व्यक्तिमा कुनै क्रोध नै छैन । त्यसैले जैनीहरूको तर्कले भन्यो हाम्रो निष्ठाको प्रतिकूल कृष्णको आचरण छ तर हृदयले तर्कलाई स्वीकार गरेन । त्यसैले जैनीहरूले आउँदो कल्पमा श्रीकृष्णलाई पहिलो तीर्थङ्कर पनि बनाएका छन् । स्त्रीका बिच रहेर पनि श्रीकृष्णमा कुनै स्त्रीको गन्ध छैन । नाच्दा पनि बुद्ध महावीरहरू सिंहासनमा स्थिर भएजस्तो छ । युद्धमा उभिएर पनि हिंसाले मनलाई स्पर्श गरेको छैन र आँखामा कुनै क्रोध पनि छैन । मयूर मुकुट बाँधेर बस्दा पनि कृष्णमा महावीरको नग्नता, दिगम्बरता देखिन्छ । कृष्ण दोस्रो निष्ठाको व्यक्ति हुनुहुन्छ र पहिलो निष्ठाको व्यक्तिलाई दोस्रो निष्ठा बिलकुल विपरीत जस्तो लाग्छ । दोस्रोलाई पहिलो निष्ठा विपरीत जस्तो लाग्न सक्छ । तर श्रीकृष्ण दुवै निष्ठालाई समान रूपमा गीतामा वर्णन गर्नुहुन्छ । दुवै निष्ठाको अनुभव र दुवै निष्ठाले एकै ठाउँमा पुऱ्याउने दृष्टिकोण र यसको प्रतीति कृष्णमा प्रगाढ रूपमा छ ।

*सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।*
*आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥*

**आत्मसाक्षात्कार गर्ने जिज्ञासा भएका व्यक्तिहरूले सम्पूर्ण इन्द्रिय र प्राणका समस्त क्रियाहरूलाई तथा मन र इन्द्रियलाई वशमा राखेर ज्ञानबाट प्रकाशित आत्मसंयम योगरूप अग्निमा आहुति दिन्छन् । सच्चिदानन्दघन परमात्मा बाहेक अन्य कसैको चिन्तन नगर्नु नै त्यो सबैको हवन गर्नु हो ॥**

अज्ञानीले परमात्मालाई केही भेट चढाउन सक्दैन, अज्ञानी न त स्वयम्लाई जान्दछ न परमात्मालाई नै जान्दछ । अज्ञानी जुन वस्तुमा आसक्त हुन्छ, त्यही वस्तु परमात्मामा भेट गर्न खोज्छ । जे उसलाई प्रीतिकर लाग्छ त्यही चढाउँछ । अज्ञानमा जे प्रीतिकर हुन्छ, त्यो ज्ञानमा प्रीतिकर हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानीजन एवम् योगीजन इन्द्रियलाई नै परमात्मामा अर्पण गर्दछन् । हामी इन्द्रियको चाहनालाई

परमात्मामा भेट चढाउँछौं तर ज्ञानीजन इन्द्रियलाई नै उसको अग्निमा आहुति दिन्छन् । अज्ञानीलाई फूल सुगन्धित र सुन्दर लाग्छ । त्यसैले फूललाई परमात्मामा चढाउँछन् तर ज्ञानीजन फूललाई होइन सुगन्धको इन्द्रियलाई नै परमात्मामा चढाउँछन् । हामीलाई जे स्वादिष्ट परिकार मिठो लाग्छ त्यही परमात्मालाई चढाउँछौं तर योगीजन श्वासलाई नै प्रभुमा समर्पण गर्छन् । जे प्रीतिकर लाग्छ त्यो होइन कि जसलाई प्रीतिकर लाग्छ त्यही नै अर्पण गर्छन्। यो समर्पण प्राण र आफ्नो समर्पण हो । हामीले जे प्रीतिकर मान्छौं त्यो हाम्रो इन्द्रियको जोडका अतिरिक्त केही पनि होइन । जब कुनै व्यक्ति इन्द्रियको जोडलाई चढाउँछ तब चढाउने व्यक्ति र परमात्मा एउटै हुन्छ । यदि हामीले सारा इन्द्रिय परमात्मामा चढायौं भने हामीसित परमात्मासिवाय बाँकी केही पनि बच्दैन ।

हामी इन्द्रियद्वारा संसारसँग जोडिन्छौँ । आँखाबाट हामी रूपसँग र प्रकाशसँग जोडिन्छौं । कानबाट हामी स्वर, ध्वनिसँग जोडिन्छौ । यसरी हामी पाँच इन्द्रियका द्वारबाट संसारसँग जोडिन्छौं । इन्द्रियसँग जोडिँदा संसारमा पुगिन्छ र इन्द्रियलाई छोड्दा परमात्मामा पुगिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानीजन परमात्माको योगाग्निमा इन्द्रियलाई नै हवन गर्दछन् । इन्द्रियबाट छुट्ने बित्तिकै व्यक्ति र समष्टिमा कुनै भेद रहँदैन । इन्द्रियसँग छुट्ने बित्तिकै दृश्य बिदा हुन्छ र अदृश्यसँग मिलन हुन्छ । रूप बिदा हुन्छ अनि अरूपसँग मिलन हुन्छ । आकार छुट्छ र निराकारमा विलीन हुन्छ । इन्द्रिय नै हाम्रो आकारको जन्मदात्री, रूपको निर्माता र संसारको व्यवस्थापक हो । इन्द्रियबाट मुक्ति हुने बित्तिकै व्यक्ति विराट्मा विलीन हुन्छ । त्यसैले ज्ञानीजन इन्द्रियको उपभोगलाई होइन इन्द्रियलाई नै भोग चढाउँछन् । यही नै साँचो त्याग र समर्पण हो भने बाँकी सबै भ्रान्ति हो ।

फूल त परमात्मामा चढेकै हुन्छ । हामी फूललाई तोडेर फूलको हत्या गर्छौं । परमात्माका अगाडि मिष्ठान्न राख्नुको कुनै अर्थ रहँदैन । सबै कुरा उसका अगाडि समर्पित रूपमा चढेकै छ । सारा विश्व नै उसको चरणमा अर्पित छ । परमात्मालाई यदि केही चढाउनु छ भने स्वयम्का अतिरिक्त केही पनि चढाउन योग्य छैन । हामीसँग आफू अतिरिक्त केही छैन । मृत्युले हामीसँग जे खोस्न सक्छ त्यही चढाए मात्र यज्ञ पूरा हुन्छ । यस्तो व्यक्तिसँग केही खोस्न सकिँदैन किनभने त्यो त परमात्मामा अर्पण भइसकेको हुन्छ । शरीर इन्द्रियको जोड हो र अहङ्कार सारा इन्द्रियहरूको सङ्गठन हो । त्यसैले इन्द्रियलाई अर्पण गर्ने बित्तिकै सबै कुरा अर्पण हुन्छ । जो साधारण व्यक्तिसँग मृत्युले खोस्छ त्यही योगीजन परमात्माको चरणमा समर्पित गर्दछन् । यही हवन, होम र यज्ञ हो । श्रीकृष्ण भन्नुहुन्छ- जसले यस्तो यज्ञ, हवन गर्न सक्छ त्यही व्यक्ति परम सत्य एवम् परम आशिषमा उपलब्ध हुन्छ ।

जसरी इन्द्रियको इच्छाबमोजिमको भोग चढाउनुको केही अर्थ हुँदैन त्यस्तै बाह्य अग्निमा पनि केही चढाएर कुनै उपलब्धि हुँदैन । बाहिरको अग्निमा त इन्द्रियलाई चढाउन पनि सकिँदैन । त्यसमा त इन्द्रियको विषय मात्र चढाउन सकिन्छ । त्यसैले इन्द्रियलाई चढाउनु छ भने बाह्य अग्निमा होइन योगाग्निमा मात्र चढाउन सकिन्छ । अग्नि दुई वस्तुहरूको बिचमा लुकेको विद्युत्को सङ्घर्षण हो । प्रत्येक वस्तु विद्युत् कणको जोडको नाम हो र प्रत्येक वस्तुमा विद्युत् लुकेको हुन्छ । वैज्ञानिकहरू भन्छन्- प्रत्येक वस्तु इलेक्ट्रोनको अर्थात् विद्युत्कणको जोड हो । हामीले चारैतिर देखेका वस्तुहरू पनि वस्तु मात्र नभई विद्युत् ऊर्जा नै हुन् । प्रत्येक वस्तुहरूलाई हामीले जोडेर हेर्ने हो भने आखिरी परमाणुसम्म जोड्न सकिन्छ यस स्थितिमा पदार्थहरू हराउँछन् ।

सूक्ष्मभन्दा पनि सूक्ष्म विद्युत्कणले सारा जगत् बनेको छ । यदि यसको घर्षण गरियो भने त्यसबाट अग्नि उत्पन्न हुन्छ । अग्नि विद्युत्को बिच भएको घर्षणको परिणाम हो । हामीले आफ्ना दुई हातलाई मात्र घर्षण गर्‍यौं भने दुवै हात ताता हुन्छन् र अग्नि पैदा हुन सुरु हुन्छ । हामी जोडसँग दौडिँदा पसिना आउँछ किनभने हावा र हामीबिच घर्षण हुन थाल्छ र घर्षणबाट गर्मी उत्पत्ति हुन थाल्छ । जब हामीलाई ज्वरो

आउँछ, तब पनि हाम्रो शरीरमा अग्नि उत्पत्ति हुन्छ किनभने शरीरको भित्र या बाहिरबाट रोगका कीटाणु र हाम्रो शरीरभित्रका रक्षक कीटाणुहरू बिच घर्षण सुरु हुन्छ र त्यसको परिणामबाट ज्वरो आउँछ । ज्वरो आउनु बिरामी हुनु होइन, केवल शरीरभित्र गहिरो घर्षणको सूचना मात्र हो ।

शरीर एउटा विशेष तापमा रहँदा मात्र हामी जीवित हुन सक्छौँ । ९८ डिग्री भन्दा २-४ डिग्री तल शरीरको तापक्रम रह्यो भने प्राण सङ्कटमा पर्दछ । त्यस्तै ११० डिग्रीभन्दा माथि तापक्रम पुग्यो भने पनि प्राण तिरोहित हुन्छ । हाम्रो जीवन यही १० डिग्रीभित्र सीमित छ । यही १० डिग्रीको उत्तापबिच हाम्रो जीवन चल्छ । ९८ डिग्रीभन्दा धेरै तल भयो भने पनि सबै ठन्डा हुन्छ र धेरै माथि गयो भने पनि यत्ति गर्मी हुन्छ कि जीवन नै बच्न सक्दैन । पूरा समय शरीर थरमोस्टेटको अर्थात् शरीरको तापक्रम समान राख्ने प्रयास गर्दछ । यो योगाग्निले बाहिरको शरीरलाई पनि जलाउन सक्छ ।

केही समयअघि भारतको उत्तरप्रदेशका एक जना शिख सन्तले आफूलाई योगाग्निको अग्निले जलाउनुभयो । उहाँले आँखा बन्द गरेर योगमा बसेर भित्रको अग्नि प्रज्वलित गराउनुभयो र आगाको लप्काले पहिले भित्र अनि बाहिर जलायो । उहाँले आफूलाई भित्रको अग्निले जलाउँदा कुनै पनि प्रकारको अन्य पदार्थ प्रयोग नगरी योगको शक्तिबाट अग्नि उत्पन्न गरेर जलाउनुभएको थियो । उहाँ भित्रबाट खरानी हुनुभएको थियो । योगाग्निको अर्थ शरीरको भित्रबाट नै अग्निलाई उत्पन्न गर्न सक्ने क्षमता हो । शरीरभित्र नै घर्षण गर्ने यो भिन्न प्रक्रिया हुन्छ र यस प्रक्रियाले घर्षणबाट उत्पन्न अग्निको प्रयोग गरी आफूलाई भित्रबाट जलाउँछन् जस्तो कि भारतीय शिख सन्तले आफूलाई जलाउनुभयो । यो मृत्युका लागि गरिने प्रयोग हो ।

श्रीकृष्ण भन्नुहुन्छ- योगीजन योगाग्निमा आफ्ना इन्द्रियलाई समर्पित गर्दछन् । यो जीवनको क्रममा नै गर्न सकिन्छ । कृष्णले भन्नुभएको योगाग्निमा अझ सूक्ष्म अग्नि उत्पन्न गर्न सकिन्छ जसबाट इन्द्रियको रस र आकाङ्क्षा जल्दछ तर शरीर जल्दैन साथै यसबाट शरीर होइन इन्द्रियका सूक्ष्म तन्तुहरू जल्दछन् । इन्द्रियबाट सूक्ष्म तन्तु अलग गरियो भने इन्द्रिय बेकार हुन्छ । यस कुरासँग वैज्ञानिकहरू पनि सहमत छन्। हामीले कुनै कुराको सुगन्ध लिँदा हाम्रो नाकको नासापुटमा सुगन्ध समात्ने साना साना कणहरू हुन्छन् । रुघा-खोकी लागेको बेलामा सुगन्ध आउँदैन किनभने त्यस बेलामा नाकका सबै रेसा सुन्निएका हुन्छन् र ती साना साना परमाणु जसले गन्धलाई समात्छन् ती सुन्निएको हुनाले त्यसमा दब्दछन् र गन्ध समात्न असमर्थ हुन्छन् । सिँगानको मुनि यो परमाणु दबेर सुगन्ध पक्रन सक्दैन । यो गन्ध समात्ने परमाणु काटियो भने गन्ध हराउँछ । यदि यो परमाणु एकै कुरामा राखिरह्यो भने अलि अलि गरेर यो प्रतिरक्षात्मक (Immune) हुन्छ र गन्ध समात्न सक्दैन । त्यसैले सधैं शौचालयको काम गर्नेहरूलाई शौचको गन्ध आउन छोड्दछ किनभने उसको नासापुटको अणु जसले गन्धलाई समात्छ त्यो बारम्बार एउटै आघातले मरिसकेको हुन्छ । नयाँ साबुनमा पहिलो दिन गन्ध आउँछ अनि क्रमशः गन्ध कम हुन्छ र अन्ततः गन्ध बिदा हुन्छ । गन्ध साबुनमा होइन, हाम्रो नाकका अणुहरूमा हुन्छ ।

यो सूक्ष्म परमाणुलाई योगाग्निले जलाउन सकिन्छ । यो भित्र नै जलेर खरानी हुन्छ । अनि तिनका बारेमा थाहा पनि हुँदैन । यो अति सूक्ष्म हुन्छ र यसका लागि अत्यन्त सूक्ष्म घर्षणको जरुरत हुन्छ । यसको यौगिक प्रक्रिया र विधि हुन्छ जसबाट यसलाई जलाएर खरानी बनाउन सकिन्छ तर यसका लागि केही अनिवार्य सर्तहरू छन् जसलाई पूरा गरेपछि मात्र यो योगाग्नि उत्पन्न हुन सक्छ अन्यथा योगाग्नि पैदा नै हुँदैन । पहिले नै श्रीकृष्णले भनिसक्नुभएको छ- आसक्तिरहित इन्द्रियहरूको रसबाट मुक्त, संयमी, इन्द्रिय र वस्तुका बिचको सेतुलाई तोडेको व्यक्तिले मात्र योगाग्निबाट सूक्ष्म अग्नि उत्पन्न गर्न सक्छ ।

वैज्ञानिक खोजबाट पनि रासायनिक तत्त्वहरूका बारेमा जानकारी प्राप्त भएको छ । एडिनल तत्त्व शरीरमा नभए व्यक्ति क्रोध नै गर्न सक्दैन । एडिनल जो शरीरमा कुनै कुनै ग्रन्थिभित्र थोरै मात्र लुकेको

हुन्छ । यदि यसलाई अलग गरियो भने व्यक्ति क्रोध नै गर्न सक्दैन । रसियन वैज्ञानिक प्याभलोभ (Ivan Petrovich Pavlov) ले धेरै जङ्गली डरलाग्दा कुकुरहरूको एडिनल ग्ल्यान्ड काटेर प्रयोग गरे । ती कुकुरहरूको एडिनल तत्त्व अलग गरिएपछि उनीहरू पूर्णरूपमा भुक्न छोडे र उनीहरू पूर्ण स्वस्थ्य रहे । १०-२० थोपाको यो रस निकालेपछि ती जङ्गली कुकुरहरूलाई जति सताएर दुख दिए पनि उनीहरूको क्रोध पूरा शान्त भयो । यी कुकुरहरूको क्रोध सबै यो १०-२० थोपामा थियो, जुन निकाल्ने बित्तिकै उनीहरू शान्त भए । यी रसायन तत्त्वहरूको दुरुपयोग हुने सम्भावना पनि छ, जो खतरनाक छ । बायोकेमेस्ट्रीले खोजबाट जे पत्ता लगायो, त्यो कुरा योगलाई धेरै पहिलेदेखि नै जानकारी छ । योगबाट कहिले पनि खतरा भएन र हुन पनि सक्दैन किनभने यो प्रयोग अरूले होइन आफूले आफैंमा गर्ने विधि र प्रक्रिया हो ।

बायोकेमेस्ट्रीले हर्मोन पत्ता लगाएको छ र यदि एउटा वृद्ध व्यक्तिलाई पनि यौन हर्मोनको इन्जेक्सन दियो भने ऊ जवान जस्तै प्रबल (Potent) हुन्छ । ऊ जवान व्यक्ति जस्तो कामोत्तेजक शक्तिले भरिन्छ र जवान व्यक्तिको पनि यौन हर्मोन निकालियो भने ऊ बुढो जस्तो शिथिल र कामशक्तिहीन हुन्छ । साँढे र गोरुमा फरक थोरै हर्मोनको मात्र हो । गोरुको हर्मोन निकालिदिएको हुन्छ र साँढेको यौन हर्मोन स्थित हुन्छ । त्यसैले दशवटा गोरु एउटा साँढेका तुलनामा पनि कमजोर नै हुन्छन् । योगाग्नि त्यो प्रक्रियाको नाम हो जसद्वारा भित्रको यो रासायनिक व्यवस्थामा अन्तर पैदा गर्न सकिन्छ । यो योगाग्नि उत्पन्न गर्ने विधिहरू धेरै छन् । त्यसैले श्रीकृष्णले योगाग्निका बारेमा भन्नुभएको हो । योगाग्निमा जो आफ्नो इन्द्रियलाई समर्पित गर्दछ ऊ समस्त बन्धनबाट बाहिर भएर मुक्त हुन्छ ।

*द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।*
*स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥*

**कैयौँ योगीहरू लोकको सेवा वा परोपकारका निम्ति द्रव्ययज्ञ गर्दछन् । त्यस्तै कतिपय पुरुषहरू तपस्यायज्ञ र कतिपय योगीहरू योगरूपी यज्ञ एवम् अन्य कतिपय अहिंसादि तीक्ष्ण व्रतद्वारा युक्त यत्नशील पुरुषहरू स्वाध्यायरूप ज्ञानयज्ञ गर्दछन् ॥**

श्रीकृष्ण अरू धेरै मार्गबाट विभिन्न व्यक्तिहरूले धर्मयज्ञ गर्ने कुरा बताउनुहुन्छ । पहिलो मार्ग ईश्वरार्पित भावले सेवालाई धर्म बनाउने व्यक्तिहरू त्यहीँ पुग्छन् । यो सेवा ईश्वरार्पित भावले गरिएको हुनुपर्दछ किनभने सेवा अहङ्कार अर्पित भावनाबाट पनि हुन सक्छ । कुनै सेवामा आफूप्रति अनुग्रहित होस् भन्ने चाहना राख्नु अहङ्कार अर्पित भाव हो । सेवा आफूले गरे पनि परमात्माको अनुग्रहबाट मात्र सेवा गर्न पाएको भाव हुनु जरुरी हुन्छ । सेवा गर्दा आफूलाई नै थाहा नहोस् केवल परमात्माको उपकरण भएको मात्र बोध होस् । यस्तो ईश्वरार्पित भावले जो व्यक्ति सेवा गर्दछ उसका लागि सेवा साधना, उपासना अनि प्रार्थना बन्दछ । ईश्वरार्पित भावमा मात्र प्रार्थना हुन्छ । अहङ्कारको सानो भन्दा सानो अंश पनि भित्र छ भने ईश्वरार्पित भाव हुन सक्दैन ।

जुन दिन व्यक्तिले चारैतिर ईश्वर मात्रको अनुभूति गर्छ, त्यो दिन उसको सेवा परमात्माको सेवा हुन्छ अनि ऊ धन्यवाद माग्दैन, धन्यवाद दिन्छ । सेवा गर्ने अवसर प्राप्त भएकोमा अनुग्रहित हुन्छ र हरेक अवस्थामा परमात्मा नै देखिएपछि त्यस्तो सेवा ईश्वर अर्पित सेवा बन्छ । भित्र अहङ्कार लेस मात्र पनि नरहे नै यस्तो सेवा प्रभु अर्पित हुन्छ । प्रभु-अर्पणको अवस्था योगाग्निको प्रक्रियाभन्दा पनि कठिन छ । योगाग्नि त एउटा विधिबाट उत्पन्न हुन्छ तर प्रभु-अर्पण कुनै विधि होइन यो त बडो ठुलो भावको उद्भावना हो । भाव समाधि र ईश्वर अर्पण बडो समझदारीको कुरा हो जुन बुद्धिबाट होइन हृदयको स्पन्दनबाट मात्र हुन सक्छ । ईश्वरार्पण बुद्धिबाट नभई भावबाट गरिनुपर्छ किनभने बुद्धि कहिल्यै पनि अहङ्कारको पार जाँदैन । त्यसैले ईश्वरार्पण लागि बुद्धिलाई छोडेर हृदयको प्रयोग गर्नुपर्छ ।

हृदयको बुझाइको अर्थ मेरो श्वास, प्राण, जन्म र बाँच्ने क्षण मलाई परमात्माबाट प्राप्त भएको हो साथै मलाई त अस्तित्वमा किन छु भन्ने पनि थाहा छैन भन्ने हो । यस्तो अज्ञात विषय तर्कबाट जान्न सकिँदैन । यसका लागि हृदय नै चाहिन्छ । हामीलाई कहाँबाट आउँछौँ र कहाँ जान्छौँ भन्ने नै थाहा छैन । अर्को श्वास आउँछ कि आउँदैन त्यो पनि थाहा छैन । जहाँ यति सबै अज्ञात छन्, त्यहाँ हाम्रो हुनु पनि अज्ञात शक्तिमा निर्भर छ, त्यसैले त्यहाँ हाम्रो कर्म कसरी हुन सक्छ ! जब हाम्रो हुनु नै अज्ञात शक्तिबाट भएको छ भने हाम्रो कर्म पनि अज्ञात शक्तिको कर्म हो र हामी त बिचका माध्यम मात्र हौँ । तर्क र बुद्धिले किन भनेर खोज्छ र जब यसको जवाफ पाउँदैन तब ऊ आफ्नो क्षेत्र नभएको ठान्दछ तर हृदयले किन भन्ने कुरा खोज्दैन । जीवनका सबै गहिरा प्रश्न र रहस्यहरूलाई बुद्धिले खोज्न सक्दैन र बुद्धिले अझ समस्या पैदा गर्न सक्छ । हामी अज्ञातबाट आउँछौ र अज्ञातमा नै जाने छौँ । त्यसैले हाम्रो हातबाट जे कर्म हुन्छ त्यो पनि अज्ञातले नै गराउँछ । यस्तो हृदयको बुझाइ गहिरो भयो भने मात्र व्यक्ति ईश्वरार्पण गर्न सक्छ ।

श्रीकृष्ण अरू पनि मार्गका बारेमा भन्नुहुन्छ- अहिंसाको मार्गबाट जो चल्दछ त्यो पनि त्यहीँ पुग्ने छ । यो बडो विरोधाभासपूर्ण लाग्दछ । एकातिर श्रीकृष्ण भन्नुहुन्छ- कोही मर्दैनन् तिमी बेफिक्रीका साथ युद्ध गर । अर्कातिर अहिंसाको मार्गका बारेमा पनि बताउनुहुन्छ । एकातिर श्रीकृष्ण भन्नुहुन्छ- कोही मर्दैनन् त्यसैले तिमी हिंसाको कुरै नगर, युद्धमा उत्र । अर्कातिर उपर्युक्त श्लोकमा भन्नुहुन्छ कि अहिंसाको मार्गबाट हिँड्नेहरू पनि त्यहीँ पुग्ने हुन् । अहिंसाको मार्गको अर्थ तिमी कसैलाई नमार भन्ने होइन । यदि अहिंसाको अर्थ यस्तो भएमा त आत्मा मर्न सक्ने हुन्छ । यदि आत्मा अमर छ भने कसरी कसैलाई मार्न सकिन्छ । हामीले गर्नसक्ने कुरा आत्मा र शरीरलाई अलग मात्र गर्न सक्छौं तर शरीर त सदैव मरेकै छ र आत्मा कहिल्यै मर्दैन । यस अवस्थामा शरीर जो नाशवान् छ त्यसलाई आत्मा जो मर्दैन त्यससँग अलग गरियो भने हिंसा कसरी हुन्छ । अहिंसाको अर्थ मार्ने इच्छा नगर्नु हो । मर्न त कहिल्यै पनि कोही मर्दैन तर मार्ने इच्छा गर्न सकिन्छ । पाप मार्नेलाई लाग्दैन, मार्ने इच्छालाई लाग्छ । व्यक्तिलाई मार्ने इच्छा र वासना उत्पन्न हुने बित्तिकै हिंसा पूर्ण हुन्छ । हिंसाको सम्बन्ध मार्नमा होइन कि मार्ने वासनासँग हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो मार्ने वासनाबाट मुक्त हुन्छन्, उनीहरू अहिंसाको मार्गबाट त्यहीँ पुग्छन् । कोही साङ्ख्ययोगबाट त कोही प्रभुमा अर्पित सेवाबाट पुग्छन् । सबै भिन्न भिन्न मार्ग गहिराइमा एउटै मूलसँग जोडिएका हुन्छन् । जबसम्म मनुष्यको मनमा इन्द्रियको लोभ रहन्छ तबसम्म हिंसाबाट मुक्ति असम्भव हुन्छ । इन्द्रिय पूरा समय हिंसा गरिरहेका छन् । जब आँखा कसैको शरीरमा वासना बन्छ तब हिंसा स्वतः हुन्छ र व्यक्ति बलात्कारमा संलग्न हुन्छ । जब आँखा शरीरमा परेर माग कामवासना बन्यो र आँखाले एक क्षणका लागि चाहना बनायो, त्यो शरीरलाई भोग्ने धुवाँ चारैतिर फैलियो, त्यही क्षण बलात्कारको घटना घट्यो । यो आँखाले गऱ्यो, आँखाको पछाडि व्यक्ति रह्यो र हिंसा भयो । हिंसा छुरा प्रहारबाट मात्र हुँदैन । इन्द्रियहरू जबसम्म भोग गर्न आतुर हुन्छन् तबसम्म हिंसा रोकिँदैन । यो सूक्ष्म हिंसा हो । स्थूल हिंसा तब उत्पन्न हुन्छ, जब हाम्रो कामनामा कुनै अवरोध हुन्छ । कुनै व्यक्ति कसैको शरीरलाई भोग्न चाहन्छ तर भोगका लागि अर्को व्यक्ति तयार छैन भने हिंसा जन्मिन्छ । पहिले हिंसाको सूक्ष्म भाव उत्पन्न हुन्छ अनि त्यो पूरा गर्न नपाएपछि हिंसा स्थूल बन्छ ।

जसले अब इन्द्रियहरूसँग माग्न छोड्यो र जसको इन्द्रिय आक्रामक रहेन, त्यो व्यक्ति श्रीकृष्णको अहिंसाको मार्गमा प्रवृत्त हुन्छ । महावीरले ध्यान, जप गर्नुअघि प्रत्याक्रमण गर्न सुझाव दिनुभएको छ । प्रत्याक्रमणको अर्थ आक्रमणको विपरीत अवस्था हो । आक्रमणको शक्तिलाई फिर्ता गर्नु प्रत्याक्रमण हो । उहाँ भन्नुहुन्छ- प्रत्याक्रमण भएपछि मात्र ध्यान हुन सक्छ । कृष्णको अहिंसाको मार्गमा जो आक्रमणको कामना गर्दैन त्यो हिंसारहित हो । सूक्ष्मभन्दा सूक्ष्म तलमा पनि आक्रमणको चाहना हिंसा हो । प्रत्याक्रमण

अहिंसा हो । यो अहिंसाको क्षणमा त्यही हुन्छ जुन योगाग्निमा जलेर घटित हुन्छ । कृष्ण अन्य मार्ग पनि बताउनुहुन्छ । यस श्लोकमा उहाँले दुई-तीनवटा मार्गका बारेमा उल्लेख गर्नुभएको छ । वास्तवमा ११२ वटा मार्गहरू छन्, जसका माध्यमबाट परमात्मासम्म पुग्न सकिन्छ ।

स्वाध्यायको यज्ञ गहन रूपान्तरणको एउटा प्रक्रिया हो । आज धर्तीमा आत्म रूपान्तरणको प्रचलित प्रक्रिया स्वाध्याय यज्ञ भएको छ । फ्रायड, एडलर, जुंग, सलिवान, फोमहरू जस्ता मनोवैज्ञानिकहरूले स्वाध्याय यज्ञलाई ठुलो महत्त्व दिएका छन् । स्वाध्यायको अर्थ स्वअध्ययन अर्थात् आफैंले गरिने पढाइ एवम् जानकारी हो अर्थात् स्वयम्को अध्ययन हो । सारा मनोविश्लेषणको मनोभूमि नै स्वयम्को अध्ययन हो । आफैं स्वयम्को अतल गहिराइमा पुगेर यसको गुण, परिचयका बारेमा गरिने अध्ययन स्वाध्याय हो । यसमा अरू प्रवेश नै गर्न सक्दैनन् । हामी अरू व्यक्तिहरूको परिधि बाहिरी रूपबाट मात्र जान्दछौं, उसको अन्तःस्तलमा प्रवेश नै गर्न सकिँदैन । स्वाध्यायको अर्थ आफ्नो अन्तश्चेतनालाई स्वयम् नै जान्ने र यससँग परिचित हुने व्यवस्था हो । अरूले आचरणबाट जानेको कुरा अनुमान मात्र हुन सक्छ; वास्तवमा यसको ज्ञान त स्वयम्बाट नै हुन सक्छ । हामी स्वाध्यायमा हुँदैनौं किनभने हामी पनि बाहिरबाट मात्र बाँच्छौं । हामी आत्मासँग परिचित हुँदैनौं, आचरणसँग मात्र परिचित हुन्छौं । हामी स्वयम्लाई पनि अर्काको दृष्टिले जान्दछौं । अरूले हामीलाई राम्रो भनिदिँदा खुसी लाग्छ र नराम्रो भनिदिँदा पीडा पुग्छ । हाम्रो स्वयम्को प्रत्यक्ष अनुभव छैन अन्यथा अर्काको भनाइको कुनै असर नै नहुनुपर्ने हो ।

स्वाध्यायको अर्थ स्वयम्को साक्षात्कार हो । स्वाध्यायरूपी यज्ञमा उत्रिनका लागि अरूको विचारलाई त्याग्नुपर्छ र हामीले आफैभित्र भयले दबाएको भित्री हिंसालाई त्याग्नुपर्छ । जो व्यक्तिले भित्र क्रोध दबाएको हुन्छ ऊ स्वयम्ले त्यो क्रोध जान्न सक्दैन । स्वाध्यायका लागि जे जे दबाएको छ त्यसलाई उधारेर बाहिर फ्याँक्नुपर्छ, अन्यथा स्वयम्को अध्ययन हुन सक्दैन । हामी एक्लै रहँदा सदैव भयभीत हुन्छौं किनभने एकान्तमा भित्र दबेका कुराको अध्ययन हुन सक्छ । त्यसैले त हामी सदा अरूको साथ खोज्छौं । पृथ्वी एउटा पागल ग्रह हो जहाँ हल्लाखल्ला मात्र छ; यसको २०० मिल पर केवल शून्य र सन्नाटा मात्र छ । स्वाध्यायमा त एकान्तको आवश्यकता हुन्छ । फ्रायड र जुंगले जुन मनोविश्लेषण गरे त्यो यही दबेको हिस्सालाई बाहिर ल्याउने विश्लेषण हो । योगका लागि स्वाध्याय नितान्त एकान्तको प्रयोग हो, जहाँ स्वयम्बाहेक कोही हुँदैनन् । आफ्नो भित्रबाट आफूलाई पूरा नग्न बनाई आफूलाई हुबहु जान्ने र हेर्ने विधि स्वाध्याय हो ।

स्वाध्यायको पहिलोचरण अरूका भनाइको बेवास्ता गर्ने, दोस्रोचरण दबाएको हिस्सालाई उधारेर बाहिर फ्याँक्ने र आफूमा जे छ त्यसलाई साक्षात्कार गर्ने हो । तेस्रो चरण आफूले बनाएको मोहको प्रतिमालाई त्याग्नु हो । आफूले बनाएको सुन्दर प्रतिमालाई तोड्न नसक्ने व्यक्ति स्वाध्यायमा उत्रिन सक्दैनन् । त्यसैले श्रीकृष्णले स्वाध्यायलाई पनि यज्ञ भन्नुभएको हो । त्यो पनि एउटा आगो हो जसमा जल्नुपर्छ र आफ्नो निर्मित प्रतिमालाई जलाएर ध्वस्त पार्नुपर्छ । मनोवैज्ञानिकहरू भन्छन्- मनुष्यको मनमा पृथ्वीमा हुन सक्ने सबै निकृष्ट किसिमका अपराधका भावहरू विद्यमान हुन्छन् । हामीभित्रको प्रतिमा डरलाग्दो छ, जसलाई हामी हेर्न चाहदैनौं त्यसलाई यज्ञरूपी अग्निमा जलाएर ध्वस्त पारेमा मात्र स्वाध्याय पूरा हुन्छ । स्वाध्यायको अर्थ जे हामीभित्र देख्न सक्दैनौं वा हेर्न चाहँदैनौं त्यो परमात्माको नजरबाट सबै देखिएको छ, जो लुक्न सक्दैन भन्ने हो । परमसत्तासँग हामी आफूलाई लुकाउन सक्दैनौ । हामी प्रभुसमक्ष पुग्दा यो बनावटी प्रतिमालाई साथ लिएर पुग्न सक्दैनौं; त्यसैले स्वाध्यायभन्दा अगाडि यिनीहरूलाई जानेर तोड्नुपर्छ । जो व्यक्ति आफ्नो समस्त कुरूपतालाई जान्न समर्थ हुन्छ, ऊ त्यसबाट मुक्त पनि हुन सक्छ ।

स्वाध्यायको यज्ञमा जान्नु नै मुक्ति हो; यसमा अरू केही गर्नै पर्दैन । रोगको पहिचान हुनेबित्तिकै रोगबाट बाहिर भइन्छ । यो प्रक्रिया स्वयम्‌को साक्षात्कारबाट गरिने रूपान्तरणको प्रक्रिया हो; आत्म साक्षात्कारबाट आत्मक्रान्ति हुन सक्छ । स्वाध्यायको प्रक्रियामा लागेको व्यक्तिले तप, ध्यान वा अन्य विधिको कुनै आवश्यकता नभएको बताउँछन् । स्वाध्यायको सूत्रले भन्छ- आफैँ स्वयम्‌को घाउलाई निको पार्नुपर्छ । अरूले भित्रको घाउका बारेमा थाहा पाउन सक्दैन, बाहिरको घाउका बारेमा मात्र थाहा हुन सक्छ । भित्र कैयौं जन्मदेखिको बिरामीपन छ, जो गहिरो रूपमा लुकेर बसेको छ । त्यसैले यसलाई जान र यसबाट मुक्त होऊ । यदि कुनै व्यक्तिले म झुटो बोल्ने व्यक्ति हुँ भन्ने जान्यो भने तब झुट बोल्न नै बन्द हुन्छ । यो एउटा सत्यको अनुभव हो । चोरले सोच्छ- म चोर बन्नुमा धेरै कारणहरू छन्, बाध्यताले गर्दा मात्र चोर भएँ, अन्यथा म चोर होइनँ । क्रोधीले पनि भन्छ तिमीले मलाई क्रोध गर्न लगायौ, नत्र म क्रोधी व्यक्ति होइनँ । यसरी हामी आफूलाई भित्र गहिराइमा आफू जे छौँ त्यो लुकाएर आफूलाई बाहिर असल रूपमा प्रस्तुत गर्छौं । तर क्रोधीले क्रोधी हुँ भन्ने स्वीकार गऱ्यो भने क्रोध गर्न सक्दैन । स्वाध्यायले भन्छ- जसले जुन तथ्यलाई जान्यो ऊ त्यसभन्दा बाहिर हुन्छ तर हामी तथ्यलाई जान्दैनौँ बरु लुकाउँछौँ । हामी हाम्रो घृणा, ईर्ष्यालाई अरू नै केही भन्छौं । हामी आफूलाई धोका दिन कुशल छौँ, भित्र केही हुन्छौँ तर बाहिर हामी अरू नै कुरा देखाउँछौँ । जो व्यक्ति आफ्नो भित्रको रोगलाई जस्तो छ, त्यस्तै देख्न सक्छ, ऊ त्यहीँ रहन सक्दैन । उसमा रूपान्तरण सुरु हुन्छ र त्यो रूपान्तरण नै स्वाध्यायको परिणाम हो ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- स्वाध्यायरूपी यज्ञका साथै शास्त्रको अध्ययन यसका लागि सहयोगी हुन सक्छ । स्वाध्यायका लागि सबै शास्त्र सहारा बन्दैन, मात्र आत्मवञ्चनारूपी शास्त्र भने सहारा बन्छ । जस्तो कि सेन्ट अगेस्टिनको किताब द कन्फेसन (The Confessions) या लियो टाल्स्टायको जीवनकथा, रुसोको जीवनकथा, महात्मा गान्धीका आत्मकथाहरू भने स्वाध्यायका लागि सहयोगी बन्न सक्छन् तर व्यक्तिहरू यिनको स्वाध्याय गर्दैनन् । गीता स्वाध्यायका लागि त्यति उपयोगी नहुन सक्छ किनभने गीता आत्मकथा होइन, सत्यको वक्तव्य हो । गान्धीको आत्मकथामा भित्रका रोगहरूका कथा धेरै छन्, त्यसैले आत्मकथा उपयोगी हुन सक्छ । स्वाध्यायमा उपनिषद् पनि त्यति सहयोगी हुन सक्दैन किनभने उपनिषद् सत्यको उद्घोषण हो, जहाँ ऋषिहरू भन्छन्- ब्रह्म छ; अहम् ब्रह्मास्मि अर्थात् म ब्रह्म हुँ । यो सत्यलाई प्राप्त गर्ने व्यक्तिहरूको अनुभूतिको वक्तव्य हो । स्वाध्यायमा सत्य नजानेका तर असत्यको पीडाबाट गुज्रिएका र त्यसलाई उद्घाटित गर्ने साहस देखाएका व्यक्तिहरूको भनाइबाट सहयोग पुग्न सक्छ । लियो टाल्स्टायलाई सत्यको कुनै जानकारी छैन त्यस्तै गान्धीलाई पनि सत्यको जानकारी छैन । त्यसैले गान्धी जीवनभर सत्यको खोजमा रहे र आत्मकथाको नाम Experimenting the truth राखे । यो एउटा इमानदार प्रयास हो ।

श्रीकृष्णले ईश्वरजपको बारेमा पनि बताउनु भएको छ; स्वाध्यायको सन्दर्भमा ईश्वरजपको गहन अर्थ छ । व्यक्तिले जब आफूभित्रको नर्कको स्वाध्याय गर्दछ, त्यो देखेर व्यक्ति आत्मनिन्दामा पर्न सक्छ वा यत्रो नर्क देखेर जीवन व्यर्थ छ भन्ने लाग्न सक्छ । त्यसैले स्वाध्यायमा खतरा पनि रहन्छ । पश्चिममा समस्या विकराल भयो र मनोविश्लेषकहरूले स्वाध्यायको प्रक्रिया त बताए तर ईश्वरजपको कुनै व्यवस्था दिएनन् । त्यसैले पश्चिममा जीवन अर्थहीन बनेको छ । पाप, घृणा, हिंसा, ईर्ष्या नै जीवनमा उपस्थित छ भने बाँच्नुको के अर्थ भयो भन्ने भावना बढेको छ, जसले जीवन निराशाजनक बनेको छ । त्यहाँ व्यक्तिहरूलाई प्रेमको बदलामा कलह देखाइएको छ । पश्चिममा आत्मविश्लेषणको परिणाम प्रेम होइन केवल कामवासना हो भन्ने निष्कर्ष निक्लियो । यसबाट रूपान्तरण नभई व्यक्तिको पतन भयो । त्यसैले श्रीकृष्ण तत्काल स्वाध्यायपछि ईश्वरजपलाई पनि स्मरण गर्नुपर्छ भन्नुहुन्छ ।

प्रेम पछाडि कामवासना छ, यो हाम्रो तथ्य हो तर वासनामा पनि प्रेम हुनसक्छ त्यो हाम्रो सम्भावना हो । ईश्वरजपको अर्थ व्यक्तिभित्र ईश्वरको सम्भावना पनि छ भन्ने हाम्रो सम्भावनालाई याद राख्नु हो । त्यसैले तथ्यलाई सबै कुरा नठानी सम्भावनालाई पनि स्मरण गर्नुपर्छ । तथ्यभित्र लुकेको विराट् सम्भावना पनि उपस्थित छ । ईश्वरजपको अर्थ जति गहिरो पाप भित्र भए पनि पुण्यको अभाव छैन भन्ने हो । जति गहिरो अपराध भए पनि क्षमाको अभाव छैन र जतिसुकै अन्धकार भएर प्रकाश नदेखिए पनि प्रकाशको अस्तित्व छ भन्ने हो । ईश्वरजपको अर्थ अन्धकारको गहिरो भड्काउमा पनि प्रकाशको स्मरण, पापको मध्यमा पनि परमात्माको स्मृति, अपराधको मध्यमा पनि मुक्त हुने सम्भावना पनि छ भन्ने हो । ईश्वरजप नभए स्वाध्याय खतरनाक पनि हुन सक्छ । ईश्वरजप आशा हो । मनुष्य त राक्षस, दानव जस्तो छ तर ऊ ईश्वर पनि हुन सक्छ । त्यसैले जो छ, त्यही मात्र देखिएको छ र हुनसक्ने सम्भावनाको बोध नभए मनुष्यमा विकृति, विसङ्गतिहरू बढेर पराकाष्ठामा पुग्न पनि सक्छ । जो हुन सक्छ त्यसको स्मृति पनि अन्धकारमा उत्रिँदै रह्यो भने आशा बाँधिन्छ ।

जपको अर्थ स्मरण हो । एउटै शब्दलाई बारम्बार दोहोर्‍याउनु जप हो । अन्धकारमा प्रकाशको सम्बन्ध नभुलौं भनेर प्रकाशको बारम्बार स्मरण नगरेमा अन्धकारमा डुब्न सक्ने खतरा रहन्छ । प्राचीन समयमा ईश्वरजप भन्नु पर्याप्त थियो । बिहान उठ्ने बित्तिकै पहिलो शब्द राम हुन्थ्यो । यसको अर्थ हो कतिपय नराम्रा काम भए पनि शुभबाट नै म सुरुवात गर्छु भनेर दिनमा जोसुकैलाई भेट्दा राम-राम भनेर नमस्कारको सट्टामा ईश्वर जपको विधि प्रयोग गरिन्थ्यो । जस्तो व्यक्तिलाई भेटे पनि स्मरण रामको गरिन्थ्यो, सम्भावना राम्रो नै प्रकट हुन्थ्यो । त्यो रामको उच्चारण बाहिरी व्यक्तिलाई अभिवादन होइन, भित्र लुकेको व्यक्ति रामकै स्मरण हुन्थ्यो । अपरिचित व्यक्तिलाई पनि राम-रामको अभिवादन गरिन्थ्यो । अहिले पनि ग्रामीण समुदायमा अभिवादनको माध्यम यही छ । एउटा चेतना नजिक आयो र त्ससँग साक्षात्कार भयो भने त्यसको सम्भावनाको स्मरण किन नगर्ने, राती सुत्नेबेलामा राम-राम भनेर पनि दिनभर जे जस्तो कार्य गरे पनि सुत्नेबेला शुभ सम्भावनाको स्मरण हुन्थ्यो । सुत्ने बेलामा रामको उच्चारण भित्रको चेतनासँग जोड्ने प्रयोग हो ।

ईश्वरजप यान्त्रिक रूपमा जसले गर्दछ त्यसले लाभभन्दा हानि प्राप्त गर्दछ । यस्तो गर्दा काम सिध्याउनु जस्तै हुन्छ । रामस्मरण काम होइन, जीवनको प्राणको गहिराइमा प्रेमभाव बसाउने मानसिकता हो । यो प्राणको गहिराइमा सुदृढ रहन सक्यो भने मात्र उपयोगी हुन्छ । स्वाध्याय र ईश्वरजप स्वयम्को शुभलाई स्मरण गर्नु हो । यी दुवैको तालमेलबाट जो यज्ञ फलित हुन्छ त्यसको नाम स्वाध्याय यज्ञ हो, यसबाट व्यक्ति पार हुन्छ र परमात्मामा प्राप्त हुन्छ ।

श्रीकृष्णले अर्को मार्ग स्वधर्मरूपी यज्ञका बारेमा पनि बताउनुभएको छ । व्यक्ति यदि आफ्नो निजत्वलाई जो उसभित्र बिउको रूपमा लुकेको छ, त्यसलाई फूलको रूपमा फुलाउन फक्राउन सकेमा त्यो मार्गबाट पनि अन्य मार्गलाई अवलम्बन गरेर पुग्न सकेका व्यक्तिहरू जस्तै परमात्माकहाँ पुग्न सक्छ । व्यक्ति आफ्नो निजधर्म, स्वधर्ममा परमात्माको आशीर्वाद, आनन्द प्राप्त गर्दछ । जब स्वधर्मबाट परधर्म अनुरूप हुन चाहन्छ, तलतिर गुरुत्वाकर्षणले ताने झैं ऊ विषादमा पुग्दछ । यो गुलाबको फूलले कमलको फूल हुन खोजे जस्तै हुन्छ जो हुनै सक्दैन र विषाद, दुख, पीडामा पर्दछ । हामी सबै जन्मदेखि नै निर्माणको योजना लिएर आएका हुन्छौँ र हामी के हुन सक्छौं भन्ने मार्गचित्र हाम्रो प्रत्येक कोष्ठमा लुकेको हुन्छ । हामी स्वधर्मभन्दा अर्को धर्ममा लाग्न चाहेमा निराशा, पीडा मात्र प्राप्त हुन्छ र यस अवस्थामा व्यक्ति निरीह हुन्छ । त्यहाँ उसलाई केही पनि राम्रो लाग्दैन, सबै व्यर्थ लाग्छ । साथै व्यक्ति परधर्मअनुरूप हुन चाहेमा आफ्नो ऊर्जाशक्ति त्यसमा नै खर्चिन्छ तर ऊ स्वधर्मअनुरूप हुनसक्दैन किनभने ऊ जे हुन

सक्छ त्यसभन्दा विपरीत हुन सक्ने कुनै सम्भावना नै हुँदैन साथै परधर्ममा सीमित ऊर्जा व्यर्थमा व्यय गर्नु पनि निरर्थक हुन्छ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- स्वधर्मरूपी यज्ञमा आनन्द प्राप्त हुन सक्छ र त्यसमा नै आफ्नो पूर्णता प्राप्त हुन सक्छ । हे अर्जुन ! परधर्मको विचार नगरी तिमी स्वधर्म अनुसारको कर्म गर्छौ भने तिमी आफ्नो पूर्णता प्राप्त गर्ने छौ र परमात्मामा प्राप्त हुने छौ । यदि व्यक्ति जीवनमा दुखी छ भने पक्का जान्नुपर्छ कि ऊ स्वधर्मबाट च्युत भएको छ किनभने स्वधर्मको यात्रामा आनन्द फलित हुन्छ। यदि अशान्ति छ भने बुझ्नुपर्छ कि परधर्मको पछाडि चलिरहेको छ । स्वधर्मलाई पनि अँध्यारोमा कसैले फूलको बगैँचालाई सुगन्धको भर खोजे जस्तै खोज्नुपर्छ । शान्ति स्वधर्मको मापदण्ड हो र शान्ति बढ्दै गएमा सुवास जस्तो आनन्द पनि प्राप्त हुन थाल्छ ।

यदि स्वधर्मअनुरूप कर्म गर्दै छ भने उसको जीवनमा स्वीकारको भाव बढ्छ र अस्वीकारको भाव कम हुन्छ । यथार्थमा व्यक्ति सन्तुष्ट हुन थाल्छ र स्वधर्म अनुरूप नचले असन्तुष्ट हुन थाल्छ । हरेक चिज प्रति नकारात्मक भाव जाग्दछ । समस्त अस्तित्वप्रति निषेधको भाव बढ्छ । आस्तिकताको अर्थ समस्तप्रति स्वीकार हो । दैनन्दिन कामबाट स्वधर्मका बारेमा थाहा हुँदैन । त्यसैले स्वधर्मको खोज गर्न भित्रको संसारमा प्रवेश गर्नुपर्छ । सबै इन्द्रियका द्वारलाई बन्द गरेर भित्रको यात्रा सुरु गर्नुपर्छ र जति भित्रको यात्रा गऱ्यो, त्यहीँबाट ध्वनि सुनिन्छ, इसारा प्राप्त हुन्छ र जति भित्र ध्यान दियो, त्यति नै ध्वनि र इसारा स्पष्ट हुन थाल्छ । सुरुमा ध्वनि ज्यादै मलिन हुन्छ र बिस्तारै स्पष्ट हुन थाल्छ ।

स्वधर्मको जानकारी अन्तरवाणीबाट मात्र थाहा हुन सक्छ । यो अन्तरवाणीको यात्राबाट स्वधर्मको इसारा प्राप्त हुन्छ । जति भित्र डुबुल्की लगायो त्यति नै भित्रको अन्तरवाणी सुनिन थाल्छ। सबैको भित्र ऊ लुकेको भए पनि त्यो आवाज सुन्नका लागि आफूलाई तयार र प्रशिक्षित गर्नुपर्छ । चेतनालाई एकाग्र बनाएर सुन्ने निरन्तर प्रयासबाट मात्र त्यो सुन्न सकिन्छ । हाम्रो अन्तर आत्मालाई स्वधर्म के हो भनेर थाहा छ । त्यसैले मौन रहेर भित्र ध्यान केन्द्रित गरेर सुन्ने कोसिस गरिरह्यो भने भित्रको आवाज सुनिन्छ । एकपटक भित्रको स्वर सुन्न थालियो भने जीवनमा कसैको सल्लाहको आवश्यकता पर्दैन । भित्रबाट केवल स्वधर्मको मात्र आवाज आउँछ, परधर्मको आवाज सदा बाहिरबाट आउँछ । स्वधर्मरूपी तप, यज्ञको कुरा जो श्रीकृष्णले भन्नुभएको छ त्यो त्यही व्यक्तिले पूरा गर्न सक्छ जो आफूभित्रको अन्तरवाणी सुन्न सक्षम हुन्छ। सबैसँग त्यो अन्तरवाणीको स्रोत हुन्छ; केवल हामीलाई त्यसको स्मरण मात्र नभएको हो । जुन दिन भित्रको आवाज सुनिन थाल्छ त्यही दिन व्यक्तिलाई गुरु प्राप्त हुन्छ, जुन गुरु भित्र विद्यमान छन् । परमात्माले प्रत्येकलाई त्यो विवेक, अन्तस्करण र अन्तरवाणी दिएका छन् जससँग हामीले सोध्न सुरु गऱ्यौँ भने उत्तर प्राप्त हुन थाल्छ र त्यो उत्तर कहिल्यै गलत हुँदैन । अन्तरवाणी सुन्नसक्ने स्थिति नै स्वधर्मरूपी यज्ञको मूल आधार हो । कृष्णले पहिले दुई यज्ञको चर्चा गरिसकेपछि यो तेस्रो यज्ञको चर्चा गर्दै भन्नुहुन्छ- स्वधर्मरूपी यज्ञलाई पनि यदि कसैले पूरा गऱ्यो भने परमात्माको मन्दिरमा उसको प्रवेश हुन्छ । स्वधर्मको गहिरो तत्त्व त भित्रको आवाज सुन्नसक्ने व्यक्तिले मात्र पूरा गर्छ ।

मेहरबाबा जसले आफ्नो अन्तर-आवाज सुन्नका लागि जीवनको तिस वर्ष बाहिरका सबै आवाजहरू बन्द गरेर मौन हुनुभयो । उहाँ बाहिरबाट सबै बन्द गरेर मौन रहनुभयो र निष्पट्ट भित्रको आवाजमा बाँच्नुभयो । हैदरावाद नजिकै उहाँले ठुलो प्रयत्न गरेर एउटा आश्रम बनाउनुभयो । बडो प्रतीक्षाका साथ उहाँ त्यस आश्रमको द्वारसम्म पुग्नुभयो तर भित्र प्रवेश नै नगरी ढोकाबाट नै उहाँ फर्किनुभयो । उहाँले इसाराबाट नै आफू त्यस भवनमा प्रवेश नगर्ने बताउनुभयो । राति त्यो भवन पूरै भत्कियो । भारतबाट उहाँ युरोपतिर जाँदै हुनुहुन्थ्यो । जहाज तेल भर्नका लागि कहीं एयरपोर्टमा उत्रियो र पुनः उड्न तयार भयो । यात्रीहरू धमाधम जहाजमा चढे तर बाबाले नचढ्ने इसारा गर्नुभयो । त्यो जहाज

उडेको १५ मिनेटमा नै दुर्घटनाग्रस्त भयो । सबै यात्री समाप्त भए । यस्ता घटना धेरैपटक घटे । बाबा कहिले र कुन काममा रोकिनुहुन्छ कसैले भन्न सक्दैनथे । स्वयम् उहाँलाई पनि थाहा हुँदैनथ्यो । अन्तर-आवाजले जे भन्थ्यो उहाँ त्यही गर्नुहुन्थ्यो । बाबाको जीवन स्वधर्मको खोजको जीवन हो भित्रको स्वरको खोजको जीवन हो । भित्रको स्वरमा जीवन चल्नुको अर्थ जीवन स्वयम्बाट होइन परमात्माबाट चल्नु हो । जुन दिन भित्रको वाणीबाट चलेको स्वधर्ममा आधारित जीवन चल्छ त्यसै दिन स्वधर्मरूपी यज्ञ पूरा हुन्छ ।

अर्को यज्ञ योगयज्ञ हो । योगको आफ्नो साधना प्रक्रिया हुन्छ । अष्टाङ्गयोग योगको आठ अङ्ग हो । पतञ्जलिले योगका आठ अङ्ग बताएका छन् । तिनै आठ चरण, आठ हिस्सा मिलेर योग बन्दछ र पूरा हुन्छ । योग शरीर हो त्यसका आठ अङ्ग छन् । मनुष्यका इन्द्रिय वृत्तिहरू नै मालिक हुन्छन् र जुन इन्द्रिय अगाडि हुन्छन् तिनैले आफ्नो हालीमुहाली चलाउँछन् । जब लोभ हाबी हुन्छ तब लोभ नै मालिक हुन्छ । जब क्रोध हामीमा सवार हुन्छ तब यस्तो लाग्छ कि क्रोध नै म हुँ । जब प्रेम सवार हुन्छ तब लाग्छ कि प्रेम नै सबै कुरा हो । जुन वृत्तिले हामीलाई समात्छ, हामी उसको हातको खेलौना बन्छौं । यथार्थ मालिकका बारेमा थाहा नै हुँदैन किनभने मालिक चिरनिद्रामा सुतिरहेको हुन्छ ।

वास्तविक मालिकलाई जगाउनु योगको अर्थ हो । योगको अर्थ एकीकृत गर्नु हो । व्यक्ति खण्ड-खण्डमा टुटेको होइन, अखण्ड होस् । जब व्यक्ति एक हुन्छ, तब सबै इन्द्रिय, वृत्तिहरू मालिकको अधीनमा हुन्छन् । योगस्थ चेतना समस्त इन्द्रियको मालिक हुन्छ अनि इन्द्रिय छाया जस्तो पछि पछि हिँड्छन् । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! योग यज्ञ पनि हो । यो चेतनालाई कसरी जगाउने, सुतेको मालिकलाई कसरी बिउँझाउने, व्यक्तिहरूलाई कसरी स्थिर बनाउने र एकीकृत कसरी गराउने भन्ने सम्बन्धमा उपयोगी हुन्छ। योगका कैयौं प्रक्रियाहरू छन् जसबाट सुतेको मालिकलाई उठाइन्छ । योग भित्र सुतेर बसेकोलाई बिउँझाउने र उसलाई उठाउने प्रयास गर्नु हो ।

योगका धेरै बाटाहरू छन् । हठयोग, राजयोग, मन्त्रयोग, तन्त्रयोग आदि सबैका अलग-अलग मार्गहरू छन् । योगका कैयौं विधिहरू छन् र यसबाट जो भित्र प्रसुप्त छ, त्यसलाई जगाउने चेष्टा गरिन्छ। ॐ (अ-उ-म् =ओम्) यो मन्त्र योगबाट भित्र बसेको चैतन्यलाई जगाउने विधि हो । यदि कुनै व्यक्ति जोडले ॐ को भित्र नाद गर्‍यो भने उसको नाभिको नजिक चोट लाग्न थाल्छ । नाभि जीवन ऊर्जाको केन्द्र हो । नाभिबाट नै बच्चा आमासँग जोडिएको हुन्छ र त्यहींबाट जीवन पाउँछ । अनायास दुर्घटना हुँदा सबैभन्दा पहिलो चोट नाइटोमा नै पर्छ । ॐ यस्तो ध्वनि हो जसका माध्यमबाट भित्र धक्का वा चोट पुग्छ । ॐकारले नाइटामा मज्जाले धक्का पुग्छ र सुतेको चेतनालाई जगाउँछ । ॐ मा अ ऊ म हुन्छ र जोडले यसको उच्चारण गर्‍यो भने नाइटामा कम्पन हुन्छ । इस्लाममा अल्लाह हुँ शब्द छ जुन मुसलमानहरू ॐ जस्तै प्रयोग गर्छन् । अल्लाह हुँ मा हुँ को चोट नाइटोमा पर्दछ । ॐ र अल्लाह हुँ अलग अलग शब्द भए पनि प्रयोजन र परिणाम एउटै हुन्छ ।

योगका धेरै विधिबाट सुषुप्त चैतन्यलाई जगाउने प्रयास गरिन्छ र मालिक उठेपछि एकीकरण हुन थाल्छ । योगस्थ व्यक्ति अन्तर-अनुशासनले भरिन्छ । भित्रको व्यक्ति जाग्ने बित्तिकै अन्य मार्गबाट जे परिणाम हुन्छ, यस मार्गबाट पनि त्यही परिणाम आउँछ । स्वाध्याय, स्वधर्म, अन्तरवाणी, अहिंसा आदिको प्रयोगबाट जे हुन्छ वा जुन चेतना जाग्छ, योगका विधिहरूबाट पनि त्यही परिणाम प्राप्त हुन्छ । योगका धेरै विधिहरू छन् । व्यक्तिको अवस्था हेरेर विधिको निर्णय गरिन्छ । जो व्यक्तिको नाद तीव्र बलियो छ, त्यसलाई मन्त्रयोगको विधिबाट जगाउने प्रयास गरिन्छ। जसको दृष्टिबोध तीव्र छ, उसलाई एकाग्रताको प्रयोग त्राटक विधिबाट जगाउने प्रयास गरिन्छ । जसको रङ्गबोध तीव्र छ, उसलाई रङ्गका माध्यमद्वारा पनि मार्ग मिल्न सक्छ तर यो व्यक्तिमा निर्भर गर्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- योगयज्ञद्वारा पनि पुरुष परमसत्तामा पुग्न सक्छ ।

*अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।*
*प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥*

**कुनै प्राणायाममा तल्लीन एवम् दक्ष योगीहरू प्राणवायुलाई अपानवायुमा, अपानवायुलाई प्राणवायुमा रोक्ने अभ्यास गर्दछन् र प्राण र अपान दुवै वायुलाई रोकेर समाधिमा प्रवेश गर्दछन् ॥**

श्रीकृष्णले यस श्लोकमा योगको एउटा अर्को आयामका बारेमा भन्नुभएको छ । उहाँ भन्नुहुन्छ- कुनै प्राणायाममा दक्ष योगीहरू प्राणवायुलाई अपानवायुमा र अपानवायुलाई प्राणवायुमा रोक्ने अभ्यास गर्दछन् र प्राण र अपान वायुलाई रोकेर समाधिमा प्रवेश गर्दछन् । मानिसका साथमा अस्तित्वसँग जोडिने धेरै द्वारहरू छन् । हामी परमात्मासँग धेरै भाँतीबाट जोडिएका छौँ । जसरी एउटा वृक्ष एउटा मात्र होइन कि अनेकौं जरासँग जोडिएको हुन्छ त्यसैगरी हामी पनि धेरै अस्तित्वरूपी जरासँग जोडिएका हुन्छौं । हामी परमात्मासम्म पुग्न अनेकौंमध्ये कुनै एक अस्तित्वरूपी जरा वा माध्यमबाट प्रवेश गर्न सक्छौं । जीवन ऊर्जा जुन नाइटोमा रहेको छ त्यो परमात्मामा पुग्ने एउटा द्वार हो । त्यस्तै जीवन ऊर्जा प्राणमा र श्वासमा पनि सञ्चालित छ । श्वास चल्दा व्यक्ति जीवित भएको र श्वास रोकिएमा ऊ समाप्त भएको थाहा हुन्छ । तसर्थ श्वासमा नै सबै जीवन निर्भर हुन्छ । श्वासका माध्यमबाट नै शरीर र आत्माको संयोजन हुन्छ । यसर्थ श्वास पुल भएकाले योगीजन श्वासका माध्यमबाट परम अनुभूतिमा प्राप्त हुन्छन् । श्वासको आफ्नो प्राणयोग हुन्छ र यसका धेरै रूपहरू छन् ।

श्वासको गति मनोदशासँग जोडिएको हुन्छ । मन जस्तो हुन्छ श्वासको गति उस्तै बन्छ । ३०० वर्ष पहिले रगत शरीरमा चल्छ भनेर कसैलाई थाहा थिएन । यस्तो लाग्थ्यो कि रगत भरिएको मात्र छ । जब रक्तचापका बारेमा जानकारी भयो, तब रक्तको दबाब अर्थात् रक्तसञ्चार व्यक्तिका धेरै अङ्गहरूसँग जोडिएको छ भन्ने थाहा भयो । रक्तचाप भएजस्तै मुटुको चाप वा वायुचाप पनि हुन्छ । वायुको उच्च र न्यून चाप, वायुका तरङ्गहरूको भेदले व्यक्तिको अन्तर मनोदशालाई परिवर्तन गर्दछ जो उसको जीवन ऊर्जासँग सम्बन्धित छ । जब हामी क्रोधमा हुन्छौं हाम्रो श्वासको गति साधारण नभई परिवर्तन हुन्छ । यसको अर्थ यदि श्वासको गतिमा नियन्त्रण गर्न सकियो भने क्रोध नियन्त्रण गर्न सकिन्छ । जापानमा बाल्यावस्थादेखि नै योग सिकाइन्छ, जो प्राणयोगको एउटा सूत्र हो । उनीहरू बालबालिकाहरूलाई हाम्रो जस्तो क्रोध नगर भन्दैनन् बरु परम्परादेखि नै सिकेको विधि रिस उठ्ने बित्तिकै श्वास गहिरो अनि बिस्तारै बिस्तारै लिने वा फेर्ने गर्दछन् । जापानमा योगको प्राचीन सूत्र बुद्धमार्फत् पुग्यो जो अत्यन्त वैज्ञानिक र प्रभावकारी छ ।

बुद्धले श्वासमाथि निकै जोड दिनुभएको छ । उहाँको सारा योग श्रीकृष्णले भनेझैं प्राणयोग हो । आनापान सतियोग आउने र जाने श्वासलाई हेर्नु नै बुद्धले योग भन्नुभएको छ । यदि कसैले यस रहस्यलाई जान्यो भने उसलाई अरू केही गर्नु आवश्यक छैन । त्यसैले बुद्ध भन्नुहुन्छ- आनापान सतियोग सिद्ध भयो भने सबै सिद्ध भयो । योगको यस शान्त अवस्थामा श्वास चलेको पनि थाहा हुँदैन । अत्यन्त हल्का वा चलेकै छैन जस्तो लाग्छ । जब कामवासना मनमा उठ्छ तब श्वास अस्तव्यस्त हुन्छ, रक्तचाप बढ्छ र शरीरले पसिना छोड्न थाल्छ अनि श्वास तेज हुन्छ । प्रत्येक समय भित्रको स्थितिसँग श्वास जोडिएको हुन्छ । प्राणयोगको अर्थ हाम्रो श्वास धेरै गहिरोसम्म प्रवेश गर्दा त्यसले हाम्रो आत्मालाई पनि स्पर्श गर्छ भन्ने हो । सुत्दा, उठ्दा पूरा समय श्वास आदानप्रदान हुन्छ । श्वास आदानप्रदान हुनु नै श्वासको रूपान्तरण र प्राणयोग हो । यो रूपान्तरणबाट व्यक्ति परमसत्तामा पुग्छ । ध्यानको गहिरो अनुभवमा श्वास बन्द जस्तै हुन्छ । जब श्वास भित्रको भित्र र बाहिरको बाहिर नै रहेर एक क्षणका लागि रोकिन्छ त्यस क्षणमा परम अनुभवको किरण उत्पन्न हुन्छ । श्वासको यो रोकावटमा अस्तित्व पूरा

सन्तुलित भई संयम उत्पन्न हुन्छ । त्यस क्षणमा व्यक्ति परम गतिमा उत्रिएर शाश्वतमा डुब्दछ र सनातनसँग सम्पर्क जोड्दछ ।

श्वासको आन्दोलन हाम्रो परिवर्तनशील जगत्सँग सम्बन्धित छ भने श्वास आन्दोलनरहित हुनु हाम्रो अपरिवर्तनशील नित्य जगत्सँग सम्बन्धित हुनु हो । त्यसैले श्वास नियन्त्रण वा रोक्ने काम अद्भुत अनुभव हो । प्राणायामका साथ गहिरोसँग ध्यानमा उत्रिने व्यक्तिले के अनुभव गर्छ भने प्रशिक्षित श्वास र ध्यानका बिच तालमेल हुँदा श्वास रोकिन्छ । श्वास रोकिने बित्तिकै तत्काल विचार रोकिन्छ र चेतना कालातीत हुन्छ । विचारभन्दा बाहिर वा निर्विचार हुने बित्तिकै ब्रह्मको द्वारमा पुगिन्छ र विचारमा फिर्ता हुने बित्तिकै संसारको बिचमा उपस्थित भइन्छ । पदार्थ र परमात्माका बिच पातलो विचारको पत्रबाहेक अरू केही हुँदैन । विचारको पर्दा हटाउनका लागि साक्षीभाव वा ध्यानको प्रयोग गर्नुपर्ने हुन्छ । जुन दिन विचार रहँदैन, त्यसै समय श्वास पनि शान्त रहन्छ र त्यसै क्षणमा परमसत्तामा पुगिन्छ ।

जे हाम्रो भित्र छ त्यो पनि बाहिरको हिस्सा हो । अहिले मभित्रको श्वास एक क्षण अघि अरू कसैको श्वास थियो, अझ अघि कहीं अन्यत्र नै थियो । अहिले जे मेरो भित्र छ, त्यो मैले मेरो भन्नै नपाई बाहिर गइसक्यो । जे हाम्रो भित्र छ त्यसलाई बाहिरको प्राण जगत्मा समर्पित गर्ने हो भने भित्र केही पनि बाँकी रहँदैन, सबै शून्य हुन्छ । एउटा भित्रको प्राणलाई बाहिरको विराट्को जगत् वायुमण्डलमा समर्पित गर्‍यौं भने पनि एउटै घटना घट्छ । या त हामी भित्रको प्राणलाई बाहिर प्राणमा समर्पण गरौं वा हामी बाहिरको प्राणलाई भित्रको प्राणमा सम्मिलित गरौं- यी दुवै प्रक्रियाबाट हवन पूरा हुन्छ । जे गरे पनि दुवैतिरबाट यज्ञ पूर्ण हुन्छ ।

*अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।*
*सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥*

**कतिपय योगीहरू अपान वायुमा प्राणवायुलाई हवन गर्छन्, त्यस्तै कतिपय योगीजन प्राणवायुमा अपानवायुको हवन गर्छन् तथा अन्य कतिपय नियमित आहार गर्ने प्राणायम परायण पुरुष प्राण र अपानको गतिलाई रोकेर प्राणलाई प्राणमा नै हवन गर्दछन् । यसप्रकारका यज्ञ गरेर पाप नाश गरेका व्यक्तिहरू यज्ञ गर्नुको उद्देश्यसँग परिचित हुन्छन् ॥**

श्रीकृष्ण योगका अन्य प्रक्रियाका बारेमा पनि बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ- कतिपय योगीहरू अपान वायुमा प्राणवायुलाई हवन गर्दछन्, त्यस्तै अन्य योगीजनहरू प्राणवायुमा अपान वायुको हवन गर्दछन् र अन्य कतिपय नियमित संयमित आहार गर्ने पुरुष प्राणलाई प्राणमा नै होम गर्दछन् । नियमित संयमित आहारको अर्थ हरेक चिज भोजनलगायत बाहिरबाट भित्र संयमित भएर लिइयोस् भन्ने हो । हामी आँखाबाट पनि आहार गर्छौं, कान, स्पर्श आदिबाट पनि हामी आहार गर्छौं । बाहिरबाट शरीरमा हामी जे जे लिन्छौं त्यो सबै आहार हो। संयमित, नियमित आहारको अर्थ त्यो व्यक्ति जो आफ्नो इन्द्रियको द्वारबाट त्यही आहार लिन्छ जो प्राणलाई प्राणमा समर्पित हुन सहयोगी हुन्छ । हामी इन्द्रियद्वारा प्राणलाई उत्तेजित गर्ने आहार लिन्छौं जसले प्राणलाई उत्तेजित तथा विक्षिप्त गराउँछ । यस्तो आहारले प्राणलाई विषयतिर दौडाउँछ र जब संयमित र नियमित आहार लिन्छौं तब प्राणले प्राणलाई नै प्रज्वलित गर्छ । जब हामी उत्तेजक आहार लिन्छौं त्यसले चित्तलाई दौडाउँछ । यदि आँखाले कुनै उत्तेजक आहार लियो भने त्यसले चित्तलाई दौडाउँछ र रातमा सुत्न पनि दिंदैन । चित्त त्यही उत्तेजनामा अल्झिरहन्छ, त्यसले बेचैनी मात्र ल्याउँछ । यो सारा बेचैनी गलत आहारको परिणाम हो । हामीले बेवास्ता गरेको कामबाट आँखा, कान, नाक, छाला, जिब्रोले सूक्ष्म रूपले आहार लिइरहेका हुन्छन् । त्यसले दिमागमा विकृति ल्याउँछ, जसको कुनै औषधि नै छैन ।

संयमित वा नियमित आहारवाला व्यक्ति त्यो हो जसले आफूभित्र प्रत्येक चिजको परीक्षण गरेर मात्र आहार ग्रहण गर्छ । उसले आफ्ना प्रत्येक इन्द्रियको द्वारमा द्वारपालरूपी विवेक राखेको हुन्छ र त्यसैलाई भित्र लान्छ जो उत्तेजक हुँदैन । संयमित व्यक्तिले ज्ञानेन्द्रियका माध्यमबाट ती सबैलाई भित्र लैजान्छ, जो आत्माका लागि शान्तिको मार्ग हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यसप्रकार यज्ञ गरेर पापनाश गरेका व्यक्तिहरू यज्ञ गर्नुको उद्देश्यसँग जानकार हुन्छन् । यस्तो व्यक्ति परमसत्यमा प्राप्त हुन्छ । तसर्थ हे अर्जुन ! यो योगबाट पनि त्यहीँ पुग्न सकिन्छ जहाँ अन्य मार्गबाट पुगिन्छ ।

*यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।*
*नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥*

**हे कुरुश्रेष्ठ अर्जुन ! यसप्रकारका यज्ञ गरेर पापनाश गरेका र यज्ञ गर्नुको उद्देश्यसँग परिचित व्यक्तिहरू पापकर्मबाट मुक्त हुन्छन् र यज्ञको फलरूपी अमृत पान गरेर परब्रह्म परमात्मामा लीन हुन्छन् । यज्ञ नगर्ने मानिसहरूका लागि यस लोकमा त सुख छैन भने परलोकमा कसरी सुख होला र !"**

श्रीकृष्ण भन्नुहुन्छ- जसको जीवन यज्ञरूप, वासनारहित एवम् अहङ्कारशून्य छ, त्यस्तो पुरुषहरू पापकर्मबाट मुक्त हुन्छन् साथै उनीहरू अमृतपान गर्दै आनन्दमा स्थित भएर ब्रह्ममा प्राप्त हुन्छन् । तर यज्ञरूपी जीवन नहुने पुरुषहरूलाई यस लोक र परलोक दुवैमा आनन्द प्राप्त हुँदैन । जबसम्म जीवन वासना र अहङ्कारको वरिपरि घुमिरहन्छ तबसम्म यज्ञ हुँदैन । व्यक्तिको वासना क्षीण हुने बित्तिकै उसले परमात्माको परिभ्रमण गरेर आफ्नो जीवनलाई यज्ञरूप बनाउँछ । यस्तो व्यक्तिको आफ्नो कुनै केन्द्र हुँदैन र ऊ परमात्माको उपग्रह बन्छ । यथार्थमा वासना र अहङ्कारशून्य पुरुषको जीवन यज्ञरूप हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्ता पुरुष ज्ञानरूपी अमृत पान गरेर परब्रह्म परमात्मामा लीन हुन्छन् । मृत्यु असम्भव घटना हो जुन हुनै सक्दैन । हामीलाई दिनानुदिन हुने सामान्य मृत्यु नै मृत्यु लाग्छ किनभने हामी अन्धकार र अज्ञानमा छौं । मृत्यु अज्ञानमा घटित हुने घटना हो । जुन दिन हामी ज्ञानवान् हुने छौं, त्यो दिन अमृतमात्र शेष रहने छ र अमरता प्राप्त हुने छ ।

आजसम्म हामीले कोही मरेका देखेका छैनौं । हामीले देखेको त शरीरको बिदा हुने प्रक्रिया मात्र हो । जीवन समाप्त हुँदैन, शरीरमात्र बिदा हुन्छ । त्यो शरीरको बिदाइलाई हामी मृत्यु ठान्छौं किनभने हामीले शरीरभन्दा भिन्न अस्तित्वको ज्ञान हासिल गरेका छैनौं । हाम्रो अनुभव शरीर नै म हुँ भन्ने छ । त्यसैले शरीर समाप्त भएपछि हामीलाई मृत भयौं भन्ने लाग्छ । शरीरभित्रको तत्त्वलाई नजान्ने व्यक्ति अज्ञानी हो । स्वयम्लाई जान्ने ज्ञान मात्र ज्ञान हो । जब हामी एउटा व्यक्तिलाई निभेको देख्छौं तब ऊ मरेको ठान्छौं । शरीरको मृत्यु दियो निभ्नुजस्तै, देख्ने दृष्टिबाट विलीन भएर अदृश्यमा लीन हुनु हो । यो प्रकट-अप्रकटको क्रम व्यक्ति मुक्त नभएसम्म अनवरत चलिरहन्छ । हामी सबैको भित्र पनि आत्माको खुम्चिने स्थान हुन्छ जसलाई यन्त्रहरूले पक्रन सक्दैनन् । दूर्बिन आँखाको विस्तार हो, टेलिफोन कानको विस्तार हो, सारा यन्त्र इन्द्रियका विस्तार हुन् । तर अतीन्द्रियलाई यन्त्रले समात्न सक्दैन । जीवन ऊर्जा अतीन्द्रिय हो जसलाई इन्द्रियबाट भित्र गएर मात्र जान्न सकिन्छ । ज्ञानी इन्द्रियको मार्ग छोडेर स्वयम्लाई जान्दछ । यदि एक क्षण पनि स्वयम्को झलक मिल्यो भने त्यो अमृत उपलब्ध हुन्छ जसको कुनै मृत्यु, कुनै प्रारम्भ र अन्त हुँदैन । त्यसैले त श्रीकृष्ण ज्ञानरूपी अमृत र अज्ञानरूपी मृत्यु भन्नुहुन्छ । आत्मा जीवित छ किनभने आत्माको मृत्यु हुँदैन । पदार्थको अस्तित्व मात्र छ भने आत्माको जीवन र अस्तित्व दुवै छ ।

हामीलाई अज्ञानका कारण आफू के हुँ भन्ने जानकारी छैन । अज्ञानी आफूप्रति बेहोस हुन्छ र ज्ञानी आफूप्रति होसले भरिएको हुन्छ । यस्ता व्यक्ति नै ज्ञान, आनन्दमा पुगेर परलोक र परात्पर ब्रह्म प्राप्त गर्दछन् । परलोक यहीं साथमा छ तर हामीलाई यसको जानकारी छैन । जसलाई आफ्ना बारेमा नै

जानकारी छैन भने उसलाई परलोकको कसरी जानकारी हुन सक्ला ! परलोकमा जाने द्वार नै स्वयम्को अस्तित्व हो । जसलाई स्वयम्को जानकारी हुन्छ उसलाई लोक र परलोक दुवैको जानकारी हुन्छ । हाम्रो बाहिर लोक र भित्र परलोक हुन्छ । मृत्युपछि परलोक प्राप्त हुने होइन, परलोक त यहीं नै छ । जब हामी बाहिरतिर ध्यान दिन्छौं तब परलोक हराउँछ र जब परलोकतिर ध्यान केन्द्रित गर्छौं तब लोक हराउँछ । निद्रा लोक र परलोकको बिचमा छ । निद्रा मूर्च्छा हो जहाँ लोक र परलोक दुवै हराउँछन् । त्यस्तै ध्यान पनि लोक र परलोकको बिचमा छ । ध्यानमा लोक हराउँछ र परलोक सुरु हुन्छ । जब चेतना बाहिरतिर जान्छ, तब लोक देखिन्छ जब चेतना भित्रतिर मोडिन्छ तब परलोक देखिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानी पुरुष परलोकमा आनन्दित हुन्छन् । जुन व्यक्तिले ब्रह्मलाई जान्दछ, उसले आत्माको अमरतालाई जान्दछ र उसले परलोकलाई यहीँ भएको पनि जान्दछ । जसले अमृतलाई जान्दैन त्यसले आनन्द प्राप्त गर्न सक्दैन किनभने बाहिरको लोकमा आनन्द पाउन सकिँदैन । यस्ता व्यक्तिले नै संसारमा दुख मात्र पाउँछन् ।

मृत्यु हुन्छ भन्ने सोच भएका मानिसले कहिल्यै सुख पाउँदैनन् । मृत्युको विचारले बाहिरका सबै सुखलाई विषाक्त पारिदिन्छ । यदि बाहिर अलिकति सुख लिनु छ भने मृत्युलाई पूर्ण रूपले भुल्नुपर्छ । त्यसैले हामी मृत्यु भुल्ने प्रयास गर्छौं तर जसलाई हामी भुल्न चाहन्छौँ, त्यसको झन् बढी याद आउँछ; यो स्मृतिको नियम हो । जो व्यक्ति मृत्यु भुल्न सक्छ त्यसलाई संसारमा केही क्षण सुख प्रतीत हुन्छ । तर जसलाई मृत्युको जिज्ञासा सुरु हुन्छ, उसको त्यही क्षण सन्न्यास सुरु हुन्छ । जन्मपछि शरीरको बिदाइ हुने कुरा मात्र निश्चित छ । तर त्यो अवस्था स्मरण नहोस् भनेर हामी श्वास बन्द भएपछि हतार हतार घाटमा पुऱ्याउँछौँ । हामी मृत्यु भुल्न खोज्छौँ तर हामी जे भुल्न खोज्छौं त्यो भुल्न कठिन हुन्छ ।

जसलाई भित्रको अमृतको जानकारी छैन उसले परलोकमा आनन्द पाउनै सक्दैन साथै यस लोकमा पनि दुख मात्र पाउँछ । जसलाई भित्र आनन्द मिलेको छ, उसलाई बाहिर पनि आनन्द नै प्राप्त हुन्छ । अज्ञानमा सबै सुख दुख हुन्छ भने ज्ञानमा दुख पनि सुख हुन्छ । ज्ञानीले वृक्षको सुकेको पातमा पनि नयाँ कोमल हरित पत्रको उदय हुन लागेको र मृत्युको द्वार पनि जन्मको द्वार भएको देख्छ । यसैकारण श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- ज्ञानरूपी अमृतलाई प्राप्त गर्ने व्यक्तिहरू पापबाट मुक्त हुन्छन् र उनीहरूमा आनन्दको वर्षा हुन्छ र अज्ञानरूपी विषमा बाँच्ने व्यक्तिलाई दुखको अतल सागर मात्र प्राप्त हुन्छ । जो ज्ञानमा प्राप्त हुन्छन् तिनीहरू यस लोकमा र परलोकमा पनि आनन्दले भरिन्छन् ।

*एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।*
*कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥*

**यसप्रकार विविध यज्ञहरू वेदवाणीमा अर्थात् ब्रह्मवाणीमा वर्णन गरिएका छन् । यी सबै यज्ञहरू शरीर, मन र इन्द्रियका क्रियाबाट उत्पन्न हुन्छन् भन्ने जान । यसप्रकार तत्त्वबोध गरेर त्यसको अनुष्ठानद्वारा तिमी कर्मबन्धनबाट सर्वदा मुक्त हुने छौ ॥**

विविध अनुष्ठानहरूद्वारा यज्ञसम्पन्न गर्दै निष्काम कर्मको भावले द्रष्टारूप भएको व्यक्ति मुक्त हुन्छ । यस श्लोकमा श्रीकृष्ण पहिले भनिएकै कुराहरूको निष्पत्ति बताउँदै भन्नुहुन्छ- हे अर्जुन ! जीवनका समस्त कर्मलाई कामनाको रूपमा होइन निष्कामनाका रूपमा गरेमा संसार बन्धनबाट मुक्त हुनेछौ । हामीलाई कामना विना कुनै कर्मको जानकारी नै छैन किनभने हाम्रा सबै कर्महरू सकाम छन् । त्यसैले त हामी दुख मात्र पाउँछौं र आनन्द कहिल्यै पाउँदैनौं । सकाम कर्ममा जबसम्म कर्म बाँकी रहन्छ तबसम्म सुख पाउने आशा रहन्छ तर जब कर्म पूरा हुन्छ, तब दुख मात्र आइलाग्छ । निष्काम कर्म गर्दा कामनाबाट शून्य हुनुपर्दछ र जब कर्म पूरा हुन्छ, तब व्यक्ति आनन्दले परिपूर्ण हुन्छ। हामी सकाम कर्मलाई जान्दछौं किनभने हामी सकाम कर्म नै गर्छौं । हामी प्रार्थना, भजन, पूजा पनि सकाम नै गर्छौं र त्यो सकाम कामना नै हाम्रो दुखको मूल हो ।